# निर्वाण कामना

नेपाल्मातुसुतो यतिहि महितो धम्माचरिया युतो
धीरो जेट्ठतमो सुधिपरिवुतो मेधावि संघनायको
सोपज्झायवरो महायतिवरो गुणी ञाणपुण्णिको
थेरीसो स मतो पजाहितरतो पप्पोतु सन्तं पदं

**Nepālmātusuto yatihi mahito dhammācariyā yuto
dhīro jeṭṭhatamo sudhiparivuto medhāvi saṃghanāyako
Sopajjhāyavaro mahāyativato guṇī ñāṇapuṇṇiko
Therīso sa mato pajāhitarato pappotu santaṃ padaṃ**




प्रकाशक (Publisher)

संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति
Sanghanayak Bhikshu Jnanapurnik Commemorative Volume Publication Committee
बिश्व शान्ति विहार, मीनभवन, काठमाडौं, नेपाल
Vishwa Shanti Vihara, Meen Bhawan, Kathmandu, Nepal


संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ
Sanghanayak Bhikshu Jnanapurnik Commemorative Volume

# संघनायक भिक्षु ज्ञानपूर्णिक
# Sanghanayak Bhikshu Jnanapurnik



# स्मृतिग्रन्थ
## COMMEMORATIVE VOLUME


संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति
Sanghanayak Bhikshu Jnanapurnik Commemorative Volume Publication Committee

# संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ

# Sanghanayak Bhikshu Jnanapurnik Commemorative Volume



**सातौं संघनायक, अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, परमपूज्य,**
**धम्माचरिय डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
(बि.सं. १९९६ कार्तिक - २०७७ असार १९)

**संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति**
**Sanghanayak Bhikshu Jnanapurnik Commemorative Volume Publication Committee**
**2077 (2020)**
**विश्व शान्ति विहार, मीनभवन, नयाँ बानेश्वर, काठमाडौं**

# संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ

**Sanghanayak Bhikshu Jnanapurnik Commemorative Volume**

*(दिवंगत संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको वार्षिक पुण्य तिथिको गुणानुस्मरणमा प्रकाशित)*


प्रकाशक : संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति

आर्थिक दाता : हेरादेवी शाक्य (नानी) सपरिवार
बौद्ध, काठमाडौं



© सर्वाधिकार : विश्व शान्ति विहार, मीनभवन, नयाँ बानेश्वर, काठमाडौं



प्रकाशन वर्ष : बु.सं. २५६५
ने.सं. ११४१
ई.सं. २०२१
बि.सं. २०७८ श्रावण ७ गते, बिहीबार

प्रकाशन प्रति : १०००

मुद्रण : आइडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, ५५३०५२२, printingideal@gmail.com




## सम्पादकीय

अनिच्चावत सङ्खारा– संस्कार सबै अनित्य छ, उप्पाद वय धम्मिनो– उत्पत्ति भएर नष्ट हुने स्वभावको हो । उप्पत्तिया सहेवेदं मरणं आगतं सदा– उत्पत्तिको सँगसँगै मरण आइरहेको हुन्छ भनी बुद्धले बताउनु भएको छ । नेपालका सातौं संघनायक अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको गत २०७७ आषाढ १९गते शुक्रवार विहान ४.३५ बजे सुमेरु हस्पिटल पाटनमा देहावसान भएको थियो । नेपालमा थेरवाद बुद्ध शासनको निम्ति सम्पूर्ण जीवन अर्पण गर्नु भएका भिक्षु ज्ञानपूर्णिकको निधनले बौद्ध जगत स्तब्ध भएको छ । नेपालको थेरवाद बुद्धधर्मको निम्ति एउटा अपूरणीय क्षति भएको छ । नेपालमा थेरवाद बुद्धधर्म प्रचार गर्ने क्रममा उहाँ दोश्रो चरणको भिक्षु हुनुहुन्थ्यो । नेपालमा बुद्धकालदेखि नै थेरवादको प्रचार थियो । यो शासनमा पहिलो पटक भिक्षु बने पञ्चवग्गीय भिक्षुहरू नै कपिलवस्तुका ब्राम्हणहरू कौण्डिन्य, वप्प, भद्दिय, महानाम र अस्सजि थिए । कपिलवस्तुकै नन्द, आनन्द, अनिरुद्ध, देवदत्त लगायत ५०० भन्दा बढी शाक्य राजकुमारहरू यो शासनमा भिक्षु भएका थिए । त्यस्तै उपालि जस्ता विनयधर भिक्षु पनि कपिलवस्तु नेपालाकै हुन् । नेपालको वंशावली पुराणहरूले शाक्यमुनि बुद्ध काठमाडौं उपत्यका आउनु भएको चर्चा गरेका छन् । मूलसर्वास्तिवादी विनय अनुसार भिक्षु आनन्द पनि नेपाल उपत्यका आएका थिए । श्रावस्तीका महाराज प्रसेनजितको छोरा विडुडवले कपिलवस्तुमा आक्रमण गरेको कारणले त्यहाँका केही शाक्यहरू नेपाल उपत्यका आई यहीँ बास गरेका थिए । लिच्छविकालीन अभिलेखमा शाक्यहरूको उल्लेख भएकोले शाक्यहरू आएको पुष्टि हुन्छ । त्यही ग्रन्थमा आफ्ना आफन्तलाई भेट्न भिक्षु आनन्द नेपाल उपत्यका आएको उल्लेख छ । यसबाट त्यसबेला नेपालमा थेरवादको अस्तित्व देखिन्छ । साँखुको गुँविहार लिच्छविकाभन्दा पहिलेको मानेको छ । त्यसैले लिच्छविकाल पूर्व नै यहाँ बौद्ध विहार बनेको देखिन्छ । लिच्छविकाल र मध्यकालमा यहाँ थुप्रै बौद्ध विहारहरू बनेका थिए । मध्यकालमा भिक्षुहरूलाई चीवर फुकाली गृहस्थ बनाएर पेशामा लगाएको उल्लेख छ । यसले गर्दा थेरवाद बुद्धधर्ममा ठूलो ह्रास आएको थियो । राणा शासनकालमा पनि तिब्बती भिक्षु क्यान्छे लामाको उपदेश सुनी ध्यलुं भिक्षु बनेका पा चजना नेपाली भिक्षुहरूलाई देश निकाला समेत गरेका थिए । त्यसपछि नेपालमा थेरवादको पुनर्जागरण शुरु भयो । भिक्षु महाप्रज्ञा नेपालको पहिलो थेरवादी श्रामणेर बने भने काठमाडौं उपत्यकामा पहिलो पल्ट पाइला टेक्ने श्रामणेर कर्मशील (भावी भिक्षु प्रज्ञानन्द) हुन् । यसरी नै नेपाली कुलपुत्र कुलपुत्रीहरू भिक्षु अनागारिका बन्ने क्रम जारी रह्यो । दोस्रो पटक पनि राणासरकारले २००१ साल श्रावण १५ गते आठ जना भिक्षु र श्रामणेरहरूलाई देश निकाला गरेका थिए । पछि मित्रराष्ट्र श्रीलंकाका नारद भन्तेको प्रयासबाट नेपालमा पुनः थेरवादी भिक्षुहरू भित्रियो । यसरी पहिलो चरणका भिक्षुहरूमा भिक्षु महाप्रज्ञा, भिक्षु प्रज्ञानन्द, भिक्षु धर्मालोक, भिक्षु शाक्याननद, भिक्षु अनिरुद्ध, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु बुद्धघोष, भिक्षु महानाम कोविद, भिक्षु प्रज्ञारश्मि, भिक्षु अश्वघोष, भिक्षु विवेकानन्द, भिक्षु कुमार काश्यप आदि प्रमुख थिए ।

पहिलो चरणमा नेपालमा बुद्धधर्म प्रचार गर्न धेरै गाऱ्हो थियो । सदियौंदेखि लुप्त भैसकेको थेरवाद पुनर्स्थापना गर्न धेरै संघर्ष गर्नुपर्ने स्थिति थियो । जनता यति अनभिज्ञ थिए कि भिक्षु भनेपछि भित्तामा कोरेका चित्र देखाउनु पर्ने अवस्था थियो । फेरी तत्कालीन राणा सरकार ब्राम्हणधर्मको पक्षमा थिए । बुद्धधर्म प्रति असहिष्णुता मात्र होइन घोर दमन नीति अपनाएको थियो । बुद्ध जन्मेको देशमा बुद्धको नाम लिन नपाउने, उनको उपदेश प्रचार गर्न नपाउने, बुद्धधर्म मान्न नपाउने अवस्था थियो । भिक्षुहरू एवं धर्मप्रचारक उपासकहरूलाई पक्राउ गर्ने जेलमा थुनेर यातना दिने मात्र नभई भिक्षुहरूलाई दुईदुई पटक देश निकालासमेत गरिदिएको थियो । बुद्धधर्मप्रति यत्रो ठूलो अन्याय संसारका कुनै पनि देशको इतिहासमा भएको छैन जुन बुद्ध जन्मेको देशमा भयो । राज्यले नै यत्रो ठूलो दमन नीति लिएको अवस्थामा ज्यानको पर्वाह नगरी भिक्षु बनी धर्मप्रचार गर्नु साँच्चिकै ठूलो साहस र वीरताको चिन्ह हो । ती भिक्षुहरूप्रति गर्भले शीर झुक्याउनै पर्छ, नटमष्तक हुनै पर्छ ।

दोस्रो चरणमा नेपालमा थेरवादको प्रचार गर्न त्यति असहज परिस्थिति थिएन । २००७ सालको प्रजातन्त्र पछि बौद्धहरूले केही खुकुलो महशूस गरेका थिए । तर पनि राज्यले बुद्धधर्मप्रति समान व्यवहार भने गरेको देखिंदैन । पंचायत कालसम्म देश हिन्दूराष्ट्र नै थियो । हाल संघीय गणतन्त्र भएपछि नेपाल धर्मनिरपेक्ष राष्ट्र भयो । नेपालमा यो अवस्थामा थेरवादको धर्म संस्कृति कलाको गहन अध्ययन अध्यापनको खाँचो छ । परियत्ति प्रतिपत्ति र प्रतिवेध तीनै पक्षको आवश्यकता छ । परियत्तिको क्षेत्रमा बुद्धशिक्षा अध्ययन गर्ने माध्यम नेपाल बौद्ध परियत्ति शिक्षा भैरहेको अवस्था पार गरी बौद्ध स्कूल कलेज विश्वविद्यालयसमेत स्थापना भएका छन् । प्रतिपत्ति क्षेत्रमा नेपालमा विशेष गरी कल्याणमित्र विपश्यनाचार्य श्री सत्यनारायण गोयन्काज्यूले सिकाउनु भएको पद्धति अनुसार साधना गर्ने नेपाल विपश्यना केन्द्र र भद्दन्त महासि सयादोले

सिकाउनु भएको पद्धति अनुसार साधना गर्ने अन्तर्राट्रिय बौद्ध भावना केन्द्रहरू खोलेका छन् । प्रतिपत्तिले नै प्रतिवेध प्राप्त हुने हो । तर प्रतिवेधलाई व्यक्त गरिदैन । म श्रोतापन्न हुँ, सकृदागामी हुँ, अर्हत् हुँ भनेर बताउँदैन । तसर्थ प्रत्यक्ष रूपमा देख्ने भनेको परियत्ति र प्रतिपत्ति नै हुन् । नेपाललाई अहिले परियत्ति र प्रतिपति अर्थात् धर्मको अध्ययन र अभ्यास चाहिएको छ । यो दुबै क्षेत्रमा निपुण हुनुभएका भिक्षु ज्ञानपूर्णिक महास्थविरले स्वदेशमा मात्र होइन एशिया र यूरोपका विभिन्न मुलुक तथा अष्ट्रेलिया र अमेरिकामा गरी ४ महादेशमा धर्मप्रचार गर्नु भएको छ ।

सन् १९३९ नोभेम्बर २१ का दिन पाल्पा तानसेनमा पिता सूर्यलाल शाक्य र माता चन्द्रमाया शाक्यको कुलमा जन्मिनु भएका हिरालाल शाक्यलाई ११ वर्षको उमेरमै प्रव्रजित गर्न नेपालका पाँचौ संघनायक भिक्षु बुद्धघोष महास्थविरलाई सुम्पिइदिएको थियो । सन् १९५६ अगष्ट १५ गते हिरालाल शाक्य बर्मामा श्रामणेर प्रव्रजित हुनुभएको थियो । १९५९ अप्रिल १२ मा बर्मामै उपसम्पन्न भिक्षु बन्नु भयो । उहाँले सन् १९६३ मा बर्मी सरकारको उच्च शिक्षा सासनधज धम्माचरिय उपाधि हासिल गर्नुभयो । भारत र नेपालका विश्वविद्यालयबाट उच्चशिक्षा प्राप्त गर्नुभएका उहाँले बर्माका प्रशिद्ध ध्यान गुरु महासि सयादोको छत्रछायामा बसी ध्यानको अभ्यास गर्नुभयो । विश्व प्रशिद्ध विपस्सनाचार्य श्रद्धेय महासि सयादो भारत र नेपालको भ्रमणमा आउनु हुँदा भिक्षु ज्ञानपूर्णिकले नै दोभाषीको रूपमा उहाँको ध्यानशिविर र प्रवचनहरू अनुवाद गर्नुभएको थियो । त्यस्तै कर्मस्थानाचार्य ऊ पण्डिताभिवंस महास्थविरले अमेरिका बेलायत, अष्ट्रेलिया लगायतका मुलुकहरूमा संचालन गरिएको ध्यान शिविरहरूमा भाषानुवादकको रूपमा ज्ञानपूर्णिक भन्तेले ठूलो योगदान गर्नुभएको थियो । साथै सन् १९८८ सम्ममा उहाँले अमेरिका, मलेशिया, जापान, साइवेरिया, इण्डोनेशिया, श्रीलंका, थाइलैण्ड र अष्ट्रेलियामासमेत धर्मदूतको रूपमा काम गर्नुभएको थियो । बर्मीसरकारबाट उहाँलाई कर्मस्थानाचार्य, अग्गमहासद्धम्मजोतिकधज, अग्गमहापण्डित जस्ता उपाधिले विभूषित गर्नुका साथै थाइल्याण्डको महामकुट बुद्धिष्ट युनिभर्सिटी र महाचुलालंकोण युनिभर्सिटीबाट बुद्धिष्ट फिलोसफी र पालि बुद्धिष्ट स्टडिज्मा छुट्टादुट्टै मानार्थ विद्यावारिधि उपाधि प्रदान गरेको थियो ।

नेपालमा उहाँले शिक्षाको क्षेत्रमा भिक्षु श्रामणेरहरू बस्न विश्वशान्ति विहार लगायत विभिन्न ठाउँमा विहार बनाउनुका साथै विश्वशान्ति शिक्षालय तथा थेरवाद बुद्धिष्ट एकेडेमी लगायतका कलेज स्थापना गरी बौद्धशिक्षाको क्षेत्रमा ऐतिहासिक योगदान गर्नुभएको थयो । त्यस्तै उहाँले ५० भन्दा बढी पुस्तक र लेख रचनाहरू प्रकाशमा ल्याउनु भएको थियो । अन्तर ाट्रिय बौद्ध भावना केन्द, शंखमूल, विश्वशान्ति विहार र महासतिपट्ठान विपस्सना धम्माराम, गोदावरीमा ध्यान शिविरहरू चलाउनु भएको थियो । नेपाल बौद्ध परियत्ति शिक्षाको संचालनमा पनि शिक्षाध्यक्ष आदि विभिन्न पदमा बसी अमूल्य योगदान गर्नुभएको थियो । बुद्धशासनको निमित उहाँले समय समयमा नेपाली कुलपुत्रहरूलाई प्रव्रजित गरी शिष्यहरू बनाउनुका साथै अस्थायी प्रव्रज्याको कार्यक्रम पनि बरोबर चलाउनु भएको थियो । यसले गर्दा नेपालीहरूलाई केही दिनको निमित्त भएपनि दुर्लभ प्रव्रज्या प्राप्त भएको थियो । अखिल नेपाल भिक्षुमहासंघका अध्यक्ष तथा नेपालको सातौं संघनायकसमेत हुनु भई नेपालको थेरवाद शासनमा चीर स्मरणीय योगदान गर्नुभएका भिक्षु ज्ञानपूर्णिक महास्थविरले २०७७ आषाढमा सदाको निम्ति यो संसारबाट बिदा लिनुभयो । उहाँको देहावसान पछि विश्वशान्ति विहारमा उहाँका शिष्यहरू भिक्षु, अनागारिका, उपासक र उपासिकाहरू भेलाभई भिक्षु ज्ञानपूर्णिकले बुद्धशासनिक क्षेत्रमा गर्नुभएको योगदानलाई चीर स्मरणीय हुने गरी उहाँको नाममा एउटा स्मृति कक्ष बनाउने र स्मृतिग्रन्थ प्रकाशन गर्ने निर्णय गरिए अनुसार यो ग्रन्थ प्रकाशन भएको हो । यसमा देश विदेशबाट प्राप्त भएका समवेदना सन्देशहरू, भिक्षु ज्ञानपूर्णिकको संक्षिप्त जीवनी, बाल्यकालदेखिको फोटोहरू, उहाँको संस्मरणमा लेखिएका विभिन्न लेख रचनाहरू, उहाँलाई देश विदेशका विभिन्न संघसंस्थाबाट प्रदान गरिएका कदर सम्मानपत्र, अभिनन्दन, विद्यावारिधिको उपाधीहरूका प्रतिलिपिहरू पनि समावेश गरीएको छ । यो स्मृतिग्रन्थमा सम्माननीय राष्टपति विद्यादेवी भण्डारी, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली,.मित्रराष्ट्र श्रीलंकाका सम्माननीय प्रधानमन्त्री महिन्द राजपक्ष, श्रीलंकाकै राजदूतलगायत, नेपाल सरकारका संस्कृति पर्यटन तथा नगारिक उड्ड्यन मन्त्रीज्यू र भारत, चीन, श्रीलंका, बर्मा, थाइलैण्ड, मलेशिया, अमेरिकाका विभिन्न संघसंस्थाबाट र नेपालका विभिन्न संघसंस्थाबाट समवेदना सन्देश प्राप्त भएकोले उहाँहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यसमा नेपालभाषा, नेपालीभाषा र अंग्रेजी भाषा प्रयोग गरिएको छ । भन्तेको सम्झनामा विभिन्न लेख रचनाहरू दिई सहयोग गर्ने सम्पूर्ण लेखक लेखिका वर्गमा पनि हार्दिक आभार प्रकट गर्दै प्रकाशन समितिलाई यो पुस्तक प्रकाशनको सम्पूर्ण आर्थिक सहयोग प्रदान गर्ने हेरादेवी शाक्य परिवार, बौद्धलाई हार्दिक साधुवाद छ । साथै यो स्मृतिग्रन्थ प्रकाशन कार्यको निम्ति प्रुफ हेर्ने व्यवस्थापनमा सहयोग गर्ने तथा यस प्रकाशनको निम्ति स्रोत सामग्री उपलब्ध गराइदिनु हुने सबै महानुभावहरूलाई तथा समयमै छपाई कार्य गरिदिने आइडियल प्रिंटिङ्ग प्रेसलाई पनि धन्यवाद दिन चाहन्छु ।

***- सम्पादक मण्डल***

# संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति

**Sangha Nayak Bhikshu Jnanapurnik Commemorative Volume Publication Committee**

**2077 (2020)**



**संघनायक भिक्षु बोधिसेन महास्थविर**

धम्मानुसासक

## सल्लाहकार वर्ग



**भिक्षु मैत्री महास्थविर**



**धम्मवती गुरुमां**



**उप्पलवण्णा गुरुमां**



**प्रेमलाल श्रेष्ठ**

## सम्पादक मण्डल



**भिक्षु बोधिज्ञान**



**भिक्षु निग्रोध**



**विमलज्ञाणी गुरुमां**



**महेन्द्ररत्न शाक्य**



**अमिता धाख्वा**



**मदनरत्न मानन्धर**



**सुष्मा बज्राचार्य**

# संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति

**Sangha Nayak Bhikshu Jnanapurnik Commemorative Volume Publication Committee**

**2077 (2020)**

## सदस्यहरू



चित्रशोभा तुलाधर



मीम शाक्य



राजु महर्जन



हरिओम श्रेष्ठ

### स्मृतिग्रन्थ प्रकाशनार्थ ब्यवस्थापन सहयोगीहरू

**भिक्षु उदयभद्र, भिक्षु नायको, भिक्षु आचारो, भिक्षु उत्तमो, भिक्षु अमतो, भिक्षु जनक, भिक्षु उत्तरो, भिक्षु जुतिमा, भिक्षु सुभदो, भिक्षु अभयो, उपनन्दा (शर्मिला) गुरुमा, वजिरा गुरुमां, खेमा गुरुमां, मधुभाणिनी गुरुमां (बुद्धपाली) ओभासो शाक्य, गोबिन्द महर्जन, जेन महर्जन, गजेन्द्र महर्जन**



# Editorial

Aniccāvatasankhārā - Impermanence is the nature of all conditioned phenomenon, uppādavaya - dhammino - Their nature is to arise and pass away. The Buddha has taught - Utpati yā sahebedam agatam sadā – Arising is constantly followed by Passing away.

The seventh Sanghanayaka of Nepal, Aggamahapandita Dr. Bhikshu Gyanapurnika Mahasthavir passed away last year on Friday, the 3rd of July at 04.35 at the Sumeru Hospital, Patan.

The Buddhist world has been left completely stunned by the sudden demise ofBhikshu Gyanapurnika, who had devoted whole life for the Buddhasasana. This is certainly an irreplaceable loss to the Theravada Buddhism of Nepal. As a promoter of the Theravada Buddhism in Nepal, he belonged to the second generation of the Bhikshus. Buddhism was at home in Nepal since the Period of the buddha. The first five Panchavaggiya Bhikshus; Kondanya, Vappa, Bhaddhiya, Mahanam and Assaji were Brahmins from Kapilavastu of Nepal. More than five hundred Shakya princes including Nanda, Aniruddha, Ananda, Devadutta, who became Bhikshus in this Sasana were also from Kapilavastu. Similarly, Upali, the Vinayadhar Bhikshu was also from Kapilavastu of Nepal. There are mentions of Shakyamuni Buddha's visit to the Kathmandu Valley in various chronicles of Nepal. According to the Mulasarvastibadin Vinaya, Bhikshu Ananda had visited Nepa Valley. Due to the attack of Prince Viddhyudava (son of King Prasenjit of Shravasti), some Shakyas from Kapilavastucame to Kathmandu and settled down there.

Indication of the word Shakya in the archive belonging to the Likchhavi era proves that the Shakyas have settled down in Kathmandu Valley during that period. The same archive mentions that Ananda came to the valley to visit his relatives. This shows the existence of Theravada during that period. The Gun Vihara of Sankhu is recognized to be from the pre-Likchhabi Period. Therefore, it can be stated that there were Viharas in the valley even before the Likchhabi Period. Many Viharas were constructed here during the medieval and Likchhabi period.

The archives of the medieval period mention that the monks were disrobed and forced to take up various occupations. This brought a great loss to the Theravada Buddhism. During the Rana Period, 5 "Ghyalung" monks ordained by the Tibetan monk, Kyantshe Lama were expelled from the country. Thereafter the revival of the Theravada Buddhism started in Nepal.Bhikhu Mahapragya became the first Theravadin Shramanera and Shramanera Karmasheel (the future Bhikshu Pragyananda) became the first ever Shramanera to step his feet in Kathmandu Valley. In the meanwhile, the trend of Nepali sons ( Kulaputra) and daughters (kulaputri) becoming monks and nuns continued. On 30th July 1943, for the second time, the Rana government expelled eight Bhikshus and Shramaneras from the country. Later, with the diligent efforts made by the Bhikshu Narada Mahathero from Sri Lanka, the Theravadin Bhikkhus thus expelled, reentered the country. Thus, the first phase of the Theravada Buddhism revival began in the country. Bhikshu Mahapragya, Bhikshu Pragyananda, Bhikshu Dharmalok, Bhikshu Shakyananda, Bhikshu Aniruddha, Bhikshu Amritananda, Bhikshu Subodhananda, Bhikshu Buddhaghosh, Bhikshu Mahanaam Kobid, Bhikshu Ashwaghosh, Bhikshu Vivekananda, Bhikshu Kumar Kashyap and so on were the main Bhikshus during that phase.

Dissemination of Buddhism was a very difficult, rather an uphill task for the first phase Bhikshus. They had to struggle very hard to revitalize the Theravada Buddhism, which had vanished

from the country for many centuries. People were so ignorant that they knew the Bhikkhus merely from the wall paintings. The Ranas during that period were biased towards Brahmanism. They were not only intolerant but were also very oppressive towards Buddhism. The situation was such that people were not allowed to spell out the name of the Buddha, or to promote his teachings or to follow his Dharma;and that in a country, where the Buddha was born. The Bhikshus and the devotees promoting Buddhism were not only put behind the bars and tortured, but they were expelled twice from the country. Till today, in the history, no other country has faced such an oppression towards Buddhism like in the country, where he was born. Becoming Bhikshus and promoting Buddhism, even in such a life-threatening circumstance is indeed a demonstration of enormous bravery and dedication. We must bow with deepest respect and pride to all those courageous Bhikshus.

Dissemination of Theravada Buddhism was not very difficult in the second phase. Buddhists experienced a slightly better times after the promulgation of democracy in 1950 AD. But the Buddhism still did not enjoy the same freedom, as the state did not treat it equally. Nepal was a Hindu state until the end of the Panchayat Era. The nation was declared secular only after the country became Federal Republic in 2006. However, there is an urgent need of deep studies of Theravada Buddhism, culture, and arts. All the three aspects; Pariyatti (Theory), Pratipatti (Practice) and Prativedha (Realization) are equally important. In terms of Pariyatti, Nepal has moved ahead from the one and only medium of Bauddha Pariyatti education to establishment of various colleges and a university. In the field of Pratipatti, primarily, the two institutions are contributing significantly: 1) Nepal Vipassana Kendra teaching the meditation as taught by the Vipassanacharya Shree Satyanarayan Goenka; and 2) International Buddhist Meditation Center teaching the meditation as taught by Bhaddhanta Mahasi Sayadaw. Prativedha (realization) can only be attained through Pratipatti(Practice), but Prativedha is not expressed. No one will express: " I am stream enterer", "I am once returner", I am non returner" or "I am an Arahant". Only Pariyatti and Pratipatti can be directly seen. At present, Nepal is in dire need of further development of Pariyatti (study of Dharma) and Pratipatti (practice of Dharma). Perfectly skilled both in Pariyatti and Pratipatti, Bhikshu Gyanapurnika Mahasthavir has disseminated and promoted Theravada, not only in this country, but also in many other countries in Asia and Europe as well as in America and Australia.

Born on 21st November 1939 as the son of Mr. Surya Lal Shakya and Mrs. Chandra Maya Shakya at Tansen, Palpa, he was handed over for ordination to the 5th Sanghanayaka of Nepal, Bhikshu Buddhaghosh Mahasthvir at the very tender age of 11. He was ordained as a Shramanera on 15th August 1956 in Burma. He became full monk on 12th April 1959 also in Burma. In 1963, he completed the higher education of SasanadhajaDhammachariya of the Burmese Government. Educated also from Indian and Nepalese Universities, he practiced meditation under the auspicious guidance of Mahasi Sayadaw. Very well versed in various languages, Bhikshu Gyanapurnika served as the interpreter during the visit of the world famous Vipassanacharya Mahasi Sayadaw to Nepal and India. He was the interpreter, both of meditation practices as well as Dhamma discourses. Similarly, he served as the interpreter of Karmasthanacharya U Panditavibansa's meditation retreats, as well as his Dharma discourses in various countries including the USA and England.

By 1988, he had travelled widely and contributed as a Dhammaduta (Ambassador of the Dharma)to the USA, Malaysia, Japan, Siberia, Indonesia, Sri Lanka and Thailand. The government of Burma has conferred him with various prestigious titles like Karmasthanacharya, Aggamahasaddhammajotikadhaja and Aggamahapandita. Similarly, he was awarded with two separate honorary degree of doctorates; in Buddhist Philosophy by the Mahamukut Buddhist University and in Pali Buddhist Studies by the Mahachulalankorn University of Thailand.

In order to promote Buddhist Education in Nepal, he made some historical contributions by establishing various Vihars and educational institutions for Shramaneras and Bhikshus, including Vishwa Shanti Vihar, Vishwa Shanti Sikshyalaya and Theravada Buddhist Academy for higher education in Theravada Buddhism. He has authored more than 50 books as well as numerous articles. He conducted meditation retreats in International Buddhist Meditation Center, Sankhamul; Vishwa Shanti VIhar and Mahasattipatthana Vippassana Dhammaram, Godavari. He had made invaluable contributions for the smooth operation of Bauddha Pariyatti Education by assuming various positions, including the post of the Registrar.

For the greater cause of the Buddhasasana, he had initiated many kulaputras as his disciples. Similarly, he had also conducted a number of temporary ordination programmes. Many Nepali men and women thus got opportunity to experience the "durlava Prabajjya" (rare opportunity of ordination), even it was just for a few days.

The most venerable Bhikshu Gyanapurnika Mahasthavir, who had contributed enormously to the promotion and propagation of Theravada Buddhism by assuming various important offices like the president of All Nepal Bhikshu Mahasangha and the 7$^{th}$ Sanghamahanayaka of Nepal, left this world for ever on 3rd July 2020. After his passing away, a gathering of his disciple Bhikshus, Anagarikas and the devotees unanimously made two decisions: 1). Construction of a memorial hall; 2). Publication of a commemorative volume dedicating to the memory of the late Bhikshu Gyanapurnika. This volume has been published in accordance with the decision, thus made. This commemorative volume contains the letters of condolences received from Nepal as well as abroad, a brief biography of Bhikshu Gyanapurnika, his pictures right from his childhood, various articles and write ups written in his memory, copies of letters of appreciations, awards, felicitations, honourary doctorate degrees, various titles and so on.

We would like to extend our cordial gratitude to the Right Honourable President of Nepal, Bidhya Bhandari, the Right Honourable Prime Minister of Nepal, K.P Oli, Right Honourable Prime Minister of Sri Lanka, Mahinda Rakapakshya, H. E. The Ambassador of Sri Lanka, honourable Minister for Culture, Tourism and Civil Aviation of Nepal, and various institutions from India, China, Sri Lanka, Myanmar, Thailand, Malaysia, United States of America, and Nepal for their condolence messages.

This volume contains articles in Nepal Bhasha, Nepali and English languages. We would like to thank all the authors for contributing with their writings to commemorate the Most Venerable Gyanapurnika Bhante. The editorial committee extends its sincere thanks to Mrs. Hira Devi Shakya and the family from Bauddha for their generosity in covering all the costs occurred for the publication of this volume. Similarly, we would like to thank all those, who have supported in the process of this publication through proof reading, editing, management as well as providing required materials. We would also like to thank the Ideal Printing Press for timely completion of this publication.

**- Editorial Board**

# प्रकाशकीय

नेपालमा थेरवाद बुद्धधर्म उन्नति र अभिवृद्धिको लागि आफ्नो जीवन समर्पण गरी अमूल्य योगदान दिनुभएका, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मानीत अग्गमहापण्डित श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर एक अभिस्मरणीय एवं गौरवनीय व्यक्ति हुनुहुन्छ । संसारको अनित्य स्वभाव अनुसार गत २०७७ साल असार १९ गते ८१ वर्षको उमेरमा उहाँको निधन भयो । उहाँको निधनले नेपालको बुद्ध शासनमा अपूरणीय क्षति भएको छ । नेपालमा बुद्धधर्म विकासको लागि उहाँले गर्नुभएको देन, बौद्ध साहित्य साधना प्रति उहाँको समर्पण, स्वदेशी तथा विदेशी श्रद्धालुजनहरूप्रति गर्नुभएको धर्मोपकारको संस्मरण ऐतिहासिकरूपले संरक्षणार्थ संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको स्मृतिग्रन्थ प्रकाशन गर्ने उद्दश्यले २०७७ भाद्र २९ गते **"संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति"** गठन गरी आवश्यक कार्यहरू तत्काल शुरुवात गरी यस स्मृतिग्रन्थ तयारीका काम सुसम्पन्न भई उहाँ भन्तेको बार्षिक पुणित तिथिको उपलक्ष्यमा प्रकाशन गर्न पाउनु धर्मप्रीतिको कुरा हो ।

यस स्मृति ग्रन्थ पाठकसमक्ष प्रस्तुत गर्न पाउनुमा सम्पादक मण्डलको कार्य दक्षता र विशेष प्रयास सह्रानीय छ। त्यसैले सम्पादक मण्डलप्रति कृतज्ञता प्रकट गर्दछौं । त्यस्तै यस स्मृति ग्रन्थका लागि आ-आफ्नो लेख, रचना दिई सहयोग गर्नु भएकोमा लेखक महानुभावहरूप्रति पनि आभार प्रकट गर्दछौं । यस स्मृति ग्रन्थका निम्ति शुभकामना सन्देश दिनुभएका आदरणीय सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । स्मृति ग्रन्थ प्रकाशन गर्नका लागी श्रद्धापूर्वक आर्थिक सहयोग गर्नुभएका विश्व शान्ति विहार दायक समितिका सदस्य श्रद्धालु दाता श्री हेरादेवी शाक्य प्रमुख उहाँका सम्पूर्ण परिवारप्रति साधुवाद व्यक्त गर्दछौं। यस स्मृति ग्रन्थ समयमै छपाई गर्ने आईडियल प्रेस परिवारलाई पनि साधुवाद छ । त्यस्तै स्मृतिग्रन्थ प्रकाशनार्थ व्यवस्थापन सहयोगीहरू भिक्षु नायको, भिक्षु आचारो, भिक्षु अमतो, भिक्षु जनको, भिक्षु उत्तरो, भिक्षु जुतिमो, उपनन्दा (शर्मिला) गुरुमां, वजिरा गुरुमां, खेमा गुरुमां, मीम शाक्य, राजु महर्जन, गोबिन्द महर्जन, जेन महर्जन, गजेन्द्र महर्जन तथा संघनायक भन्तेको फोटो पठाउनु हुने Jim Seah, Singapore प्रति आभार प्रकट गर्दछौं ।

यस स्मृति ग्रन्थ संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको जीवनी तथा योगदान, बौद्ध जगतमा पारेको प्रभाव, तत्कालीन बुद्ध धर्मको वातावरणीय स्थिति आदि अध्ययन एवं अनुसन्धान गर्नेहरुको लागी एउटा भरपर्दो साधन हुनेछ भनी ठानेका छौं । साथै यस ग्रन्थ अध्ययन गरी यसवाट प्रेरणा तथा मार्गदर्शन प्राप्त गरी बुद्धशासनलाई टेवा दिन सकोस्, आ-आफ्नो जीवनमा सर्द्धमलाई व्यवहारमा प्रयोग गर्न सकोस् भनी शुभकामना प्रकट गर्दछौं ।

अन्तमा दिवंगत श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई यथाशीघ्र निर्वाण प्राप्त होस् भनी श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति परिवार**
२०७८ असार ९



# आर्थिक दाताको मन्तब्य

**हिरादेवी शाक्य**
*बौद्ध, काठमाडौं*

श्रद्धेय गुरुवर भन्तेसँग मेरो पहिलो भेट वि.सं.२०४१ सालमा चिनी गुरुमांले बर्माका प्रसिद्ध ध्यानगुरु ऊ. पण्डिताभिवंस सयादोलाई निमन्त्रणा गर्नु भई पुल्चोकको अक्षेश्वर महाविहारमा ध्यान शिविर हुँदा भएको हो । त्यस बेला सयादो र ज्ञानपूर्णिक भन्तेहरूको छत्रछायाँमा बसी धर्मको अमृतपान गर्ने अवसर प्राप्त भएको थियो । त्यस बेलादेखि त्रिरत्नप्रतिको श्रद्धा आजसम्म टुटेको छैन । उहाँ गुरुले भन्तेले सिकाउनु भएको पूण्य सम्पादन, पूण्य आर्जन कार्यमा मैले आजसम्म निरन्तरता दिंदै आइरहेको छु ।

म श्रद्धेय गुरुवर भन्तेको छत्रछायाँमा अहिले सम्ममा तीन पटक अनागारिका भई धर्मको अभ्यास गर्न पाइसकेकी छु । विश्व शान्ति विहार स्थापनापछि सोही विहारमा भन्तेको निर्देशन अनुसार प्रवजित भई तीन महिनासम्म ध्यान अभ्यास गर्न पाउनु मेरो लागि गौरवको कुरा हो । उहाँको यो उपकारलाई सदा सम्झिरहेकी छु । त्यस्तै विश्व शान्ति विहारमा श्रद्धेय भन्तेले प्रत्येक शनिवार सूत्रनिपात ग्रन्थमा आधारित भई देशना गर्नुभएको भगवान बुद्धको धर्मश्रवण गर्न जान्थें जसले मेरो ध्यान विकास गर्न धेरै सहयोग पुग्यो । यसरी भन्तेसँगको निकटताका कारण मैले विहारमा गई धर्मदेशना श्रवण गर्ने, ध्यान अभ्यास गर्ने, दान गर्ने इत्यादि पूण्य कार्यहरू सम्पादन गर्ने अवसरहरू प्राप्त भयो ।

उहाँ भन्ते अन्तर्राष्ट्रिय क्षेत्रमा ध्यान गुरुको रूपमा प्रसिद्ध हुनु भएकोले वर्षकै एक दुई पटक मलेसिया, सिंगापुर, बेलायत, अमेरिका जस्ता देशहरूमा ध्यान शिविर सञ्चालन गर्न गई रहनुहुन्थ्यो । मलेसियाको शिविरमा एकपटक उहाँले मलाई पनि २० दिवसीय शिविरमा सहभागी गराउनु भयो । उहाँ भन्तेकै कारण विभिन्न बौद्ध राष्ट्र जस्तै बर्मा, थाइल्याण्ड, श्रीलंका इत्यादिका कुराहरू थाहा पाएँ, त्यस्तै अन्य गैर बौद्ध राष्ट्र मलेसिया, सिंगापुर, भारत, बेलायत, रसिया, अमेरिका इत्यादि देशमा बुद्धधर्मको प्रसिद्धि पनि थाहा पाएँ । यसै सिलसिलामा बर्मामा एक महिने लामो शिविर, मलेसियामा २० दिने शिविरमा सहभागी भई ध्यान अभ्यास गर्न पाएँ । त्यस्तै उहाँसँग थाइल्याण्ड, भारत, मलेसियामा पनि तीर्थयात्रामा गएका यादहरू अझै ताजा छन्, उहाँको उपकार सदैव मभित्र यादगार भई रहनेछन् ।

भन्तेले म र मेरो परिवारप्रति राख्नुभएको मैत्रीका कारण बुद्ध, धर्म, संघको सरणका कारण आजसम्म जस्तोसुकै सुख, दुःख, आरोह, अवरोहमा सहन सक्ने भएको छु । श्रद्धेय गुरुवर भन्तेको मप्रतिको ती अपार उपकार आज पर्यन्त नित्य रूपमा गुण स्मरण गरि उहाँले देखाउनु भएको सम्यक मार्गमा पाइला चाली उहाँको पूजा गर्दछु । उहाँले जुन मरण धर्मको बाटो देखाउनु भयो, त्यही बाटोमा म लगायत सबै एकदिन अवश्य जानु पर्छ भनि अनित्य दुःख अनात्म स्वभावलाई मैले सहर्ष स्वीकार गर्दछु ।

आफू र आफ्नो परिवारप्रति उहाँ भन्तेको अनुपम मैत्री करुणा रहेको हुनाले उहाँप्रति केही गर्ने मनसाय राखेकी थिएँ । यसैबेला पूज्य भन्तेको स्मृतिग्रन्थ प्रकाशित गर्ने खबर सुनेर त्यसको लागि प्रायोजक बन्ने श्रद्धा उत्पन्न भयो । सो कुरा स्मृति ग्रन्थ प्रकाशन समितिमा जाहेर गर्दा सहर्ष स्वीकृति प्राप्त भयो । यसका लागि प्रकाशन समिति प्रति हार्दिक आभार प्रकट गर्दछु । यसमा समस्त परिवारको सहमतीका लागि सबैमा हार्दिक शुभाशिष ब्यक्त गर्दछु ।

# सुगति सहित निर्वाण कामना



**दिवंगत पद्म राज शाक्य**

## आर्थिक दाता परिवार

**हेरादेवी शाक्य, बौद्ध**

छोरा सुशिल शाक्य/बुहारी उजला शाक्य
नाति अभिषेक शाक्य, नातिनी विलाशा शाक्य

छोरा सुरज शाक्य/बुहारी जुलिया सु शाक्य (Julia Su)

छोरी रजनी बज्राचार्य/ज्वाँई बिजय बहादुर बज्राचार्य
नातिहरू विरज बज्राचार्य, सुदत्त बज्राचार्य,

छोरी रश्मिला बज्राचार्य/ज्वाँई शैलेन्द्र बज्राचार्य (राजेश)
नातिनी श्रृष्टि बज्राचार्य,
नातिहरू, सुमित बज्राचार्य, राहुल बज्राचार्य

# संघनायक नेपाल

Sanghanayaka of Nepal

**संघनायक भिक्षु बोधिसेन महास्थविर**
बोधिचर्या विहार, बनेपा-८, नेपाल
सम्पर्क : ९७७-०११-६६१७८९, ९८४१४८८३३०

**Sanghanayaka Ven. Bodhisen Mahathero**
Bodhicharya Vihar, Banepa-8, Nepal
Contact : 977-011-661789, 9841488330


२०७८ जेठ १६

# शुभकामना

नेपालका पूज्य सातौं संघनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको आकस्मिक देहावसानले म सहित भिक्षु संघ अत्यन्त मर्माहत भएका छौं । उहाँले ११ वर्षको कलिलो उमेरदेखि नै बुद्धशासनमा पाँचौं संघनायक पूज्य भिक्षु बुद्धघोष महास्थविरलाई सेवा गरी १७ वर्षको उमेरमा बर्मामा श्रामणेर प्रव्रजित र २० वर्षको उमेरमा उपसम्पन्न भिक्षु भई आफूलाई जीवनभर बुद्धशासनमा समर्पित गर्नुभयो । बर्मामै बुद्धशिक्षाको अध्ययन गरी सासनधज धम्माचरिय उपाधि प्राप्त गर्नुका साथै पूज्य महासी सयादोको ध्यानकेन्द्रमा विपस्सना ध्यानको अभ्यास गरी कर्मस्थानाचार्य विपस्सना आचार्य पनि बन्नुभयो । उहाँले नेपालमा बुद्धशिक्षा प्रचारप्रसार गर्न प्रवचन, धम्मसाकच्छा, धर्मदेशना आदि विविध कार्यक्रम गर्नुका साथै विश्व शान्ति विहार, विश्व शान्ति बौद्ध शिक्षालय, थेरवाद बुद्धिष्ट एकेडेमी जस्ता कलेज स्थापना गरी अविस्मरणीय कार्य गर्नुभएको छ ।

५० वटा भन्दा बढी पुस्तक तथा थुप्रै लेख रचना प्रकाशमा ल्याउनु भएको छ । अखिल नेपाल भिक्षुमहासंघको अध्यक्ष, उपसंघनायक र संघनायकमा पदासिन हुनुभई भिक्षुमहासंघलाई एउटा विशिष्ट एवं सुयोग्य नेतृत्व प्रदान गर्नुभएको कुरा नेपालको इतिहासमा चिरस्मरणीय रहनेछ । बुद्धको परियत्ति शिक्षा र विपस्सना ध्यान अभ्यासलाई उहाँले नेपालमा मात्र नभई अमेरिका, अष्ट्रेलिया, मलेशिया लगायतका विश्वका विभिन्न मुलुकमा धर्मदूतको रूपमा प्रचार प्रसार गर्नुभएको कुरालाई मैले उच्च सम्मानकासाथ हेरेको छु । आज मैले एक सक्षम एवं बहुप्रतिभाशाली संघनायकलाई गुमाउनु परेको महशुस गरेको छु । उहाँको निर्वाण कामना सहित स्मृति ग्रन्थ प्रकाशन समितिलाई शुभकामना व्यक्त गर्दछु ।

**भिक्षु बोधिसेन महास्थविर**
संघनायक

प्र.जि.अ.नं. ३८३/०४७
Govt. Regd. No.: 383/047

"सुखा सङ्घस्स सामग्गी"

पान नं. ३०१७१८८३३
PAN 301718833

# अखिल नेपाल भिक्षु महासंघ

## (ALL NEPAL BHIKKHU ASSOCIATION)

(स्थापित : वि.सं. २००७ / Estd. 1950 A.D.)

प.च.नं. ०३।०७८।२९६९

२०७८।०२।३०

आवुसो भिक्षु बोधिज्ञान,

संयोजक, भिक्षु ज्ञानपूर्णिक महास्थविर स्मृतिग्रन्थ प्रकाशन समिति

### मैत्रीपूर्ण शुभकामना !

नेपालका सातौं संघनायक, अग्गमहापण्डित, सासनधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरको पुण्यस्मृतिमा "संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ" प्रकाशन गर्न लागेको भनी सम्प्रेषित शुभकामना सन्देश मागसहितको जानकारी पत्रको लागि साधुवाद व्यक्त गर्दछु। सो प्रकाशोन्मुख स्मृतिग्रन्थका लागि मैत्रीपूर्ण शुभकामना !

वि.सं. २०७७ बैशाख १ गतेका दिन विश्वशान्ति विहारको सीमागृहमा विशेष भिक्षु-संघउपोसथबीच नेपालका सातौं संघनायक पदमा संघसम्मतिसहित पदस्थापित दिवंगत संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले अखिल नेपाल भिक्षु महासंघको विभिन्न पदीय जिम्मेवारी वहन गरी महासंघको अध्यक्षजस्तो गरिमामय पदभार समेत वहन गर्नुभएको थियो। बर्माका प्रसिद्ध ध्यान केन्द्र महाशी शासनयैता विपश्यना ध्यान क्षेत्रमा ओवादाचार्य एवं कर्मस्थानाचार्य उपाधि प्राप्त ध्यानगुरु, अभिधर्मका कुशल व्याख्याता ख्याति प्राप्त दिवंगत महास्थविरले नेपाल भाषा तथा नेपालीमा बुद्धधर्मसम्बन्धी महत्वपूर्ण दर्जनौं पुस्तक लेखन तथा अनुवाद गर्नुभएको छ। साथै उहाँ विश्वशान्ति विहारका संस्थापक प्रमुख, विश्वशान्ति बौद्ध शिक्षालयका संस्थापक प्रवन्धक, थेरवाद बुद्धिष्ट एकेडेमीका संस्थापक प्रिन्सिपल समेत हुनुहुन्थ्यो। उहाँको बुद्धशासनिक योगदान स्मरण गरी सुगतिसहित निर्वाण कामना !

॥ चिरंतिट्ठतु सद्धम्मो/सद्धर्म चिरस्थायी रहोस् ॥

मैत्रीकामनासहित,

(डा. भिक्षु मैत्री महास्थविर)
अध्यक्ष, अ.ने.भि.महासंघ

नगर कार्यालय : बुद्धविहार भृकुटीमण्डप, काठमाडौं, फोन : ४२२६७०२, ९८५१०४६१८८
City Office : Buddha Vihar, Bhrikutimandap, Kathmandu-28. Tel: +977-1-4226702, 9851046188
प्रधान कार्यालय : विश्वशान्ति विहार, मीनभवन, नयाँ बानेश्वर, काठमाडौं, नेपाल । फोनः ४६२२९८४
Central Office : Vishwa Shanti Vihar, Min Bhawan, New Baneshwor, P.O. Box: 3007, Kathmandu, Nepal
Tel.: +977-1-4622984, E-mail: anbanepal@gmail.com

Chökyi Nyima Rinpoche, Abbot
KA-NYING SHEDRUB LING MONASTERY
P.O. Box 1200 Boudha Nath, Kathmandu, Nepal
Tel: 977-1-4915-566
cnrinpoche@gmail.com
www.shedrub.org

*15th May 2021*

It gives me great pleasure to remember Late Ven. Dr. Gyanapurnika Mahasthavira, seventh Sanghanayaka of Nepal Bhiksu Mahasangha, on this special occasion of his first year of demise. He played a significant role in the dissemination of Buddhist teaching in Nepal and many countries in the world.

I met him for the first time in London in 1981. After that, we kept meeting each other in Nepal on various occasions. Specially, I still vividly remember the historical and significant Buddhist program that took place in Mangal Bazaar, Patan Durbar Square on 8th November, 2014. It was the very first of its kind. That program was instrumental in establishing an important culture of mutual sharing of Buddhist teaching and harmonious relationship among the followers of all three vehicles (Theravada, Mahayana and Vajrayana).

I had a special meeting with Ven. Gyanapurnika Mahasthavira together with Late Prime Minister of Nepal, Mr. Sushil Koirala in our Ka-Nying Shedrub Ling monastery in Boudha right after the devastating earthquake of 2015. On that occasion we all agreed on the necessity of actively participating in the peaceful, harmonious and philanthropic activities here in Nepal and all over the world. Accordingly, we were quite successful in providing the earthquake victims with food items, clothes, medicine and treatment. We also arranged temporary shelters and permanent houses for them. We were also successful in inspiring those who were suffering from the trauma of earthquake with Buddha's teachings. Eventually, everybody realized the importance of spreading Buddha's teaching through mutual solidarity under the roof of three vehicles.

Every year, he used to visit our Gonpa together with Anagarika Uppavanna to make food offerings to our Sangha during the rainy retreat. He was very impressed to see the Bhiksu Sangha of our Gonpa who were following the Vinaya disciplines quite seriously. He also donated for the renovation of our gompa which was affected by Earthquake. When we held a teaching program on Triyana (the three vehicles), he gave the teaching on Theravada.

On several occasions he used to invite me in Vishva Shanti Vihara at Baneshwor and in Sankhamul Meditation Center at Sankhamul. I met him for the last time in the last moment of his life in Sumeru Hospital, Lalitpur. The untimely demise of such a wise and experienced scholar practitioner of Theravada is an irreparable loss. May the Bhiksu Sanghas always get inspiration from his life. I and our entire Sangha wish him Nirvana soon and ultimately may he attain Buddhahood. At the same time, we pray, may all sentient beings attain Buddhahood.

Chökyi Nyima Rinpoche

Govt. Regd No 14/051/052

# INTERNATIONAL BUDDHIST NUNS ASSOCIATION

Gautami Nuns Vihar
Lumbini, Nepal
Tel. : 071-580177

C/o Dharma Kirti Vihar
Shreegha, Naghal Tole
Kathmandu, Nepal
Tel. : 4259466

२०७८/३/२

## शुभ कामना

ताःई तक बुद्ध शासनय् समर्पित जुया अन्तर्राष्ट्रिय जगतय् बुद्ध शासन अपार कथं फैलय् याना बिज्याम्ह छपिं नामं जक ज्ञानपूर्णिक मखुसि धात्थे हे ज्ञानं परिपूर्णम्ह ज्ञानया धुकू हे खः । छपिंगु अभाव नेपाःया जक मखुसि सारा बौद्ध जगतया लागि हे तःधंगु अपुरणीय क्षति खः । बाल बालिका धर्म पुत्र पुत्रीपिं बुद्ध शासनय् प्रवजित याना थीथी थासय् विहार स्थापना याना बुद्ध धर्म उन्नति व बृद्धि यायेत छम्ह छम्ह शिष्यपिंत विहार जिम्मा बिया धर्म प्रचारप्रसार याना बिज्यात । आपालं भाषा तथा धर्मया ज्ञाता छपिंसं बुद्ध शासनया लागि जक मखुसि बौद्ध साहित्य विकासया लागि नं छपिंगु ग्वाहालि अपार हे खः । थुजागु छःपिंगु अतुलनीय योगदान व गुणयात लुमंका अनागारिका संघ पाखें श्रद्धा सुमन अर्पण यानाच्वना ।

छपिं रूप सम्पत्ति जक मखुसिं विद्या सम्पत्तिं व शिप सम्पत्तिं नं पूर्णम्ह बहु आयामिक व्यक्तित्व खः । छपिं मदया शासनयात आपालं हे क्षति जुल । आ शासनय् धिसि धागु थां थें जापि गन माःवनेगु ? मालानं लुइके अःपु नं मजु । नांयात ल्वयेक ज्यायाना बिज्याम्हः पूज्य ज्ञानपूर्णिक भन्ते लुमं लुमं पतिं अनागारिका संघ पाखें श्रद्धाञ्जली व्यक्त यानाच्वना । जिमिगु बिचाः कथं छःपिं मत्यवं दिवंगत जुया बिज्यात तर छपिं अझ ताःई तक म्वाना बिज्यागु खःसा अझ शासन गुलि उन्नति जुइगु खः । उकें छपिंगु अभावया न्ह्योने जिपिं अशरणपिं थें जुल । न्ह्याथाय् च्वना जूसां जिमिगु श्रद्धा सुमन स्वीकार याना बिज्याहुं ।

मत्यवं त्वःताः विज्यात
भ्वाथःगु लं त्वता
न्हुगु लं प्यू विज्यात छपिं
लुमंपतिं श्रद्धाञ्जली बियाच्वना
जिमिगु संघ पाखें ।
ल्वमंके मफु छपिन्त
अति बांलागु रूप दुम्ह
गथे याना मिं तल छपिंगु पार्थिव शरीरय्
उना छ्वे नुगः स्याइपुसे च्वंगु छपिंगु शरीर खः

लुमं लुमं जिमिगु नुगः हिस्य हिस्य च्वं ।
तर छु याये संसार फुक्क हे अनित्य खः
जन्म जुल किं मरण जुइमागु स्वभाव हे खः
सुनां नं पने मफु थ्व स्वभाव धर्म यात ।
बुद्धथें जाम्हः हे परिनिर्वाण जुया विज्यात
झीपिं थें जापि ला छु हे खः
जिमिगु पाखें प्रार्थना दु
न्ह्याथाय् जन्म जुसां न्ह्यागु जुनी जुसां
जिमिसं याना वियागु पुण्यं याकनं निर्वाण लायेमा ।

अन्तय् पूज्य ज्ञानपूर्णिक महास्थविर भन्ते यागु गुणयात स्मरण यासेंलि स्मारिका पिधंगुलिं हर्षित जुयाच्वना । सकल सम्पादक पुचःयात अनागारिका संघपाखें शुभ कामना व्यक्त यानाच्वना ।

निब्बाणस्स पच्चयो होतु ।

अनागारिका माधवी
महासचिव
अनागारिका संघ

दर्ता नं.: जि.प्र.का.का.१८/०४२/०४३
PAN No. : 301936154

# धर्मोदय सभा

*स्थापित : बुद्ध सम्बत २४८८, सन १९४४ नोभेम्बर ३०*
(राष्ट्रिय बौद्ध संस्था तथा विश्व बौद्ध भ्रातृत्व संघको नेपाल क्षेत्रीय केन्द्र)
बुद्ध विहार, विहारमार्ग, भृकुटीमण्डप, काठमाडौं ।

फोन नं. ४२२७१७६
,, २४७१४८

प.सं.:०७७/०७८ च.नं.

अध्यक्ष
श्री यज्ञमान पति वज्राचार्य
फो.नं. ४२७८९५६
उपाध्यक्षःवर्ग
श्री लक्ष्मीदास मानन्धर
फो.नं. ४२२९२११
श्री ईन्द्र बहादुर गुरुङ्ग
फो.नं. ४३५६०१०
श्री पद्मज्योति
फो.नं. ४२२१२९०
श्री सुचित्रमान शाक्य
फो.नं. ५२६०६५२
श्री रत्नमान शाक्य
फो.नं. ५५२२१२२०
श्री त्रिरत्न तुलाधर
फो.नं. ४२२३४३६
डा.श्री केशवमान शाक्य
फो.नं. ४२३२०७०
महासचिव
श्री सागरमान वज्राचार्य
फो.नं. ४३०१९८८
सचिव
श्री अशोकनन्द वज्राचार्य
फो.नं. ४२४२६९१
सह-सचिव
श्री कृष्णकुमार प्रजापति
फो.नं. ६६३४३६३
कोषाध्यक्ष
श्री नामग्याल श्रेष्ठ
फो.नं. ४२२४९१५
सह-कोषाध्यक्ष
श्रीमती निर्मला कंसाकार
कार्यकारिणी सदस्यवर्ग
श्री पुष्पराजन शाक्य
फो.नं.४२६०८६५
डा.श्री अनुप श्रेष्ठाचार्य
फो.नं. ९८४१२७८९३५
भिक्षुणी केशावती
फो.नं. ४२५९४६६
श्री नविन चित्रकार
फो.नं.४२२३८०४
श्री मुनिन्द्ररत्न वज्राचार्य
फो.नं.४२७७५९९
श्री गमप्रसाद गुरुङ्ग
फो.नं.९८५६०४५९८५
श्री सिद्धिदास मानन्धर
फो.नं.९८५१०२२३४९
संस्थागत सदस्यवर्ग
सुश्री सुजाता मानन्धर
श्री सानुराजा शाक्य
प्रदेश सदस्यवर्ग
श्री महावीर प्रसाद चौधरी
श्री पद्मसुन्दर शाक्य
श्री विरसिंह घले
श्री सुवर्णमुनि शाक्य
श्री मान बहादुर चौधरी
श्री नर बहादुर गुरुङ्ग
मनोनीत सदस्यवर्ग
भिक्षु भद्रीय महास्थवीर
श्री देज बहादर रानामगर

मितिः- २०७८/०२/२१

## हार्दिक श्रद्धासुमन

नेपालका सातौं संघनायक, अग्गमहापण्डित, शासनधज धम्माचरिय दिवंगत श्रध्देय भिक्षु डा.ज्ञानपुर्णिक महास्थवीरजु देहावसान हुँदा यस धर्मोदय सभाको धम्मानुशासक हुनु हुन्थ्यो । बेला बेलामा वहाँको कुशल निर्देशन यस धर्मोदय सभामा प्राप्त भइरहेको सम्भना अभै पनि ताजा छ ।

यस धर्मोदय सभाको गरिमामय अध्यक्ष पदमा वि.सं.२०६८ साल देखि वि.सं.२०७१ साल सम्म आसिन हुनु भई निर्देशन गर्नु भएको थियो । वहांको कार्यकालमा भएका गहन निर्णयहरु तथा कार्यहरु आज हामीलाई मार्गदर्शन भएको छ ।

मेरो व्यक्तिगत सौभाग्यको कुरा हो वहाँ भन्ते र म समेत दुई जनालाई वि.सं.२०७२ सालमा नेपालको राष्ट्रिय प्रजातन्त्र पार्टीले राष्ट्रिय व्यक्तित्व स्वरुप सन्मान गरेको थियो । एउटै समारोहको मञ्चमा वहाँ संगसंगै सन्मानित हुन पाएको त्यो अवसर म कहिल्यै बिर्सन सक्तिन ।

श्रद्धेय भन्तेको स्मरणमा संघनायक भिक्षु ज्ञानपुर्णिक स्मृतिग्रन्थ प्रकाशन समिति बाट "संघनायक भिक्षु ज्ञानपुर्णिक स्मृतिग्रन्थ" प्रकाशन गर्ने निधो गरेको धेरै सऱ्हाहनीय सम्भेको छु। स्मृतिग्रन्थ प्रकाशनको हेतु पुराहुने विश्वास गर्दछु ।

भवतु सब्ब मंगलम् ।

यज्ञमान पति वज्राचार्य
अध्यक्ष
धर्मोदय सभा

Government of Nepal
Ministry of Culture, Tourism and Civil Aviation
**Lumbini Development Trust**

21st June 21, 2021

**Remembering the Most Venerable Seventh Chief Sangha Nayaka of Nepal**

Over the past year, it is with great Samvega that we have mourned the passing away of of the Most Venerable, Aggamaha Panditha Dr. Jnanapurnik Maha Thera, Seventh Chief Sangha Nayaka of Nepal. The most Venerable Sangha Nayaka was a father figure in the Nepalese Sangha and a long-standing beacon of Buddha Sasana to the Theravada Buddhist world from our mother land, Nepal.

An erudite scholar who was intelligent, wise, and capable of good command over Sangha and Sasana matters, which was always colored with his astute diligence in practice that earned his mark of respect among the fellow members of the Sangha as well as the society. Because of his thoroughness in purity and undisputed record as a monastic and good grounding in meditation matters, he ought to have lived the holiest of lives in this degenerate era, leaving an enormous vacuum in the lineage of the Sugata for many years to come. He was an eminent Buddhist scholar and worked tirelessly for the propagation of Theravada Buddhism in Nepal.

He in his background, academia and personal achievement, presents a type of character and personality which is among the finest we can recognize in the recent history of Buddha Sasana in Nepal. He was the genuine embodiment of the term 'Sakya Putta' a noble son of the Lord Buddha who comes in once every few decades to make an indelible mark on society and the world at large. We also appreciate deeply the contribution the Venerable Mahanayake Thera made towards fostering dialogues and exchange between Theravada and Mahayana traditions in Nepal.

He was an exemplary Buddhist monk and teacher who beautified the Sangha Sasana and personified the Buddha's depiction of an eloquent, disciplined and erudite monk with a comprehensive knowledge about the Dhamma, and illuminated the Buddha Sasana. The Most Ven Thero was well known in the Nepali and international Buddhist community as an expert in religious discourse, teacher of Vipassana and scholar in the Pali Language.

The Vishwa Shanti Vihar in Kathmandu which was founded by the Venerable Jnanapurnik Maha Thero is a milestone in the history of Buddhism of Nepal. It is a unique institution that provides formal school education as well as Buddhist teachings to monks and nuns in terms of theoretical (Pariyatti Shiksha) and practical (Meditation) knowledge.

The passing of our patron Sanghanayaka is no doubt be an irreparable loss to Nepal and the world Buddhist community. May the Most Venerable, Aggamaha Panditha Dr. Jnanapurnik Maha Thera, Seventh Chief Sangha Nayaka of Nepal, who spent his life to render the most valued and selfless service to the Buddha Shasana, attain the ultimate bliss of Nibbana.

Ven. Metteyya
Vice-Chairman

Post Box no: 4072, Babarmahal, Kathmandu, Nepal, Phone: +977-4268285, 4268494, Fax: +977-4268286
Email: liaisonoffice@lumbinidevtrust.gov.np, Web: lumbinidevtrust.gov.np/buddhajayanti

Lumbini, Nepal: The Birthplace of Lord Buddha, the Fountain of Buddhism and World Peace

॥ Salutation To The Triple Gem ॥

# LUMBINI BUDDHIST UNIVERSITY

## CENTRAL OFFICE

Lumbini, Nepal

*Ref No.* *Date:* 26/05/2021

**Message from the Vice-Chancellor**

With humbleness we submit our *Śradhāñjalī* to Venerable *Saṅghanāyaka Jñāṇapūrṇika Mahāsthavira* in commemoration of the first anniversary of his passing away last year on the 19th of *Āṣādha* 2077 (July 3, 2020). We cherish the memory of *Saṅghanāyaka*'s association with us as a member of the Lumbini Buddhist University Senate, and a great patron. We feel his physical absence, but we remain always inspired by his *Dhamma* preaching. His simple way of living and his tireless engagements in the tasks of supporting people in attaining higher realms of life following Buddha's foot prints are highly motivating. Our great appreciations and congratulations to Vishwo Shanti Vihar, especially to the *Saṅghanāyaka Jñāṇapūrṇika Prakāśana Samittee*, the editorial board, and all involved in the successful publication of this memorial "*Saṅghanāyaka Jñāṇapūrṇika Smṛti Grantha*".

Venerable *Jñāṇapūrṇika* had played many important roles in his mission of spreading the teachings of Buddha and extending *Buddhānuśāśana* in Nepal and abroad. As a skillful Dhamma *Bhānaka* (Pravachak), he had inspired great many people in joining the mission as *Upāsaka Upāsikā* and many attained *Pravajyā* to become monks and nuns. As a scholar, he had written several books on Buddhism addressing the issues and challenges of life, and attainment of *Nirvana*. He had also translated many interesting and useful books of Buddhism written in other languages. He was bequeathed with the title of *Śāśanadhvaja Dhammacariya* in recognition of his noble services and *Anuttar* (unquestionable) attainments in all three aspects of knowledge and wisdom – *Śrutamaya, Cintanmaya and Bhāvanāmaya*. As a great *Saṅghanāyaka* and *Dhammānuśāśaka*, he had led *Akhil Nepāl Bhiksu Mahāsaṅgha* in upholding the Buddhist heritages including knowledge traditions through *Śīlasampanna* institutional setup supporting and integrating individual as well as collective exercises of *Samādhi* (mindful meditation and concentration) in the quest of *Prajñā*.

I hope that with the merit of Late Venerable *Jñāṇapūrṇika* and with the initiatives of Vishwo Shanti Vihar and the *Bhiksu Mahāsaṅgha*, we will also be able to bring teachings of Buddha in addressing the contemporary issues including the current issues of Corona virus pandemic. The pandemic situation is reminding us that the very existence and meaning of life and nature is rather complex and hard to understand and adjust to. I feel that there is greater scope and potential for delving deeper in Buddha's teachings to find out ways to deal with the *dukkha* (suffering) of the pandemic and to endeavor for *nibārāṇa* (comprehensive solution).

Let this memorial be a dedication to *Buddha, Dhamma and Saṅgha,* the triple gems, enlightening us all for the peace and harmony of all sentient beings.

***// BhavatuSabbaMangalam //***

HR Bajracharya

Prof. Hridaya Ratna Bajracharya
Vice Chancellor

Lumbini, Rupandehi, Nepal | Tel.: +977-71-404088, 404070 | E-mail: info@lbu.edu.np | Web: www.lbu.edu.np

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति**
श्रीमहल, पुल्चोक, ललितपुर

फोन नं. : ५५३३१०१
फ्याक्स : ५५३५६५२
www.monastery.gov.
Info@monastery.gov.

प.सं. : 066/68
च.नं. : 600

## शुभकामना !

संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ प्रकाश समितिले नेपालका सातौं संघनायक , श्रद्धेय भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर ज्युको पुण्य स्मृतिमा " संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ " प्रकाशन गर्न लागेको खबर पाउँदा मलाई खुसी लागेको छ ।

श्रद्धेय डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर एक कुशल बुद्ध धर्म प्रचारक, ग्रन्थकार, प्रकाण्ड विद्वान, कुशल धर्म प्रवचक तथा भाषा अनुवादकको रुपमा समेत राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमै परिचित हुनुहुन्थ्यो । नेपालको सातौं संघनायकको रुपमा पदासिन हुँदा होस वा अन्य बौद्ध संघसस्थाहरुमा अत्यन्त कुशल एवं प्रभावकारी भुमिका निभाउनु भएको थियो । उहाँले आफ्नो सम्पुर्ण जीवन बुद्धभुमि नेपाललाई बुद्ध शिक्षा प्रचारमा विश्वसामु चिनाउन अहम योगदान पुर्याउनुको साथै सम्पुर्ण जीवन यसैमा समर्पण गर्नु भयो । हाल उहाँको भौतिक शरीर हामिसंग नभए पनि उहाँको बौद्ध धर्म, दर्शन र शिक्षा क्षेत्रमा गर्नु भएको उल्लेखनीय योगदान हामी माझ जीवन्त रहिरहनेछ ।

अन्तमा, "संघनायक भिक्षु ज्ञानपूर्णिक स्मृतिग्रन्थ" विविध पक्षलाई समेटेर प्रकाशन गर्न लागेको स्मृतिग्रन्थ उपयोगी र ज्ञानवर्द्धक हुनुको साथै आगामी दिनहरुमा पनि यस प्रकारको स्मृतिग्रन्थ प्रकाशनलाई निरन्तरता दिने छ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु ।

............................................
श्री फूपू छेम्बे शेर्पा (खेन्पो गेशे थुप्तेन जिक्डोल)
अध्यक्ष

**अध्यक्ष**

THE WORLD FELLOWSHIP OF BUDDHISTS

# The World Fellowship of Buddhists

*21st May 2021*

## A Homage

Ven Jnanapurnika Mahasthavir was one of the most illustrious Bhikkhus of Theravada Buddhism of modern Nepal. Born in the Palpa District in the mid-eastern hills of Nepal on 21st November 1939, his lifelong dedication to monastic life began since childhood. His intellect was extraordinary with seven languages at his command. With extensive studies in many famous Buddhist Universities and Centers of the world he became a great Buddhist scholar, respected in Nepal as well as internationally.

He was reputed in the Buddhist world as a scholar and a propagator of Theravada. He not only participated and contributed in numerous international gatherings all over the world but also organised them successfully in Nepal.

In addition to his scholarly wisdom and international network his remarkable contribution has been in the spread of Buddhism and strengthening the order of Buddha Shasana in Nepal by establishing Vishwa Shanti Vihar, Theravada Buddhist Academy, International Buddhist Meditation Center, furthering Pariyati education and serving numerous organisation in Nepal. He will always be remembered with great reverence and deep affection by all Buddhists of Nepal.

World Fellowship of Buddhists (WFB) along with numerous international bodies and his home country Nepal will feel a void in the passing away of Ven Jnanapurnika Mahasthavir on 3rd July 2020. But his legacy through his lifelong work will live on. On this anniversary we pay our homage to a great Nepali.

---

*By Padma Jyoti*

*Vice President*

*World Fellowship of Buddhists (WFB) and Dharmodaya Sabha*

INTERNATIONAL BUDDHIST CONFEDERATION
Collective Wisdom United Voice

INTERNATIONAL BUDDHIST CONFEDERATION
New Delhi - India

F.No 17/IBC/GC/2021/101

## GOODWILL MESSAGE

वसपोलयात बर्माया दातापिन्सं त्रिपिटक किताब छ्वयाहःगु जुयाच्वन । सुमंगल बौद्ध संघं जात्रा याना हःगुलिइ जि नं म्ये हाला भाग काःवने नं । आःतकं व म्ये झलझल लुमना वोनि । "आहा थ्व गजागु भाग्य, धर्म उदये जूगु, स्वागत याये थौं झीसं, लसकुस याये थौं, आहा थ्व झीगु भाग्य" धका हेराशोभा, इन्दिराशोभा ततापिंलिसें म्ये हालागु लुमंनि ।

वसपोल सुमंगल विहारे च्वना बिज्यासांनिसें विहारय् चहल पहल बढे जुयावल । Y.M.B.A थें जागु संस्था नं दयेका बिज्यात । जि नं परियत्ति ब्वनाच्वनाबले मथूगु नं वसपोल भन्तेयाथाय् वना ब्वंवनागु लुमनावो ।

न्हापा बाःनं दशमिपतिकं सुमंगल विहारे च्वना बिज्याइपिं भन्तेपिन्त छेँय् भोजन याकातःगु जुयाच्वन ।



अबले वसपोल ज्ञानपूर्णिक भन्ते अप्वः यानाः बिज्याः । उकिं जि लय्ताया च्वना ।

जिमि अजि स्व. मोतिलानि खः । अजिया नुगले धर्म चेतना वोगुलिं न्हायकंफाः जुयाच्वंगु यंगबाहाः हाल सुमंगल विहार खः । अन आगंद्यः जुया पूजा याःवनीगु जुयाच्वन । अजिया स्वम्हं काय्पिं दु १) तेजबहादुर २) हर्षबहादुर (सानु उपासक) ३) दानबहादुर खः । इपिं स्वम्हं काय्पिन्सं सल्हायाना विहार दयेकूगु खः । उकिमध्ये जिमि बाः हर्षबहादुर शाक्य खः । बाः न्हिन्हिं सुमंगल बिहारे वना भन्तेपिंके शील कयाः, बुद्धपूजा याना लिहाँ वइगु । लिपा तक कोषाध्यक्ष पदय् नं च्वना बिज्यागु खः । बाः याकचां हे जय मंगल विहार (तन बाहा) दयेका पुण्य यानावंगु दु । बहनिइ जुलकि न्हिंन्हिं जय मंगल विहारय् वना बुद्धपूजा याःवनीबलय् जितः नं सःताः ब्वनायंकीगु । अथे मांबापिनिगु पुण्य बलं जिगु नं पुण्य संस्कार बलाना वोगु जुल ।

जि सुमंगल विहार न्हिन्हिं वनेगु । स्कूले नं मछोल । उकिं बुद्धधर्मयागु अध्ययन यायेत मौका दत । वसपोल भन्तेनं जित यक्व स्यनेकने याना बिज्यात । लिपा छन्हु वसपोल बुद्धघोष भन्तेनं न्यन "छ गुरुमां ज्वीगु खःला" धका । जिला अचम्म जुल । अहो भन्ते नं जित न्यन धका "खः भन्ते" धया । भन्तेनं जिगु मनयागु खँ स्यूला धयाथें जुल ।

उबले जितः गृहस्थी जंजालय् च्वने मंमदया च्वंगु । यदि जि प्रव्रज्या ज्वीगु अठोट मयागु जूसा, गृहस्थी जंजालय् ततःमतः क्यंकः वनेमाली ज्वी । जिं बायात धया जि गुरुमां ज्वीगु इच्छा दु । बिबाहित जीवन मयो धया । बाःयाला काय् छम्ह भिक्षु याययेगु खः । तर इपिं विहारे वनीपिं मखु । जिजक मां बानं हे पुण्य संस्कारे लाका तःगुलि मंदुगु खः ।

बाःया ज्योतिषयागु विश्वास दुम्ह जुया क्यना स्वःगु जुयाच्वन । ज्योतिष नं धर्मय् च्वनीम्ह खः धयाहल हं । बानं थःगु विषय नं ज्योतिष क्यना सोगु जुयाच्वन । बायागु आयु ३ बर्ष जक दनि धाःगुलि, जि छम्हसिगु ज्याखँ सिधयेका वनेगु बिचाः दुगु जुयाच्वन । उकें जि याकनं हे गुरुमां ज्वीगु दिन निर्णय याना । २०३१ साल श्रावण त्रयोदसि खुन्हु प्रव्रज्या ज्वीगु निर्णय याना ।

श्री सुमंगल विहारे वना पूजनीय बुद्धघोष महास्थविर भन्तेयात नुगः खं प्वंकाबले भन्तेनं आशिर्वाद बिया बिज्यात । छेँय् च्वंपि दाजुपिन्त सकसितं धया जि सकले भन्ते गुरुमांपिन्त भोजन याका चीवर दान बिया जक ज्वीगु धयाबले बामांपिं सकलें माने जुल ।

जि गुरुमां ज्वीगु खबर बानं संघमहानायक प्रज्ञानन्द महास्थविरयात नं कंवन । वसपोल भन्ते नं मौनद्वारा स्वीकार याना बिज्यात ।

प्रव्रज्या दिन निर्णय जुइवं श्रद्धेय ज्ञानपूर्णिक भन्तेयात प्रार्थना याःवना । वस्पोल भन्ते नं सल्लाह बियाबिज्यात । कार्ड छापे याना गन्यमान्यपिन्त नं सःता भव्य रुपं यायेमा धया बिज्यात । जिं ज्यू भन्तेया गथे कार्यक्रम यायेगु छपिनिगु ल्हाती खः धया । वसपोल भन्ते नं जिमि परिवारपिं नं म्हस्यूगु जुया भिक्षुसंघपिंत स्वीकार याका बिज्यात । माःगु बन्दोबस्त फुक्कं वसपोलं याना बिज्यात ।





चीवर सुइत श्रद्धेय ञाणशीला गुरुमां चिनी गुरुमांपिन्त धयाबले छँ हे वया चीवर सु वये धया बिज्यात । कलगर स्वंगः हया चीवर सुइगु जूबले तसकं मन लयताल ।

तर उबले मिसापिं प्रव्रजित जुइगु धैगु तस्सकं थाकुगु व चुनौतिपूर्ण अवस्था जुल । संघपाखें अनुमति कायेमाःगु नापं परिवारय् अभिभावकपिन्त मिसापिं प्रव्रज्या यायेगु अःपु मजू धैगु खँ कं वःपिं नं दुगुलिं परिवारपाखें अनुमति कायेत नं थाकुल ।

जितः सःताः बाःनं अर्ति उपदेश बिल । 'छ गुरुमां ज्वीगु मती तःगु बांला तर बांलाक होश याना जू न्है' धका अर्ति बिल । जिं ज्यू हवस धया । "छ जयमंगल विहारय् हे जक च्वं । निमन्त्रण गनं वने मते । छे नं हे भोजन नका ते । वसपोल बुद्धघोष भन्तेयाथाय् वना अध्ययन यावनेगु न्है" धाल । जि मौन जुया ।

वस्पोल ज्ञानपूर्णिक भन्तेनं म्ये चीका हेराशोभा, इन्द्रशोभा ततापिन्त हायेका भरेयाना तःगु जुयाच्वन । २०३१ साल श्रावण त्रयोदर्शी दिं खुन्हु सकलें भन्तेपिं, गुरुमांपिं थ्यंकः बिज्यात । सँ खायेगु जिम्मा बर्मीज गुरुमा पूज्य दो गुणवतीयागु खः । वसपोलं सँ खाना बिज्यात । म्ये चिना तःगु नं हायेका तल ।

"केसा सँ" सँ धाःगु बांला गुलि छ्यने च्वना,
वहे सँ सी जाभ्वी वयेवं मयैगु
ध्व बिचाः मदुगु धात्थे नं खःगु हे" धैगु म्ये चिना तःगु खः ।

वसपोल प्रथम संघमहानायक अरियधम्मरक्खित नेपाल बुद्धसासन वंसालंकार सिरि श्रद्धेय प्रज्ञानन्द महास्थविर भन्ते नं जितः शील प्रदान याना अनागारिका अनुपमा धका नामाकरण याना बिज्यात । जित थःम्हं थःत भाग्य भापियाच्वना । बा नं वया च्वंगु दु । मनूत थाय् थासं वःपिं नं इकिधिकि मसंसे च्वनाच्वन ।

आदरणीय बाःयात नं नुग खँ तयेके बिल । बाःया मिखाय् ख्वबि हुहुं न्ंवानाच्वन । श्रद्धेय ज्ञानपूर्णिक भन्तेनं नं प्रव्रज्याया महत्वबारे छर्लंग हे ज्वीक कना बिज्यात । आदरणीय सासनधज धम्माचरिय गुरुमाँ नं थ्वीक कना बिज्यात ।

अन्तय् पुण्यानुमोदनं लिपा भिक्षाटन नं याकाबिज्यात । वसपोल ज्ञानपूर्णिक भन्ते जिगु प्रव्रज्या कार्यक्रम भव्यरूपं याना झःझः धायेका याना बिज्याःगु गुण मने झलझल लुमना वो । उकिं वसपोल थुगु लोके रूपकाय तोता बिज्यासां नामकाय आःतकं ल्यँदनि । आतकं दनि भाःपियाच्वना ।

**भवतु सब्ब मंगलं**

❖❖❖

# संघनायक ज्ञानपूर्णिक भन्तेयागु ओवाद जिमित



**अनागारिका श्रद्धावती**
*बुद्धनगर, शंखमूल*



अनागारिका संघं ओवाद का:वनेगु नियम दयेका बिज्यात व्हे अनुसार छन्हु ज्ञानपूर्णिक भन्तेयाथाय् अनागारिका संघ सकले मुना ओवाद कायेत न्ह्योने सकलें फेतुना च्वना । संघनायक भन्तेनं थथे ओवाद बिया बिज्यात "भन्तेपिं, अनागारिकापिं, उपासक उपासिकापिं बिरामी जूथाय् बिज्याना परित्राण या: बिज्याइ तर थ:थ:पिं बिरामी जुइबले परित्राण याना परित्राणया फल आनिशंस का:गु खने मदु । थ:पिं मफइबले मेमेगु याना समय छ्वया च्वनी । थ:पिं मफइबले नं परित्राण याये फयेकेमा ।"

भन्तेपिं अनागारिकापिं थथे मति बयेफु समय अनुसार जुइमा धका पोसाक पुनेगु परिभोग सामान परिभोग यायेगु शिक्षा प्राप्त यायेगु धका यानाच्वनी, भीपिं प्रव्रजितपिं यायेमागु गुबले हिला पाना वनी मखु भीपिं गुगु मार्गय् वनेधका मति तया प्रव्रजित जुयागु खः व मार्ग न्ह्याबलें स्थीर जुया च्वनी, थ्व खँ न्हयाबलें लुमंका च्वने फयेकेमा न्ह्याबलें शील समाधि प्रज्ञाया मार्गय् वना च्वंपिं जुइमा न्है धया बिज्यात । निर्वाण प्राप्त यायेगु मार्ग समय अनुसार हिला वनी मखु थथेहे संघपिनिगु न्ह्योने वना ओवाद कया ज्ञान वृद्धि याना थ:पिनिगु लक्ष्य पुरे याये फयेकेमा धया बिज्यात । ओवाद काये धका सकलें मुना वगुलि तसकं लय्ता दु धया बिज्यात ।

बिरामी जूसां लुमना वइगु मन चञ्चल जूसां ओवाद लुमना वइगु जित थुकिं यक्को हे प्रगति जूगुलि मन खुसी जुया च्वनीगु खः । ❖❖❖

# जिगु लुमन्तिइ पुज्य गुरूवर ज्ञानपूर्णिक भन्ते



**अनागारिका चारूञाणी**
*अमरापुर बुद्ध विहार*
*बुंगमति ललितपुर*



बुद्धशासनय् छम्ह धिसिलाःगु थां समान जुया च्वंम्ह वसपोल गुरुवर सातौं संघनायक श्रद्धेय ज्ञानपूर्णिक भन्तेप्रति श्रद्धा सुमन देछानाच्वना । वसपोल गुरुवर भन्तेयागु असीम मैत्री, करुणा व प्रेरणां थौं जि बुद्ध शासनय् अनागारिका प्रवज्या जुइगु मौका प्राप्त जुल । वसपोल गुरुवरपाखें थौंया अनागारिका जिपिं अग्गञाणी, चारुञाणी बुद्धशासनया खँ सयेके सिकेत बर्माया रङ्गुन शहर च्वना बिज्याम्ह गुरुवर महासी शासना यैताया ओवादाचरिय सयादो ऊ पण्डिताभिवंस भन्तेया शिष्य चेली जुया ब्वनेगु अवसर नं प्राप्त जूगु जुल । गुरुवर भन्ते बुद्धशासन चिरस्थायीया निम्तिं थः थम्हं मनयात क्वाका ग्वाका थःम्ह सेकेगु व थःम्हं सयेकागु खँत स्यना, कना बिज्याइम्ह प्रेरणाया श्रोत ख । थःगु जीवनय् नं मचांनिसें कया जीवनया हरेक पलाखय् दिपाः मकासे सयेके सीकेगु खँयात प्राथमिकता बियाबिज्याइम्ह खः । जिं न्यनागु अनुसार वसपोल चिधिकबलेनिसें गृहत्याग याना बिज्यासे बर्मा देशय् वना गुदँतक आपालं बुद्ध वचन ब्वनेगु, सेकेगु याना बिज्यागु जुयाच्वन । अथे जुया बुद्धशिक्षा बर्मा देशया तःधंगु शिक्षा "सासनधज धम्माचरिय" न पूवंका बिज्यागु जुल । गुगु शिक्षा झीगु नेपालय् थौंतक ल्हाःतय् ल्याः तयेफुगु संख्याय् जक दुगु जुल । वसपोल गुरुवरं गुलिनं बर्मादे च्वना सयेका सिइका परियत्ति, प्रतिपति, प्रतिवेध क्षेत्रे न छम्ह कुशल ध्यान गुरु जुया बिज्यागु जुल ।

वसपोलं मचांनिसे बुढाबुढीतक सकलसित मने दुग्यंक धया बिज्याइगु जुया सकल उपासक उपासिका पिनि दथुइ यक्व हे ल्वकंह्वाःम्ह गुरुवर जुया बिज्यात ।





वसपोल गुरुवरं कना बिज्याइगु प्रत्येक उपदेशय् आपालं ज्ञानगुण जायाच्वंगु दु । वसपोलयागु उपदेश न्यनेवले धया बिज्याइगु छता खँ गुबलें लोमंके फैमखु - "मति भिंसा गति भिनी" । गुरुवरं धया बिज्याःथें संसारया सकल सत्व प्राणीया मने मति भिं जुल धैगु खःसा थौं थ्व संसारे ल्वापु ख्यापु व अत्याचार धैगु शब्द हे छ्यलेमालि मखु जुइ ? वथेतुं वसपोलं धया बिज्याइगु 'झीपिं श्रमण जुइ धुंका भौतिक क्षेत्रे आपालं जोड बिइगु याये मज्यूगु' खँ न्ह्याबलें लुमंसे वः । वसपोल भन्ते जिमि बाःया तसकं लिक्क स्वापु दुम्ह धर्मपासा नं खः । वसपोल जन्म ब्यूम्ह अबु मखुसां नं धर्म ख्यलय् जीवन ब्यूम्हः धर्म पिता समानम्ह ख ।

वसपोल भन्तेनं अथे जुया जित धर्मपुत्रीया रूपे स्वया बिज्याः । बिश्व शान्ति विहारे जुइगु आपालं धार्मिक ज्याभ्वलय् थः न्ह्योब्वे खनेगु जुया वसपोलपाखें बुद्ध वचनत श्रवण यायेगु, धर्म रसपान यायेगु चूलागु जुल । वसपोल भन्ते झी नेपाःमि बौद्ध मार्गीतय् बिचय् जक मखु अन्तर्राष्ट्रिय बौद्ध ख्यलेनं उतिकंहे कुशल धर्म कथिकया नाप कुशल ध्यान गुरु नं जुया बिज्याःम्ह ख । थःगु जीवनय् वसपोल भन्तेनं सयेका सिइका बिज्याःगु वहे ज्ञानयात भतिचाहे आलस्य मजुसे, थाकु मचासे, निरन्तर खुसी प्रवाह जुया वनीथे ज्ञानया प्रवाह याना बिज्याम्ह वसपोल थौं मदुगु धैगु बौद्ध ख्यलय् छगः धिसीलाःगु थां तोधुगु थें जुल । अथेनं वसपोल भन्तेनं झीत बियाबिज्यागु भगवान् बुद्धयागु सद्धर्म आःतकं झीगु न्ह्योने दयाच्वंगु दु । थ्वहे झीगु अहोभाग्य खः ।

❖❖❖

# लुम्बिनी गौतमी विहारे संघनायक ज्ञानपूर्णिक भन्ते बिज्याःगु लुमन्ति



**खमेसी गुरुमां**
*लुम्बिनी गौतमी विहार*





१) लुम्बिनी गौतमी विहारे भन्ते मुसुमुसु न्हिला दुहाँ बिज्यात । भन्तेयात यायेमागु सम्मान व मामागु सेवा यायेधुंका याउँक फेतुना बिज्यात । जिपिं अनागारिकापिं सकलें मुना वन्दना यावना । भन्ते जिमित खना लय्लय्ताया थथे धया बिज्यात "खमेसी थुगु पवित्र स्थल लुम्बिनी स्वाक १२ वर्ष तक नं च्वना थुपिं विहार झझ धायेका तल । बौद्ध परियत्ति स्कुले ब्वंक वना विद्यार्थीपि नं दयेका तल, स्कूल नं खोले याना तल, अनागारिका मस्त नं दयेका परित्राण स्यना बिया बुद्ध पूजा सुथे बहनी याका प्रगति याना च्वन । म्ह बागचा ज्या तगचाम्ह खमेसी खः । छम्ह मिसा मचा जुया थुलि धैर्य तया याना च्वंगु ज्या खं सीका च्वना खमेसी बुद्ध शासन थुइका ग्यसुलाक नुगले तयातःगु ज्ञान दुगु खना च्वना ।"

२) "तांन्वः मधाः, चिकु मधाः, थाकु मधाः तसकं सहयाना च्वना च्वंगु दु धका जिमिसं वाचायेका च्वनागु दु । खमेसी खना तसकं मन याउँक तयेत दु । थुलि हे मन तया च्वने फयेमा खमेसी परित्राण याना आनुभाव यक्को दयेका थुगु विहारे च्वंपिं जीव जन्तुतय्त तकं सुरक्षा याना रक्षा याना च्वंगु खने दु । थुगु विहारे च्वंपिं देव, मनुष्य, तिर्यक आदि प्राणी पिन्त रक्षा याना च्वन, इमि पाखेनं रक्षा कया च्वंगु खने दु ।"

३) हानं थथे नं धया बिज्यात "खमेसीं लुम्बिनी विहारे जक सुरक्षा याना च्वंगु मखु थन लुम्बिनी च्वंपि मुस्मांतय् मस्तेत परियत्ति ब्वंका धर्म थुइका बिया धर्मे मन लगेयाना भन्ते याना श्रीलंका, थाइलैण्ड देशे छ्वया बुद्ध शासन चिरस्थाइ यायेगु महान तधंगु ज्या याना च्वंगु मिजं मस्तेत प्रव्रजित याना देश विदेश छोया धर्म सयेके बिइत ग्वहाली याना च्वन । धनगढी च्वंपिं मिसा मस्त कया अनागारिका याना थ नापं तया धर्म स्यना बिया स्कूल छ्वया खुसी याना तल । खमेसी छम्ह विद्वानपिसं प्रशंसा याये बहम्ह ख ।"

४) ओवाद कथं छगू दु "थकाली गुरुमांपिनिगु गुण लुमंका क्वकालिपिन्त नं लुमंका सकसिगु प्रति मैत्री व कर्तव्य पूवंका परंन्तुतक शासनयागु ज्या थथेहे न्हयाका च्वने फयेमा धका मनं तुना शुभाशिर्वाद बिया च्वना । थथेहे थुगु विहारे वइपिन्त बिज्याइपिन्त मनं खंका सेवा याना प्रशंसाया पात्र जुया मार्गफल ज्ञान प्राप्त याना बुद्धयात धात्थें म्हसिके फुम्ह जुइमा" धका वसपोलं आशिर्वाद बिया बिज्यागु लुमंका च्वना । ❖❖❖

# नेपाःया बुद्धशासनया मत श्रद्धेय संघनायक ज्ञानपूर्णिक भन्तेया लुमन्तिइ




रत्नदेवी धाख्वा
*शान्तिनगर*




श्रद्धेय गुरुवर ज्ञानपूर्णिक महास्थविर मसुमुसु न्ह्यूख्वाःवम्ह, ख्वाःचकंम्ह, रूपवानम्ह वथें धर्मया दुग्यंगु ज्ञां दुम्ह विद्वानम्ह खः । वसपोल ध्वाथुइक उपदेश बिया बिज्याइम्ह गुणवानम्ह भन्ते खः । नेपाःया बुद्धशासनय् मतथें जुया बिज्याःम्ह वसपोल अनित्यया स्वभावकथं दिवंगत जुया बिज्यात । थ्व तसकं हे दुःखया खँ खः । अनित्यया स्वभाव कथं सःस्यूपिं भन्तेपिं छम्ह, निम्ह या यां मदया वन । थ्व संवेजनीय खँ खः ।

वसपोलं भिंछदँया वैशय् मचानिसें श्रद्धेय बुद्धघोष महास्थविर भन्तेया लिक्क च्वना धर्मया न्हापांगु शिक्षाकया भिंखुदँया वैशय् बर्माय् बिज्याना दुःखसिया ११ दँ तक्क च्वना धर्मया अध्ययन याना बिज्यात । वसपालं धर्माचरिय पास याना बिज्यानालि महासी सयादोथें जाःपिं ध्यान गुरुपिनि लिक्क च्वना ध्यानया अनुभव ज्ञान नं दयेका बिज्याःगु जुल ।

वसपोल ज्ञानपूर्णिक भन्ते नेपाःया न्हापांम्ह संघमहानायक प्रज्ञानन्द महास्थविर (तःधिकम्ह भन्ते) या शिष्य जुया बिज्याम्ह श्रद्धेय बुद्धघोष महास्थविरया शिष्य खः । बर्मा लिहाँ बिज्याना थः गुरु नापं श्री सुमंगल विहारय् च्वना बिज्याबलेनिसें जिं वसपोलयात म्हस्यूगु धायेमाल । गुरु शिष्य परम्पराकथं वसपोल पूज्य तःधिकम्ह भन्तेया छय् थें जुल । वसपोलपिं स्वंगू पुस्ता जिमि मांबौपिनि नं गुरु, जिमि तःक्यें किजापिनि नं गुरु अले म्ह्यायपिनि नं गुरु खः । वसपोल भन्ते सुमंगल विहारय् च्वना बिज्याःबले गुरुवर बुद्धघोष भन्ते वथें वसपोलया पाखें ज्ञानगुणया उपदेश न्यनेगु अवसर प्राप्त जुयाच्वंगु भाग्य हे धायेमाल । किजा पवित्र बहादुर बज्राचार्य व ल्याय्म्हपिं मिले जुया स्थापना याना तःगु युवक बौद्ध मण्डलया अध्यक्ष नं जुया बिज्याये धुंकूम्ह वसपोल भन्ते नं युवापिन्त अभिधर्मया कक्षा कया यक्व स्यनेकने यायेगु नापं ध्यान नं तयाबिज्याःगु स्यू ।



सुमंगल विहारय् च्वना बिज्याःगु इलय् यलया लाय्‌कूया मूचुकय् श्रद्धेय भन्तेपिनिपाखें गुंला लच्छितक बाखं कंकेगु यानातःबले वसपोल भन्तेनं ध्वाथुइक क्वक्वजीक उपदेश बिया बिज्यागु थौंतकं लुमना च्वं । यलय् गुंलां बाखं कंकेगुली न्हुछेलाल उपासक (कालुदायी भन्तेया) नं यक्व देन दु। वसपोलया हे कुतलं थथे बाखं कंकेगु क्रम न्ह्याना मणिमण्डप विहार (धपगाःबही)लय् गुंला धर्मदेशना ज्याझ्‌व जूवंगु जुल । गुगु आतकं न्ह्यानाच्वंगु जुल । वसपोल ज्ञानपूर्णिक भन्तेनं अन बहिली लानंला धर्मदेशना याना बिज्यागु खः । उबले अन बहीया दातापिं लय्‌ताया विहार दयेकेत धका बहीया खवय्‌च्वंगु जग्गा दान ब्यूगु खः। अबले अन बहीया दातापिं वथें उपासक उपासिकापिनिगु सहयोगं वसपोल भन्तेनं विहार दयेका बिज्यात । उबले थ्वः थ्वः उपासक उपासिकापिं मुना श्रमदान याः वइगु खः । उबले जिं नं लय्‌लय्‌ताया श्रमदान याःवनागु लुमंसे वः । वसपोल भन्तेनं दुना च्वने धुंकूगु बहीया देगः नं थःहे न्ह्यब्वाना सकसिगु ग्वहालिं पुनःनिर्माण याना बिज्यागु खः । विहार दयेके धुंका मणिमण्डप विहारय् हे थातं च्वना बिज्यात । वसपोलया कुतलं स्वलातकया निर्तिं धका लुम्बिनी प्रव्रजित जूम्ह कालुदायी भन्तेयात स्थायी भिक्षु जुइगुकथं याना बिज्यात । गुकिंयाना वसपोलपाखें गांगामय् धर्मप्रचार वथें विहारत नं निर्माणया ज्या जूवन । श्रद्धेय ज्ञानपूर्णिक भन्तेयात नं वसपोल कालुदायी भन्तेपाखें धर्म प्रचारय् ग्वाहाली दुगु जुल ।

मणिमण्डप विहारय् च्वना अभिधर्म स्यना बिज्याबले जिमि म्ह्यायपिं व जहान नं ब्वंवंगु खः । उबले बौम्हसिके नं छुंछुं अभिधर्मया गाथात वः । छेंय् म्ह्यायपिं नापं छलफल याना पाठ धया च्वनीगु स्यू । वर्षावासया ईलय् सुथय् बुद्ध गुण, धर्म गुण व संघ गुणया ब्याख्या याना कना बिज्याःगु अथेहे विस्संतर जातक वथें, महासत्व जातक कना बिज्याःगु लुमंसे वः । उबले मां वीरमाया बज्राचार्य नं थः पासापिं बेखामाया शाक्य, मोहनमाया वथें नानीमायापिं नापं बाखं न्यंवनीगु खः । मांया नं वसपोल भन्तेयाप्रति तधंगु श्रद्धा दु । शुरु शुरुइ विहारय् च्वना बिज्याबले आःथें ज्याछिं मजू । अपाय्‌सकं सस्यूम्ह भन्तेयात मगामचा जुइका तये मज्यू धका मांनं फुफुगु पुरे यायेमाः धका मनं खना दान बिइगु व जित नं बिइके छ्‌वइगु खः । वसपोल भन्ते अन विहारय् थातं च्वना बिज्याबले विहार बांलाना वल, चहलपहल दत ।

अनंलि वसपोल थेचोय् वेलुवनाराम विहार दयेका अननं च्वना धर्मप्रचार याना बिज्यात । भन्ते अन च्वना बिज्याबले अप्व धइथें म्हं मफु । उबले जिं डाक्टर इश्वर लाल आचार्यथाय् बरोबर क्यना बिइगु खः । वय्‌क डाक्टर मांबापिं मफइबले क्यना तइम्ह परिवारया डाक्टर जूगुलिं तसकं लिमलाम्ह जूसां अपुक क्यना बिइफु ।

ध्यानगुरु महासी सयादो धर्मप्रचारया ज्याय् देश विदेशय् बिज्यायेगु क्रमय् नेपालय् नं बिज्याबले थाय्‌थासय् उपदेश यानाबिज्यागु खः । उबले वसपोल ध्यान गुरुया नाप नाप बिज्याना उपदेश अनुवाद याना कना बिज्याःगु खः । उपदेश कनेगु क्रमय विशेषं नागबहालय् वसपोल सयादोयात भब्यं स्वागत नापं उपदेश जूगु खः । उबले ज्ञानपूर्णिक भन्ते नं बांलाक ब्याख्या याना झीगु नेपालभाषां भाय् हिला कना बिज्यागु लुमंकेबःह जू । आपालं मनूत



विश्वशान्ति विहारय् च्वना बिज्याना विहार ज्याछिंक तःधंक दयेका श्रामणेरपिं, भिक्षुपिं व गुरुमांपिन्त शिक्षा दीक्षा बिया बिज्यागु कारणं जिल्ला जिल्लाय् च्वंपिं विभिन्न जनजाति मस्तेत समेतं प्रव्रजित जुइगु दत, सयेकेसिइके खन । अथेहे बुद्धधर्मय् एम.ए स्यनीगु थेरवाद बुद्धिष्ट एकेडेमी धईगु स्थापना जुया यक्वसित धर्मया शिक्षा कायेगु मौका दत । म्ह्यायुपिसं सयेकेगु वथें स्यनेगु ज्याय् ग्वाहालि याये खना च्वंगु दु । भन्तेया प्रभावं याना विहारया गतिबिधि तःधना वन । देश विदेशयापिं विद्वान भन्तेपिं दर्शन यायेगु मौका दत ।

दुगु उगु सभा गुबलें मजूकथं भ्रुभ्रःधागु जुल । ईन्द्रिय संयमितम्ह वसपोल महासी सयादोनं लुम्बिनी ध्यान नं तयाबिज्याःगु खः ।

अनंलि दाता चैत्यमाया शाक्यपाखें दान ब्यूगु बिश्वशान्ति विहारय् च्वनाबिज्याःबले वसपोल भन्तेनं अन नं ध्यान गुरुपिं बिज्याका ध्यान तया बिज्याः । शंखमूलय् ध्यानकेन्द्र निर्माण मजूनीबले ध्यान गुरु ओवादाचरिय सयादो उ पण्डिताभिवंस सयादो नेपालय् न्हापां बिज्याना अक्षेश्वर महाविहार वथें ध्यानकुटी बनेपाय् ध्यान तया बिज्यागु खः । अनंलि वसपोल ज्ञानपूर्णिक भन्तेनं ध्यान च्वनीपिं उपासक उपासिकापिन्त विश्व शान्ति विहारय् शनिबार उपदेश नापं स्मृतिप्रस्थान ध्यान तयेगु ब्यवस्था याना बिज्याःगु खः । गुकिंयाना शनिवार पतिकं यें यलयापिं उपासक उपासिकापिसं ध्यान च्वने खंगु जुल । ध्यानकेन्द्र दयेधुंका कर्मस्थानाचार्य गुरुपिं थातं च्वना बिज्यासेंलि ध्यानकेन्द्रय् ध्यान शिविर वथें बुद्धशासनिक ज्या बांलाक न्ह्यागु जुल । वसपोल भन्ते ध्यानकेन्द्रय् ध्यान शिविर जुइबले गुरुपिनिगु उपदेश अनुवाद याना बिज्याइगु जक मखु थम्हं नं योगीपिंके ध्यान अनुभव कया निर्देशन नं बियाबिज्याइगु खः । महासी सयादोया ध्यान निर्देशन अनुवाद वथें उपदेशत टेपय् भरे याना तःगु जुया वसपोलया सःल्यना च्वंगु दु । वसपोल ध्यानकेन्द्रय् नं छुं दँ च्वनाबिज्यागु खः । अन वसपोलया न्हय्न्हेदं बुदिंया उपलक्ष्यय् प्रव्रजित ध्यान शिविर नापं विविध धार्मिक कार्यक्रम नं बांलाक जूगु जुल । ध्यानकेन्द्रया लागि यक्व योगदान दुम्ह वसपोल उगु ध्यानकेन्द्रया धम्मानुसासक नं खः । जि ध्यान च्वनाबले वसपोलं ध्यानया उपदेश कना बिज्याःगु यक्व न्यनेनं । महिनाया अन्तिम शनिबार पाःला वइबले तःक्वमछि बिका पञ्चस्कन्ध धयागु सार मदु धका उपमा बिया ब्याख्या याना कना बिज्यागु लुमंके बहःजू ।

वसपोल भन्ते मफुसां सफू स्वयेगु, च्वयेगु ज्या याना बिज्याना च्वनी, अलसी धइगु मदु । बरोबर विहारय् वनेबले कुशलवार्ताया नाप धर्मया खँ न्ह्याईपुक छलफल जुईगु खः । वसपोल भन्तेनं म्ह्यायुपिसं बुद्धशासनय् ग्वाहालि याना च्वंगु लयूता धया बिज्याइगु खः । नेपालय् बुद्धशासनया निर्तिं यायेमाःगु यक्व दु थःगु स्वास्थ्यं मबिल धका वसपोल भन्तेनं नुगः मछिंका बिज्याइगु खः । "छलपोलं फुबले यक्व याना बिज्याये धुंकल नुगः मछिंका बिज्याये म्वाः भन्ते, स्वास्थ्ययातनिं बःलाका बिज्याहुँ" धायेगु खः । वसपोल भन्ते म्हंमफया अस्पतालय् यंके छुं दिं न्हयव वसपोलयात विहारय् नापलाःवनागु खः । उबले भन्तेया स्वास्थ्यया बारे न्येने धुंका भन्तेनं "रत्नतता म्हं फु मखुला' धका न्यना बिज्यात । जि नं बमलाना वल, बुढि जुल भन्ते, न्हायुपं नं मताना वन, भन्ते ! जि अथे धइगुका 'बांबालागु खँ जक तायेमा, बांमलागु खँत म्वामदुगु खँत मतासां ज्यू धइगुका' धयाबले वसपोल मुसुक न्हिला बिज्याःगु खः। अनित्ययात चायेकेमा, चाः मखुला धका उपदेश बिया बिज्यात । छुं दिं लिपा वसपोलयात अस्पतालय् यंकूगु जुल । उपचार याना याउँका बिज्याई धका च्वनागु । जि स्ववने फूगुमखु, दर्शन याये मखन, तःसकं नुगः मछिं । अनित्यया स्वभावकथं मरणं तोतुगु मखुत । वसपोल मदुगु खवर सुथन्हापनं न्यनेमाल । वसपोलया गुण भ्रललं लुमना वल , तःसकं नुग मछिन । बुद्धशासनया मत छप्वाः फ्वाक सिइथें जुल ।

वसपोल गुणवानम्ह भन्तेयात याकनं निर्वाण प्राप्त जुइमा धका दुनुगलंनिसें श्रद्धाञ्जलि अर्पण यानागु जुल ।

❖❖❖

# गुंला धर्मदेशना न्यना जिगु जीवन परिवर्तन जुल



**काजीलाल डंगोल**
*ल.पु. ईखालखु (ईटापुखु)*

जि भिंस्वदँया उमेरय् २०१६ साले नाम संगती, धारणी, स्तोत्रत सयेका ब्वना जुया च्वनागु खः ।

जि कालुदायी भन्तेया त्वाय्या काय् जूगुलिं वसपोलं २०२९ साले मणिमण्डप महाविहार धवाःबहिली चोकय् ज्ञानपूर्णिक भन्तेया पाखें लच्छियंकं गुंला धर्मदेशना जुइगु दु, न्यो वा धया बिज्यागुलिं लच्छि यंकं न्योवना । तर न्हापां मछागुलिं लिउने च्वना न्यनागु खः ।

लच्छियंकं उपदेश न्यनाबले तसकं क्वातुगु श्रद्धा वृद्धिजुल । जिं थःम्हं म्हस्युकोसित उपदेश न्यंके यंकेगुयाना । गुँला धर्मदेशनायात निरन्तरता बिया तयेमा धयागु नं बिचाः ब्वलन ।

लिपा मणिमण्डप महाविहारया दायक परिषदया कोषाध्यक्ष पदय् च्वना ज्या यायेगु मौका प्राप्त जुल ।

गुँला धर्मदेशना परिसमाप्ति कुन्हु आर्थिक प्रतिवेदन बिइबले व मेमेबलेनं धायेगु छुले धाःसा ह्याउँक छुयातःगु नँ ग्वारा नुनाछोया पचे यायेगु सम्भावना दई तर श्रद्धां ब्यूगु दान हिनामिना यात धाःसा पचे यायेगु सम्भावना मदु धका धयाबले दातापिनि भनहे श्रद्धा बढेजुगु खनेदु ।

थुकेया कारणं मेमेबलेनं चन्दा बिइपिं श्रद्धालुपिं यको दइगुलिं लिमलाना च्वनी । मेपिं सदस्यपासापिं सकलें वनी थः हिसाब मिलेयाना चोने मागुलिं लिपा लाना च्वनीगु खः ।

गुँला वलकि फुक्क ज्या खँ चिइका तन, मन, धन बिया गुँला धर्मदेशना ताः लाकेया लागि व्यवस्था यायेगु खः ।

गुँला धर्मदेशना न्यना दान, शील, भावना वृद्धि याःपिं उपासक उपासिकापिं यकोहे वृद्धि जूगु खनेदत ।

जि थःहेनं गुँला धर्मदेशना न्यनेगु मौका चूलागुलिं सुतमय प्रज्ञाया नापं भावनामय प्रज्ञा नं आवश्यक जूगुलिं मणिमण्डप महाविहारे २६ वर्ष सेवा यायेधुंका धर्मरत्न शाक्य त्रिशुलीं काजिलाल छंगु ज्याखँ खना जि तसकं



लय्ताल । आ छक शंखमूल ध्यानकेन्द्रे ग्वाहाली यायेमाला च्वंगुदु धया बिज्याःगुलिं अन वना कार्यसमिती च्वना नापं निर्माण समिति नं च्वना विभिन्न निर्माण कार्यत यायेखन । ध्यान भावना नं यायेखन ।

माभखण्ड विहारया निर्माण समितिइ च्वना २० वर्ष तक तसकं मेहेनत याना । माभखण्ड धातु चैत्य बुद्धविहार यात दान बिइगुजुल । सुमंगल विहारे कार्यसमिति च्वना निर्माणया ज्या व मेमेगुलि नं ग्वाहाली यायेखन । ईलाय् वही पुनः निर्माण ज्या नं यायेखन । भन्ते गुरुमांपिं याउँक च्वने खन ।

न्हापां ज्ञानपूर्णिक भन्तेया पाखें गुंला धर्मदेशना लच्छियंकं न्यनेगु मौका चूलागुलिं जिगु जीवनहे परिवर्तन जुल । दान, शील, भावना वृद्धि यायेखन । वसपोलयात जिं गबलेंहे लोमंके फैमखु । अस्तु !

❖❖❖

# ज्ञानपूर्णिक महास्थविरया लुमन्ति



रत्नसुन्दर शाक्य
*ख्वप*

भिक्षु ज्ञानपूर्णिक महास्थविर - नेपालय् स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान लिपाया न्हेम्हम्ह संघनायक जुया बिज्याम्ह - वसपोल मदुगु नं दच्छि दय् धुंकूगु जुल । अफशोचया खँ , वसपोल संघनायकया पदीय भार दच्छि हे जक बांलाक पूवंका बिज्याये खन ।

वसपोल नेपालय् स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान लिपाया न्याम्हम्ह संघनायक जुया बिज्याम्ह भिक्षु बुद्धघोष महास्थविरया छम्ह प्रमुख शिष्य खः । वसपोल भिक्षु बुद्धघोष महास्थविरया छत्रछायाय् तःदँमछि (गृहस्थ हीरालाल शाक्यया रूपय्) बिते याये धुंका बल्ल (न्यादँ लिपा) बर्माय् थ्यंका १५ अगस्ट १९५५ अर्थात् ३१ श्रावण २०१२ कुन्हु श्रामणेर व १२ अप्रिल १९५९ अर्थात् ३० चैत्र २०१५ कुन्हु उपसम्पन्न जुया "भिक्षु ज्ञानपूर्णिक" जुया बिज्याःगु प्रायः सक्कसिनं स्यूगु खँ हे जुल ।

थुगु पंक्तिया च्वमिं वसपोल भन्ते (भिक्षु ज्ञानपूर्णिक महास्थविर) या संक्षिप्त जीवनी वसपोलया जीवनकालय् (वसपोलया उपसम्पन्न स्वर्णदिवस सम्पन्न जूगु छुं महिनालिपा) हे "बौद्धजगत्का स्मरणीय व्यक्तिहरू, पाँचौ भाग" स सम्मिलित याये धूंगु खः । उकिं आः थन वसपोलया ख्वप नापं सम्बन्धित छगू निगू खँ व थःगु छगू निगू वसपोलनापं सम्बन्धित खँ जक न्ह्यब्वयाच्वना -

वसपोल भन्ते बर्माय् व भारतय् थःगु अध्ययन क्वचायेका वि.सं. २०२४ सालय् नेपालय् ल्याहाँ बिज्याये धुंसेलिं वसपोलं थःगु सद्धर्मिक गतिविधि थी थी कथं न्ह्याकाहया बिज्याःगु क्रमय् वसपोलया धर्मोपदेश न्यनेगु मौका ख्वपया जनमानस नं छसिकथं प्राप्त याःगु जुल ।




थ्व क्रमय् उल्लेखनीय जूगु छन्हुया दिं खः –२९ चैत्र २०२६ । थुकुन्हु वसपोल ज्ञानपूर्णिक भन्ते ख्वपया छगू बहाः – अख बहाः (अखवर्ण महाविहार, नासमना टोल) स बौद्ध ऋषि महाप्रज्ञा (वि.सं. १९५७ -२०३५) नापं बिज्याना धर्मोपदेश याना बिज्याःगु थनया पुलांपिं उपासकोपासिकापिसं लुमंकाच्वंगु दु । थुगु ज्याभ्वः






विशेषतः ख्वपया "दीपंकर ज्ञानमाला भजन खलः" (स्थापना - वि.सं. २०१८) या आयोजनाय् जूगु पाक्षिक बुद्ध-पूजा व धर्मदेशनाया क्रम कथं निमन्त्रित जुया बिज्याःगु खः ।

थथे हे ख्वपय् वि.सं. २०२८ सालं "बौद्ध संघ भक्तपुर", वि.सं. २०४३ सालं "युवा बौद्ध पुचः", वि.सं. २०५३ सालं "मैत्रेय युवा संघ" या स्थापना लिपा थुगु थीथी संघया थीथी ज्याभ्वःस नापं मुनि विहार व बौद्ध समकृत विहारय् जूगु थीथी ज्याभ्वःस नं वसपोल ज्ञानपूर्णिक भन्ते मेमेपिं ज्येष्ठ भन्तेपिं सरह ख्वपय् बिज्याना विशेषतः रत्नज्योति भन्ते व विवेकानन्द भन्तेयात थीथी समस्या वःगु इलय् बिज्याना समाधान (solve) यायेगुली टेवा बिया बिज्याःगु ब्वना व सीकाच्वना ।



थुगु पंक्तिया च्वमिं वसपोल ज्ञानपूर्णिक भन्तेयात शायद दक्के न्हापां खनागु - यलया सुमंगल विहारय् हे जुइमा–१ आषाढ २०३१ कुन्हु । थुकुन्हु "नेपाल बौद्ध परियत्ति शिक्षा" बु.सं.२५१७ या परीक्षाय् उत्तीर्ण जूपि शिक्षार्थीपिन्त पुरस्कार वितरण समारोह सम्पन्न याःगु खः । अबलय् थुगु पंक्तिया च्वमिं प्रारम्भिक द्वितीय वर्षया परीक्षाय् "बोर्ड तृतीय" या रूपय् उत्तीर्ण जुया हिराकाजी सुजिका (वि.सं. १९८९-२०६५) पाखें पदक व कविकेशरी चित्तधर 'हृदय' (ने.सं. १०२६-११०२) पाखें पुरस्कार लः ल्हाना काये खंगु जुल ।

थुगु पंक्तिया च्वमिं वसपोलया शुरुया कृतित मध्ये लुदंक ब्वनागु छगू कृति खः - "यःम्ह म्ह्याय्" । ने.सं. १०९० अर्थात् वि.सं. २०२७ सालं प्रकाशित जूगु थुगु सफूया प्रसंगय् थन छुं चर्चा यायेमाःगु आवश्यकता मखना । थुगु सफूया नापं मेमेगु थीथी सफू 'धर्मोदय', 'धर्मकीर्ति' पत्रिका आदि स्वया थःम्हं "अनागारिका धम्मवती" जीवनी सफू च्वयागु खः । थुकियात भूमिका (दुई शब्द) ज्ञानपूर्णिक भन्तें हे च्वया बिज्यागु खः । थ्व वि.सं. २०४९ सालया खँ खः ।

थुगु पंक्तिया च्वमिं विशेष याना भिक्षु अश्वघोष महास्थविर (वि.सं. १९८४-२०७५), भिक्षु सुदर्शन महास्थविर (वि.सं. १९९१-२०५९) व प्रा. सुवर्ण शाक्यया प्रेरणा व गुहालिं च्वयेगु ज्या याना हयागु खः गुकी विशेष याना जीवनी विधा थःत यःगुलिं (रोचक) उकिइ हे लगेजुया छसिकथं "बौद्ध जगतका स्मरणीय व्यक्तिहरु" प्रस्तुत याना हयागु खः । थ्व क्रमय् स्वंगू भाग तकया भूमिका भिक्षु सुदर्शन महास्थविरं हे च्वया बिज्यागु जुल, प्यंगूगु भागया व्यक्तित्व-सुची सुदर्शन भन्तेयात क्यने नं धूंगु खः, तर वसपोल ५ श्रावण २०५९ कुन्हु मदुसेलिं वसपोलया थासय् "भूमिका" या निंति ज्ञानपूर्णिक भन्तेयात प्रार्थना याःवनागु खः तर वसपोलं थुगु विषयबस्तु (देश-विदेशया बौद्ध व्यक्तित्वपिंगु चर्चा यायेगु) थःगु विषयवस्तुं पिने लाःगु भाव प्वंकाबिज्यागुलिं वसपोलया अनुमति कया उगु



चौथो भागया भूमिकाया नितिं प्रा. सुवर्ण शाक्ययात प्रार्थना याःवना, वसपोलं भिक्षु सुदर्शन महास्थविरं सरह हे छम्ह-छम्हसिगु विशेष चर्चा याना बिज्यासें थःत लुदंक भूमिका च्वया बिया बिज्यात। लुमंके बहः जू, प्रा.सुवर्ण शाक्यं भिक्षु ज्ञानपूर्णिक महास्थविरया तःगु मछि सफूया नं भूमिका च्वया बिज्याःगु दु।

थुगु पंक्तिया च्वमिया तस्सकं लसताया खँ खः - वसपोल नेपाःया न्हेम्हम्ह संघनायक जुया बिज्याम्ह भिक्षु ज्ञानपूर्णिक महास्थविरया ७८ दँ क्यंगु बुदिंया लसताय् (उप–संघनायक जुया बिज्याना च्वंगु इलय्) "अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र" व "विश्व शान्ति विहार" या संयुक्त ग्वसाःलय् "अल्पकालीन दुर्लभ प्रव्रज्या नाप सतिपट्ठान ध्यान शिविर" गुगु वि.सं. २०७३ या मंसिर १-१२ गते तक्क सम्पन्न जूगु खः,उकी थःनं विशेष याना उप्पलवण्णा (चिनी) गुरुमांया प्रेरणां सम्मिलित जुइ खन।

थ्वहे प्रसंगय् छन्हु (कार्तिक महिनास) "अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र " स वनाबलय् वसपोल भन्तें न्यना बिज्यागु खः – रत्नसुन्दरया छुं सफू पिकाये माःगु दु ला ? थःम्हं "बौद्ध जगतका स्मरणीय व्यक्तिहरु - छैठौं भाग" तयार याना तयागु न्हिथना नापं उकि दुथ्यापिं निम्ह – प्यम्हसिगु परिचय नं वसपोलयात कना।

वसपोलं उगु सफू पिकायेत थःम्हं छुं भचा गुहाली यायेगु वचन बिया बिज्यागु अनुरुपं उगु "छैठौं भाग" प्रकाशन जूगु खः।

थौंकन्हे वसपोल झीगु न्ह्योने मंत, तर वसपोलया अनुत्तर कृतित झीगु न्ह्योने दु। वसपोलया थीथी योगदान, वसपोलयात प्राप्त थीथी सम्मान, वसपोलया धर्मदूत-ज्याझ्वःया प्रसंग (विवरण) आदिया चर्चा व वसपोलया उपसम्पन्न स्वर्णदिवसया इलय् सम्पन्न जूगु थीथी गतिविधि व थीथी पत्र-पत्रिका, स्मारिका (शान्ति सन्देश), भिक्षु बोधिज्ञानपाखें सम्पादित "भूमिका" कृति, Bhikshu Jnanapurnik- A Pictorial Retrospect आदि पाखें अवगत जुइ धूंगु हे जुल। आ वसपोल मदयेधुंका वसपोलया लुमन्तिइ प्रकाशित जूगु थुगु "स्मृति ग्रन्थ" पाखें वसपोलया स्मृति (गुणगान-योगदान) हानं छको देश-विदेशया श्रद्धालुपिन्त तकं अववोध याकेत टेवा जूवनिगु अवश्यम्भावी जुल। ❖❖❖



# श्रद्धाञ्जली

**ज्ञानीशोभा बज्राचार्य**
बुबाहाल

**प्राकृतिक सौन्दर्य पुरे जूगु पाल्पा जिल्लाय् जन्म जुयाबिज्यात भ्मीम्ह ज्ञानपूर्णिक भन्ते ॥१॥**
**मचाबलेनिसें विहारे वंगु मांया प्रेरणां श्रामणेर जुया बिज्यात भ्मिंछदँ उमेरे ॥२॥**
**देश बिदेश चाहुला बुद्ध धर्म अध्ययन याना २० दँया उमेरे भिक्षु जुया बिज्यात ॥३॥**
**अध्ययनया निम्तिं बर्मा बिज्याना पालिभाषा सयेका बिज्यात ॥४॥**
**वस्पोलं न्हापालाक धर्माचार्य पद हासिल याना बिज्यात ॥५॥**
**थ:गु देशे धर्मया उद्यान दयेका शील, समाधि, प्रज्ञाया सुगन्ध फैलेयाना बिज्यात ॥६॥**
**विश्व शान्ति विहार नीस्वना आपालं शिष्यत दयेका बिज्यात ॥७॥**
**थ्व अनित्य संसारयात तोता सदां सदांया लागि निभा: बिना वनी थें देह त्याग याना बिज्यात ॥८॥**
**निभा:ला कने लुयावइ तर भ्मीम्ह ज्ञानपूर्णिक भन्ते भ्मीत सदांयालागि अनाथ याना बिज्यात ॥९॥**
**वसपोलया गुण लुमंका सदां सदां श्रद्धाञ्जली श्रद्धाञ्जली श्रद्धाञ्जली**

**भवतु सब्ब मंगलं**



# श्रद्धेय ज्ञानपूर्णिक भन्तेयात लुमंका




**प्रकाश प्रधानाङ्ग**

*यँ ।*





अबले जिपिं मचाबले तानसेने निगू विहार दुगु खः । छगू टुंडिखेले च्वंगु आनन्द बिहार मेगु टक्सारे च्वंगु महाचैत्य विहार खः । आला न्यागू बिहार दये धुंकल । अबले तानसेनया बिहारे शाक्य बज्राचार्यपिं जक वनेगु मखु, मेपिनं वनेगु या । जि मचाबले अजि, निनीपिंस तग्व धकी जाकी, कें व मेमेगु नयेगु सामान तया छें ज्या याइम्हसित कुबिका जित विहारे दान यायेत छ्वइगु । जि विहारे वना दान याःवने बले भन्तेपिनि बाखं नं न्यना वयेगु । थ्वहे क्रमं जि विहारे वनीम्ह जुल । विहारे वनिबले पासापिंनं दत । अबले तक तानसेने स्कुल नं मदुनिगु खः ।

२००६ सालं बुद्धघोष भन्ते व सुदर्शन भन्ते पाल्पा तानसेन बिज्यात । अवले बुटवलं तानसेन न्यासी हे जुइ माःगु । बर्षावास अन हे च्वना बिज्यात अवले विहारे मनुत नं अप्व वइगु । सुदर्शन भन्तें मिजंमचापिंत ब्वंका न बिज्यागु खः शायद थ्वहे ईले ज्ञानपूर्णिक भन्ते अवले मचाम्ह हिरालाल म्ह स्युगु । माँ चन्द्रमाया शाक्य व बा सुर्यलाल शाक्यया काय हिरालाल मचाबले निसें ज्ञानिम्ह , विहारे बरोबर हे वइम्ह, जित दिदी धका सम्बोधन याइगु । ब्वनेत मेहनतीम्ह, भन्तेपिंस धया बिज्याइगु माने जुइगु अले सुदर्शन भन्ते ब्वंकीबले हिरालाल नं ब्वनिगु । भन्तेपिनि शिक्षां हिरालाल झन हे ब्वनिम्ह जुल । हिरालालया मां नं विहारे वया भन्तेपिं व गुरुमांपिनि सेवा याना दिगु ।

बुद्धघोष भन्ते व सुदर्शन भन्ते दच्छि अपो तानसेनय् च्वना बिज्यात जुई वर्षावास न अन हे च्वना विज्यागु खः । बुद्धघोष भन्ते व सुदर्शन भन्ते तानसेनं लिहाँ बिज्यावले, हिरालालया मां चन्द्रमायां थः काय् हिरालालयात बुद्धघोष भन्ते नापं शिक्षा प्राप्त व श्रामणेर यायेगु जिम्मा बिया छ्वया हःगु जुया च्वना । हिरालाल भन्तेपिं नापं वन धाःगु न्यनाबले ९-१० दं ति दुम्ह मचा हे तिनि, मांयात त्वःताः



च्वने फइला ? धैगु मति तया च्वनागु ।

वया लिपा, गुलि बर्ष लिपा जिगु बिवाह जुया स्वम्ह कायपिं दये धुंका जिपिं २०२९ सालं थन काठमाडौं वयागु । अवले सुदर्शन भन्ते 'गण विहारे' च्वना बिज्याइगु । छन्हु जि गण विहारे वनागु बखते सुदर्शन भन्तेया कोठाय् वना । अन छम्ह तःग्वाराम्ह भन्ते च्वना बिज्याना च्वंगु । सुदर्शन भन्तें प्रकाश, छं म्ह स्युला ? धका न्यना व भन्तेयात क्यना दिल । जिं 'म्ह मस्यु' धया । जिनं ला विवाह जुया स्वम्ह कायपिं हुर्के याये धुंकुम्ह । जित नं ला म्ह सिया विमज्या जुई । तर जित भन्ते प्रकाश धया दिगु लिं जुई, 'जि हिरालाल छु' दिदी धया बिज्यातं । जिं भन्तेया ख्वा स्वया च्वना । जिं ९ दं १० दं ति दुम्ह हिरालाल खनाम्ह, आ जवानम्ह भन्ते खनि बलेगथे म्ह सिकेगु ? धया । अवले निसें तिनी ज्ञानपूर्णिक भन्ते धका म्हसिल । १६ दं वले

श्रामणेर जुया दीगु खनि । भन्ते यक्व बर्षतक बर्मा व बनारसे अध्ययन याना थन नेपालं बिज्यागु खं कना बिज्यात । जि नं बिहारे छें लिहाँ वया । वया लिपा पिने ब्वना जक मज्यू थन नं किपुया युनिभर्सिटी ब्वनेमा धका सुदर्शन भन्ते धया, धका जित भन्तेनं कना दिगु ख : । अले ज्ञानपूर्णिक भन्ते थन नं ब्वना उच्च शिक्षा हासिल याना बिज्यात । व ईले जिनं छें ज्यां, स्कुलया ज्यां ततःमतः क्यना विहारे उलि वये वने मफु । अयेजूसां ईले ब्यले विहारे छुं तःधंगु प्रोग्राम जुइवले व बुद्ध जयन्ति बले धाःसा विहारे वनाहे चनागु । विहारे जि अप्व धैथें न्हापां गण महा विहार, लिपा किर्तिपुर विहारे वनेगु । विहारे वनीबले ज्ञानपूर्णिक भन्ते नाप लाइगु अले भन्ते व जि खं ल्हाये खनिगु, भन्तेनं थम्ह याना च्वंगु ज्या जित कना बिज्यागु । बानेश्वरे विश्व शान्ति विहार निर्माण याना विज्यागु व श्रामणेर पिं ब्वनेत स्कुल खोले याना विज्यागु खं अथे नापलाइ बले कना बिज्याःगु । व विश्व शान्ति विहार स्वयेत सता बिज्यात । न्हापां जिं विहार मखना मेथाय हे थ्यनिगु । अले सुदर्शन भन्ते यात ज्ञानपूर्णिक भन्तेया विहार मखना वने मफुत धया लिपा सुदर्शन भन्ते नापं वना तिनी विहार खन । वया लिपां इ ले ब्यले विहार वना ।

ज्ञानपूर्णिक भन्तेया मां चन्द्रमाया नं लिपा अनागारिका जुया बिज्यात धाःगु न्यना । तर नापलायेगु चूमलात ज्ञानपूर्णिक भन्तेया मां अनागारिका जुयेधुंका, लिपा मफया वीर अस्पताले तयातःबले ज्ञानपूर्णिक भन्तें यक्व हे सेवा याना बिज्यात धका सुदर्शन भन्ते जित कना विज्यागु खः ।

ज्ञानपूर्णिक भन्ते 'अन्तराष्ट्रिय भावना केन्द्र'य् च्वना विज्याइ बले जि अन न वनागु दु । भन्तेयात सुगर प्रेसरया रोग जुया तः दं तक रोगी जुया कष्ट भोगे याय माल । उपचारया लागिं मलेशिया, सिंगापुरय् नं वनेगु याना दिगु । 'अन्तराष्ट्रिय भावना केन्द्र य्' धम्मानुशासक जुया दिया च्वंगु खः । वस्पोल अन नं च्वना विज्याइँगु । 'विश्व शान्ति विहार स्वया थन हावा पानी भचा फरक जुइ, धका थन च्वं वयागु' धया विज्याइगु । वस्पोल भन्ते बर्माय् ११ वर्ष (झिं छ दं) अध्ययन याना विज्यागु । वस्पोलयात बर्मा सकारं 'शासन ध्वज धम्माचारिय' पदं ब्युगुदु । बौद्ध परियत्ति शिक्षाया शिक्षाध्यक्ष जुया विज्यागु खः । थेरवाद बुद्धिष्ट एकेडमिया संस्थापक प्रिन्सिपल जुया दिगुखः। बुद्ध धर्मया आपालं सफू च्वया बिज्यागु दु । तानसेने जन्म जूपिं स्वम्ह (३म्ह) विद्वान भन्तेपिं अमृतानन्द भन्ते, कुमार भन्ते, व ज्ञानपूर्णिक भन्तेपिंस थःगु जन्म भुमी तानसेनया गौरव वढेयाना दिगु, नापं तानसेन वासीपिंनं गौरवान्वित जुया च्वंगु दु ।

ज्ञानपूर्णिक भन्ते बौद्ध धर्म फैले यायेया निंति विश्व शान्ति विहार श्रामणेर पिंत स्कुल ब्वनेगु व उच्च बौद्ध शिक्षा हासिल याय्गु ज्या नं याना बिज्यागु दु । विपश्यना ध्यानया लागि न पाटनया वडिखेले ध्यान केन्द्र खोले याना



दिगु दु। भन्तेया ८० बर्षया जन्मदिन बले लम्जुङ्गया पहाडे अन च्वंपि ब्राम्हणपिंस वस्पोलयात ८० रोपनी जग्गा संघ दान यागु दु। व थासे ध्यान केन्द्र दयेकेगु योजना कथं ज्या जुयाच्वंगु दु। थुपिं खँ जित भन्तेनं हे कनादीगु खः। जि विहारे वने मफुसां भन्ते नापं फोनं जिमी खँ जुया च्वनिगु। जि नं बृद्ध जुये धुंकुगुलि, शरिर कमजोर व रोगं गन वने थाकुगुलिं भन्ते 'म्हमफयेकं वये मते' धयादीगु। (क) जिमी माहिला बा अयोध्या प्रसाद प्रधान न्हापालिसें बौद्ध धर्म अध्ययन व धर्म माने याना दिम्ह। नालन्दा विश्व विद्यालय् पालि भाषाय् M.A. परीक्षाय् प्रथम श्रेणी जुया गोल्ड मिडिल प्राप्त याम्ह नं खः २०७२ सालया भुखाचं माहिला बाया पुतलीसडकया छें स्यन। माहिला बाया काय् दिपंकरं माहिला बाया सफुत थन कुलेश्वरे जिथाय् तये हल। काशीनाथजु व जिमि सल्लाह कथं पालि भाषाया वहुमुल्य सफूजिमीसं विश्व शान्ति विहारे वना माहिला बाया काय् दिपंकर व तःधिम्ह भमचाया ल्हातं ज्ञानपूर्णिक भन्तेयात लःल्हाना दान याकागु खः।

भोजपुर टक्सार शाक्य समाजपिंस धलः दयेका ब्युगु खः। अकिं जिमित अःपुगु खः।

ज्ञानपूर्णिक भन्तेयात सुगर व प्रेसरया रोगं यक्व गले यायें धुंकल। यक्व मफये धुंकल। जित चिन्ता लगे जूसां जि न मफया विहारे वने मफया च्वंगु। चन्द्र शिला गुरुमाँ जित फोन याना ज्ञानपूर्णिक भन्ते मफया 'सुमेरु हस्पिटले' यंका तःगु दु धयादिल। जित नं चिन्ता लगे जुया बोधिज्ञान भन्ते व नायक भन्तेया फोन ल्याः कया। भन्तेपिंस "देश विदेश च्वंपिं नं ज्ञानपूर्णिक भन्तेयात कष्ट मज्वीमा धका 'वोभ्फङ्ग' सुत्र पाठ याना च्वन। छिसं नं पाठ याना दिसं" धका धया बिज्यात। व खुन्हु निसें जिं न 'करणीय मेत्त सुत्र, आटानाटिय सुत्र' व वोज्भ्फङ्ग सुत्र सुथे वहनी पाठ यायेगु याना। जिं अस्पताले बरोवर नायक भन्ते व निग्रोध भन्तेयात फोन याना ज्ञानपूर्णिक भन्तेया स्वास्थ्य बारे न्यना च्वनेगु। अले अनित्यतायात लुमंका च्वनेगु। भन्तेयात अस्पताले तःगु निला ति जुल जुइ, सुथे जिं पाठ याना च्वनागु। जिम्ह तःधिम्ह काय उमेश वया छु याना च्वनागु माँ ? धका न्यन। जिं भन्तेया निं तिं पाठ याना च्वनागु धया। 'भन्तेला मदये धुंकल। छाय पाठ याये माल' धाल। जि भ्फसङ्ग जुया 'गवले' ? धका न्यना 'थौं हे' धाल। पाठ याना च्वनागु सफू छखे तया, अनित्यला खः। भन्ते रोग, दुःख, कष्टं मुक्तं जुया बिज्यात धैथें जुल। मेखे थजाम्ह विद्वान, लोक कल्याणया नितिं जुइम्ह ज्ञानपूर्णिक भन्तें नश्वर देह त्याग याना विलिन जुया बिज्यात। सुयां छुं लगे मजुल। **बुद्ध घोष भन्तें विजारोपण याना बिज्यापिं सुदर्शन भन्ते व ज्ञानपूर्णिक भन्ते गवलें मसीगु मत जुया थःगु यश व कीर्ति विश्वे फैले याना बिज्यागु दु।** ज्ञानपूर्णिक भन्तेया निर्वाण कामना व गुण अले अनित्य लुमंका नुगलं निसें श्रद्धाया स्वां देछायेगु सिवे छुं यायेगु मन्त। हानं छको निर्वाणया कामना यानाच्वना।

॥ अस्तु ॥

❖❖❖

# जिगु जीवनय् भन्तेयागु लुमन्ति



**अनागारिका कुशलञाणी**
*रत्न विपस्सना विहार*



वसपोल भिक्षु ज्ञानपूर्णिक महास्थविरयागु परिचय सुयात नं कना व धया च्वने म्वाथे च्वं । वसपोल थःहे छम्ह नेपाः बौद्ध जगतया म्हसिका खः । वसपोलयागु व्यक्तित्व, शील स्वभाव, आनीबानी, खँ ल्हाना बिज्याईगु तरिका व बौद्ध धर्म दुग्यंगु अध्ययन व आचरणयात लिक्क च्वना बिज्याना च्वंपिं भिक्षु, गुरुमां, उपासक व उपासिका पिन्सं बाँलाक हे सिका सयेका च्वना बिज्यागु दु । वसपोल छम्ह नेपालय् थेरवाद बुद्धशासन अभिवृद्धि व चिरस्थायी यायेगुली ज्व मदुगु सूर्द्य व तिमिलाथें च्वं । वसपोलयागु रूप देह तोता बिज्यासां नं वसपोलं कना थका बिज्यागु धर्म देशना व नेपामिपिन्त याना तगु गुण सदा हे ल्यना च्वनी ।

जिं वसपोलयात न्हापा विश्व शान्ति विहारय् परियत्ति जाँच ब्यू वनाबलय् स्वाने नापलागु खः, उबले तक्क जिं वसपोलयात म्हः मस्यु, जि व जिम्ह केहें (अ. तिक्खञाणी) निम्हसेन वन्दना यानाबलय् सुखी जुइमा धका धया बिज्याना बाँलाक परियत्ति ब्वँ धका नं धया बिज्यात । उबले वसपोलं चिकुला तंकेत छ्यनेनिसें गपतये थ्यंक वःगु ऊनयागु इक्याप पुया बिज्याःगु खना जिला अजु चाल । जिं गुबलय् नं भन्तेपिन्सं इक्याप पुया तःगु मखनानि । जिमी मां नं जक ऊनया इक्याप थाना पुईगु व जिमित पुईकिगु लुमं । अनं निसें तिनी जिं वसपोल भन्तेयात म्हसिल ।

वसपोल थेरवाद बुद्धिष्ट एकेडेमीया उद्घाटन (२ भाद्र २०६९) समारोहय् नेपालभाषा व अंग्रेजी न्ववाना बिज्यागु खँ अति हे आकर्षक व सारगर्भिक जुया रेकर्ड याना तया । लिपा छेँय् वना उगु रेकर्ड न्यन्यं फुक्क खँत च्वया कया । उगु खँ फुक्क याना च्यागू पाना दु । उगु पाना बारबार हे ब्वना । वसपोलया बौद्धिकतायात न्हापां खुसी म्हसीकागु खः । उबले वसपोलप्रति जिगु अपार श्रद्धा ब्वलंगु खः, तर दान बिइत ध्यबा यक्व मदु । मनय् मनय् हे जक दान बिईगु प्रबल इच्छा दया नं वसपोलयात दान बिई मफुत । लिपा हानं अशोक हलय् बर्माया सयादो ऊ ञानेस्वर भन्तेयागु धर्मदेशनाया भाषा अनुवाद याःगु बखतय् वसपोलं शील व प्रज्ञाया महत्व बिया कना बिज्यागु तुति व मिखा उपमा नं अझ हे प्रभावित जुल । शब्द शब्दयात तःछ्याना ध्वाथिक ध्वाथिक अनेक पयार्यवाची खँग्व छ्यला बिज्यागु शैली तसकं हे नुगलय् थिऊ । लुमना वः ।

लिपा जिं ध्यान अभ्यास यायेत रत्न विपश्यना विहारय् फिन्हुया शिविर च्वनाबलय् न्हापां खुशी महाशी सयादोयागु ध्यान निर्देशन वसपोलं नेपाली भाषा अनुवाद यागु न्यनागु खः । वसपोलं ध्यान अभ्यास व धर्मदेशनाय् पालि खँग्वयात बाँलाक विस्तृत रूपं कना बिज्याईगु जुया च्वन । विपश्यना ध्यान भावनाय् नं वसपोलयागु दुग्यंगु अनुभव व आचरण च्वछाय् बहजू । वसपोलं नेपाःमिपिन्त अति हे मैत्री व करुणा न्ह्यचिला ध्यान अभ्यास यायेगु



लागि प्रेरणा व तिबः बिया बिज्याईगु खना । उगु उपदेशं नुग हथासं हे वीर्य व स्मृति तया आरम्मणयात त्वःमफिक तयेत कोशिस लगे जू ।

जिं गुरुमां जुइधुंका न्हापांयागु वर्षावासय् लच्छि ध्यान अभ्यास यानां वसपोल कथिन चीवरदानया अवसरय् विहारय् बिज्यागु खः । 'भन्ते वन्दना ! म्हफुला भन्ते' धकाः न्यनीगु बखतय् मुसुक्क न्हिला 'पिनि स्वय्बलय् फु, दुनेदुने भ्वाबः जुया वना च्वंगु दु' धकाः लिस बिया बिज्याइगु । अले कथिन कार्यक्रम सिधयेका ध्यान अनुभव कनेत योगीपिं भन्तेयात वन्दना याःवनेगु जुया च्वन । जिं नं मेपि योगीपिं थें वना, मेपि योगीपिनिगु अनुभव न्यना 'रूपस्कन्ध वा रूप धैगु छु छु हे मथुया वन भन्ते, स्यूगु छगु जक दु भन्ते छु जुगु खः' धका न्यना भन्ते नं 'अथे हे खः । शरीरया आकार धयागु प्रज्ञप्ति मात्र खः परमार्थ सत्य धर्म मखु' धका थुईका हानं हानं कुतः यायेत प्रेरणा बिया बिज्यात । जिं न्हापा तिनी च्वनागु जुया शरीरय् स्यागु व पूगु व मन जक पिहाँ वनीगु जुया जिं धाय् मछाल । वन्दना जक याना लिहाँ वया । अनं लिपाः निसें न्ह्यागु हे जुसां जिं ध्यान अभ्यास तोति मखु निरन्तर याना हे वने धका मति तया ।

लिपा लिपायागु वर्षय् नं वर्षावास बलय् विपश्यना ध्यान अभ्यास निरन्तर रूपं याना तु च्वना । वसपोलं महाशी सयादो नेपालय् बिज्यागु बखतय् भाषा अनुवाद, धर्म उपदेश नं तसकं हे मनय् थीकथीक याकनं याकनं अभ्यास व कुत यायेत जोडतोडं हे प्रेरणा ब्यू । उगु उपदेश न्ह्याक्क न्यसाः हे गात धैगु थें मच्वं । न्यना हे च्वनी मास्ति व । उलि जक मखु सयादो ऊ पण्डिताभिवंस, सयादो ऊ कुण्डल, सयादो ऊ आसभाचार पिनिगु भाषा अनुवाद नं तसकं हे बाँलाक, थुइक, अनेक खँग्वत छ्यला व कविता चिना व धायेका बिज्याईगु खः । ध्यान अभ्यास याईपिं योगीपिन्सं वसपोलयागु खँ गुबलय् हे लोमंके फैमखु । न्ह्याबलय् हे लुमना च्वनी ।

उलि जक मखु वसपोलं मूल पालि त्रिपिटक अन्तर्गत जुया च्वंगु महत्वपूर्ण सूत्रत नेपालभाषा व नेपालीभाषां अनुवाद याना तःगु दु । गथेकि धम्मचक्कप्पवत्तन सुत्र, महासतिपट्ठान सूत्र, प्रतिसम्भिदामग्ग, अभिधम्मत्थसङ्गहो थें जाःगु गम्भीर सुक्ष्म परमार्थ धर्मयात नेपालभाषा व नेपालीं बिया बिज्याना तःगु दु । उगु सफुतः ब्वनिबलय् पालि खँग्वयात सरल, बुझे जुइगु किसिम व्याख्या यानातःगु खनेदु । बर्मा देशय् च्वना बिज्याना च्वंपिं सयादोपिनिगु उपदेश नं बुझे जुईकिसिमं भाषा अनुवाद याना बिज्याना तःगु दु । उगु सफुत नं निक्व स्वकः ब्वंसानं हानं हानं ब्वने मास्ति वः ।

वसपोलया पालि भाषा ब्वनिगु वा पाठ यायेगु छगू हे मिठास वः । उलि जक मखु वसपोलं खँ कना बिज्याईगु पहः नं तसकं हे बाँलाक थुइक कना बिज्याईगु खः । छक्को किन्डोल विहारय् वसपोल ञाणपूर्णिक भन्ते व अश्वघोष भन्ते बिचय् खँ जुगु बखतय् न्हिलाः बिज्यागु थौंथें हे लुमं । 'कथावस्तुमा आधारित सफु' या विमोचन कार्यक्रमय् विभिन्न व्यक्तित्वपिन्सं सफुयाबारे २ घण्टा थें हे कार्यक्रमय् न्ववागु खः । कार्यक्रमया अन्त्य अश्वघोष भन्ते (कार्यक्रम सभापति) यात सभा विसर्जन यायेत प्रार्थना याना बिज्याबलय् भन्ते नं उलिमछि कार्यक्रम भित्रय् छु हे मताः व मथु ञाणपूर्णिक भन्ते नं धयाबिज्यागु 'बुद्ध नेपाः देशया लुम्बिनी वने जन्म जुया बिज्यागु खँः' छगु जक ताःगु खँ कना उपस्थित सकसियात न्हिका बिज्यात ।

वसपोल भन्तेयागु बौद्ध साहित्य व थेरवाद बुद्धशासन उन्नति यायेत याना बिज्यागु ज्याखँत Profile दयेकूबलय् च्वच्वं हे सिमधः । गुलि जक थःगु सम्पूर्ण जीवन हे शासनिक ज्याःयाये नितिं खर्च याना बिज्यात । धन्य धन्य भन्ते ! छलपोलं याना बिज्यागु ज्या नेपाःमि पिनिसं गुबलें हे ल्वःमंके फैमखु । न्ह्याबलें हे सकसिगु नुगलय् च्वनाच्वनी । व लिपा वइपिं भन्ते, गुरुमां, उपासक/उपासिकापिनिगु नितिं प्रेरणा स्रोत, मार्गदर्शक न्ह्याबलें हे जुयाच्वनी ।

वसपोलया सुगति सहित निर्वाणया कामना याना च्वना । **भवतु सब्ब मङ्गलं ।**

❖❖❖

# श्रद्धेय ज्ञानपूर्णिक भन्तेया लुमन्ति



**मनमाया महर्जन**
*ग:छैं, बानेश्वर*

श्रद्धेय भन्ते डा. ज्ञानपूर्णिक महास्थविर भन्तेया सुगति निर्वाणया कामना याना च्वना । "अनिच्चावत संखारा......" भीगु थ्व शरीर अले थ्व संस्कार धर्म फुक्कं अनित्य धका स्यू, तर अथे जूसा थः अभिभावक थें जाःम्ह नेपाःया बुद्ध शासनया छम्ह स्यल्लाम्ह थां समानम्ह नेपाःया न्हेम्हम्ह संघनायक भन्ते मदुगुलिं जिगु नुगः यक्व ख्वल, नुगः चि थाकुल ।

भीसं थःगु वर्तमान वा भविष्यय् छु जुइ धका धाय् मफु तर वसपोल भन्तेया थःगु ध्यान भावना बःलागु कारणं ज्वीमा थः सीत्यंगु सुचं भन्तेनं पहिला हे सीका बिज्यात । वयक भन्ते म्हमफया च्वंगु ईले जि अष्ट्रेलियाय् म्ह्याय् याथाय् वनेमागु कारणं वनेन्त्यः भन्तेयाके बिदा का वना बले धइबिज्याःगु खँ झलझल लुमं ।



"स्व मनमाया उपासिका छ अष्ट्रेलियां लिहाँ वइबलय् जि शंखमूलय् वनेधुंकिइ । अथे जुया छः बाँलाक्क म्हयाय्या थाय् वना वा धका धइबिज्यात । तर जिं वसपोलया गम्भिरगु खँ थ्वीकेमफुत । जिं वसपोल भन्तेयात थथे लिसः बिया - भन्ते छपिं विश्वशान्ति विहारे नं च्वने थ्या, अले शंखमूल विहारे नं च्वनेथ्या । अथे धयादिमते धकाः धया । अनंलिपा भन्तेया सेवासं च्वना बिज्याम्ह नायक भन्तेनं धइबिज्याये धुंका तिनि जिं सिलकी भन्तेनं छु धइबिज्यागु धका । जि अष्ट्रेलिया वनागु छ महिना लिपा ज्ञानपूर्णिक भन्तेनं उपचारया क्रमय् हे थ्व संसारं बिदा जुया बिज्यात ।

जि विहार वने ससांनिसें जिं वसपोलया बाखँ आदि न्यना वयाच्वना । थःगु जीवन सुथां लाकेत वय्कलं धइबिज्यागु यक्व बुद्ध उपदेशयात छ्यला च्वना । वसपोलया ७५ बर्षया बुन्हिया लसताय् झिन्हुयंकः जूगु अस्थायी अनागारिका प्रव्रज्या कार्यक्रमय् जिं नं सहभागि जुइगु ह्वःताः (अवसर) चुलागु खः । वसपोल भन्तेनं जिमित गम्भीरातिगम्भीरगु अभिधम्मनं ध्वाथ्विक कना बिज्याइ । वसपोल भन्तेया उपदेश न्ह्याक्व न्यंसां मगाः ।

न्हापा अध्ययनया ईलय् बर्माय् वसपोल भन्तेनं यक्व मेहनत याना ब्वना बिज्यागुलिं नयेगु त्वनेगु ठेगान मदुगु कारणं स्वास्थ्य भतिचा ठीक मजू । अथे जुया वसपोल भन्तेयात यक्व मसलादार व चिल्लो दुगु खाना मिलेमजु कारणं छुट्टै खाना दयेकेमा । गुरुमांपिंस थथेयाना ज्वरेयाना बिज्यागु खना जिं नं सयेका । गुरुमांपिनि मलाइबले जिं नं गुबलें गुबलें भन्तेयात खाना दयेका नके खना जि यक्व लय्ता । न्हापा ह्स्पिटलय् च्वना बिज्यागु ईलय नं जिं खाना दयेका सेवा याय् खना जिं थःत भाग्यमानी सोचेयाना च्वना ।

थौं वसपोल ज्ञानपूर्णीक भन्ते भीपिं नापं मदुसां वसपोलं कना बिज्यागु धर्मदेशना अले बुद्धशासन चीरस्थायी यायेत वसपोलं यानाबिज्यागु गुण ल्यनाच्वनी । भीसं सदां लुमंकेमा नापं भीसं वसपोलयात पुण्य अनुमोदन यायेमा ।

❖❖❖

# जिगु लुमन्तिइ ज्ञानपूर्णिक भन्ते



**अमृतमान शाक्य**
*ईतुंबहा, यँ*



इया ह्युपालं चा:चाहीका तम्ह: जि स्वयम्भू ववं स्वयम्भू ज्ञानमाला भजनय् आनन्द जुया थें विपस्सना ध्यान शिविरय् नं च्वंवनेगु ह्व:ता नं चूलात । विपस्सना ध्यानय् नियमित च्वनेगु बानि दुम्ह जिमि पासा प्रेमलाल चित्रकारजुया इनाप कथं विश्व शान्ति विहारय् नं पला तयेगु ह्व:ता चूलात ।

उकिसं विश्व शान्ति विहारया मूलम्ह भन्ते ज्ञानपूर्णिक महास्थविर भन्तेयात नं म्हसिकेगु अवसर चूलात । वसपोल भन्ते ध्यान भावनाय् पोख्तम्ह, ध्यानगुरु हे जुयाच्वन खनि । वसपोलयात खनेवं जिगु नजरय् साक्षात भगवान बुद्ध हे खनाथें च्वन, बोलिवचन व विनयय् नं उत्तिकं दुग्यम्ह भन्ते शान्तिया प्रतिक थें नं च्वनावल । विश्वशान्ति विहारया लकस हे शान्तिया तपोभूमि थें आनन्दगु महशुस जुयावल । भन्तेजु गुम्हकि अन्तराष्ट्रिय ख्यलय् प्रख्यातम्ह जुयाच्वन, जिगु लागी त:धंम्ह भन्ते नेपालय् दुगु हे सौभाग्य चुलाथें च्वन । विश्व शान्ति विहार जक मखु विश्व शान्ति बौद्ध शिक्षालय नं ख: ज्ञान बिलिबिलि जायेकेगु थाय् जुयाच्वन । अनया दैनिक ज्याझ्व: जक मखु दच्छी यंकं अनेक ज्याझ्व: जुयाच्वनिगु खं न्यनेगु अवसर नं चूलात ।

पासा प्रेमलाल चित्रकारजुया बिचा कथं बुद्धधर्म प्रचार यायेगु झीगु नं दायित्व दु, उकिं अभिधम्म अध्ययन समाज नेपा: या नां छुना छुं यायेगु बिचा: दु धका धयादिल । वय्कया खँय् सहमत जुया वय्कया सकारात्मक खँय् बुद्ध धर्मप्रति मन: क्वसापिं पासापिं मुना सहलह ब्या:थें दकले न्हापाँ बुद्ध विहार भृकुटीमण्डपय् धम्मवती गुरुमापाखें अभिधम्मया बारे प्रवचन बीगु शुभारम्भ जुल । वयां लिपा विश्व शान्ति विहारय् वना ज्ञानपूर्णिक भन्तेलिसे सहलह ब्याकालि भन्तेयापाखें हे अभिधम्मया बारे प्रवचन न्ह्याका यंकेगु जुयावन । उगु ज्याझ्वलय् बुद्धघोष भन्तेसहित त:म्हमछि भन्तेपिं व उपासक उपासिकापिनिगु नियमित धैर्थें इलय्ब्यलय् ज्याझ्व: याना यंकेगु जुया वना विश्वशान्ति विहारया भन्तेपिसं मा:गु तक्क ग्वाहालि याना ज्व:मदुगु योगदान याना बिज्या:गु नं लुमंके बह:जु ।

ज्ञानपूर्णिक महास्थविर भन्तेया श्रीमुखं अभिव्यक्त जुगू अभिधम्म न्यनेगु अवसर चूलात । वसपोल भन्तेया नायुगु सलं दुग्यंगु अभिधम्मया बारे न्यने मनंगु खँत न्यने दत । दुर्लभगु खँत नं न्यने दुगु हे भाग्यमानी तायेकागु

जुल । तर गहन विषय जूगुलिं थुइकेत थाकु खनि धैगु वाःचाल । ध्यान भावना याइपिसं थुइकेमाःगु खँ जुयाच्वन ।

थुकथं विश्व शान्ति विहारय् प्यक्वः खुक्वः धैथें अभिधम्म अन्तरगतया थीथी विषयवस्तुयात कया प्रवचन बीकेगु जुयावन गबलें ज्ञानपुर्णिक भन्तेपाखें सा गबलें बुद्धघोष भन्तेपाखें, गबलें अनागारिका अग्गञाणी गुरुमापाखें धम्मसङ्गणीया बारे प्रवचन बीकेगु जुल । गबलें बर्मा बिज्याःम्ह भन्तेयात हे अभिधम्मया बारे प्रवचन बीकेगु । उकिया भाय् हिला बिज्याइम्ह ज्ञानपूर्णिक महास्थविर भन्तेजुं सरल ढंगं थुइगु कथं कना बिज्याइगु । खयुतला ज्ञानपुर्णिक भन्तेजुं भायुहिला खँ ल्हायेगुली पोख्तम्ह धाःगु न्यने दु, वसपोलया भायुहीला खं कनिगु शैलिं याना बर्मीज गुरु प्रभावित जुया देशंदेशय् वनिवले ज्ञानपूर्णिक भन्तेयात नापं ब्वनायंका बिज्याःगु धाःगु न्यनेदु । वसपोल भन्तेजुं न्व वाना जक मखु सफूया अनुवादय् नं उत्तिकं निपुर्णम्ह जूगुलिं नेपालभाषा व नेपाली भाषा आपालं बुद्ध धर्म सम्बन्धी सफू पिकया बुद्ध धर्मया साहित्य धुकू जायेका बिज्याःगु नं दुगु जुयाच्वन ।

विश्व शान्ति विहारय् हे म्यानमार, बर्मा देशया मा गुणमा गुरुमा नेपाः बिज्याना धर्मकीर्ति विहारय् ज्ञानया मतः च्याकेगु ज्याय् आपालं ज्वःमदुगु योगदान याना लिहां बिज्याये त्यंगु लसताय् सुस्वास्थ्य व मंगल कामना याना बिदाई हनाः ज्याभ्कवः यानागु दु । गुरुमायात लुमन्ति चिं हनापौ देछानागु दु अभिधम्म अध्ययन समाजया पाखें । गुरुमापाखें दुग्यंगु आशिका वचन नेवाः भासं हे बिया बिज्याःगु दु । लिसें ध्यान भावना व अभिधम्मया छुं छुं खँ नं कना बिज्याःगु दु । थुथाय् गुरुमांयात नं लुमंके बहजु ।

उकथं हे ज्ञानपूर्णिक भन्तेजुया श्रीमुखं व्यक्त जुगू खँत ल्ह्येया सफूया रुपय् अभिधम्म एक चिनारी नां छुना सफू पित ब्वज्या ज्याभ्कव नं विश्व शान्ति विहारय् तःजिक तत्कालीन मन्त्री तिर्थराम डंगोलया ल्हाःतिं चिखि फेना जुल । उगु सफूया बारे ज्ञानपूर्णिक भन्तेजुं सारगर्भित खँत कना बिज्याःगु लुमंके बहःजु । उगु सभाय् आपालं भन्तेपिं व उपासकउपासिकापिनिगु उपस्थिति दुगु लुमंके बहजु । थुकथं हे इलयुब्यलय् थाय् हीला धैथें अभिधम्म अध्ययन समाजपाखें बुद्धघोष भन्तेया सुमंगल विहारय् नं निक्वः, स्वक्वःति ज्याभ्कव याना अभिधम्म नां छुना अभिधम्म अर्न्तगतया लेख मूना सफू पिकायेत ताःलाःगु दु । अथे हे अभिधम्मया बारे बुद्धघोष भन्तेयात प्रवचन बीकेगु अवसर प्राप्त जुगू दु । थुकथं हे बुद्धघोष भन्तेया सुस्वास्थ कामना याना भिन्तुना पौ देछानागु जुल अभिधम्म अध्ययन समाज नेपालपाखें ।

वसपोल बुद्धघोष भन्ते ज्ञानपुर्णिक भन्तेया गुरु जुयाच्वन । थुकथं हे धर्मकीर्ति विहार, श्रीःघलय् नं आनन्द भन्ते व धर्मगुप्त भन्तेपिन्त ब्यागलं ब्यागलं इलयुब्यलय् ब्वना अभिधम्मया बारे प्रवचन बीकागु जुल । थुकथं हे धम्मवती गुरुमाया ल्हाःतिं चिखि फ्येना पुग्गलपञ्ञत्ति नांया सफू नं अभिधम्म अध्ययन समाजं पिकायेत ताःलात । थुकथं स्वंगू सफू पिकयाथें भन्ते गुरुमांपिनिगुपाखें नं दुग्यंगु खँत न्यनेगु अवसर प्राप्त जुल । लिपा जूलिसे जागृति नं म्हो जुजुं वन । अभिधम्म अध्ययन समाज हाकनं न्हापाथे तुं ज्याभ्क्वः याये धाःधां याये मफयावन ।

अभिधम्म अध्ययन समाज जाभ्क्वः याये मफुसेलिं इलेबलय् विश्व शान्ति विहारय् ज्याभ्क्व जुइबलय् वनेगु यानाच्वना । थुकथं हे २०६५ सालं ज्ञानपुर्णिक महास्थविर उपसम्पन्न स्वर्ण दिवस समारोहया भ्क्वलय् अल्पकालीन उपसम्पदा प्रवज्या शिविरय् चैत्र २२–३० गते तक्कया थीथी ज्याभ्क्व मध्ये उपसम्पदा प्रव्रज्या भिक्षु जुया ब्वतिकायेत ताःलात । जीवनय् छकबक जूसां अमूल्यगु मौकाय् भिक्षु जुइ खन । ज्वःछिं यायेमाःगु कृयाकर्म कथं चीवरधारी भिक्षु जुया भिक्षा कायेगु, ध्यान भावना अभ्यास यायेगु, बुद्धशिक्षा सयेकेगु लिसें अनेक ज्याभ्क्वलय् उपस्थित जुई खन । सकारात्मक लंपुई वनेगु ह्वःता चुलात । दकले लुमंकेबहःगु खंला स्वदेशय् जक मखु विदेशय् तकं नांजाम्ह भन्तेजुया अमूल्यगु प्रयत्नं विश्वशान्ति विहार धस्वाकेत ताल्लाम्ह भन्तेजुं विश्व शान्ति बौद्ध शिक्षालय चायेका आपालं भिक्षुपिं उत्पादन यायेत ताःलागु जुयाच्वन । वसपोल ज्ञानपूर्णिक भन्तेया ज्वःमदुगु योगदान याना स्वदेशय् जक मखु विदेशय् तक्कं चर्चा परिचर्चा जूगु जुयाच्वन । वसपोलया योगदानयात कया भिक्षु, अनागारिका, उपासक, उपासिकापिनि प्रिय भन्ते जुया च्वना बिज्याम्ह नेपाःया लागि न्हेम्हम्ह संघनायक तकं जुइत ताःलाःम्ह भन्ते खः । तर विधिया बिदम्बना संघनायक लिपा नं छुं योगदान याये मलाकं प्रकृतिया लीलां रोगं कया थुगु धर्तिइ बिलय् जुयावन, निर्वाणया लंपु लिनावन । भ्कीगु न्ह्योनं आः ल्यं दनि वसपोलया गुण लुमंकेगु । क्यनाथकूगु, स्यनाथकूगु, धर्मयात पालना याना जीवन हना च्वनेगु थ्वःहे धर्म भाःपा लुमंका च्वनेगु खः ।

न्हिथं लुमंकाच्वना भ्कीसं ज्ञानपूर्णिक महास्थविरया निर्वाण हेतु चूलायेमा । अस्तु । ❖❖❖

# श्रद्धेय ज्ञानपूर्णिक भन्तेयात निर्वाण लाभ जुइमा



**गोबिन्द धंगु महर्जन**
*ग:छैँ, बानेश्वर*



**नमो बुद्धाय !**

बुद्ध शासन चिरस्थायी यायेत मा:गु चतुपरिषद् मध्ये भिक्षु परिषदय् दुथ्यना बिज्या:म्ह नेपा:या न्हेम्हम्ह संघनायक डा.ज्ञानपूर्णिक भन्तेया सुगति सहित निर्वाणया कामना यानाच्वना । वयक: छम्ह बुद्धशासनया सँलाम्ह थाँ ख: । वयक छम्ह ज्ञानया भण्डार ख: । नापं बुद्ध शिक्षायात थ:गु जीवनय् छ्यला मेपिन्त नं ध्वाथ्वीक स्यने कने यायेफुम्ह धिसिलाम्ह प्रज्ञारानम्ह भिक्षु ख: ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरयात जिं मचाबलेनिसेँ म्हस्यू । वसपोलया यक्व धर्मदेशना न्यने खँ । वसपोल थें प्रज्ञावानम्ह भन्तेयात जिं लिक्क च्वना वसपोलया जीवनया अन्तिम ईलय् तक्कं छम्ह उपासक, छम्ह ड्राइभर कथं सेवक जुया श्रद्धापूर्वक सेवा याये खनां जिं भाग्यवानम्ह सोचे यानाच्वना । वसपोल भन्तेनं जित गोविन्द उपासक थन वनेमाल वये ला:ला धका फोन याना बिज्याइबलय् जिं न्ह्यागु अवस्थाय् नं थ:गु ज्या मिलेयाना वना ग्वाहालि याये फु:गुलिं यक्व लय्ता ।

जि वसपोल भन्तेनापं यक्व जुगु खना आपा मनुतसें छं ज्याला कया ज्या यानागु ख:ला धका नं न्यनादि । तर जिं ज्याला मकासे वसपोल भन्तेप्रति थ:गु श्रद्धां वसपोलया सेवा यानागु ख: ।

वसपोल भन्तेयात चिनी ल्वय्नं यक्व थाकुया डायलासिस यायेत हस्पितलय् च्वना बिज्याना च्वंगु ता:ईलिपा २०७६ चैत्र २२ गते हस्पितलं डिस्चार्ज जुया विहारे लिहाँ बिज्याये धुंका जिं वसपोल भन्तेयात छक बिन्ति यानाकी जि काय् छय् मिष्का महर्जनया जा:नकेगु ई: त्य:गु जुया वसपोलया ल्हा:तं छक: नकाविज्यायेत अनुरोध याना बलय् भन्तेनं ज्यू धइबिज्यात । वसपोलया ल्हातं मचायात जा:नकेखना सकल परिवारपिं भाग्यमानी ताल ।

वसपोल भन्तेया ७७ बर्षया बुन्हिया लसताय् जि नं दश दिवसीय अल्पकालीन श्रामणेर प्रवज्या ज्याभ्:वले ब्वति कया वसपोल भन्तेया पाखें बुद्ध शिक्षा यक्व सयेके खन ।

बुद्ध शिक्षा परन्तु तिकेयायेया लागि वसपोल भन्ते नं आयोजना याना बिज्यागु थी थी ज्याभ्:व नापं धर्म देशना कना बिज्याना उपासक उपासिकापिन्त याना बिज्यागु गुण न्ह्याबले च्वछाय् बह:जू । लुमंके बह:जू ।

हानं छक्व वसपोल ज्ञानपूर्णिक भन्तेया निर्वाणया कामना यानाच्वना । ❖❖❖

# संघनायक भिक्षु ज्ञानपूर्णिकयात श्रद्धा सुमन



**डा. केशरी बज्राचार्य**
*ठमेल, काठमाडौं*





भन्ते लुमनीबलय् वसपोल श्री शाक्य सिंह विहार विज्याइबले शान्त दान्तम्ह, रूपं सम्पन्नम्ह कथं लुमनीगु खः । वसपोल धमाचरिय पास याना बर्मा लिहाँ बिज्याम्ह, मुसुं न्हिलाच्वना बिज्याइम्ह, कुशल धर्मकथिक, उपासको उपासिकापिन्त नुगलय् ध्वाथुइक कना बिज्यायेसःम्ह भन्ते धका लुमंसे वः ।

वसपोल बुद्धया परियत्ति, पटिपति व पटिवेद साशननयात क्वातुक, ग्यसूलाःगु, देन त्वःता विज्यागु दु । उकिं वसपोल धात्थें छम्ह कुशल बुद्धपुत्र खः ।

वसपोलया डाक्टर कथं च्वना थःम्हं फुथे सेवा यायेदुगु जिगु तःधंगु भाग्य हे खः ।

भन्ते Dialysis यानाच्वंबलय् निग्रोध भन्तेनं वसपोलयात नापलाका जिमि पासा डा. ऋषि काफ्लेलिसे खँल्हाबल्हा याना kidney confre बालाजु वना सुमेरु अस्पताल, धापाखेलय् भर्ना यात । दक्ष डाक्टरपिन्सं बाँलाक बिचाः नं यात । वसपोल शान्तगु चित्तं आराम कयाच्वनी । डा. काफ्लें धाई "वहां महात्माहरू आफ्नो शरीरको पीडा छाडी अर्के दुनियाँमा बस्नुहुन्छ ।" म पनि साथीलाई भन्थें "हेर साथी यस्तो महात्माको सेवा गर्न पाउनु तिम्रो ठूलो भाग्य हो ।" अले जि, जिमि श्रीमान् दीर्घ शिविरया लागी धर्मसृङ्ग वनेन्ह्यो वसपोलयात नापलाःवना । जिं धया "भन्ते दीर्घ शिबीरय् वनेत्यना छःपिं याकनं लंका विहारया उन्नति यायेमानि ।" अले भन्ते मुसुँ न्हिलाबिज्यात । थ्व हे जिगु वसपोल नापं अन्तिम वन्दना जुल । डा. केशरी लक्ष्मी मानान्धर ततां भन्तेनं देह त्याग याना बिज्याःगु खबर न्यंकल । अले जित नं धर्म संवेग उत्पन्न जुल । भी नं थःगु शरीर थथेहे त्याग याना वनेमानि । वसपोलं भीत त्वःता थकुगु अमूल्य रत्नयात स्याहार सुसार याना वसपोलयात धात्थेंगु श्रद्धाञ्जली देछाये वसपोलया निर्वाण कामना यानाच्वना । भवतु सब्ब मंगलं । ❖❖❖

# बुद्धशासन चिरस्थायी यायेगु लँपुइ डा. ज्ञानपूर्णिक महास्थविर



**दिलदेवी महर्जन**
*नयाँ बानेश्वर*



थःगु जीवनया चय्दँ बुन्हिया लसताय् विश्व शान्ति विहारय् जूगु छगू कार्यक्रमय् च्वमि सुरजवीर बज्राचार्य व विश्व शान्ति पुस्तकालयया पासापिनिगु पुचलं हालादीगु लोकंह्वाःगु म्ये :

**लय्ता अति छंगु जन्मदिं थौं,**
**मनंतुंगु पूवनेमा भिंतुने**
**लसताया स्वां ह्वयेमा,**
**पलाः छं तःथाय् लुँ आखलं**
**कर्म छं च्वयेफयेमा ।**
**मां नेपाःयात संसारय् श्रद्धा**
**ब्वलंका छं ब्वयेफयेमा ।**
**वंवंथाय् छंगु जयजयकार जुइमा**
**सुर्द्यः थें जः थीमा छंत भिंतुने .....**

आदि हालादीगु म्ये विश्व शान्ति विहार छगुलिं थ्वल । थ्व म्ये नेपाःया खुम्हम्ह संघनायक श्रद्धेय डा. ज्ञानपूर्णिक महास्थविर भन्तेया बुन्हिया लसताय् सुवाः व भिन्तुना देछाय्त हालादीगु खः । तर वसपोल भन्तेनं थःगु जीवनय् बहुजन हित व सुखया लागि याना बिज्याःगु बांलाःगु ज्याया कारणं वसपोलया गुण व विशेषतायात न्ह्यब्याच्वंगु थें अनुभव जुल ।

वसपोल भन्तेजुं मचाबलय्निसें बुद्धशिक्षायात बांलाक अध्ययन याना भिक्षु जुया थःगु जीवनय् छ्यला दुःखं



कयाच्वंपिं पृथकजनपिनिगु जीवन सुथां लाकेत वसपोलं तिबः बिया बिज्याःगु दु । बुद्धशिक्षाया अध्ययन व प्रचार प्रसारया भ्वलय् वसपोलं याना बिज्याःगु कुतः व योगदान हलिंन्यंक हे जयजयकार जुयाच्वंगु दु । अथे हे बुद्धधर्मप्रति वसपोलया अगाध माया समर्पित भाव, निस्वार्थ लगाव व योगदानं याना सकल उपासक उपासिकापिनिगु नुगः नुगलय् सदां बास याना बिज्याना च्वंगु दु ।



खला जि भन्तेनापं यक्व लिक्कं संगत यायेमखं । तर भन्तेजुं याना बिज्याःगु सारगर्भित धर्मदेशना यक्व न्यना थःगु जीवनय् छ्यलेखं । वसपोल भन्तेजुं गम्भीरगु बुद्धकालीन धर्म देशनायात एकदम हे सरल भाषां ध्वाथुइक कना बिज्याई । थ्व वसपोल ज्ञानपूर्णिक भन्तेया छगू तःधंगु विशेषता खः ।

जि बोधि टि.भि.इ ज्या यानाबलय् वसपोलयात अन्तर्वार्ता काइगु कार्यक्रमय् जि नं छकः न्ह्योने च्वनेखंगु ई छगू जित अति हे महत्वपूर्ण अले लसताया खँ ताः । उबले वसपोलं भिक्षु जुइत व बर्माय् बिज्याना बुद्ध शिक्षा अध्ययन यायेत याना बिज्यागु संघर्ष एकदम च्वछायेबहजु । वसपोलया बुद्धधर्म सय्केगु, सिइकेगु नापं बुद्धधर्म चिरस्थायी यायेया लागि दुनुगलंनिसें यानाबिज्यागु अधिष्ठान व लगावं याना हे सम्भव जूगु खः । झीत झिदँ नीदँ न्ह्योया खँ लुमंके गुलि थाकु तर वसपोल भन्तेजुं थः मचाबलय् नेपाःया बुद्धधर्मया अवस्था, थः याना बिज्यागु संघर्ष, थाकुक्क अध्ययन लिपा प्राप्त जुगु थीथी पदवी, सम्माननिसें कया थःम्ह याना बिज्यागु ज्या फुक्कं विस्तृतं कना बिज्यागु खना जि अजू चाल । उगु ईलय् वसपोलं म्हसुकु मदुगु अवस्थाय् नं बुद्ध शासन चिरस्थायी यायेगु तातुना थाकु मचासे थःगु नां कथं हे ज्ञानया खँ कना बिज्यात ।

हनेबहःम्ह ज्ञानपूर्णिक भन्तेया भिक्षु जुइत व बर्माय् वना आखः ब्वनेत व भन्तेजुं याना बिज्यागु संघर्षयात झीसं नं मनन् याये बहजु । झीसं छु नं ज्या यायेबलय् थाःकु मचासे, मेहनत याना होस तया ज्या याना यंकल धाःसा झीगु जीवन सुथां लाकेत व उन्नति प्रगति यायेत ग्वहालि जुई । वसपोल झीगु लागि छम्ह पथ प्रदर्शक खः । थौं वसपोलया भौतिक शरीर झी दथुइ मदुसां वसपोलं थःगु जीवनय् याना बिज्यागु फुक्कं कुशल कर्मया आनुभावं सुगति निर्वाणय् थ्यंका बिज्याई धैगु भलसा कया च्वना ।

**भवतु सब्ब मंगलं**

❖❖❖

# ज्ञानपूर्णिक भन्तेया कृतज्ञ गुण



**हरि महर्जन**
*खुमलटार, यल*



पञ्ञा नरानं रतनं

नेपाल बौद्ध परियत्ति शिक्षा

प्रमाण-पत्र

श्री हरि महर्जन, कुटि सौगल यात

बुद्ध सम्वत २५१५ नेपाल बौद्ध परियत्ति शिक्षाया ५ कक्षाया परीक्षाय् द्वितीय श्रेणीस उत्तीर्ण जूगुलिं थ्व प्रमाण-पत्र प्रदान यानागु जुल ।

अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ,
गण महाविहार, कान्तिपुर, नेपाल ।

केन्द्रीय परीक्षा नियन्त्रक

विश्व शान्ति विहारया प्रमुख जुया बिज्याःम्ह दिवंगत ज्ञानपूर्णिक भन्तेया कृतज्ञ गुण लुमंकाच्वना । माँ चन्द्रमाया शाक्य व बौ सुर्यलाल शाक्यया कुलं जन्मजूम्ह । हेरालाल ११ वर्ष थ्यंबले प्रव्रजित जुइत संस्कार चूलात । वस्पोलया गुरूजुया बिज्याःम्ह बुद्धघोष भन्ते बि.सं. २००६/७ साल पाखे तानसेनया महाचैत्य विहारय् वर्षावास च्वना बिज्याबले भन्ते नं, बाबु, छ बर्माय् वनेन्ह्यांला, धका न्यना बिज्याबले, न्ह्यां धका, छयो नं क्वानाबिल हँ । अनलि माँम्हस्याँ भन्ते, थ्व मचा छम्ह, भन्ते यायेगु इच्छाजुया च्वन धका भन्ते यात धाल । बौम्ह सुर्यलालयाके वचन कावंबले बौम्हं समर्थन मया हँ । अनलि माँ व काय् निम्हसिनं जोरतोर यासेंलि वचन बीमाःगु करं क्यन हँ ।

वसपोल हिरालाल मचायात, बर्माय् थ्यंकेया निम्तिं, बुद्धघोष भन्तेनं, दुखकष्ट सिया, मेमेगु नं ४/५गु व्यवस्था मिलेयाना बुद्धशासनया लागी तःधंगु आधार जुयाच्वंगु सुवर्णभूमि, बर्मा देशय्बल्लबल्लं थ्यन । थुगुप्रकारं अन थ्यँसेंलि, हेरालाल मचायात, अग्गमहापण्डित ऊ. विसुद्ध महास्थविरया उपाध्यायत्वय् प्रव्रजित याका बिज्यात । श्रामणेर ञाणपुणिक (ज्ञानपूर्णिक) जूगुजुल । हेरालाल मचायात प्रव्रज्या याकेगु, बुद्धघोष भन्तेया बर्षौं निसें इच्छा याना च्वनागु बल्ल पुरेजुलहँ । वसपोल ज्ञानपूर्णिक भन्तेनं बर्माय् च्वना १४ बर्ष (झिप्यदँ) तक अध्ययन याना धर्माचार्य उपाधिपासयाना बि.सं. २०२४, २५ साले थःगु जन्मभूमि नेपालय् क्वहाँ बिज्यात । अनँलि थः गुरू जुया बिज्याकम्ह बुद्धघोष भन्ते बास याना बिज्याःगु सुमंगलं विहारय् थ्यंकःबिज्यात ।

अनँलि २४, २५ सालय् सुमंगल विहारया उपासक पिनिगु सल्लाहं यलदेया दथ्वीलाःगु मूचुकय् वसपोल ज्ञानपूर्णिक भन्तेनं उपदेश कनाबिज्यात । वसपोलं कना





बिज्याःगु बुद्ध शिक्षा उपदेश न्यना प्रभावित धपगाबाहीया नायो जुया च्वंपिं हेराकाजी शाक्य व पंचराज शाक्यपिसं २०२८ साल पाखे वसपोल ज्ञानपूर्णिक भन्तेयागु नेतृत्वय् धपगाबही दान बीगु लक्ष ज्वना नायोपिंनिम्ह, सुमंगल विहारे वना वसपोल ज्ञानपूर्णिक भन्तेयाके प्रार्थना याना बिज्यात। अनंलि न्हापां वसपोल भन्ते च्वनेत पूर्व स्वःगु छें (विहार) छगूनि दयकेगु ज्या जुल। अनं लिपा भन्ते वर्षावास च्वना बिज्यासेंलि, उपासकउपासिकापिं बढे जुया वया मणिमण्डप दायक परिषद रूपय् च्वना गुँला धर्मदेशना संचालन यायां मणिमण्डप विहार नामं हल निर्माण ज्या सिधयेका भगवान् स्थापना यायेत थाई भन्तेपिं व उपासकोपासिकापिसं हया बिज्यात।

वसपोल ज्ञानपूर्णिक भन्तेयागुहरेक क्षेत्रय् प्रभाव दुगुलिं बानेश्वरय् विश्व शान्ति विहार धका निर्माणया निम्तिं २०४०,४१ साल पाखे नःबहिया उपासिका चैत्यमाया शाक्यं जग्गा स्वपी दानयाना बिज्याःगु प्रभावं विहार निर्माण यायां तःधंक दयेका बिज्यात। बिस्तारं विहारयात ल्वयेक भिक्षु जीवन हंकेया निम्तिं, मस्तय्त बौद्ध परियत्ति शिक्षा व मेमेगु शिक्षानं अध्ययन याका बुलुँहु श्रामणेर रूपं प्रव्रजितपिं वृद्धि याना बिज्यात। वसपोल भन्तेया थ्व नं छगू तःधंगुगुण लुमंकाच्वना।

अनलिं उपासक हरिमहर्जनया कुलय् जन्म जूम्ह तेजमान, गृहस्थ जीवने च्वना एस.एल.सी तक पास याना च्वंच्वं, उपासक हरि महर्जनयाबौद्ध परियत्ति शिक्षा न्यागू तगिं तक पासयाना तयागु सफू स्वस्वं अन्तराष्ट्रिय भावना केन्द्र शंखमूलय्२०४६ सालय् लच्छि तक ध्यान शिविरय् च्वना ध्यान अभ्यास याये धुंका वैराग्य भाव पिज्वयेका, (जि) हरियाके प्रव्रज्याया लागी सल्लाह काल। ज्यू धका जिं वचन बिया। तर माम्हसिया बचन बी थाकु। खँ न्यंकुन्यंकुं बल्लँ अनुमति बिल। अनंलि भन्तेयाथाय् वना माँ-अबुयाके वचन कया वये धुन धका खं न्यंकल। अनुमति दुसा २०४७ साले यत्रापुन्ही कुन्हु मणिमण्डप महाविहारय् श्रामणेर रूपे प्रव्रज्या यायेगु धका वचन बिया बिज्यात। प्रव्रज्या याःकुन्हु धर्मदेशना याईगु हलय् च्वना चीवरं पुना पिहां वःबलय् माँम्हसिया विरह थामेयाये मफया ख्वःगुलिं ३म्ह ४म्हसिनं हे सम्के यायेमाल। जित (हरि) लय्ता वःगुलिं भन्ते नं बुद्ध धर्म म्हसीकेत परियत्ति ब्वनातःगुलिं हरि दाइया काय्यात भन्ते याये दया लयता वो, न्ह्यू ख्वाः वयेका मुसुमुसु का धका भन्ते नं धया बिज्यात। थुगु ईलय्काय् तेजमान, १९ वर्ष दत।

अनलि दच्छि लिपा, बोधिज्ञान श्रामणेर २०दँया उमेरय्२०४८ कार्तिकं बर्माया उपासिका दातामाँ जुया उपसम्दा जुया बिज्यात। अनलि भिक्षु ज्वी धुंसेलि गुरू जुया बिज्याःम्ह वसपोल ज्ञानपूर्णिक भन्ते बौयागु थासय् च्वना क्याम्पसय् नं छोया सामाजिक शिक्षा नं ब्वंके बिया बुद्ध शिक्षा परियत्ति शिक्षा नं पासयाका बिज्यात। बुद्धवचन चरथ भिक्खवे–बहुजन हिताय बहुजन सुखाय धका च्वयातःगुधर्मदूत पत्रिकाया आधारय् नेपाल भासं थेसिस सफूपिकया पाटन क्याम्पसं एम.ए. नं पास याना बिज्यात। लिपा मेमेगु सफू नं पिकया बिज्यात। २०४७ सालय् हे निग्रोध भन्ते नं श्रामणेर जुयाबिज्यात। ज्ञानपूर्णिक भन्तेया क्वसँ प्रमुख, उपप्रमुख तथा जःपाल्हाः खःपाल्हाः समानं शिष्य जुया बिज्याःपिं, बोधिज्ञान भन्ते व निग्रोध भन्तेपिनि, भिक्षु जीवन हनेतः, यक्वयक्कों अःपु, माँ–बौपिनिगु अनुमति तथा दाजुपिं व तता केहेपिनिगु गुहालि दुगुलिं खः। थ्वसपोल भन्तेया, गुरू बा व गुरूबाज्या जुया बिज्याःपिं, प्रज्ञानन्द भन्ते व बुद्धघोष भन्तेपिनिगु जीवनी सफू ब्वनावनेबलय् वसपोलपिनि बुद्धया अँश कायेत, थ्याकेत, थुलि अःपुमजू, सुलासुला बिस्युँ वना भिक्षु जुइमाःगु अवस्था खः।

गुरू जुया बिज्याःम्ह ज्ञानपूर्णिक भन्तेनं बौयागुरूपय् च्वना मैत्री करूणा, मुदिता तया–काय्पिंतः माक्व, फक्व सयेक सीके बीथें थः शिष्यपिन्त बुद्धशासनया ज्याय् योगदान याये फयेक सक्षम यायेत जीवनया अन्तिम अवस्थाय् तकं कुतः याना बिज्यात। वसपोलया गुण लुमंका निर्वाण कामना यानाच्वना।

❖❖❖

# लुमंके बह:म्ह संघनायक



सर्द्धमया गम्भीर ज्ञान दुम्ह, ध्यानया अनुभवं परिपक्वम्ह
शिक्षा दीक्षा बिइगुली सदां न्ह्याःवंम्ह, मार्गनिर्देशक गुरु दुग्यःम्ह ।
बुद्धशासन उन्नति यायेत सारा जीवन अर्पण याःम्ह
श्रद्धालुपिनि प्रेरणा श्रोत, लुमंके बहःम्ह संघनायक ।

सदां मुसुमुसु न्ह्यूख्वाःवःम्ह, पीत चीवरधारी शोभायमानम्ह
धर्मया तेजं बिलिबिलि जाःम्ह, नुगः चकंम्ह उदारम्ह
न्ह्याइपुक ध्वाथीक उपदेश बियाः धर्मया सभा भ्रःभ्रः धायेकीम्ह
धर्मकथिक कुशलम्ह, लुमंके बहःम्ह संघनायक ।

विज्ञजनपिसं प्रशंसितम्ह, अग्गमहापण्डित प्रभावशालीम्ह
आपालं ग्रन्थ अनुवाद अले रचना याःम्ह, भाषा साहित्यया धूकू जायेकूम्ह ।
बहुजन हित व सुख यायेत धर्मदूत कार्यय् न्ह्यब्वाःम्ह
महासद्धर्म ज्योतिक ध्वज, संघनायक लुमंके बहःम्ह ।

देश विदेश सकभनं सम्मानितम्ह, उच्च पदं विभूषितम्ह
बुद्धभूमियात गौरव तःम्ह, नेपाःया सपुत नांजाःम्ह ।
सत्पुरुष गुणंयुक्त जुयाः दुर्लभ जन्म सार्थक याःम्ह
नांयात ल्वयेक ज्ञानं जाःम्ह, संघनायक लुमंके बहःम्ह ।



**अमिता धाख्वा**
*परियत्ति सद्धम्म कोविद*

# सद्भावनाका केही शब्दहरू

४८

— भिक्षु ज्ञानपूर्णिक महास्थविर

"संसरतीति संसारो" भन्ने जस्तै गतिशील जीवनको अवस्था र नाउँ नै संसार हो। संसारमा रहे पछि जुनसुकै सजीव र निर्जीव तत्त्वहरू चीज पदार्थहरू निरन्तर चलायमान रहेकै हुन्छ। उत्थान पतन, आकर्षण विकर्षण, उत्पत्ति विनाश, लय विलय त्यसमा भई नै रहन्छ। कुनै हालतमा पनि कुनै जीव, कुनै चीज, कुनै तत्त्व स्थित, शाश्वत, नित्य, ध्रुव, स्थिर रहिरहेको छ भन्न मिल्दैन, भन्न सक्दैन। प्रत्येक व्यक्तिको जीवन पनि त्यसकै एक अंग हो, अंश हो, भाग हो। तसर्थ कोही व्यक्ति यदि यो धरतीमा यो संसारमा, यो जगतमा देखा पर्न आउँछ भने उसको शुरुआत जाति प्रतिसन्धिबाट अथवा जन्मबाट हुन्छ। जन्मिसकेपछि क्रमशः उसको जीवनको गतिशीलता अगाडि बढ्दै जान्छ र उसलाई एक वर्षको भयो, दुई वर्षको भयो, दश वर्ष पुग्यो। बीस वर्ष नाघ्यो। चालीस वर्ष हुन आँट्यो। पचास वर्षको स्थितिमा छ, अब त्यो पनि नाघ्दै गई अहिले ८ ५८-औं वर्षमा आइपुगेको छ अनुभव हुन्छ।

इच्छापूरण मंगलगाथा

—×—

१. इच्छन्तो सासपाछज्जे, चक्कमन्तो इतोचितो।
चक्कवाकम्पि सकले; अत्तभावेन छादयि॥

२. एवं इच्छाय सम्पन्नो; लोकजेट्ठं नमामहं।
एतेन सच्चवज्जेन; इच्छा पूरेतु मे सदा॥

21

saturday

जसले प्रवर धर्म सिकायो, शाक्यमुनि भगवान कृतकृत्य।
पार भयो वहाँ बलवीर्यसंयुक्त; वहाँ सुगतकै शरणमा म पर्दछु॥

राग विराग वितृष्णा निशोक; धर्म असंस्कृत अप्रतिकूल।
प्रगुण सुविभक्त मधुर यो धर्म; त्यही धर्मको शरणमा म पर्दछु॥

SUN 22

दान दिँदा जहाँ महत्फल हुन्छ; त्यहाँ छ चार जोर विशुद्ध पुरुष।
धर्मसुदर्शी ती आठ व्यक्तित्व; त्यही संघको शरणमा म पर्दछु॥

| May | 1994 |
|---|---|
| Sunday | 1 8 15 22 29 |
| Monday | 2 9 16 23 30 |
| Tuesday | 3 10 17 24 31 |
| Wednesday | 4 11 18 25 |
| Thursday | 5 12 19 26 |
| Friday | 6 13 20 27 |
| Saturday | 7 14 21 28 |

1994

May

25 wednesday

मानेन्ति मधुकामा ये, मधुपा मधुरं मधुं ।
तमागम्म कुसुमे माले, मधुदं मधुलिम्पितं ॥

मानेन्ति धम्मकामा ये, धम्ममागम्म देसकं ।
बुद्धञ्चामतदं संघं, धम्मामतलिम्पितं ॥

मधुपा = कस्तिह्रात । मानेन्ति = ययेका च्वनीगु जुयाच्वन ।

अजरामरवत् प्राज्ञो, विद्या-मर्थञ्च चिन्तयेत् ।
गृहीत इव केशेषु, मृत्युना धर्ममाचरेत् ॥

४-पुद्गल – उपासका इधेकच्चो अत्तनाव दानं देति, परं न समादपेति । सो निब्बत्तनिब्बत्तट्ठाने भोगसम्पदं लभति, नो परिवारसम्पदं ।

२. एकच्चो अत्तना दानं न देति, परं समादपेति । सो निब्बत्तनिब्बत्तट्ठाने परिवारसम्पदं लभति, नो भोगसम्पदं ॥

३. एकच्चो अत्तना च न देति, परञ्च न समादपेति । सो निब्बत्तनिब्बत्तट्ठाने नेव भोगसम्पदं लभति, न परिवारसम्पदं । विघासादो हुत्वा विचरति ।

४. एकच्चो अत्तना च देति, परञ्च समादपेति । सो निब्बत्तनिब्बत्तट्ठाने भोगसम्पदञ्चेव लभति, परिवारसम्पदञ्च ।

26 thursday

[illegible]
[illegible]
[illegible]
[illegible]

तीहि भिक्खवे धम्मेहि समन्नागतो भिक्खु दिट्ठेव धम्मे सुखसोमनस्सबहुलो विहरति ।
इन्द्रियेसु गुत्तद्वारो होति, भोजने मत्तञ्ञू, जागरियानुयुत्तो ।

कान्तिपुर अनलाइन पत्रिकामा प्रकाशित

# भिक्षु ज्ञानपूर्णिक महास्थविर : जसले सात समुद्रपारि बुद्धशिक्षा फैलाए



**भिक्षु निग्रोध**
*विश्वशान्ति विहार*



झन्डै ७० वर्षअगाडिको समय । चन्द्रमाया शाक्य कान्छो छोरालाई डोऱ्याउँदै भिक्षु बुद्धघोष महास्थविरसमक्ष पुगिन् । अनि ११ वर्षे छोराको हात बुद्धघोषको हातमा थमाउँदै अनुनय गरिन् - "यसलाई भिक्षु बनाइदिनु पऱ्यो ।" त्यति बेला उनले सायदै सोचेकी हुँदी हुन् आफ्नो छोरा सामान्य भिक्षुभन्दा धेरै अघि बढेर अन्तर्राष्ट्रिय परिचय बनाउला । सयौं शिष्यहरूको अगुवाइ गर्न सक्ला ।

अनि बुद्धघोष (नेपालका पाँचौं संघनायक) ले पनि त्यही सानो बालकले कुनै दिन भिक्षु ज्ञानपूर्णिक बनेर संसारका कुनाकुनामा बौद्धशिक्षा फैलाउँदै आफ्नो नाम धन्य पार्ला भन्ने सायद सोचेका थिएनन् ।

नेपालका सातौं पूजनीय संघनायक हुनुहुन्थ्यो डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर । वि.सं. १९९६ मंसिर ६ गते पाल्पा सदरमुकाम तानसेनमा जन्मनुभएका उहाँको गृहस्थ नाम हिरालाल शाक्य हो । तानसेनको टक्सार स्थित शील पाठशालामा प्रारम्भिक शिक्षा अध्ययन गरेका उहाँले बुद्धघोषको छत्रछाया र सामीप्यमा रही केही वर्ष बुद्धशिक्षा र पालि भाषाको प्रारम्भिक ज्ञान लिनुभयो । यस क्रममा उहाँलाई पहिलो थेरवादी भिक्षु महाप्रज्ञा, प्रथम संघमहानायक प्रज्ञानन्द, आचार्य भिक्षु अमृतानन्दजस्ता वरिष्ठ भिक्षुहरूको प्रेरणा र आशीर्वाद प्राप्त भयो । १६ वर्षकै उमेरमा बुद्धधर्मको उच्चशिक्षा अध्ययनका लागि भारत हुँदै बर्मा पुग्नुभयो ।

सन् १९५६ अगस्ट १५ का दिन बर्माका अग्गमहापण्डित भिक्षु विशुद्धाभिवंस महास्थविरबाट श्रामणेर दीक्षा लिएपछि हिरालाल शाक्य श्रामणेर ज्ञानपूर्णिकका नामबाट बुद्धशासनमा प्रवेश गर्नुभयो । बर्मामै सन् १९५९ अप्रिल १२ का दिन बीस वर्षको उमेरमा अभिधज राष्ट्रगुरु सयादो सुरियाभिवंश महास्थविरबाट भिक्षु उपसम्पदा (पूर्ण भिक्षुत्व)को दीक्षा लिनुभयो । अनि यांगुनस्थित छैठौं





संगायना सम्पन्न भएको महाखन्ध सीमा उपोसथागारमा उहाँको पूर्ण भिक्षुत्व जीवन प्रारम्भ भयो । बर्मामा ११ वर्षसम्म रहेर ज्ञानपूर्णिकले सन् १९६३ मा सासनधज धम्माचरीय उपाधि पाउनुभयो । बर्माको इतिहासमा पालि शिक्षामा धम्माचरीय प्राप्त गर्ने पहिलो विदेशी नेपालकै धम्मवती गुरुमां हुनुहुन्थ्यो । भिक्षुमा भने ज्ञानपूर्णिक नै हुनुभयो ।

उहाँले रंगुनस्थित विशुद्धाराम विहार एवं माण्डलेस्थित विज्जालंकार विद्यालयमा विविध विषयमा थप उच्च अध्ययन गर्नुभयो । यसै क्रममा उहाँको बौद्ध साहित्यिक यात्रा पनि सुरु भयो । सन् १९६४ देखि १९६६ सम्म बर्माकै बुद्धशासन काउन्सिलको प्रकाशन संस्थामा पालि-बर्मिज विश्व शब्दकोषको सम्पादनमा महत्वपूर्ण योगदान दिनुभयो । उहाँले बौद्ध साहित्यका ५० भन्दा बढी ग्रन्थ लेखन, अनुवाद तथा सम्पादन गर्नुभएको छ । यिनमा त्रिपिटक मूल ग्रन्थअन्तर्गत सूत्रपिटकका पायासि-सूत्र, नवपरित्राण निश्रय, विनयपिटकको उभयपातिमोक्ख तथा अभिधर्मपिटकको अभिधर्मार्थ संग्रह उल्लेख्य छन् ।

बुद्धधर्मको उच्च अध्ययनपछि ज्ञानपूर्णिकले विपश्यनाचार्य भिक्षु शोभन महास्थविर (महाशी सयादो) को छत्रछायामा रही विपश्यना ध्यान सिक्नुभयो । बर्मामा अध्ययनपछि भारतको वाराणसी संस्कृत विश्वविद्यालयबाट संस्कृतमा स्नातक गर्नुभयो । त्यसपछि नेपाल फर्किएर पाटनस्थित सुमंगल विहारमा बस्दाबस्दै त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तरसम्म अध्ययन गर्नुभयो ।

यही क्रममा बर्माका महाशी सासन येइता, ध्यानकेन्द्रका प्रमुख ध्यानगुरु ओवादाचरिय महाशी सयादोले भारत र नेपालको भ्रमण गर्नुभयो । त्यस क्रममा उहाँले दिनुभएको उपदेशलाई ज्ञानपूर्णिकले भाषानुवाद गरिदिनुभयो । यससँगै ज्ञानपूर्णिकको व्यक्तित्व अझ उजागर हुँदै गयो । बुद्धधर्मको प्रचारकका रूपमा उहाँ राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमै परिचित हुनुभयो ।

कुशल धर्म प्रचारक तथा प्रवचक, ग्रन्थकारका रूपमा समेत ज्ञानपूर्णिकको परिचय फैलियो । उहाँ नेपालभाषा, नेपाली, हिन्दी, अंग्रेजी, पालि, संस्कृत र बर्मी गरी ७ भाषाका ज्ञाता हुनुहुन्थ्यो । सन् १९७९ मा मंगोलियाको राजधानी उलानबटोरमा पाँचौं शान्तिका लागि एसियाली बौद्ध सम्मेलनमा नेपालका तर्फबाट आचार्य भिक्षु अमृतानन्द महास्थविरको नेतृत्वमा टोली गएको थियो । त्यसमा ज्ञानपूर्णिक पनि सहभागी हुनुहुन्थ्यो । उहाँ धर्मदूत सेवा अभियान अन्तर्गत सन् १९८२ मा इंग्ल्यान्डमा २ वर्ष रहनुभयो । यसै दौरान सन् १९८२ मा तत्कालीन सोभियत संघको राजधानी मस्कोमा आयोजित विश्व शान्ति सम्मेलन तथा छैठौं एसियाली बौद्ध सम्मेलनमा सक्रिय हुनुभयो ।

यही बहुआयामिक क्षमता र योगदानको कदरस्वरूप उहाँलाई अमेरिकाबाट निम्तो आएपछि एक वर्षसम्म त्यहाँको नेस्भिल टेनिसस्थित बुद्धिस्ट टेम्पलको विहार प्रमुखका रूपमा खटिनुभयो । त्यसपछि ध्यानका कर्मस्थानाचार्य पण्डिताभिवंश महास्थविरको प्रमुख भाषा अनुवादकका रूपमा विभिन्न देश पुग्नुभयो । युरोपका फ्रान्स, जर्मनीलगायत थुप्रै देशमा सञ्चालित ध्यान-शिविरहरूमा खटिनुभयो । सन् १९८४ देखि १९८८ को अवधिमा उहाँले मलेसिया, जापान, साइबेरिया, इन्डोनेसिया, सिंगापुर, श्रीलंका, थाइल्यान्ड तथा अस्ट्रेलियासम्म पुगी बुद्धका जीवनोपयोगी शिक्षा र ध्यानबारे प्रचार-प्रसार गर्नुभयो ।

थेचोस्थित बेलुवनाराम विहार, मंगलबजार पटको धपगाबहीमा मणिमण्डप विहार र बानेश्वरमा रहेको विश्व शान्ति विहार ज्ञानपूर्णिकले नै स्थापना गर्नुभएको हो । शंखमूलमा अन्तर्राष्ट्रिय बौद्ध भावना





केन्द्रको स्थापनामा पनि उहाँको भूमिका छ । नेपालमा बुद्धशिक्षा परियत्ति विकासका लागि उहाँले परीक्षा नियन्त्रक, शिक्षाध्यक्षलगायत विभिन्न पदमा रही ५० वर्षसम्म निरन्तर योगदान पुऱ्याउनुभयो ।

ज्ञानपूर्णिकले नेपाली भिक्षुसंघको छाता संगठन अखिल नेपाल भिक्षु महासंघसँगै नेपालको ज्येष्ठ बौद्ध संस्था धर्मोदय सभाको पनि नेतृत्व गर्नुभयो । त्यसै गरी नेपालमा विपश्यना प्रचारका निमित्त ध्यान र अभिधर्मसम्बन्धी पुस्तक पनि प्रकाशन गर्नुभयो ।

उहाँको व्यक्तित्व र कृतित्वको कदर गर्दै बर्माको विपश्यना केन्द्रबाट कर्मस्थानाचार्य उपाधिबाट विभूषित गरिएको छ । त्यस्तै सन् २००१ मा म्यानमार सरकारका तर्फबाट उहाँ अग्गमहासद्धम्मजोतिकधज तथा सन् २०१३ मा अग्गमहापण्डितको उच्च धार्मिक पदबाट पूजित हुनुभयो । सन् २०१३ मै थाइल्यान्डको महामुकुट बुद्धिस्ट विश्वविद्यालयबाट 'बुद्धिस्ट स्टडिज' विषयमा 'डक्टर अफ फिलोसोफी' उपाधि प्रदान गरियो । सन् २०१६ मा महाचूलालोङ्कर्न राजविद्यालयबाट पनि 'डक्टरेट डिग्री अफ पीएडी इन पालि' उपाधिले विभूषित हुनुभयो । यो हामी सबै नेपालीका लागि गर्वको विषय हो । उहाँले अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्दै बुद्ध जन्मभूमिलाई विश्वसामु चिनाउन योगदान पुऱ्याउनुभयो ।

हालै भारत सरकारले गठन गरेको इन्टरनेसनल बुद्धिस्ट कन्फेडेरेसनमा उहाँ नेपालको प्रमुख प्रतिनिधि हुनुहुन्थ्यो भने चीनमा स्थापित विश्व बुद्धिस्ट मञ्चमा पनि स्थापनाकालदेखि नै सदस्यका रूपमा योगदान पुऱ्याउँदै आउनुभएको थियो । उपसम्पदाको ५० वर्षको स्वर्णदिवसका उपलक्ष्यमा नेपाली बौद्ध जगतका थुप्रै संघसंस्थाको संयुक्त आयोजनामा नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको तर्फबाट उहाँलाई नागरिक अभिनन्दनसमेत गरिएको थियो । उहाँको अध्यक्षतामा स्थापित थेरवाद बुद्धिष्ट एकेडेमीका तर्फबाट सन् २०१४ मा लुम्बिनीमा भव्यतापूर्वक अन्तराष्ट्रिय बौद्ध सम्मेलन आयोजना गरियो ।

नेपालको बुद्धधर्म, बौद्ध शिक्षा एवं संस्कृतिको उत्थानको निमित्त जीवन समर्पण गरेका ज्ञानपूर्णिक नेपालमा प्रव्रजितहरूको दक्ष जनशक्ति उत्पादन र संघविस्तारमा निरन्तर लाग्नुभयो । यसै क्रममा प्रव्रजितहरूको संख्यात्मक र गुणात्मक रूपमा नयाँ पुस्ता तयार गर्न विश्व शान्ति बौद्ध शिक्षालय तथा थेरवाद बुद्धिष्ट एकेडेमी स्थापना गर्नुभयो । अहिले पनि गोदावरी, बडीखेलमा विपश्यना धम्माराम ध्यानकेन्द्र बन्दै छ । उहाँको नेतृत्वमा सयभन्दा बढी शिष्य दीक्षित भइसकेका छन् ।

छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको देहावसानपछि २०७६ वैशाख १ गते ज्ञानपूर्णिक नेपालको सातौं संघनायकका रूपमा पदासीन हुनुभयो । पछिल्लो चरणमा सन् २०१९ मा नेपाल सरकारको तर्फबाट उहाँलाई परमपूज्य पदबाट सम्मानित पनि गरिएको थियो । त्यस्तै २०१९ जुन १६ का दिन बर्माको इन्टर नेसनल एसोसिएसन अफ थेरवाद युनिभर्सिटीको बोर्ड बैठकले उहाँलाई उपाध्यक्ष पदमा मनोनीत गरेको थियो ।

तर आज भिक्षु ज्ञानपूर्णिक हाम्रा सामु हुनुहुन्न । लामो समयदेखि मधुमेह रोगबाट पीडित उहाँले संसारको अनित्य र अनात्म स्वभावलाई सावित गर्दै गत असार १९ गते नश्वर देह त्याग गर्नुभयो । उहाँको सुगतिसहित निर्वाण कामना गर्दछौं ।

**अनिच्चावत संखारा ।**

❖❖❖

# ज्ञानको पुञ्ज ज्ञानपूर्णिक भन्ते



**प्रदिप शाक्य 'घोषक'**
*भोजपुर, टक्सार*
*हाल नयाँ बानेश्वर-३१*



तपाई हामी सबैलाई थाहा भएकै कुरा हो की आजको विश्व धरातलमा नेपाललाई चिनाउने परिचायकको रूपमा दुईवटा वस्तु उभिएका छन् :- ती हुन् एक महामानव शान्तिनायक गौतम बुद्ध र अर्को सर्वोच्च शिखर सगरमाथा। वास्तवमा पहाडैपहाड तथा गावैं गाउँले भरिएको हाम्रो देशको चिनारी भन्नु यी नै दुईटा धरोहर नै हुन् । उनै गौतम बुद्धको जन्मस्थल लुम्बिनीको उत्तरपट्टि अवस्थित मनोरम पहाडी जिल्ला पाल्पाको तानसेनस्थित टक्सारमा जन्मनु भएको थियो – उनकै एक कुशल अनुयायी भिक्षु श्रद्धेय ज्ञानपूर्णिक महास्थविर । जसको बाल्यकालको नाम हो हिरालाल शाक्य ।

माता चन्द्रमाया शाक्य र पिता सूर्य लाल शाक्यको कोखबाट आजभन्दा करीब ८१ वर्ष पहिले जन्मनु भएका उहाँ सानै उमेरदेखि नै तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो । जसरी उहाँ रातको चन्द्रमा जस्तै बिस्तारै हुर्कँदै बढ्दै हुनुहुन्थ्यो । त्यसरी नै उहाँको प्रारम्भिक शिक्षा पनि घरबाट शुभारम्भ हुँदै थियो ।

आमाको मातृत्व स्नेह र बुबाको वात्सल्य प्रेमबाट पुलकित हुँदै व्यतीत भइरहेको जीवनले जसै एघारौँ वसन्तमा पाइला टेकेको मात्र के थियो, सोहीबेला उहाँ आफ्नी आमाको कर्म फलस्वरूप बुद्ध धर्मको प्रवेश द्वारमा उभिन पुग्नु भयो । यसैबेला उहाँले आफूलाई प्रव्रजित जीवनमा पदार्पण गराउने खातिर ११ वर्षको कलिलो उमेरमा नै भिक्षु बुद्धघोष महास्थविरको छत्रछायाँमा रही बौद्ध शिक्षा र पालि भाषाको अध्ययन गर्ने सुअवसर प्राप्त भयो । तत्पश्चात् यही बौद्ध शिक्षा र पालि भाषाको



अध्ययन नै उहाँको जीवनको लागि प्रकाशमय फड्को मार्ने कदम सावित हुन पुग्यो । किनकी उहाँ १६ वर्षको उमेरमा नै बुद्ध धर्म सम्बन्धी गहन शिक्षाध्ययनको लागि तत्कालिन बर्मा हालको म्यानमार प्रस्थान गर्नुभयो । त्यहाँ उहाँले वि.सं. २०१३ साल साउन शुक्लपक्ष नवमीका दिन भिक्षुत्व ग्रहण गर्ने सिलसिलामा श्रामणेर दीक्षा ग्रहण गरी बुद्ध धर्ममा प्रव्रजित हुनुभयो ।

यसरी उहाँले गृहस्थ जीवन त्यागी श्रामणेर ज्ञानपूर्णिकको नामले श्रमण जीवन शुभारम्भ गर्नु भयो । म्यानमारको अति रमणिय स्थल स्वेवाविङ्ग च्याउँ, म्याताउँ ताइक् अनाउप्यिङ्ग मण्डलेमा बसी बर्मी सरकारद्वारा संचालित बुद्ध धर्म अध्ययन सम्बन्धी सरकारी पालि परीक्षामा संलग्न भै ३ वर्षको श्रेणीगत परीक्षामा उत्तीर्ण हुनुको साथै शाक्यसिंह सामणेर परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुनु भयो । "हुने बिरूवाको चिल्लो पात भने झैं" जसरी उहाँलाई श्रामणेर ज्ञानपूर्णिकको रूपमा दीक्षित गरिएको थियो, त्यसरी नै उहाँले बुद्ध धर्म सम्बन्धी ज्ञान भण्डारण गर्ने क्रममा आफूलाई अग्रस्थानमा स्थापित गर्न सफल सावित भएको कुरा उहाँका यी नै उपलब्धीहरूबाट छर्लङ्ग पारेको देखिन्छ । श्रामणेर जीवनको दुई वर्ष पछि नै उहाँले वि.सं. २०१५ साल चैत्र शुक्ल चतुर्थी तिथिका दिन आफूलाई बुद्ध धर्मको एक सुयोग्य एवं कुशल अनुयायीको रूपमा प्रतिस्थापित गर्ने आधार को रूपमा उपसम्पदा भिक्षुत्व ग्रहण गरी पूर्णकालीन भिक्षुको रूपमा स्थापित गराउन सफल हुनुभएको थियो ।

'योग्य पिताका सुयोग्य पुत्र' भने झैं उपाध्याचार्य अभिधज महारट्ठ गुरु अग्गमहापण्डित स्वःयिङ्ग सयादो ऊ सुरियाभिवंसको कुशल शासनिक उपाध्याचार्यत्वमा रही भिक्षुत्व ग्रहण गरे सँगै सन् १९६३ सालमा बर्माकै सरकारी पालि विश्वविद्यालयबाट उपाधि परीक्षामा संलग्न भइ सासनधज धम्माचरिय उपाधि प्राप्त गर्न सफल हुनुभयो । यसरी दिन दुईगुणा रात चौगुणा भने जस्तै उहाँले अथाह ज्ञानको सागरमा डुबुल्की मार्दै धमाधम आफूलाई ज्ञानरूपी प्रकाशपुञ्ज संग्रहित गर्न अग्रसर गराउँदै जानुभयो ।

उहाँले आफूमा संग्रहित ज्ञानलाई आफैमा मात्र सीमित राख्नु भएन । क्रमशः उहाँले धमाधम प्रज्वलित गर्ने उद्देश्य अनुरूप बुद्ध शासनिक क्रियाकलापमा सक्रियतापूर्वक योगदान गर्दै जानुभयो । जसअनुसार उहाँले बर्माकै विज्जालंकार च्याउँ ताइक, सईपान मण्डलेमा अध्ययनरत विद्यार्थीहरूलाई पालि शिक्षा अध्यापन गर्नु भयो । त्यस्तै जम्बुदीप च्याउँ छाउँ गभाया यांगुनमा परिचायक संस्कृत अध्यापन गर्दै सन् १९६४ देखि सन् १९६६ सम्म "पालि बर्मेली शब्दकोष" निर्माण कार्यमा समेत संलग्न रहनुभयो ।

सन् १९६६ को जुलाई महिनातिर बाराणसीमा संस्कृत अध्ययनार्थ भारत प्रस्थान गर्नुभई सन् १९६७ मा वाराणसेय संस्कृत विश्वविद्यालयबाट संस्कृतमा डिप्लोमा उपाधि हासिल गर्नु भयो । यसरी दिनानुदिन उहाँले आफूमा ज्ञानको परिपूर्णताको लागि बुद्धकालीन भाषा पालि भाषा

र बौद्ध साहित्यमा समेत ज्ञानरश्मि प्रखरित गर्नुभई संस्कृत भाषामा पनि आफूलाई अब्बल सावित गराउँदै जानुभयो ।

नेपालमा जन्मेर नेपाल आमाकै सुपुत्र, देशका राष्ट्रिय विभूति शाक्यमुनि गौतम बुद्धद्वारा प्रतिपादित बुद्ध धर्म सम्बन्धी शिक्षा अध्ययनको लागि विदेशी भूमिमा नै आफ्नो पसिना बगाउँदाका दिनहरूले उहाँलाई कतै उपहास गरेको जस्तो लाग्नु त स्वभाविकै थियो होला । जस्को प्रायश्चित् स्वरूप उहाँले स्वदेशमा फर्केर पनि आफ्नो देशको औपचारिक शिक्षाबाट पनि सिंचित गर्न गराउनको लागि किञ्चित पनि बेर गर्नु भएन । फलस्वरूप इ.सं. १९७१ मा एस.एल.सी उत्तीर्ण गर्नुका साथै सन् १९७४ मा त्रिभुवन विश्व विद्यालयबाट आइ.ए. उत्तीर्ण गर्नुभयो । त्यसको लगत्तै करीब ३ वर्ष पछि सन् १९७७ मा बि.ए. उत्तीर्ण गरी स्नातकोपाधि पनि हासिल गर्न सक्षम हुनुभयो ।

यसरी स्वदेश तथा विदेश दुबै तर्फबाट औपचारिक एवं धार्मिक शिक्षा प्राप्त गरी आफ्नो अमूल्य जीवनमा संकलित ज्ञानको पुञ्जलाई विश्वभरी नै फैलाउनको लागि सन् १९७९ देखि विभिन्न देशहरूमा भएका धार्मिक सम्मेलनहरूमा कहिले धर्मदूतको रूपमा, कहिले प्रतिनिधिकै रूपमा त कहिले नेतृत्वकर्ताकै भूमिकामा सक्रियतापूर्वक सहभागी भै बुद्ध शासनिक उत्थानको लागि अनवरत् रूपमा जीवन पर्यन्तसम्म नै अथक परिश्रम गर्नु भै उद्यत रही रहनु भएको कुराले बुद्ध धर्मको प्रचार-प्रसार तथा विकास एवं सम्बर्द्धनको लागि उहाँबाट प्रदत्त योगदान अतुलनीय र अद्वितीय रहेको कुरा यहाँ उल्लेखनीय एवं अविस्मरणीय रहेको छ ।

यस अतिरिक्त उहाँले एक कुशल धर्म प्रचारकको स्थानमा रहेर आफ्नै नेतृत्वमा काठमाडौं स्थित मिनभवनमा विश्व शान्ति विहारको स्थापना, त्यस्तै श्रमण जीवन अपनाई बुद्ध धर्मको उत्थान र विकास गर्न चाहनेहरूका लागि उच्च शिक्षा अध्ययन गर्न गराउन विश्व शान्ति बौद्ध शिक्षालयको स्थापना, र नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने उद्देश्यले शंखमुलमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको स्थापना गराउनमा पनि उहाँको अमूल्य योगदान रहेको कुरा अद्यापि जीवन्त नै छ ।

यसरी शासनिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदरस्वरूप थाइल्याण्डबाट उहाँलाई मानार्थ विद्यावारिधि उपाधिद्वारा पनि विभूषित गरिएको थियो । यस अतिरिक्त लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना



संगसंगै नेपालमै बुद्ध धर्म सम्बन्धी उच्च तहको शिक्षा अध्ययन अध्यापन गराउनको लागि आफू बसेकै विहारमा थेरवाद बुद्धिष्ट एकेडेमीको स्थापना गर्न सफल हुनुमा उहाँमा निहित बौद्ध प्रज्ञा रश्मिकै देन हो भन्नुमा अत्युक्ति नहोला ।

जीवनको उत्तरार्द्धतिर अल्पकालीन समयकै लागि भएपनि मैले उहाँसंगको सानिध्यतामा रही शासनिक गतिविधिहरूमा आफूलाई संलग्न गराउन पाउँदाको क्षण स्मरण गर्दै आफूलाई गौरवान्वित ठानेको छु । आजभन्दा करीब डेढ दशक अघि हामी भोजपुर टक्सार शाक्य समाजका केही सदस्यहरू मिलि उहाँ बस्नु भएको विहारमा पनि बुद्ध जयन्ति मनाउने प्रस्ताव उहाँसमक्ष प्रस्तुत गर्दा उहाँबाट सहजतापूर्वक सहर्ष स्वीकार गर्नु भै हामीलाई अनुमति दिनु भएकोले उहाँको शालिनतालाई दर्शाईरहेको छ । त्यस्तै वि.सं. २०७२ सालमा मेरो पूजनीय बुबा दिवंगत मोति लाल शाक्यको वार्षिक पुण्यतिथिमा भिक्षु विवेकानन्द महास्थविरद्वारा नेपालभाषामा पद्यात्मक रूपमा लिखित लोकनीति पुस्तकलाई मैले नेपालीमा अनुवाद एवं प्रकाशन गरी धर्मदान गर्ने इच्छा प्रकट गर्दा उक्त कुराको वात्सल्ययुक्त भाव प्रकट गर्नु भएर स्वयं आफैले मेरो पाण्डुलिपि आद्योपान्त अध्ययन गर्नु भई कृपापूर्वक मलाई हौसला प्रदान गर्नु भएको कुरा यहाँ उल्लेख गर्नु आजको दिन म आफ्नो कर्तव्य ठान्दछु । साथै उहाँको विद्वता, उदारता, मैत्री तथा करूणायुक्त सौम्य व्यवहारले उहाँ वास्तविक मै ज्ञानका पून्ज ज्ञानपूर्णिक भन्ते हुनुभएको हुँदा उहाँप्रति हार्दिक नमन गर्दै यी नै शब्दरूपी दुइ चार गुच्छा पुष्पार्पण गरी सुगति निर्वाणको कामना सहित हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु ।

**निब्बानस्स पच्चयो होतु ।**
**भवतु सब्ब मंगलं ॥**

❖❖❖

# भोजपुरेहरूको हृदयमा ज्ञानपूर्णिक भन्ते

भोजपुर शाक्य समाज



पश्चिम नेपालको अति नै रमणीय पाल्पा जिल्लाको तानसेन नगरमा वि.सं. १९९६ साल मंसीर ६ गते माता चन्द्रमाया र पिता सूर्यलाल शाक्यको कोखबाट कनिष्ठ पुत्ररत्नको रूपमा जन्मनु भएका हिरालाल शाक्य सम्पूर्ण बौद्ध जगतको हृदयमा अनमोल हिरा जस्तै चम्कनु भएको थियो । बाल्यकालमा आफनो प्रारम्भिक शिक्षा तानसेन टक्सार टोल स्थित शील पाठशालामा शुभारम्भ गर्नु भएको थियो । भोजपुर टक्सारका श्रद्धेय भन्ते शाक्यानन्द महास्थविर र अनागारिका सुशीला उक्त पाठशालाको संस्थापक संचालकको रूपमा आबद्ध हुनुहुन्थ्यो ।

“हुने विरूवाको चिल्लो पात” भन्ने उखान झैं प्रतिभावान वहाँ हिरालाल शाक्यको भोजपुरेहरूसंगको भावनात्मक सम्बन्धको सुरुवात त्यसै बेलादेखि रहिसकेको थियो । एघार वर्षको कलिलो उमेरमा नै अध्ययनलाई अघि बढाउने सदिच्छा राखी श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको साथ लागेर वहाँ राजधानी आउनु भएको थियो । श्रद्धेय भन्तेको साथ, सामिप्य र संरक्षण पाए पछि वहाँ बुद्धशिक्षा र बुद्धधर्ममा अझ जागरूक र उत्साहित भई लाग्न थाल्नु भयो । यसैको प्रतिफल स्वरूप बुद्धशिक्षा अध्ययनार्थ भारत तथा बौद्ध देश बर्मासम्म पुगेर त्यहाँबाट विशिष्ट बौद्ध शिक्षा अध्ययन सम्पन गरेर एक सुयोग्य, सक्षम र सर्वगुण सम्पन्न प्रकाण्ड विद्वानको रूपमा प्रतिष्ठित हुनुभयो । स्वदेश

फर्कनु भएपछि वहाँ क्रमस : पाटनको थेचो अवस्थित वेलुवनाराम विहार, पाटन पटको स्थित मणिमण्डप विहार र अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र शंखमुल हुँदै बि. सं. २०४१ सालमा विश्व शान्ति विहार, मिन भवनमा बस्न थाल्नु भयो। वहाँ उक्त विहारमा बस्दा बौद्ध गतिविधिहरूको क्रम बढ्न थाले पछि श्रद्धेय भन्तेसंग हामी भोजपुरेहरूको सामीप्यता बढ्न थाल्यो ।



नेपालको बुद्धधर्मको क्षेत्रमा पाल्पाको टक्सार र भोजपुरको टक्सारमा बुद्धधर्मको प्रचार प्रसार एवं विकास हुनुमा श्रद्धेय भन्तेहरूको योगदान नेपालको बौद्ध इतिहासमा सदा सर्वदा अविस्मरणीय रहने छ। बि.सं. २०१८ सालमा पाल्पा, बुटवल, काठमाडौँबाट आउनु भएका भन्ते, गुरुमां र उपासक, उपासिकाहरू सहभागी भई ऐतिहासिक रूपमा सम्पन्न शाक्यमुनि विहारको महापरित्राणको सम्झनामा बौद्ध पद्य साहित्यमा अत्ति नै आदरणीय व्यक्तित्व भोजपुर टक्सारका श्रद्धेय सुबोधानन्द भन्तेले रचना गर्नु भएको कविता-

"महापरित्राण उत्सव जुल भोजपुरसं ।
श्री शाक्य मुनि विहार अनसं"

त्यस्तै वहाँको अर्को रचना -

**"झीगु देय्या शोभा"** शीर्षक अन्तर्गत
"वारिपारी निगू टोल,
दथुई सोह्रा हिटी दुगु
उत्तर पाखे पर्वत दुगु
च्वांमो सिमाँ जाया च्वंगु
रमणीय गां वो .... रमणीय गां ॥"

सुबोधानन्द भन्तेको यस सुन्दर रचनामा गरेको टक्सार वर्णन अध्ययन गर्ने कुन बौद्ध पाठकलाई उक्त स्थानको भ्रमण गर्ने इच्छा पैदा नगर्ला । यसबाट वहाँ ज्ञानपूर्णिक भन्तेलाई पनि भोजपुर भ्रमण गर्ने उत्सुकता जगाई दिएको थियो ।

बौद्ध ऋषि महाप्रज्ञा र अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त पाल्पाका श्रद्धेय भन्ते अमृतानन्द महास्थविर बि.सं. १९९३ सालमा भोजपुर भ्रमण गर्नु भए स्वरूप वहाँकै शब्दमा नेपालको बौद्ध इतिहासमा सबभन्दा पहिलो थेरवादी विहारको रूपमा प्रतिस्थापित भएको विहार श्री शाक्यमुनि विहार रहन गएको छ। प्रकृतिको रमणीय स्थल तानसेनमा जन्मनु भएर त्यहीँ आफ्नो बालापन व्यतित गर्नु भएका वहाँ ज्ञानपूर्णिक भन्तेलाई ऐतिहासिक स्थल भोजपुरको सुन्दरताले आकर्षण नगर्ने त कुरै थिएन । आफ्नासहयोगीहरूसंग वि.सं. २०२८ सालको माघ महिनामा श्रद्धेय सुबोधानन्द भन्तेको गृहस्थ भाउजु स्व. गणेश कुमारी शाक्यको १३ औं दिनको पुण्य तिथिको अवसर पारी काठमाडौँबाट धरानसम्मको सहज यात्रा भएता पनि धरान देखि भोजपुर सम्मको अति नै कठिन बाटोबाट पहाडको उकालो, ओरालो, खोला नाला छिचोल्दै ४/५ दिनको पैदल यात्रा पूरा गर्नुभयो । यसबाट भोजपुर टक्सारबासीहरूप्रति वहाँको भित्री हृदयदेखिको माया र स्नेह कति रहेछ भन्ने कुरा प्रस्ट हुन्छ । यात्रा पूरा हुने क्रममा, त्यहाँका श्रद्धालु उपासक उपासिकाहरूको लावा लस्करले धेरै परसम्म स्वागत अभिवादन चढाउन पुगेका थिए । शाक्यमुनि विहारको गौरवमय इतिहास, स्थानिय भन्ते, गुरुमांहरूबाट दीक्षित त्यहाँका उपासक, उपासिकाहरूको श्रद्धा भाव, सरल स्वभाव र स्नेहको रस स्वादन वहाँ भन्तेले गर्न पाउनु भयो । सुबोधानन्द भन्तेले वर्णन गरे अनुसारको उत्तर पट्टिको सिरसिर हावा चल्ने सल्लाघारी पर्वत श्रृंखला, त्यसको फेदमा निरन्तर कलकल बगी रहने अमृत तीन धाराको पानी, वारी, पारी दुबै टोलमा २४ सै घण्टा भने झैँ कालीगढहरू द्वारा निर्मित भाँडाकुँडाको ट्वाङ् ट्वाङ् आवाज जस्ले दोस्रो पाटन शहरको रूपमा परिचित गराई रहेको थियो । यसबाट वहाँ भन्तेलाई भोजपुरेहरूप्रतिको स्नेह, दया, करुणा र आत्मीय भाव वहाँको हृदयमा अझ बढी प्रस्फुटित गराएको हामीलाई आभास हुन्छ ।

खिकामाछा बजार करीब दुई सय बर्ष अगाडि तामाको खानी भेटिएको उक्त स्थान, तामाको ढ्याके (डोलि) पैसा बनाउने प्रयोजनको लागि उपत्यकाबाट



नेवार कुलपुत्रहरूलाई कालिगढको रूपमा लगी वस्ति बसाएको पाउँछौं । डेढसय वर्षसम्म निरन्तर राम्ररी नै उद्योग, व्यापार, व्यवसाय सञ्चालन भई गुल्जार रहेको उक्त साँस्कृतिक नगरी टक्सार कालान्तरमा आएर त्यहाँ यातायातको अभाव, शिक्षा आर्जन, स्वास्थ्य सेवा र औद्योगिक कच्चा पदार्थको अभाव भएर आएको कारणले त्यहाँका उद्योग व्यवसाय गर्ने शाक्य परिवारहरू धरान, विराटनगर, उर्लावारी र आफ्नो पुर्खौली थलो उपत्यकामा पुन फर्केर आई बसोबास गर्न शुरु गऱ्यो । क्रमिक रूपमा परिवार संख्याको वृद्धिसँगै सामाजिक संस्कारको बन्धनमा बाँधिनु नै पऱ्यो । यसरी पछि बसोबास गर्न आई पुगेका भोजपुरे शाक्यहरूलाई जन्मदेखि मृत्यृ पर्यन्त गरिने कर्म संस्कार पद्धतिबारे अन्यौलता बढेर आयो । परम्परागत आफ्नो गुठी, बहालहरूमा प्रवेश गरेर पुरानै कर्म संस्कार संपादन गरेर जान पनि उनीहरूलाई परिस्थिति अनुकूल भएन ।

बि.सं. २०५३ सालमा टक्सारबाट आएका यी शाक्यहरूले आफ्नो कुलाचरण अनुसारको संस्कार पद्धति अंगाली आफ्नो जीवन पर्यन्त गरिने संस्कार कर्म गर्नको लागि भोजपुर टक्सार शाक्य समाजको स्थापना गरी उक्त समाजका प्रतिनिधिहरूले श्रद्धेय भन्ते सुदर्शन, श्रद्धेय भन्ते ज्ञानपूर्णिक महास्थविर, धर्म रत्न शाक्य त्रिशुलीसँग अलग अलग सम्पर्क राख्न पुगे । भोजपुरेहरू भन्नासाथ अति नै माया, स्नेह गर्नु हुने भन्तेहरूबाट जन्मदेखि मृत्यृ पर्यन्त गरिने सामाजिक संस्कार सम्बन्धमा आवश्यक सल्लाह र सुझाव तुरून्त प्राप्त भयो । “अत्ता हि अत्तनो नाथो” अर्थात् आफूले यदि कुनै पनि लक्ष्य र उद्देश्य प्राप्त गर्नु छ भने आफ्नो मार्ग आफैले परिचालन गर्नु पर्दछ । अरूको भरोसाले हामी आफ्नो गन्तव्यमा पुग्न सक्दैनौं । आफ्नो पेट भर्नको लागि त आफैले नै खानु पर्दछ । अरूले खाई दिएर आफ्नो पेट भरिंदैन भने झैं आआफू नै सक्षम भएर संस्कार कर्मलाई अघि बढाएर लानु पर्ने भन्ने वहाँ श्रद्धेय भन्तेहरूको सल्लाह सुझाबलाई मनन गर्दै आज सम्पूर्ण संस्कार कर्महरू आआफू मिलेर शुद्ध शील आचरणमा बसेर बुद्धपूजा, परित्राण पाठ गरेर सरल र सहज रूपमा सम्पन्न गरी समाज अघि बढिरहेको कुरा स्मरणीय छ । कुनै कर्म संस्कार सम्पन्न गर्नको लागि गुरुजुहरूको आवश्यकता महशुस भएको छैन । कर्म काण्डको कार्यमा भिक्षु गुरुमांहरूलाई अनिवार्य रूपमा संलग्न गराई वहाँहरूबाट शील ग्रहण, धर्मदेशना श्रवण गर्ने र दान प्रदानको लागि आमन्त्रण गर्ने गरिएको छ । यस प्रकारको कार्यले सम्पूर्ण बौद्ध समाजको लागि एउटा उदाहरणीय रूपमा यो समाज स्थापित भइसकेको छ । श्रद्धेय भन्तेहरू लगायत अन्य प्रतिष्ठित व्यक्तित्वहरूको प्रेरणाले यो समाजलाई उक्त अवसर प्राप्त भएको हो ।

विश्व शान्ति विहारको प्रमुखको नाताले उक्त विहारमा हुने हरेक बौद्ध गतिविधिमा भोजपुर टक्सारका शाक्य समाज परिवारहरूलाई उहाँले संलग्न गराउँदै लानुभयो । आजभन्दा करीब ५५ बर्ष अगाडि शुरुवात भएको नेपाल बौद्ध परियत्ति शिक्षाको संस्थापकहरू मध्येको एक स्व. सुशीला गुरुमां पनि हुनुहुन्थ्यो । वहाँको कारणले समाजबाट पनि परियत्ति कक्षाको संचालन र परीक्षाको व्यवस्थापनमा सहभागी हुने अवसर प्राप्त गरेका छन् । त्यसै विहारमा संचालन भएको थेरवादी




बुद्ध शिक्षाको एम.ए. कक्षामा अध्ययन गर्न वहाँ भन्तेले दिनु भएको प्रेरणा स्वरूप प्रथम व्याचदेखि नै भोजपुर शाक्य समाजका सदस्यहरूले उच्च शिक्षा अध्ययन गरी ज्ञानलाभ गर्ने अवसर मिलेको छ । त्यति मात्र नभई बौद्ध विद्यालय सञ्चालनमा समेत सक्रिय सहभागी बनाउदै आउनुभएको छ । विहारमा हुने हरेक महिनाको तेस्रो शनिवारको धार्मिक कार्यक्रममा समय अनुसार पूज्य भन्ते स्वयं समुपस्थित भई गहन धर्म देशना प्रदान गरी भोजपुरे शाक्यहरू लगायतलाई पुण्य लाभ गर्ने अवसर प्रदान गर्नु हुन्थ्यो ।

बि.सं. **२०५४ साल** देखि बानेश्वर शान्ति नगर क्षेत्रका व्यक्तिहरूलाई बुद्धधर्मप्रति जागरूक र चेतनशील बनाउने उद्देश्य राखी पाँचवटा संस्थाहरू क्रमश : श्री विश्व शान्ति विहार, भोजपुर टक्सार शाक्य समाज, चैनपुर शाक्य समाज, कल्याण पुच :, टक्सार सेवा समाज मिलेर बुद्ध प्रतिमा सहित बाजागाजा बजाएर शोभायात्रा गरी बजार परिक्रमा पश्चात सार्वजनिक समारोहको आयोजना गरेर बुद्ध जयन्ती मनाउँदै आईरहेको कुरा उल्लेखनीय छ । यसरी बुद्ध जयन्ती मनाउनको लागि वहां भन्तेले बुद्ध जयन्ती समारोह समिति निर्माण सहित उक्त समितिलाई धर्मानुशासकको रूपमा संरक्षकत्व प्रदान गर्नुहुन्थ्यो । त्यसै गरी हरेक वर्ष विश्व शान्ति विहारमा मनाइने वार्षिक उत्सव तथा कथिन दान उत्सवमा समेत भोजपुर टक्सार शाक्य समाजलाई आमन्त्रण गरी पुण्य सञ्चय गर्ने अवसर प्रदान गर्नुहुन्थ्यो ।

वि.सं.२०७२ सालमा देशमा आएको विनाशकारी भूकम्पले नेपालको प्रथम थेरवादी विहार शाक्य मुनि विहारलाई पनि क्षति पुऱ्याएको थियो । उक्त विहार वि.सं २०१८ सालको महापरित्राण पश्चात अखिल नेपाल भिक्षु महासंघलाई संघदान दिई सकेको कुरा सर्वविदित नै छ । उक्त विहार पुनः निर्माण गर्ने लक्ष्य राखी मिति २०७६ साल भाद्र ८ गते आइतबारका दिन पूज्यपाद अ.ने.भि. महासंघका तत्कालीन संघनायक पूज्य भन्ते ज्ञानपूर्णिक महास्थविरको प्रमुख आतिथ्यमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र संखमूलमा शाक्यमुनि बौद्ध संघ भोजपुरका अध्यक्ष प्रकाश चन्द्र शाक्यको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार प्रमुख संरक्षकमा वहाँ संघनायक भन्ते डा. ज्ञानपूर्णिक महास्थविर, संरक्षकमा बोधिज्ञान महास्थविर र श्रद्धेय निग्रोध भन्ते सहितको शाक्यमुनि विहार पुन : निर्माण समिति गठन गर्नमा सहमति जनाउनु भएको थियो । वहाँ भन्ते हेलिकप्टरमा बसेर भएपनि शाक्यमुनि विहार, भोजपुरको पुनः एक पटक भ्रमणमा जाने सदिच्छा व्यक्त गर्नु भएको थियो । प्रतिकूल स्वास्थ्य अवस्थाको कारणले तत्काल उक्त कार्य अघि बढ्न सकेन । पुन : विरामी भएर भन्ते अस्पताल भर्ना गर्नु पर्ने अवस्था आई पऱ्यो ।

मिति २०७७ साल जेष्ठ ५ गते भोजपुर टक्सार शाक्य समाज सकल परिवारको तर्फबाट वहाँ भन्तेज्यूको सुस्वास्थको कामना गरी सुमेरू अस्पतालमा दर्शन भेटको अवसर पाउनुका साथै धर्मदान गर्ने मौका समेत पायौं ।

अनित्य संसार, अनात्म स्वभावलाई प्रमाणित गर्दै वहाँ भन्तेले आफ्नो नश्वर देह २०७७ साल असार १९ गते त्याग गर्नुभयो । कहिल्यै नफर्कने गरी यो भव संसारबाट बिदा लिनु भयो । हामीले पनि आफूहरू अभिभावक विहीन भएको महशुस गऱ्यौं । वहाँलाई एक पटक फेरि ऐतिहासिक स्थल शाक्यमुनि विहार भोजपुरको अवलोकन गराउने हाम्रो सदिच्छा पुरा हुन पाएन ।

हामी भोजपुरवासीहरूलाई सधैं माया, स्नेह, र सद्भाव, मैत्री, करुणा राखेर सद्धर्मको बाटोमा अघि बढ्न प्रेरणा दिनु हुने वहाँ श्रद्धेय भन्ते आज हाम्रो अगाडि भौतिक रूपमा नहुनु भएता पनि वहाँको गुण, स्नेह, माया र अथाह मार्ग दर्शन हाम्रो भित्री हृदयमा सधैं सधैं हीरा झैं चम्की रहनेछ, हाम्रो मुटुमा अटल, अमर रही रहनेछ । वहाँप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै सुगति निर्वाणको कामना गर्दछौं ।

**साधु, साधु, साधु !**

❖❖❖

# शरीर र गुण



**सयादो ऊ. सुजनपिय**
*रत्न विपस्सना विहार*

**सरीरस्स गुणानञ्च, दूरमच्चन्तमन्तरं ।**
**सरीरखण विद्धंसि गुण कप्पन्तट्ठायिनो ।**




सरीर – स्कन्ध शरीर भनेको शिरको केशदेखि पाइतालासम्म, पाइतालादेखि शिरसम्मलाई भनिन्छ ।

गुण – गुण भनेको स्कन्ध शरीरलाई लगानी गरेर गरिने कार्य सबैलाई भनिन्छ ।

शरीर र गुणलाई हेर्दाखेरि निकै नजिक छ जस्तो देखिए तापनि वास्तवमा धेरै नै टाढा छ । किन त ? शरीरको खुम्च्याइएको हातलाई सिधा गरिनु अगावै र सिधा हातलाई खुम्च्याउनु अगावै विनाश हुने स्वभाव छ। गुण भनेको कहिल्यै पनि विनाश हुँदैन । त्यसकारण शरीर र गुणलाई हेर्दाखेरि निकै नजिक छ जस्तो देखिए तापनि वास्तवमा धेरै नै टाढा छ ।

विश्व शान्ति विहारका प्रमुख सयादो ऊ ञाणपुण्णिक महास्थविर परियत्ति शिक्षामा दक्ष, कुशल, भाषान्तर अरु विभिन्न भाषाहरू जान्नुका साथै परियत्ति अध्यापन गर्ने, महाशी सयादोसहित अरु सयादोहरूले लेख्नु भएका धर्मग्रन्थहरू नेपालभाषा, नेपालीभाषामा भाषापरिवर्तन गर्ने, स्वयं आफूले पनि ग्रन्थ, लेखरचनाहरू लेख्ने आदि कार्यहरू बुद्धसासनको निम्ति गर्नु भए जस्तै स्वदेश तथा विदेशका विभिन्न कर्मस्थान ध्यान केन्द्रहरूमा धर्मदेशना गर्ने, ध्यान निर्देशन दिने, ध्यान जाँच लिने जस्ता बुद्धसासनिक कार्यहरू गर्नु भएको छ । स्वदेश तथा विदेशमा हुने बुद्धसासनसम्बन्धी सम्मेलनहरूमा पनि स्वयं आफू सहभागी भइ कार्यपत्र प्रस्तुत गर्ने, मन्तव्यहरू दिने, महत्वपूर्ण निर्णयहरू कार्यान्वयन गर्ने जस्ता कार्यहरू पनि गर्नु भएको छ ।

खुम्च्याइएको हात सिधा गरिनु अगावै र सिधा हातलाई खुम्च्याउनु अगावै विनाश हुने स्कन्ध शरीरको स्वभावअनुसार वहाँको स्कन्ध शरीर विनाश भएर गइसके तापनि वहाँ भन्तेले बुद्धसासनको लागि मिहिनेत, परिश्रम गर्नुभएका सासनिक कार्यहरू, वहाँका योगदान र गुणहरू त कहिल्यै पनि लोप, विनाश भएर जाने छैन । नेपाल राष्ट्र रहुञ्जेल, यो विश्व रहुञ्जेल स्थिर भएर रहने कुरा व्यक्त गर्दै वहाँ भन्तेप्रति आदर गौरवकासाथ यो लेखद्वारा पूजा गर्दछु ।

❖❖❖

# संघमहानायक भन्तेज्यूको अन्तर्मनको प्रार्थना र भिक्षु ज्ञानपूर्णिक महास्थविर



**ज्ञाणवती गुरुमां**
*श्री शाक्यसिंह विहार*



**नमो तस्स लोकहितस्स तथागतस्स**

**विषयप्रवेश**

नेपाल "ने" मुनिले पालन गरिएको तपोभूमि भएकोले "नेपाल" नाउँ रहन गएको ऐतिहासिक प्रमाण छ । फेरि पालि शब्द अनुसार "ने " को अर्थ "भित्र" र "पाल"को अर्थ "ल्याएर पालेको, रक्षा गरेको " अर्थ अनुसार भित्र ल्याएर पालेको वा रक्षा गरेको अर्थमा नेपाल नाम रहन गयो ।

नेपाल विभिन्न ऋषि मुनिहरूले तपश्चर्या गरिएको पुण्यभूमि हो भने विभिन्न बोधिसत्वहरूले तप गर्नुभएको तपोभूमि हो । विभिन्न बुद्धहरूले जन्म लिनुभएको पावनभूमि पनि हो ।

दीपङ्कर तथागतले यो भूमिमा भिक्षाटन आउनु भएको जनश्रुति छ भने विपश्वी तथागतले विजारोपण गर्नुभएको हजार पत्रयुक्त कमलको पुष्पमा रश्मी उत्पन्न भएर स्वयम्भू प्रादुर्भाव भयो भन्ने ऐतिहासिक तथ्य छ ।



बुझाउनेहरू थिएनन् । यतिसम्म कि मल्लकालीन बहा:बहीहरूमा निर्माणभएको शाक्यमुनि बुद्धको दायाँबायाँ स्थापित मूर्ति नै भिक्षुहरू हुन्, भिक्षु भनेको जीवित मान्छे हुँदैनन् भन्ने धारणा त्यसताकाका जनमानसमा बसिसकेको थियो ।

अनागतवंशमा उल्लेख भए अनुसार बुद्ध उत्पन्न पछि ५०० वर्षसम्म प्रज्ञाको समय हुनेछ । अर्को ५०० वर्षसम्म समाधिको समय हुनेछ। फेरि अर्को ५०० वर्षसम्म शीलको समय हुनेछ। फेरि अर्को ५०० वर्षसम्म दानको समय हुनेछ र फेरि अर्को ५०० वर्षसम्म शास्त्र (तर्क/वितर्क) को समय हुनेछ । धर्मलाई अभ्यास गरिँदैन केवल शास्त्र (तर्क वितर्क) मै सिमित हुन्छ ।

बुद्ध उत्पन्न भएको आधा समयपछि पुनः धर्म उजागर हुन्छ र उजागर हुँदा प्रज्ञाबाट नै शुरु हुन्छ। यसरी बुद्ध उत्पत्तिको आधा समय अर्थात् बुद्ध सम्बत २५०० देखि बुद्ध सम्बत ३००० सम्म फेरि प्रज्ञासहितको धर्म पुनः विकास हुँदै जानेछ । त्यसपछि बिस्तारै ५००/५०० वर्ष हुँदै बु.सं. ५००० पछि शून्य कल्प हुनेछ । धर्मको नामनिशान नै रहन्नन् । यसरी मल्लकाल, शाहकाल (राणा शासनकाल) सम्मको समय बु.सं.२००० देखि २५०० सम्मको पऱ्यो ।

थेरवाद बुद्धधर्मको इतिहास हेर्दा पनि वि.सं.१९८५ (बु.सं.२४७२) मा बौद्ध ऋषि महाप्रज्ञा र वि.सं.१९८७ (बु.सं.२४७४)मा भिक्षु प्रज्ञानन्द महास्थविरहरू भिक्षु भइसक्नु भएका थिए ।

वि.सं.१९८७ मा भिक्षु महाप्रज्ञाद्वारा सुनौलीसम्म पुऱ्याएका भिक्षु प्रज्ञानन्द एक्लै काठमाण्डौंमा पुग्नुभयो । भोजनको लागि भिक्षाटन जानुभयो। एक्कासी पीत चीवरधारी भिक्षु बाटोमा देखेर मानिसहरूले ए! मान्छे पनि भिक्षु हुँदो रहेछ भनेर समेत भने । बस्नको लागि विहार वा आवासको खोजीमा भिक्षु प्रज्ञानन्द स्वयम्भूको पछाडिको छ्वदँ पर्वत (हाल छोकदोल) मा कुमा नरसिंह कर्णेलको भग्नावशेष दरबारमा बस्नुभयो । केही समय पछि भिक्षु प्रज्ञानन्द किन्डोल विहारमा बस्न जानुभयो ।

यहींबाट वहाँले धर्म उपदेश कार्य शुरुवात गर्नुभयो। वहाँको प्रभावकारी धर्म उपदेशले श्रद्धालुजनहरूको चित्तमा धर्मप्रति श्रद्धा जगायो । बिस्तारै बिस्तारै उपासक उपासिकाहरू वृद्धि हुँदै गए र बुद्ध शासनमा प्रब्रजित हुन इच्छुक व्यक्तिहरू पनि देखा परे । ती इच्छुक व्यक्तिहरूमा

त्यस्तै यो भूमि भद्रकल्पका पाँच बुद्धहरूमध्ये ऋकुच्छन्द, कोणागमन र शाक्यमुनि बुद्धहरूको जन्मस्थल बुद्ध जन्मभूमि हो ।

शाक्यमुनि बुद्धको जीवनीलाई अध्ययन गर्ने क्रममा बुद्ध स्वयं पाँचसय भिक्षुहरूका साथ फागु पूर्णिमाका दिन कपिलवस्तु तर्फ पाल्नुभएको ऐतिहासिक प्रमाण छ भने बुद्धको अग्र उपस्थापक भिक्षु आनन्द आफ्नो ज्ञातिबन्धुहरूलाई भेट्नको लागि नेपालमण्डल आउनु भएको इतिहास अद्यापि जीवित नै छ ।

ई.पु.तेश्रो शताब्दीमा, तेश्रो धर्म संगायना पश्चात् सम्राट अशोकले पठाएको धर्मदूत मण्डलमा मज्भिम स्थविरको नेतृत्वमा हिमवन्त प्रदेश आउनु भएको ऐतिहासिक प्रमाण छ र हिमवन्त प्रदेश यही नेपाल हो भन्ने विद्वानहरूको धारणा छ । अतः यी ऐतिहासिक प्रमाणअनुसार प्राचीन समयदेखि नै नेपाल बौद्ध राष्ट्र हो भन्नुमा दुईमत हुने छैन ।

पुनः लिच्छविकालका शिलालेखहरू र मध्यकालका बहाः बहीहरू अद्यापि विद्यमान रहेकोले यो भूमि धार्मिक भूमि हो । कालान्तरमा जयस्थितिमल्लको शासनकालमा प्रब्रजित भिक्षु/भिक्षुणीहरूलाई गृहस्थ बन्न बाध्य तुल्याएपछि प्रब्रजित भिक्षु/भिक्षुणीहरू लोप हुँदै गए र बुद्धशासन पाठपूजा र परम्परामा सीमित बन्दै गए ।

मल्लकालपछि काठमाण्डौं उपत्यकामा शाहवंशको प्रादुर्भाव भयो । शाहवंश कालमा विभिन्न राज्यहरूमा विभाजित राज्यहरूलाई एकीकरण गरेर सिंगो नेपाल अधिराज्य भयो । शाहवंशमा पृथ्वी नारायणशाहको हिसाबले ५ औं राजा श्री ५ राजेन्द्र वीर विक्रम शाहको पालामा देशको शासनको अभिभारा राणाहरूको हातमा पऱ्यो । १०४ वर्षसम्म राणाहरूले एकछत्र राज्य गरे। यी राणा शासकहरूमा जनता शिक्षाको अन्धकारबाट बाहिर निस्किएला भन्ने चिन्ता थियो । धर्म सम्झाउने



माहिला उपासक, पुण्यतारा, चंछिमि, संघताराहरूलाई वि.सं.१९८८ मा कुशीनगर लगी भिक्षु ऊ.चन्द्रमणि महास्थविरबाट प्रब्रज्या दिलाएर श्रामणेर शासनज्योति, रत्नपाली, धर्मपाली र संघपाली बनाए ।

यसरी वहाँले आधुनिक नेपालको थेरवाद बुद्ध शासनमा प्रथम ऐतिहासिक धर्मदूत कार्य सम्पन्न गर्नुभयो ।

किण्डोल विहारमा बस्न वहाँलाई सजिलो थिएन । राणाशासकहरूको कुदृष्टि त छँदै थियो, त्यसमाथि बौद्ध भन्नेहरू कै धारणा सही नभएको देखेर, शुद्ध थेरवाद शासनलाई नयाँ धर्म जस्तो ठानेको देखेर नेपालमा शुद्ध थेरवाद धर्म स्थापना गर्न भिक्षुहरूको आवश्यकता महशुस गर्नु भएर किण्डोल विहारको चैत्य अगाडि बसेर दक्षिण दिशा फर्केर भगवान बुद्धलाई हृदयदेखि प्रार्थना गर्नुभयो- "नेपालमा बुद्धशासन स्थापनाको लागि छिट्टै नै पन्ध्रजना भिक्षुहरू बनाउन सकियोस् ।"

यो समय थियो वि.सं.१९९७ अर्थात् बु.सं.२४८४ । यसै क्रममा एकदिन एक भलादमी शिक्षित सप्तरत्न बज्राचार्य धर्म उपदेश सुन्न किण्डोल आइपुगे । धर्मप्रतिको आकर्षणले सप्तरत्न घरबाट भागी भागी दिनहुँ जसो आउन थाले र अन्तमा एकदिन आफ्नो प्रब्रजित हुने इच्छा भिक्षु प्रज्ञानन्द सामु राखे । भिक्षु प्रज्ञानन्द हर्षले प्रफुल्लित भए । तत्पश्चात् भिक्षु प्रज्ञानन्दले सप्तरत्नलाई कुशीनगर लगी ऊ.चन्द्रमणि महास्थविर गुरुबाट प्रब्रज्या दिलाएर श्रामणेर बुद्धघोष नाम राखे र धर्म अध्ययनको लागि आफूसँगै बर्मा लगे । अध्ययन सकेपछि वहाँले रंगुनको महासी सासन यइता शाखा केन्द्रमा अग्गमहापण्डित ऊ. ञाणुत्तर सयादोको आचार्यत्वमा ध्यान अभ्यास गर्नुभयो । अध्ययनको क्रममा वि.सं.२००३ सालमा नेपाल फर्कंदा भिक्षु बुद्धघोष आफ्ना गुरु भिक्षु प्रज्ञानन्द बसीरहनुभएको सुमंगल विहारमा बस्नुभयो । वहाँको निर्देशनमा यही विहारमा बसी धर्म प्रचार गर्नुभयो ।

**भिक्षु बुद्धघोषसँग भिक्षु ज्ञानपूर्णिकको सम्पर्क**

बर्मामा धर्म अध्ययनपछि भिक्षु बुद्धघोष आफ्नो कर्मपथमा लाग्नुभयो । वि.सं.२००६ सालमा उहाँ तानसेनमा वर्षावास बस्न जानुभयो । यहीं चन्द्रमाया शाक्य (भिक्षु ज्ञानपूर्णिक भन्तेको आमा) को भिक्षु बुद्धघोषसँग चिनजान भयो । समय र मौकालाई पर्खंदै एकदिन चन्द्रमाया शाक्यले आफ्ना छोरा (११ वर्षका कलिला बालक) हिरालाल शाक्य (भिक्षु ज्ञानपूर्णिक महास्थविर) लाई भिक्षु बुद्धघोषको हातमा सुम्पिदिए ।

भिक्षु बुद्धघोषले हिरालाललाई केही वर्ष आफूसँग राखेर बुद्धशिक्षा, पालिभाषा सिकाउनु भयो र अथक प्रयासले वि.सं.२०१२ सालमा १६ वर्षको उमेरमा बुद्धधर्मको उच्च शिक्षा अध्ययनको लागि बर्मा लग्नुभयो र बर्माका सुप्रसिद्ध अग्गमहापण्डित भिक्षु विशुद्धाभिवंश महास्थविरको हातमा जिम्मा लगाउनुभयो ।

**अध्ययन**

बर्मा पुगेका हिरालाललाई वि.सं.२०१३ श्रावण ३१ (सन् १९५६ अगष्ट १५) मा प्रब्रजित गरेर श्रामणेर ज्ञानपूर्णिक नाम दिए र २० वर्ष पुगेपछि वि.सं.२०१५ चैत्र महिना (सन् १९५९ अप्रिल १२) मा अभिधज राष्ट्रगुरु सुरियाभिवंश महास्थविरको उपाध्यायत्वमा उपसम्पदा प्राप्त गरी भिक्षु ज्ञानपूर्णिक हुनुभयो । भिक्षु ज्ञानपूर्णिकले ११ वर्षसम्म गहनरूपले धर्म अध्ययन गरेर वि.सं.२०२० (सन् १९६३) मा सासनधजधम्माचरिय उपाधि हासिल गर्नुभयो र पुनः माण्डले स्थित विज्जालंकार विद्यालयमा थप उच्चशिक्षा अध्ययन गर्नुभयो । बर्माको अध्ययनपछि वहाँले पुनः भारतको वाराणस्सेय्य संस्कृत विश्वविद्यालयबाट संस्कृतमा स्नातक गर्नुभयो । नेपाल फर्कि सकेपछि पनि वहाले त्रि.वि.को स्नातकोत्तर तहसम्म अध्ययन गर्नुभयो ।

यसरी आफूलाई धर्म र अन्य अध्ययनमा पोख्त पारिसकेपछि भिक्षु ज्ञानपूर्णिक शासन सेवामा लागी पर्नुभयो ।



## शासनिक सेवा

- सन् १९६४-१९६६ सम्म भिक्षु ज्ञानपूर्णिकले बर्माको बुद्धशासन काउन्सिलको प्रकाशन संस्थामा औपचारिक सरकारी स्तरमा रही पालि-बर्मीज विश्वशब्दकोष सम्पादनमा महत्वपूर्ण योगदान दिनुभयो । यहींबाट भिक्षु ज्ञानपूर्णिकको शासनिक कार्य शुरु भयो ।
- आफ्नो गुरुको समीपमा बसेर सुमङ्गल विहारमा युवाहरूलाई जम्मा पारी धर्म छलफल गर्ने कार्यक्रम सञ्चालन गर्नुभयो र यहीं कार्यक्रमबाट युवक बौद्ध मण्डल (Y.M.B.A) संस्थाको जन्म भयो ।
- ध्यानगुरु ओवादाचार्य महासी सयादोले दिनुभएको उपदेशलाई भाषानुवाद गर्नुभयो, जसबाट वहाँको व्यक्तित्व अझ उजागर हुँदै गयो । धर्मदूत सेवा अन्तर्गत सन् १९८२-१९८४ सम्म इंगल्याण्डमा धर्म प्रचार कार्यमा लाग्नुभयो ।
- नेशिभल टेनिस्सि बुद्धिष्ट टेम्पल अमेरिकामा एक वर्ष बस्नुभई धर्म प्रचार कार्यमा लाग्नुभयो ।
- कर्मस्थानाचार्य ऊ.पण्डिताभिवंश महास्थविरको प्रमुख अनुवादकको रूपमा फ्रान्स, जर्मनी लगायत युरोपका थुप्रै देशहरूमा ध्यानशिविर सञ्चलनमा योगदान दिनुभयो ।
- त्यस्तै सन् १९८८ सम्म वहाँले एशियाको मलेसिया, जापान, साइबेरिया, इन्डोनेसिया, सिंगापुर, श्रीलंका, थाइलैण्ड तथा अष्ट्रेलिया महादेशसम्म पुगी बुद्ध शिक्षा र ध्यान प्रचार प्रसार गर्नुभई धर्मदूत कार्य पूर्ण गर्नुभयो ।
- नेपालमा बुद्धशासन, बुद्धशिक्षा एवं संस्कृति उत्थानको निमित्त बुद्धधर्म सम्बन्धी पाँच दर्जन भन्दा बढी ग्रन्थहरू लेखी बुद्ध शासनको साहित्यिक भण्डार वृद्धि गर्नुभयो ।

## शिक्षा क्षेत्रमा योगदान

- आफ्नो गुरुले स्थापना एवं सञ्चालन गर्नु भएको नेपाल बौद्ध परियत्ति शिक्षाको अभिभारा लिनु भई भविष्यमा समेत निरन्तरता दिन आफ्ना शिष्यहरूलाई पनि यस परियत्ति शिक्षामा लगाउनु भयो ।
- नेपालमा थेरवाद शासन पछिसम्म दिगो रहन् भन्ने हेतुले दक्ष जनशक्ति उत्पादन गर्न विश्वशान्ति शिक्षालय, थेरवाद बुद्धिष्ट एकेडेमी स्थापना एवं सञ्चालन गर्नु भएको थियो ।

यी सबै योगदानको कदर स्वरूप विविध पदले सम्मानित अग्गमहापण्डित सासनधज धम्माचरिय परमपूज्य संघनायक भदन्त ज्ञानपूर्णिक महास्थविरले बि.सं. २०७७ साल असार १९ गते आफ्नो नश्वर देह त्याग गर्नुभयो ।

## गुरु शिष्य परम्परामा देखिएका समगुणहरू

- संघमहानायक प्रज्ञानन्द महास्थविर, संघनायक भिक्षु बुद्धघोष महास्थविर, संघनायक ज्ञानपूर्णिक महास्थविर तीनै जना श्रद्धेय भन्तेहरूको धर्म अध्ययनको थलो बर्मा देश नै रहेको छ ।
- तीनै जना श्रद्धेय भन्तेहरू बुद्धशासनका मुख्य स्तम्भ हुन सफल देखिन्छन् ।



- भिक्षु प्रज्ञानन्द महास्थविरले काठमाण्डौं उपत्यकामा थेरवाद बुद्धशासनलाई पुनरुत्थान मात्र गर्नु भएन राणा शासनको त्यो निरंकुश र क्रुर अवस्थामा पनि निर्भिक रूपले धार्मिक उपदेश दिई जन चेतना जगाउने, विषम स्वभावका मानिसहरूले विभिन्न प्रश्नहरू सोध्न आएमा पनि मैत्री, करुणा र मुदित स्वभावले ती व्यक्तिहरूलाई बोध गराउने गर्नुहुन्थ्यो ।
- त्यस्तै भिक्षु बुद्धघोष महास्थविर शीलले सम्पन्न, निरालसी, आफ्नो अधिष्ठानमा अडिग, जप-पाठमा पूर्णता, धर्मप्रति रुचि राखेर आएकाहरूलाई धर्म उपदेश गरी पूर्ण रूपमा सहयोगी स्वभावले युक्त हुनुहुन्थ्यो ।
- त्यस्तै भिक्षु ज्ञानपूर्णिक महास्थविर स्वाभिमानी, निर्भिक, कर्मस्थानाचार्य, धर्मलाई विभिन्न पर्यायले स्पष्ट रूपले उदाहरण दिई दिई हृदयंगम रूपले बुझाउनमा दक्ष हुनुहुन्थ्यो ।
- तीनै जना श्रद्धेय भन्तेहरू विभिन्न ग्रन्थहरूका रचनाकार भएता पनि अभिधर्ममा विशेष झुकाव एवं ज्ञाता हुनुहुन्थ्यो । धातु भेदानुपस्सना, त्रिलक्खणदीपनी, विशुद्धि प्रज्ञा दर्पण, स्वंगः मिखां स्वयेगु न्हायकं, सङ्खार भाजनी, म्युपेंजी (सं. अ.अग्गत्राणी) आदि भिक्षु प्रज्ञानन्द महास्थविरद्वारा रचित अभिधर्म उन्मुख रचनाहरू हुन् भने अभिधर्मार्थ संग्रह ग्रन्थ भिक्षु बुद्धघोष महास्थविरद्वारा अनुवादित एवं सम्पादित ग्रन्थ हुन् । त्यस्तै भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा अभिधम्मत्थ संगहो भाग-१,२, अभिधर्म परिचय, व्यावहारिक अभिधर्म आदि ग्रन्थहरू रचना गर्नुभयो ।
- तीनै जना श्रद्धेय भन्तेहरू केवल धर्मदेशक मात्र नभई कर्मस्थान ध्यानमा अभ्यासरत, मार्ग निर्देशक एवं कर्मस्थानाचार्य हुनुहुन्थ्यो ।
- तीनैजना श्रद्धेय भन्तेहरू धर्मलाई दिगो राख्न, निरन्तरता दिन, चिरकालसम्म अक्षुण्ण राख्न, शिष्य परम्पराको आवश्यकतालाई देख्नु हुने दूरदर्शी हुनुहुन्थ्यो ।
- तसर्थ भिक्षु प्रज्ञानन्द महास्थविरले शिष्यहरू बनाई बर्मा, श्रीलंका, थाइलैण्ड पठाइ अध्ययन गराउनु भयो । भिक्षु बुद्धघोष महास्थविरले पनि आफ्ना शिष्यहरूलाई बर्मा, श्रीलंका, थाइलैण्ड, अमेरिका पठाई धर्म अध्ययन गराउनु भयो । साथै वि.सं. २०२० सालमा आफ्ना गुरु प्रज्ञानन्द महास्थविरको ६३ औं जन्मदिन अक्षय तृतीयाको दिन औपचारिक रूपमा नेपाल बौद्ध परियत्ति शिक्षा स्थापना गरी सबै नेपालीहरूलाई बुद्ध धर्म पढ्न अवसर प्रदान गर्नुभयो ।
- भिक्षु ज्ञानपूर्णिक महास्थविरले शिष्यहरूलाई अध्ययनको व्यवस्था गर्न विश्वशान्ति शिक्षालय, उच्चशिक्षाको लागि लुम्बिनी विश्वविद्यालय अन्तर्गत पठनपाठन गर्ने गरी थेरवाद बुद्धिष्ट एकेडेमी र विपस्सना भावना केन्द्र स्थापना गर्नु भएर सबैलाई बुद्धधर्म अध्ययन गर्ने, अभ्यास गर्ने सुअवसर प्रदान गरेर जानुभयो । अझ आफ्नो गुरुले स्थापना एवं सञ्चालन गरेर जानुभएको नेपाल बौद्ध परियत्ति शिक्षाको निरन्तरता र विकास कायम गरेर जानुभयो ।
- यसरी थेरवाद शासनका पुनर्स्थापक/पुनरुत्थानक अखिल नेपाल भिक्षु महासंघका आजीवन धर्मानुशासक, अरिय धम्मरक्खित बुद्धसासन वंसालंकार सिरिपवर अग्गमहापण्डित, प्रथम संघमहानायक, भदन्त प्रज्ञानन्दमहास्थविर; थेरवाद शिक्षा संस्थागत रूपमा अध्ययन गर्न परियत्ति शिक्षाका संस्थापक, अग्गमहासद्धम्म जोतिकधज, पाँचौ संघनायक, भदन्त बुद्धघोष महास्थविर; थेरवादशासनलाई दिगो राख्न र दक्ष जनशक्ति उत्पादनका अगुवा, अग्गमहापण्डित, सासनधजधम्माचरिय, कर्मस्थानाचार्य, परमपूज्य, सातौं संघनायक, भदन्त डा. ज्ञानपूर्णिक महास्थविरहरू साँच्चै गुरु शिष्य परम्पराका पदचिन्ह अनुसरक हुनहुन्छ भन्दा कुनै अत्युक्ति नहोला ।
- अतः भिक्षु प्रज्ञानन्द महास्थविरले नेपालमा शुद्ध थेरवाद धर्म ह्रास भईसकेको निरंकुश राणा शासनकालको त्यो समयमा किण्डोल विहारको चैत्य अगाडि दक्षिण दिशातर्फ फर्की भगवान बुद्धसँग प्रार्थना गर्नुभएको वहाँको अन्तर्मनको प्रार्थनाको फल हुन् भिक्षु ज्ञानपूर्णिक महास्थविर ।

**चिरं तिट्ठतु सद्धम्मो**

❖❖❖

# ध्यानगुरूको रूपमा भिक्षु ज्ञानपूर्णिक




**अनागारिका विमलज्ञाणी**
*अ.बौ.भा.के.*




तथागत बुद्ध चार असंख्य र एक लाख कल्पसम्म पारमिताधर्महरू पूरा गरेर सम्यक्सम्बुद्ध हुनुभयो । मुत्तो मोचेय्यं–आफू संसार ओघबाट मुक्त भइ अरू प्राणीहरूलाई पनि मुक्त गराउन, तिण्णो तारेय्यं – आफूस्वयंले संसार ओघलाई पार गरी अरूलाई पनि पार गराउन सम्यक्सम्बोधि ज्ञान लाभ गर्नुभयो । सर्वज्ञ बुद्ध भइसक्नु भएपछि सत्वप्राणीहरूलाई संसार ओघबाट मुक्त हुने, संसार ओघलाई पार गर्ने अधिशील, अधिचित्त र अधिप्रज्ञा तीन शिक्षा धर्महरूलाई सिकाउनु बुझाउनु भयो । संसारले दुःखबाट मुक्त हुन चाहनेहरूले ध्यानभावना अभ्यास आचरण गरेर ती तीन शिक्षाधर्महरू पूरा गर्नु पर्दछ ।

**झानन्ति दुविधं झानं आरम्मणूपनिज्झानञ्च लक्खणूपनिज्झानञ्च** – ध्यान भनेको दुई प्रकारका छन्, आरम्मणउपनिध्यान र लक्खणउपनिध्यान । ध्यानलाई पालिभाषामा झान भनिन्छ। झान शब्दलाई पच्चनीकधम्मे झापेतीति झानं । वा झायति उपनिज्झायतीति झानं भनेर विग्रह गरिराखेको छ । प्रत्यनीक अर्थात् प्रतिपक्षी नीवरणधर्महरूलाई डहन गर्ने, बालिदिने भएकोले झान –ध्यान भनिन्छ । अर्को अर्थमा आरम्मण वा गोचरलाई राम्रोसंग दृढरूपमा भाविता गर्ने भएकोले झान –ध्यान भनिन्छ । पहिलो विग्रहअनुसार ध्यानको झापन गर्ने वा डहन गर्ने लक्षण छ भने दोश्रो विग्रहअनुसार उपनिध्यान वा ध्यानपूर्वक हेर्ने लक्षण छ । यस्तो लक्षण भएको ध्यान आरम्मण उपनिध्यान र लक्षणउपनिध्यान भनि दुई प्रकारका छन् ।

कसिण इत्यादि आरम्मणलाई स्पष्टसंग दृढरूपमा ध्यानपूर्वक भाविता गर्ने भएकोले उपचारसमाधिसहित आठ समापत्ति ध्यानलाई आरम्मणउपनिध्यान भनिन्छ । यो समथध्यान हो । एकाग्रता समाधि ध्यानअंगसंग यसको सम्बन्ध छ । ध्यानमा समावेश भएको सम्बन्धित ध्यान अंगले सम्बन्धित प्रतिपक्षी नीवरण धर्महरूलाई डहन गर्ने, बाल्ने कार्य गर्छ । वितर्कले चित्त चैतसिकको आलस्यपन सुस्ततालाई, विचारले शंका संशयलाई, प्रीतिले द्वेषलाई, सुखले चंचलता र पश्चातापलाई, अनि एकाग्रता समाधिले कामछन्दलाई डहन गर्छ ।

अनित्यलक्षण इत्यादिहरूलाई राम्रोसंग देख्ने गरी ध्यानपूर्वक भाविता गर्ने भएकोले विपस्सना मार्गफलहरूलाई



लक्षणउपनिध्यान भनिन्छ । विपस्सनाले अनित्यलक्षण इत्यादि भाविता गर्ने भएकोले लक्षणउपनिध्यान हुन्छ । विपस्सनाको कार्य मार्गअवस्थामा पुगेपछि मात्र सिद्ध हुने भएकोले मार्गलाई पनि लक्षणउपनिध्यान भनिन्छ। फलले निरोधसत्य निर्वाणको अविपरित लक्षणलाई देख्ने भएकोले फललाई पनि लक्षणउपनिध्यान भनिन्छ ।

संसार ओघबाट मुक्त भइ शान्ति सुख प्राप्त गर्न चाहनेहरूले लक्षणउपनिध्यानलाई भाविता गर्नु आवश्यक छ । आफू को हो, आफूभित्र के छ, जीवनको वास्तविकतालाई थाहा पाउन, जान्न, बुझ्न विपस्सनाभावना अभ्यास नगरी हुँदैन । चित्तलाई मलिन बनाइदिने अविद्या तृष्णा आदि क्लेशहरू निरन्तर उत्पत्ति भइरहेको कारण हामी जीवनको यथार्थतालाई बुझ्न नसक्ने, थाहा पाउन नसक्ने अवस्थामा पुगिराखेका छौं । वितिक्रमक्लेश, परियुष्ठानक्लेश र अनुसयक्लेश भन्ने तीन प्रकारका क्लेशहरूमध्ये वितिक्रमक्लेशलाई शरीर र वचन शुद्ध बनाउने शीलधर्म पालन गरेर प्रहाण गर्न सकिन्छ । आफ्नो चित्तलाई समाधिद्वारा नियन्त्रण गरी एकाग्र गरेर परियुष्ठानक्लेशलाई प्रहाण गर्न सकिन्छ । कारण जुट्यो कि प्रकट हुने, निस्क्रिय जस्तै भएर पनि अति सक्रिय, भित्र भित्र लुकिराखेको अनुसयक्लेशलाई पूर्णरूपमा प्रहाण नगरेसम्म संसार ओघलाई नाघ्न सकिंदैन । विपस्सनाप्रज्ञा, मार्गप्रज्ञा उत्पन्न नहुञ्जेल यो अनुसयक्लेशले प्राणीहरूलाई निरन्तर सास्ति गरि नै रहनेछ । तदंग र विष्कम्भण प्रहाणद्वारा यी क्लेशहरूलाई केही समयको लागि हटाउन सकिन्छ । पूर्णरूपमा निर्मूल हुने गरी समुच्छेदप्रहाणद्वारा प्रहाण गर्ने भनेको सम्बन्धित मार्गज्ञानहरूले मात्र सम्भव छ । मार्गज्ञान उत्पन्न नभइकन कुनै पनि क्लेशहरू निरवशेष निर्मूल हुँदैन ।

तथागत बुद्धको मूल अनुशासनमध्ये एक **सचित्तपरियोदपनं =** आफ्नो चित्तलाई परिशुद्ध गर्नु भन्ने अववादअनुसार चित्त पूर्णरूपमा परिशुद्ध हुने भनेको अरहत्तमार्गद्वारा सम्पूर्ण क्लेश निर्मूल गर्न सकेमात्रै हो । यी मार्गज्ञानहरू उत्पन्न हुनको लागि विपस्सनाज्ञान क्रमशः वृद्धि हुनु अति जरूरी छ । सतिपट्ठान विपस्सना भावना भाविता गरेर मार्गफलज्ञानमा पुगेकाहरू राग द्वेष मोह इत्यादि क्लेशहरूबाट परिशुद्ध हुन्छन् । शारीरिक र मानसिक दुःखकष्ट पीडा हटेका हुन्छन् । शोक सन्ताप विलाप परिदेवलाई नाघ्ने हुन्छन् । मार्गज्ञान लाभ भई सम्पूर्ण दुःख निरोध हुने निर्वाणलाई साक्षात्कार गर्ने हुन्छन् । क्लेशहरूबाट परिशुद्ध हुन र निर्वाणलाई साक्षात्कार गर्नको लागि एक मात्र मार्ग यो सतिपट्ठान भावनाले परमार्थ नामरूपधर्महरूलाई यथाभूत रूपमा जान्ने बुझ्ने भएकोले यो अति महत्वपूर्ण भावना हो ।

यस्तो महत्वपूर्ण भावनालाई पहिलो चोटि अभ्यास गर्ने अवसर नेपालका सातौं संघनायक दिवंगत श्रद्धेय ज्ञानपूर्णिक महास्थविरलाई सन् १९५७ तिर वहाँ १७ – १८ वर्षको उमेर हुँदा प्राप्त भयो । बर्मा, रंगूनस्थित महाशी ध्यान केन्द्रमा श्रद्धेय सयादो ऊ पण्डिताभिवंसको निर्देशनमा एक हप्ता सतिपट्ठान विपस्सना ध्यान अभ्यास गर्नुभयो । त्यसपछि अध्ययनमा लाग्नुभयो । बर्मा सरकारको धार्मिक मन्त्रालयबाट सञ्चालित परियत्ति परीक्षा उत्तीर्ण गरेर सासनधज धम्माचरिय उपाधि प्राप्त गरिसकेपछि सोही मन्त्रालयको एक परियोजना त्रिपिटक पालि बर्मेली शब्दकोष तयार गर्नमा सहयोग गरेर वहाँले ३ वर्ष बिताउनु भयो ।

ई.सं. १९६६ मा बर्माबाट स्वदेश फर्कन लाग्दा सयादो ऊ ञाणुत्तर महास्थविरको प्रेरणास्वरूप महाशी ध्यान केन्द्रमा फेरि एक महीना शिविरमा बस्नुभयो। सयादो ऊ पण्डिताभिवंसको निर्देशनमा नै विपस्सना ज्ञानक्रम उपदेश सुन्ने सुअवसर प्राप्त हुने गरीकन ध्यान अभ्यास गर्नुभयो । त्यसपछि पनि वहाँ भन्ते समय समयमा बर्मा पाल्हुहुँदा शिविरमा बस्ने गर्नुहुन्थ्यो ।

नेपाल फर्किएपछि बुद्धका अमूल्य शिक्षाहरू जनमानसमा पुऱ्याउन कडा परिश्रम गर्नुभयो। युवाहरूलाई गम्भीर परमार्थ देशना अभिधर्म पनि अध्ययन गराउनु भयो। सैद्धान्तिक रूपमा अध्ययन गरिराखेको अभिधर्मलाई व्यावहारिक अभ्यासले झनै प्रष्ट बुझ्नसक्ने हुनाले छोटो अवधिको भएपनि प्रणिधिपूर्ण महाविहार, बलम्बूमा सतिपट्ठान विपस्सना ध्यान शिविर सञ्चालन गरी ध्यानको अमृत रसपान गराउनुभयो। यो शिविरलाई वहाँ दिवंगत संघनायक भन्तेले ध्यानगुरुको रूपमा सञ्चालन




गर्नुभएको प्रथम ध्यान शिविर भन्नुपर्‍यो ।

नेपालमा तथागत बुद्धका धर्मशिक्षाहरू रातदिन निरन्तर प्रचारप्रसार गर्दै गइरहँदा श्रद्धेय अमृतानन्द भन्तेले सन् १९७९ सालमा मंगोलियामा हुन गइरहेको शान्ति सम्मेलनमा भाग लिन वहाँ भन्तेलाई पनि साथमा लानुभएको थियो । त्यहाँबाट फर्कने क्रममा बेलायत भ्रमण गर्न जानुभयो । बेलायतमा बर्माका सुप्रसिद्ध ध्यानगुरु महोपकारक महाशी सयादोसंग भेट हुनपुग्यो । वहाँ सयादोले लण्डनमा विपस्सना ध्यानशिविर सञ्चालन गरिराख्नु भएको थियो । त्यस शिविरमा धर्मदेशना गर्ने बेला र योगीहरूलाई ध्यान जाँच लिने बेलामा ज्ञानपूर्णिक भन्तेले सयादोको भाषापरिवर्तक भई सहयोग गर्नुभयो । पछि सयादोकै आज्ञाअनुसार लण्डनको बर्मिङघाम विहारमा बसेर सन् १९७९ देखि १९८२ सम्म रेवतधम्म भन्तेलाई बुद्ध शासनिक कार्यमा सहयोग गरिरहनुभयो ।

लण्डनमा बस्दै गर्दा अमेरिकाको टेनेस्सी स्थित नाय्सभिले भन्ने ठाउँमा एक बर्मीदाताले स्थापना गरेको विहारको लागि एकजना ध्यानगुरु पठाइदिनु पर्‍यो भन्ने ऊ वें स्यें दाताको प्रार्थनाअनुसार रेवतधम्म भन्तेले ज्ञानपूर्णिक भन्तेलाई अमेरिका जान भन्नुभयो । ज्ञानपूर्णिक भन्तेले सो विहारमा रहेर अमेरिकनहरूलाई विपस्सना ध्यान भावना सिकाउन थाल्नुभयो । शुरुमा ३/४ जना मात्र ध्यान गर्न आउनेहरू थिए । पछि ध्यानबाट प्रभावित भएर उनीहरूले नै 'नाय्सभिलेमा एकजना ध्यानगुरुले ध्यान सिकाइराख्नु भएको छ है' भनि प्रचार गर्दा दिनहुँ १५/१६ जनासम्म ध्यान बस्न आउनेहरू भए । सन् १९८२ मा एक वर्ष जतिको अमेरिका बसाईमा वहाँ भन्तेले विपस्सना ध्यान सिकाउनुका साथसाथै विभिन्न प्रदेशहरूमा गएर धर्मउपदेश दिने कार्य पनि गर्नु भएको थियो ।

सन् १९८४ तिर वहाँ भन्ते अमेरिका र बेलायतबाट नेपाल फर्कनु भइ विश्व शान्ति विहारमा बस्न थाल्नुभयो । शंखमूलस्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र स्थापना हुनुभन्दा पहिला विश्व शान्ति विहारमा हरेक शनिवार बिहान विपस्सना ध्यान अभ्यास र धर्मदेशनाको कार्यक्रम नियमितरूपमा सञ्चालन भइरहेको थियो । श्रद्धेय भन्तेले नै ध्यान निर्देशन तथा धर्मदेशना गर्नुहुन्थ्यो ।

सन् १९८१ सालमा बर्माका विश्वप्रख्यात ध्यानगुरु महाशी सयादो नेपाल पाल्नुहुँदा लुम्बिनीमा दशदिवसीय ध्यानशिविर सञ्चालन गर्नुभएको थियो । सो शिविरमा महाशी सयादोले आफूले संक्षिप्तमा ध्यान निर्देशन दिएर वहाँ भन्तेलाई विस्तृतरूपमा व्याख्या गर्न लगाउनु हुन्थ्यो । त्यो शिविरमा सयादोद्वारा देशित उपदेशलाई संग्रह गरेर 'लुम्बिनी विपस्सना' नामक पुस्तक प्रकाशन भएको थियो । महाशी सयादोको देहावसानपछि वहाँका शिष्य सयादो ऊ पण्डिताभिवंस नेपालमा र विदेशमा विपस्सनाध्यान शिविर सञ्चालन गर्न जानुहुँदा ज्ञानपूर्णिक भन्तेलाई अनुवादकको रूपमा संगै लानुहुन्थ्यो । ती विपस्सना शिविरहरूमा भाषानुवादकको कार्य मात्र नभइकन योगी साधकसाधिकाहरूलाई ध्यान जाँच लिइ निर्देशन दिने कार्य पनि वहाँले गर्नुहुन्थ्यो । भाषा अनुवाद गर्नमा दक्ष साथै ध्यान निर्देशन दिनमा कुशल र सिपालु वहाँ भन्तेबाट प्रभावित हुने एशिया, युरोप, अमेरिका, अष्ट्रेलियाका योगीहरूले अहिलेसम्म पनि वहाँलाई राम्रोसंग स्मरण गरिरहेका छन् । योगीहरू मात्र नभइकन विश्व प्रख्यात ध्यानगुरुहरू धेरैसंग पनि वहाँको राम्रो सम्बन्ध छ । बेलायतको अमरावती विहारका आचान् सुमेध, अष्ट्रेलिया, पर्थका आचान् ब्रह्मासंग पनि वहाँ भन्तेको धेरै नजिकको सम्बन्ध छ । कल्याणमित्र सत्यनारायण गोयन्काज्यूसंग त वहाँको अति नै घनिष्ठ सम्बन्ध छ । गोयन्का गुरुज्यूको त्रिपिटक पालिग्रन्थ प्रकाशन आयोजना अन्तर्गत देवनागरी लिपिको ग्रन्थ श्रद्धेय भन्तेले संशोधन गर्नुभएको थियो ।

श्रद्धेय ज्ञानपूर्णिक भन्तेले भारत, बोधगयास्थित बर्मीज विहारमा अमेरिकाको एउटा विश्वविद्यालयका विद्यार्थीहरूको लागि महिना दिनको विपस्सना शिविर सञ्चालन गर्नुभएको थियो । साथसाथै अति धेरै जिज्ञासा भएका ती विद्यार्थीहरूका बुद्ध शिक्षा सम्बन्धि जिज्ञासाहरू पनि उनीहरूलाई चित्त बुझ्ने गरिकन स्पष्ट पारि दिनुहुन्थ्यो ।

श्रद्धेय ज्ञानपूर्णिक भन्तेले सन् १९९२ देखि २०१२ सम्म वर्षको दुई तीन पटक पनि पूर्वी मलेशिया र पश्चिम मलेशियाका विभिन्न ध्यान केन्द्रहरूमा दश दिनदेखि




महिना दिनसम्मको विपस्सना शिविरहरू सञ्चालन गर्नु हुन्थ्यो । आङ्गना गुरु सयादो ऊ पण्डिताभिवंसको आज्ञालाई पालना गर्दै अति चिसो ठाउँ पूर्वी मलेशियाको सबाह, कुन्दासान् स्थित एक जंगल ध्यान केन्द्रमा त वर्षेनि ध्यान शिविर सञ्चालन गर्नुहुन्थ्यो । । सबाह, कुन्दासान् स्थित जंगल ध्यान केन्द्रमा जान नसक्नेहरूका लागि भनेर वहाँ भन्तेकै प्रेरणास्वरूप वहाँलाई नै उद्देश्य राखी जंगल ध्यान केन्द्रबाट नजिकको शहरमा सन् २००८ मा विमुत्तिसुखाराम ध्यान केन्द्र स्थापना भएको थियो । वहाँ त्यस ध्यान केन्द्रका धर्मानुशासक मात्र नभइ जग्गा दाताहरूमध्येमा एकजना पनि हुनुहुन्छ । वहाँ भन्तेले सिंगापुरस्थित श्रीलंकन विहारमा पनि शिविरहरू सञ्चालन गर्नुभएको थियो ।

आफू स्वयंले विपस्सनाज्ञानहरूलाई अति नै स्पष्टरूपमा प्रत्यक्ष अनुभव गरिसक्नुभएका वहाँ भन्ते सैद्धान्तिक ज्ञानमा पनि अति पोख्त हुनुहुन्छ । त्यसैले योगीहरूमा ध्यान अभ्यासको क्रममा उत्पन्न हुने जुनसुकै कठिनाइहरूलाई पनि सजिलैसंग समाधान गरिदिन सक्नुहुन्थ्यो । वहाँ भन्तेको क्षमता र कुशलता, ध्यान सिकाउने तरीका र वहाँको त्रिपिटकसम्बन्धी सैद्धान्तिक र व्यावहारिक ज्ञानबाट प्रभावित भएर विशेष गरिकन मलेशिया र सिंगापुरका योगीदाताहरूले वहाँप्रति धेरै श्रद्धाभाव आदरभाव राख्ने, वहाँको बुद्ध शासनिक कार्यमा चतुप्रत्ययद्वारा सहयोग गर्ने गरिरहेका छन् । सन् १९९४ तिर ती मलेशियन योगीहरूले वर्षावासको समयमा त्रिशुलीको सुगतपुर विहारसम्म आइ तीन महीना वहाँ भन्तेको निर्देशनमा विपस्सना भावना अभ्यास गरेका थिए ।

श्रद्धेय भन्तेले इन्दोनेशियाको बा:कोमस्थित यायासान ध्यान केन्द्र, त्यस्तै पूर्वी जावा स्थित धम्मदीपा आराम विहारमा विपस्सना ध्यान शिविर सञ्चालन गरेर इन्दोनेशियालीहरूलाई पनि विपस्सनाको अमृत रसपान गराउनु भएको थियो ।

वहाँ भन्ते विदेशीहरूका बीच एक कुशल सक्षम ध्यानगुरुका रूपमा सुपरिचित हुनु भएतापनि मातृभूमि नेपालमा भने थोरै नेपालीहरूले मात्रै वहाँलाई ध्यानगुरुको रूपमा चिनेका छन् । विश्व शान्ति विहार विशेष गरिकन अध्ययन गर्ने स्थान भएको कारणले पनि सायद नेपालीहरूका माझ वहाँ ध्यानगुरुको रूपमा अपरिचित भएको हुनसक्छ । वहाँका ध्यानगुरु श्रद्धेय पण्डिताभिवंस सयादोले अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको स्थापनाकालदेखि नै वहाँलाई केन्द्रमा बसोबास गरेर कम्मट्ठानाचरिय ध्यानगुरुको जिम्मेवारी वहन गर्न आज्ञा हुनुभएको थियो । तापनि बर्माबाट पाल्नुभएका कम्मट्ठानाचरिय गुरुलाई स्वतन्त्रपूर्वक ध्यान अभ्यास गराउने वातावरण सिर्जना होस् भन्ने हिसाबले वहाँले त्यो कार्यभार लिनुभएन । भाषापरिवर्तक भएर मात्र धेरै सहयोग गर्नुभयो । सयादो ऊ पण्डिताभिवंस नेपाल पाल्न नसक्ने अवस्थामा सयादोको आज्ञाअनुसार अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा भन्तेले नै विशेष शिविर सञ्चालन गर्नुभएको थियो । पछि पनि वहाँले बेलाबेलामा विश्व शान्ति विहार तथा अ. बौ. भा. के. मा विपस्सना शिविरहरू सञ्चालन गर्ने गर्नुभयो ।

श्रद्धेय ज्ञानपूर्णिक भन्तेलाई शुरुदेखि नै महाशी ध्यान केन्द्र, रंगून, बर्माले कम्मट्ठानाचरिय ध्यानगुरुको रूपमा प्रतिपत्ति शासनिक कार्यको जिम्मेवारी दिएको थियो । महाशी ध्यान केन्द्रमा पाल्नुहुँदा ओवादाचरिय सयादो ऊ पण्डिताभिवंसको आज्ञाअनुसार नेपालबाट ध्यान अभ्यास गर्न आइरहेका नेपाली भन्ते, गुरुमां तथा उपासक उपासिकाहरूलाई त्यहाँ ध्यान निर्देशन दिने, ध्यान जाँच लिने, त्यस्तै बर्मेली उपासक उपासिका योगीहरूलाई बर्मी भाषामा धर्मउपदेश दिने गर्नुहुन्थ्यो । वहाँको उपदेशबाट बर्मेली उपासक उपासिकाहरू अति नै प्रभावित हुन्थे ।

महान् प्रतिभाशाली ध्यान गुरु वहाँ श्रद्धेय संघनायक भन्ते जीवितं अनिच्चं – जीवन अनित्य छ भन्ने बुद्धवचनलाई साकार गर्दै संसारको धर्मता नियमअनुसार २०७७ साल असार १९ गते दिवंगत हुनुभयो । यो लेखद्वारा दिवंगत श्रद्धेय भन्तेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । साधु साधु साधु ।

❖❖❖

# अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका धर्मानुशासक भिक्षु ज्ञानपूर्णिक महास्थविर



अनागारिका अग्गज्ञाणी
*अ.बौ.भा.के.*



अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका धर्मानुशासक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालमा थेरवाद बुद्धशासन उन्नति र अभिवृद्धिको निमित्त महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ। सतिपट्ठान विपस्सना भावना प्रचार प्रसार, परियत्ति शिक्षा संचालन, बौद्ध ग्रन्थ अनुवाद एवं लेखन, विहार निर्माण एवं सञ्चालन, भिक्षु, श्रामणेर, अनागारिका प्रव्रजित दक्ष जनशक्ति तयार गर्ने, बुद्धधर्ममा उच्चशिक्षा दिने कार्यमा उहाँले उल्लेख्य भूमिका निर्वाह गर्नुभएको छ। अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र स्थापना र विकास गर्नमा पनि उहाँले महत्वपूर्ण योगदान पुऱ्याउनु भएको अविस्मरणीय छ।

आध्यात्मिक सुख शान्ति प्राप्तिको लागि नभई नहुने सतिपट्ठान विपस्सना भावना प्रचार प्रसार गर्ने उद्देश्यले २०४२ सालमा स्थापित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको संस्थापन र सञ्चालन गर्नमा उहाँको ठूलो योगदान रहेको छ। स्मरणीय छ, ध्यान केन्द्र निर्माण हुनुभन्दा अगाडि इ.सं १९८४ मा अनागारिका उप्पलवण्णा, उहाँका बहिनीहरू लगायत परिवारको निमन्त्रणा अनुसार युवक



बौद्ध मण्डल नेपालको व्यवस्थापनमा भद्दन्त पण्डिताभिवंस सयादोजीलाई निमन्त्रणा गरी ललितपुर स्थित अक्षेश्वर महाविहारमा स्वदेशी योगीहरू मात्र नभई विदेशी योगीहरू सम्मिलित भएको दश दिनको ध्यान शिविर सञ्चालन भएको थियो । त्यसबेला उपासिका चैत्यमाया शाक्य पनि ध्यान बस्नु भएको थियो । सो ध्यान शिविरमा सयादोजीको उपदेश अनुवाद एवं योगीहरूको ध्यान अनुभव अनुवाद गर्ने, संग्रह गर्ने कार्य उहाँ भन्तेले नै गर्नुभएको थियो ।

त्यही समयमा उहाँ ज्ञानपूर्णिक महास्थविरले नेपालमा महोपकारक महासी सयादोको अनुशासन अनुसार भद्दन्त पण्डिताभिवंस महास्थविरको निर्देशनमा र संरक्षणमा स्थायी रूपले सतिपट्ठान विपस्सना ध्यान अभ्यास गर्नको लागि एउटा छुट्टै ध्यान केन्द्र स्थापना गर्नको लागि सुझाव, सल्लाह र प्रेरणा दिनु भए अनुसार श्रद्धालु उपासिका चैत्यमाया शाक्य (अनागारिका चन्दत्राणी)बाट शंखमूलस्थित करिब ८ रोपनी जग्गा प्रदान गर्ने श्रद्धा उत्पन्न भएको थियो । यसको फलस्वरूप दाताले भद्दन्त पण्डिताभिवंस महास्थविरको उपस्थितिमा ध्यान केन्द्रको लागि विधिवतरूपमा जग्गादान दिएको र उहाँ सयादोबाट शिलान्यास भएको कुरा अविस्मरणीय छ । ध्यानकेन्द्र निर्माण कार्यमा दिवंगत भिक्षु सुमंगल महास्थविरको र धम्मवती गुरुमांको पनि ठूलो योगदान रहेको छ ।

ध्यानकेन्द्रको भवन निर्माण भएपछि पहिलो ध्यान शिविर २०४४ साल असार महिनामा एक महिनाको लागि केन्द्रका प्रमुख ओवादाचरिय सयादो भद्दन्त पण्डिताभिवंसको निर्देशनमा शुभारम्भ भएको थियो । सो शिविरमा बर्मेली भाषाबाट नेपालभाषामा अनुवाद गर्ने कार्य ज्ञानपूर्णिक महास्थविर भन्तेले गर्नुभएको थियो । उक्त शिविरमा लेखक स्वयंलाई पनि भावना अभ्यास गर्ने अवसर मिलेको थियो र उहाँ भन्तेको माध्यमबाट सयादोजीसँग सम्पर्क हुन गई आफूमा प्रव्रजित हुने श्रद्धा उत्पत्ति भएको थियो । शिविर सकेको पन्ध्र दिनपछि श्रद्धेय भन्तेले म र मेरा दुईजना साथीहरूलाई बोलाएर सोध्नु भयो "तिमीहरूलाई बर्मा जान मनलाग्छ ?, सयादोजीले अध्ययन गर्ने ईच्छा भएकाहरूलाई बर्मामा पठाउनु भन्नुभएको छ ।" हामीले खुशीसाथ बर्मामा अध्ययनका लागि जान मनलाग्छ भनी जवाफ दियौं । उहाँ भन्ते मार्फत हामी प्रव्रजित भएर बर्मामा अध्ययन गर्ने ईच्छा भएको कुरा सयादोजीलाई प्रार्थना गर्दा उहाँ सयादोजी खुशी हुनुभई छिटो आउनु भन्ने आज्ञा हुनुभयो । अनि श्रद्धेय ज्ञानपूर्णिक भन्तेले हामीहरूलाई अनुकम्पा राखी बर्मीज भाषा सिकाउनुको साथै आवश्यक जानकारी दिनु भएको कारणले बर्मामा अध्ययन गर्न सहज भयो । त्यहाँ सयादोजीको छत्रछायामा बसी अध्ययन गरी धम्माचरिय उत्तीर्ण गर्नुका साथै ध्यान भावनाको अभ्यास गर्नपाएको मेरो लागि ठूलो उपलब्धिको कुरा हो ।

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रले स्थापना कालदेखि सतिपट्ठान विपस्सना ध्यान शिविर तथा अन्य धार्मिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

### १. शनिबारको नियमित कार्यक्रम

प्रत्येक शनिबार विहान ध्यान एवं धर्मदेशनाको कार्यक्रम पनि नियमित रूपमा सञ्चालन हुँदै आएको छ । विशेषतः महिनाको अन्तिम शनिवार उहाँ भन्तेले पनि उपदेश दिने गर्नुहुन्थ्यो ।

### २. वर्षावासको समयमा ध्यान शिविर

प्रत्येक वर्ष वर्षावास (असार पूर्णिमादेखि असोज पूर्णिमासम्मको) समयमा तीन महिना लामो शिविर संचालन



हुँदै आएको छ ।  श्रद्धेय भन्ते यस केन्द्रमा रहनुहुँदा उहाँले पनि ध्यान निर्देशन तथा उपदेश दिने गर्नुहुन्थ्यो ।

**३. विशेष शिविर**

यस केन्द्रका प्रमुख ओवादाचरिय सयादो भद्दन्त पण्डिताभिवंशको निर्देशनमा वर्षको एक पटक फाल्गुण महिनामा विशेष शिविर सञ्चालन हुँदै आएकोमा उहाँको निधन पश्चात म्यानमारका महानायक, नायक महास्थविर हरूबाट विशेष शिविर सञ्चालन हुँदै आएको छ । उहाँहरूको अनुपस्थितीमा कुनै कुनै शिविर यस केन्द्रका धम्मानुसासक उहाँ भन्तेको निर्देशनमा पनि संचालन भएको थियो ।

**४. बुद्ध जयन्तीको उपलक्ष्यमा प्रव्रजित शिविर**

ललितपुरमा विभिन्न विहार संघ संस्था, टोलले पालै पालो आयोजना गरी विविध कार्यक्रमका साथ मनाउने बुद्ध जयन्तीका कार्यक्रमहरू मध्ये कुलपुत्र र कुलपुत्रीहरूलाई प्रव्रज्या गरी यस भावना केन्द्रमा १० दिनको प्रव्रजित शिविर संचालन हुंदै आएको छ ।

**५. बाल लघुशिविर**

यस ध्यान केन्द्रमा  सानै उमेरदेखि बुद्धशिक्षा अभ्यास गराई नैतिकवान्, चरित्रवान् बनाउने उद्देश्यले २०४६ सालदेखि विद्यालयको हिउँदे बिदा र गर्मी बिदाको समयमा बालबालिकाहरूको लागि बाल लघुशिविर सञ्चालन हुँदै आएको छ ।

**६. प्रत्येक महिनामा योगीहरूको अनुकूलता अनुसार ध्यान शिविर**

प्रत्येक महिना दश दिवसीय ध्यान शिविरका साथै अनुकूलता अनुसार अन्य दिनमा पनि ध्यान बस्न सक्ने गरी शिविरको व्यवस्था हुँदै आएको छ ।

**७. एक दिवसीय शिविर**

प्रत्येक महिनाको अन्तिम शनिबार एक दिवसीय ध्यान शिविर नियमितरूपमा सञ्चालन हुँदै आएको छ । इच्छुक संघ संस्थाको अनुरोधमा यस्ता शिविरहरू उपत्यका भित्र र बाहिर पनि सञ्चालन हुँदै आएको छ । साथै गुरुमांहरूको  अनुकूलता हेरी गुरुमांहरूको लागि  पनि एक दिवसीय ध्यान शिविर  हुँदै आएको छ । उहाँ भन्ते यस केन्द्रमा रहनुहुँदा सो शिविरमा सहभागी गुरुमांहरूलाई ध्यान निर्देशन तथा ओवाद दिने गर्नुहुन्थ्यो ।

**८ बुद्धशिक्षा अभ्यास कक्षा संचालन**

बालबालिका तथा युवाहरूका लागि प्रत्येक शनिबार विहान ध्यान भावना एवं परियत्ति शिक्षाका कक्षाहरू सञ्चालन हुँदै आएको छ । सानै उमेरदेखि बुद्धशिक्षा, बौद्ध संस्कृति, बौद्ध सभ्यताको शिक्षा दिइ नैतिकवान्, चरित्रवान् बनाउने उद्देश्यले वि.सं. २०४७ सालदेखि सो कक्षा सञ्चालन हुँदै आएको छ ।

**९. अनागारिका एवं ऋषिनीहरूलाई तालिम**

बुद्धशासनमा परियत्तिबाट अलग्ग नभएको पटिपत्ति र पटिपत्तिबाट अलग्ग नभएको परियत्ति शिक्षा दिई सक्षम अनागारिकाहरू तयार गर्ने एवं बुद्धशासनिक कार्य गर्नको निम्ति अनागारिकाहरुका लागि बनाएको अनागारिका भवनमा बर्माबाट अध्ययन गरी आउनु भएका गुरुमांहरूबाट नयाँ अनागारिका र ऋषिनीहरूलाई तालिम दिने कार्यक्रम पनि यस केन्द्रमा हुँदै आएको छ ।



यसरी ध्यानकेन्द्रको गतिविधिहरू सुचारु रूपमा सञ्चालन गर्नमा उहाँको योगदान सराहनीय छ। विशेषतः ओवादाचरिय सयादो नेपाल आउनुभई ध्यान शिविर सञ्चालन हुँदा उहाँले भाषा अनुवादसँगै योगीहरूलाई आवश्यक निर्देशन दिएर सहयोग गर्नुभएको छ। ध्यान बस्न आउने योगीहरूका लागि महासी सयादोको ध्यान निर्देशन उहाँले अनुवाद गर्नुभएको उहाँकै स्वरमा टेप सुनाउने चलन जारी नै छ। जुन निर्देशन सुनेर योगीहरूलाई ध्यान बस्न सहज महसूस भईरहेको छ । त्यस्तै वर्षावास वा अन्य ध्यान शिविरहरूमा पनि सयादोजीबाट ध्यानसम्बन्धी दिनुभएको उपदेशहरूलाई उहाँ भन्तेले नेपालभाषा र नेपाली भाषामा शब्द शब्द कोट्याई अनुवाद गर्नुभएको सुनेर योगीहरूमा सद्धर्मप्रति श्रद्धा जागृत भएको पाइन्छ। उहाँ भन्तेले अनुवादको अलावा आफ्नै निर्देशनमा पनि ध्यान शिविर संचालन गर्ने तथा समय समयमा ओवाद उपदेश दिने कार्य गर्नुभएको थियो ।

परम पूज्य महोपकारक महासी सयादो, भद्दन्त पण्डिताभिवंस सयादोजीहरूको नेपाल लगायत देश विदेशमा धर्मदूतको कार्यमा उहाँ भन्तेको संलग्नता थियो। उहाँ स्वयंले पनि ध्यानगुरुको रूपमा हरेक वर्ष मलेसिया, सिंगापुरमा जानुभई सतिपट्ठान विपस्सना भावना शिविर संचालन गर्नुभएको थियो । ध्यान शिविरबाट लाभान्वित त्यहाँका उपासक उपासिकाहरूले उहाँलाई एक कुशल कम्मट्ठानाचरिय ध्यानगुरुको रूपमा उच्च श्रद्धाकासाथ सम्मानजनक व्यवहार गरेको म पनि उहाँसँग त्यहाँ जाँदा प्रत्यक्ष देख्न पाइयो ।

उहाँको ७५ वर्षको उपलक्ष्यमा २०७० चैत्र ३ गतेदेखि १४ गतेसम्म दश दिवसीय दुर्लभ श्रामणेर तथा अनागारिका प्रव्रज्या शिविर अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा संचालन भएको थियो । जसमा उहाँ भन्तेकै निर्देशनमा ७५ जना कुलपुत्र, कुलपुत्रीहरूले प्रव्रजित भई ध्यानभावना गर्ने मौका पाएका थिए । त्यस्तै मिति २०७३ मंसिर १ गतेदेखि १२ गतेसम्म उहाँ भन्तेको ७८ वर्षको उपलक्ष्यमा पनि दश दिवसीय दुर्लभ श्रामणेर तथा अनागारिका प्रव्रज्या शिविर संचालन हुँदा १०६ जना स्वदेशी तथा विदेशी श्रद्धालुहरूले सद्धर्म लाभ गर्ने अवसर पाए ।

ध्यान केन्द्रका धर्मानुशासक उहाँ भन्तेले आफ्नो जीवनको उत्तरार्द्धमा केही वर्ष अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा बिताउनु भएका कारण केन्द्रका आवासिय भिक्षु, अनागारिकाहरू लगायत उपासक उपासिकाहरूलाई धर्म श्रवण गर्ने, धर्म छलफल गर्ने सुअवसर प्राप्त भएको थियो। त्यस्तै केन्द्रका कार्यकारिणी सदस्यहरूलाई केन्द्रको बार्षिक साधारण सभामा र बेलाबखतमा आवश्यक ओवाद दिई संग्रह गर्नुभएको थियो भने केन्द्रको तर्फबाट उहाँलाई सेवा गर्ने मौका पनि प्राप्त भयो । लेखक स्वयंलाई पनि पालि ग्रन्थ अनुवाद गर्न आवश्यक सल्लाह सुझाव लिन सहज बनेको थियो । उहाँ ध्यान केन्द्रको खुल्ला चौरमा चंक्रमण गर्ने, परित्राण पाठ गर्दै हिंडडुल गरी राख्ने, भेट्नआउने उपासक उपासिकाहरूलाई कुशलवार्ता गरी उपदेश दिने, धर्मसभा नै शोभायमान हुने गरी धर्मदेशना दिने आदि कुरा आज अतीतको विषय भईसक्यो । उहाँ भन्तेको भौतिक शरीर नरहेपनि उहाँले अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको लागि दिनुभएको योगदान सधैँको लागि अविस्मरणीय रहिरहने छ।

अनन्त गुणवान उहाँ भन्तेको निधनले बुद्धशासनमा अपूरणीय क्षति पुगेको छ । उहाँको गुण अनुस्मरण र अनुसरण गर्नु सद्धर्मप्रेमी सबैको कर्तव्य हो। अन्तमा उहाँ श्रद्धेय भन्तेलाई निर्वाण प्राप्त होस् भनी श्रद्धाञ्जली अर्पण गर्दछु ।

❖❖❖

# पाल्पाली भिक्षु ज्ञानपूर्णिक महास्थविरको योगदान



**छत्रराज शाक्य**
*अध्यक्ष*
*करूणा बौद्ध संघ*
*तानसेन*




**१. विषय प्रवेश**

बुद्ध धर्मका प्रवर्तक भगवान् बुद्ध नेपालको पावन तीर्थस्थल लुम्बिनीमा ई.पू ५६३ मा जन्मनु भएको थियो । बुद्ध जन्म देश नेपाललाई बुद्धकाल देखि नै बौद्ध देश भन्न सकिन्छ । बुद्धकाल र केही शताव्दी पछि सम्म पनि हजारौं हजार बौद्ध भिक्षुहरू भएको नेपालमा विस्तारै भिक्षु संख्या कम हुँदै गए । पछि महायानी, बज्रयानी बौद्ध संप्रदायले जग बसाल्दै विकसित रूप लियो । धेरै पछि विकमको विसौं शताव्दिको उतरार्द्धमा आएर भिक्षु महाप्रज्ञा प्रथम थेरवादी बौद्ध भिक्षु भएपछि नेपालमा मुख्य गरेर काठमाण्डौं उपत्यकामा बुद्ध धर्मको पुनर्जागरण भएको मान्नु पर्दछ ।

नेपाल एकिकरण हुनु भन्दा अघि सेनकालीन पाल्पा राज्य पश्चिमको २४से राज्यहरू मध्ये सबभन्दा शक्तिशाली र ठूलो राज्य थियो । सेन राजाहरूले काठमाण्डौं उपत्यका जाँदा तथागतलाई छत्र चढाएको र बौद्ध विद्वान अमृतानन्द तानसेन पाल्पा आएर सेन राजाका छोराहरूलाई बौद्ध शिक्षा दिएको इतिहासमा उल्लेख छ । ललितपुरका कालिगढ सुन्दर शाक्यको नेतृत्वमा आएको कालिगढ टोलीले तानसेनमा कलात्मक सुन्दर नारायण मन्दिर केही वर्ष लगाएर बि.स. १८६३ मा तयार गरे । कालिगढ सुन्दर शाक्य तानसेन आउँदा काठमाण्डौं उपत्यकाको तीनै शहर काठमाण्डौं, पाटन, भक्तपुर र वरीपरीबाट धेरै शाक्य, बज्राचार्य आदि



बौद्धहरू पर्याप्त संख्यामा बसाई सरि तानसेनमा बसोबास गरिसकेका थिए । सुन्दर शाक्यले यति धेरै बौद्धहरूको बस्ति भएको तानसेनमा पूजा पाठ गर्न एउटा चैत्य पनि नभएको भनि, उनले आफू बसेको टुडिखेल नजिकैको हालको आनन्द विहारमा ढुंगाको एउटा कलात्मक चैत्य बि.सं. १८६३ मा बनाई तयार गरि स्थापना गरेको थियो । सो चैत्य हालको पित्तल पाताले मोडिएको चैत्य भित्र रहेको छ । यसरी तानसेन पाल्पामा बुद्ध धर्मको आधुनिक कालको सूत्रपात भएको मान्नु पर्दछ ।

भोजपुरमा जन्मनु भएका र तानसेन पाल्पालाई कर्म थलो बनाउनु भएका संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविर तानसेनमा वि.स. २००० देखि स्थायी बसोबास गर्नु भएपछि यस भेगमा उहाँकै प्रयास, मेहनतले बुद्ध धर्मको प्रचार प्रसार भई विकसित रूप लिएको हो । वि.सं. १९९३ मा महानायक भिक्षु अमृतानन्द महास्थविरले गृहत्याग गरी भिक्षु बने पछि, गृहत्याग गरी भिक्षु बन्ने कम करीब २ दशक सम्म जारी रह्यो । यही अवधिमा भिक्षु चुन्द महास्थविर, भिक्षु कुमार काश्यप, भिक्षु विमलानन्द महास्थविर, भिक्षु ज्ञानपूर्णिक महास्थविर भिक्षु बने । नेपालमा थेरवाद बुद्ध धर्मको विकासमा यी सबै पाल्पाली भिक्षुहरूको अतुलनीय र महत्वपूर्ण योगदान रहेको छ ।

**२. तानसेनमा जन्मेका हीरालाल शाक्य– ज्ञानपूर्णिक भन्ते भए**

तानसेनको दोस्रो पुरानो विहार महाचैत्य विहार टक्सार टोलमा अवस्थित छ । यही महाचैत्य विहार नजिकै घर भएका पिता सूर्य लाल शाक्य र माता चन्द्रमाय शाक्यको कोखबाट हिरालाल शाक्यको जन्म वि.स. १९९६ कार्तिक शुक्ल एकादशीका दिन भएको थियो । बालक हिरालालको बाल्यकाल महाचैत्य विहारको प्रांगणमा टक्सार टोलको वरपर नै बित्यो । हिरालाल हृष्टपुष्ट, आँखा ठूलाठूला भएका, गोरो सरल सोझा बालक थिए । महाचैत्य विहार नजिकै गणेश मन्दिरको पौवामा २००६ सालमा शाक्यानन्द भन्तेको नेतृत्वमा शील पाठशाला खोलिएको थियो । सोही पाठशालामा हिरालाल शाक्यले कक्षा ४ सम्म पढे । पढाईमा बालक हिरालाल तेज थियो । पाठ बुझाउनमा अगाडि हुन्थ्यो । करीब २००६ साल तिर बुद्धघोष महास्थविर भन्ते तानसेन आउनु हुँदा माता चन्द्रमाया शाक्यले भर्खर ११ वर्ष पुगेको बालक हिरालाललाई बुद्धघोष भन्तेलाई सुम्पि दिनु भयो । त्यसपछि हिरालालले काठमाण्डौंमा ३/४ वर्ष सम्म १५ वर्षको उमेरसम्म बुद्धघोष भन्तेको छत्रछाँयामा बौद्ध शिक्षा र पाली भाषाको अध्ययन गर्नुभयो । त्यसपछि उहाँ १६ बर्षको उमेरमा बर्मा (म्यानमार) जानु भयो । बर्मामा केही समय पछि यांगुनको गभाए जम्बुदीप च्याउ छ्याउँमा अग्ग महापण्डित विज्जालंकार सयादो भद्दन्त उ. विशुद्धाभिवंश महास्थविरको उपाध्यायचार्यत्वमा वि.स. २०१३ श्रावण शुक्ल नवमीका दिन बालक हिरालाल शाक्य श्रामणेर ज्ञानपूर्णिक भए । त्यसपछि वि.स. २०१५ चैत्र शुक्ल चतुर्थीका दिन यांगुन कै गभाय महाखण्डसीमा पूर्ण उपसम्पदा ग्रहण गर्नु भई भिक्षु ज्ञानपूणिक हुनु भयो । उहाँको उपाध्यायचार्य अभिधज महारट्ठगुरू अग्गमहापण्डित मस्वयिङ सयादो उ सुरियाभिवशं हुनुहुन्थ्यो ।

**३. बौद्ध शिक्षा, विद्या आर्जनको संघर्षमय जीवन**

ज्ञानपूर्णिक भन्तेले प्रारम्भिक शिक्षा तानसेन र काठमाण्डौंमा प्राप्त गरी वि.स. २०१३ मा बर्मा जानु भएपछि बुद्ध धर्मको अध्ययन बर्मामा नै गर्नु भयो । प्रथम चरणमा सरकारी पालि परीक्षामा संलग्न हुनु भयो । सक्य सींह सामणेर परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुनु भयो । उहाँले सन् १९६३ मा सरकारी पालि विश्व विद्यालयबाट परीक्षामा उत्तिर्ण भई सासन धज धम्माचरिय (धर्माचार्य) उपाधि प्राप्त गर्नु भयो । त्यसपछि उहाँले बिज्जालंकार च्याउँ ताइक मण्डले बर्मामा विद्यार्थीहरूलाई पालि शिक्षा अध्यापन गराउनु भयो । सन् १९६४ देखि १९६६ सम्म २ वर्ष सम्म पालि बर्मेली विश्वकोष जस्तो गहकिलो निर्माण कार्यमा संलग्न हुनु भयो । पालि भाषाको अध्ययन समाप्त गरेपछि उहाँलाई संस्कृत भाषा पनि अध्ययन गर्ने इच्छा भएर सन १९६६ जुलाई महिनामा बर्माबाट नै भारतको वाराणसीमा पुग्नु भई वाराणसेय संस्कृत विश्व विद्यालयमा अध्ययन गर्नुभयो । सन् १९६७ मा संस्कृतमा डिप्लोमा परीक्षा उत्तिर्ण गर्नु भयो । यसरी बर्मा र भारतमा अध्ययन



आनन्द विहार, महाचैत्य विहार, बुद्ध विहार होलाङ्गदी र महाबोधि विहारहरूमा धर्म देशना गर्नु हुन्छ । विभिन्न ज्ञानमाला सभा, संघ र अन्य बौद्ध सस्थाहरूलाई बुद्ध धर्म प्रचार प्रसार कार्यमा मार्गदर्शन गर्नु हुन्छ। प्रकाशित हुने बौद्ध पत्रिका स्मारिकाहरूको लागि गहकिला रचनाहरू स्नेहपूर्वक पठाउनु हुन्छ । विश्व शान्ति बौद्ध शिक्षालयमा अध्ययनरत श्रामणेरहरूलाई देश दर्शन र भिक्षाटन गराउन २०५५ मा आफ्नै नेतृत्वमा तानसेनमा ल्याउनु भएको थियो। यसै बेला भिक्षु अमृतानन्द महास्थविरबाट निर्माण शुरू गरिएको र २०५३ सालमा स्थापित करूणा बौद्ध संघबाट भइरहेको मर्मत निर्माण संरक्षण कार्य र करूणा बौद्ध पुस्तकालयको २०५५ माघ १७ गते निरीक्षण भ्रमण गर्नु भएको थियो। विहारको मर्मत संरक्षण कार्य र पुस्तकालयको स्थापना, आदि बौद्ध गतिविधि देखेर सन्तुष्ट व्यक्त गरि हर्षित हुनु भएको थियो। निरीक्षण पछि करूणा बौद्ध संघको आगन्तुक पुस्तिकामा भन्तेज्युले आफ्ना सदिच्छा यसरी व्यक्त गर्नु भएको छ। "करूणा बौद्ध संघ सहित तानसेन पाल्पाका सबै बौद्ध संघ संस्थाहरूले भगवान् बुद्धका मैत्री करूणा एकता समता आदि सही सन्देश बोकी बुद्ध धर्मको उन्नति प्रगतिको साथसाथै विभिन्न सेवा कार्यहरू संचालन भइरहेको र भविष्यमा पनि अगाडि बढ्नको लागि जुन अठोट लिएका छन, त्यसमा सक्रियताका साथ अगाडि बढ्दै विकासको पथतिर सुचारू रूपले हिड्न सकून। सफलता पनि हासिल गर्दै जान सकून भन्ने हाम्रो सदिच्छा छ।"

पछिल्लो पटक उहाँ तानसेनमा करूणा बौद्ध संघको निमन्त्रणामा संघको आठौं बार्षिकोत्सव एवं स्वर्गीय महानायक भिक्षु अमृतानन्द महास्थविरको सालिक अनावरण समारोहमा अखिल नेपाल भिक्षु महासंघको तत्कालीन अध्यक्ष त्रिपिटकाचार्य भिक्षु कुमार काश्यपको साथमा वि.स. २०६१ भाद्र ४ गते आउनु भएको थियो। भाद्र ५ गते विहान बुद्ध विहार होलाङ्गदीको प्रांगणमा भिक्षु ज्ञानपूर्णिक महास्थविरले बुद्ध विषयमा १ घण्टा सम्म निकै गहन एवं सारगर्भित धर्मदेशना गर्नु भएको थियो। उहाँले धर्मदेशना सुसस्पष्ट, सरल, सुमधुर र निकै प्रभावकारी शैलीमा गर्नुहुन्छ। श्रोतावर्ग शान्त, एकाग्र भएर सुन्ने गर्दछन्। विषयवस्तु माथि क्रमश: गहिरिएर जान हुँदा श्रोतावर्गलाई धर्म, दर्शनमा गहन ज्ञान प्राप्त हुन्छ। जसले गर्दा रूची राखेर उपासक उपासिकाहरूलाई पनि पर्याप्त बौद्धिक खुराक मिल्ने गर्दछ। उहाँले नेपालीमा मात्र होइन, नेपाल भाषा, बर्मीज र अंग्रेजी भाषामा पनि धारा प्रवाह धर्म देशना, प्रवचन गर्ने उत्तम

समाप्त गरि ११ वर्ष पछि नेपालमा फर्कनु भयो। अध्ययन कार्यमा लामो अवधि सम्म कडा मेहनतले गर्दा स्वास्थ्य कमजोर हुन गई स्वाथ्योपचारमा लाग्नु भयो। उहाँको विद्या आर्जनको ज्ञानको भोक अझै शान्त भएको थिएन। उहाँले एस.एल.सी. परीक्षाको तयारी गर्न थाल्नु भयो र सन् १९७१ मा परीक्षा उत्तिर्ण गर्नु भयो। त्यसले १९७४ मा त्रिभुवन विश्वविद्यालयबाट आई. ए. र १९७७ मा बी.ए. उत्तिर्ण गर्नु भयो। बौद्ध धर्म, दर्शन, पालि, सस्कृत, नेपाल भाषा, अंग्रेजी र अन्य विषयको गहिरो अध्ययनले उहाँलाई बौद्ध ग्रन्थहरूको लेखन र अनुवाद गर्नमा सजिलो भयो।

### ४. बुद्ध धर्मको शासनिक सेवा कार्यमा जन्मस्थल देखि अन्तराष्ट्रिय क्षेत्र सम्म महत्वपूर्ण योगदान

### (क) जन्मस्थल तानसेनको बौद्ध गतिविधिमा भिक्षु ज्ञानपूर्णिक महास्थविरको योगदान

बालक हिरालाल शाक्य ११ वर्षको उमेरमा तानसेनबाट काठमाण्डौं र बर्मा जानु भई, बुद्ध धर्म दर्शन अध्ययन गरि धर्माचार्यको उपाधि प्राप्त गरे पछि ११ वर्ष पछि (२०२४ साल, सन १९६७) तिर काठमाण्डौंमा भिक्षु ज्ञानपूर्णिक भई फर्कनु भयो। त्यसपछि आफ्नो जन्म भूमिमा आफ्ना दाजु ज्ञातिवन्धुहरूलाई भेट्न, विहारहरूमा धर्मदेशना गर्न, निमन्त्रणा दिए अनुसार विभिन्न बौद्ध कार्यकम समारोहमा सहभागी बन्न आउन थाल्नु भयो। यो कम अहिले सम्म पनि जारि छ। विशेष गरेर तानसेनमा कुनै पनि विहारमा महापरित्राण पाठ, बौद्ध हाजिरी जवाफ कार्यकम आदि बौद्ध सभा समारोह हुँदा यहाँका विहार, संघ संस्थाले पाल्पाली भन्तेहरू भिक्षु अमृतानन्द, भिक्षु चुन्द, भिक्षु कुमार काश्यप, भिक्षु विमलानन्द, भिक्षु ज्ञानपूर्णिकलाई सम्झना गरि आमन्त्रण गर्ने गर्दछ। उहाँहरूले पनि जन्मस्थललाई सम्झेर सकेसम्म आउने गर्नु हुन्छ। यी सन्दर्भहरूमा ज्ञानपूर्णिक भन्ते तानसेनमा धेरै पटक आइसक्नु भएको छ। तानसेनका

क्षमता राख्नु हुन्छ। अतः नेपाल र बर्मामा उहाँ उच्चस्तरको धर्मकथिकको रूपमा प्रख्यात हुनुहुन्छ । तानसेन पाल्याको उपासक उपासिकाहरूमा बुद्ध धर्मको ज्ञान, चेतना अभिवृद्धि गर्नमा उहाँको महत्वपूर्ण योगदान रहेको छ ।

**(ख) नेपालमा बुद्ध धर्मको विकास र संरक्षणमा भिक्षु ज्ञानपूर्णिक महास्थविरको योगदान**

राजधानी काठमाण्डौं र नेपालको विभिन्न जिल्लाहरूमा रहेका बौद्ध विहारहरूमा समय समयमा बराबर जानु भई धार्मिक कार्यक्रम समारोहमा उपस्थित भई, बुद्ध धर्म दर्शन, विपश्यना ध्यान विषयमा गहन प्रवचन, धर्मदेशना गर्दै आउनु भएको छ । यसले बौद्ध उपासक उपासिकाहरूलाई बौद्ध चेतना जागरण गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ ।



धार्मिक कार्यमा मात्र नभई अन्य गतिविधि संचालन गर्न आवश्यक पर्ने विहारहरूको मरम्मत, संरक्षण र नयाँ निर्माण कार्यमा पनि लाग्नु भएको छ । सन् १९७४ मा पाटनको मणिमण्डप विहारको जिर्णोद्धार र नयाँ निर्माण, त्यस्तै १९७६ मा ठेंचो गाउँमा बेलुवनारामको निर्माण कार्यमा लाग्नु भयो । नेपालमा नै ठूला, आधुनिक र राम्रा विहारहरूमा गनिने भव्य विश्व शान्ति विहार देश भित्रका र विदेशका दाताहरूको सहयोगमा निर्माण कार्य वि.स. २०४८ मा थालनी गरि वि.सं. २०५४ मा पूर्ण भई उद्घाटन भयो । यो विहारमा सयौं संख्यामा भिक्षुहरू, श्रामणेरहरूको लागि आबास सुविधा उपलब्ध भएको छ । विभिन्न देशहरूबाट आउनु हुने आगन्तुक भिक्षुहरूको लागि पनि आबास सुविधा उपलब्ध गराउँदै आएको छ ।

श्रद्धेय ज्ञानपूर्णिक भन्तेले यहि विहारमा वि.स. २०५३ मा स्वदेशमा नै बौद्ध परियत्ति शिक्षाको साथै सरकारी विद्यालयको शिक्षा दिने उद्देश्य राखी विश्व शान्ति बौद्ध शिक्षालय स्थापना गर्नु भयो । यो विद्यालयले धेरै भिक्षु श्रामणेर लाई शिक्षा प्रदान गरि सकेको छ। हाल ४५ जना भिक्षु श्रामणेरहरू अध्ययनरत छन् ।

बुद्ध धर्मको आध्यात्मिक मार्गमा अगाडि बढ्न विपश्यना भावनाको अभ्यास विना संभव छैन । अतः भन्तेज्यूले बानेश्वरको शंखमूलमा उहाँकै प्रेरणा, निर्देशन र सक्रिय संलग्नतामा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको निर्माण गर्न लगाउनु भयो । यसको साथै सन १९८४ देखि १९८६ सम्म बर्माबाट विपश्यना ध्यान गुरूको आगमन नेपालमा गराई ठाउँ ठाउँमा विपश्यना ध्यान शिविर संचालन गर्नुभयो ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरको व्यक्तित्वको अर्को महत्वपूर्ण पक्ष बौद्ध ग्रन्थ एवं साहित्य लेखन एवं अनुवाद हो । बुद्ध धर्म, दर्शन, पालि त्रिपिटकको गहिरो अध्ययन एवं ध्यान अभ्यासी, साधक, ध्यानगुरू भएको हुनाले नेपाल भाषा र नेपालीमा गहन बौद्ध ग्रन्थहरूको लेखन र अनुवाद संभव हुन गएको छ । सन १९७० देखि १९९३ सम्म २३ वर्षको अवधिमा उहाँबाट लिखित र अनुदित धर्म विषयका साना ठूला गरि ३७ वटा पुस्तकहरू प्रकाशित भइसकेका थिए । त्यसपछि हाल सम्म जम्मा प्रकाशित पुस्तक संख्या ४५ पुगेका छन् ।

ज्ञानपूर्णिक भन्तेज्यूले आफ्ना मौलिक रचना ग्रन्थहरूको साथै विशेष गरेर बर्मीज बौद्ध धर्म दर्शन साहित्यका महत्वपूर्ण एवं गहकिलो ग्रन्थहरूको विद्वतापूर्ण भाषानुवाद गरि प्रकाशनमा ल्याउनु भएको छ । विशेष गरेर बुद्ध र बुद्ध वाद, प्रतीत्य समुत्पाद महान उपदेश जस्ता महत्वपूर्ण एवं विशिष्ट स्थान राख्ने बौद्ध ग्रन्थहरूको अनुवाद एवं प्रकाशनले नेपाली बौद्ध साहित्य क्षेत्रमा भएको अभावलाई पुरा गरि नेपाली बौद्ध साहित्यलाई समृद्ध बनाउन महत्वपूर्ण योगदान भएको छ ।

उहाँले आफ्नो व्यस्त जीवनमा पनि समय निकाल्नु भइ राष्ट्रिय स्तरका बौद्ध संघ संस्थाहरूमा नेतृत्व लिनु भइ बुद्ध शासनिक कार्य एवं बौद्ध गतिविधि अगाडि बढाउन महत्वपूर्ण भूमिका निभाइ राख्नु भएको छ । बुद्ध जन्मस्थल लुम्बिनीको विकास एवं संरक्षण कार्यमा लागेको लुम्बिनी विकास कोषको सदस्य र सल्लाहकारको रुपमा उहाँले सेवा गर्नु भएको छ । नेपाल बौद्ध परियत्ति शिक्षाको शिक्षाध्यक्ष, धर्मोदय सभाको सल्लाहकार, आनन्द भूमि बौद्ध मासिक पत्रिकाको निर्देशक, विश्व शान्ति बौद्ध शिक्षालयको संस्थापक प्रवन्धक, विश्व शान्ति विहारको संस्थापक विहार प्रमुख हुनुहुन्छ । युवक बौद्ध मण्डल- नेपाल, अभिधम्म अध्ययन

समाज, बुद्धिष्ट कम्युनिकेशन सेन्टर पाटन, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र- शंखमुल, बौद्ध महिला संघ नेपाल, सुखी होतु नेपाल जस्ता संस्थाहरूका धर्मानुशासक हुनुहुन्छ । साथै अखिल नेपाल भिक्षु महासंघको सचिव र उपाध्यक्षको रूपमा पनि सेवा गर्नु भएको छ ।

**(ग) अन्तराष्ट्रिय बौद्ध जगतमा भिक्षु ज्ञानपूर्णिक**

सर्वप्रथम पाचौं र छैठौं शान्तिको लागि एशियाली बौद्ध सम्मेलन (ABCP) मा उहाँ नेपालको तर्फबाट कमशः सहभागी र नायक (Leader) को रूपमा कमशः सन १९७९ र १९८२ मा मंगोलियाको राजधानी उलानवातोरमा भाग लिन जानु भयो । सन १९८२ मा ९३ राष्ट्रहरूले भाग लिएको विश्व शान्ति सम्मेलन मस्को, रूसमा प्रतिनिधिको रूपमा सहभागी हुनु भयो । त्यसपछि सन १९८१ मा बर्माका विश्व प्रशिद्ध विपश्यना ध्यान गुरू अग्गमहापण्डित महाशी सयादो आयुष्मान शोभन महास्थविरको धर्मदूत मण्डलको भ्रमणमा ध्यान गुरूको भाषा परिवर्तकको रूपमा नेपाल र भारतको विभिन्न स्थानहरूमा भ्रमणमा गर्नुभएको थियो ।

सन् १९७९ देखि १९८२ सम्म पश्चिम मिडलैण्ड (Midland) बौद्ध केन्द्र, बर्मिङघम बेलायतमा धार्मिक सेवा गर्नु भयो । त्यसपछि १९८२ देखि १९८३ सम्म बौद्ध केन्द्र नेसभिलमा (Buddhist Temple, Tennessee, U.S.A.) मा केन्द्र प्रमुखको रूपमा १ महिना सम्म धार्मिक सेवा गर्नु भयो । सन् १९८४ देखि १९८८ सम्म ५ बर्षको अवधिमा करिब २५ पटक जति बर्मा, थाइलैण्ड, मलेशिया, सिंगापुर, अष्ट्रेलिया, जर्मन, बेलायत, अमेरिका आदि देशहरूमा बुद्ध धर्म प्रचार प्रसार गर्न धर्मदूतको रूपमा भ्रमण गर्नु भयो । सन् १९९२ मा जापान सिंगापुर र मलेशियामा भ्रमण गर्नु भयो । सन् १९९३ मा स्वास्थ्य उपचार गर्न सिंगापूर र मलेशियामा जानु भयो । सन् २००४ मा इण्डोनेसियामा धर्मदूतको रूपमा जानु भयो । हालसम्म पनि प्रत्येक वर्ष धर्मदूतको रूपमा मलेशिया र सिंगापुर जाने कम जारि नै छ । सन् २००७ मा बेलायतमा ३ महिना वर्षाबास बसेर आउनु भएको थियो । सन् २००८ मा केहि महिना अघि जापानको कोबेमा सम्पन्न भएको पाचौं बौद्ध शिखर सम्मेलनमा (5th Buddhist Summit) भाग लिएर आउनु भएको छ । यसरी भिक्षु ज्ञानपूर्णिकले बुद्ध धर्म प्रचार प्रसार, धार्मिक सेवा कार्य गर्न विश्व भ्रमण गर्नु भएको छ । बुद्ध धर्म प्रचार प्रसार र अन्तराष्ट्रिय बौद्ध सम्मेलनहरूमा सहभागी बन्न अन्तराष्ट्रिय क्षेत्रमा सर्वाधिक भ्रमण गर्नु हुने नेपाली बौद्ध भिक्षुहरूमा महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविर पछि धर्माचार्य भिक्षु ज्ञानपूर्णिक महास्थविरको स्थान आउँदछ । यसैले विश्वका बौद्ध देशहरूमा भिक्षु ज्ञानपूर्णिकले आफ्नो धर्मसेवा कार्यको आधारमा महत्वपूर्ण एवं विशिष्ट स्थान ओगट्न सफल हुनु भएको छ भनेमा अत्युक्ति हुने छैन ।

**५. उपसंहार**

ज्ञानपूर्णिक भन्तेज्यूलाई धैरै अगाडि देखि चिन्दछु, बर्माबाट फर्केर आए पछि तानसेन आउनु हुँदा भेट हुन्थ्यो । उहाँले महाचैत्य र आनन्द विहारमा दिनु हुने धर्मदेशना, प्रवचन सुन्न जान्थे । उहाँको प्रवचन त्यसै बेला देखि स्पष्ट, सुमधुर शैली र बडो प्रभावकारी हुन्थ्यो । उहाँ तानसेन आउनु हुँदा भेट्न जान्थ्यौ, पछिल्ला चरणमा, विश्व शान्ति विहार र बौद्ध शिक्षालय बारे जिज्ञासा राख्दा, स्पष्ट रूपमा गतिविधिबारे जानकारी र आफ्नो भविष्यको दृष्टिकोण बताउनु हुन्थ्यो । उहाँ थोरै कुरा गर्ने तर स्पष्टवक्ता हुनुहुन्छ । उहाँले आफ्ना ज्ञाति बन्धुहरूलाई स्नेह राख्नु हुन्छ । विश्व शान्ति बौद्ध शिक्षालयमा श्रामणेर भएर अध्ययन गर्न गराउन तानसेन बाट कुलपुत्रहरू पठाउनलाई बरावर भन्नु हुन्छ । तानसेनको होलाङ्गदीमा रहेको भिक्षु अमृतानन्द महास्थविरबाट निर्माण शुरू भएको बुद्ध विहारको मरम्मत संरक्षण कार्य भएको र करूणा बौद्ध पुस्तकालय स्थापना भएकोमा धैरै हर्षित हुनुहुन्छ । पुस्तकालयलाई उहाँले आफ्ना र अन्य पुस्तकहरू पठाउने गर्नुहुन्छ ।

भिक्षु ज्ञानपूर्णिक महास्थविर सरल एवं स्वच्छ हृदयको, निराभिमानी, मैत्रीपुर्वक व्यवहार गर्ने, शिष्ट स्वभावको र प्रभावशाली व्यक्तित्वको धनी हुनुहुन्छ । भिक्षु ज्ञानपूर्णिक महास्थविर बुद्ध धर्म, अभिधर्म, दर्शन, विपश्यनाको गहन ज्ञाता, विचित्र धर्मकथिक प्रभावशाली प्रवचनकर्ता, विद्वान लेखक, अनुवादक एवं साहित्यकार, समाजसेवी, परोपकारक, अनेक गुण सम्पन्न, विविध व्यक्तित्वका धनी बुद्ध शासनिक सुकार्यका समर्पित नेपाली बौद्ध जगतका सुप्रशिद्ध प्रख्यात व्यक्तित्व हुनुहुन्छ ।

वहाँ तानसेनवासीको नाताले पाल्पा तानसेनका छात्राहरुलाई लक्ष्य गरी आफ्नो गुणवान आमाको सम्झनामा "चन्द्रमाया स्मृति छात्रवृत्ति कोष" स्थापना गर्नु भएको एक सह्रानीय शैक्षिक सेवा हो साथै वहाँले अन्तिम समयमा तानसेन पाल्पा आउनुहुँदा आफ्नो चीवर पात्र तानसेनबासीलाई मायाको चिनो स्वरुप छोडेर जानुभएको हाल तानसेन विहारमा वहाँको संस्मरणका साथ श्रद्धापूर्वक राखिएको छ । वहाँलाई हामी तानसेनबासीको तर्फबाट श्रद्धासुमन निर्वाण कामना गर्दछौं ।

**(भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न स्वर्णदिवसको उपलक्ष्यमा प्रकाशित शान्ति सन्देश २०६५ विशेषांकमा प्रकाशित भएको लेखलाई सान्दर्भिक भएकोले पुनः प्रकाशित गरिएको छ । सं.)**

❖❖❖

# ज्ञानपूर्णिक भन्ते र थेरवाद बुद्धशिक्षा



**प्रा.डा. भद्रमान तुलाधर**
*काठमाडौं, विश्वविद्यालय*

वि.सं. १९८५ सालमा महाप्रज्ञा कुशीनगरमा श्रामणेर प्रवजित हुनु भएपछि आधुनिक नेपालका पहिलो नेपाली भिक्षु हुनुभयो र त्यही बेलादेखि नेपालमा थेरवाद बुद्धधर्मको पुनर्स्थापनाको शुरुवात भएको मान्ने गरिन्छ । तर उहाँ वि.सं. १९८२ सालमा तिब्बती घ्यलुँ भएको भनी चन्द्रशम्शेरबाट देश निकालामा पर्नु भएकोले नेपाल आउन प्रतिबन्धित थियो । पछि भिक्षु प्रज्ञानन्द (कर्मशील) ले वि.सं. १९८७ सालमा पहिलो पटक पहेंलो चीवर धारण गरी काठमाडौंको सडकमा भिक्षाटन गर्नु भएको घटनालाई धेरैले आधुनिक नेपालमा थेरवाद बुद्धधर्मको पुनरुत्थान भएको महसुस गर्छन् । १९८९ सालमा कुशीनगर बस्दै आउनु हुने बर्मेली भिक्षु ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रवजित भई असन धालासिक्व बहालका दशरत्न तुलाधर श्रामणेर धर्मालोक हुनु भयो । एकबर्ष पछि १९९० सालमा सारनाथमा बर्मी दाताहरुबाट बनाएको नयाँ सीमागृह प्रतिस्थाको अवसरमा श्रामणेर धर्मालोक उपसम्पन्न भई भिक्षु धर्मालोक हुनु भयो । त्यस पछि वहाँ तिब्बत, महाचीनको लामो भ्रमण गरी सिंगापुर, हंगकंग हुँदै कलकत्ता गएर १९९४ सालको वैशाख पूर्णिमा (बु.स. २४८१) अगाडि किण्डोल विहार आईपुग्नु भएको थियो । त्यसपछि धर्मलोक भन्ते तीन चार बर्ष लेखन र प्रकाशन सम्बन्धी कार्य गर्नु भई १९९८ सालमा स्वयम्भूको उत्तरमा रहेको ख्वाउँबुंगाः पनेरुको अलि माथितिर घना जंगलको अलि मैदान भएको ठाउँमा एउटा रुख मुनि, वनरक्षकको सहयोगमा, सानो झोपडी बनाएर तीन महिना वर्षावास बिताउनु भयो । सो स्थान कालान्तरमा आनन्दकुटी विहार भएर नेपालमा थेरवाद बुद्धधर्मको केन्द्र भयो ।



धर्मालोक भन्तेको आदेश अनुसार वर्षावास समाप्तिपछि कार्तिक महिनाभर विहानको समयमा अमृतानन्द भन्तेले स्वयम्भूको सरस्वती मंदिर पूर्वको पर्वस्थानमा विश्वन्तर जातक धर्मोपदेश दिनु भएको थियो । धर्मोपदेश समाप्तिको अवसरमा कार्तिक पूर्णिमा (सकिमिला पुन्ही) को दिन अहोरात्र महापरित्राण पाठ सम्पन्न भएको थियो । यो थियो नेपालमा पहिलो थेरवाद बौद्ध शिक्षा र संस्कृतिको सुरुवात । धर्मालोक भन्ते २००० सालदेखि आनन्दकुटी विहारमा बस्न आउनु भयो । सोही बर्ष शिवरात्रीको समयमा ऊ. चन्द्रमणि महास्थविर अमृतानन्द भन्तेका साथ नेपाल आउनु भएको बेला



धर्मालोक भन्तेको आग्रहमा कुशीनगरको धर्मशालामा रहेका दुईवटा संगमरमरको बुद्धमूर्ति मध्ये एउटा दिने पक्का भयो । धर्मालोक भन्तेले जोडतोड साथ बुद्धमूर्ति राख्न मन्दिर बनाउने काम सुरु गरेको केही समयमै तयार हुने अवस्था भए पछि कुशीनगरबाट बुद्धमूर्ति लिएर नेपाल आउने क्रममा राणा शासानको कडिकडाउको कारण सो मूर्ति भीमफेदीसम्म मात्र ल्याउनु सफल हुनु भयो । पछि अमृतानन्द भन्तेको पहलमा भीमफेदीबाट सो बुद्धमूति ल्याएर आनन्दकुटी विहारको नवनिर्मित मन्दिरमा स्थापना गरे । अमृतानन्द भन्तेको पहलमा श्रीलंकाबाट नारद भन्तेको नेतृत्वमा आउनु भएका धर्मदूत मण्डलको कारण धर्मालोक भन्ते २००३ साल जेष्ठ ६ गते आनन्दकुटी विहारमा आईपुग्नु भएको दिन आफूले बनाएर गएको मन्दिरको सट्टा त्यही स्थानमा जगैदेखि राम्ररी बनाएको मन्दिरमा संगमरमरको बुद्धमूर्ति विराजमान गराई सकेको देखेर वहाँले व्यक्त गर्नु भएको थियो अमृतानन्द, निभिसकेको बत्तीलाई तपाईंले फेरि बालिदिनु भयो ।

अमृतानन्द भन्तेको चाहना अनुसार आनन्दकुटी विहारमा श्रीलंकाबाट फर्केर बस्न आउनु भएका न्हुच्छेबहादुर बज्राचार्य र मेरो बुवा पूर्णमान उपासकले मलाई पढ्नका लागि आनन्दकुटी बिहारमा लगेर छोडेका थिए । २००८ साल मंसिर महिनाको अन्ततिर म समेतलाई विद्यार्थी बनाई आनन्दकुटी विद्यापीठको सुरुवात भएको थियो । अमृतानन्द भन्ते, महानाम भन्ते, कुमार काश्यप भन्ते, अश्वघोष भन्ते र पछि सुदर्शन भन्तेहरुले हामीलाई बौद्धशिक्षा दिनु भएको थियो । यसलाईनै नेपालमा प्रथम बौद्ध शिक्षा कक्षाको सुरुवात भन्नु मिल्छ । हालसम्म पनि आनन्दकुटी विद्यापीठमा बिहान पञ्चशील प्रार्थनाबाट कक्षा सुरु हुन्छ र परियत्ति शिक्षाले निरन्तरता पाएको छ ।

**परियत्ति शिक्षा**

नेपालका प्रथम संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरका शिष्य बुद्धघोष महास्थविरले २०१९ सालमा त्रिशुलीमा बर्षावास बस्नुभएको बेला अनागारिका सुशीला र त्यहींको उपासक धर्मरत्न शाक्य दुई जनालाई प्रारम्भमा दुई बर्षभित्र परीक्षा दिने गरी पाँच कक्षासम्मको पाठ्यक्रम बनाई बौद्ध परियत्ति शिक्षाको अध्ययन अध्यापन प्रारम्भ गर्नु भयो । हाल परियत्ति शिक्षा चार तहमा बिभाजन गरिएको छ । कक्षा १ देखि ३ सम्म - प्रारम्भिक शिक्षा, कक्षा ४ देखि ६ सम्म - सद्धम्म पालक प्रवेश, कक्षा ७ - परियत्ति सद्धम्म पालक उपाधि शिक्षा र कक्षा ८ देखि १० सम्म - परियत्ति सद्धम्म कोविद ।

बौद्ध परियत्ति शिक्षाको विकासको क्रममा अझ विस्तार र व्यवस्थित रुपमा सञ्चालन गर्न यस संरचनालाई अखिल नेपाल भिक्षु महासंघबाट २०५८ सालमा नेपाल बौद्ध परियत्ति शिक्षा नियमावलीको तर्जुमा गऱ्यो । उक्त नियमावली अनुसार अखिल नेपाल भिक्षु महासंघ अन्तर्गत रहने ५ सदस्यीय नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति र त्यस मूल समितिप्रति उत्तरदायी हुने गरी सम्पूर्ण कार्यसम्पादन गर्ने १५ सदस्यीय नेपाल बौद्ध परियत्ति शिक्षा परिषद् गरी दुई तहको संरचना निर्धारण भएको छ । २०७० सालमा परियत्ति शिक्षालाई कोविद तह पछि दुई बर्षको अनुसन्धानात्मक अध्ययन कार्यक्रम थप गरी कोविद विशारद संचालन गर्ने निर्णय भएको छ । बौद्ध परियत्ति शिक्षाको ५० वर्ष स्वर्णजयन्ती बु.स. २५५७ मा मनाएर आफ्नो सफल यात्रा संगै बौद्ध शिक्षामा भएको योगदानको ज्वलन्त उदाहरण प्रस्तुत भएको छ ।

**ज्ञानपूर्णिक भन्तेको सपना**

ज्ञानपूर्णिक भन्तेलाई हामी बुद्धशिक्षालाई जनमानसमा पुऱ्याउन धार्मिक प्रवचन तथा धर्मग्रन्थको अनुवाद संगै वहाँलाई बौद्ध शैक्षिक संस्थाहरुको संस्थापकको रुपमा सम्झन्छौं । सर्वप्रथम वहाँले २०२६ सालमा दीघनिकाय अन्तर्गत २३औं सूत्रको रुपमा रहेको पायासि सुत्त अनुवाद गर्नु भएको थियो । हालसम्म वहाँको ५० भन्दा बढी पुस्तक प्रकाशित भैसकेका छन् । पाटनका उपासिका सुश्री चैत्यमाया शाक्यले मीन भवनमा निर्माण गरी २०४१ सालमा भिक्षु ज्ञानपूर्णिकको रेखदेखमा रहने गरी भिक्षु महासंघलाई दानमा प्राप्त विहारलाई मलेशियन,



सिंगापुर एवं नेपालका दाताहरुको सहयोगबाट २०४८ सालमा पुनःनिर्माण पश्चात विश्व शान्ति विहारले हालको स्वरुप प्राप्त गरेको हो। ज्ञानपूर्णिक भन्तेले शंखमूल स्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको स्थापनार्थ एवं निर्माणार्थ एक उत्साहक, प्रेरक एवं व्यवस्थापकको रुपमा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो। ज्ञानपूर्णिक भन्ते अखिल नेपाल भिक्षु महासंघको अध्यक्ष भई सो महासंघको प्रधान कार्यालय पनि विश्व शान्ति विहारमानै राखिएको छ।

स्वदेशमा प्रवजित श्रामणेरहरुलाई बुद्धधर्म तथा सरकारीस्तरीय शिक्षा समेत अध्ययन गर्न विश्व शान्ति बौद्ध शिक्षालयको स्थापना गर्नु भई सम्पूर्ण प्रवन्ध जिम्मेवारी वहन गर्नु भएको थियो। साथै वहाँले अखिल नेपाल भिक्षु महासंघ द्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको शिक्षाध्यक्षको जिम्मेवारी पनि सम्भाल्दै आउनु भएको थियो।

ज्ञानपूर्णिक भन्तेको नेतृत्वमा विश्व शान्ति विहारमा लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्बन्धनमा २०६९ सालदेखि थेरवाद बुद्धिष्ट एकेडेमी स्थापना गरी सोको संस्थापक सभापति एवं प्रिंसिपल समेतको जिम्मेवारी निभाई थेरवाद बौद्ध धर्ममा एम. ए. कक्षाहरु संचालन भईराखेका छन्। थेरवाद बुद्धिष्ट एकेडेमीसंगै सतिपट्ठान बौद्ध भावना केन्द्र पनि संचालन गरी अन्ततः थेरवाद बौद्ध विश्वविद्यालय स्थापना गर्ने वहाँले योजना बनाउनु भएको थियो। भन्तेको योजना साकार गर्न ४० लाख अमेरिकी डलरको लागत वहाँको टीमले तयार पारेका थिए। संगसंगै ज्ञानपूर्णिक भन्तेको आदेश अनुसार निग्रोध भन्तेसंगै काठमाडौं विश्वविद्यालको भौतिक निर्माण टोलीका संयोजक श्री विद्यारत्न बज्राचार्यलाई लिएर बनेपा पनौतिको सिमानामा रहेको सुब्बा गाँउमा रहेको जग्गा दुई पटक निरीक्षण तथा सर्वेक्षण गर्न म पनि गएको थिएं। २०७७ साल आषाढ १९ गतेको बिहान ज्ञानपूर्णिक भन्तेको अकल्पनीय निधनले वहाँको बौद्ध शिक्षाको बृहत योजना अधुरो रहन गएको छ।

ज्ञानपूर्णिक भन्तेले थेरवाद बौद्ध विश्वविद्यालय स्थापना गरी बौद्ध शिक्षालाई संस्थागत गर्न देख्नु भएको सपनालाई हामी सबै मिलेर साकार बनाउनु पर्छ। यही नै वहाँप्रति वास्तविक श्रद्धाञ्जलि हुनेछ।

**साभार :**


१) भिक्षु धर्मालोक महास्थविर - रत्न सुन्दर शाक्य, आनन्दकुटी बिहार गुठी, वि.स. २०४८

२) परियत्ति बुलेटीन - नेपाल बौद्ध परियत्ति शिक्षा, अंक-१८, वि.स. २०७५

३) भिक्षु पदुम - भिक्षु ज्ञानपूर्णिक संक्षिप्त चिनारी, आनन्द भूमि, वर्ष ३६, अंक १२, चैत्र पूर्णिमा, २०५६

४) सम्पादकीय - आनन्द भूमि, वर्ष ३६, अंक १२, चैत्र पूर्णिमा, २०५६

५) भिक्षु ज्ञानपूर्णिक धम्माचरिय - नेपालय् विपश्यना ध्यान-भावनाया बःचाहाकःगु म्हसिइका, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, रजत महोत्सव स्मारिका २०६७


❖❖❖

# नेपालका जनजातिहरूमा थेरवाद बुद्धधर्म जागरण



**डा. केशबमान शाक्य**
*बबरमहल, काठमाडौं*

**पृष्ठभूमि**

नेपालमा थेरवाद बुद्धधर्मको पुनरजागरणको इतिहास खोतल्दा झण्डै १०० वर्ष पहिलेको कुरा गर्नुपर्छ । बिसं १९७८ (सन १९२१) मा भारतको कलकत्तामा नेपालबाट पढ्न गएका बिद्यार्थी जगतमान बैद्य/शाक्य र श्रीलंकाली धर्मदूत अनगारिक धम्मपाल भेट भए पछि थेरवादी बुद्धधर्मका अनुयायी पहेंलो वस्त्रधारी अनगारिक धर्मादित्य धर्माचार्य बनेकोबाट शुरु हुन्छ। उहांले नेपाल आएर थेरवादी तरिकाको नेपाल बुद्धोपासक संघ खोलेरे बैशाख पूर्णिमा मनाउने, बुद्धपूजा गर्ने, बौद्ध सम्मेलन गर्ने र पत्रपत्रिका निकाल्ने कामको शुरुवात गर्नु भयो ।




बिसं १९८१ (सन १९२४) मा नेवार हिन्दु परिवारमा जन्मेका नानीकाजि/प्रेमबहादुर श्रेष्ठले काठमाडौंमा छिरिंग नोर्बु नामका एक जना तिब्बती लामाबाट महाप्रज्ञा नामले बौद्ध भिक्षु भए। यो घटना एक जना हिन्दुले बुद्धधर्ममा धर्म परिवर्तन गरेको गैर कानूनी कामको रुपमा त्यसबेलाका राणा प्रधानमंत्री चन्द्र शमशेरमा उजुरी जाहेर भयो । उहाँ सहित यस्तै लामाभिक्षु भएका अरु चार जनालाई देश निकालाको सजाएँ तोकियो र उनीहरु तिब्बतमा निर्वासित भए । तिब्बतमा कुनै प्रगति गर्न नसके पछि बिसं १९८५ (सन १९२८) मा महाप्रज्ञा भारततिर गए । भारतमा कुशीनगर पुगेर त्यहांको बर्मेली बिहारमा भिक्षु ऊ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा थेरवादी भिक्षुको रुपमा प्रबजित भए । नेपालमा थेरवाद बुद्धधर्मको पुनरागमनको इतिहासमा भिक्षु महाप्रज्ञा पहिलो थेरवादी भिक्षु हुनुभयो ।

अर्को सम्झनु पर्ने व्यक्तित्व हुनुहुन्छ कुलमान सिंह तुलाधर । ल्हासामा महाप्रज्ञाको प्रेरणाले उहाँ लामा भिक्षु कर्मशील बन्नुभयो । भिक्षु महाप्रज्ञासँगै भारत कुशीनगर पुगेर उहांहरु दुवै जना ऊ चन्द्रमणी महास्थविरबाट थेरवादी श्रामणेर हुनुभयो। बिसं १९८७ (सन १९३०) मा अर्थात आज भन्दा ९० वर्ष अगाडि बुद्धधर्म प्रचार गर्न उहां नेपाल आएर किण्डोल बिहारमा बस्नु भयो र सर्वप्रथम सडकमा भिक्षाटन गर्नुभयो । थेरवाद बुद्धधर्म लोप भएको नेपालमा सयौं बर्ष पछि काठमाडौं सहरमा एक जना थेरवादी भिक्षु देखापर्नु एक ऐतिहासिक घटना बन्नगयो। एक बर्ष पछि उहांले तीन जना उदाय समुदायका महिलाहरुलाई कुशीनगरमा पुऱ्याएर रत्नपाली, धम्मपाली र संघपाली नामका अनगारिका बनाएर भिक्षुणी नभए पनि महिला बौद्ध गृहत्यागीहरुको शुरुवात गर्नुभयो। पछि अरु पांच जना महिलाहरु पनि अनगारिका भए, जसको




नेतृत्व धम्मचारीले गर्नुभयो । किण्डोल बिहारमा ठाउँ साँगुरो भएकोले भिक्षु कर्मशील पाटनको एउटा पुरानो बिहारमा बस्न जानुभयो, सो बिहार पछि सुमंगल बिहारको नामले प्रख्यात भयो ।

त्यस्तै सम्झनु पर्ने व्यक्तित्व हुनुहुन्छ, दशरत्न उपासक/तुलाधर जसले प्रज्ञानन्दलाई किण्डोल बिहारमा रहने बन्दोबस्त मिलाउनुका साथै त्यस ऐतिहासिक भिक्षाटनमा पछिपछि लागेर सहयोगी पनि बन्नु भयो । उहांले आफ्ना छोरा गजरत्नलाई श्रीलंका पठाएर भिक्षु अनुरुद्ध भयो । उहाँ आफै पनि कुशीनगर गएर भिक्षु धम्मालोक बन्नु भयो । नेपालमा थेरवादी भिक्षुहरु बन्न थाले पछि उहाँहरु बस्ने बिहारको आवश्यकता हुनथाल्यो । बिसं २००० (सन १९४३) मा उहांले स्वयम्भू पछाडि जंगल फाडेर स्याउलाको सानो कुटी बनाएर बस्न थाल्नु भयो । त्यो नै नेपालको पहिलो ऐतिहासिक थेरवादी बिहार आनन्दकुटी हो ।

अर्को अत्यन्त महत्वपूर्ण व्यक्तित्व भिक्षु अमृतानन्द हुन । बिसं १९९३ (सन १९३६) मा लालकाजि शाक्य नामका पाल्पा तानसेनमा जन्मे हुर्केका १८ वर्षको कलिलो बैसमा वैराग लागेर कुशीनगर गई ऊ चन्द्रमणी महास्थविरबाट श्रामणेर प्रबज्या लिनुभयो । चन्द्रमणी बाबाले उहाँलाइ भिक्षु महाप्रज्ञाको रेखदेखमा रहन कालिंगपोंग पठाए । भिक्षु महाप्रज्ञासँग पूर्वी नेपालको भोजपुर पुग्दा उहांहरुलाइ सरकारले समातेर जेल हालियो र पछि देशबाट निकाला भयो । उहाँ बर्मा भएर श्रीलंकामा पालि बुद्धधर्मको बृहत् अध्ययन गर्न पुग्नु भयो । नेपाल फर्केर उहाँले थेरवाद बुद्ध धर्मको व्यापक प्रचार प्रसार गर्न सफल हुनु भयो । बि.सं २००१ (सन १९४४) मा राणा प्रधानमंत्री जुद्ध शमसेरले नेपालमा रहेका आठ जना भिक्षुहरुलाई फेरि देश निकाला गर्दा भिक्षु अमृतानन्द भारतमा सारनाथमा थिए । उहाँले ती सबै भिक्षुहरुलाई सारनाथमा भेला गरेर 'धर्मोदय सभा' गठन गर्नु भयो । भारत निर्वासित भिक्षुहरुलाई नेपाल भित्राउनु भयो । उहाँ कै सक्रियतामा नेपालमा चौथो विश्व बौद्ध सम्मेलन भयो ।

यसरी बिसं १९८५ (सन १९२८) मा काठमाडौंको एक जना श्रेष्ठ जातको व्यक्तिबाट थेरवादी भिक्षु भइ शुरु भएको थेरवाद बुद्धधर्ममा लगत्तै अरु एक जना तुलाधर पुरुष थेरवादी भिक्षु र पछि तीन जना तुलाधर महिला थेरवादी अनगारिका गुरुमां थपिएका थिए भने बिसं २००१ (सन १९४४) सम्म आइपुग्दा नेपालबाट निस्कासन हुन पुगेका भिक्षुहरुको संख्या आठ जना पुगे । किण्डोल बिहारबाट निस्केर भिक्षुहरु काठमाडौंमा आनन्दकुटी बिहार र पाटनमा सुमंगल बिहार थपिन गएको थियो । बिसं २००८ (सन १९५१) मा भिक्षु अमृतानन्दको अध्यक्षतामा अखिल नेपाल भिक्षु महासंघ स्थापना हुँदा नेपालमा भिक्षुहरुको संख्या २५ र गुरुमांहरुको संख्या ३० थियो । यो भनेको जहाँनिया राणा शासन अन्त भएर प्रजातन्त्र आरम्भ भएको समय थियो । थेरवाद बुद्धधर्मप्रति सरकारी दमन,

जेलनेल, देशबाट निस्कासन, असहिष्णुताको अन्त भयो। बिसं २०१७ देखि २०४६ सम्मको पंचायत व्यवस्थामा थेरवाद बुद्धधर्ममा अप्ठ्यारो स्थिति विद्यमान रहे बावजूद पनि केही प्रगति गर्न सफल भएको देखिन्छ।

अखिल नेपाल भिक्षु महासंघ स्थापनाको तीस वर्ष पछि बिसं २०३९ (सन १९८२) मा भिक्षु अमृतानन्दले लेख्नु भएको नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास भन्ने पुस्तिकामा काठमाडौं उपत्यका भित्र १२ वटा र बाहिर १५ वटा भिक्षुहरु बस्ने र दुई वटा अनगारिका गुरुमांहरु बस्ने थेरवाद विहारहरु स्थापना भएको देखिन्छ। त्यसबेला भिक्षुहरुको संख्या ५७ र अनगारिका गुरुमांहरुको संख्या ६० पुगेको देखिन्छ। यी सबै भिक्षु र गुरुमांहरु सबै नेवार समुदाय कै मात्र थिए। सन १९९१ (बि.सं. २०४७) सम्म जति पनि भिक्षु र गुरुमांहरुको संख्या वृद्धि भयो सबै नेवार समुदायबाट मात्रै भयो।

**नेपालका जनजातिहरु**

बिसं २०४७ मा पंचायती व्यवस्था समाप्त भएर बहुदलीय प्रजातन्त्र शुरु भयो। यो राजनीतिक परिवर्तन पछि नेपालमा थेरवादले एउटा ऐतिहासिक मोड लियो। नेपालको थेरवाद बुद्धधर्ममा जनजातिहरु पनि प्रब्रजित भएर भिक्षु र अनगारिका गुरुमां बन्न थाले।

यो ऐतिहासिक कार्यमा युवा बौद्ध समूह काठमाडौंको भूमिका मननयोग्य छ। बिसं २०३९ मा काठमाडौंका केही युवा र बुद्धधर्ममा आस्था भएका समाजसेवीहरु मिलेर यो संस्था स्थापना गरेका थियौं। शुरुमा युवा बौद्ध समूहले युवा र बौद्ध बुद्धिजीविहरु बीच देश र समाज विकासमा बुद्धधर्मको उपादेयता बारे प्रवचन र काठमाडौं उपत्यकाका किसान बस्तीहरुमा पंचशील अभियान संचालन गऱ्यौं। कार्य गर्दै जाँदा तामांग, गुरुंग र शेर्पा जस्ता बौद्ध जनजातिहरुमा पनि बुद्धधर्म प्रवचन चलाउनेबारे छलफल गर्न ती समुदायका नेताहरु सीताराम तामांग, जगमान गुरुंग र ङवांगवोसेर लामासँग छलफल चलायौं।

त्यसबेला युवा बौद्ध समूहमा मगर र थारु समुदायमा पनि बुद्धधर्म अपनाउने कुरा चलिरहेको छ भन्ने एउटा सूचना आयो। युवा बौद्ध समूहले नेपाल मगर संघका महासचिव सुरेश आले मगरसँग छलफल गर्दा मगर समुदायको धर्म के हो भन्ने अन्यौलता हटाएर बुद्धधर्म अपनाउने कुरा चलेको सही रहेछ भन्ने थाहा पायौं। त्यसरी नै थारु समुदायका वरिष्ठ व्यक्तित्व पूर्व महान्यायाधिवक्ता रमानन्द प्रसाद सिंहलाई बोलाएर बुद्ध बिहारमा एउटा प्रवचन कार्यक्रम राख्यौं। सो कार्यक्रममा भिक्षु अमृतानन्द र भूवनलाल प्रधान जस्ता जानकार विद्वानहरुले पनि टिप्पणी गरेका थिए। रमानन्द प्रसाद सिंहले केही हप्ता अगाडि मात्र भारत पटनामा गएर उहांले लेखेको 'द रियल स्टोरी अफ थारु' भन्ने पुस्तिकालाई भारतका संचारमा पेश गरेको थियो। सो पुस्तिकामा थारुहरु शाक्यमुनि कै वंशज बौद्धहरु हुन् भनेर प्रतिपादन गरेको रहेछ।

त्यही बेला नेपालमा पंचायत विरोधी जनआन्दोलन पनि शुरु भैरहेको थियो। यसरी मगर, थारु, तामांग, गुरुंग र शेर्पाहरुका बुद्धिजीवि र नेतृत्वसँग विचार विमर्स गर्दागर्दै बिसं २०४६ मा जनआन्दोलन पनि सफल भैहाले छ। बिसं २०४७ मा नयां सम्बिधान लेख्न संबिधान सुझाव आयोग गठन भयो। युवा बौद्ध समूहले नयां सम्बिधानमा नेपाललाई हिन्दुराज्य होइन धर्मनिरपेक्ष बनाउनु पर्छ भनेर सुझाव दिने निर्णय गऱ्यो र सुझाव आयोगमा दर्ता पनि गऱ्यो। यो कुरालाइ आम जनसमुदायमा पुऱ्याउन एउटा अपिल छापेर व्यापक प्रचार गऱ्यौं। नेपाल हिन्दु राज्य होइन धर्मनिरपेक्ष हुनु पर्छ भन्ने आवाज व्यापक हुनथाले पछि काठमाडौंमा एउटा शान्ति ऱ्याली गर्ने कुरा उठ्न थाल्यो। धर्मोदय सभाको नेतृत्व र युवा बौद्ध समूहको व्यवस्थापनमा १३५ वटा विभिन्न धर्म, जाति, भाषाका संघसंस्थाहरुको एउटा समिति बन्यो। भिक्षु अमृतानन्दको नेतृत्वमा टुंडिखेलबाट विशाल ऱ्यालीले काठमाडौं शहरको परिक्रमा गरी खुल्लामञ्चमा सम्बोधन सभा सम्पन्न भयो। सो दिनको साँझ बीबीसी नेपाली रेडियोले एक लाख मानिसको सो ऱ्याली नेपालको इतिहासमा त्यो बेलासम्मको सबभन्दा ठूलो सडक प्रदर्शन भनेर रिपोर्ट गरे।

सो ऱ्याली आयोजक समितिमा धार्मिक र भाषिक संघसंस्थाका अलावा जातीय संगठनहरुको भूमिका विशेष रह्यो। रमानन्द प्रसाद सिंहको नेतृत्वमा थारु कल्याणकारी सभा, गोरेबहादुर खपाङगी र एम एस थापामगरको नेतृत्वमा नेपाल मगर संघ, परशुराम तामांगको नेतृत्वमा नेपाल तामांग घेदुंग र तमु बौद्ध सेवा समिति, शेर्पा संघ, थकाली संघ र किरात धर्म तथा साहित्य संस्थाहरु एकै थलोमा सहकार्य गर्ने संयोग ऐतिहासिक रह्यो। बिसं २०४७ मा नेपालको नयां सम्बिधान त बन्यो, तर नेपालका हिन्दुवादीहरुको जालझेलले नेपाललाई हिन्दु अधिराज्य भनेर लेखियो। नेपालमा यो जाति, भाषा र धर्मको अधिकार प्राप्त गर्न लामो संघर्ष गर्नु पर्ने देखियो

र यी जातिय संगठनहरु मिलेर नेपाल जनजाति महासंघ खोलियो । यो महासंघ खोल्न धर्मोदय सभाको सहयोग मननयोग्य छ । यी जातिय संगठनहरुलाई जोड्ने कार्यमा युवा बौद्ध समूहको भूमिका पनि महत्वपूर्ण रह्यो ।

सम्बिधान निर्माण र निर्वाचन सकेपछि युवा बौद्ध समूहले बुद्धधर्म प्रचारको नयां कार्यक्रम बौद्ध जागरण शिविर शुरु गऱ्यो । यो कार्यक्रमले युवा बौद्ध समूहको सम्पर्कमा आएका नेतृत्व मार्फत मगर, थारु, तामांग, गुरुंगहरुलाई बुद्धधर्मको प्रशिक्षण दियो । शुरुमा भिक्षु सुदर्शनको आनुभावले कीर्तिपुर बिहारमा ३/७ दिने शिविरहरु संचालन भए । पछि भिक्षु अश्वघोषको सहयोगमा बनेपा ध्यानकुटीमा शिविर संचालन गर्न सहज भयो । शिविरहरु चल्दै गर्दा बुद्धधर्म दिगो बनाउन ती जनजाति समुदायहरुमा पनि थेरवादी भिक्षुहरु आवश्यक छ भन्ने महसूस गरियो । परीक्षणको रुपमा तामांग, गुरुंग, मगर र थारुबाट एक एक जना श्रामणेर बनाउने र बुद्धधर्म अध्ययन गराउन थाईलैण्ड पठाउने योजना बन्यो । यो योजनामा भिक्षु सुदर्शनको जिम्मेवारी विशेष रह्यो । थाईलैण्डमा व्यवस्थापनको अभिभारा थाईलैण्डमै अध्ययनरत भिक्षु सुगन्धले लिनुभयो । ती श्रामणेरहरुलाई थाईलैण्ड पठाउनु अगाडि कीर्तिपुर बिहारमा तालीम अध्ययन गराउँदा थाईलैण्डबाट नेपालमा आइरहनु भएका भिक्षु विपस्सीले कीर्तिपुर बिहारमा बसेर सहयोग दिनुभएको थियो । यसरी बिसं २०४८ सालमा नेपालको थेरवाद बुद्धधर्मको विकासमा एउटा नयां मोड लियो ।

बिसं २०४८ मा जनगणना लिंदा जनजातिहरुको संख्या ३७ प्रतिशत देखियो जसमा मगर ७.५ प्रतिशत, थारु ६.५ प्रतिशत, तामांग ५.५ प्रतिशत, नेवार ५.५ प्रतिशत, गुरुंग २.५ प्रतिशत, शेर्पा ०.७ प्रतिशत छन् । यो तथ्यांकबाट के देखिन्छ भने नेपालमा थेरवादको विकास गर्ने हो भने नेवार समुदायमा मात्र सीमित भएर केही अर्थ छैन । जनजाति समुदायमा पनि थेरवाद फैलिन ती जातिबाट पनि भिक्षु अनगारिका हुनु आवश्यक छ ।

## जनजाति भिक्षुहरुको शिक्षा

बिसं २०४८ बाट २०७८ सम्म आईपुग्दा यस तीस वर्ष भित्र जनजातिहरुमा भिक्षु अनगारिका बन्ने र तिनीहरुलाई बुद्धधर्मको शिक्षा दिने विषयमा धेरै विकास भएको पाउँछौं । अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्यको प्रतिवेदन अनुसार बिसं २००८ मा २५ जना भिक्षु र ३० जना अनगारिकाको संख्या बढेर बिसं २०६४ मा नेपाल भित्र ३५० भिक्षु र श्रामणेर, १५२ अनगारिका गुरुमां गरी ५०२ हुन पुग्यो । यिनीहरुमा ४२ जना विश्वशान्ति बिहार र ३० जना मुनी बिहारमा अध्ययनरत छन् भने नेपाल बाहिर श्रीलंका, थाईलैण्ड र म्यानमारमा १९४ भिक्षु र श्रामणेर, ३० जना अनगारिका गुरुमांहरु अध्ययनरत छन् । बिहारहरुको संख्या ९६ पुगेको देखिन्छ ।

भिक्षु बोधिज्ञानले बिसं २०७१ मा थेरवाद बौद्ध डाइरेक्टरी–नेपाल निकाल्नु भयो । सो डाइरेक्टरी अनुसार भिक्षु, श्रामणेर र अनगारिका गुरुमांहरुको संख्या ६४६ पुगेको देखियो । यी मध्ये नेपाल भित्र १०० जना भिक्षु, ९८ श्रामणेर र १३० जना अनगारिका गुरुमां थिए भने विदेशमा ७० जना भिक्षु, २३१ जना श्रामणेर र १७ जना अनगारिका गुरुमांहरु थिए । बिहारहरुको संख्या १२२ पुगे ।

यी भिक्षु, श्रामणेर र अनगारिका गुरुमांहरुमा कति नेवार समुदाय र कति जनजाति लगायत अरु समुदायका थिए भन्ने कुरा ती प्रतिवेदनहरुमा स्पष्ट छैन । भिक्षु बोधिज्ञानको प्रतिवेदनमा मुनी बिहारमा अध्ययनरत ३६ जना श्रामणेरहरुमा २८ जना गैर नेवार थिए, थाइलैण्डमा रहेका १४५ जना भिक्षु, श्रामणेर र अनगारिकाहरुमा ९१ जना गैर नेवार थिए । विश्वशान्ति बिहारमा रहेका ५२ जना, श्रीलंकामा रहेका १२५ जना भिक्षु श्रामणेरहरुमा पनि केलाएर हेरेमा नेवार र गैर नेवारहरुको अनुपात यस्तै खालको पाउनेछौं । हालसालै भिक्षु विपस्सीले फेसबूकमा दिएको तथ्यांक अनुसार मुनी बिहारबाट ३०० जना भन्दा बढी गैर नेवार श्रामणेरलाइ थाइलैण्डमा अध्ययनार्थ पठाइसकेको छ । यी तथ्याकबाट हामी अन्दाज लगाउन सक्छौं कि ७००/८०० जना नेपाली भिक्षु, श्रामणेर र अनगारिकाहरुमा ५०० जना भन्दा बढी गैर नेवार समुदायका छन । नेपालमा थेरवादी भिक्षु र अनगारिका गुरुमांहरु उत्पादन हुने केही संस्थागत प्रकृयाबारे जानकारी गरुं ।

१. भिक्षु तालिम केन्द्र – बिसं १९८५ मा कुशीनगरमा बर्मेली भिक्षु ऊ चन्द्रमणी महास्थविरले प्रेमबहादुर श्रेष्ठलाई प्रबज्या दिएर शुरु भएको नेपालमा थेरवादी भिक्षु बन्ने विधि गुरु शिष्य परम्परामा नै चलिरह्यो । ५० वर्ष बितीसक्दा भिक्षु र अनागारिकाहरुको संख्या १०० जना नाघेको देखिन्छ । श्रामणेरहरुलाई संस्थागत हिसाबले तालिम दिन बिसं २०३८ मा भिक्षु अश्वघोषले संघाराम बिहारमा भिक्षु तालिम केन्द्र खोल्नु भयो । सो तालिम केन्द्रले १० वर्षमा ४० जना श्रामणेर हरुलाइ तालिम दिनु भयो र २० जना जतिले भिक्षु भएर





अचेल नेपालको भिक्षुसंघमा महत्वपूर्ण योगदान दिइरहेका छन । ती मध्ये एक जना मगर समुदायका छन् भने एक जना दलित समुदायका छन् । भिक्षु अश्वघोष जनजाति र दलितहरुलाई प्रबज्या दिने कार्यमा विशेष रुची राख्नुहुन्थ्यो । जनजातिमा त बौद्ध जागरण आउनुको साथै भिक्षु बनाउने कार्य पनि सहजै अगाडि बढ्दै रहँदा उहाँ दलित समुदायलाई समेट्ने कुरामा चिन्तित हुनुहुन्थ्यो । आज पनि दलित समुदायबाट सहज रुपमा भिक्षु बनाउने कार्य हुनसकेको छैन ।

२. मुनी बिहार – भिक्षु विपस्सी एक जना सक्रिय युवा भिक्षु हुनुहुन्छ, जसले मुनीबिहारलाई श्रामणेर उत्पादन केन्द्रको रुपमा विकास गर्नु भयो । हाल सम्म ३०० जना श्रामणेरहरुलाई प्रव्रज्या गरी थाइलैण्डमा अध्ययनको व्यवस्था र सुपरिवेक्षण गर्नु भयो । ती श्रामणेरहरुमा अधिकांश जनजाति र खस जस्ता गैर नेवार समुदायका छन् । उहाँले यो कार्य उत्साह साथ गरी नै रहनु भएको छ ।

३. विश्व शान्ति बिहार – भिक्षु ञाणपुण्णिक धेरै अध्ययनशील र विद्वान हुनुहुन्थ्यो । नेपालमा व्यवस्थित ढंगले श्रामणेरहरुलाई तालिम दिन उहाँले विश्वशान्ति बिहारमा बिसं २०५३ मा विश्वशान्ति बौद्ध शिक्षालय स्थापना गर्नु भयो । श्रामणेर बन्न आउनेहरु १०/१५ वर्ष उमेरका हुने हुँदा तिनीहरुलाइ बुद्धधर्मको साथै स्कूल शिक्षाको पनि व्यवस्था हुने गरी सो शिक्षालय संचालन भएको थियो । स्थापनाको पहिलो वर्षमा कक्षा ५ र ६ मा अध्ययनरत १३ श्रामणेर र २ जना अनगारिका समावेश गरिएको थियो । विसं २०६५ को प्रतिवेदनमा विश्वशान्ति बिहारमा ११ जना भिक्षुहरु, ३७ जना श्रामणेरहरु, ५ जना अनगारिकाहरु रहेका थिए । बर्षको ४० जना जति श्रामणेर, अनगारिका उत्पादन गर्ने क्षमता भएको यस शिक्षालयमा शिक्षा प्राप्त श्रामणेरहरुलाई उच्च शिक्षाको लागि म्यानमार, श्रीलंका र थाइलैण्डका बौद्ध विश्वविद्यालयहरुमा व्यवस्था गर्ने गरेको छ । यस बिहारमा अध्ययन गर्ने अधिकांश श्रामणेरहरु जनजाति समुदाय नै आएका छन ।

४. बौद्ध परियत्ति शिक्षा – नेपालमा थेरवाद बुद्धधर्म अध्ययन गर्ने कार्यमा बौद्ध परियत्ति शिक्षाको भूमिका अत्यन्त महत्वपूर्ण छ । यो शिक्षा लिनलाई भिक्षु, श्रामणेर वा अनगारिका बन्नु पर्छ भन्ने छैन । भिक्षु बुद्धघोषले यो शिक्षा विकास गर्नमा ठूलो योगदान गर्नु भयो । बिसं २०२० मा शुरु भएको यो शिक्षा अहिले नेपालका विभिन्न शहरहरुमा अवस्थित बौद्ध बिहारहरु मार्फत परीक्षा संचालन हुन्छ । यो शिक्षा स्वाध्यायनको साथै कक्षाहरु मार्फत अध्ययन गरिन्छ । हाल हरेक वर्ष ८० वटा जति परीक्षा केन्द्रबाट ५,००० जति प्रशिक्षार्थीहरुले परीक्षा दिन्छन र ५०,००० जना भन्दा बढी व्यक्तिहरु यसबाट लाभान्वित भैसकेका छन ।

### वाञ्छित भविष्य

नेपालमा थेरवाद बुद्धधर्मको पुनरुत्थान र विकासको इतिहास विगत १०० वर्षको हो । अनेक हण्डर र ठक्कर खाएर आज इतिहासको कठघरामा उभिन सक्षम भएको देखिन्छ । अब टेकअफ लिने अर्थात उडान भर्ने चरणमा पुगेको छ । भविष्यमा यो अझ बढी सफल, गतिशील र दीगो भई अगाडि बढ्न यस्ले संस्थागत ढंगले विकास गर्नु पर्नेछ । विशेषतया भिक्षु, श्रामणेर र अनागारिकाहरुको गुणस्तरयुक्त अध्ययन केन्द्रहरुको संस्थागत विकासमा ध्यान दिनु पर्नेछ । नेवारको अलावा जनजाति, खस, आर्य, दलीत र तराईका जातिहरुलाई लक्षित गरी योजना बनाउनु पर्ने छ । संस्थागत विकासको कुरा गर्दा भौतिक पूर्वाधार, दक्ष जनशक्ति र सक्षम व्यवस्थापन बारे विशेष ध्यान पुऱ्याउनु पर्ने छ ।

❖❖❖



# संघनायकज्यूको सपना साकार होस्

डा. लक्ष्मण शाक्य
*स्वयम्भू, काठमाडौं*



**पृष्ठभूमि**

आम बौद्ध विश्वास अनुसार मानिस केही अपुरो ईच्छाहरू लिएर जन्मिन्छ । ईच्छा भनेको सपना जस्तै हुन् । केही साकार पनि हुन्छन् । सपना साकार गर्न निरन्तर प्रयत्न गरिरहन्छन् । जन्म–मरणको संसार चक्र यसरी घुमिरहन्छ। दुःख–सुख भैरहन्छ। ईच्छा र कल्पनाका सपनाहरूबाट पूर्ण छुटकारा पाउनु नै शान्ति प्राप्त गर्नु हो र शान्ति नै निवाण हो जुन बौद्धहरूको परम लक्ष्य हो ।

पवित्र धार्मिक स्थल लुम्बिनी, स्वयम्भू चैत्य, बौद्ध महाचैत्य, नमो बुद्ध आदि बौद्ध राष्ट्रिय धरोहरहरू विद्यमान रहेका महान मुलुक नेपालमा थेरवाद बौद्ध परम्पराको पुनर्जागरण तथा पुनर्स्थापन भएको हेर्न पाउनु अत्यन्त महत्वपूर्ण कुरा हो । यस पुनीतकार्य सम्पन्न गर्ने क्रान्तिकारी अभियानमा सयौं बौद्ध भिक्षु, भिक्षुणी तथा गृहस्थहरूको अनुपम योगदान र बलिदान रही आएको छ। नेपालको बौद्ध इतिहासमा जयस्थिति मल्लको पालामा ब्रम्हचर्या पालन गरि त्यागि जीवनको अभ्यास गर्न रोक लगाएको थियो । शाहकालमा प्रजातन्त्रको उदय भए संगै तिब्बतबाट श्रद्धेय क्यान्छे लामा गुरु, छिरिङ्ग नोर्बु लामा गुरुहरूको काठमाडौं आगमन र वहाँहरूले दिनु भएको शुद्ध बुद्ध धर्मको उपदेश सुनेर यहाँका बौद्धहरू धेरै प्रोत्साहित भए । फलस्वरूप यहाँका केही युवकहरू महाप्रज्ञा, महाचन्द्र, महावीर्य, महाक्षान्ति र महाज्ञान ५ जना नेवारहरूले ब्रम्हचर्या पालन गर्ने अठोट लिइ भिक्षु दीक्षा लिन र जीवनयापन गर्न भिक्षाटन गरे । त्यो घटना त्यस युगको लागि क्रान्तिकारी देखियो र श्री ३ चन्द्रशम्शेरको सरकारलाई असह्य भएकोले ती पाँचै जना त्यागी बौद्धहरूलाई वि. सं. १९८२ मा देशबाट निर्वासित गरिदियो । भिक्षु महाप्रज्ञा तिब्बत गए र त्यहाँ नेवार लामा कर्मशीलसंग भेट भयो । पछि महाप्रज्ञा र कर्मशील दुबै जना भारतमा बुद्ध परिनिर्वाण भएको पवित्र स्थल कुशीनगरमा पुगे र बर्माको भिक्षु गुरु चन्द्रमणीसंग भेट गरेर थेरवाद श्रामणेर प्रब्रज्या दीक्षा ग्रहण गरे । बुद्धधर्मको गहन अध्ययन र प्रचारका लागि महाप्रज्ञा बर्माको अरकन गई एउटा ख्याति प्राप्त विहारमा भिक्षु उपसम्पदा वि.सं.




१९८६ मा प्राप्त गरे र धर्म अभ्यास र प्रचारमा लागे । नेपालको भोजपुर र भारतको कालिंपोङ्गमा बसेर बुद्ध शासनको निम्ति अद्वितीय योगदान गरे । ललित विस्तर बुद्ध जीवनी जस्ता लोकप्रिय ग्रन्थको रचना र प्रकाशन समेत गरी पछि केही बर्ष गृहस्थ भएर विवाह गरी छोरा छोरीको बुबा पनि भए । फेरि वैराग्य चित्त उत्पन्न भएकोले बौद्ध ऋषि दीक्षा लिएर धर्म प्रचार कार्यमा समर्पित हुँदै वि.सं.२०३५ सालमा दिवंगत हुनु भयो ।

थेरवाद शुद्ध बुद्धधर्मको पुनर्जागरण युगको महान योद्धा हो जस्ले भावि संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर तथा संघनायक भिक्षुहरू शाक्यानन्द, अनिरुद्ध डा.महानायक अमृतानन्द, सुबोधानन्दज्यूहरूलाई निश्चित मार्ग निर्देशन गर्नु भएको सर्वविदितै छ ।

संघमहानायक भिक्षु प्रज्ञानन्द काठमाडौंको इतुंबहाल टोलमा वैद्य कुलमान सिहं तुलाधरको रूपमा वि.सं. १९५७ सालमा जन्मनु भएर वि.सं. १९८५ मा ल्हासा साराचोको फोरंखा रिम्पोचेको उपाध्यायत्वमा भिक्षु कर्मशील लामा हुनुभयो । पछि वि.सं.१९८७ मा कुशीनगरमा गएर गुरु भिक्षु चन्द्रमणी महास्थविरबाट श्रामणेर प्रबजित भएर सर्व प्रथम काठमाडौं सहरमा पहेंलो बस्त्रधारी गृहत्यागीको रूपमा भिक्षाटन गर्नु भएको थियो । त्यो वहाँको अदम्य साहसको प्रमाण थियो । पछि वहाँको उपदेशबाट प्रेरणा लिई श्रामणेर शासन ज्योति र अनागारिकाहरू रत्नपाली, धर्मपाली र संघपालीहरूले पनि गृहत्यागी जीवन बिताउनु भयो । वहाँ वि.सं. १९८९ मा बर्माको चटगाउँको एउटा ख्याति प्राप्त विहारको भिक्षु ऊ चन्दिमालामा गुरुबाट भिक्षु उपसम्पदा ग्रहण गरि भिक्षु प्रज्ञानन्दको नामले लोकमा प्रशिद्ध हुनु भयो । वहाँ नेपालमा फर्केर आई पाटनको श्री सुमंगल विहारमा बसी थेरवाद बुद्धधर्मको द्रुत गतिले प्रचार गर्दै जानु भयो । यसरी थेरवाद बुद्ध शासनको नव जागरणको वातावरणले त्रसित भएर वि.सं.२००० श्रावण १५ गतेका दिन आठजना गृहत्यागी भिक्षु तथा श्रामणेरहरूलाई बुद्ध जन्मभूमि नेपालबाट देश निकाला गरिएका थिए । पछि वि.सं.२००३ सालमा भिक्षु अमृतानन्दको प्रयासले श्रीलंकाबाट भिक्षु नारदको नेतृत्वमा पाँच सदस्यीय शिष्ट मण्डल नेपालमा आएर श्री ३ पद्म शम्शेर प्रधानमन्त्रीलाई भेटेर निर्वासित भिक्षुहरूलाई स्वदेशमा फर्की धर्मको अभ्यास र प्रचार गर्ने अवसर दिलाउनु भयो । वहाँ भिक्षु प्रज्ञानन्दले पाटनको श्री शाक्यसिंह विहार, बलम्बुको प्रणिधिपूर्ण महाविहार तथा अन्य विहारहरू निर्माण गर्न नेतृत्वदायी भूमिका खेल्नु भएको थियो ।

सुरुमा भिक्षु प्रज्ञानन्दले नेपालमा १५ जना भिक्षुहरू चाँडै देख्न पावस भनेर ईच्छा गर्नु भएको थियो । त्यो सपना चाँडै नै पुरा भयो । त्यसताका थेरवाद धर्म प्रचारका अग्रजहरू भिक्षु प्रज्ञानन्द, भिक्षु शाक्यानन्द, भिक्षु अनिरुद्ध, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु बुद्धघोष आदि हुन् । वि.सं.२००७ सालमा भिक्षु प्रज्ञानन्द कै अध्यक्षतामा अखिल नेपाल भिक्षु महासंघको स्थापना भयो । वि.सं. २०४१ माघ २० गते काठमाडौंको आनन्दकुटी विहारमा बसेको महाथेर समागमले श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविरज्यूलाई अखिल नेपाल भिक्षु महासंघको आजीवन संघमहानायक गरिमामय प्रथम उपाधि पदबाट विभूषित गरिनु भयो । वहाँले अन्तराष्ट्रिय देशहरूबाट पनि सम्मान पदविहरू पाएका थिए । यसरी ६३ बर्षसम्म त्यागमय भिक्षु जीवन बिताएर ९३ बर्षको उमेरमा विं सं.२०४९ फागुन २८ गते कालगतिले दिवंगत हुनु भयो । वहाँ संघमहानायकज्यूले आफूले बुनेका धेरै सपनाहरू साकार रूपमा हेरेर जान सफल हुनु भयो । र भावि संघनायकहरूलाई पनि दूरगामि प्रेरणा दिएर जानु भयो ।

श्रद्धेय भिक्षु शाक्यानन्द महास्थविरज्यू दोश्रो संघनायक पदमा रहेर तानसेन, पाल्पामा धेरै बौद्ध जागरण ल्याउनु भयो । वहाँ आफ्नो संकल्पमा अडिग रहनु हुन्थ्यो । वहाँले नेपालमा बुद्धधर्म चिरस्थाई रहोस् भन्ने चाहन्थे । वहाँको परिवार भोजपुरबाट सुबोधानन्द तथा सुगतानन्द अरू दुइजना भाइहरू पनि गृहत्यागी भएका थिए । वहाँले धारा प्रवाह रूपमा धर्मदेशना गर्न सिपालु हुनुहुन्थ्यो ।

तेश्रो संघनायक भिक्षु अनिरुद्ध महास्थविर भिक्षु धम्मालोक गृहस्थ हुँदाका सुयोग्य तथा आज्ञाकारी छोरा हुन् । वहाँले सानै उमेरदेखि गृहत्यागी भएर श्रीलंका र म्यानमारमा बौद्ध धर्म अध्ययन गर्नु भएको थियो । वहाँलाई धेरै भाषाको जानकारी भएकोले बौद्धग्रन्थ धम्मपद अट्ठकथा नेपालको स्थानीय भाषामा अनुवाद गरेर प्रचार गर्नु

भएकोले बुद्धकालीन जनजीवनबारे नेपालीहरूले बुझ्न सजिलो भयो । वहाँले लुम्बिनी, बुद्ध जन्मभूमिमा बसेर ठूलो त्याग तपश्या गर्नु भएको थियो । वहाँका सपना भन्नु नेपालमा भिक्षुसंघको सुदृढिकरण र बौद्ध ग्रन्थहरू जनमानसमा सजिलै सित उपलब्ध भएको हेर्न पाउनु हो ।

पूज्य भिक्षु सुबोधानन्द महास्थविरज्यू चौथो संघनायक हुनुहुन्छ । वहाँ श्रीलंकामा भिक्षु उपसम्पदा प्राप्त गरी बुद्धधर्मको अध्ययन, अभ्यास तथा धर्म प्रचार कार्यमा समर्पित हुँदै काठमाडौंको श्रीघ विहारमा र गणमहाविहारमा धेरै बर्षावास बसि धार्मिक जीवन बिताउनु भयो । वहाँले जातक अट्ठकथाका केही कथाहरू अनुवाद गरी प्रचार गरेर जानु भयो । वहाँको सपना भन्नु नेपालमा बुद्धधर्म ब्यापक प्रचार भएको हेर्न पाउने रहेको बुझिन्छ । वहाँ सन्तोष र सादा भिक्षु जीवनमा रमाउनु हुन्थ्यो ।

श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर पाँचौं संघनायक हुनुहुन्छ । वहाँको बौद्ध शिक्षा दिक्षा म्यानमारमा भएको थियो । वहाँ नेपाल बौद्ध परियत्ति शिक्षा संचालन गर्ने कार्यको संस्थापक हुनुहुन्छ । वहाँले ललितपुर स्थित श्री सुमंगल विहारमा धेरै बर्ष बर्षावास रहनु भै थेरवाद बुद्ध शासनको प्रचार प्रसारमा अद्वितीय योगदान दिनु भयो । भिक्षु ज्ञानपूर्णिक महास्थविर र भिक्षु सुदर्शन महास्थविर जस्ता सुयोग्य बौद्ध विद्वान भिक्षु शिष्यहरू नेपाली समाजको लागि दिएर जानु भयो । वहाँको चाहना भन्नु सबै नेपालीहरूले शुद्ध बुद्ध शिक्षा सुलभ रूपमा पाउन सकोस भन्ने बुझिन्छ । वहाँ शीलाचरणमा विशेष जोड दिनु हुन्छ ।

छैठौं संघनायक हुनुहुन्छ, पूज्य भिक्षु अश्वघोष महास्थविर । वहाँ डा. महानायक भिक्षु अमृतानन्द महास्थविरज्यूको शिष्य हुनुहुन्छ । वहाँले साना साना लोकप्रिय बौद्ध पुस्तकहरू १५० भन्दा बढी लेखेर छाप्नुभयो । ध्यानकुटी विहार र काठमाडौंको संघाराम भिक्षु तालिम केन्द्र विहारको स्थापना सहित धेरै भिक्षु शिष्यहरू बनाएर जानु भयो । वहाँले बुनेका सपनाहरूका परिणामहरू नेपालको थेरवाद बुद्ध शासनको इतिहासमा सदैब ताजा रहिरहनेछ । वहाँ श्रद्धेय सभासद भिक्षु पनि हुनु भयो ।

हाल सालै २०७७ असार १९ गते शुक्रबारका दिन पूज्य सातौं संघनायक ज्ञानपूर्णिक महास्थविरज्यूको ८१ बर्षको उमेरमा कालगतिले निधन भयो । वहाँले सानै उमेर देखि श्रामणेर तथा भिक्षु भएर म्यानमारमा उच्च शिक्षा हासिल गरी “धम्माचरिय” जस्तो सम्माननीय पदवी समेत पाएको थियो । वहाँले आफ्नो गुरु भिक्षु बुद्धघोष महास्थविरज्यूले शुरु गर्नु भएको नेपाल बौद्ध परियत्ति शिक्षालाई स्तरीयता प्रदान गर्दै निरन्तरता दिनु भयो । विश्वशान्ति विहार जस्ता आधुनिक बौद्ध विहारको निर्माण कार्यमा अध्यक्षता ग्रहण गरी पूर्णता दिन सफल हुनु भयो । वहाँ विपश्यना ध्यान भावनाचार्यको रूपमा अन्तराष्ट्रिय जगतमै ख्याति प्राप्त छ । वहाँले बर्माका ख्याति प्राप्त भिक्षु महास्थविरज्यूद्वारा रचित अत्यन्त महत्वपूर्ण ग्रन्थहरू नेपालभाषामा अनुवाद गरेर प्रकाशित गर्न धेरै हदसम्म सफल हुनु भएको देखिन्छ । पछिल्लो समयमा लुम्बिनी बौद्ध विश्वविद्यालयद्वारा संचालित स्नातकोत्तर तहको थेरवाद बुद्धिष्ट एकेडेमिको प्राचार्य समेत भएर अतुलनीय योगदान दिएर जानु भयो । वहाँको जन्म तानसेन, पाल्पामा भएपनि कार्यक्षेत्र मूलत काठमाडौं नै रहयो । वहाँले बुनेको सपना भन्नु नै बुद्धभूमि नेपालमा नेपालीहरूले प्राज्ञिक उच्चत्व बौद्ध शिक्षा हासिल गर्न सकोस् र बौद्ध लक्ष्य परम शान्ति प्राप्त गर्ने मार्ग निर्देशनबाट कोही वञ्चित नहोस् भन्ने बुझिन्छ । वहाँको विद्वता र स्पष्ट वक्ताका बारेमा नेपाली समाज अभ्यस्त छ । वहाँले पनि धेरै शिष्य भिक्षुहरू र उपासक उपासिकाहरू बनाएर गएको छ । श्रद्धेय सातौं संघनायक भन्तेज्यू नेपाली बौद्धहरूको सदैब प्रेरणाको श्रोत बनिरहने छ । वहाँको व्यक्तित्व र कीर्ति नेपाली बौद्ध समाजमा अमर रहने छ ।

वर्तमान आठौं संघनायक पूज्य भिक्षु बोधिसेन महास्थविरज्यू ग्रन्थधूर गुरु नै हुनुहुन्छ । वहाँले अनुवाद गर्नु भएका पवित्र ग्रन्थ अंगुत्तर निकाय निकै प्रशंसनीय रहेका छन् । बनेपामा आफ्नो कार्यक्षेत्र बनाउनु भएका वहाँले सुदर्शन विहार र बोधिचर्या विहारको प्रगति र उन्नति गर्नु भएको छ । साथै वहाँले पनि नेपालमा शुद्ध बुद्धधर्मको प्रचार प्रसारमा निरन्तर योगदान दिनमा पछि पर्ने छैन भनी विश्वस्त छु ।

समग्रमा नेपालमा थेरवाद भिक्षुहरूको संख्या न्यून रहेता पनि वहाँहरूले नेपाली समाजमा पुऱ्याउनु भएका योगदान अविस्मरणीय रहिरहने वास्तविकता वहाँहरूले छोडेर गएका सामाजिक, धार्मिक र बौद्धिक कार्यहरूको अवलोकनबाट बुझ्न सकिन्छ । प्रेरणाको श्रोत बनिरहने छ । उपरोक्त सबै श्रद्धेय संघनायकहरू सित यो पंक्तिका लेखक प्रत्यक्ष दर्शन भेट् गर्ने सौभाग्य पाएकोमा आभार व्यक्त गर्दै सादर वन्दना गर्दछु ।

❖❖❖

गोरखापत्र पत्रिकामा प्रकाशित

# थेरवादका अनुयायी



**मुनीन्द्ररत्न बज्राचार्य**
*स्वयम्भू, काठमाडौं*

नेपालमा रहेका बौद्ध भिक्षुहरु मध्ये बहुआयामिक व्यक्तित्वका रूपमा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर पनि एक हुनुहुन्छ। नेपाल थेरवाद बुद्ध शासनको पुनर्जागरण पछि दोस्रो पुस्ताका रूपमा नेपालको बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध साहित्य, बौद्ध शिक्षाको विकासका लागि उहाँको ठूलो योगदान छ। प्रतिभाशाली र आदर्शवान् भिक्षु ज्ञान पूर्णिक नेपालका सातौं पूजनीय सङ्घनायक हुनुहुन्थ्यो। आजभन्दा ८१ वर्षअघि विक्रम संवत् १९९६ मङ्सिर ६ गते पाल्पाको सदरमुकाम तानसेनमा बुवा सूर्यलाल शाक्य र माता चन्द्रमाया शाक्यको कोखबाट उहाँको जन्म भएको थियो। उहाँको गृहस्थी नाम हिरालाल शाक्य थियो। भिक्षु बुद्धघोष महास्थविरको प्रेरणाबाट बुद्धधर्मप्रति बाल्यकालमै उहाँमा जिज्ञासा बढेको थियो। भिक्षु बुद्धघोषको सहयोगबाट ११ वर्षको उमेरमा बर्माको विभिन्न विद्यालयमा त्रिपिटक र अन्य शिक्षा उहाँले ग्रहण गर्नुभयो। १६ वर्षको उमेरमा ईसं १९५६ अगस्ट १५ (२०१३ साल) का दिनमा छट्ठ सङ्गायनको समाप्त गरी बर्माका सुप्रसिद्ध अग्गमहापण्डित श्रद्धेय भिक्षु विशुद्धाभिवंश महास्थविरबाट श्रामणेरको दीक्षा लिनु भई प्रव्रजित हुनुभयो। यस्तै, सन् १९५९ अप्रिल १२ का दिन २० वर्षको उमेरमा सयादो सुरियाभिवंश महास्थविरको उपाध्यायत्वमा उहाँले भगवान् बुद्धको विनय नियमअनुसार उपसम्पदा (पूर्ण भिक्षुत्व) को दीक्षा ग्रहण गरी भिक्षु हुनुभयो। सन् १९६३ मा सासनधज धम्माचरिय उपाधि प्राप्त गर्नुभयो। सन् १९६६ मा भारतको वाराणसी संस्कृत विश्वविद्यालयबाट संस्कृतिमा डिप्लोमा परीक्षा पनि उहाँले उत्तीर्ण गर्नुभयो।



बर्मा (म्यानमार) मा ११ वर्ष रहँदा बुद्धशासनका धेरै ज्ञान हासिल गर्नुका साथै विभिन्न क्रियाकलापमा उहाँ संलग्न हुनुभयो। सन् १९६४ देखि १९६६ सम्म काउन्सिलबाट सरकारीस्तरमा रही पालि बर्मेली विश्व शब्दकोशको सम्पादनमा संलग्न भई महत्वपूर्ण सहयोग गर्नुभयो। साथै बुद्ध धर्मको अध्ययन गर्दागर्दै विश्वप्रसिद्ध विपश्यनाचार्य श्रद्धेय भिक्षु शोभन महास्थविर

महाशी सयादोसँग विपश्यना ध्यानको ज्ञान सिक्नुभयो । बर्मामा एक दशकभन्दा बढी बुद्धधर्मको अध्ययन गरी नेपाल फर्केपछि निरन्तर रूपमा धार्मिक, सामाजिक, शैक्षिक र भाषिक एवम् साहित्यिक आदि क्षेत्रमा भिक्षु ज्ञानपूर्णिकले आफ्नो सम्पूर्ण जीवन समर्पित गर्नुभयो । नेपाल आएलगत्तै सर्वप्रथम उहाँबाट नेपाल अखिल भिक्षु महासङ्घद्वारा सञ्चालित परियत्ति शिक्षाको परीक्षा नियन्त्रक हुनुभयो । उहाँले बौद्ध परियत्ति शिक्षालाई नयाँ ढङ्गले कसरी अभिप्रेरित गर्न सकिन्छ भनी विभिन्न उपाय खोज्नुभयो । परियत्ति अध्ययन गर्ने विद्यार्थीका लागि पुरस्कार र अन्य सहयोगको व्यवस्था गर्नुभयो । त्रिभुवन विश्वविद्यालयबाट सन् १९७७ मा बीएसम्म अध्ययन गर्नुभयो । सन् २००१ मा म्यानमार सरकारको तर्फबाट उहाँ 'अग्गमहासद्धम्मजोतिकधज धार्मिक ओहदाको पद्वी ग्रहण गर्नुभयो । सन् २०१३ सालमै अन्तर्राष्ट्रिय क्षेत्रमा थाइल्यान्डको महामुकुट बुद्धिष्ट विश्वविद्यालयको तर्फबाट बुद्धिष्ट स्टडिज विषयमा उहाँलाई डक्टर अफ फिलोसफी प्रदान गरियो । पछि सन् २०१६ मा महाचुलालोङ्कर्न राजविद्यालयबाट पनि डक्टरेट डिग्री अफ पि.एचडी. इन पालिबाट विभूषित हुनुभयो । नेपालमा बुद्धधर्मसम्बन्धी पुस्तकको निकै अभाव भएको बेला उहाँले यस्ता पुस्तक अनुवाद गर्नुभएको छ । बर्मेली भाषाविज्ञ पनि भएकाले उहाँले बर्मेली पुस्तकहरू धेरै अनुवाद गर्नुभयो । जसमा विशेषतः ध्यानसम्बन्धी पुस्तक धेरै पर्छन् । उहाँबाट अनुवाद भएका प्रमुख पुस्तकहरूमा अभिधर्मार्थ सङ्ग्रह भाग (नेसं १०९१), विश्व धर्मप्रचार देशना भाग १ र २, पच्चय उद्देश निद्देश पट्ठान, महान् सल्लेख सूत्रोपदेश भाग १ र २ (नेसं ११११), दुदङ्गु जीवनया मू - नेसं १११२), जातक पालि (नेसं ११२१), उभयपातिमामोक्ख - नेसं १११३) अभिधर्मार्थ सङ्ग्रह (सम्पूर्ण) (नेसं १११३), बुद्ध र बुद्धवाद प्रथम र द्वितीय नेसं २०४८, कर्म र मनुष्य - विसं २०५४), प्रतीतत्यसमुत्पाद महान् उपदेश - विसं २०५४), परित्राण सुत्र - विसं २०६०) । यतिमात्र होइन कि स्वदेश र विदेशमा रहनुहुँदा उहाँले ५० भन्दा बढी बौद्ध साहित्य ग्रन्थ अनुवाद, सम्पादन तथा लेखन गरी प्रकाशन गर्नुभएको छ । उहाँले गर्नुभएको विभिन्न भाषा अनुवाद पुस्तकलाई 'यःम्ह म्ह्याय्' नामको अनुदित नेपालभाषाको पुस्तकलाई नेसं १०९० मा श्रेष्ठ सिरपा पुरस्कार प्रदान गरियो । भिक्षु ज्ञानपूर्णिक महास्थविरको विद्वता तथा मृदुभाषिताले उहाँप्रति मानिस आकर्षित हुन्थे । बुद्धधर्मको प्रचार प्रसारका लागि उहाँ विदेश भ्रमण गरिरहनुहुन्थ्यो । विशेषगरी पुस्तक लेखन र प्रवचन दिन उहाँ विदेश भ्रमणमा जानुहुन्थ्यो। उहाँले मलेसिया, सिङ्गापुर, अस्ट्रेलिया, फ्रान्स, जापान, अमेरिकालगायत मुलुकमा विपश्यना ध्यान सिकाउनुभयो ।








भिक्षु ज्ञानपूर्णिकको सबैभन्दा ठूलो देन विभिन्न विहारको स्थापनामा रहेको छ । ललितपुको थेचोमा वेलवनाराम विहार, मङ्गलबजारमा मणिमण्डप विहार र शङ्खमुलमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र स्थापनाका लागि उहाँको महत्वपूर्ण योगदान छ । यस्तै, २०४२ सालमा नयाँबानेश्वरमा विश्व शान्ति विहारको स्थापना गर्नुभयो । यहाँ २०५३ सालदेखि नयाँ नयाँ भिक्षु बन्दै आएका छन् । २०७१ सालमा उहाँकै सक्रियतामा थेरवाद बौद्ध एकेडेमी स्थापना भई थेरवादमा एम.ए.सम्मको अध्ययन पनि सञ्चालन भएको छ ।

यसैगरी कैयौं अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा उहाँ सहभागी हुनुभएको छ । मङ्गोलियाको उलानवटौरमा सन् १९७९ र १९८२ मा भएको एसियाली बौद्ध सम्मेलनको पाँचौ र छैटौं शान्ति सम्मेलनमा उहाँले नेपालको तर्फ बाट भाग लिनुभएको थियो । यस्तै सुप्रिम बुद्धिस्ट सम्मेलनको आयोजनामा जापानस्थित 'वर्ल्ड बुद्धिष्ट सम्मिट' मा पनि उहाँले नेपालको प्रतिनिधित्व गर्नुभएको थियो । भारत सरकारले गठन गरेको अन्तराष्ट्रिय बुद्धिष्ट कन्फेडेरेसनमा पनि नेपालको प्रमुख प्रतिनिधि भई भाग लिनुभयो । यस्तै चीनमा स्थापना गरिएको वर्ल्ड बुद्धिष्ट फोरममा पनि सदस्यको रूपमा उहाँले काम गर्नुभयो । विसं २०६५ मा आचार्य ज्ञानपूर्णिक महास्थविर उपसम्पदा भएको ५० बर्षको अवसरमा बृहत् सार्वजनिक अभिनन्दन कार्यक्रम भयो । कार्यक्रम नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको समुपस्थितिमा सम्पन्न भएको थियो । यही कार्यक्रममा अङ्ग्रेजी, नेपाली र नेपालभाषामा लेखिएको उहाँका लेख सङ्ग्रह र उहाँका देनबारे लेखिएका पुस्तकहरु सार्वजनिक भएका थिए ।

बुद्धशासनमा आजीवन समर्पण हुनुभएका ज्ञान पूर्णिकलाई म्यानमारका महाशी शासना यइटा ध्यान केन्द्रबाट ओवादाचार्य एवम् कम्मट्ठानाचार्य को उपाधि पनि प्रदान गरिएको थियो । यस्तै उहाँलाई ज्ञानमाला भजन खलः काठमाडौंबाट रत्नवत पुरस्कार र धर्मबहादुर धाख्वा कल्याण कोष पुरस्कार प्रदान गरिएको थियो ।

जीवनको अन्तिम समयसम्म पनि आफ्नो आदर्श बुद्धशासनको अभिवृद्धिका निमित्त निरन्तर लागिरहँदा रहँदै २०७७ साल असार १९ गले उहाँ दिवङ्गत हुनुभयो । उहाँको निधनले सम्पूर्ण बौद्ध क्षेत्रलाई ठूलो आघात पुगेको छ । अझ नेपालको थेरवाद बुद्ध शासनका लागि अपूरणीय क्षति भएको छ । यो शोकको घडीमा धैर्य धारणा गरी उहाँको सुखावती भुवनवास कामना गर्नुसिवाय अरू के छ र ? तर, समस्त बौद्ध धर्मावलम्बीले बहुमुखी प्रतिभा सम्पन्न भिक्षु ज्ञानपूर्णिक महास्थविरको योगदानप्रति सदा कदर गरिरहनेछन् ।

❖❖❖

# ग्रन्थधुर एवं विपश्यनाधुर ज्ञानपूर्णिक भन्ते



डा. रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*




नेपालका सातौं संघनायक 'सासनधज धम्माचरिय', 'अग्गमहासद्धम्मजोतिकधज' डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर नेपालमा परियत्ति, प्रतिपत्ति र प्रतिवेध शासन दिगो बनाउनको निम्ति आफैलाई समर्पित गर्नुभएका एक ग्रन्थधुर एवं विपश्यनाधुर व्यक्तित्व हुन् । उहाँको बुद्धशासनिक योगदान अति व्यापक छ । उहाँले नेपालमा र नेपाल बाहिर पनि बुद्धधर्मको प्रचार प्रसारमा पुऱ्याएको योगदानलाई विभिन्न विधामा बाँडेर दस्तावेज बनाउन सकिन्छ ।

नेपालको सन्दर्भमा नेपाल बौद्ध परियत्ति शिक्षामा स्थापनाकालदेखि योगदान, विश्वशान्ति विहारको स्थापना र निर्माण, विश्वशान्ति बौद्ध शिक्षालयको स्थापना, अन्तर ाष्ट्रिय बौद्ध भावना केन्द्रको स्थापना र निर्माणमा नेतृत्व, थेरवाद बुद्धिष्ट एकेडेमि स्थापनामा नेतृत्व, मणिमण्डप विहारको जिर्णोद्धार, ठेचोमा वेलुवनाराम विहारको निर्माण, कुटी विहार, सन्ति सुखावास, शान्ति स्मारिका आदिमा संरक्षण, युवक बौद्ध मण्डल नेपालको अध्यक्ष आदि इत्यादि धेरै क्षेत्रमा ज्ञानपूर्णिक भन्तेको योगदान रहेको छ। उहाँले



यी विभिन्न बौद्ध संघ संस्थाहरुको स्थापना तथा निर्माण कार्यमा प्रमुख भूमिका निभाउनुका साथै यसमा आबद्ध व्यक्तिहरुका निम्ति सदैव अभिभावकको रूपमा निर्देशन र संरक्षण दिनुभयो । नेपालका सम्पूर्ण बौद्ध अनुयायीहरूका निम्ति उहाँ एक आदर्श व्यक्ति रहनुभयो । ग्रन्थ अध्ययन गर्न चाहनेहरूका लागि उहाँले अमूल्य बौद्ध ग्रन्थहरु अगाडि सारी पस्किनु भयो भने विपश्यना ध्यान अभ्यास गर्न चाहनेहरूका लागि एक करुणानिधान आचार्यको रूपमा खडा हुनुभयो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा भन्नुपर्दा "पालि बर्मेली विश्व शब्दकोष" निर्माण कार्यमा संलग्न, West Midlands Buddhist Centre, Birmingham, England मा धार्मिक सेवा, Buddhist Temple, Nashville, USA मा विहार प्रमुखको रुपमा धार्मिक सेवा, Kota Kina Balu Vipassana Meditation Centre, Malaysia को निर्माणमा प्रमुख भूमिका, शान्तिको लागि पाँचौं एशियाली बौद्ध सम्मेलनमा कार्यकारिणी भूमिका आदि उल्लेखनीय कार्यहरु छन् । नेपाल बाहिर थेरवादी बौद्ध देशहरुमा हाम्रा श्रद्धेय ज्ञानपूर्णिक भन्ते अत्यन्त सम्मानका साथ चिरपरिचित व्यक्ति रहनुभयो । अनेकौं धर्मअनुयायीका गुरुको रुपमा पुजिनुभयो ।

श्रद्धेय ज्ञानपूर्णिक भन्तेलाई हामी एक ग्रन्थधुर र विपश्यनाधूरको रुपमा आदर गर्छौं । किनभने तिपिटक ग्रन्थहरुको अनुवाद उहाँको जीवनको एक प्रमुख कार्य रह्यो र उहाँको यो कार्य बुद्धशासन चिरस्थायीको निम्ति अमूल्य निधि साबित भएको छ । उहाँ भन्तेको रचना, अनुवाद कृति केही केही यहाँ उल्लेख गरिन्छ : महान धर्मचक्र सूत्रोपदेश, महास्मृतिप्रस्थान सूत्र पालि शब्दार्थ व अभिप्राय, वम्मिक सुत्त, विशुद्धि व महान ज्ञानक्रम उपदेश, प्रतीत्य समुत्पाद महान उपदेश (महासि सयादोबाट देशित), उभयपातिमोक्ख, जातक पालि, बुद्ध र बुद्धवाद, महान सल्लेख सूत्र, न्हूगु परित्राण निश्रय, महाशी धर्मकथिक आयुस्मान ऊ सुन्दरको दुश्चरित्र अपराध भय विमुक्ति उपदेश, महाशी धर्मकथिक आयुस्मान ऊ सुन्दरको गार्हस्थ प्रतिपत्ति उपदेश, महाशी धर्मकथिक आयुस्मान ऊ सुन्दरको दृष्टि र तृष्णा उन्मूलक उपदेश, महाशी सयादो उपदेशित कथावस्तुद्वारा उपदेशित अनुशासन, धम्मचक्कपवत्तन सुत्त, राहुलयात तथागतया उपदेश, कर्म र मनुष्य, श्रेष्ठ पवित्र श्रोतापन्न, अहिंसाः विजय, महाशी विश्वधर्म प्रचार देशना, जीवनया समस्या न्ह्यसः लिसः, संक्षिप्त भावना विधि, पुण्य पुष्प भिफ्वः, लुम्बिनी विपस्सना, दृष्टि व तृष्णा, मरण दोतय् व भी, पट्ठान पालि, नेपाः व बर्माया स्वापू, दुदंगु जीवनया मू, पञ्चशीलया महत्व, विपस्सना भावना सम्बन्धी व्यावहारिक निर्देशन आदि ।

विपश्यना विशोधन विन्यास, भारतको तर्फबाट प्रकाशित त्रिपिटक ग्रन्थ प्रकाशनमा पनि उहाँको उल्लेखनीय योगदान रहेको थियो । ज्ञानपूर्णिक भन्तेले लेख्नुभएका महत्वपूर्ण पुस्तकहरु नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यपुस्तकको रुपमा राखिएका छन्, जसबाट धेरै अध्ययनार्थीहरु लाभान्वित भएका छन् । उहाँले देशना गर्नुभएको विपश्यना, अभिधर्म जस्ता गहन विषय तथा अन्य विविध विषयको प्रवचन क्यासेट तथा सिडीहरु पनि प्रकाशित भएका छन् जसबाट धेरै श्रद्धालुहरु लाभान्वित भएका छन् । यस प्रकार हामी के पाउँछौं भने ज्ञानपूर्णिक भन्तेले जति पनि पुस्तक लेखन, अनुवाद गर्नुभयो ती सबै संसार दुःखबाट मुक्त हुनको लागि अभ्यास गर्नुपर्ने धर्माचरणमै केन्द्रित रहेका छन् ।

पचास भन्दा बढी पुस्तकहरुको मौलिक लेखन, अनुवाद तथा सम्पादन गर्नुभएका ज्ञानपूर्णिक भन्तेलाई पछिल्लो समयमा आँखाको समस्या भयो । तर पुस्तक लेखन सम्बन्धी आफ्नो साधना उहाँले छोड्नु भएन ।






अनागारिका उप्पलवण्णा (चिनी गुरुमां) ले ज्ञानपूर्णिक भन्तेको यस शासनिक कार्यमा सदा सर्वदा सहयोग पुऱ्याउनु भएको कुरा उल्लेखनीय छ। चिनी गुरुमांले उहाँ भन्तेलाई आँखाको समस्या हुँदाहुँदै पनि पुस्तक लेखनको कार्य गर्न सहज बनाउनको लागि भरपूर सेवा गर्नुभयो।

एकातर्फ परियत्ति शासन दिगो बनाउनको लागि ज्ञानपूर्णिक भन्तेले ग्रन्थ निर्माण कार्यमा अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याउनु भयो भने प्रतिपत्ति शासन र प्रतिवेध शासनलाई अझ बढी महत्व दिई सदा सर्वदा विपश्यना ध्यान सिकाउने कार्यमा तल्लीन रहनुभयो। उहाँको अधिकांश समय ध्यान केन्द्रहरुमा ध्यान शिविर हरुमै व्यतीत हुने हुन्थ्यो। म्यानमारबाट ध्यानगुरुहरुलाई आगमन गराउनु भई नेपालमा विपश्यना ध्यान शिविरहरु सञ्चालन गराउने कार्यमा ज्ञानपूर्णिक भन्तेले अग्रणी भूमिका निभाउनु भयो। विशेष गरी बनेपाको ध्यानकुटी विहारमा र शंखमूलको अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा सञ्चालन हुने ध्यान शिविरहरुमा उहाँ भन्तेले म्यानमारका ध्यानगुरुहरुसँग हातेमालो गरी नेपालका बौद्धहरुलाई ध्यानको मार्गमा लैजानको लागि अग्रणी भूमिका निभाउनुभयो।

म्यानमारका विश्व प्रसिद्ध ध्यानगुरु अग्गमहापण्डित महाशी सयादोको धर्मदूत मण्डलमा भाषापरिवर्तकको रुपमा ज्ञानपूर्णिक भन्ते विश्वका धेरै देशहरुमा पुग्नुभयो। सयादो ऊ पण्डिताभिवंशको साथसाथमा विपश्यना भावनाको प्रचार प्रसार कार्यमा अनवरत रुपमा लाग्नुभयो। इण्डोनेसियामा ध्यान शिविर लगाउनको लागि पनि जानुभएको थियो। त्यस्तै मलेशिया र सिंगापुरमा वर्षेनि नियमित रुपमा जानुभई महिनौं दिन उतै बसी त्यहाँका श्रद्धालुहरुलाई विपश्यना ध्यान शिविरमा ध्यान निर्देशन दिने पुण्य कार्य गर्नुभयो। म्यानमारको महाशी शासनयैता ध्यानकेन्द्रको तर्फबाट उहाँलाई ओवादाचार्य एवं कम्मट्ठानाचार्य उपाधि पनि प्रदान गरिएको छ। नेपालभाषा, नेपाली भाषा, अँग्रेजी भाषा, बर्मेली भाषा र पालि भाषामा पोख्त हुने गरी भाषिक ज्ञान भएका उहाँलाई धर्मदेशना गर्न सहज नै हुने हुन्थ्यो। आफ्नो भाषिक ज्ञानको आधारले थुप्रै पर्यायवाची शब्दहरु प्रयोग गरी साधकहरुलाई छर्लंग बुझ्ने गरी धर्मदेशना गर्ने उहाँको खुबीले गर्दा ध्यानको गहन कुरालाई पनि साधकहरुले सहज रुपमा ग्रहण गर्न सक्ने हुन्थ्यो। अतः परियत्ति ज्ञान र प्रतिपत्ति ज्ञान पनि समानान्तर रुपले प्राप्त गर्ने मौका पाउँथे ती विपश्यना साधकहरुले, जसले ज्ञानपूर्णिक भन्तेको निर्देशनमा ध्यान शिविरमा बस्थे।

यस पंक्तिका लेखक मैले पनि वि.सं २०४० दशकको शुरुवाततिर बनेपाको ध्यानकुटी विहारमा म्यानमारका श्रद्धेय सयादो ऊ पण्डिताभिवंशको निर्देशन एवं श्रद्धेय ज्ञानपूर्णिक भन्तेको सह निर्देशनमा सम्पन्न हुने गरेका विपश्यना ध्यान शिविरहरुमा सहभागी हुन पाएकी थिएँ। अतः मैले उहाँ ज्ञानपूर्णिक भन्तेबाट विपश्यना ध्यान गर्नुभन्दा पहिले जान्नुपर्ने परियत्ति ज्ञानको आधारभूत कुरा सिक्न पाएकी थिएँ। यसलाई म आफ्नो अहोभाग्य ठान्दछु। बौद्ध परियत्ति शिक्षाको अध्ययनको दौरानमा ज्ञानपूर्णिक भन्तेबाट लेखिएका, अनुवाद गरिएका तथा सम्पादन गरिएका पुस्तकहरु पढ्ने सौभाग्य पनि प्राप्त गरेकी छु। उहाँ मेरो गुरु भन्ते हुनुहुन्थ्यो।

यस प्रकार एक ग्रन्थधुर एवं विपश्यनाधुर दुवै समाहित भइएका व्यक्ति हाम्रा अति आदरणीय र पूजनीय श्रद्धेय ज्ञानपूर्णिक भन्ते आज हाम्रो माझ रहनु भएन। तर उहाँबाट लिखित ग्रन्थहरु अनि उहाँबाट नेतृत्व भई स्थापना भएका विपश्यना ध्यान केन्द्रहरु हाम्रो सामु धरोहरको रुपमा ठडिएका छन्। अतः यी सबको महत्व बुझी हामीले बौद्ध ग्रन्थ अध्ययनका साथै विपश्यना ध्यान अभ्यास गरी दुर्लभ मनुष्य जीवन सार्थक तुल्याउनु छ।

श्रद्धेय ज्ञानपूर्णिक भन्तेलाई कोटि कोटि वन्दना।

❖❖❖

# त्रिविध शासन प्रवर्द्धनमा प्रयत्नशील भिक्षु ज्ञानपूर्णिक महास्थविर



**डा. त्रिरत्न मानन्धर**
*(परियत्ति सद्धम्म कोविद)*




नेपालमा थेरवाद पुनर्जागरण पछिका दोस्रो पुस्ताका प्रभावशाली भिक्षु ज्ञानपूर्णिक महास्थविरको देहावसानपछि नेपालको बौद्ध जगतमा ठूलो शून्यता छाएको छ। त्रिविध बुद्धशासनिक क्षेत्र विकासको लागि उहाँले गर्नुभएको योगदान बौद्ध क्षेत्रको लागि अविस्मरणिय रहने छ। उहाँले बौद्धक्षेत्रमा गर्दै आईरहेको कार्य अब कसले निरन्तरता दिने हो भन्ने प्रश्न गम्भिरताकासाथ खडा भएको छ। बुद्ध शासनको निरन्तरताको लागि त्रिविध शासन वा परियत्ति, प्रतिपत्ति र प्रतिवेध तीनै विषयको सन्तुलित विकास आवश्यक हुन्छ। उहाँले तीनै तह विकासको लागि आफूलाई संलग्न गराउनु भएको थियो। उहाँको बहुआयामिका व्यक्तित्वको कारणले उहाँबाट बुद्धधर्मका तीनै विषयको विकासमा समानरूपले प्रयास भएको कुरा सबैले महशूस गरेको विषय हो। बुद्धशिक्षाको अध्ययन अध्यापनलाई परियत्ति भनिन्छ। बुद्ध शिक्षालाई आचरण र अभ्यास गर्नुलाई प्रतिपत्ति र त्यसको अभ्यासबाट विशेषता हासिलगर्नु वा चित्तलाई पूर्ण निर्मल बनाउने अवस्थालाई प्रतिवेध भनिन्छ।

परियत्ति शासनलाई अभिवृद्धि गर्न बुद्ध वचनलाई मौखिक र लिखित रूपमा जनमानसलाई अवगत गराउने



कार्यमा उहाँ निरन्तर लाग्नुभएको थियो । नेपाल बौद्ध परियत्ति शिक्षामा लामो समयसम्म जिम्मेवार पदमा रहेर परियत्ति शिक्षा प्रवर्द्धनको लागि योगदान दिनुभएको थियो । परियत्ति वर्तमान स्थितिसम्म आउनको लागि उहाँको महत्वपूर्ण योगदान छ । बुद्धधर्मको अध्ययन अध्यापनको क्षेत्र परियत्तिको लागि आवश्यक पुस्तक लेखन, सम्पादन र अनुवाद सम्पन्न गरी आवश्यक पाठ्यसामग्री निर्माणको लागि शुरुदेखिनै लागिपरेको थियो । लेखकको रूपमा, शिक्षकको रूपमा, परीक्षा नियन्त्रकको रूपमा र शिक्षाध्यक्षसम्म हुनुभई परियत्तिको प्रारम्भिक कालदेखि जीवनको अन्तिम समयसम्म महत्वपूर्ण योगदान दिनुभएको थियो ।

बुद्धशिक्षालाई अध्ययन अध्यापनमा मात्र सीमित नगरी धर्मलाई व्यवहारमा प्रयोग गर्नुलाई प्रतिपत्ति शासन भनिन्छ । प्रत्तिपत्ति शासनलाई जीवन्त राख्नको लागि धर्मलाई कसरी व्यवहारमा उतार्ने र कसरी अभ्यास गर्नुपर्दछ भन्ने मार्ग निर्देशन दिन पनि उहाँ कहिल्यै पनि पछाडी पर्नुभएन । बुद्धको शिक्षालाई बौद्धिक विषयमा मात्र सीमित गरी व्यवहारमा उतार्न नसकेमा कसैलाई लाभान्वित नहुने तथ्यलाई राम्ररी मनमा राखी जहिले पनि उपासक उपासिकाहरूलाई सरल, सुमधुर वाणीले बुद्धको उपदेशलाई जीवनमा प्रयोग गरी आचरण राम्रो पार्ने कार्यमा उत्साह र प्रेरणा दिनुहुन्थ्यो । धर्मको रसको साथै सुमधुर स्वरको कारणले उहाँको उपदेशले धेरैलाई मुग्ध पार्ने क्षमता राख्दथ्यो ।

धर्मलाई आफ्नो आचरणमा प्रयोगगर्दै ध्यानभावनाको अभ्यासद्वारा धर्मको मर्मलाई अनुभूत गरी मनमा रहेको विकारहरूलाई सदाका लागि निमिट्यान्न पार्ने विशेषता हासिल गर्नुलाई प्रतिवेध भनिन्छ । उहाँले प्रतिवेध शासनकोलागि पनि अथक प्रयास गर्नुभएको थियो । विपश्यना ध्यानगुरुको रूपमा देश विदेशमा सम्पन्न ध्यानशिविरमा उहाँले ओवाद दिने जस्तो महत्वपूर्ण भूमिका पनि निभाउनु भएको थियो । विदेशी शिष्यहरू उल्लेखनीय संख्यामा भएको थेरवादी भिक्षुको रूपमा उहाँको पहिचान बनेको छ । विपश्यना ध्यानगुरुको रूपमा स्वदेशमा मात्र नभई विदेशमा पनि ध्यानशिविर संचालनमा लागिपरेका उहाँले प्रशिद्ध विपश्यना गुरु महाशी सयादो जस्तो धर्ममा विशेषता प्राप्त भिक्षुहरूको ओवादलाई अंग्रेजी, नेपाली व नेपालभाषामा अनुवाद गरी शासन अभिवृद्धिको लागि अतुलनीय योगदान दिनुभएको थियो । विश्वमा बुद्धधर्म प्रचारको दौरानमा महाशी सयादो भन्तेसंग संसारका विभिन्न देशमा भ्रमण गर्नुभई महाशी सयाडोको म्यानमार भाषाको ओवादलाई अंग्रेजी भाषामा अनुवाद गर्नेकार्य उहाँले कुशलतापूर्वक सम्पन्न गर्नुभएको थियो । उहाँले अभिधर्म विषयको पुस्तक सबभन्दा पहिला नेपालभाषाबाट निकाल्नुभई ध्यानभावनालाई सहजरूपले बुझाउने प्रयास धेरै अगाडिदेखि गर्दै आउनुभएको थियो । यसरी प्रतिवेध वा धर्मलाई साक्षात्कारगरी अर्थपूर्ण जीवन जीउनको लागि आफूले पनि अभ्यास गर्ने र अरूलाई पनि त्यस विशेषता प्राप्त गराउन नेपालमा मात्र नभई यूरोप, म्यानमार, मलेशिया, आदि देशमा उहाँबाट विपश्यनाचार्य भई बुद्ध शासनलाई प्रवर्द्धन गर्ने अतुलनीय योगदान दिनुभएको थियो ।

**मातृभाषा तथा पालिभाषाप्रति उहाँको श्रद्धा**

अंग्रेजी, नेपाली, हिन्दी, संस्कृत विभिन्न भाषामा पोख्त उहाँबाट नेपालभाषा, नेपाली, बर्मी, अंग्रेजी, पालि,

हिन्दी, संस्कृत आदि भाषाका महत्वपूर्ण पुस्तकहरू अनुवाद गर्नुभएको थियो । विभिन्न भाषामा विशेष दक्खल भएको व्यक्तित्व भएतापनि मातृभाषाप्रति विशेष लगाव थियो । यसको प्रमाणस्वरूप केही पुस्तकहरू बाहेक अधिकांश नेपालभाषाको माध्यमबाट लेखन तथा अनुवाद गर्नुभएको ज्वलन्त प्रमाण विद्यमान छन् । भगवान बुद्धले बोल्नुभएको पालिभाषाप्रति उहाँको ठूलो श्रद्धा थियो । पालि भाषाबाट साहित्य पढ्दा बुद्धस्वयंमले नै भनिरहेको भान हुन्थ्यो भनेर पालिभाषाप्रति ठूलो श्रद्धा समय समयमा प्रकट गर्नुहुन्थ्यो ।

**ज्ञान र ध्यानका विज्ञ**

ज्ञान र ध्यान बुद्ध शिक्षाका महत्वपूर्ण दुई पक्ष हुन् । यी दुवै एकअर्काका परिपूरक वस्तु हुन् । बुद्ध शिक्षाको ज्ञान नभईकन ध्यानगर्ने कार्य सहज नहुने र यथार्थ ज्ञान प्राप्तगर्न ध्यान नभईकन नहुने यथार्थता छ । ध्यानद्वारा प्राप्त ज्ञान नै वास्तविक भावनामय प्रज्ञा हो जसबाट सम्पूर्ण दुःख निवारण हुने हुन्छ । धर्ममा पूर्णता प्राप्तगर्न दुवैको उत्तिकै महत्व रहेको छ । नेपालको लागि यो अहोभाग्यको कुरा हो कि ज्ञान र ध्यान दुवैमा पारंगत भिक्षु अग्रमहापण्डित भिक्षु ज्ञानपूर्णिक महास्थविर जस्तो भिक्षु नेपालमा जन्मनु भयो र उहाँबाट बौद्ध जिज्ञासुहरूले महत्वपूर्ण शिक्षा प्राप्तगर्ने अवसर पाउनु भयो । पुनर्जागरण पछिको थेरवाद बुद्धशासनको दोस्रो चरणका भिक्षुहरूमध्ये बरिष्ठ उहाँ संघनायक पदवीबाट पनि विभुषित हुनु भयो । यसरी पुज्यपाद भिक्षु ज्ञानपूर्णिक महास्थविर नेपालको बुद्ध शासनिक क्षेत्रमा ज्ञान र ध्यानका विज्ञका रूपमा गौरब गर्न लायक भिक्षु बन्नु भयो ।

थेरवाद बुद्धधर्मको केन्द्र दक्षिण र दक्षिणपूर्व एशियाका देशहरू हुन् । त्यसमा बर्मा वा म्यानमारको छुट्टै महत्व छ । यो देश बौद्ध साहित्य र विपश्यना ध्यानलाई सहीरूपमा अनवरत रूपले सुरक्षित गरिरहेको देशको रूपमा लिईन्छ । यस देशका श्रद्धेयहरूबाट ध्यान र ज्ञान विकासको निम्ति महत्वपूर्ण योगदान दिईरहनु भएको छ । लेडी सयादो होस् वा महाशी सयाडो होस् वा सत्यनारायण गोयन्का, उहाँहरू सबै ध्यानगुरुको साथै बौद्ध साहित्यका साधकहरू पनि हुन् । उक्त देशबाट नै अग्गमहापण्डित, धम्माचरिय पदवी आदिबाट विभूषित हुनुभएका उहाँ भिक्षु ज्ञानपूर्णिक महास्थविरले त्यस देशका बिज्ञहरू सरह ज्ञान र ध्यानमा सिद्धहस्त हुन सफल भयो ।

**धर्मको गम्भिरतालाई बुझाउने पुस्तक लेखन तथा अनुवादमा महत्वपूर्ण भूमिका**

उहाँले धेरै पुस्तकहरू प्रकाशन गर्नुभएको छ । विशेषगरी अनुवाद गर्ने कार्यप्रति उहाँको दिलचस्पी देखिन्छ । ध्यानभावनालाई प्रेरितहुने किसिमका म्यानमारका विपश्यनाचार्य सयादोहरूको महत्वपूर्ण पुस्तकहरूको अनुवादमा उहाँ केन्द्रित भएको पाउँछौं । उहाँको पुस्तकको विशेषता भनेको धर्मको सूक्ष्मतम विश्लेषण गरी जनमानसलाई बुद्धको मूलसन्देश अवगत गराउनु हुन्थ्यो । वम्मिक सुत्त, सल्लेख सुत्त, प्रतीत्य समुत्पाद आदि पुस्तकको माध्यमबाट उहाँले धर्मको गम्भीर पक्षको महत्वपूर्ण विश्लेषण गर्नुभएको कुरा पाठकहरूको भनाई छ । बुद्धदेशनाको महत्वपूर्ण उपदेश संग्रहित धम्मचक्कपवत्तन सुत्त र महासतिपट्ठान सुत्तमा उहाँले धर्मका गहनतम कुरा उजागर गर्नुभएको छ । बुद्ध र बुद्धवाद पुस्तक बुद्धको दार्शनिक पक्षमा चासो राख्ने, बहस र समालोचना गर्न चाहना राख्नेहरूका लागि बेजोड पुस्तक हुन गएको छ ।

सामान्यत धर्मलाई बुद्धि विलासको रूपमा मात्र लिएर त्यसको गम्भिरतालाई नबुझी श्रद्धामा मात्र अल्झीरहनेलाई धर्मबाट प्राप्त हुनुपर्ने पूर्ण लाभ नहुने भएकोले कोहीपनि धर्मका साधकलाई धर्मरसबाट वन्चित हुन नदिन गम्भिरतापूर्वक अगाडि बढ्ने सन्देश विभिन्न पुस्तकहरूको माध्यमबाट उहाँले दिनुभएको छ । पायासी राजन्य सुत्त पुस्तकबाट धार्मिक साहित्य यात्रा शुरु गर्नुभएका उहाँको राहुलोवाद सूत्र, गुपु जातक मुना, अहिंसा विजय आदि प्रारम्भकालीन पुस्तक हो भने त्यसपछिका पुस्तकहरू मार्फत पाठकहरूलाई धर्मको गहनता बुझाउने, अध्ययन गराउने तवरले अभिधर्मार्थ संग्रह जस्तो परमार्थ धर्मसंग सम्बन्धित पुस्तक रचना गर्नुभएको थियो । धार्मिक कार्यक्रममा सक्रिय भएर भागलिने तर धर्मको अभ्यासमा जहिले पनि पछाडि भईरहनेहरूका लागि महासी सयादो अनि ऊ सुन्दर भन्तेका पुस्तक मार्फत धर्मको अभ्यास शीघ्र गर्नुपर्ने, आज नै गर्नुपर्ने अझ अहिले नै गर्नुपर्ने भन्ने प्रेरणायुक्त सन्देश उहाँका अनुदित पुस्तक मार्फत दिनुभएको छ ।

**आवश्यकता अनुसार पुस्तक लेखन गर्ने कार्यमा सक्रिय**

नेपालमा थेरवाद बुद्धशासन पुनर्जागरण पछिका केही समय बौद्ध कार्यकलापहरू, उत्सव र पर्वको रूपमा विकास हुँदै गएको थियो । श्रद्धा अभिवृद्धि गर्ने ती कार्यक्रमहरूमा बुद्धपूजा, परित्राण, कथिन चीवर दान जस्तो बौद्ध उत्सव र पर्वलाई लिन सकिन्छ । समयप्रवाह संगै बुद्धका उपासक उपासिकाहरू बुद्धको मूलशिक्षाको बारेमा थाहापाउन सम्पूर्ण दुःखबाट मुक्तगर्ने ध्यानभावनाको अभ्यासप्रति

क्रमशः लगाव बढ्दै गयो । उहाँले समय सापेक्ष अनुसार र आवश्यकता अनुसार विभिन्न बौद्ध कार्यकलापहरूलाई सही मार्गनिर्देशन हुने तवरले पुस्तकहरू लेखन र अनुवाद गर्नुभएको थियो। परित्राण र महापरित्राण थेरवाद बुद्धधर्मको महत्वपूर्ण धार्मिक कार्यकलाप हो । यस सम्बन्धमा धेरै पुस्तकहरू प्रकाशन भैसकेका छन् । परित्राणको बारेमा उहाँले लेख्नुभएको परित्राण निश्रय परित्राणको सम्बन्धमा अहिलेसम्मको बेजोड पुस्तक रहेको सबैले भन्ने गरेका छन् । भिक्षु सुदर्शन महास्थविरले त यस पुस्तक पछि परित्राण सम्बन्धी अरू पुस्तकको आवश्यकता नै नभएको मन्तव्य राख्नुभएको थियो । यस पुस्तकको नाम परित्राण भएता पनि बुद्धधर्मका धेरै प्राविधिक शब्दहरूको बारेमा जानकारी दिने महत्वपूर्ण  योगदान यस पुस्तकले गरेको छ ।

यस्तै भगवान बुद्धको पहिलो धर्मदेशनाको रूपमा रहेको प्रसिद्ध धर्मचकप्रवर्तन सूत्र र बुद्धको मौलिक ध्यान विपश्यनाको श्रोत महासतिपट्ठान सूत्रमा बुद्धको वास्तविक मौलिक धर्म के हो भन्ने कुरालाई स्पष्ट हुने गरी विश्लेषण गर्नुभएको छ । ध्यानमा प्रेरितगर्ने पुस्तकको लहरमा महाशी सयादो भन्तेको वम्मिक सुत्त साँच्चैकै धर्मरस अन्तर्निहित पुस्तकको रूपमा सबैले महसुस गरेका छन् । दर्शन विषयलाई स्पष्ट पार्ने तथा क्लेश कसरी निमिट्यान्न पार्ने भन्ने बारेको महान सल्लेख सुत्तको गम्भिरता महसुस गरी कवि दुर्गालालबाट एक मार्मिक र हृदयस्पर्शी कविता लेख्नुभएको थियो । उक्त पुस्तक विमोचन हुँदा वाचन गरिएको त्यस कविता सुनेर श्रोताहरू भावविभोर भई केही क्षण निशब्द भएका थिए । बुद्धवाद विचार विमर्श, पालिपिटकको परीक्षण, भव संसार, अनित्य, दुःख, अनात्म र प्रतीत्यसमुत्पादको बारेमा समालोचनात्मक ढंगले विभिन्न विज्ञहरूको विचार समेटिएको बुद्ध र बुद्धवाद पुस्तक मार्फत धर्मलाई बौद्धिक मन्थनमा मात्र सिमीतभई अभ्यास नगर्ने व्यक्तिहरूलाई सच्चिन प्रेरितगर्ने पुस्तक भएको छ । यसरी धर्मको अभ्यासमा प्रेरितगर्ने उहाँका तीन दर्जन भन्दा बढी पुस्तकले बुद्धको सत्मार्गमा गई आफ्नो जीवनलाई सुनिश्चित पार्न सघाई रहेको छ ।

**जीवनको उत्तरार्द्धमा पनि उहाँको आकर्षक व्यक्तित्व**

उहाँ नेपालको थेरवादी भिक्षुहरू माझ सबभन्दा आकर्षक शारीरिक रूप, परिपूर्ण व्यक्तित्वको रूपमा उपासक उपासिकाहरूले लिने गरेका छन् । उहाँको तेजपूर्ण मुखमण्डलबाट धेरैलाई प्रभावित गर्दथे । हुनत करीव चालीस, पैंतालिस वर्षको उमेर देखिनै विभिन्न रोगहरूले उहाँलाई घेरा हालिसकेको थियो । २०४०/ ४१ साल देखि सुमंगल विहार र मणिमण्डप विहारमा उहाँसंग प्रत्यक्ष सम्पर्कमा बसी परियत्तिको स्वयंसेवी कार्यमा लाग्ने मौका प्राप्तभएको थियो । उहाँ परियत्तिको शिक्षाध्यक्ष भएको समयमा परिषदको सदस्य र अनुसन्धान समितिमा बसेर कार्य गर्न मौका प्राप्त भएको थियो । शुरु अवस्था देखि नै उहाँले आफ्नो शारीरिक अस्वस्थताको बारेमा बताउनु हुन्थ्यो ।  आँखामा समस्या, शरीरमा कोलेस्टोरोल बढ्ने देखि पछिल्लो कालमा मधुमेह प्रोस्टेट र किडनीको समस्यासम्मका शारीरिक व्याधिले उहाँलाई पछ्याई रह्यो । तर विभिन्न शारीरिक समस्याको बावजूद उहाँको मुहारमा भएको चमकपन कम भएको थिएन । जहिले पनि उहाँको मुहार स्फुर्तिले भरिएको देखिन्थ्यो । उहाँको यो महत्वपूर्ण विशेषता थियो ।

**उहाँको देहावशानपछि**

नेपालमा बुद्धधर्म सम्बन्धी पुस्तकहरू प्रकाशन हुन्छन् तर ती पुस्तकहरूको बारेमा कतिपय पाठकलाई थाहा नै हुँदैन र थाहा भएता पनि गम्भिरपूर्वक अध्ययन गर्ने प्रवृतिको कमी छ । प्रकाशित भएका पुस्तकहरूको लेखाजोखा गर्दै ती पुस्तकहरूको बारेमा पाठकहरूलाई सुसूचित गर्ने र त्यसबारेमा छलफल गर्ने परिपाटीको आवश्यकता छ । बुद्धका गहन विषयका पुस्तक पनि एकपटक उपन्यास पढेर सकाउने जस्तो गरी त्यस भित्रको सार कुरामा त्यति ध्यान नदिने प्रवृतिको बारेमा उहाँले टिप्पणी गर्नुहुन्थ्यो । बार बार पढेर पनि नबुझ्ने तर बुझ्न आवश्यक भएका पुस्तकहरूको बारेमा विचार विमर्श छलफल हुनुपर्ने भन्ने विषयमा उहाँले राख्नु भएको कुरालाई बौद्ध क्षेत्रले गम्भिरता पूर्वक लिनु आवश्यक छ । भिक्षु ज्ञानपूर्णिक महास्थविरको मात्र होईन अन्य भिक्षुहरूको तथा लेखक लेखिकाहरूको पुस्तकबाट पनि अधिकतम लाभ लिने तवरले संस्थागत व्यवस्थापन हुनु आवश्यक छ ।

पुस्तक पढन नजान्ने र समयाभाव भएका तर पुस्तकको बारेमा जान्न ईच्छुकहरूलाई छोटो समयमा बुझाउन विभिन्न प्रकारको श्रव्यदृष्य कार्यक्रम मार्फत संभव छन् । अहिलेको समयमा विद्युतीय श्रव्य दृश्य मार्फत प्रत्येक दिन एक न एक पुस्तकको बारेमा जानकारी दिने गर्न सकिन्छ । एकजनाले पढेर अरूलाई सुनाउन सकिन्छ । यसरी गर्नसकेमा जनमानसहरू धर्मद्वारा सिंचित हुने मौका प्राप्त हुने र उहाँ जस्ता सिद्धहस्त बौद्ध लेखकहरूको सम्मान पनि हुनेछ ।

❖❖❖

# नेपालमा बौद्ध नवजागरणका अगुवा महास्थविर ज्ञानपूर्णिक



**चित्र रत्न शाक्य**
*ललितपुर*



बुद्ध जन्मेको देश नेपालमा त्यसबेला बुद्धकालदेखि नेपाल एकीकरण र राणाकालसम्म आउँदा बुद्धको शिक्षा लोप प्रायः भईसकेको थियो । काठमाडौं उपत्यका भित्र बज्रयानले बचाई राखेको बुद्धधर्मको अवशेष बाहेक केही थिएन । काठमाडौं उपत्यका बाहिर बुद्ध भन्ने नाउँ समेत थाहा नभएका ठाउँहरू प्रशस्तै थिए र अझै कतिपय ठाउँहरू छन् । बज्रयान काठमाडौं उपत्यका भित्र विद्यमान रहेकाले थेरवादको पुनर्स्थापना पनि काठमाडौं उपत्यकामा गर्न सहज भयो र अहिले राम्रैसंग विकसित रूपमा फैलिंदैछ । नेपालमा थेरवादको हालको स्थिति ल्याउनमा ज्ञानपूर्णिक भन्तेको ठूलो योगदान छ । यसैले ज्ञानपूर्णिक भन्तेले नेपालको बौद्ध ईतिहासमा महत्वपूर्ण स्थान ओगट्न पुगेको हो । उहाँको देनको बारेमा कुरा गर्नु पर्दा ज्ञानपूर्णिक भन्ते बर्माबाट नेपालमा फर्कनु हुँदा यहाँ बुद्धधर्मको स्थिति कस्तो थियो भनेर फर्केर हेर्नु पर्छ ।

बुद्धकालमैं कोशलका राजा विडुडवले कपिलवस्तुमा आक्रमण गर्दा ठूलो नरसंहार भई कपिलवस्तुका शाक्यहरू भागेर आएका मध्ये केही काठमाडौं उपत्यकामा बस्न आएका थिए । काठमाडौं उपत्यकामा तिनै शाक्यहरूले



बुद्धधर्मलाई फैलाएको ऐतिहासिक तथ्य छ । पछि बज्रयानको उदय पछि बज्रयान पनि विकसित हुन गयो । भारतमा बुद्धधर्मको विनाश पछि नेपालमा पनि त्यसको प्रभाव पर्‍यो र हिन्दू समर्थक शासकहरूले बज्रयानलाई रहन दिएर थेरवादको समूल नष्ट गरिदिएका थिए ।

त्यसको धेरै काल पछि स्थविरवाद वा थेरवादको ईतिहासमा काठमाडौं उपत्यकामा पहिला प्रवेश गर्ने श्रमणेरका रूपमा कर्मशील (प्रज्ञानन्द) हुनुहुन्छ । नेपालको पहिलो थेरवादी भिक्षु महाप्रज्ञा सन् १९३७ मा धर्म प्रचारको लागी भोजपुरमा जानु भयो । १९३६ मा श्रामणेर बन्नु भएका अमृतानन्द भन्ते पनि भोजपुरमैं पुग्नु भयो । तत्कालीन बडाहाकिमले भिक्षु महाप्रज्ञालाई जेलमा थुनिदियो । संगै अमृतानन्द पनि जेलमैं परे । पछि जेलबाट छुटेर काठमाडौं उपत्यकामा आउनु भयो । युवाहरू प्रबजित हुन शुरु भयो साथै महिलाहरू पनि प्रबजित हुन थाले । पछि प्रज्ञानन्दसंगै भिक्षुहरूलाई जुद्धशमशेरद्वारा देश निकाला गरिदिए । पछि नेपालमा राणाकालको अन्त्य पछि मात्र थेरवादले स्थिरता पाए । विशेष गरी अमृतानन्दको प्रयासमा दरबारमा परित्राण पाठ भयो र राजा त्रिभुवनले पनि हातमा परित्राण सूत्र बाँध्नु भयो । तर पनि त्यो बेलाको थेरवादमा धेरै अबौद्ध छाँयाहरू परेका थिए । नजानिंदो किसिमले ईश्वर उपासना जस्तो देव देवीमा आश्रित भए जस्तो व्यवहार बोलीमा झल्किन्थ्यो । बुद्धलाई दर्शन देउ, बरदान देउ भनेर ईश्वरसंग मागे जस्तो गर्ने, बुद्धलाई ईश्वरको रूपमा हेरे जस्तो दृष्टि दोष सर्वसाधारणमा मात्र होइन त्यसबेलाका प्रबुद्ध वर्गहरूमा पनि लामो समयदेखि बोकेर आएको अवशेष रहेको पाइन्थ्यो । यो बज्रयानमा शंकराचार्य वा उनका चेलाहरूले घुसाएका विकृतिहरू थिए । त्यसैले बज्रयानलाई अस्तित्वमा रहन दिए । बज्रयानमा पनि बलीप्रथा भित्रिएको थियो । यो कुप्रथा हटाउन त्यसबेलाका युवा मेधावी श्रामणेर भिक्षु सुदर्शन र ज्ञानपूर्णिकले अथक परिश्रम गरे । ललितपुरको नागबहालमैं गणेशको मूर्तिमा शाक्य गुथियारहरूले बोकाको बली दिन्थ्यो । त्यो बली २७/२८ सालमा मात्र हट्यो । सुदर्शन र ज्ञानपूर्णिक भन्ते प्रभावकारी कुशल वाचकको रूपमा उदय भयो । त्यो भन्दा अगाडि नगण्यरूपमा प्रकाश भएका बौद्ध पुस्तकहरू र ज्ञानमाला गीतमा त्यस्ता दोषहरू प्रचूरमात्रामा देखिन्छ ।

विशेषरूपले चर्चा गर्नु पर्ने कुरा यो छ कि बुद्धको शिक्षालाई दर्शनको रूपमा हेर्थ्यो, त्यो अहिले पनि प्रायःमा छ । त्यसले बुद्धको शिक्षालाई हिन्दू, ईस्लाम, क्रिश्चियनको जस्तै मतको रूपमा मान्न थाल्यो । आ-आफ्नो विचार हो भन्ने रूपमा धारणा राख्न थाले । त्यो नै बुद्धशिक्षाको लागी ठूलो अवरोध हो । बुद्ध आफैले भन्नु भएको छ, "मैले केही पनि बनाएको छैन, मेरो कुनै विचार छैन । मैले जे भेट्टाएँ त्यही बताएँ । मैले दिएका उपदेशहरू मेरो होइन, सनातनबाट चलेर आएको र विद्यमान रहेको सत्यलाई जुन पछि लोप हुन पुगेको थियो त्यसलाई मैले साक्षात्कार गर्दा जस्तो देखें उस्तै बताएको हो ।" तर यसलाई पुरातन विचारका कट्टर पन्थीहरूले बुद्धको विचार, बुद्धको धर्म बनाए, ता कि आफ्नो विचार र धर्मको बचावट होस् । त्यो एउटा यस्तो भ्रमको जालो हो कि जसमा धेरै बौद्धहरू



पनि नजानिंदो चालले नै टाँसिन पुगेका थिए । आजभोली पनि कैयन पढेलेखेकाले पनि सबै उही हो, उसको र हाम्रो भन्न हुँदैन भन्छन् । ताजुब लाग्छ ।

भिक्षु सुदर्शन र ज्ञानपूर्णिकले त्यही भ्रमको जालो चिर्ने काम गरे । युवाहरू उहाँहरूको प्रवचन भने पछि सुन्न गई हाल्थे । त्यस अघि धार्मिक प्रवचन सुन्नेहरू प्रौढ र बृद्ध बृद्धाहरू मात्र हुन्थे । युवाहरूलाई बुद्धधर्ममा सक्रिय बनाएको श्रेय उहाँहरू दुई जनामा जान्छ । उहाँहरू मध्ये सुदर्शन भन्तेको देन नेपालभाषाको विकासमा पनि रह्यो । उहाँले ठूल्ठूला जुजु जयप्रकाश मल्ल, अम्बपाली जस्ता ऐतिहासिक नाटकहरू लेख्नु भयो । जुजु जयप्रकाश मल्ल नाटक नेपालभाषाको स्नातक तहको पाठ्यक्रममा धेरैकालसम्म रह्यो । आजभोली के छ मलाई थाहा भएन । नेपालभाषाकै विकासकार्यमा सक्रिय रहेको कारणले पञ्चायतकालमा जेल पनि पर्नु भयो । ज्ञानपूर्णिक भन्तेले बुद्धशिक्षामा म्यान्मारमा उच्चशिक्षा हासिल गरी धर्माचार्य उपाधि हासिल गर्नु भयो । १६ वर्षको उमेरमा म्यान्मारमा अग्गमहापण्डित भिक्षु विशुद्धाभिवंश महास्थविरबाट श्रामणेर दिक्षा पाउनु हुने उहाँले २० वर्षको उमेरमा अभिधज राष्ट्रगुरु सयादो सुरियाभिवंश महास्थविरबाट उपसम्पदा प्राप्त गर्नु भएको थियो । १९६४-१९६६ सम्म बर्माको सरकारी स्तरमैं नियुक्त भई पालि बर्मीज विश्व शब्दकोषको सम्पादनमा सरीक हुनु भयो । उहाँले आफ्नो जीवनमा ६० भन्दा बढी बौद्ध ग्रन्थहरूको लेखन, अनुवाद र सम्पादनको काम गर्नु भयो । धम्मवती गुरुमांको जीवनी बर्मिज भाषाबाट नेपालभाषामा "यःम्ह म्ह्याय्" अनुवाद गरे बापत "श्रेष्ठ सिरपाः" ले पुरस्कृत पनि हुनु भयो । आफ्ना ध्यान गुरु 'महासी सयादो' बाट भारत र नेपाल भ्रमणको शिलशिलामा दिनुभएको प्रवचनहरूको अनुवाद गर्ने जस्ता अति महत्वपूर्ण काम पनि गर्नु भयो । यसरी उहाँ नेपालमा बुद्धशिक्षाका मूर्धन्य विद्वान, लेखक, अनुवादक र कुशल वाचक हुनु भयो ।

बुद्धशिक्षा सम्बन्धी प्रवचनमा सुदर्शन भन्तेले बुद्धिजीवीले बोल्ने उच्चस्तरको क्लिष्ट भाषा प्रयोग गर्नु हुन्थ्यो भने ज्ञानपूर्णिक भन्तेले सरल र कर्णप्रिय शब्दहरू प्रयोग गर्नु हुन्थ्यो । अभिधम्म जस्तो विषयमा सजिलै बुझ्न सक्ने गरी सारगर्भित प्रवचन दिनु सजिलो कुरा होइन । त्यसको लागी विषयको गम्भीर अध्ययन, चिन्तन, मनन र भनेको बेला सहज रूपमा प्रस्तुत गर्न सक्ने प्रयोगात्मक स्तरको अनुभूतिको आवश्यक्ता पर्छ । त्यो कुरा ज्ञानपूर्णिक भन्तेको प्रवचन र पुस्तकहरूमा पाइन्छ । अस्पष्ट र द्वयअर्थक शब्दहरू नहुनु, दार्शनिक शैलीबाट पूर्णमुक्त हुनु जस्ता त्रिपिटकीय शैली उहाँको लेख, रचना, अनुवाद र प्रवचनमा पाइन्छ । यो नै बौद्ध साहित्यको उच्च विशिष्टता हो र यो उहाँमा विद्यमान भएको पाउँछौं । उदाहरणको लागी नेपालभाषामा अनुवादित "न्हूगु परित्राण निश्रय" एउटा हेरे पनि पुग्छ । सुदर्शन भन्तेको प्रवचन भन्नासाथ प्रौढ र वृद्धवृद्धाहरू आजको प्रवचन हामीले बुझ्न सक्दैनौं भन्थे भने ज्ञानपूर्णिक भन्तेको प्रवचन युवा प्रौढ वृद्धवृद्धा सबैले समानरूपले ध्यानपूर्वक सुन्थे र बुझ्न पनि सक्थे । उहाँमा भएको पर्यायवाची शब्दको भण्डार नै पनि यसको मुख्य कारक थियो ।

महायानका दुई अग्रिम दार्शनिकहरू नागार्जुन र आर्यदेवले बुद्धशिक्षामा भक्तिलाई व्यवस्थित गरे । विशेषतः नागार्जुनले शून्यतावादको माध्यमिक दर्शनको स्थापना गरे । यसरी बुद्धशिक्षामा दर्शन भित्रियो । दर्शन भनेको सम्भावनाको आधारमा स्थापना गरिने मूल्य मान्यता र तर्क भएकोले यसमा विचार र तर्कहरूले खेल्ने ठाउँ हुन्छ । दर्शनले महायानलाई डोर्याउँदा तन्त्रयानसम्म पुऱ्यायो । भारतमा तन्त्रयानले बुद्धशिक्षामा ह्रास ल्याएको

बुद्धशिक्षाका अध्येताहरूको भनाई छ । यसले मानिसको मानसपटलमा धेरै विकृति भित्रियो । बुद्धशिक्षालाई प्रस्तुत गर्दा तथ्यताबाट पर पुग्न थाल्यो । जहाँ बुद्धशिक्षा लोप प्राय भयो त्यहाँ हिन्दूदर्शनले बलियो पकड जमायो । पछि बौद्धहरूले आफू बौद्ध भएको थाहा पाए पछि पनि बौद्ध धारणालाई शुद्धरूपमा लिन सकेन । हिन्दू छाप बोकी राख्यो । थेरवादमा पनि विचारको विचलन भनौं परस्पर विभाजित भएर १८ सम्प्रदायसम्ममा बाँडिन पुग्यो । केवल थेरवादले मात्र बुद्धको मौलिक शिक्षालाई बचाई राख्यो । त्यही थेरवाद अनुसारको विशुद्ध शिक्षा ज्ञानपूर्णिक भन्तेले आफ्ना प्रवचन र कृतिहरूबाट नेपालमा फैलाउनु भयो । हामीले उहाँ बाटै सिक्यौं ।

ज्ञानपूर्णिक भन्तेको ध्यान युवाहरू र नयाँ कार्यक्रम तिर तानिन्थ्यो । हामीले नागबहालमा बुद्ध र बुद्धधर्म सम्बन्धी हाजीरीजवाफ प्रतियोगिताको शुभारम्भ गर्‍यौं । अन्तर पुस्तकालयव्यापी रूपमा शुरु गरिएको उक्त प्रतियोगिताले नै अहिले पुस्तकालय, परियत्ति शिक्षा, विहार, बौद्धअध्ययन मण्डल आदिमा व्यापकता पाएको छ। त्यो पहिलो प्रतियोगिता नागबहालमा ज्ञानपूर्णिक भन्तेकै निर्देशनमा सम्पन्न भएको थियो । त्यो प्रतियोगितामा ज्ञानपूर्णिक भन्ते निर्णायकमा बस्नु भएको थियो । ज्ञानपुर्णिक भन्तेसंग मेरो पहिलो भेट र कुराकानी त्यही शिलशिलामा पाटनको सुमंगल विहारमा भएको थियो । नागबहाल स्थित हाम्रो पूर्खाले स्थापना गरेको चैत्यमा उहाँ भन्तेकै समुपस्थितिमा बुद्धपूजा गरी चैत्यको स्थापना दिवस (चिभाःबुसादँ) मनाउने गर्‍यौं । पहिलो कार्यक्रममा व्यक्तिगत र सीमित जनसहभागितामा मनाइने उक्त कार्यक्रममा उहाँ स्वयं उपस्थित भएर थोरै सहभागिता भएको कार्यक्रम नभनी गम्भीर धर्म देशना गर्नु भयो । ललितपुरमा युवाहरूको क्रियाशीलता बढाउन "युवा बौद्ध अध्ययन मण्डल" स्थापना गराउनु भयो र त्यस संस्थामा धर्मानुशासकका रूपमा रहनु भयो । यसरी ललितपुरमा बुद्धशिक्षाका क्षेत्रमा युवाहरू जुर्मुराए ।

ज्ञानपूर्णिक भन्तेमा वाचनमा सहज र सरसता आउनाको कारण उहाँले अमेरिका, यूरोप र एशियाका धेरै देशहरूमा पुगेर प्रवचन दिनु भएकोले पनि हुन सक्छ । लामो समयसम्म विभिन्न परिवेशमा प्रवचन दिनु भएकोले जटील से जटील विषयको पनि स्पष्टसंग सरल र स्वाभाविक रूपमा प्रस्तुत गर्ने क्षमताको विकास भएको हो । उहाँले आफ्नो अन्तिम समयतिर जस्तो श्रामणेरहरूको १० दिने शिविरमा विश्व शान्ति विहारमा दिनु भएको अभिधम्म विषयक प्रवचन त्यसको एउटा नमूना मान्न सकिन्छ ।

"न्हूगु परित्राण निश्रय" मा सिंगो बुद्धशिक्षाकै बोधगम्यरूपको प्रस्तुति छ भने "बुद्ध र बुद्धवाद"मा बुद्धजीवनी सम्बन्धी अन्तर कुन्तरका कुराहरू भेटिन्छ जुन सबैले जान्नु आवश्यक छ । नेपाली भाषामा लेखिएको "प्रतीत्य-समुत्पाद" उत्तिकै बोधगम्य छ । नेपालीभाषामा उहाँलाई केही कठिनाई भएको देखिन्छ जुन कुरा त्यो पुस्तकको भूमिकामा उहाँ स्वयंले लेख्नु भएको छ। उहाँका ६० वटा कृतिहरू नै सारगर्भित छन् ।

नेपालको बुद्धधर्मको क्षेत्रमा निभाउनु पर्ने भूमिका उहाँले विभिन्न बौद्ध संघसंस्थाहरूमा उच्च पदमा रहेर र एक बौद्ध विद्वानका हैसियतले बखूवी निभाउनु भएको थियो । विभिन्न देशमा भएको बौद्ध कार्यक्रमहरूमा नेपालको प्रतिनिधित्व गर्नु, बेलाबेलामा लुम्बिनीमा हुने विश्वबौद्ध सम्मेलनको सुगठित रूपले व्यवस्था गर्नु, प्रस्तुत हुने कार्यपत्रको सही ढंगले तयार गराउनु, देशविदेशबाट लुम्बिनीमा विवादास्पद कार्यक्रम हुन लागेको एक प्रकारको अवाञ्छित हस्तक्षेपलाई उचित र शान्तिपूर्ण ढंगले रोक्न सफल हुनु आदि कामले उहाँको कार्य कुशलता स्पष्टरूपले झल्किन्छ । यसरी उहाँले लुम्बिनीलाई ठूलो संकटबाट बचाउनु भएको थियो ।

थेरवाद बुद्धधर्मको स्थिरता वा चिरस्थायी बनाउने शिलशिलामा भिक्षुहरू बस्ने विभिन्न विहारहरूको निर्माण गर्नु भयो । थेचोमा बेलुवनाराम विहार, मङ्गलबजार पटकोमा मणिमण्डप विहार र नयाँ बानेश्वरमा विशाल विश्वशान्ति विहारको निर्माण गर्नु भयो ।

कदरस्वरूप म्यान्मार विपश्यना केन्द्रबाट कम्मट्ठानाचार्य उपाधिबाट विभूषित हुनु भयो । म्यान्मार सरकारबाट अग्गमहासद्धम्मजोतिकधज र अग्गमहापण्डित पदबाट सम्मानित हुनु भयो। २०१३ मा थाईलाण्ड महामुकुट बौद्ध विश्वविद्यालयबाट र २०१६ मा महाचूलालङ्कर्ण राज विश्वविद्यालयबाट पीएचडी उपाधिबाट विभूषित हुनु भयो। नेपाल सरकारबाट "हिज होली हाईनेस" परमपूज्य पदबाट सम्मानित हुनुभएको छ ।

उहाँ धर्मोदयसभा र अखिल नेपाल भिक्षुमहासंघको अध्यक्ष हुनु भयो । २०७६ बैशाखमा सातौं संघनायक हुनु भयो । यसरी नेपालमा थेरवाद बुद्धधर्मको जग बलियो बनाउनका साथै बज्रयान एवं अन्य धर्म सम्प्रदायसंग पनि मैत्री सद्भावले धार्मिक समन्वय कायम गर्नु हुने उहाँ भन्तेको निधनले नेपाललाई अपूरणीय क्षति पुगेको छ ।

❖❖❖

# ज्ञानले भरिपूर्ण ज्ञानपूर्णिक युगको अन्त




**राजेन मानन्धर**
*यँ ।*





भगवान बुद्धले दिनुभएको शिक्षालाई जति गहन अध्ययन गरेपनि उहाँको सबैभन्दा आधारभूत शिक्षा भनेको त्रिलक्षण नै हो । त्यसको पहिलो लक्षण हो अनित्य । हामी सबैले यो जानेर पनि यति कुरा मनमा राख्न निकै कठिन छ । सात दशकसम्म बुद्धधर्मसँग समीप रहेर यसको अध्ययनले आफूलाई पूर्ण बनाएर नेपाली समाजलाई यसको अमृत पिलाउँदै आफैलाई हराउने सातौं संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर अहिले हाम्रो माझ सशरी नरहेको अवस्थामा यही अनित्य बोध गराउने बुद्धशिक्षालाई आफ्नै मनमा ल्याउनुपरेको अवस्था आएको छ ।

नेवार सभ्यताले पूर्ण काठमाडौं उपत्यकाभन्दा बाहिरको सुन्दर बस्ती पाल्पाको तानसेनमा सूर्यलाल शाक्य र चन्द्रमाया शाक्यका कान्छा छोरा भएर हीरालाल शाक्य जन्मनुभयो, २१ नोभेम्बर १९३९ मा । संस्कारको कुरा भन्नुपर्छ, त्यसबेला त्यहाँ बुद्धशिक्षाको प्रचारप्रसार गरिरहनुभएका भिक्षु बुद्धघोष महास्थविरले उहाँको बालप्रतिभा र तीक्ष्ण बुद्धि देखेरै त होला, ११ वर्षको बालकलाई भिक्षु बनाउने भनेर उहाँका आमाबुबाबाट टाढा लानुभयो । त्यहाँबाट उहाँ १६ वर्षको उमेरमा त म्यानमार नै पुग्नुभयो, बुद्धशिक्षाको महासागरमा स्नान गर्न ।

सन् १९५६ अगष्ट १५ मा म्यानमारमा त्यहाँका सुप्रसिद्ध अग्गमहापण्डित विज्जालंकार सयादो भदन्त ऊ. भिक्षु विशुद्धाभिवंश महास्थविरबाट जम्बुदीप च्याउँछाउँ गभायमा श्रामणेर दीक्षा लिएर उहाँ श्रामणेर ज्ञानपूर्णिक बन्नुभयो, अनि २० वर्षको उमेर हुँदा १२ अप्रिल १९५९ का दिन अभिधज महारट्ठगुरु अग्गमहापण्डित मस्कयिङ् सयादो ऊ. सुरियाभिवंश महास्थविरको उपाध्यायत्वमा महाखण्ड सीमा, गभायमा उपसम्पदा ग्रहण गरी भिक्षु बन्नुभयो । त्यहाँदेखि यांगूनको महाखन्ध सीमा उपोसथागारमा उहाँले भिक्षु विनय अनुसारको आफ्नो प्रारम्भिक बौद्ध शिक्षाको अध्ययन र ध्यान अभ्यास गर्दै आफ्नो जीवनलाई अझ अर्थपूर्ण बनाउन र नेपालमा बुद्धशिक्षाको नयाँ युग ल्याउन आफूलाई सक्षम बनाउनमा लागिरहनुभयो ।

उहाँको अथक अध्ययन वा लगनशीलताले गर्दा सन् १९६३ मा सासनधज धम्माचरियको उपाधि प्राप्त

गर्न सफल हुनुभयो । फेरि सन् १९६४ देखि १९६६ सम्म म्यानमारमा बुद्धशासन काउन्सिलमा बसेर पालि बर्मीज विश्व शब्दकोशको सम्पादनमा समेत योगदान दिन पाउनुभयो। एक जना नेपालीका लागि यो निकै ठूलो गौरवको कुरा हो । त्यस्तै सन् १९६६ मा उहाँले भारतको वाराणसीय संस्कृत विश्वविद्यालयबाट संस्कृतमा डिप्लोमा पनि गर्नुभयो ।



उहाँ आफ्नो मातृभाषा नेपालभाषाको विज्ञ त हुनुहुन्थ्यो नै, त्यसका साथै नेपाली, हिन्दी, अंग्रेजी, पालि, संस्कृत मात्र होइन बर्मीभाषामा समेत पारंगत हुनुहुन्छ भन्ने कुरा उहाँका कलमबाट निस्किएका विभिन्न पुस्तकहरुले देखाउँछन् । त्यसमध्ये उहाँले अनुवाद गर्नुभएको "यःम्ह म्ह्याय्" नामक उपन्यासका लागि उहाँलाई श्रेष्ठ सिरपाः पुरस्कार प्रदान गरिएको कुरा पनि यहाँ उल्लेखनीय हुन्छ ।

सन् १९६७ तिरदेखि निरन्तर जस्तै नेपालमा बसेर उहाँले यहाँका बौद्ध समाजलाई साँच्चैको बुद्धशिक्षा कस्तो हो भनेर सम्झाउन बुझाउन आफूलाई समर्पित गर्नुभयो । यसै बीच उहाँले सन् १९७७ मा बि.ए. सम्मको अध्ययन पनि पूरा गर्नुभयो ।

धर्मप्रचारको सिलसिलामा उहाँ नेपालका विभिन्न ठाउँमा बस्नुभयो, तर सबैभन्दा बढी पाटन पटकोस्थित मणिमण्डप महाविहार, थेचोको वेलुवनाराम विहार र पछिल्लो समय काठमाडौं नयाँबानेश्वरस्थित विश्व शान्ति विहारमा उहाँको बाँकी जीवन व्यतीत भयो । त्यसमध्ये उहाँ वेलुवनाराम विहार र विश्व शान्ति विहारको त संस्थापक नै हुनुहुन्छ । नेवारहरुमात्र हैन गैर नेवारहरुलाई पनि थेरवाद बुद्धधर्ममा ल्याउने, प्रव्रजित गराउने तथा गैर नेवार समाजमा पनि भन्तेहरुलाई धर्मदूत बनाएर विभिन्न जिल्लामा पठाई त्यहाँ बुद्धधर्मको प्रचारप्रसार गर्न प्रेरित गर्ने काममा उहाँ सफल हुनुभएको छ ।

उहाँका अरु थुप्रै विशेषताहरुभन्दा पनि कठिनभन्दा कठिन अभिधर्मको ज्ञानलाई सबैले बुझ्ने सरल भाषामा व्याख्या गर्ने वाचकको रुपमा सबैले उहाँलाई चिन्दछन् । सतही कुराहरु मात्र सुनाएर उपासक उपासिकाहरुको मन भुलाउने नगरीकन बुद्धधर्म र दर्शनको बुझाएर बुझाउनै नसकिने भित्री कुरा, अभिधर्मको ज्ञानलाई सामान्य गृहस्थीहरुले समेत बुझ्ने गरी उहाँले व्याख्या गर्नुभएको आज धेरैलाई सम्झना हुनुपर्छ ।

नेपालमा बस्नुहुँदा पनि विभिन्न देशहरुबाट बुद्धधर्मको प्रचार गर्ने, प्रवचन दिन अनि विभिन्न धर्मगुरुहरुको प्रवचनलाई अनुवाद गर्न उहाँलाई निमन्त्रणा आइरहन्थ्यो । त्यसमा पनि सन् १९८१ मा म्यानमारका अग्गमहापण्डित विपश्यनाचार्य महाशी सयादो नेपालमा र भारतमा जानुहुँदा उहाँले हरेक ठाउँमा सयादोको प्रवचनलाई स्थानीय भाषामा अनुवाद गरी सबैलाई ध्यानभावना सिक्नका लागि अँध्यारोमा प्रकाश छर्ने काम गर्नुभयो । उहाँ उही महाशी सयादोका एक शिष्य पनि हुनुहुन्थ्यो ।

प्रतिभा, लगन र धैर्य भएका उहाँ आफूले बुद्धधर्म अध्ययन गर्ने, आफूले सिकेको कुरा अरुलाई सिकाउने वा लेख्ने गर्नाले उहाँको नाम विदेशमा समेत प्रख्यात भयो । यसैकारण उहाँको सम्बन्ध अन्तर्राष्ट्रिय क्षेत्रमा पनि फैलिँदै गयो । यसैप्रकार उहाँ श्रीलंका, सिंगापुर, थाइल्याण्ड, इन्डोनेशिया, मलेशिया, जापान अनि बेलायत, फ्रान्स, जर्मनी र संयुक्त राज्य अमेरिकासम्म धर्मदूत भएर बुद्धधर्मका विषयमा छलफल गर्न र प्रवचन दिन जानुभयो। अमेरिकामा त उहाँले एउटा विहारमा एक वर्षसम्म विहारप्रमुख नै भएर बस्नुभयो । नेपालमा जन्मनुभएका भगवान बुद्धको धर्म प्रचारमा आफूलाई समर्पण गरेर एकजना नेपालका कुलपुत्रले विश्वभरी नै यश कमाइरहेको देख्दा कुन नेपाली गौरवान्वित नभई बस्न सक्ला र ?

आफ्नो लगनले नै बर्मामा उहाँ नेपालको पहिलो सासनधज धम्माचरिय भन्ने सम्मानित पदक प्राप्त हुने भिक्षु हुनुभयो । त्यस्तै पछि उहाँलाई त्यहाँकै विपश्यना केन्द्रबाट कर्मस्थानाचार्य उपाधि दिइयो साथै अग्गमहासद्धम्मजोतिकधज र अग्गमहापण्डित जस्ता

थोरै मात्र विदेशीहरुलाई दिइने पदवी प्राप्त गर्न सफल हुनुभयो । यही क्रममा उहाँले थाइल्याण्डको महामुकुट बौद्ध विश्वविद्यालयबाट र महाचूलालंकन राजविद्यालयबाट मानार्थ विद्यावारिधी समेत प्राप्त गर्नुभयो ।

भिक्षु भएर विहारको धर्मशासन तथा उपासक उपासिकाहरुको खातिर धर्मदेशना मात्र दिएर उहाँ बस्नुभएन। नेपालमा बुद्धधर्मको प्रचार ठोस रुपमा सफल पार्न संस्थागत विकास हुनुपर्छ भनेर बौद्ध संस्थाहरुलाई उहाँले सक्दो सहयोग गर्नुभयो । उहाँले आफ्नो जीवनभरीमा लुम्बिनी विकास कोष, अखिल नेपाल भिक्षु महासंघ, विश्वशान्ति विहार, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, युवक बौद्ध मण्डल नेपाल, बौद्ध महिला संघ नेपाल, अभिधम्म अध्ययन समाज, नेपाल बौद्ध परियत्ति शिक्षा, बुद्धिष्ट कम्युनिकेशन सेन्टर आदि संघसंस्थाहरुमा धम्मानुसासक भएर, सल्लाहकार भएर र सदस्य भएर तथा नेतृत्व नै दिएर योगदान दिनुभयो । सन् २०१४ को नोभेम्बरमा लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन उहाँकै निर्देशन एवं नेतृत्वमा सम्पन्न भएको थियो । त्यस्तै नेपालको एउटै मात्र बौद्ध विश्वविद्यालय लुम्बिनी बौद्ध विश्वविद्यालयका सभासद् हुनुका साथै सोही विश्वविद्यालयसँग सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेदमीका संस्थापक प्राचार्यको रुपमा पनि उहाँ परिचित हुनुभयो ।

नेपालमै बुद्धधर्मको उच्चशिक्षा अध्यापन हुने थाहा पाएर यसै थेरवाद बुद्धिष्ट एकेदमीको पहिलो ब्याचका विद्यार्थीको रुपमा भर्ना हुन पुगेको थिएँ । यसै नाताले उहाँलाई नजिकबाट चिन्ने अवसर प्राप्त भयो मलाई । उहाँबाट बुद्धधर्म व उच्चशिक्षाको बारेमा धेरै कुरा सुन्न, जान्न र सिक्ने अवसरहरु पाएँ । कुनै तरहको राजनीतिक सत्कार र आर्थिक लाभ या लोभमा फसेको सुन्न नपर्ने, सरल, सुशील व्यक्तित्वका धनी, अनि हत्पति बुझ्न गाहारो वा बुझाउन गाहारो धर्मका कठीन अंश पनि व्यावहारिकताको धरातलमा उभिएर स्पष्ट पार्ने क्षमता भएको भन्ते भनेर मैले चिनें । यसका साथै बुद्धधर्मको अध्ययन किन आवश्यक छ, यो ज्ञानलाई कसरी सर्वसाधारणका बीचमा लैजाने, किन लैजानु पर्छ र यो काममा कस्ता बाधा अडचनहरु आउन सक्छ अनि त्यसलाई कसरी पन्छाएर अगाडि बढ्ने भन्ने प्रेरणा पनि मैले उहाँबाट पाएँ । यस अर्थमा म उहाँप्रति सदैव कृतज्ञ रहने छु ।

यस्तो अद्वितीय भन्तेको शरीर पनि विभिन्न रोगबाट अछुट रहन नसक्ने रहेछ । धेरै समय अगाडिदेखि मधुमेह रोगका बिरामी हुनुहुन्थ्यो, पछि अन्य रोगहरुबाट पनि ग्रसित हुनुभयो । समयसमयमा विदेशमा समेत उपचार गराइरहनु हुने भन्ते अन्तमा दुई महिनासम्म अस्पतालमा विश्राम गरी आफ्नो तेजपूर्ण शरीर पनि निर्बल भएको हेरी २०२० जुलाइ ३ शुक्रबार (२०७७ असार १९) का दिन ८१ वर्षको उमेरमा देहत्याग गर्नुभयो । तीन दिनसम्म उहाँको शरीरलाई विश्वशान्ति विहारमा दर्शनार्थ राखी गुरुपूर्णिमाका दिन हजारौं उपासक उपासिकाहरुलाई पछि लगाएर, कैयन राजनीतिज्ञहरुका साथै सरकारी सलामी सहित अन्तिम संस्कार सम्पन्न भयो । यसप्रकार ज्ञानले भरिपूर्ण ज्ञानपूर्णिक युगको अन्त्य भयो ।

नेपालमा थेरवाद बुद्धधर्मको पुनरुत्थान भएको लगभग एक शताब्दी पुगेको छ । पहिले, बुद्धको शिक्षा भनेकै यही जीवनमा नै प्राप्त गर्न सकिने, अनि आजभोलि पनि बुद्धकालमा जस्तो चीवर लगाएर गृहत्याग गरेका भिक्षुहरु देख्न पाइन्छ भन्ने समेत थाहा नभइरहेको अवस्था थियो । भगवान बुद्ध नेपालमै जन्मनु भएको भनेर थाहा पाएर पनि यहाँ बुद्धधर्मको प्रचार र अभ्यास गर्ने सहज वातावरण थिएन । त्यस्तो पुनरुत्थानकालमा एक सानो समूहका भन्ते गुरुमांहरुले रातदिन नभनी, कठिन छ, थाकेको छु नभनी विशेष गरी नेवार समाजलाई बिउँझाउने काम गर्नुभयो । आजको यस थेरवाद बुद्धधर्मको स्वरुप त्यही युगका युगान्तकारी भन्ते गुरुमांहरुको योगदानको प्रतिफल हो, त्यसका लागि उहाँहरुप्रति हामी सबै नतमस्तक हुनैपर्छ ।

यसै समूहका एक जना अग्रज उहाँ ज्ञानपूर्णिक महास्थविर हुनुहुन्थ्यो । आजको दिनमा हामीकहाँ भन्ते गुरुमांहरु सयौं हुनुहुन्छ, विहारहरु नै सयौं छन्, उपासक उपासिकाहरु पनि त्यही रुपमा बढिरहेको छ । तर पनि विश्वलाई नै 'नेपालको बुद्धधर्म देखेर गौरव गर्न मनलाग्ने' गरी यहाँ बुद्धधर्मको प्रचारप्रसार गर्न बाँकी नै छ । यस्तो अवस्थामा उहाँ भन्तेको गुण स्मरण गरेर उहाँ एक्लैले जति गर्नुभयो त्यति मात्र पनि हामी सबैले मिलेर योगदान गर्न सकेमा पनि नेपालको बुद्धधर्मको परिदृष्य फरक देखिने छ । यसै अनुरुप हामीले भित्री मनदेखि नेपालमा बुद्धधर्मलाई चिरस्थायी बनाउन तन, मन, धन दिएर काम गर्न सक्यौं भने उहाँ भन्तेले गर्नुभएको धर्मप्रचारको कार्य सिद्ध भएको हामी पछिका पुस्ताले देख्न पाउनेछन् । अनि हामी सबैले हाम्रो वरीपरी यस्ता सयौं ज्ञानपूर्णिकहरुको उपस्थिति अनुभूत गर्ने पाउनेछौं ।

❖❖❖

# ज्ञानपूर्णिक, जो नेपाली भिक्षुका नायक मात्र थिएनन् !



बसन्त महर्जन
*कीर्तिपुर*



नेपालका सातौं संघनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको निधनपछि गैर-बौद्ध समाजमा एउटा प्रश्न उठ्यो, उनी को हुन् ? नेपाली बौद्ध समाजमा पनि विशेषतः थेरवादी बौद्ध समाजमा अत्यन्तै आदर र सम्मानका साथ लिइने उनका सम्बन्धमा बाँकी नेपाली समाज अनभिज्ञ हुनुले धेरै कुराको संकेत गर्दछ ।

अमृतानन्द महास्थविर, अश्वघोष महास्थविर तथा सुदर्शन महास्थविर जस्ता भिक्षुहरू बौद्ध समाजभन्दा बाहिर पनि सहभागी हुने तथा कतिपय सन्दर्भमा राष्ट्रिय चर्चाकै विषय भइरहन्थे । भिक्षु ज्ञानपूर्णिक महास्थविर भने वादविवाद तथा चर्चाहरूबाट टाढा रहेर पनि बहुआयामिक रूपमा सक्रिय भई बौद्ध जगतका लागि ठूलै योगदान दिएका व्यक्तित्व हुन् । आठ वर्षअघि लुम्बिनीस्थित अन्तर्राष्ट्रिय गौतमी भिक्षुणी विहारमा भिक्षु ज्ञानपूर्णिक महास्थविरसँग भेट भएको थियो । अघिपछि श्रद्धा र औपचारिकतावश ‘वन्दना’ गरिन्थ्यो । उनीबाट लिखित तथा अनूदित बौद्ध साहित्य भने मेरा लागि अध्ययनको खुराक हुन्थ्यो ।

धर्म दर्शनका कतिपय कुराहरू प्रायः सुनिने र पढिने भए पनि बोधगम्य नहुँदा पाठक अलमलिने वा भड्किने गर्छन् तर उनका प्रवचन र धर्मसम्बन्धी लेखनको भाषा भने साह्रै सरल हुन्थे ।

‘दुःख’ सँग अनभिज्ञ को होला ? यो शब्दलाई बुझ्ने र बुझाउने काम बौद्ध धर्म-दर्शनले गर्दै आएको छ । बौद्ध धर्म-दर्शनले गर्ने दुःखको परिभाषा समेटिएको म्यानमारबाट प्रकाशित पुस्तकलाई उनैले नेपालीमा





‘बुद्ध र बुद्धवाद’ शीर्षकमा अनुवाद गरेका थिए । मेरो लुम्बिनी भेटमा उनीसँग नेपालमा बौद्ध धर्मका गतिविधि र प्रवर्द्धनका लागि अपनाउनुपर्ने रणनीति बारे पनि कुराकानी भएको थियो ।

१५-१८ नोभेम्बर, २०१४ मा लुम्बिनीमा सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको सूत्रधार भिक्षु ज्ञानपूर्णिक महास्थविर नै हुन् । सम्मेलनका लागि तयारी हुँदै गर्दा यसै सम्बन्धमा कुरा गर्न ज्ञानपूर्णिकले मलाई सम्झिएको सन्देश भिक्षु निग्रोध स्थविर मार्फत प्राप्त भयो । म एकदिन दिउँसो नयाँ बानेश्वरस्थित विश्व शान्ति विहारमा पुगें । सम्मेलनको मुख्य उद्देश्य भन्दा फरक कार्यपत्रहरू प्रस्तुत नहोऊन् भन्ने आशय उनको थियो । त्यसक्रममा मैले पनि लुम्बिनी सम्बन्धी कार्यपत्र प्रस्तुत गर्ने टुंगो भयो ।

**ज्ञानपूर्णिकको ज्ञान-यात्रा**

सूर्यलाल शाक्य र चन्द्रमाया शाक्यका कान्छा छोरा हीरालाल शाक्य नै भिक्षु ज्ञानपूर्णिक महास्थविर हुन् । उनको जन्म २१ नोभेम्बर १९३९ मा पाल्पाको तानसेनमा भएको थियो ।

११ वर्षको उमेरमा भिक्षु बनाउनका लागि आमाले बालकलाई भिक्षु बुद्धघोष महास्थविरको हातमा सुम्पेकी थिइन् । उनै गुरुको चाँजोपाँजोमा उच्च शिक्षा अध्ययनका लागि १६ वर्षको उमेरमा उनी म्यानमार पुगे ।

सन् १९५६ अगष्ट १५ मा म्यानमारका सुप्रसिद्ध अग्गमहापण्डित भिक्षु विशुद्धाभिवंश महास्थविरबाट श्रामणेर दीक्षा (भिक्षु हुनुअघिको अवस्था) प्राप्त गरी गृहस्थ नाम छाडेर उनी श्रामणेर ज्ञानपूर्णिक बने । २० वर्षको उमेरमा अर्थात् १२ अप्रिल १९५९ मा अभिधज राष्ट्रगुरु सयादो सुरियाभिवंश महास्थविरको उपाध्यायत्वमा उपसम्पदा लिई पूर्ण भिक्षु भए । बौद्ध शिक्षाको गहन अध्ययन र ध्यान अभ्यासका लागि प्रसिद्ध यांगूनस्थित महाखन्ध सीमा उपोसथागारमा उनको प्रारम्भिक भिक्षु जीवन बितेको थियो ।

११ वर्षको म्यानमार बसाइँका क्रममा सन् १९६३ मा ‘सासनधज धम्माचरिय’ उपाधि हासिल गरे । यो उपाधि हासिल गर्ने ज्ञानपूर्णिक पहिलो नेपाली भिक्षु थिए । यही उपाधि यसअघि अनागारिका धम्मवतीले प्राप्त गरेकी थिइन् । विशुद्धाराम पालि तक्षशिला एवं माण्डलेस्थित विज्जालंकार विद्यालयबाट पनि विविध विषयमा उच्च शिक्षा हासिल गरेका थिए ।

सन् १९६४ देखि १९६६ सम्म म्यानमारको बुद्ध शासन काउन्सिलको प्रकाशन संस्थामा औपचारिक रूपले सरकारी स्तरमा रही पालि बर्मिज विश्व शब्दकोशको सम्पादन कार्यमा सरिक भए । उनी नेपालभाषा, नेपाली, हिन्दी, अंग्रेजी, पालि, संस्कृत र बर्मिज गरी सात भाषाका ज्ञाता भएबाट बौद्ध साहित्य र संस्कृति फैलनमा ठूलो मद्दत पुग्यो ।

नेपाली अनागारिका धम्मवतीको जीवनीमा आधारित बर्मिज लेखक र वे थ्वँद्वारा लिखित उपन्यास ‘यःम्ह म्ह्याय्’ का लागि नेपालभाषा साहित्य क्षेत्रको प्रतिष्ठित पुरस्कार ‘श्रेष्ठ सिरपा’ प्राप्त भएको थियो । यो उपन्यास पछि नेपाली भाषामा ‘स्नेही छोरी’ नामबाट पनि अनुवाद भएको छ । उनीबाट ६० भन्दा बढी ग्रन्थहरूको अनुवाद, सम्पादन तथा लेखन भएका छन् ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरको अर्को पाटो ‘ अभिधम्म’ माथिको पकड हो । बौद्ध धर्म र दर्शनको सूक्ष्मातिसूक्ष्म अध्ययन अभिधम्ममा गरिन्छ । बौद्ध धर्मको उच्च अध्ययनपछि उनले विश्वप्रसिद्ध विपश्यनाचार्य भिक्षु शोभन महास्थविर (महाशी सयादो) को छत्रछायाँमा रही विपश्यना ध्यानको ज्ञान लिएका थिए । उनै ध्यान गुरुले भारत र नेपालको भ्रमणको क्रममा दिएका प्रवचनलाई




भिक्षु ज्ञानपूर्णिकले भाषानुवाद गरेका थिए । ज्ञानपूर्णिक एक विद्वान्, लेखक, अनुवादक र प्रवीण वाचकका रूपमा परिचित थिए ।

बौद्ध धर्मको प्रचारप्रसारमा उनको योगदानसँग अन्तर्राष्ट्रिय सम्पर्क पनि अझै फराकिलो हुँदै गएको थियो । यस क्रममा अमेरिका, बेलायत, मंगोलिया, फ्रान्स, जर्मन, मलेशिया, जापान, साइबेरिया, इन्डोनेशिया, सिंगापुर, श्रीलंका, थाइल्याण्ड, र अष्ट्रेलियासम्म पुगी धर्म सम्बन्धी प्रवचन दिई धर्मदूतका रूपमा काम गरेका थिए । धर्म क्षेत्रमा पुऱ्याएको योगदानलाई कदर गर्दै अमेरिकाको टेनेसीस्थित बुद्धिष्ट टेम्पलको विहार प्रमुखको रूपमा एक वर्ष बसेका थिए ।

उनको योगदानको कदर गर्दै म्यानमारको विपश्यना केन्द्रबाट कर्मस्थानाचार्य उपाधिबाट विभूषित गरिएको छ । म्यानमार सरकारको तर्फबाट उनलाई अग्गमहासद्धम्मजोतिकधज र अग्गमहापण्डितको उच्च धार्मिक पदबाट समेत सम्मानित गरिएको छ ।

ज्ञानपूर्णिकलाई सन् २०१३ मा थाइल्याण्डको महामुकुट बौद्ध विश्वविद्यालयको तर्फबाट बौद्ध अध्ययनमा र सन् २०१६ मा महाचूलालङ्कर्न राजविद्यालयबाट पालिमा पीएचडी उपाधिबाट पनि विभूषित गरिएको थियो । नेपाल सरकारबाट पनि उनी परमपूज्य (हिज होलिनेस) पदबाट सम्मानित गरिएको थियो ।

नेपालमा विभिन्न विहारको निर्माण तथा नयाँ भिक्षुहरूको उत्पादनमा उनको योगदानलाई सम्झने गरिन्छ । ललितपुरको थेचोमा वेलुवनाराम विहार, मंगलबजारको पटकोमा मणिमण्डप विहार र काठमाडौंको नयाँबानेश्वरमा विश्व शान्ति विहारको स्थापना उनैले गरेका थिए ।

लामो समयदेखि मधुमेह रोगबाट पीडित उनी आफ्नै पहलमा लुम्बिनीमा सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा भने सहभागी हुन सकेनन् । दुई महिनाको अस्पताल बसाइँपछि १९ असार बिहान निधन भएका उनको अन्त्येष्टि राष्ट्रिय सम्मानका साथ शंखमूलमा २१ असारमा सम्पन्न भयो ।

अन्तर्राष्ट्रिय क्षेत्रबाट आएका शोक-सन्देशहरूबाट पनि आकलन गर्न सकिन्छ, उनले अन्तर्राष्ट्रिय बौद्ध क्षेत्रमा राम्रै प्रभाव जमाएका रहेछन् । विभिन्न देशले उनको अस्तु राखेर चैत्य बनाउने भएको छ।

बुधबार, २४ असार, २०७७, ०९:००:०० मा प्रकाशित

थप सामग्री : *https://www.himalkhabar.com/news/115751<fbclidÖIwAR3HwmP–weAQn4m1IOd3KnEaiWsLqRm7Ayw83BmZDYn3–KjKfX0neIp3kzE*

❖❖❖

# ज्ञानको गर्विलो व्यक्तित्व
# भिक्षु ज्ञानपूर्णिक



**सुनिल महर्जन**
*ललितपुर*



प्रत्येक व्यक्तिको आ-आ आफ्नै विशेषता हुने गर्दछ । हालै दिवंगत संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको अलग्गै व्यक्तित्व र पहिचान छन् । उहाँको विकास र योगदानलाई उहाँ बाँच्नु भएको, र हुर्किएको परिवेशको समग्रतामा हेर्नुपर्दछ । भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई उहाँ वरपरको परिस्थितिको अन्तरसम्बन्धबाट हेरेमा मात्र उहाँमा निहित विशेषता र व्यक्तित्व रेखांकित गर्न सक्दछ ।

गुरु शिष्य परम्पराबाटै शिक्षा आर्जन गर्ने नेपालको स्थविरवाद बुद्ध धर्मका शुरु शुरुका पुस्ताका भिक्षुहरू मध्ये भिक्षु ज्ञानपूर्णिक बुद्ध धर्म र अन्य शिक्षामा औपचारिक शिक्षा पाउने सम्भवतः पहिलो भिक्षु हुनुहुन्थ्यो । हुनत भिक्षु जीवनको मर्म, दायित्व र औपचारिक शिक्षा फरक फरक विषय हुन् । तर पनि भिक्षु जीवनको अभ्यास र साधनासंगै व्यावहारिक कुशलता, ज्ञानको दायरा बढाउन औपचारिक शिक्षाले पनि भूमिका निर्वाह गर्दछ । औपचारिक शिक्षाले भिक्षु ज्ञानपूर्णिकको व्यक्तित्वलाई थप परिष्कृत गरेको थियो । बर्मामा करिब ११ वर्षको मिहिनतपछि उहाँले सन् १९६३ मा सासनधज धम्माचरिय उपाधि परीक्षा उतीर्ण गर्नुभयो । धम्माचरिय उपाधि परीक्षा उतीर्ण गर्नुहुने उहाँ पहिलो विदेशी भिक्षु हुनुहुन्थ्यो । बर्मामा अध्ययन पश्चात उहाँले भारतको वाराणसी संस्कृत विश्वविद्यालयबाट संस्कृतमा स्नातक उतीर्ण गर्नुभयो । पछि नेपाल फर्किनुभएपछि पाटनस्थित सुमंगल विहारमा बस्ने क्रममा उहाँले स्नात्तकोत्तर अध्ययन पूरा गर्नुभयो । यसको प्रतिध्वनी उहाँको शब्द शब्दको गहिरो विवेचना गरी धर्म व्याख्या गर्ने र बर्मामा दुर्बोध्य मानिएको प्रतीत्यसमुत्पाद, अभिधम्म सम्बन्धी ग्रन्थको अनुवादमा सुनिन्थ्यो । उहाँको धार्मिक व्याख्यानको कला र ग्रन्थ अनुवाद गर्ने कार्यलाई औपचारिक शिक्षाले थप निखारता ल्याएको थियो ।

अर्कोतर्फ नेपाल र म्यानमारबीचको सम्बन्धलाई सुमधुर र सुदृढ बनाउन दुई देशका जनताबीचको सम्बन्ध अत्यन्त महत्वपूर्ण स्थान रहेको छ । दुवै देशका जनताबीचको सम्बन्धको मुख्य आधार थियो, बुद्ध धर्म । भिक्षु ज्ञानपूर्णिक यसै आधारमा उठेको एक शिखर पुरुष हुनुहुन्छ । धर्म मार्फत अन्तर्राष्ट्रिय सम्बन्ध बलियो बनाउन उहाँको योगदान सरकारका निम्ति विशेष कदरयोग्य रहेको छ । संयोगवश उहाँको व्यक्तित्वबारे भलिभाँति परिचित प्रदीप ज्ञवाली अहिले परराष्ट्रमन्त्री हुनुहुन्छ । परराष्ट्र मन्त्रालयले पनि उहाँको योगदानलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन विशेष भूमिका निर्वाह गर्न सक्दछ । लामो समयको बर्मा बसाईं, अध्ययन, पालि बर्मिज विश्व कोषको सम्पादनमा उहाँको संलग्नता र देश विदेशमा धर्मप्रवचनले नेपाललाई अन्तर ाष्ट्रिय क्षेत्रमा चिनाउन र म्यानमारसंगको विशेष धार्मिक सम्बन्धलाई सुमधुर बनाउन निकै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । अतः धार्मिक कूटनीतिका दृष्टिले उहाँको उच्च योगदान रहेको पाउँछौं ।

नेपाल स्थविरवाद बुद्धधर्म पुनःजागरणको लामो समयसम्म स्वयम्भूस्थित आनन्दकुटी विहार केन्द्रबिन्दुमा रह्यो । स्थविरवाद बुद्ध धर्मका अग्रज व्यक्तित्वको बसाइँ, आनन्दकुटी विहार गुठी, राष्ट्रिय र अन्तर्राष्ट्रिय चिनारी त्यसको समष्टिगत रूप थियो । त्यो केन्द्र समयक्रमसंगै सर्दै, सर्दै विश्व शान्ति विहारसम्म आइपुग्यो । अर्थात समकालीन नेपालमा बुद्ध धर्म सम्बन्धी कार्यको केन्द्रबिन्दु विश्व शान्ति विहार बन्यो । यसमा भिक्षु ज्ञानपूर्णिकको नेतृत्वमा शुरु

भएको नयाँ भिक्षु उत्पादन र शिक्षण कार्य, नेपाल बौद्ध परियति केन्द्रको गतिविधिपछि आएर थेरवाद बुद्धिस्ट एकेडेमी संञ्चालनले पनि विश्वशान्ति विहारलाई केन्द्रविन्दुको रूपमा स्थापित गरेको थियो । बौद्ध परियत्तिको विस्तार, देशका विभिन्न जिल्लाबाट भिक्षु बन्न आउने क्रममा आएको तीव्रता र राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्ध विश्व शान्ति विहारकै वरपर झाँगिदै गएको पाउँछौं । भिक्षु ज्ञानपूर्णिकको राष्ट्रिय र अन्तर्राष्ट्रिय छवि र मान्यता र बुद्ध धर्म विकासको बृहत संस्थागत प्रयासले केन्द्रको गुरुत्व बढाएको थियो । यसमा विश्व शान्ति विहारको संस्थागत प्रयास पनि उल्लेखनीय छ । त्यो केन्द्रबिन्दुलाई यथावत राख्न यहाँको गतिविधिलाई अझै चलायमान बनाउनुपर्ने जिम्मेवारी अहिले पनि छ। संस्थागत परिपाटीलाई बलियो बनाई राख्नु नै त्यस जिम्मेवारी पूरा गर्ने मुख्य आधार हुन् ।




नेपाल बुद्धजन्मभूमि देश भएर पनि यहाँ बुद्धधर्म सम्बन्धी गहन पुस्तकहरू सर्वथा अभाव रहेको छ। हिन्दीमा बाहेक श्रीलंका, थाईल्याण्ड र बर्माको पुस्तक पढ्न भाषिक ज्ञानमा सर्वसाधारणलाई सहज थिएन । अझ बुद्ध वचनको संग्रह त्रिपिटकको सुत्तपिटक, विनयविपटक र अभिधम्म पिटक मध्ये विनय र अभिधम्ममा नेपाल र नेपालीमा सहज पहुँच अझै भएको छैन । वीरपूर्ण पुस्तक संग्रहालयद्वारा प्रकाशित सूत्रपिटकको 'प्रतिसम्भिदा मग्ग' र 'अभिधम्म' जस्ता बुद्धधर्मको महत्वपूर्ण ग्रन्थ तयार गर्न उहाँको विशेष सक्रिय भूमिका रह्यो । संग्रहालयले त्रिपिटकका सारा ग्रन्थ नेपाल र नेपाली भाषामा अनुवाद गर्ने कार्यलाई ४० वर्षदेखि निरन्तरता दिँदै आएको छ। संग्रहालयको सक्रियता पछिल्लो दिनमा निकै बढेको छ । यस काममा भिक्षु ज्ञानपूर्णिकको प्रेरणा, तदारुकता, घच्घच्याउने स्वभाव महत्वपूर्ण उर्जाको काम गरेको संग्रहालयका अध्यक्ष दुण्डबहादुर बज्राचार्यको भनाई रहेको छ ।

म्यानमारका प्रसिद्ध पुस्तकहरू मध्ये बुद्धवाद बेजोडको विश्लेषणात्मक पुस्तक थियो । त्यसैगरी प्रतीत्य समुत्पाद लगायत ६० भन्दा बढी ग्रन्थहरू अनुवाद गरी बर्माको बुद्धधर्मको अध्ययन धारालाई परिचित गराउन उहाँको विशेष देन रह्यो । चित्त, कर्मफल, प्रतीत्यसमुत्पाद, बुद्धवाद जस्ता गहनतम ग्रन्थ उहाँको अथक मिहिनतको परिणति थियो ।

भिक्षु ज्ञानपूर्णिक केवल हाड, छाला भएका मानिस मात्र थिएन । उहाँकी आमा तानसेन निवासी चन्द्रमाया शाक्यले ११ वर्षको उमेरका बालक हिरालाललाई समर्पण गर्नुभएको समयदेखि गणना गर्ने हो भने झन्डै ७० वर्षको जीवन बुद्ध धर्मको विकास र विस्तारमा समर्पण गर्नुभयो । अमूल्य मनुष्य जीवन एउटै विचार वा क्षेत्रमा समर्पण गर्नु सर्वसाधारणका लागि सरल विषय पक्कै होइन । यस अर्थमा उहाँ निष्ठा र त्यागका प्रतिमूर्ति पनि हुनुहुन्छ । भावि पुस्ताले उहाँको त्याग, निष्ठा र योगदानलाई सम्झिने र परिचित हुने गरी उहाँको स्मृति प्रतिष्ठान बनाउने वा कुनै नै कुनै रूपमा सम्झिने आधार बनाउनु अहिलेको सामयिक कर्तव्य हुन् । भिक्षु ज्ञाणपूर्णिक पुराना पुस्ता र आधुनिक पुस्तालाई जोड्ने महत्वपूर्ण कडी हुन् । उहाँको निधनले उहाँको स्मृति, जीवनी, त्याग बिर्सिने अवस्था आउने अवस्थाले बुद्धधर्मको विकास र विस्तारको दिशामा ठूलो घाटा लाग्नेछ ।

नेपालको बुद्धधर्मको क्षेत्रमा अर्को ज्ञानपूर्णिक फेरि जन्मिँदैनन् । जसरी उहाँले विशेषतः भिक्षु प्रज्ञानन्द, भिक्षु बुद्धघोष महास्थविरको अध्ययन र चिन्तन धारालाई नयाँ उचाईमा पुऱ्याउनुभयो, त्यसैगरी उहाँले समग्रमा गर्नुभएको योगदानको उचाईलाई अर्को उचाईसम्म पुऱ्याउन भिक्षु ज्ञानपूर्णिकको अर्न्तदृष्टि, प्रतिभा, योगदानको उचित समीक्षा र अध्ययन गर्नु जरुरी रहेको छ । उहाँको यान्त्रिक नक्कल होइन, उहाँको समग्र जीवनबाट नयाँ अर्न्तदृष्टि प्राप्त गरेर अघि बढ्नुपर्ने दायित्व पनि आधुनिक पुस्ताको दायित्व हो । अर्कोतर्फ उहाँको ७० वर्षको जीवन्त इतिहासको आलोकमा स्थविरवाद बुद्धधर्मको धारा अझ समृद्ध र फराकिलो बन्ने छ । पुराना पुस्ताका भिक्षुहरूको निधनले पारेको क्षति र त्यसलाई न्यूनीकरण गर्ने उपाय पहिल्याउन पनि भिक्षु महाप्रज्ञाबाट शुरुआत भएको स्थविरवाद बुद्धधर्मको विकासको धारालाई भिक्षु ज्ञानपूर्णिकको निधनसम्म आउँदाको अवस्थाबारे सूक्ष्म विश्लेषणको आवश्यकता छ । उहाँको निर्वाण कामना गर्दछु ।

❖❖❖

शिलापत्र अनलाइन पत्रिकामा प्रकाशित

# संघनायकप्रति प्रार्थना



**केशबराज जोशी**
*काठमाडौं*

अहिले उनको वरिपरि बुद्धका पवित्र वचन सुन्नेहरूको भीड छैन र छैन ध्यान सिक्नेहरूको जमात पनि । न दीक्षा लिन चाहनेहरू छन्, न त जीवन बुझ्न चाहनेहरू नै ।



अहिले उनी आफ्नो नियमित जीवन पद्धतिभन्दा बिल्कुलै भिन्न तवरले धापाखेलस्थित सुमेरु अस्पतालका स्वास्थ्यकर्मीहरूको निगरानीमा सास लिइरहेका छन् ।

बाहिर १२ जना भिक्षुहरू छन् । भिक्षुहरूको मनमा आफ्ना गुरुको सम्बन्धमा खराब समाचार आउँछ कि भन्ने त्रास छ । कतै सबै रोगहरूलाई जितेर उठी पो हाल्छन् कि भन्ने झिनो आस पनि बाँकी नै छ । उनीहरूले पूरै आस मारिहालेकै छैनन् तर अवस्था जटिल छ ।

हो, अहिले सातौं संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर अहिले स्वास्थ्यकर्मीहरूको निगरानीमा छन् । सुमेरु अस्पतालको सघन कक्षमा उनको उपचार हुँदै छ । बाहिर उनैद्वारा दीक्षित उनका १२ जना शिष्यहरू छन्, जसले निरन्तर निगरानी गरिरहेका छन् ।

गत २१ वैशाखदेखि संघनायक सघन उपचार कक्षमा उपचारत छन्। उनलाई उठाउने अनेक प्रयत्नमा जुटेका छन्, त्यहाँका स्वास्थ्यकर्मीहरू पनि ।

संघनायक अहिले गम्भीर स्वास्थ्य समस्यासँग जुधिरहेका छन्। डाक्टरहरूको अथाह मिहिनेतका बाबजुद स्वास्थ्यमा कुनै सुधार देखिएको छैन र बरु स्वास्थ्य झन्झन् खस्किँदै गइरहेको छ । जटिलताहरू थपिँदै गएका छन् ।

संघनायकका शिष्य तथा लुम्बिनी विकास कोषका पूर्व उपाध्यक्ष भिक्षु निग्रोधका अनुसार यस्तो जटिल परिस्थितिमा पनि उनको चेतनाले भने पूर्ण रूपमा काम गरिरहेको छ, तर स्वास्थ्य चिन्ताजनक स्थितिमा पुगिसकेको छ ।





बोल्नै पर्ने अवस्थामा मात्र उनी अत्यन्तै कठिनाइपूर्वक एकाध शब्द बोल्छन् र ती शब्दहरूमा आफ्नो उपचारमा संलग्नहरूप्रति र शुभेच्छुकहरूप्रति कृतज्ञताको भाव हुन्छ। त्यस्तै, बुद्धको दया, माया, करुणा र सद्भाव तथा शान्ति, अहिंसा, ज्ञान र ध्यानको बाटोमा निरन्तर लागिरहन आफ्ना शिष्यहरूलाई निर्देशन हुन्छ।

अस्पालको दृश्य यस्तो छ तर बाहिर भने अहिले उनको स्वास्थ्यलाभको कामना गर्दै करिव ४ सयवटा बिहारहरूमा विशेष प्रार्थना सुरु भएको छ, जसलाई थेरवाद परम्परामा परित्राण पाठ भनिन्छ।

थेरवादी परम्परामा बुद्धका उपदेशहरूलाई जस्ताको त्यस्तै पालना गर्ने कुरामा विश्वास गरिन्छ। पालि भाषामा लेखिएको त्रिपिटक नै यस सम्प्रदायको मूल आदर्श हो। यिनीहरू बुद्धका उपदेशहरूलाई परिवर्तन वा परिमार्जन गर्नुहुँदैन, जुन रूपमा छन्, त्यही रूपमा पालना गर्नुपर्छ भन्ने मान्यता राख्छन्।

जे होस्, अहिले विश्वभर ४ सयवटा बिहारहरू प्रार्थनाका पवित्र मन्त्रहरूले एकसाथ गुञ्जायमान छन्। ती प्रार्थनाहरूमा सातौं संघनायकको स्वास्थ्यलाभको कामना छ।

संघनायक विगत लामो समयदेखि मधुमेह र रक्तचापको समस्याबाट पीडित थिए। तर, करिव ४ महिनाअघि उनको मिर्गौलाले समेत काम गर्न छाड्यो। त्यसमाथि झन् नसामा समेत समस्या देखिएपछि उनी थला परेका छन्।

'कहिलेकाहीँ अक्सिजन लेवल घटेर ६० सम्म समेत पुग्ने गरेको छ', निग्रोध भन्छन्, 'शरीर थला परे पनि



शब्दहरू मौन भए पनि, उनको चेतना भने अहिले पनि दुरुस्त छ।'

अहिले संघनायकद्वारा प्रत्यक्ष रूपमा दीक्षित १ सय ५० जना शिष्यका अतिरिक्त उनले ज्ञान दिएका हजारौं शिष्यहरू संसारभर छरिएर रहेका छन्।

थेरवादमा संघ नायकलाई परमपूज्य पद मानिन्छ। बुद्ध धर्मका प्रचारकका अतिरिक्त विपश्यना ध्यान पद्धतिका प्रचारकसमेत रहेका संघनायकले ३ वटा ध्यान केन्द्र स्थापना गरेका छन्। नेपाली, पालि, संस्कृतलगायत विभिन्न भाषाका ज्ञाता रहेका उनले ६० वटा किताबहरू अनुवाद र सम्पादन गरेका छन्।

संघनायकका शिष्यहरूले अस्पतालको उपचारबाट आफ्ना गुरु उठ्लान् भन्ने आस गरिरहेकै छन्। उनलाई उठाउनका लागि सुरु गरिएको अनुष्ठान र विश्वव्यापी प्रार्थनाको असर कति हुन्छ? त्यो भने हेर्न बाँकी छ।

❖❖❖

# प्रभावशाली धर्मदेशक
# भिक्षु ज्ञानपूर्णिक महास्थविर



**सुश्री सबिता धाख्वा**
*नागबहाल, ललितपुर*



भिक्षु ज्ञानपूर्णिक महास्थविर धर्मदेशना गर्ने खुवी भएका एक प्रभावशाली धर्मदेशकको रूपमा बौद्ध जगतमा चिनिएको छ। स्पष्ट वक्ता, कुरालाई व्याख्या एवं विश्लेषण गरेर प्रस्तुत गर्नसक्नु, अरूलाई बुझाउनको लागि एउटा शब्दलाई विभिन्न पर्यायवाची शब्दहरूको प्रयोग, शुद्ध व्याकरणको प्रयोग, सरल एवं सरस शब्दमा अर्थपूर्ण ढंगबाट धर्मदेशना गर्नु उहाँका विशेषता हुन्। धर्म देशना गर्ने व्यक्तिमा हुनुपर्ने गुणहरूका सम्बन्धमा बुद्धले बताउनु भएका उपदेशहरू त्रिपिटकको विभिन्न भागमा उल्लेख भएको पाइन्छ। ती उपदेशहरू अनुसरण गरेर नै होला भिक्षु ज्ञानपूर्णिक महास्थविर प्रभावशाली धर्मदेशकको रूपमा चिन्न सफल हुनु भएको छ। उहाँका यस्ता खुबीले गर्दा नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय जगतमा पनि उपासक उपासिकाहरू माझ उहाँ लोकप्रिय हुनुभएको छ। उहाँको उपदेशबाट धेरै जना लाभान्वित भएको कुरा उहाँको छत्रछायाँमा बसी उपदेश सुनेका उपासक उपासिकाहरूले विभिन्न प्रशंगमा अभिव्यक्त गरेकोबाट पनि स्पष्ट हुन्छ। यस लेखका लेखक स्वयंलाई पनि अभिधर्म, धर्मचक्र प्रवर्तन सूत्र एवं सतिपट्ठान विपस्सना आदि जस्ता गहण विषयमा उहाँबाट धरै धर्मदेशना सुन्न मौका प्राप्त भएको छ जुन धर्मदेशना आजसम्म पनि मानस पतलमा संस्मरण भईरहेको छ।

आधुनिक जगतमा सही, स्पष्ट, विश्वासिलो, कमबद्ध मिलेको र पूर्णता हुने जस्ता अंगयुक्त हुने सञ्चारलाई प्रभावकारी मानिन्छ। यस किसिमले सन्देश प्रवाह गर्नसक्ने व्यक्ति विचारको बजारमा प्रभावकारी व्यक्तिको रूपमा चिनिन्छ। तर बुद्ध शिक्षा अनुसार धर्म उपदेश गर्ने व्यक्तिमा सञ्चारका यति गुणहरूमा



मात्र सिमित छैन । अरूको हित सुखको उद्देश्य लिएर धर्मदेशना गर्ने व्यक्तिमा हुनुपर्ने विभिन्न गुणहरू सम्बन्धी बुद्धले बताउनु भएको प्रशंग यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

विनय पिटकमा भिक्षुणीहरूलाई सिकाउने तथा उपदेशबाट संग्रह गर्ने सम्बन्धलाई लिएर, धर्मदेशना गर्ने भिक्षुहरूको योग्यता वा गुणहरू[1] उल्लेख गरिएको छ :

१) गुण आचरणले सम्पन्न हुनुपर्ने ।
२) विज्ञ हुनुपर्ने ।
३) जुन विषयमा सिकाउने हो त्यस विषयवस्तुमा पोख्त हुनुपर्ने ।
४) स्वर र प्रस्तुतीकरण राम्रो हुनुपर्ने ।
५) श्रोतागणहरूलाई मन परेको हुनुपर्ने ।
६) विभिन्न उदाहरण दिई सिक्नुपर्ने विषयमा उत्प्रेरीत गराइ राख्ने खुबी भएको हुनुपर्ने ।
७) विनय नियमहरू कहिल्यै पनि उल्लंघन नगरेको हुनुपर्ने ।
८) अनुभवी हुनुपर्ने ।

धर्मश्रवणवाट धर्मश्रवण गर्ने श्रोतागणलाई सुपरिणाम प्राप्त हुने कुरा कुशल धर्मदेशकमा पनि निर्भर रहन्छ । एक समयमा उदायी भन्ने भिक्षुले गृहस्थहरूको ठूलो परिषद्लाई धर्मदेशना दिईरहनु भएको सन्दर्भलाई लिएर भगवान् बुद्धले भिक्षु आनन्दलाई आज्ञा गर्नुभएको थियो, "अरूलाई धर्मदेशना गर्न सजिलो छैन । विभिन्न गुणले प्रतिष्ठित भइकन धर्मदेशना गर्न सकेमा मात्र धर्मदेशनाबाट अरूले लाभ प्राप्त गर्न सकिने हुन्छ ।"[2]

उक्त सूत्र अनुसार धर्मदेशना गर्ने व्यक्ति ५ वटा कुरामा प्रतिष्ठित भइकन धर्मदेशना गर्नुपर्ने हुन्छ :

१) कारणलाई उल्लेख गर्दै बोल्ने छु भनी सोचेर अरूलाई धर्मदशना गर्नुपर्छ ।
२) लोभलालच त्यागेर धर्मदेशना गर्नुपर्दछ ।
३) करुणावान् भएर धर्मदेशना गर्नुपर्दछ ।
४) परिष्कारसम्बन्धी चाहना नराखी बोल्ने छु भनी सोचेर धर्मदेशना गर्नुपर्छ । र
५) आफूलाई र अरूलाई आघात पुग्नेगरी धर्मदेशना गर्ने छुइन भनी सोचेर धर्मदेशना गर्नुपर्दछ ।

यसप्रकार उपरोक्त ५ कुरामा प्रतिष्ठित भइकन धर्मदेशना गर्नुपर्दछ भनी बुद्धले आज्ञा गर्नुभएको छ । फेरि मज्झिम-निकायको अरणविभङ्गसुत्तमा बुद्धले धर्मदेशना सम्बन्धी आज्ञा गर्नुभएको कुरा यसरी पनि उल्लेख गरिएको छ :[3]

१) महत्वपूर्ण विषयवस्तुमा धर्मदेशना गर्ने ।
२) कुरा सुन्ने व्यक्तिको बुद्धि/ क्षमतालाई पहिचान गरेर मात्र धर्मको देशना गर्नु पर्दछ ।
३) कुरा गर्दा शब्दको उच्चारण स्पष्ट रूपले गर्नु पर्दछ ।
४) हतार हतारमा छिटो छिटो बोल्नु हुँदैन ।
५) परस्परमा कुरा गर्दा मानिसने बोल्ने गरेको बोलिचालीको भाषा प्रयोग गर्नुपर्दछ । प्रादेशिक भाषा प्रयोग गर्नु हुँदैन जुन भाषा प्रयोग गर्नाले श्रोतागणहरूले रामोसँग बुझ्न सक्दैनन् ।
६) संज्ञा (खास शब्द) अर्थविशेषको पछाडि मात्र लाग्नु हुँदैन आदि ।

1 Bhikkhu, Thānissaro. *The Buddhist Monastic Code.* Vol.I. CA: Metta Forest Monastery, 2002. p. 356

2 भिक्षु बोधिसेन महास्थविर (अनु.), *अङ्गुत्तरनिकाय (पञ्चक निपात, भाग २),* ललितपुरः अनागारिका वीर्यपारमिता, २०६५. पृ. ४६६

3 दुण्डबहादुर बज्राचार्य (अनु.), *मज्झिमनिकाय,* ललितपुरः वीर पूर्ण पुस्तक संग्रहालय, २०५७. पृ.८४३



यी माथिका कुराहरूलाई ध्यान दिई उपदेश दिएमा धेरैलाई हित हुने कुराहरू यस सूत्रमा उल्लेख भएको छ ।

आर्यअष्टांगिक मार्गमा पनि बुद्धले सम्यक वचन अर्थात् बोलि व्यवहार ठीक हुनुपर्ने कुरा बताउनु भएको छ । यसलाई आधुनिक भाषामा बुद्धधर्मको दृष्टिले संचार सीप भने पनि हुन्छ । निम्न बोलि व्यवहारलाई सम्यक वचन वा ठीक व्यवहार[4] भनिएको छ :

१. सच्चवाचा : असत्य कुराबाट अलग भई सत्य कुरा गर्ने वा यथार्थवादी हुनुपर्छ ।
२. सुभाषितवाचा : चुगली गर्ने कामबाट अलग भई वैमनष्य भाव हटाइदिने, परस्परमा मेलमिलाप हुने कुरा गर्ने ।
३. पियवाचा : कडा बोली बचनबाट अलग भई सुन्नमा आनन्द हुने, मन प्रसन्न हुने सभ्य वचन प्रयोग गर्ने ।
४. धम्मवाचा : फजुल व्यर्थ कुरा छोडी समयानुकूल यथार्थ, अर्थयुक्त, धर्मानुकूल, तर्कयुक्त कुरा गर्ने ।

धर्मदेशना गर्दा पनि यी माथिका कुराहरूलाई अनुसरण गर्न सके सम्यक वचन नै हुनजान्छ ।

धर्मदेशनासम्बन्धी यी कुराहरूलाई विश्लेषण गरेर हेर्दा यी गुणहरू विद्यमान भएमा धर्मदेशना प्रभावशाली हुन्छ । त्यसैले अरूको हित सुखको उद्देश्य लिएर धर्मदेशना गर्ने व्यक्तिमा हुनुपर्ने यी विभिन्न गुणहरू एवं सीप हुनु अति आवश्यक हुन्छ । ज्ञानपूर्णिक महास्थविर भन्ते धेरै हदसम्म यस्ता गुणबाट परिपूर्ण हुनुभएको देखिन्छ । उहाँले धर्मदेशनाको माध्यमबाट देश विदेशमा धर्मप्रचार गर्नु भएको छ । विश्व प्रसिद्ध कम्मट्ठानाचरिय महोपकारक महाशी सयादोका साथमा उपदेश अनुवादका लागि उहाँसंगै ज्ञानपूर्णिक भन्ते विश्वका विभिन्न ठाउँमा जाने गर्नुहुन्थ्यो भने महाशी सयोदाका प्रमुख शिष्य कम्मट्ठानाचरिय सयादो उ. पण्डिताभिवंशको भाषा अनुवाद गर्न युरोप, अमेरिका, अष्ट्रेलिया आदि देशमा समेत संगसँगै जानुभएको थियो ।[5] बर्मामा उहाँ भन्तेलाई विपश्यना ध्यानका लागि कम्मट्ठानाचरिय गुरुको पद प्रदान गरिएको छ साथै उहाँको विद्वताको कदर गर्दै अग्गमहापण्डित जस्ता महान पदबाट विभूषित भएको छ, जुन नेपालकोलागि अति नै गौरवको विषयवस्तु हो । आफ्नो जीवनकालमा प्रत्येक बर्ष मलेसिया, सिंगापुरमा कम्मट्ठानाचरिय ध्यान गुरुको रूपमा सतिपट्ठान विपस्सना ध्यान प्रचारप्रसार गरी अन्तर्राष्ट्रिय जगतमा समेत बुद्धधर्म प्रचार प्रसारमा योगदान पुऱ्याउनु भएको छ ।

नेपालमा र अन्तर्राष्ट्रिय जगतमा बुद्धधर्म प्रचारप्रसार, उन्नति-अभिवृद्धि गर्नमा उहाँको योगदान अविस्मरणीय छ । उहाँ जस्तो व्यक्तिको अन्त्यले बौद्ध जगतमा अपूरणीय क्षति पुगेको छ । त्यसैले उहाँमा भएका गुणहरूलाई अनुशरण गर्न सकेमा बुद्धशासन उन्नति र अभिबृद्धिका लागि टेवा मिल्नेछ । अन्तमा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको बुद्धशासनिक कुशल कार्यको प्रभावले उहाँलाई मार्गफल निर्वाण प्राप्त होस् भनी कामना गर्दछ ।

**सन्दर्भ सामग्रीहरु**


- बज्राचार्य, दुण्डबहादुर (अनु.), मज्झिमनिकाय , ललितपुरः वीर-पूर्ण पुस्तक संग्रहालय, २०५७ ।
- भिक्षु बोधिसेन महास्थविर (अनु.), अङ्गुत्तरनिकाय (पञ्चक निपात, भाग २), ललितपुरः अनागारिका वीर्यपारमिता, २०६५ ।
- भिक्षु ज्ञानपूर्णिक (अनु.), न्हूगु परित्राण निश्रय, ललितपुरः सन्ति सुखावास, २०५० ।
- 'भिक्षु ज्ञानपूर्णिक महास्थविरको संक्षिप्त जीवनी तथा उपसम्पन्न स्वर्णदिवश', शान्ति सन्देश, बर्ष ७, अंक ७, वि.सं २०६५ ।
- Bhikkhu, Thānissaro. *The Buddhist Monastic Code*. Vol.I. CA: Metta Forest Monastery, 2002.


4 भिक्षु ज्ञानपूर्णिक (अनु.), *न्हूगु परित्राण निश्रय,* ललितपुरः सन्ति सुखावास, २०५०. पृ.८०-८१

5 'भिक्षु ज्ञानपूर्णिक महास्थविरको संक्षिप्त जीवनी तथा उपसम्पन्न स्वर्णदिवश', शान्ति सन्देश, बर्ष ७, अंक ७, वि.सं २०६५, पृ. ११

# श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको योगदान एवं विश्व शान्ति विहारको स्वरूप



**चित्रा शोभा तुलाधर**
*तीनधारा, काठमाडौं*

विश्व शान्ति विहारका संस्थापक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर अतुलनीय भन्तेहरू मध्ये एक हुनुहुन्थ्यो। श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरले बुद्धशासनको उत्थान कार्यमा यस्ता दुई शिष्यहरू तयार पार्नुभयो जो स्वदेशमा मात्र होइन विश्वमा नै प्रख्यात भए। ती शिष्यहरू हुन् विश्व शान्ति विहारका संस्थापक श्रद्धेय ज्ञानपूर्णिक भन्ते र धर्मकीर्ति विहारका संस्थापिका श्रद्धेय धम्मवती गुरुमां । उहाँहरूले बुद्धधर्मलाई प्रभावकारी ढङ्गले जनमानसमा फैलाउन निरन्तर रुपमा विभिन्न कार्यहरू सञ्चालन गर्दै आउनु भएको छ । थेरवाद बुद्धशासनको शील, समाधि र प्रज्ञा जगाउने काममा उहाँहरूको अटुट रुपले अमूल्य योगदान रहेको छ ।





श्रद्धेय ज्ञानपूर्णिक भन्तेकी आमा चन्द्रमाया शाक्यले ठूलो आस लिएर आफ्ना छोरा हीरालाललाई सानो उमेरमै सुयोग्य व्यक्ति बनाउने इच्छाले बुद्धघोष भन्तेलाई सुम्पिदिनुभयो। ११ वर्षको उमेरमा उहाँ इःबही विहारमा आफ्ना गुरु बुद्धघोष भन्तेको सेवक भएर बस्नुभएको थियो। एक महान गुरुको छत्रछायाँमा बसी बुद्धधर्म अध्ययन गर्नुभयो । १६ वर्षको उमेरमा श्रद्धेय बुद्धघोष भन्तेले हीरालाललाई बर्मा लग्नुभई २०१३ सालमा च्याउँछ्याउँ विहारमा अग्गमहापण्डित श्रद्धेय गुरु ऊ विशुद्धाभिवंश महास्थविरबाट श्रामणेर दीक्षा दिलाउनुभयो । २०१५ सालमा याङ्गुनमा अभिधज राष्ट्रगुरु अग्गमहापण्डित ऊ सुरियाभिवंश महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई भिक्षु ज्ञानपूर्णिक हुनुभयो । बर्मामा बुद्धधर्मको अध्ययनको क्रममा पालि विश्वविद्यालयबाट लिएको सरकारी जाँचमा "सासनधज धम्माचरिय परीक्षा" पनि उत्तीर्ण गर्नुभयो ।

श्रद्धेय भन्तेले बर्माबाट बुद्ध धर्मको उच्च शिक्षा हासिल गरिसके पछि स्वदेश फर्कनु भयो । सुरुमा उहाँ आफ्नै गुरुसँग बस्नुभयो र पछि धर्म प्रचारको क्रममा श्री सुमङ्गल विहार, श्री शाक्य सिंह विहार, सीघः विहारमा बस्नु भएको थियो। बुद्धधर्म प्रचारको सिलसिलामा उहाँले विभिन्न विहार, वहाल, बहीमा उपदेश दिन जानुहुन्थ्यो । उहाँको धर्मदेशनाले धेरै उपासक उपासिकाहरू अत्यन्त प्रभावित हुने गर्दथे ।

एकदिन उहाँले (मू चुक) मूल चोकमा धर्मदेशना गर्न जानु हुँदा सरकारले रोक लगायो, त्यसैले धपागाः बहीमा धर्मदेशना गर्न जानुभयो । त्यसबेला त्यहाँका श्रद्धालु बासिन्दाहरूले त्यस विहारको उत्तर पट्टिको खालि जग्गा, जहाँ फोहर फाल्ने ठाउँ भइरहेको थियो,

त्यस जग्गा सफा गरेर भन्तेलाई एउटा विहार बनाई त्यहीं राख्ने मनसाय भएर सल्लाह भयो । त्यसै सल्लाह अनुसार २०३३ सालमा विहार निर्माण गरेर एउटा संरक्षण समिति खडा गरियो । सो समितिले श्रद्धेय कालुदायी भन्तेको अध्यक्षतामा ज्ञानपूर्णिक भन्तेलाई चतुप्रत्यय सेवा गर्ने निर्णय गरी मणिमण्डप विहार खडा गरियो । त्यसैले उहाँ मणिमण्डप विहारका संस्थापक पनि हुनुहुन्छ । श्रद्धेय ज्ञानपूर्णिक भन्ते त्यही विहारमा बस्नु भई वर्षावास पूरा गरी प्रथम पटक थाइल्याण्डका महामङ्गलाचान सोमदेवसहित दाताहरूबाट कथिन चीवर दान सम्पन्न भएको थियो । त्यसपश्चात् स्वदेशीहरुले पनि कथिन चीवर दान गर्ने परम्परा अहिलेसम्म पनि निरन्तर रुपले चलिरहेको छ । हाल त्यस विहारमा श्रद्धेय भिक्षु शीलभद्र महास्थविर बसिरहनु भएको छ ।

सन् १९७९ मा मंगोलियाको राजधानी उलानबटोरमा एसियाली बौद्ध सम्मेलन (ABCP) मा सहभागी हुने क्रममा उहाँले सोभियत संघको राजधानी मस्कोमा आयोजित विश्व बौद्ध सम्मेलन साथै एसियाली बौद्ध सम्मेलनमा पनि सकृय सहभागीता जनाउनुभयो । सो सम्मेलनमा बर्माको महाशी शासन येइता ध्यानकेन्द्रका प्रमुख ध्यानगुरु ओवदाचरिय महाशी सयादोलाई ज्ञानपूर्णिक भन्तेले भेट्ने मौका पाउनु भयो । महाशी सयादोले उहाँ भन्तेको शील स्वभाव देखेर बुद्धधर्म प्रचार गर्नको लागि लण्डनमा बस्न अनुरोध गर्नुभएको थियो । गुरुको वचन सिरोपर गरी ३ वर्षसम्म उहाँ लण्डनको West Midland Buddhist Centre, Birmingham मा बस्नुभयो । त्यसपछि अमेरिकी दाताको निमन्त्रणामा अमेरिकाको नेश्भिल, टेनिस्सिस्थित बुद्धिष्ट टेम्पलमा पनि १ वर्ष बस्नुभयो । त्यसपछि उहाँ स्वदेश फर्केर ललितपुरको थेचोको वेलुवनाराम विहारमा बस्नुभयो ।

२०४२ सालमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र विकासको लागि ओवादाचरिय भद्दन्त ऊ पण्डिताभिवंश महास्थविर नेपाल आउनुभयो । उहाँले श्रद्धेय ज्ञानपूर्णिक भन्तेको धैर्यता, वाक् स्पष्टता, दूरदर्शी, बुद्धदर्शनको विश्लेषण तथा शान्त स्वभावको प्रभावले गर्दा ज्ञानपूर्णिक भन्तेलाई विपश्यना ध्यान भावना प्रचारको कार्यमा भाषा अनुवादकको रूपमा स्वदेश तथा विदेशमा चारिका गर्न लैजानुभयो । त्यसबेला श्रद्धेय ज्ञानपूर्णिक भन्ते विदेश जानु अगाडि आफ्ना गुरु भन्ते श्रद्धेय बुद्धघोष महास्थविरकहाँ दर्शन भेट गर्नु जानुहुन्थ्यो । त्यसैले विश्व शान्ति विहारको शनिवार हुने ध्यान भावना र उपदेश कार्य अनवरत रूपमा चलाउनको लागि आफ्नो शिष्यको अनुपस्थितिमा पनि प्रवचन दिनको लागि बुद्धघोष भन्ते विश्व शान्ति विहार आउनुहुन्थ्यो ।

यस विश्व शान्ति विहारका जग्गा दाता सुश्री चैत्यमाया शाक्य, ललितपपुर नकबही टोलका श्रद्धेय हर्षमाया शाक्य र बुबा श्रद्धेय लक्ष्मी नरसिंहकी कान्छी छोरी, वि.सं १९९२ कार्तिक (मुखः अष्टमी) मा जन्मनु भएको हो । उहाँ बुद्धधर्मप्रति ठूलो श्रद्धा भएको व्यक्ति तथा श्रद्धेय बुद्धघोष महास्थविरप्रति असीम श्रद्धा राख्ने उपासिका हुनुहुन्थ्यो । उहाँले बुद्धधर्म प्रचारको निम्ति विहार बनाउन २०४१ आश्विन एकादशीका दिन आफ्ना गुरु बुद्धघोष भन्तेको ६४ औं जन्मोत्सवको उपलक्ष्यमा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई काठमाडौं नयाँ बानेश्वरको ३-६-३-० (तीन रोपनी छ आना तीन पैसा) जग्गा आफ्ना आमाबुबाको स्मृतिमा दान गर्नुभयो । त्यतिमात्र होइन विश्व शान्ति विहारसँगै आफू बस्नको लागि एउटा बासस्थान पनि बनाउनुभयो । उहाँले आफ्नो घरसँगै रहेको सो जग्गामा आफूलाई बुद्धपूजा, ध्यान भावना, परित्राण पाठ तथा भन्ते गुरुमांहरूको दर्शन गर्न सजिलो होस् भन्ने हेतुले एउटा ठूलो धम्महल, त्यसको छेवैमा शौचालय सहितको कोठा र





एउटा पाहुना कोठा सहितको विहार बनाई दान दिनुभयो। साथै उहाँले बनाएको भवनसँगै जोडेर काठमाडौं तीनधारा निवासी श्रीमती चिनीमाया तुलाधरले आफ्ना पति दिवंगत कुलरत्न तुलाधरको स्मृतिमा एउटा अर्को कोठा २०४२ सालमा बनाई दिनु भयो।

पछि २०५६ सालमा उहाँ उपासिका चैत्यमाया शाक्य प्रव्रजित भई अनागारिका चन्दात्राणी गुरुमां हुनुभयो। उहाँ दिनदिनै भन्तेलाई दर्शन गर्न जानुहुन्थ्यो। नित्य कर्म अनुसार शील पालना, बुद्धपूजा, परित्राण पाठ तथा जप ध्यान गर्नुहुन्थ्यो। २०६३ वैशाखमा उहाँ अचानक पक्षाघात रोगले बिरामी हुनुभयो। ६ वर्षपछि, २०६९ भाद्र २४ गते उपचारको क्रममा नर्भिक अस्पतालमा उहाँको देहावसान भयो। यो एउटा धर्म संवेगपूर्ण घटना थियो।

विश्व शान्ति विहारलाई बहाः बहीको ढाँचा आउने किसिमले बनाउने श्रद्धेय चन्दात्राणी (चैत्यमाया) गुरुमांको मनसाय भएकोले वर्तमान विश्व शान्ति विहारको ढाँचा परम्परागत नेपालको बही शैलीमा चोक राखेर ३ तल्ले भवन तयार भइसकेको छ। श्रद्धेय ज्ञानपूर्णिक भन्तेले यस विहारमा थेरवाद शिक्षालाई अरु विद्यालयहरुको शिक्षा भन्दा अलग्ग स्वरुप र पहिचान दिलाउन विश्व शान्ति बौद्ध शिक्षालयको स्थापना २०५३ मा गर्नुभयो।

हाल यस विहारमा अखिल नेपाल भिक्षु महासंघको प्रधान कार्यालय, नेपाल बौद्ध परियत्ति शिक्षाको प्रधान कार्यालय, विश्व शान्ति बौद्ध शिक्षालय, थेरवाद बुद्धिष्ट एकडेमी (थेरवाद बुद्धधर्म र पालि बौद्ध अध्ययनमा स्नातकोत्तर शिक्षा पढाई हुने) रहेको छ। यसै गरी उहाँ चैत्यमाया शाक्यले शंखमूलस्थित आफ्नो करिव ८ रोपनी जग्गा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र बनाउनका लागि पनि दान गर्नुभएको थियो।



विश्व शान्ति विहार १०४'–०" × १०३'–६" आयताकार बीचमा ६१' × ३८' को चोक राखेर बनाइएको छ। विहारको मूलद्वार पूर्वपट्टि रहेको छ। चोकको पश्चिम पट्टि भूई तल्लामा ६५' × ३८' को धम्महल छ। धम्महलको मुख्य भित्तामा बुद्ध जीवनीसँग सम्बन्धित चारधाम बनाइएको छ। धम्महलको माथिको तल्लामा सीमागृह भएको अर्को धम्महल छ, जहाँ मलेसियन दाताहरू Tam Iinkok, Dr sim chokheng र Lau chee Nam बाट दान गरिएको ६ फिटको बुद्धको मूर्ति रहेको छ। अनि यस हलको माथिको तल्लामा भने कौसीमा ठूलो चैत्य रहेको छ। त्यसभित्र अन्दाजी २०–२२ जना बसी ध्यान गर्न सकिने ठाउँ छ। यस विहारभित्र भिक्षु, श्रामणेर तथा अनागारिकाहरु बस्ने कोठा, पाहुना कोठा, पुस्तकालय, विभिन्न संस्थाको कार्यालय, हाल श्रद्धेय ज्ञानपूर्णिक भन्तेको संग्रहालय, कक्षा कोठा, भण्डार तथा शौचालय रहेको छ। यस विश्व शान्ति विहार स्वदेशी तथा विदेशीहरुको सहयोगबाट निर्माण भएको हो।

शुरुवातमा थेरवाद बुद्धिष्ट एकडेमी यस भवन भित्र नै सञ्चालन गरिएको थियो। पछि विद्यार्थी संख्या अनुसार कक्षाहलको अपुग महसुस गरी यस विहारको दक्षिण पट्टिको खालि जग्गामा एउटा भवन निर्माण गरियो। यस भवनको जमिन तल्लामा गाडी पार्किङ र पुस्तक भण्डार, त्यसको माथि कक्षाकोठा, त्यसको माथि एकेडेमीको कार्यालय, पुस्तकालय र मिटिङ्ग हल, अनि त्यसको माथि अरू दुई तल्ला कक्षाहल रहेको छ। एकेडेमी भवन निर्माणको लागि पूर्व उप-प्रधानमन्त्री प्रकाश मान सिंहले २ तल्ला भवन निर्माणको लागि का.म.पा.बाट आर्थिक सहयोगको लागि पहल गर्नुभएको थियो भने पुनः अर्को २ तल्ला उहाँले गणेशमान फाउण्डेशनको पहलमा जापानी सहयोगबाट निर्माण भएको थियो। र हाल सबैभन्दा माथिल्लो तल्ला का.म.पा.को सहयोगबाट निर्माण भइरहेको छ।



२०७६ भाद्र ७ गते शनिवार मेरो लागि अविस्मरणीय दिन रह्यो । विश्व शान्ति विहारमा हरेक शनिवार ध्यान भावना र प्रवचनको कार्यक्रम अटुट रुपमा चलिरहेको थियो । एक शनिवार हामीले त्यस दिनको कार्यक्रम अर्कै विहारमा गर्ने मनसायले अन्त विहारमा गर्नुभन्दा विश्व शान्ति विहारकै शाखा विहार, नयाँ बनिरहेको ध्यानकेन्द्र, महासतिपट्ठान विपश्यना धम्मराम, गोदावरीमा जाने इच्छा गऱ्यौं । सो इच्छा अनुसार दुई वटा बस रिजर्भ गरेर विश्व शान्ति दायक समिति, प्रेमशोभा भोजन पुचः र कल्याण पुचः मिलेर बडिखेल गयौं । त्यहाँ पुग्दा श्रद्धेय ज्ञानपूर्णिक भन्ते आफ्ना उपासक उपासिकाहरू श्रद्धा राखेर आएकोमा धेरै खुसी हुनुभयो । विहान जलपान, बुद्धपूजा, धर्मदेशना, दानप्रदान र पुण्यानुमोदन गऱ्यौं । भोजनपछि नयाँ ध्यान केन्द्रमा उहाँ भन्तेको निर्देशनमा सबैले ध्यान बस्ने सुअवसर पायौं । पछि धर्मदेशनाको क्रममा उहाँले आफूले विश्व शान्ति विहारको स्थापना कालदेखि विश्व शान्ति बौद्ध शिक्षालयको स्थापना, थेरवाद एकेडेमी लगायत बडीखेलको ध्यानकेन्द्रको विषयमा विस्तृत व्याख्या गर्नुभयो ।

यस विहारको उत्तरपट्टि ३ तल्लाको भवन निर्माण गरिएको छ । यस भवनमा भान्छा कोठा, भण्डार कक्ष, अनगारिकाहरु बस्ने कोठाहरु र शौचालय रहेका छन् । यस विश्व शान्ति विहार निर्माण कार्यको निम्ती ई. माणिक रत्न तुलाधर, ई. सिद्धी बहादुर बज्राचार्य, ई. मोहन डंगोलले ठूलो सहयोग गर्नु भएको थियो । यसै गरी यस विहार निर्माण कार्यमा दिवंगत श्रद्धेय भिक्षु यसधम्मोले पूरा जिम्मा लिएर आद्योपान्त सहयोग गर्नु भएको थियो ।

हाल विश्व शान्ति विहारका श्रद्धेय भिक्षु, श्रामणेरहरु विभिन्न विहारमा बसेर बुद्धशासनको उत्थानमा लागिराख्नु भएको छ ।

१. विश्व शान्ति विहार, मीनभवन : भिक्षु बोधिज्ञान प्रमुख भन्ते, श्रामणेर करिब ५० जना र अनागारिकाहरु ३ जना ।
२. मणिमण्डप विहार, पटको ल.पु : भिक्षु शीलभद्र भन्ते सहित श्रामणेर
३. वेलुवनाराम विहार, ठेचो : भिक्षु चन्दिमो
४. कुटी विहार, कोटेश्वर - भिक्षु रेवत
५ पद्मचैत्य विहार, बुटवल : भिक्षु कविन्दो
६. धापाखेल बुद्ध विहार, धापाखेल : भिक्षु जुतिमो, भिक्षु सुभद्धो
७. सुवर्ण छत्रपुर विहार, लुभु : भिक्षु कविन्दो र श्रामणेर
८. श्री सिद्धीमंगल बुद्ध विहार, सिद्धीपुर : भिक्षु विमलो
९. धर्मशीला बुद्ध विहार, पोखरा : भिक्षु धजवन्तो
१०. लुम्बिनी विहार, लुम्बिनी : भिक्षु वजीर
११. मनमैजु बुद्ध विहार, मनमैजु : भिक्षु जनक
१२. महासतिपट्ठान विपश्यना धम्माराम, बडिखेल, गोदावरी : भिक्षु नायको, भिक्षु उत्तमो

उपदेशको क्रममा उहाँले भन्नुभयो, 'हामीले दान र शीललाई मात्र प्राथमिकता नदिएर स्मृतिप्रस्थान विपश्यना भावनालाई पनि अभ्यास गरेर लोभ, द्वेष र मोहरुपी क्लेशको जरोलाई नै उखेलेर फाल्न सक्नुपर्छ । श्रद्धा चित्त उत्पत्ति गरेर ध्यानभावनालाई निरन्तरता दिएर प्रज्ञा उत्पन्न गर्न सक्नुपर्छ । मनुष्य जीवन अति दुर्लभ छ ।' जन्म, जरा, ब्याधि र मरणबाट मुक्त हुनको लागि नभई नहुने शील, समाधि र प्रज्ञाको विस्तृत व्याख्या गर्नु भई सबैलाई निर्वाण प्राप्त होस भनेर आर्शिवाद पनि दिनुभयो । मैले गुरुवर भन्तेमा देखेको विशेष गुणहरू मध्ये एक उहाँले धर्मउपदेशमा जस्तोसुकै गहन वा कठिन शब्दलाई पनि उपासक उपासिकाहरूले नबुझ्लान्, अलमल र भ्रम नहोस् भनेर विभिन्न पर्यायवाची शब्दहरु प्रयोग गरेर विश्लेषण गर्नुहुन्छ । उहाँ श्रद्धेय संघनायक भन्तेको निर्वाण कामना गरी श्रद्धाञ्जली अर्पण गर्दछु ।

❖❖❖

# थेरवाद बुद्धिष्ट एकेडेमीका संस्थापक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर



**डा. महेन्द्र रत्न शाक्य**
*प्राचार्य*
*थेरवाद बुद्धिष्ट एकेडेमी*




नेपालमा थेरवाद बुद्धधर्ममा स्नातकोत्तर डिग्री हासिल गर्ने एउटै कलेजको रूपमा थेरवाद बुद्धिष्ट एकेडेमीको स्थापना २०६९ साल भाद्र २ गते भिक्षु ज्ञानपूर्णिक महास्थविरको अध्यक्षतामा विश्व शान्ति विहारमा स्थापना भएको थियो । यसको धेरै पछि मात्र लुम्बिनी बौद्ध विश्वविद्यालयको आंगिक क्याम्पसमा पनि थेरवाद बुद्धधर्मको विषय अध्यापन गराइएको थियो। बुद्धको जन्मभूमि नेपालमा प्राज्ञिक स्तरमा थेरवाद बुद्धधर्मको अध्ययन अध्यापनको अभाव महशुस भईरहेको अवस्थामा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले यो कलेजको स्थापना गर्नु भएर नेपालको थेरवाद बुद्धधर्ममा एउटा नयाँ ऐतिहासिक कदम चाल्नु भएको थियो । यो कलेज लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्बन्धन प्राप्त गरेर संचालन गरिएको थियो । ज्ञानपूर्णिक भन्ते यस एकेडेमीको संस्थापक अध्यक्ष तथा प्राचार्य हुनुहुन्थ्यो । यो कलेजमा भिक्षु, अनागारिका मात्र होइन उपासक उपासिका तथा थेरवाद बुद्धधर्म अध्ययन गर्न इच्छुक सबै नेपाली र विदेशीले पनि पढ्न सक्छन्। हाल यस एकेडेमीमा दुईवटा मास्टर डिग्रीको अध्यापन हुन्छ। एउटा थेरवाद बुद्धधर्ममा स्नातकोत्तर (M. A. in Theravada Buddhism) र अर्को पालि बौद्ध अध्ययनमा स्नातकोत्तर (M.A. in Pali Buddhist Studies) हुन्। शिक्षाको क्षेत्रमा उहाँले भिक्षु श्रामणेरहरूलाई एस.एल.सी. सम्म अध्ययन गर्न विश्वशान्ति शिक्षालयको स्थापना गर्नुभएको थियो भने नेपाल बौद्ध परियत्ति शिक्षामा पनि ठूलो योगदान गर्नुभएको थियो ।

नेपालमा थेरवाद बुद्धधर्मको उच्चशिक्षाको विकासमा भिक्षुहरू, अनागारिकाहरू, उपासक उपासिकाहरू, साहुमहाजन, बुद्धिजीवी, समाजसेवी र विद्वतवर्गको ठूलो

योगदान रहेको छ । यसमा दिवंगत श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर र भिक्षु ज्ञानपूर्णिक महास्थविरको नाम पनि विशेष उल्लेखनीय छ । भिक्षु बुद्धघोष महास्थविरले वि. सं. २०१८ मा नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना गर्नुभएको थियो । यसबाट उहाँले थेरवाद बुद्धधर्मको कक्षागत रूपमा पाठ्यक्रम बनाएर पढाउने कार्यको ऐतिहासिक थालनी गर्नुभएको थियो । यो शिक्षालाई अखिल नेपाल भिक्षु महासंघबाट नेपाल अधिराज्यभर संचालन गर्ने लक्ष लिई हालसम्म संचालन गर्दै आएको छ । हाल यो शिक्षालाई पनि एकेडेमिक मान्यता प्राप्त गर्न भिक्षुसंघ प्रयत्नरत छन् । भिक्षु ज्ञानपूर्णिक महास्थविरले यो शिक्षामा पनि धेरै कालसम्म शिक्षाध्यक्ष आदि विभिन्न पदमा बसेर अमूल्य योगदान दिनुभएको थियो ।

**थेरवाद बुद्धिष्ट एकेडेमी Theravada Buddhist Academy (TBA) गठन**

बुद्ध जन्मेको देश नेपालमा प्राज्ञिक स्तरबाट बुद्धशिक्षा अध्ययन अध्यापन गराउन भिक्षु ज्ञानपूर्णिक महास्थविरको नेतृत्वमा भिक्षु, अनागारिका उपासक उपासिकाहरूको एक समूहले २०६७ सालदेखि नै प्रयास गरिरहेको थियो । त्यसबखत मलाई काठमाडौं विश्वविद्यालयमा कलासम्बन्धी अध्यापन गराउने अवसर प्राप्त भएकोले त्यहाँ अतिरिक्त समयमा पढाउन गइरहेको थिएँ । त्यसबेला लुम्बिनी बौद्ध विश्वविद्यालयको कार्यालय काठमाडौंको भृकुटीमण्डपमा राखेको थियो । उपकुलपति प्रा.डा. तुल्सिराम बैद्य, रजिष्ट्रार प्रा. डा. खड्गमान श्रेष्ठ र डीन प्रा. डा. शंकर थापा हुनुहुन्थ्यो । एक दिन मेरा गुरु श्री मिन बहादुर शाक्यले आफ्नो निवास चाकुपाटमा बोलाएर 'तिमीलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको अनुसन्धान समितिमा राख्न खोजेको छ नाईं नभन, बोलाए पछि गएर काम गर्नु' भन्नु भयो । हुन्छ सर भनी म फर्के । नभन्दै २०६६ वैशाखमा मलाई ३ वर्षको लागि अनुसन्धान समितिको सदस्यमा मनोनयन गरिएको थियो । विश्व शान्ति विहारमा थेरवाद कलेज स्थापनाको लागि भैरहेको बैठकमा एक दिन मित्र त्रिरत्न मानन्धरले ज्ञानपूर्णिक भन्तेलाई भन्नु भयो कि महेन्द्र रत्न शाक्य अहिले लुम्बिनी बौद्ध विश्वविद्यालयको अनुसन्धान समितिमा छ रे, उहाँलाई एक पटक बोलाएर विश्वविद्यालयमा सम्बन्धन प्राप्त गर्न के गर्नुपर्छ सल्लाह गर्नुभए पनि हुन्छ । यो सुनेर भन्ते खुशी हुनु भयो र अर्को पटकदेखि बैठकमा मलाई बोलाइयो । त्यहाँ थेरवादको उच्चशिक्षाको निम्ति प्रयत्नरत सबै विद्वतवर्गसित परिचित हुने मौका पाइयो । हुनत सबै पहिलेदेखिनै चिनेका हुन् तर प्रा. डा. सुवर्णलाल बज्राचार्यलाई भने पहिलो पटक भेट भएको जस्तो लाग्छ । उहाँले यो एकेडेमीको निमित्त धेरै सल्लाह सुझाव दिँदै आउनु भएको छ । त्यस्तै श्रद्धेय धर्मगुप्त भन्तेसँग पनि निकटमा चिन्ने अवसर प्राप्त भयो । विशेषत ज्ञानपूर्णिक भन्ते, निग्रोध भन्ते र बोधिज्ञान भन्तेको सान्निध्यता पाइयो । निग्रोध भन्तेले हामी मिलेर काम गर्छौं भनी बरोबर भन्नु हुन्थ्यो ।

त्यसपछि २०६८।६।४ गते विश्वशान्ति विहारमा बसेको बुद्धिजीविहरूको एक बैठकले थेरवाद बुद्धधर्ममा एम.ए. कक्षा संचालन गर्ने उद्देश्यले भिक्षु ज्ञानपूर्णिक महास्थविरकै संस्थापक अध्यक्षतामा "थेरवाद बुद्धिष्ट एकेडेमी" नामक एक संस्था गठन गरियो । यस एकेडेमीको संचालक समितिमा निम्नलिखित पदाधिकारी र सदस्यहरू चयन गरियो –

| | |
|---|---|
| अध्यक्ष | – भिक्षु ज्ञानपूर्णिक महास्थविर |
| उपाध्यक्ष | – दुण्ड बहादुर वज्राचार्य |
| सचिव | – भिक्षु धर्मगुप्त महास्थविर |
| सहसचिव | – भिक्षु निग्रोध |
| कोषाध्यक्ष | – श्रीमती मीरा ज्योति |
| सहकोषाध्यक्ष | – श्रीमती रीना तुलाधर |
| सदस्य | – भिक्षु धर्ममूर्ति महास्थविर |
| सदस्य | – अनागारिका ञाणवती |
| सदस्य | – अनागारिका अग्गञाणी |
| सदस्य | – डा. केशरी लक्ष्मी मानन्धर |
| सदस्य | – मदनरत्न मानन्धर |
| सदस्य | – त्रिरत्न मानन्धर |
| सदस्य | – सविता धाख्वा |
| सदस्य | – महेन्द्र रत्न शाक्य |

**थेरवाद बुद्धिष्ट एकेडेमी कलेजलाई लु.बौ.वि.बाट सम्बन्धन**

यो संस्थाले बुद्धधर्ममा स्नातकोत्तर तहको पढाई संचालन गर्न २०६८ कार्तिकमा लुम्बिनी बौद्ध विश्वविद्यालयमा सम्बन्धन प्राप्तिको निम्ति आवेदन दिइयो । २०६८ फागुण १८ गते लुम्बिनी बौद्ध विश्वविद्यालयबाट तत्कालीन डीन प्रा. डा. शंकर थापा र डा. इन्द्रकुमारी वज्राचार्यको टोली यस एकेडेमीको पूर्वाधार निरीक्षण गर्न विश्वशान्ति विहारमा आउनुभयो । अनुगमनको क्रममा पूर्वाधार निरीक्षण पश्चात यस एकेडेमीका संचालक समितिसँग आवश्यक छलफल गरियो । यस एकेडेमीलाई थेरवाद बुद्धिजम् विषयमा दुई वर्षे स्नातकोत्तर तहको कक्षा २०६९ श्रावण सत्रदेखि संचालन गर्न २०६८।१२।३० मा स्वीकृति प्राप्त भयो ।

**एम.ए. पहिलो वर्षको पाठ्यक्रम तयार**

थेरवाद बुद्धधर्ममा एम.ए. तहको कक्षा संचालन गर्न स्वीकृति प्राप्त भए पछि भिक्षु धर्मगुप्त महास्थविरले पाठ्यक्रम मस्यौदा तयार गर्नु भयो । यसमा प्रा.डा.



सुवर्णलाल वज्राचार्यले पनि सहयोग गर्नु भएको थियो । उक्त मस्यौदामाथि यस एकेडेमीका सदस्यहरू अनागारिका अग्गञाणी, महेन्द्ररत्न शाक्य र त्रिरत्न मानन्धरहरूले धेरै पटक बैठक बसी यसलाई पूर्णता दिई भिक्षु ज्ञानपूर्णिक महास्थविर समक्ष प्रस्तुत गरियो । ज्ञानपूर्णिक भन्तेले त्यसको अध्ययन गर्नुभई स्वीकृति दिनुभयो । त्यसपछि बोर्ड बैठकबाट पारित गरी उक्त पाठ्यक्रम विश्वविद्यालयमा पेश गरियो ।

### TBA को कार्यालय संचालन

मलाई सम्झना छ कि त्यसबेला यो एकेडेमीको कार्यालयको अभिभार कसलाई दिउँ भनी विचार विमर्श भैरहको थियो । त्यसबखत ज्ञानपूर्णिक भन्तेले मलाई प्रस्ताव गर्नुभयो । यसमा सविता धाख्वा र निग्रोध भन्तेले पनि जोड दिनु भयो । २०६९।३।१४ मा मलाई यस एकेडेमीको संयोजक पदमा नियुक्त गरिएको थियो । विश्वशान्ति विहारको चोकमा उत्तरतर्फको एउटा कोठा पार्टिशन गरी यस एकेडेमीको कार्यालय संचालन गर्ने अवसर प्राप्त भयो । कार्यालय कोठामा एल्मोनियम पार्टिशनको निम्ति यस एकेडेमीका सदस्य श्री मदनरत्न मानन्धरले आर्थिक सहयोग गर्नुभएको थियो । यसरी नै कक्षामा मेचको व्यवस्थाका लागि यस एकेडेमीका सहकोषाध्यक्ष रीना तुलाधरको परिवारबाट विशेष सहयोग प्राप्त भयो । यो कार्यालय संचालन गर्न विश्वशान्ति विहारको तर्फबाट भिक्षु निग्रोध, भिक्षु शान्तमैत्री र अनागारिका खेमाले अवैतनिक रूपमा सहयोग गर्ने निर्णय गरियो । २०६९ आषाढ २३ गते विश्वशान्ति विहारमा एक वृहत सभा बोलाई अभिमुखीकरण कार्यक्रम गरी प्रचार प्रसार गरियो र विद्यार्थीहरूको भर्नाक्रम शुरु भयो । पहिलो पटक उत्साहजनक रूपमा ४९ जना भर्ना भएका थिए ।

### अध्यापकहरू

यस एकेडेमीमा दैनिक अध्यापन कार्यको लागि भिक्षु धर्मगुप्त, भिक्षु बोधिज्ञान, भिक्षु निग्रोध, अनागारिका ञाणवती, अनागारिका अग्गञाणी, सविता धाख्वा, त्रिरत्न मानन्धर, रश्मि राजकर्णिकार, महेन्द्ररत्न शाक्य, अमिता धाख्वा, रीना तुलाधर, मदनरत्न मानन्धर लगायतका १२ जना अध्यापकहरूको नाम विश्वविद्यालयमा पठाईएको थियो । हाल यस एकेडेमीमा २२ जना भन्दा बढी शिक्षकहरू छन् ।

### थेरवाद बुद्धिष्ट एकेडेमीको औपचारिक रूपमा समुद्घाटन

यस एकेडेमीका संस्थापक अध्यक्ष तथा प्राचार्य श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट Soft Opening गरी २०६९।४।२२ गतेदेखि कक्षा संचालन गरियो । तर यसलाई मित्रराष्ट्र बर्माका प्रसिद्ध श्रद्धेय डा. भिक्षु सितगु सयाडोको करकमलबाट २०६९ भाद्र २ गते विश्वशान्ति विहारमा एक भव्य समारोहकासाथ विधिवत समुद्घाटन गर्नुभएको थियो । सितगुं सयाडो Sitagu International Buddhist Academy का कुलपति तथा International Association of Theravada Buddhist Universities का अध्यक्ष हुनुहुन्थ्यो । यसरी अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर लगायत शिक्षाप्रेमी भिक्षु, अनागारिका, उपासक, उपासिकाहरूको अनवरत प्रयासबाट लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी १८ अगष्ट २०१२ (२ भाद्र, २०६९) मा विश्वशान्ति विहारमा थेरवाद बुद्धिष्ट एकेडेमीको औपचारिक रूपमा स्थापना भएको थियो ।

### सल्लाहकार समिति गठन

यस एकेडेमीलाई आवश्यक सल्लाह सुझाव दिन भिक्षु ज्ञानपूर्णिक महास्थविरसँग परामर्श गरी श्रद्धेय डा. भिक्षु आसिन ञाणीस्सर महास्थविर (सितागु सयाडो), डा. भिक्षु सुगन्घ महास्थविर, प्रा. डा. सुवर्णलाल वज्राचार्य र प्रा. डा. गणेश माली सहितको सल्लाहकार समिति गठन गरिएको थियो । हालको सल्लाहकार समितिमा सितागु सयाडो, भिक्षु सुगन्ध महास्थविर, भिक्षु बोधिज्ञान महास्थविर, प्रा.डा. संकिच्च महास्थविर, प्रा. डा. त्रिरत्न मानन्धर (LBU का पूर्व उपकुलपति) र प्रा.डा.सुवर्णलाल वज्राचार्य हुनुहुन्छ ।

### प्राचार्य भिक्षु ज्ञानपूर्णिक लु.बौ.वि.को सभासदमा मनोनयन

२०६९ आश्विनमा यस एकेडेमीका कोषाध्यक्ष श्री मीरा ज्योति र सदस्य भिक्षु धर्ममूर्ति महास्थविर लुम्बिनी बौद्ध विश्वविद्यालयको सभासदमा मनोनयन गरियो । यही क्रममा यस एकेडेमीका अध्यक्ष तथा प्राचार्य डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई पनि लुम्बिनी बौद्ध विश्वविद्यालयको सभासदमा २०७३ मा मनोनयन गरिएको थियो ।

### IATBU को सम्मेलनमा TBA को सहभागिता र भिक्षु ज्ञानपूर्णिकलाई विद्यावारिधि

बुद्धजयन्तीको अवसरमा २०७० जेष्ठ १ गते देखि ६ गतेसम्म (१५ मे देखि २० मे २०१३ सम्म) थाइलैण्डको महामुकुट बुद्धिष्ट युनिभर्सिटीबाट नखौंपतौंमा IATBU



(International Association of Theravada Buddhist Universities) को तेस्रो सम्मेलन गरेको थियो । यसमा नेपालको थेरवाद बुद्धिष्ट एकेडेमीको तर्फबाट भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षु बोधिज्ञान, महेन्द्ररत्न शाक्य र प्रा. डा. सुवर्णलाल वज्राचार्यले भाग लिनुभएको थियो । सो अवसरमा भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई महामुकुट बुद्धिष्ट युनिभर्सिटीबाट मानार्थ विद्यावारिधि Doctor of Philosophy प्रदान गरिएको थियो । साथै IATBU को संचालक समितिको सदस्यमा पनि उहाँलाई चयन गरिएको थियो । उहाँलाई थाइलैण्डकै महाचुलालंकर्ण राजविद्यालयबाट पनि Honorary Doctorate Degree प्रदान गरिएको थियो ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट अभिधर्मको पुस्तक विमोचन**

यस एकेडेमीबाट बौद्ध महिला संघ, नेपालको आर्थिक सहयोगमा प्रकाशन गरिएको 'अभिधर्म, चित्तको परिचय' पुस्तक भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट २०७२ श्रावण १९ गते विश्व शान्ति विहारमा विमोचन गर्नुभएको थियो । मैले लेखेको यो पुस्तक गुरुवर ज्ञानपूर्णिक भन्तेले सबै हेर्नु भई प्रकाशन गर्ने अनुमति दिनुभएको थियो । थेरवाद बुद्धिष्ट एकेडेमीको यो पहिलो प्रकाशन हो ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट एकेडेमीलाई भौतिक र आर्थिक सहयोग**

लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्न सम्बन्धन शुल्कको अतिरिक्त केही लाख रकम धरौटी स्वरूप बैकमा जम्मा गर्नुपर्थ्यो । यसको लागि ज्ञानपूर्णिक भन्तेबाट एक लाख, पद्मज्योति साहु र मीरा ज्योति साहुनीबाट दुई लाख, डा. केशरी लक्ष्मी मानन्धरबाट एक लाख र दुण्ड बहादुर बज्राचार्यबाट एक लाख आर्थिक सहयोग प्रदान गरिएको थियो । अरू आर्थिक व्यवस्थापनको निम्ति प्रा.डा. सुवर्णलाल वज्राचार्यले थेरवाद बुद्धिष्ट एकेडेमीको आर्य साथीहरू (Noble Friends of Theravada Buddhist Academy) नामक कार्यक्रम संचालन गरी केही आर्थिक सहयोग जुटाइएको थियो जसमा यस एकेडेमीलाई आर्थिक सहयोग प्रदान गर्ने महानुभावहरू यस एकेडेमीको 'नोबल साथी' भनियो । यसरी यस एकेडेमीको आर्थिक व्यवस्थापनमा पनि ज्ञानपूर्णिक भन्ते आफै अगुवा भई योगदान गर्नुभएको थियो ।

एकेडेमीका भौतिक पूर्वाधारको निम्ति उहाँ भन्तेले शुरुमा विहारको दुईवटा कोठा दिनुभई यस एकेडेमीको कार्यालय र कक्षा संचालनको निम्ति ठाउँ प्रदान गर्नुभयो । त्यस्तै एकेडेमीलाई पानी बिजुली आदिको पनि सुविधा विश्व शान्ति विहारबाटै उपलब्ध गराउने गरी सम्झौता गरियो । यो MOU मा विहारको तर्फबाट भिक्षु ज्ञानपूर्णिक महास्थविर र एकेडेमीको तर्फबाट उपाध्यक्ष दुण्ड बहादुर वज्राचार्यले हस्ताक्षर गर्नुभएको थियो । कक्षाकोठा नपुग भएपछि उहाँले विहारको दक्षिण तर्फको खालि जग्गामा अस्थायी टहरा निर्माण गर्ने अनुमति दिनुभयो । निग्रोध भन्तेको रेखदेखमा टहरा निर्माण गरियो । केही वर्ष टहरामै एम.ए.को कक्षा संचालन गरियो ।

यस एकेडेमीको निम्ति ठाउँ नपुग हुँदै गएपछि ज्ञानपूर्णिक भन्तेकै नेतृत्वमा टहरा भत्काई स्थायी भवन निर्माणको निम्ति पहल भयो । यसबेला भिक्षु निग्रोध लुम्बिनी विकास कोषको उपाध्यक्षमा नियुक्त हुनुभयो । विश्व शान्ति विहारमा नेताहरू, नेपाल सरकारका प्रतिनिधिहरूसँग ज्ञानपूर्णिक भन्तेको सुमधुर सम्बन्ध बट्दै गयो । थेरवाद बुद्धिष्ट एकेडेमी कलेजको निमित्त काठमाडौं महानगरपालिकाले दुई तल्ले भवन निर्माणको निम्ति आर्थिक सहयोग जुटाउन भू.पू. उपप्रधानमन्त्री माननीय प्रकाशमान सिंहबाट पहल गरिदिनु भयो । साथै वहाँले गणेशमान सिंह प्रतिष्ठानको तर्फबाट जापानी सहयोग लिनु भई अर्को दुई तल्ला पनि थपी हालको एकेडेमी बसेको चारतले भवन निर्माण पूरा गरियो । जापानी सहयोगबाट केही मेच टेबुल डराज, ल्यापटप र साउण्ड सिष्टम आदि शैक्षिक उपकरणहरू पनि सहयोग प्राप्त भएको थियो । गत २०७३ श्रावण ३१ गते भु.पु. उपप्रधानमन्त्री माननीय प्रकाशमान सिंह आफै विहारमा पाल्नु भई उक्त भवनको सिलान्यास गर्नुभएको थियो । हाल यो भवनमा काठमाडौं महानगरपालिका ३१ नं. वडा कार्यालयबाट पहल गरी अर्को एक तला थप्ने कार्य भएको छ ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविरको नेतृत्वमा लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन**

थेरवाद बुद्धिष्ट एकेडेमीका अध्यक्ष तथा प्राचार्य भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू ई. २०१३ नोभेम्बरमा बर्माको भ्रमणमा जानुहुँदा बर्माका सुप्रसिद्ध सितगु सयाडोसँग भएको छलफल अनुसार थेरवाद बुद्धिष्ट एकेडेमी नेपाल र सितगु इन्टरनेश्नल बुद्धिष्ट एकेडेमीको संयुक्त आयोजनामा




International Buddhist Conference गर्ने तय भए अनुसार बौद्ध व्यक्तित्वहरू र नेपाल सरकारको प्रतिनिधिसमेत सम्मिलित गरी १०१ जनाको मूल आयोजक समिति र २५ जनाको Working Committee गठन गरी २०७१ कार्तिक २९ गतेदेखि मंसीर १ गते (2014, Nov. 15-17) सम्म बुद्धको जन्मस्थल लुम्बिनीमा International Buddhist Conference on Promotion, Protection and Preservation of Buddhist Culture and Heritage सम्पन्न गरेको छ । यो सम्मेलन तत्कालीन राष्ट्रपति डा. रामवरण यादवले समुद्घाटन गर्नुभएको थियो ।

**पालि भाषाको स्नातकोत्तर कक्षा संचालनमा सहयोग**

भगवान बुद्धले उपदेश गर्नुभएको पालिभाषा अध्ययन गर्न नेपाली कुलपुत्र कुलपुत्रीहरू विदेश जानुपर्ने बाध्यता थियो । पालिभाषाको राम्रो ज्ञान विना थेरवाद बुद्धधर्मको अध्ययन अनुसन्धान अधुरो हुने हुनाले यसमा एउटा उच्च शिक्षाको व्यवस्था गर्नुपर्ने उहाँको इच्छा थियो । यसमा थेरवाद बुद्धिष्ट एकेडेमीका प्रशिक्षक डा. रीना तुलाधर लगायत भन्ते गुरुमां र शिक्षक शिक्षिकाहरूले प्रयास गर्नुभयो । लुम्बिनी बौद्ध विश्वविद्यालयले पनि पालिभाषाको उच्चशिक्षा संचालन गर्ने योजना गरेको थियो । यो उद्देश्य परिपूर्तिको निम्ति लु.बौ.वि.का उपकुलपति प्रा.डा. हृदयरत्न वज्राचार्य र डीन डा. माणिक शाक्य थेरवाद एकेडेमीमा आउनु भयो र भिक्षु ज्ञानपूर्णिक लगायत शिक्षक शिक्षिकाहरू र संचालकहरूसँग बैठक बस्नुभयो । एकेडेमीबाट पालि बुद्धिष्ट स्टडिज् संचालन गर्ने मनसाय व्यक्त भएपछि उहाँहरूले सहमति जनाउनु भयो । ज्ञानपूर्णिक भन्ते अत्यन्त खुसी हुनुभयो । श्रद्धेय भिक्षु धर्मगुप्त महास्थविरले पाठ्यक्रम निर्माणमा लुम्बिनी बौद्धविश्वविद्यायको थेरवाद विषय समितिलाई ठूलो सहयोग गर्नुभएको थियो । यस वर्ष २०७७।२०७८ देखि लु. बौ. वि. को थप सम्बन्धन प्राप्त गरी यस एकेडेमीले पालि बौद्ध अध्ययनमा एम.ए. संचालन गरेको छ ।

पूज्य गुरुवर डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरले प्रिन्सिपलको नाताले एकेडेमीमा कहिलेकहीं कक्षा लिनु भएर मात्र होइन उहाँले बैशाख पूर्णिमाको शुभ अवसरमा हरेक वर्ष बैंककमा हुने बौद्ध सम्मेलनमा आफूलाई आउने सिट मध्येबाट दुईवटा सिट यस एकेडेमीमा अध्ययन गरी एम.ए. प्रथम हुने विद्यार्थी एक जना र एक जना शिक्षकलाई प्रदान गरी अन्तर्राष्ट्रिय बौद्धसम्मेलनमा भाग लिने अवसरका साथै बैंकक भ्रमणमा पठाउने व्यवस्था मिलाएर एकेडेमीका विद्यार्थी र शिक्षकलाई ठूलो हौसला प्रदान गर्नुभएको थियो । आज उहाँ हाम्रो सामु हुनुहुन्न तर उहाँले यस एकेडेमीलाई तथा नेपालमा थेरवाद बुद्धधर्मको विश्वविद्यालय स्तरीय उच्च शिक्षा संचालनको निम्ति गर्नुभएको योगदान नेपालकै इतिहासमा चिरस्मरणीय हुनेछ । गुरुवर भिक्षु बुद्धघोष महास्थविरले नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना गर्नुभई नेपालीहरूलाई बुद्धशिक्षा कक्षागत रूपमा अध्ययन गर्ने सुअवसर प्रदान गर्नुभएझैं उहाँका शिष्य भिक्षु ज्ञानपूर्णिक महास्थविरले पनि थेरवाद बुद्धिष्ट एकेडेमीको स्थापना गरी प्राज्ञिक स्तरमा क्याम्पसमा बुद्धशिक्षा अध्ययन गर्ने सुअवसर प्रदान गर्नुभई नेपालीहरूलाई ठूलो गुन लगाउनु भएको छ ।

❖❖❖

# संघनायक ज्ञानपूर्णिक महास्थविरको अविस्मरणीय योगदान एवं विश्व शान्ति विहारको गतिविधि



**अमिता धाख्वा**

*सचिव*

*विश्व शान्ति विहार दायक समिति*



नेपालमा स्थविरवाद बुद्धधर्म उन्नति र अभिवृद्धिको लागि आफ्नो जीवन समर्पण गरी ठूलो योगदान दिनुभएका श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर एक अविस्मरणीय व्यक्ति हुनुहुन्छ । उहाँले म्यानमारमा ११ वर्षसम्म निरन्तर रहनु भई बुद्धधर्मको गहन अध्ययन गरी धम्माचरिय जस्तो उच्च पालि शिक्षा हासिल गर्नुका साथै विश्वप्रसिद्ध ध्यान गुरुहरूको निर्देशनमा विपस्सना ध्यानको अभ्यासद्वारा अनुभव ज्ञान प्राप्त गरी परियत्ति एवं प्रतिपत्ति दुवै क्षेत्रमा विद्वता र प्राज्ञिक फाँट विस्तृत गरी बुद्धधर्म, बौद्ध संस्कृति र सभ्यताको शिक्षालाई जनमानसमा प्रचार प्रसार गर्नमा निरन्तर लाग्नु भएको अविस्मरणीय छ । विश्व शान्ति विहारका संस्थापक विहार प्रमुख उहाँ श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको निर्देशनमा संरक्षित, एवं संचालित यस विहारबाट बुद्धशासनिक कार्यमा ठूलो योगदान पुगेको कुरा पनि अविस्मरणीय छ ।

भगवान बुद्धले देशना गर्नुभएका उपदेश विशेषतः सतिपट्ठान विपस्सना एवं अभिधर्म जस्तो गम्भीर देशनालाई सरल स्पष्टरूपले व्याख्यान गर्ने कुशल धर्मकथिकको रूपमा प्रख्यात उहाँले स्वदेशमा मात्र नभई विदेशमा पनि ठाउँ ठाउँमा धर्म प्रचार प्रसार गर्नुभएको थियो । विश्व प्रसिद्ध ध्यान गुरु म्यानमारका महोपकारक महासी सयादो, ओवादाचरिय उ पण्डिताभिवंशको धर्मदूत मिसनमा ठूलो योगदान दिनुभएका कुशल धर्मप्रचारक एवं ध्यानगुरु उहाँले स्वदेशीयोगीहरूका लागि ध्यान शिविर संचालन गर्नुको अलावा विदेशी योगीहरूको आग्रहअनुसार विशेष गरी मलेशिया, सिंगापुरमा नियमित रूपमा प्रत्येक वर्ष जानुभई ध्यान अभ्यास गराउनु भएको कारणले उहाँका स्वदेशी एवं विदेशी शिष्य शिष्याहरू सद्धर्ममा दिक्षित हुन पाएका छन् । यसरी नै उहाँले धर्मप्रचारको सिलसिलामा म्यानमार, थाइलैण्ड, श्रीलंका, चीन, अष्ट्रेलिया, जर्मन, इंगलैण्ड, अमेरिका आदि देशमा भ्रमण गर्नुभएको थियो ।



"जसरी हरियो हराभरा भएको रूखले धेरै प्राणीहरूलाई आश्रय दिएको हुन्छ, शीतल छहारी दिएको हुन्छ, त्यसरी नै ज्ञानी, गुणी सत्पुरुष व्यक्ति प्रादुर्भाव हुंदा उहाँहरूद्वारा धेरैलाई उपकार भएको हुन्छ ।" उहाँ महास्थविर पनि ज्ञानी, गुणी सत्पुरुष भएकोले धेरैलाई उपकार भएको देखिन्छ ।

उहाँ महास्थविरले आफ्नै गुरु नेपालका पाँचौं संघनायक भिक्षु बुद्धघोष महास्थविरले शुरुवात गर्नुभएको तथा अखिल नेपाल भिक्षुमहासंघद्वारा २०२० सालमा विधिवत रूपमा संचालित भएको नेपाल बौद्ध परियत्ति शिक्षाको क्षेत्रमा निरन्तर लाग्नुभई कहिले केन्द्रिय परीक्षा नियन्त्रक, कहिले सह-शिक्षाध्यक्ष देखि लिएर शिक्षाध्यक्षसम्म भई परियत्ति शिक्षाको विकासमा नेतृत्वदायी भूमिका निभाउनु भएको छ ।

बुद्धशासन चिरस्थायी गर्नको निम्ति सक्षम प्रव्रजित जनशक्ति तयार गर्ने उद्देश्यले श्रद्धेय महास्थविरकै सक्रियतामा विश्व शान्ति विहारमा आवश्यक पूर्वाधार तय गरी २०५३ मा विश्व शान्ति बौद्ध शिक्षालय स्थापना गरी श्रामणेर, भिक्षु एवं अनागारिकाहरूलाई बौद्ध विनयानुकूल वातावरणमा बुद्धधर्मका साथै सरकारीस्तरीय शिक्षा प्रदान गरी अध्यापन एवं तालिम कार्य संचालन भएको दूरदर्शी काम हो । त्यस्तै यस लुम्बिनी विश्व विद्यालयबाट सम्बन्धन प्राप्त गरी थेरवाद बुद्धिष्ट एकेदेमी २०६९ सालमा स्थापना गरी प्राचार्य भएर बुद्ध धर्मया एम.ए.स्तरको अध्ययन अध्यापन गराई बुद्धधर्ममा दीक्षित विद्यार्थीहरू उत्पादन गर्ने काम भएको प्रशंसनीय छ ।

पालि त्रिपिटकको गहन अध्ययन एवं अनुभवी, नेपालभाषा, नेपाली, हिन्दी, अंग्रजी, पालि, संस्कृत र बर्मीज भाषाका ज्ञाता उहाँ विद्वान महास्थविर भन्तेद्वारा ६० वटाभन्दा बढी ग्रन्थहरू लेखन, अनुवादन एवं प्रकाशन गरी धर्म, भाषा र साहित्यको भण्डार अभिवृद्धि गर्नु भएको छ । त्यस्तै विपश्यना विशोधन विन्यास, भारतको तर्फबाट प्रकाशित त्रिपिटक ग्रन्थ प्रकाशनमा पनि उहाँ भन्तेको योगदान रहेको छ । त्रिपिटक ग्रन्थ नेपालभाषा र नेपाली भाषामा अनुवाद एवं प्रकाशन गर्दै आएका वीरपूर्ण पुस्तक संग्रहालयलाई प्रेरणा दिनुका साथै यस संग्रहालयद्वारा प्रकाशित विनयपिटकको महावग्ग खुद्दक निकायकोप्रतिसम्भिदामग्ग लगायत अभिधर्म सम्बन्धी बुद्धधर्मको महत्वपूर्ण ग्रन्थ तयार गर्न उहाँको विशेष भूमिका रहेको छ । यी मेहनती लगनशील कामहरूले गर्दा बुद्धधर्ममा अध्ययन एवं अनुसन्धान गर्नेहरूका लागि ठूलो सहयोग मिलेको छ ।

श्रद्धेय महास्थविर सम्माननीय एवं गौरवनीय व्यक्ति हुनुहुन्छ । बुद्ध शासनिक क्षेत्रमा विद्वतापूर्ण योगदान गरिएकोलाई कदर गरी म्यानमार सरकारबाट सन् २००१ मा 'अग्गमहासद्धम्म जोतिकधज', र सन् २०१३ मा ' अग्गमहापण्डित' पदबाट विभूषित हुनुभयो । सन् २०१३ मा थाईलैण्डको महामुकुट बुद्धिष्ट विश्वविद्यालयबाट बुद्धिष्ट स्टडिजमा पि.एचडि र सन् २०१६ मा महाचूलालोङ्कर्न राजविद्यालयबाट पालिमा पिएच.डि. प्रदान गरिएको थियो । महासी सासन यैता, यांगुनवाट सन् २०१८ मा कम्मट्ठानाचरिय (ध्यान गुरु) पदले विभूषित गरिएको पनि गौरवको कुरा हो । नेपालभाषामा अनुदित योम्ह म्ह्याय् उपन्यास उत्कृष्ट भएकोले च्वसापासा संस्थाबाट श्रेष्ठ सिरपा प्राप्त भएको थियो । ज्ञानमाला भजनवाट रत्नवत, धर्मोदय सभाबाट धर्मोदय धम्मसम्मान, धर्मबहादुर



कल्याण कोष आदि विविध संघ संस्थाद्वारा सम्मानित भएका छन् ।

श्रद्धेय महास्थविरका अमूल्य योगदानलाइ कदरगरी वहाँ भन्ते उपसम्पन्न भिक्षु भएको ५० वर्ष पुगेको उपलक्ष्यमा २०६५ सालमा अखिल नेपाल भिक्षु महासंघको सहकार्यमा सार्वजनिक अभिनन्दन समारोहमा नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको तर्फवाट नागरिक अभिनन्दन भएको स्मरणीय छ । त्यस्तै विश्व शान्ति विहारमा सातदिने संक्षिप्त त्रिपिटक सज्झायना, अल्पकालीन उपसम्पदा प्रव्रज्या शिविर, दोस्रो परियत्ति सन्निपात, स्वदेश तथा विदेशबाट आमन्त्रित विशिष्ट अतिथिहरूको समागम, विशेष धर्मप्रवचन, विभिन्न धार्मिकग्रन्थ, सचित्र जीवनी-डकुमेन्ट्री तथा शान्ति सन्देश स्मारिका विशेषाङ्क प्रकाशन, विशेष ध्यान शिविर आदि विविध पुनित कार्य पनि सफलतापूर्वक सम्पन्न भई उपसम्पन्न स्वर्णदिवस ऐतिहासिक एवं गरिमामयपूर्ण रूपमा सम्पन्न भएको स्मरणीय छ ।

अखिल नेपाल भिक्षु महासंघद्वारा २०७६ वैशाख १ गते संघसम्मतिले संघनायक पदवाट विभूषित हुनुभएका नेपालका सातौं संघनायक उहाँलाई भिक्षु महासंघकै अगुवाईमा २०७६ श्रावण २५ गते बौद्धसंघसंस्थाहरू मिली सामुहिक कार्यक्रम गरी सम्मानित गरिएको थियो । सन् २०१९ मा नेपाल सरकारको तर्फबाट परम पूज्य (His Holiness) पदवाट सम्मानित गरिएको पनि स्मरणीय छ ।

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि प्राप्त गौरवनीय गुणवान, विद्वान एवं सत्पुरुष महास्थविर सद्धर्मप्रेमी हामी सबैको निमित प्रेरणाका स्रोत हुन् ।

विश्व शान्ति विहार बुद्धधर्म अध्ययन अध्यापन एवं ध्यान भावना गर्ने एउटा प्रमुख केन्द्रको रूपमा स्थापित हुनुमा श्रद्धेय ज्ञानपूर्णिक महास्थविरको ठूलो योगदान भएको अविस्मरणीय छ ।

**विश्व शान्ति विहारको गतिविधि एवं योगदान**

विश्व शान्ति विहार २०४१ साल असोज १९ गते दाता चैत्यमाया शाक्य (अनागारिका चन्दात्राणी गुरुमां) ले श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको ६४ औं जन्मोत्सवको उपलक्ष्यमा दान दिनुभएको हो । उहाँ श्रद्धेय ज्ञानपूर्णिक महास्थविरको सदासयता अनुरूप स्थविरवाद भिक्षु संघलाई दान दिएको सांघिक विहार हो । पछि २०४८ सालमा बौद्ध शिक्षालय संचालनका साथै अन्य धार्मिक गतिविधिहरू सहजरूपमा संचालन गर्न यस विहारमा स्थानको अभाव हुन नदिन र पुरानो नेपाली बहिलको ढांचामा बीचमा चोक राखेर विहार पुनःनिर्माण कार्य शुरु भई २०५४ साल कार्तिक ९ गते निर्माण कार्य सम्पन्न भई म्यानमारका अग्गमहापण्डित उ सासनाभिवंस महास्थविरबाट पुनःनिर्मित विहारको समुद्घाटन भएको थियो । विहारको पुनःनिर्माण विशेषतः मलेसिया र सिंगापुरका दाताहरू एवं श्रद्धालु नेपालीहरूको आर्थिक सहयोगमा भएको थियो । भौतिक पूर्वाधारका साथै मानवीय स्रोतको विकास हुँदै आएकाले यस विहारमा धार्मिक गतिविधिहरू संचालन गर्न सहज बनेको छ ।

बुद्धशासन उन्नति र अभिवृद्धिका लागि परियत्ति र प्रतिपत्तिको कार्यमा टेवा पुऱ्याउन, विहारमा रहनुभएका भिक्षु श्रामणेरहरूलाई चतुप्रत्यय सेवा गर्न तथा विहारको संरक्षण गर्ने उद्देश्यले श्रद्धेय उहाँ महास्थविरको धर्मानुशासकत्वमा २०४१ पौष १ गते गठित विश्व शान्ति विहार दायक समिति विहारको स्थापना कालदेखि हालसम्म कार्यरत हुँदै आएको छ । २०५९ सालमा विहार एवं विश्व शान्ति बौद्ध शिक्षालयको संरक्षण र सम्बर्द्धनको लागि विहारका प्रमुख उहाँकै अध्यक्षतामा गठित विश्व शान्ति विहार संरक्षण समितिबाट विहारको गतिविधि संचालन हुँदै आएको छ। विश्व शान्ति विहारमा भईरहेका गतिविधि यस प्रकारका छन् -

**दैनिक एवं शनिवारीय कार्यक्रमः**

यस विहारको दैनिक कार्यक्रम अन्तर्गत बिहारमा विहान र साँझ बुद्धपूजा, परित्राण पाठ, ध्यान भावना भइरहेको छ भने महिनाको तेस्रो शनिवारका दिन विशेष रूपमा उपासक उपासिकाहरू सम्मिलित गरी ध्यान भावना बुद्धपूजा एवं धर्मदेशना कार्यक्रम हुँदै आएको छ । स्मरणीय छ विहारको स्थापना कालदेखि बीसौंवर्ष भन्दा बढी समयसम्म उहाँ महास्थविर आफैले प्रत्येक शनिवार क्रमगतरूपमा सतिपट्ठान ध्यान, सुत्तनिपातको व्याख्या, सल्लेख सूत्रको व्याख्यान गर्नुको साथै वर्षावासको



समयमा अभिधर्मको कक्षा पनि पटक पटक गरी लिनु भएको थियो ।

**विश्व शान्ति बौद्ध शिक्षालय संचालन**

बुद्ध शासन चिरस्थायी गर्नको लागि सक्षम प्रव्रजित जनशक्ति तयार गर्ने उद्देश्यले उहाँ श्रद्धेय ज्ञानपूर्णिक महास्थविरको सक्रियतामा २०५३ सालमा स्थापित विश्व शान्ति बौद्ध शिक्षालय संचालन भई भिक्षु, श्रामणेर एवं अनागारिकाहरूलाई शिक्षा दिक्षा दिई प्रव्रजित जनशक्ति तयार गर्ने दूरदर्शी काम भएको छ । जसबाट उपत्यका भित्रमात्र नभई दुर्गम जिल्लाहरूसम्मका गरी सयजना भन्दा बढी विद्यार्थीहरूले प्रव्रजित भई बुद्ध शिक्षा अध्ययन एवं अभ्यासका साथै सरकारीस्तरका शिक्षा हासिल गर्ने अवसर प्राप्त भएका छन् ।

**थेरवाद बुद्धिष्ट एकेडेमी संचालन**

यस विहारमा २०६९ साल भाद्र २ गते लुम्बिनी बौद्ध विश्व विद्यालयबाट सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडेमी स्थापना भई उहाँ महास्थविरको प्रमुखतामा बुद्धधर्ममा स्नातकोत्तर कक्षा संचालन भएको हो । स्मरणीय छ, यस एकेडेमी मित्र राष्ट्र म्यानमारका प्रकाण्ड विद्वान International Association of Theravada Buddhist University का अध्यक्ष अग्गमहापण्डित श्रद्धेय भिक्षु डा. ञाणिस्सार महास्थविर 'सीतगु सयादोद्वारा समुद्घाटन भएको थियो । अहिले नवौं ब्याचका प्रशिक्षार्थीहरू अध्ययनरत छन् । यस एकेडेमीबाट सयजना भन्दा बढी विद्यार्थीहरूले स्नातकोत्तर डिग्री प्राप्त गरिसकेका छन् । हाल २०७८ सालमा **पालि बुद्धिष्ट स्टडिजमा** पनि स्नातकोत्तर कक्षा संचालन भईरहेको छ ।

**धर्म प्रचारको कार्यक्रम**

यस विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट प्रत्येक वर्ष बैशाख जेठ महिनातिर एक, दुई महिनाको लागि सिंगापुर र मलेसियामा ध्यान शिविर संचालन तथा प्रवचन कार्यक्रम भएको स्मरणीय छ । यस विहारका भिक्षु श्रामणेरहरू गाउँ गाउँमा गई बुद्धधर्म प्रचारप्रसार एवं परियत्ति अध्यापन गर्ने कार्य पनि हुँदै आएको छ । वैशाख पूर्णिमा मनाउन बुद्धजयन्ती समारोह समितिको आह्वानमा यस विहारका भन्तेहरू बाहिर जिल्लाहरूमा गई धर्मप्रचार कार्यमा सहभागी हुन सक्नु धर्मप्रीतिको विषय हो । यस विहारका भन्तेहरू विभिन्न विहारमा रहेर बुद्धशासनिक काममा लागीरहेका छन् - महासतिपट्ठान विपस्सना भावना धम्माराम बडिखेल, धापाखेल बुद्धविहार धापाखेल, कुटी विहार कोटेश्वर, वेलुवनाराम विहार थेचो, सिद्धिमंगल विहार थसी, मनमैजु ध्यानकुटी विहार मनमैजु, पदमचैत्य विहार बुटवल, धर्मशीला बुद्ध विहार पोखरा, महाचैत्य विहार, ज्ञानकीर्ति विहार नयाँबजार आदि ।

**सतिपट्ठान विपस्सना ध्यान शिविर संचालन**

कम्मट्ठानाचरिय उहाँ भन्तेले यस विहारमा म्यानमारका ध्यानगुरुहरूलाई निमन्त्रणा गरेर मात्र ध्यान शिविर संचालन गर्नुभएको होईन स्वयं आफैले बरोबर ध्यान राख्नु भएकोले प्रव्रजित तथा गृहस्थ शिष्य शिष्याहरूले ध्यानको अभ्यास एवं अनुभव गर्ने मौका पाएका छन् । प्रायजसो यस विहारमा अध्ययनरत श्रामणेरहरूलाई शिक्षालय बिदाको अनुकूल समयमा ध्यान शिविरमा राख्ने गर्दै आएको छ ।

**दुर्लभ प्रव्रज्या कार्यक्रम**

समय समयमा श्रामणेर प्रव्रज्या तथा दुर्लभ प्रव्रज्या कार्यक्रम पनि हुँदै आएको छ । विश्व शान्ति बौद्ध शिक्षालयमा श्रामणेर विद्यार्थीहरूको संख्या बढाउन आवश्यकतानुसार परीक्षणसंगै प्रवज्या गरी हरेक शैक्षिक

सत्रमा भर्ना लिने कार्यक्रम हुँदै आएको छ । त्यस बाहेक श्रद्धेय भन्तेको जन्मोत्सब, प्रव्रज्या उत्सव आदि विभिन्न पुणित उपलक्षमा कुलपुत्रहरूलाई दुर्लभ प्रवज्या गर्ने कार्यक्रम हुँदै आएको छ ।

**भिक्षाटन कार्यक्रम**

दाताहरूको मन प्रशन्न हुने गरी दानको परम्परालाई टिकाउन प्रत्येक पूर्णिमाको दिन विभिन्न टोल टोलमा भिक्षुहरू र श्रामणेरहरूलाई भिक्षाटन गराउने काम हुँदै आएको छ । त्यस्तै अरू विशेष पर्वका दिनमा दाताहरूको श्रद्धाअनुरूप उपत्यका भित्र तथा बाहिर जिल्लाका विभिन्न स्थानहरूमा भिक्षाटन कार्य हुँदै आएको छ ।

**चतुप्रत्यय सेवा**

यस विहारमा रहनुभएका भिक्षुहरू, श्रामणेर र अनागारिकाहरूलाई आवश्यक चतुप्रत्ययको व्यवस्था विश्व शान्ति विहार दायक समितिका उपासक उपासिकाहरू एवं दाताहरूको तर्फबाट भइरहेको छ । प्रायःजसो दैनिकरूपमा भोजन दान गर्ने श्रद्धालु दाताहरूले दानमय कुशल कार्य गर्न पाईरहेका छन् । भिक्षुहरू, श्रामणेरहरूले पात्रमा भोजन दान लिएर मैत्रीपूर्वक दान अनुमोदन गरी दाताहरूको मन प्रशन्न हुने कुशल कार्य भईरहेको छ । यस चतुप्रत्यय सेवाका लागि भोजन व्यवस्था अक्षयकोष र स्वास्थ्य सेवा कोष स्थापना गरी उक्त कोष वृद्धि गर्ने प्रयास भइरहेको छ ।

**बुद्ध जयन्ती कार्यक्रम**

यस विहारमा विहारका दायक समिति, भोजपुर शाक्य समाज, चैनपुर शाक्य समाज, टक्सार शाक्य समाज, कल्याण पुचःको संयुक्त आयोजनामा धार्मिक सभाका साथ रक्तदान, कल्पवृक्षदान, ज्ञानमाला भजन, भिक्षाटन आदि विविध कार्यक्रम सहित बुद्ध जयन्ती मनाईदै आएको छ ।

**अतिथि सत्कार कार्यक्रमः**

यस विहारमा स्वदेशी एवं विदेशी अतिथिहरूलाई सत्कार सम्मान गर्ने काम पनि हुँदै आएको छ । विभिन्न समयमा पाल्नुहुने म्यानमार, श्रीलंका, थाइल्याण्ड, मलेसिया, जापान, युरोप, अमेरिकालगायत अन्य विभिन्न देशका श्रद्धेय भिक्षुहरू, गण्यमान्यवर्गलाई स्वागत सत्कार गरी धार्मिक एवं मैत्री सम्बन्ध कायम राख्ने काम हुँदै आएको छ ।

**वार्षिकोत्सव तथा कथिन दान उत्सवः**

वार्षिक कार्यक्रम अन्तर्गत विश्व शान्ति विहारमा तीन महिनासम्म पूज्य भन्तेहरू वर्षावास बस्नुभई पूर्ण भएको उपलक्ष्यमा कथिन दान उत्सव एवं विहारको वार्षिक उत्सव तथा श्रद्धेय भन्तेको जन्मोत्सव भव्य समारोह गरी मनाउँदै आएको छ । प्रायगरी कथिन चीवर दान उत्सवमा मलेसियन दाताहरू प्रायोजक भई सहभागी हुँदै आएको छ ।

**परियत्ति शिक्षाका गतिविधिहरू**

यस विहारमा अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालय रहेकोले परियत्ति सम्बन्धी गतिविधिहरू जस्तै कक्षा संचालन, परीक्षा संचालन, शिक्षक शिक्षिका शिक्षण तालिम, पुरस्कार वितरण तथा दीक्षान्त समारोह आदि सहजरूपमा संचालन भई परियत्ति शिक्षाको निरन्तरतामा ठूलो टेवा मिलेको छ ।

विश्व शान्ति विहारको धार्मिक गतिविधिहरू सुचारु रूपले संचालन गर्दै बुद्ध शासनिक क्षेत्रमा योगदान दिन सकेमा नै श्रद्धेय भन्तेको मनोभावनालाई सहीरूपमा कदर गरेको हुन्छ । तसर्थ यस विहारको बुद्धशासन चीरस्थायी गर्ने कार्यमा सहयोग गर्नु सबै सद्धर्मप्रेमीहरूको कर्तव्य हो ।

विहारको स्थापना कालदेखि विश्व शान्ति विहार दायक समितिमा संलग्न हुने अवसर पाएकोले उहाँ श्रद्धेय महास्थविरको सामिप्यमा रही उहाँकै निर्देशनमा बुद्ध शासनिक कार्यमा सहभागी हुन पाएको मेरो लागि अहोभाग्य हो । परियत्ति शिक्षा एवं सतिपट्ठान विपस्सना ध्यान सिकाउने आदरणीय गुरुवरको गुण मेरो लागि पनि अविस्मरणीय छ ।

बुद्ध शासनमा ठूलो योगदान भएका श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको निधनले बौद्ध जगतमा ठूलो अपूरणीय क्षति भएको छ । उहाँ भन्तेज्यूको भौतिक शरीर हाम्रो बीच नभए पनि उहाँका योगदानहरू, उहाँका कीर्तिहरू परन्तुसम्म रही नै रहनेछन् । उहाँका अनुकरणीय गुणहरूलाई अनुस्मरण, अनुगमन एवं अनुसरण गर्न सक्यो भने उहाँ महास्थविरप्रतिको सही श्रद्धाञ्जलि हुनेछ । अन्तमा अनन्त गुणवान गुरुवर संघनायक भिक्षु ज्ञाणपूर्णिक महास्थविरलाई निर्वाण प्राप्त होस् भनी प्रार्थना गर्दछु ।

❖❖❖

# श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्तेको गुण स्मरण गरौं



**फ्राखु विशाल भिक्षु**
**धम्मसोभन महास्थविर**
*एम.ए. दर्शनशास्त्र*
*बुद्धशास्त्र महापण्डित*




पूज्यवर भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्ते अब हाम्रो सामुन्ने हुनुभएन । तर वहाँले बुद्ध शासनमा र समाजको निम्ति गर्नुभएको योगदानलाई हामी कहिले पनि बिर्सन सक्दैनौं । वहाँले मूल बुद्धवचन त्रिपिटक ग्रन्थ र पालिभाषाको साथै शैक्षिक शिक्षा पनि राम्रोसँग अध्ययन र अध्यापन गर्नुभयो । वहाँले आफ्नो सम्पूर्ण जीवन बहुजन हित सुख र लोक कल्याण गर्नको निम्ति अर्पण गर्नुभयो ।

वहाँ वि.सं. १९९६ साल मंसिर ६ गतेका दिन लुम्बिनी अञ्चल पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा जन्म लिनु भएको थियो । वहाँको बुबाको नाउँ श्रीमान् सूर्यलाल शाक्य र आमा श्रीमती चन्द्रमाया शाक्यको कोखबाट जन्मनु भएको थियो । वहाँको गृहस्थीको नाउँ हेरालाल शाक्य थियो ।

पूज्य भिक्षु ज्ञानपूर्णिक भन्तेको आमाबाबु शाक्य कुल परिवार भएकोले बुद्ध धर्म र संघप्रति धेरै श्रद्धा सम्पन्न भएको हुनाले आफ्नो ११ वर्षको छोरा भिक्षु भएर बुद्ध शिक्षा अध्ययन र अध्यापन गराउनको निम्ति पूज्य भिक्षु बुद्धघोष महास्थविर भन्तेज्यूलाई प्रदान गर्नु भएको थियो । वहाँले नेपालमा केहि शिक्षाअध्ययन गर्नुभइ अरु उच्च शिक्षा अध्ययन गर्नको निम्ति भिक्षु बुद्धघोष भन्तेको प्रयासबाट १६ वर्षको उमेरमा बर्मा देशमा जानुभयो । त्यहाँ इ.सं. १९५६ साल अगष्ट १५ तारिखको दिन बर्माका श्रद्धेय भिक्षु विशुद्धाभिवंस महास्थविर भन्तेबाट श्रामणेर दिक्षा लिनु भई हेरालाल शाक्यबाट श्रामणेर ज्ञानपूर्णिक नाउँबाट बुद्ध शासनमा प्रवेश हुनुभयो ।

वहाँले फेरी ३ वर्षपछि सन् १९५९ साल अप्रिल

१२ तारिखको दिन श्रद्धेय सयादो भिक्षु सुरियाभिवंश महास्थविर भन्तेको उपाध्यायत्वमा २० वर्ष को उमेरमा उपसम्पदाको दिक्षा लिनुभइ भिक्षु ज्ञानपूर्णिक हुनुभयो । संसारमा बुद्ध उत्पन्न हुनु अति नै दुर्लभ छ। हामीले जीवित सम्यक्सम्बुद्धलाई भेट्ने सुअवसर प्राप्त नभएता पनि बुद्ध शासन भएको समयमा मनुष्य भएर जन्म लिन पाउनु पनि धेरै महत्वपूर्ण भएको छ । मनुष्य भएर पनि बुद्ध शासनमा प्रवेश हुनु पाउनु पनि अति नै महान संयोगको कुरा हो । मनुष्य भएर जन्म लिएको अवस्थामा बुद्ध शासनमा प्रवेश गरी प्रव्रजित हुनु पनि धेरै महत्वपूर्ण जीवन र दुर्लभको कुरा हुन आउँछ । पूज्य ज्ञानपूर्णिक भन्तेले सम्पूर्ण गृहस्थी सुखलाई त्यागेर दु:ख, कष्ट र निन्दा उपहास समेत सहेर बहुजन हित सुख र लोक कल्याणको निम्ति ३+६१=६४ वर्षसम्म प्रवजित भएर जीवन बिताउनुभयो ।

भिक्षु जीवनमा नभइ नहुने पालिभाषा र मूल बुद्धवचन त्रिपिटक ग्रन्थ राम्ररी अध्ययन गर्नु अत्यन्त आवश्यक हुन आउँछ, राम्रो अध्ययन बिना सद्धर्मको बुद्धशासन चिरस्थायी गर्नु सम्भावना छैनन् । त्यसकारण पूज्य भिक्षु ज्ञानपूर्णिक भन्तेले सर्वप्रथम बर्मामा ११ वर्षसम्म निरन्तर रूपमा रहनु भएर पालिभाषाको साथै मूल बुद्ध वचन त्रिपिटक ग्रन्थ राम्ररी अध्ययन गर्नुभयो । वहाँले सन् १९६३ सालमा 'सासनधज धम्मचरिय उपाधि' पनि प्राप्त गर्नुभयो । आजको युगमा बौद्धग्रन्थ वा त्रिपिटक ग्रन्थ मात्र अध्ययन गरेर पुग्दैनन् साथै विभिन्न प्रकारको चलनचल्तीमा आएको विषय समेत अध्ययन गर्नु अति आवश्यक छ। साथै शैक्षिक योग्यता पनि नितान्त आवश्यक हुन आउँछ । बुद्ध धर्मको उच्च शिक्षा र शैक्षिक शिक्षा अध्ययन पश्चात पनि वहाँले विश्व प्रसिद्ध विपश्यनाचार्य श्रद्धेय भिक्षु महासि सयादो शोभन महास्थविर भन्तेको छत्रछायाँमा बस्नुभइ विपश्यना ध्यानको अभ्यास पनि गर्नुभयो र ध्यान भावनाको ज्ञान पनि राम्ररी सिक्नुभयो । त्यसकारण वहाँको राम्रो अध्ययन र प्रचार प्रसारबाट वहाँलाई विभिन्न देश र संघसंस्थाहरूबाट विभिन्न प्रकारको 'उपाधि' प्रदान गर्नुको साथै विश्वमा समेत मान सम्मान हुनगयो ।

म गृहस्थी अवस्थामा नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरिरहेको बेलादेखि नै पूज्य ज्ञानपूर्णिक भन्तेलाई राम्ररी परिचय भएका भन्ते हुनुहुन्छ। त्यस अवस्थादेखि मैले वहाँसँग केही बुद्ध धर्म सम्बन्धि प्रश्न सोध्ने र पालिभाषा र अरु विषय सम्बन्धि सोझपुछ गर्ने पनि गरेको थिएँ । म गृहस्थी अवस्थामा वि.सं. २०३० सालमा नेपाल बौद्ध परियत्ति शिक्षाको 'सद्धम्म पालक उपाधि' परिक्षा उत्तीर्ण गरेको थिएँ। म 'सद्धम्म पालक उपाधि' परिक्षा उत्तीर्ण गरिसकेपछि वि.सं. २०३२ सालमा श्रामणेर भएँ । त्यसपछि अर्को उच्च शिक्षा अध्ययन गर्नको निम्ति थाइल्याण्ड देश गएर बुद्ध शास्त्र पण्डित उपाधि B.A. Degree उत्तीर्ण गरी, त्यहाँबाट फेरी भारतको Panjab University मा दर्शनशास्त्रमा एम.ए. उत्तीर्ण गरें, नेपाल फर्किसकेपछि पनि बुद्ध धर्म प्रचार प्रसार गर्नको निमित र नेपाल बौद्ध परियत्ति शिक्षाको उन्नति वृद्धि गर्नलाई म पाटनको मणिमण्डप विहारमा गएर परियत्ति शिक्षाको काम गर्नको निम्ति जाने गरिरहेको थिएँ । त्यस समयमा पूज्य ज्ञानपूर्णिक भन्ते पनि परियत्ति शिक्षाको काम गर्नलाई आउनुहुन्छ । श्रद्धेय भन्तेसँग बसेर धेरै वर्षसम्म काम गरेको हुनाले वहाँसँग घनिष्ट सम्बन्ध पनि हुनगयो । त्यस समयमा पनि वहाँबाट धेरै काम कुरा सिक्न पाएँ। पछि ज्ञानपूर्णिक भन्ते आउनु नभए पछि म नेपाल बौद्ध परियत्ति शिक्षाको सह केन्द्रिय परिक्षा नियन्त्रकको पदमा बसी धेरै वर्ष सम्म परियत्ति शिक्षाको उन्नति वृद्धि र विकासको निम्ति काम गर्ने सुअवसर प्राप्त भयो ।

म कहिलेकाहीँ वहाँसँग भेट हुने बेलामा बुद्धधर्म सम्बन्धि प्रश्न सोध्ने गरेको थिएँ। मेरो वहाँसँग अन्तिम प्रश्न सोधेकोमा बुद्धशासनमा भिक्षु महासंघ र अ.ने.भि.महासंघमा के फरक छ ? एउटै होकि फरक छ ? भनि प्रश्न सोधेकोमा वहाँले मलाई चित्त बुझ्ने गरी धर्म विनय अनुसार जवाफ दिनुभयो । यसरी कुनै बुद्ध, धर्म र धर्म विनयको सम्बन्धि प्रश्न गर्दा चित्त बुझ्ने गरी धर्म-विनय अनुसार नै जवाफ दिनुहुने पूज्य ज्ञानपूर्णिक भन्ते अब हाम्रो सामुन्ने रहेनन् । त्यसकारण वहाँसँग छुट्टेर बस्नु परेकोमा हामी सबैलाई धेरै हानि र नोक्सान हुन गएको छ ।

यो संसार अनित्य, दु:ख र अनात्म छ। हामीले भने जस्तै छैनन । यो संसारमा जतिसुकै धनसम्पत्ति, ठूलठूला पदवि र मानसम्मान प्राप्त व्यक्ति भएता पनि सबै छोडेर जानु पर्दछ। जबसम्म हामीले दान, शीलादि पुण्य पारमिता गुणधर्म पूर्ण गर्नु सक्दैनन् । त्यसबेला सम्म यो संसारको चक्रबाट मुक्त हुन सक्दैनन् । श्रद्धेय ज्ञानपूर्णिक भन्तेले जीवनभर संसारको दु:ख कष्टबाट मुक्त हुनको निमित विभिन्न प्रकारले पूण्य साधन गर्नुभइ वि.सं. २०७७ साल असार १९ गतेका दिन यो अनित्य संसार त्यागेर जानुभयो। अब वहाँ राम्रो सामुन्ने नरहेता पनि वहाँले गर्नुभएका योगदान र उपकार गुणलाई सँधै स्मरण गरौं । वहाँ जुनसुकै ठाउँमा जन्मलिन गएतापनि सुख शान्ति र सुखी स्वर्गादिको साथै संसारको दु:खबाट मुक्त परमशान्ति निर्वाण समेत प्राप्त गर्न सकोस् भन्ने कामना गर्दछु ।

**भवतु सब्ब मंगलं**

❖❖❖

# श्रद्धेय ज्ञानपूर्णिक भन्तेज्यूको सम्झना, कृतज्ञता र अन्तिम क्षण



**भिक्षु निग्रोध**
*विश्व शान्ति विहार*

## पारिवारिक पृष्ठभूमि

नेपालको काठमाण्डौ उपत्यकामा रहेको प्राचीन ऐतिहासिक नगर ललितपुर, कलासंस्कृति र सम्पदाले भरिपूर्ण कलानगरी मानिन्छ । उक्त ललितपुर नगरको ऐतिहासिक ईबही स्तुप, यम्पि महाविहार परिसरमा रहेको गछेँ, बैलाछेँमा मेरो जन्म भएको हो । उक्त ऐतिहासिक स्थल लगभग २३ सय बर्ष पूर्व अशोककालीन बौद्ध सम्पदा, अशोक स्तुप रहेको प्राचीन स्थल मानिन्छ ।



मेरो जन्म घरको ठीक अगाडि रहेको यम्पि महाविहारमा श्रद्धेय गुरुवर संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर ७० बर्ष अगाडि नै गृहस्थ उपासक हिरालाल शाक्यको रूपमा आफ्ना गुरु बुद्धघोष महास्थविरसँग बस्न आउनु भएको कुरा श्रद्धेय गुरुवर भन्तेले सुनाउनु भएको थियो ।

आज भन्दा ८०, ९० बर्ष अगाडि नेपालमा थेरवाद बुद्धधर्मको पुर्नजागरणको समयमा गुरु महाप्रज्ञा, गुरु कर्मशील (प्रज्ञानन्द), भिक्षु बुद्धघोष तथा रत्नज्योति भन्तेहरू यही यम्पि महाविहारमा बस्न आउनु भएको थियो । त्यसबेलादेखि नै हाम्रा परिवारका ठूलो बुबा काजी लाल महर्जन एवम् मेरो बुबा माइला महर्जनमा आफ्नो घर अगाडिको विहारमा आउनु भएका उहाँ गुरु भन्तेहरूलाई दर्शन गर्ने संस्कार रहेको थियो । यही अनुरूप मेरा प्रातः स्मरणीय बुबा र आमा बाँला महर्जन पाटनमा रहेका थेरवाद विहारहरू, श्री शाक्यसिंह विहार, थैना, लुँखुसिको श्री सुमंगल विहार तथा पटकोको मणिमण्डप विहारमा पूण्य कार्यको लागि धर्मउपदेश सुन्न जाने गर्नुहुन्थ्यो । मेरो आदरणीय फूपू कान्छी महर्जन उपासिका शाक्यसिंह विहारमा संघमहानायक प्रज्ञानन्द भन्ते तथा ञाणशीला, सत्यशीला गुरुमांहरूको सेवामा नियमित जाने गर्नुहुन्थ्यो ।

प्रज्ञानन्द महास्थविरको नेतृत्व तथा सुदर्शन महास्थविरको व्यवस्थापनमा आयोजित ऐतिहासिक बौद्ध चारधाम तीर्थ यात्रामा च्यासल टोलका हेरामान अवाले, मंगल लाल अवाले, भाइ लाल उपासकहरूसँगै मेरो ठूलो बुबा पनि तीर्थाटन जानु भएको थियो ।

मेरा जेष्ठ दाजुहरू, ठूलो बाका नातिहरू, फूपूका छोराहरू, प्रज्ञानन्द भन्तेकोमा ब्रतबन्ध स्वरूप अस्थायी श्रामणेर बनाउँदा मैले पनि विहार जान सिकें । त्यस पश्चात पाटनमा बौद्ध संस्कृति अनुसार गुँला महिनाभर धर्म देशना, संध्याकालीन प्रवचनहरूमा मेरो बुबासँग





धर्मउपदेश सुन्न जाने गर्थें । मलाई सम्झना भए अनुसार वि.स.२०४३।४४ सालतिर बौद्ध परियत्ति शिक्षा सिक्न तथा शील लिन अष्टमी, पूर्णिमाको दिनमा मणिमण्डप विहारमा जाने गर्दथें । त्यसैताका हाम्रो घरको नजिकै शंखमोलमा ध्यान केन्द्र विहारको निर्माण सुरु भयो । हाम्रा परिवारजन, आमाहरू श्रमदान गर्न त्यहाँ जानुहुन्थ्यो । त्यहाँ प्रत्येक शनिवार ध्यान, धर्मदेशना, बेला बेलामा बालशिविरमा ध्यान बस्न जाने संस्कार क्रमशः बस्यो । यहीबेला मणिमण्डप विहारको आयोजनामा, श्रद्धेय गुरुवर भन्तेको नेतृत्वमा अस्थायी श्रामणेर प्रव्रज्या गरी हाम्रो टोलमा सामूहिक भिक्षाटन भएको थियो । सम्भवतः पहिलो पटक मैले सानोमै श्रद्धेय गुरुवर भन्तेलाई दर्शन गर्न पाएको थिएँ ।

त्यसपछि हामी दाजु भाइ, स–साना साथीहरूसँग मिली मणिमण्डप विहारमा परियत्ति पढ्न गयौं । त्यहाँ परियत्ति पढ्ने कममा त्यहाँबाट चाकुपातस्थित शान्ति सुखावासमा परियत्ति पढाउने व्यवस्था भयो, जहाँ श्रद्धेय उप्पलवर्णा, चिनी गुरुमांले बौद्ध परियत्ति पढाउनु भयो ।

वि.स.२०४५ सालतिर श्रद्धेय गुरुवर भन्तेलाई ध्यान केन्द्र, मणिमण्डप विहार र शान्ति सुखावास चाकुपाटमा बरोबर दर्शन गर्ने सौभाग्य प्राप्त भयो । वि.स.२०४६ मा मेरा साथीहरू नविन महर्जन, राजु महर्जन, त्रिरत्न महर्जन पहिलो व्याचको रूपमा आचार्य डा.भिक्षु अमृतानन्द महास्थविरको उपाध्यायत्वमा र गुरुवर ज्ञानपूर्णिक महास्थविरको आचार्यत्वमा श्रामणेर भए । त्यसबेला म पनि विश्व शान्ति विहारमा साथीहरूसंगै पुगेको थिएँ । साथीहरू श्रामणेर भएको देखेर जाडो महिनामा मिन पचासको विदामा हामीले पनि ब्रतबन्ध स्वरूप श्रामणेर हुने अठोट गर्‍यौं ।

विश्व शान्ति विहारमा प्रथम बार आचार्य भिक्षु अमृतानन्द महास्थविरलाई दर्शन गर्ने सौभाग्य प्राप्त भयो । यस पश्चात बौद्ध परियत्तिको दोस्रो कक्षा दिनको लागि अध्ययन गर्दै रह्यौं । यसै बीच कुटी सौगलका तेजमान महर्जन र मिखा बहाल पाटनका राजेन्द्र महर्जन क्रमशः श्रामणेर बोधिज्ञान र श्रामणेर ज्ञानभद्रको रूपमा प्रवजित भएको कार्यक्रममा पनि सहभागी भइयो । त्यसबेला श्रद्धेय ज्ञानपूर्णिक भन्तेको प्रभावशाली व्यक्तित्वबाट हामी स–साना बालकहरू प्रभावित भयौं ।

यही क्रममा बौद्ध परियत्तिको प्रभाव, परिवारहरू विहारमा जानुको प्रभाव तथा चिनी गुरुमांको प्रेरणाले गर्दा क्रमशः पहिलो व्याचका श्रामणेर वजीरबुद्धि, प्रज्ञाज्योति, ज्ञानलोक, श्रामणेर बोधिज्ञान, श्रामणेर ज्ञानभद्रसँगै त्यसै बर्ष म सिद्धार्थ महर्जन र राकेश महर्जन मणिमण्डप विहारमा श्रद्धेय बुद्धघोष महास्थविरको उपाध्यायत्वमा एवम् गुरुवर ज्ञानपूर्णिक महास्थविरको आचार्यको जिम्मेवारीमा ११ बर्षको उमेरमा श्रामणेर भई विश्व शान्ति विहारमा हामी ६,७ जना पहिलो व्याचको रूपमा भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको शिष्यहरूको रूपमा रहन पुग्यौं ।

**श्रामणेर जीवन**

पाटनको मध्यमवर्गीय परिवारमा जन्मिएको म आफू ११,१२ बर्षको उमेरमा १ महिनाको अस्थायी दुर्लभ प्रव्रज्या दिक्षा लिएकोमा आफ्नो जीवनमा गुरुहरूसंगको समिपमा रहँदा जीवनले नयाँ मोड लियो । स्कुलमा ७ कक्षा पढ्दा पढ्दै एक महिनाको लागि मात्र भनेर श्रामणेर भन्ते हुन आएकोमा आफू फर्किन्छु भन्दा श्रद्धेय गुरुवर भन्तेले अनुमति दिनु भएन । शिक्षा क्षेत्रमा एस.एल.सि दिएर फेरि भन्ते हुन आउँछु भनेर भन्दा पनि अनुमति पाइनं । यसै दौरान घरका दिदी, आफन्तजनले गृहस्थमा फर्कन धेरै जोड गरे । ४,५ पटक लुगा लिएर बोलाउन आए । त्यसबेला मसंगै श्रामणेर भएका राकेश महर्जन (सुख श्रामणेर) गृहस्थी भई घरमा फर्किए । मलाई श्रद्धेय गुरुवर भन्तेले श्रामणेर भएरै स्कुल शिक्षा पढाउँछु भनी रोक्नु भयो । साथै श्रद्धेय महानाम भन्ते मार्फत दाता परिवार मिलाई छात्रवृतिको जिम्मा लिई अध्यापन गराउँछु



भनी आश्वासन सहित मलाई श्रामणेर जीवन मै राख्ने निर्णय गर्नुभयो ।

**Monastic life**

यसरी आजभन्दा ३२ बर्ष अगाडि विश्व शान्ति विहारमा श्रद्धेय गुरुवर भिक्षु ज्ञानपूर्णिक महास्थविरको जिम्मामा monastic life मा आई सकेपछि मेरो जीवनमा नयाँ अध्याय सुरु भयो । यसरी म श्रद्धेय गुरुवर भन्तेको समिपमा शिष्यको रूपमा आई पुगें । यसबेला उक्त पहिलो व्याचको सात आठ जनामा सबै भन्दा सानो र कान्छो शिष्यको रूपमा विश्व शान्ति विहारमा आबद्ध भएँ । त्यसताका विश्व शान्ति विहार स्यानो कुटीको आकारमा थियो । बागमती नदी सफा र कलकल पानी बग्ने खोला तीरमा हाम्रो श्रामणेर समूहको बाल्यअवस्था सुरु भयो ।

विश्व शान्ति विहारका श्रामणेर समूहलाई दिनहुँ विहान, बेलुकी बुद्धपूजा, नियमित ध्यान, पाठको जीवन चक्र शुरु भयो । श्रद्धेय भन्तेले दिनहुँ धम्मपद, परित्राण, अभिधर्मका पाठहरू लिनुहुन्थ्यो । साथै बर्षावासको समयमा पालि, अभिधर्म, त्रिपिटक अध्यापन गराउनु हुन्थ्यो । त्यसताका श्रद्धालु दाताहरूको सहयोगको अभाव थियो । मुख्य शहर भन्दा अलग्ग बस्तीमा रहेको विश्व शान्ति विहारमा हामी ६,७ जनालाई खानपिनको अभाव थियो ।

प्रत्येक अष्टमी, औसी, पूर्णिमा पर्व दिनमा पाटनको मणिमण्डप विहारमा आयोजना हुने बुद्धपूजामा सरिक हुनु थियो । हरेक हप्ताको पर्व दिनमा श्रद्धेय ज्ञानपूर्णिक भन्तेले धर्म उपदेश दिनुहुन्थ्यो । ती धर्म उपदेश नै हामी श्रामणेरहरूका लागि ठूलो ज्ञान हुन्थ्यो । त्यहाँबाट दान स्वरूप प्राप्त चामल, चिउराबाट हामी श्रामणेर हरूको लागि खानपिनको बन्दोबस्त हुन्थ्यो । त्यसबेला विहारमा आवासिय रूपमा रहेका शोभा दिदी तथा प्रकाश बज्राचार्यहरूले विहारको भोजन जलपानमा सेवा पुऱ्याउनु हुन्थ्यो ।

वि.सं. २०४६ सालदेखि २०५७ सालसम्म श्रद्धेय गुरुवर भन्तेले अह्राए बमोजिम प्रेसमा प्रुफ लिएर पाण्डुलिपि प्रुफ रिडिङ गर्ने कार्यमा गुरुसँग सिक्ने मौका पाएँ । त्यसपछि श्रद्धेय गुरुवर भन्तेसँग स्कुल शिक्षा पढ्ने विषयमा मतभेद भयो । हामी किशोर विद्यार्थीहरू स्कुल पढ्न चाहन्थ्यौं, तर गुरुवर भन्तेले ३ बर्ष बितिसक्दा पनि धर्म पाठ बाहेक अरु स्कुलको पढ्ने अनुमति दिनुभएन । श्रद्धेय भन्तेले त्यसबेला स्कुलको हावा लाग्यो भने चीवरमा बस्दैन भनी मनमा लिई हामीलाई स्कुल नपढाएकोमा हामी एस.एल. सी. दिन पाउनु पर्छ भन्ने विषयमा गुरुवर भन्तेसँग मैले साथीहरू बीचमा विद्रोह जस्तै गर्नुपऱ्यो । जस अनुसार बोधिज्ञान भन्ते पाटन कलेजमा जानु भयो र हामीले पनि एस. एल.सी. भर्ना भई जाँच दियौं ।

**गुरुवर भन्तेसँगको अन्तरङ्ग**

गुरुवर भन्तेले नेपालको बुद्धशासन वृद्धि गर्न भिक्षु श्रामणेरहरूको संख्यात्मक र गुणात्मक वृद्धि गर्न तालिम केन्द्र शिक्षालय बनाउने सोच गर्नुभयो । त्यसैले विश्व शान्ति विहारको पुनर्निर्माणको लागि जग शिलान्यास गरियो । मेरो श्रामणेर जीवनमा पहिलो पटक श्रद्धेय गुरुवर भन्तेसँग नेपालका जेष्ठ भन्तेहरूसँगै काठमाण्डौ बाहिर लुम्बिनी पुग्यौं । त्यसबेला बुटवलका नीलकाजी, सानुकाजी उपासकका नातीहरू, भन्तेका आफन्तहरूको लुम्बिनीमा श्रामणेर प्रवज्याको कार्यक्रम भएको थियो । त्यसैबेला नेपालका उपसंघनायक शाक्यानन्द महास्थविर, अनिरुद्ध महास्थविर, विमलानन्द महास्थविर, चुन्द महास्थविर, देवचारी गुरुमां तथा कुमार काश्यप महास्थविरहरूसँग यात्रा गर्ने मौका मिल्यो ।

मेरो श्रामणेर जीवनमा पहिलो पटक उपत्यका



बाहिर निस्केको मात्र नभई वि.सं.२०४९ सालमा श्रद्धेय गुरुवर भन्तेसंगै अन्तर्राष्ट्रिय उडानमा हवाईजहाजबाट वाराणसी जाने मौका प्राप्त भयो । त्यसताका U.S.A.बाट ध्यान सिक्न अमेरिकन विद्यार्थीहरू बुद्धगयामा आउने गर्दथे । श्रद्धेय गुरुवर भन्तेले १० दिनको ध्यान तालिममा अंग्रेजीमा फररर प्रवचन गर्दा हामी निकै प्रभावित भयौं । गुरुवर भन्तेले नेपाली, अंग्रेजी, बर्मी अक्षरहरू असाध्यै आकर्षक हुने गरी लेख्नुहुन्थ्यो । साथै धाराप्रवाह अंग्रेजीमा सिकाउनु हुँदा त्यसबेला मेरो मनमा उहाँ जस्तो विद्वान र जान्ने अरु कोही छैन जस्तो लाग्दथ्यो । श्रद्धेय गुरुवर भन्तेले म श्रामणेर हुँदा नै देश विदेशमा सँगै लानुहुन्थ्यो । मेरो जीवनका ती क्षणहरू सदैव स्मरणीय रहने छन् ।

श्रद्धेय गुरुवर भन्तेको जीवन शैली मेरो लागि असाध्यै मनमोहक, आदर्शमय र प्रेरणादायी हुनपुग्यो । उहाँ हरेक चिजको प्रयोग जतन, सरसफाई र मितव्ययीका साथ गर्नुहुन्थ्यो । उहाँले आफू २० बर्षको उमेरमा बर्मामा भिक्षु हुँदा प्राप्त भएको कायबन्धन (पेटीका) लाई जीवनको अन्तिम अवस्थासम्म पनि प्रयोगमा ल्याउनु भयो ।

गुरु शिष्यको सम्बन्ध बुबा र छोराको जस्तो हुनु पर्दछ । साथै झिंगा प्रवृत्ति होइन, भमरा जस्तो प्रवृत्ति हुनु पर्दछ भनी हामीलाई सधैं उपदेश दिनुहुन्थ्यो । आफ्ना गुरु बुद्धघोष महास्थविरको गुरुऋण तिर्नु पर्दछ भनी सधैं बुद्धशासनमा निरन्तर लागिरहनु हुने उहाँ कर्मयोगी हुनुहुन्थ्यो ।

उहाँले आफ्नो जीवनमा नेपाल, बर्मा र भारतमा गरी तीन दशक अध्ययन गरी धम्माचरीय, स्नातक, संस्कृत आचार्य हुनुभयो । त्यस समयमा विद्या आर्जन गर्न कठिन थियो । खानपिनको अभाव तथा धेरै दुःख गरी विद्या अध्ययन गरेको हुनाले उहाँको शरीर स्वस्थ भएन । उहाँ बुद्धशासनको विकासको लागि निरन्तर खट्नु भयो । उहाँ ग्रन्थ अध्ययन गर्ने, ध्यान अभ्यास गर्ने, परियत्ति र भिक्षु संघको उन्नतिको लागि सधैं लागिरहनु भयो । उहाँका यी बुद्धशासनिक कार्यमा संगसँगै अनुसरण गर्न पाउनु




हामीहरूको लागि सौभाग्यको विषय हो ।

श्रद्धेय गुरुवर भन्तेसँग एस.एल.सी. दिन ठूलो संघर्ष गर्नु परेतापनि उहाँले हामीलाई तीन चार महिना अंग्रेजी पनि सिकाउनु भयो । उहाँ नीति, नियम, व्यवस्थामा निकै कडा स्वभावको हुनुहुन्थ्यो । हामीलाई हप्तामा एक चोटी पूर्णिमा, औंसी र अष्टमीमा शील प्रदान पछि ओवाद अनुशासन एक, डेढ घण्टाको दिनुहुन्थ्यो । ती शिष्टाचारका उपदेशहरूले एक हप्तालाई पुग्ने गरी नै हामी श्रामणेरहरूलाई अनुशासित गर्नुहुन्थ्यो । सम्भवतः साथीहरूको समूहमा दण्ड त सबैले भोग्यौं, तर हात र लात नखाएको शिष्यको रूपमा म एक जना पनि परें, सायद समूहमा स्यानो फुच्चे भएकोले पनि होला । यसरी श्रामणेर विद्यार्थी जीवनमा परियत्ति शिक्षा, प्रारम्भिक पालि शिक्षा, अभिधर्म, ध्यान तथा अंग्रेजी प्रवचनबाट हामी श्रामणेरहरू लाभान्वित भयौं । उहाँले अनुकम्पा राखी पाठको अर्थ, अभिप्राय सिकाउनुहुन्थ्यो । आमा बुबाले जन्म र कर्म दिने गर्छ, तर जीवनमा सही मार्ग डोऱ्याउने त गुरुहरू नै हुन्छन् ।

श्रद्धेय गुरुवर भन्ते बुद्धशासनको शील गुण, समाधि गुण र प्रज्ञा गुणबाट युक्त हुनुहुन्थ्यो । उहाँलाई आँखाको समस्या आई सिंगापुर मलेशियामा उपचारार्थ जानुभयो । त्यही समयमा नेपालमा संघमहानायक प्रज्ञानन्द महास्थविरको निधन भयो । उक्त समयमा नेपालमा धेरै भिक्षु, श्रामणेर र गुरुमांहरू नै थिएनन् । श्रद्धेय संघमहानायकको दाहसंस्कारको समयमा र शाक्यानन्द महास्थविरलाई नव संघनायक प्रतिस्थापन गर्दा श्रद्धेय गुरुवर भन्ते र सुदर्शन भन्तेबाट थुप्रै प्रशिक्षण लिने मौका पाएँ । मेरो स्कुल पढाइ सकाई क्याम्पस भर्नाको समयमा म श्रद्धेय गुरुवर भन्तेसँगै त्रिशुली सुगतपुर विहारमा ४ महिनाको लागि गुरुको सेवा गर्दै सँगै बस्यौं । त्यसबेला दुई दर्जन जति मलेशियन दाताहरू उहाँसँग नेपालमै ध्यान सिक्न आउनु भएको थियो । उहाँ गुरुवर भन्तेले ग्रन्थबाट मात्र नभई मनबाटै धर्म ज्ञान सिकाउनु भयो ।



उहाँले मेरो हरेक प्रगतिमा परिवारले भन्दा बढी सहयोग गर्नुभयो । उहाँ गुरुको उपस्थिति र आशिर्वादले हामी शिष्यहरूको जीवन चरियामा नयाँ कार्य सम्पन्न हुने गर्दथ्यो । काठमाण्डौ मीन भवन, नयाँ बानेश्वर स्थित ३ रोपनी जग्गामा रहेको विश्व शान्ति विहार अनागारिका चन्दात्राणी (चैत्य माया शाक्य) ले दान गर्नु भएको थियो । यसलाई पुनःनिर्माण गरि हालको स्वरूपमा ल्याउन श्रद्धेय यसधम्मो भन्तेले महत्वपूर्ण योगदान दिनुभयो । विहार निर्माण शुरुभयो । तर श्रद्धेय गुरुवर भन्तेसँग पर्याप्त पैसा थिएन । सन् १९९४ मा विहारको नक्सा लिई कोठा दाता जुटाउन fund raising को लागि उहाँ भन्तेसँग म र चिनी गुरुमां एक महिनाको लागि सिंगापुर , west, east मलेशिया गयौं । त्यसबेला श्रद्धेय भन्तेको पुण्यानुभाव तथा चिनी गुरुमांको पहलमा थुप्रै कोठा दाताहरू संकलन भए । त्यस यात्रापछि विहारको नक्सा बमोजिम निर्माण गर्न रकम जम्मा भएको स्मरणीय छ । मलेशियन दाताहरूको श्रद्धाले विहार निर्माणलाई मात्र नभई भन्तेको कमजोर स्वास्थ्यको उपचारको लागि पनि सहयोग जुट्न गयो । यसमा अनागारिका चिनी गुरुमांको पनि महत्वपूर्ण योगदान रह्यो ।

मैले आफ्नो श्रामणेर जीवनमा प्रथम संघमहानायक प्रज्ञानन्द महास्थविर, मेरो उपाध्याय ५ औं संघनायक बुद्धघोष महास्थविर, अनिरुद्ध महास्थविर तथा श्रद्धेय यसधम्मो भन्ते तथा गुरुवर भन्तेका दाजु कविधज्ज उपासकलाई पनि गुरुको आज्ञा अनुसार सेवा गर्ने मौका पाएँ ।

## विश्व शान्ति विहार पुनःनिर्माण

क्याम्पसको विद्यार्थी रूपमा रहेको बेला श्रद्धेय मंगल भन्तेसँग सिलु, गोसाईकुण्ड जाने अवसर मिल्यो । उहाँ सँगको भेटघाटपछि ताइवान गएर अध्ययन गर्ने योजना बन्यो । यस विषयमा श्रद्धेय गुरुवर भन्ते समक्ष ताइवान जाने अनुमति मागेँ, तर उहाँले अनुमति दिनुभएन । म्यानमारका गुरुलाई आफ्ना शिष्य पठाउँछु भनी वचन दिएर आएको हुनाले म्यानमार पठाउने योजना रहेको आज्ञा हुनुभयो । उहाँको वचन स्विकार गरी ताइवान जाने योजनालाई त्यागी दिएँ । उक्त समयमा मेरो साटो श्रामणेर वजीरबुद्धी मंगल भन्तेसँग ताइवान लागे । विश्व शान्ति विहार निर्माण कार्य सुरु भएपछि हामी श्रामणेरहरू धर्मपाठ, क्याम्पस अध्ययन संगसँगै विहारको कामदार कार्य पनि गर्दथ्यौं । त्यसताका विष्णुप्रसाद ज्ञवाली श्रामणेर उदयभद्रको रूपमा प्रव्रजित हुनुभयो । श्रद्धेय गुरुवर भन्ते धम्माचरिय, वरिष्ठ ध्यान गुरु हुनुहुन्थ्यो र राष्ट्र तथा अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त धर्मगुरु हुनुहुन्थ्यो । तर उहाँ कहिल्यै लाभको पदमा भुल्नुभएन र विनयशील जीवन बाँच्नुभयो । चीवर लगाउने, चीवर धुने, बढार्ने, सरसफाईदेखि वेय्यावच्च कामहरू कसरी गर्ने भनी हृदयदेखि नै उहाँले हामीलाई सिकाउनु भयो । उहाँ भन्ने गर्नुहुन्थ्यो बुद्धशासन हाम्रो लागि होइन, हामी बुद्धशासनका लागि हौं । त्यसैले बुद्धशासनमा श्रद्धा, सेवा, संयम, साधना तथा समर्पण हुनु जरुरी छ ।

त्यसताका देश विदेशका थुप्रै विद्वानहरू भन्तेलाई भेट्न आउँथे । म सधैं भन्तेको निकटमा रही उहाँहरूको कुरा सुनीरहन्थें । उहाँले बुद्धशासनकै उन्नति प्रगति, थेरवाद बुद्धधर्मलाई बुद्ध जन्मभूमि नेपालमा विकास र जगेर्ना गर्ने विषयमै चिन्तन मन्थन गर्नुहुन्थ्यो, जसको अलि अलि ज्ञान मैले पनि उहाँबाट नै सिकेको छु । तसर्थ उहाँको ज्ञान आर्शिवाद लिएर गुरु पढ्नु भएको म्यानमारमा अध्ययन गर्न जाने निधो गरें ।

## मेरो भिक्षु जीवन

पुनर्निर्मित विश्व शान्ति विहारमा चैत्य निर्माण सकी गजुर मात्र राख्न बाकि थियो । फिनिसिङ्गको काम हुँदै गर्दा म र मेरो सहोदर प्रज्ञाज्योती (राजु महर्जन) दुवै म्यानमारतर्फ लाग्यौं । थाईल्याण्डमा एक हप्ता transit बसी त्यहाँका मुख्य मुख्य विहारहरू दर्शन गरी




हामी बर्मामा पुग्यौं । बर्मामा यांगुन स्थित पण्डिताराम ध्यानकेन्द्रमा गएर बस्यौं । त्यहाँका ओवादाचरिय सयादो ऊ पण्डिताभिवंस महास्थविरको निर्देशनमा हामी दुवै जना ३ महिना ध्यान बस्यौं । त्यस पश्चात ८, ९ महिना अलि अलि बर्मिज भाषा सिक्यौं । त्यसरी करिब १ बर्ष पण्डितारामा बसिसकेपछि हामी दुवै जना उहाँ ओवादाचरियकै उपाध्यायत्वमा उपसम्पन्न भिक्षु जीवनमा प्रवेश गऱ्यौं ।

श्रद्धेय गुरुवर भन्ते बर्मा जानु हुँदा उहाँलाई यांगुन शहरका दाता ऊ यूची तथा उहाँकी बहिनी दो चियं र ऊ त्तेउ परिवारबाट उपसम्पदाको दाता हुनु भएको थियो । स्मरणीय छ, श्रद्धेय बुद्धघोष भन्ते बुद्धशासनको परम्परामा उपसम्पन्न हुँदा ऊ यूचिका बा आमा चतुप्रत्यय दाता हुनु भएको थियो । त्यही परम्परा अनुरूप हामीलाई दाता ऊ त्तेउ र दो चेयेले सहयोग गर्नुभयो । हामी भन्दा पछि गएका अरु युवा श्रामणेरहरूलाई उहाँका छोरा ऊ लासोले उपसम्पदाको लागि सहयोग गर्नुभयो ।

श्रद्धेय गुरुवर भन्ते अध्ययन गर्नुभएको यांगुनस्थित विशुद्धाराम पालि तक्षशिलामा अध्ययनका लागि उहाँ भन्तेका अनन्यमित्र सयादो कोण्डञ्ञको जिम्मामा हामी १ बर्ष बस्यौं । बर्मा रहँदा गुरुवर भन्तेका गुरु ऊ सासनाभिवंस भन्ते, उहाँका मित सयादो ऊ सागराभिवंस तथा सितगु सयादोहरूसँग दर्शन गरी दुई बर्ष बर्मा बसी नेपाल फर्किएँ ।

त्यस समयदेखि लिएर श्रद्धेय गुरुवर भन्तेको समीपमा बसी विश्व शान्ति विहारमा उहाँले सुरु गर्नुभएको विश्व शान्ति बौद्ध शिक्षालय, थेरवाद बुद्धिष्ट ऐकेडेमी, विपश्यना धम्माराम ध्यानकेन्द्रको व्यवस्थापनमा लागि रहयौं । हामी ठूला शिष्यहरूहरूलाई सधै उहाँ अभिभावक मात्र हैन कल्याणमित्रको रूपमा विधिव्यवहार गर्नुहुन्थ्यो । उहाँलाई ऐतिहासिक ज्ञानवर्धक फिल्म, डकुमेन्ट्री तथा फुटवल खेलमा पनि रुचि थियो तसर्थ उहाँलाई मनपर्ने सिरियलहरू देखाउने गर्दथियौं । भिक्षुसंघ, बौद्ध परियत्ति लगायत विभिन्न कार्यक्रमहरूमा गुरु भन्ते संगसँगै अनुसरण गरी जाने मौका मिल्यो । विभिन्न समयमा भएका अन्तर्राष्ट्रिय सभा, सेमिनार र सम्मेलनमा श्रद्धेय गुरुवर भन्तेसँग स्वकीय उपस्थापकको रूपमा चीन, जापान, थाईल्याण्ड, मलेशिया, इन्दोनेशिया, बर्मा पटक पटक जाने अवसर मिल्यो । वहाँको स्वास्थ उपचारको लागि मात्रै ५,६ पटक मलेशिया पुग्यौं ।

पछिल्लो चरणमा वि.सं. २०६५ सालमा वहाँको उपसम्पदाको स्वर्ण दिवसको उपलक्ष्यमा आफू संयोजक भई भव्य, सभ्य र सम्माननीय राष्ट्रपति सहितको नागरिक अभिनन्दन कार्यक्रम आयोजना गरियो । थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध संघसंस्थाहरूबाट वहाँलाई अभिनन्दन गरियो । उहाँको सम्मानमा उहाँकै एक सचित्र जीवनी पुस्तक तथा उहाँको जीवनीमा आधारित डकुमेन्ट्रि तयार गरी गुरुलाई धर्म गौरवपूर्ण पूजा चढाए ।

श्रद्धेय गुरुवर भन्ते अग्गमहासद्धम्मजोतिकधजबाट अग्गमहापण्डित हुनुभयो । थाईल्याण्डको दुई प्रसिद्ध विश्वविद्यालयले सम्मान स्वरूप आचार्य डाक्टर उपाधि दिए । उहाँ नेपाल बौद्ध परियत्ति शिक्षा, धर्मोदय सभा तथा अखिल नेपाल भिक्षु महासंघका प्रमुख बने । संघनायक भए । तर सधैं उहाँ आफ्नै शैलीमा आध्यात्मिक जीवन बाँचे ।

वि.स. २०७२ को महाभूकम्पले गरेको विनाशका कारण देशमा राहत वितरण गर्न थाई संघको सहयोगमा भूकम्पग्रस्त क्षेत्रमा मानवीय सहयोग प्रदान गर्ने कार्यमा श्रद्धेय भन्ते र विश्व शान्ति विहारबाट ठूलो मदत पुग्न गयो । उहाँ लामो समयदेखि रक्तचाप, मधुमेह, मुटुको व्यथा तथा प्रोस्टेट क्यान्सरबाट पिडित हुनुहुन्थ्यो । पछिल्लो चरणमा उहाँको ७८ बर्षको प्रथम जँकोमा पनि सामूहिक प्रवज्या कार्यक्रम, किताब विमोचन, ध्यान शिविर, कठिन दान जस्ता पुण्य कार्य सम्पन्न भयो । सन् २०१४ मा म्यान्मारका सुप्रसिद्ध धर्मगुरू सितगु सयादो तथा गुरूवर ज्ञानपूर्णिक भन्तेको संयुक्त आयोजनामा लुम्बिनीमा सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा सदस्य सचिवको रुपमा कार्यरत हुन पाउनु आफ्नो जीवनको लागि ठूलो धर्मगौरवको विषय बन्न पुग्यो । यस सम्मेलनको सफलता संगसंगै ७२ सालको महाभुकम्पको समयमा निःस्वार्थ भावले मानवीय सेवा गर्न पाएको आनुभावले आफूले सोच्दै नसोचे पनि श्रद्धेय गुरु भन्तेको आशिर्वादले नेपाल सरकारको तर्फबाट लुम्बिनी विकास कोषको गरिमामय उपाध्यक्ष पदमा कार्यरत हुन पाएँ ।

## अन्तिम क्षण

पछिल्लो पटक भियतनाम जाँदा उहाँलाई storke भई झन्डै पक्षाघात हुनबाट बच्नुभयो । थुप्रै रोगका

उपचारको लागि दिनहुँ धेरै औषधि सेवनको कारणले उहाँको मृगौला बिग्रिँदै गइरहेको थियो । अफसोच डेढ बर्ष अगाडि उहाँको किड्नी फेल भई डाइलाइसिस गर्न मलेशिया जानुभयो । त्यसपछि लगभग ६४ पटकसम्म डाइलाइसिस गरि जीवन रक्षाको लागि पहल भइरह्यो । श्रद्धेय संघले र थुप्रै हितैषीहरूले सु–स्वास्थ्य कामना गरी सहयोग पुऱ्याए । गतबर्ष कोरोनाको समय लकडाउन सुरु भयो । हामी शिष्यहरू सुमेरु अस्पताल तथा नेशनल किड्नी सेन्टरमा हप्तामा ३ चोटि जानुपर्ने भयो । नेशनल किड्नी सेन्टरका डाक्टर ऋषि काफले तथा सुमेरु अस्पतालका भरत महर्जन, दिलिप महर्जनले भन्तेको औषधि उपचारमा कुनै कमी नहोस् भनी सहयोग गर्नुभएको सराहनीय छ। त्यसबेलाको कठिन अवस्था, संक्रमणको अवस्थामा गुरुवर भन्तेको स्वास्थ्य सुधारको लागि अस्पताल लैजाने ल्याउने कार्य गरेका मेरा भतिजा जेन महर्जन, भान्जा गजेन महर्जन, उपासक गोविन्द महर्जन तथा हरिदब श्रेष्ठलाई हृदयदेखि धन्यवाद छ ।



पछिल्लो चरणमा गुरुवर भन्तेको स्वास्थ्य निकै बिग्रिन थाल्यो । वि.स.२०७७ जेष्ठको दोश्रो हप्तादेखि पूरै दुई महिना सुमेरु अस्पतालमा क्याबिन र आई सि यु मा अनवरत उपचार गरियो । शुरुमा वहाँले कुराकानी गर्न छोड्नु भयो । बिस्तारै खानपिन पनि छोड्दै ल्याउनु भयो । उमेरको कारणले किड्नी फेर्न सम्भव थिएन । डाइलाइसिस गर्दै जाँदा रक्त बहाव र क्यान्सर रोग फेरि बल्झियो । मलेशिया तथा नेपाली चिकित्सकहरूले सक्दो प्रयास गरे । थुप्रै दाताहरूले कठिन समयमा पनि गुरुवर भन्तेको स्वास्थ उपचारको लागि सहयोग गरे । लाजिम्पाट निवासी उपासक श्री पञ्चवीर सिं तुलाधर परिवारबाट श्रद्धेय गुरु भन्तेको स्वास्थ्य उपचारमा सहयोग गर्न आउनु भएको सन्दर्भमा भिक्षु संघलाई नै स्वास्थ्य कोषमा टेवा पुग्ने गरी स्वास्थ्यकोष स्थापना गर्ने श्रद्धा व्यक्त गर्नुभयो । गुरुवर भन्तेको गाहारो समयमा पनि स्वास्थ्यसेवा दिनु हुने चिनी गुरुमां, उपनन्दा, वजीरा, विमलाञाणी, खेमा गुरुमांहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । साथै अहोरात्र सेवा गर्ने आवुसोहरू उत्तरो, धापाखेल विहारका जुतिमो, सुभद्दो, आचारो, अर्थदस्सि, अमतो, जनक, नायको लगायत भन्तेका शिष्यहरूलाई धन्यवाद दिन चाहन्छु । रगत चाहिएको समयमा विशेष सहयोग गर्नुहुने राजु, गोविन्द दाइ, मिम शाक्य, ओभासो शाक्यलाई पनि सम्झन चाहन्छु । माननीय सांसद कृष्णगोपाल श्रेष्ठको पहलमा नेपाल सरकारको तर्फबाट पनि गुरुवर भन्तेको स्वास्थ्य उपचारको लागि रु. दश लाखसम्म निकासा गर्ने प्रयास भयो । वहाँलाई साधुवाद दिन चाहन्छु ।

श्रद्धेय भिक्षुसंघ, अनागारिका धम्मवती गुरुमां, ञाणवती गुरुमां लगायत थुप्रै भन्ते गुरुमांहरूले अस्पतालमै आई सुस्वास्थ्य कामना गरी सेवा सहयोग पुऱ्याउनु भयो । साथै गुरुवर भन्ते सिकिस्त हुनु भएको खबरले बौद्ध जगत मर्माहत हुनपुग्यो । यही क्रममा सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधित्व गरिकन उहाँका श्रीमती राधिका शाक्य, उपप्रधानमन्त्री ईश्वर पोखेल तथा परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली स्वयम् उपस्थित भई स्वास्थ्यबारे जानकारी लिन आउनु भयो । असारको पहिलो हप्तामा हामीले नसोचे जस्तै नेपालका पूर्व प्रधानमन्त्री तथा शीर्ष नेताहरू झलनाथ खनाल, माधव कुमार नेपाल, पुष्पकमल दाहाल प्रचण्ड, डा.बाबुराम भट्टराई, प्रकाश मान सिं, राम चन्द्र पोडेल, प्रकाश शरण महतज्यूहरू अस्पतालसम्म आई गुरुवर भन्तेको सुस्वास्थ्य र शुभेच्छा व्यक्त गर्न आउनुभयो । साथै माननीय सभासद कृष्ण लाल महर्जन, कृष्ण गोपाल श्रेष्ठ, शोभा शाक्यहरूले पनि बरोबर विचार गर्न आउनुभयो । त्यस्तै गरी काठमाण्डौ महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्य, उपमेयर हरिप्रभा खड्गी श्रेष्ठ, ललितपुरका मेयर चिरीबाबु महर्जन, उपमेयर गीता सत्यालहरूले पनि अस्पतालमा नै आई स्वास्थ्यबारे जानकारी लिनुभयो । श्रद्धेय संघउपनायक बोधिसेन महास्थविर सहित भिक्षु महासंघका पदाधिकारीहरू, श्रद्धेय छोकि निमा रिम्पोछे सहित लामा गुरुहरू, गुरुमां संघ तथा परम्परागत बौद्ध



संघका बज्राचार्य गुरुहरू पाल्नु भई सु–स्वास्थ्यको कामना गर्नुभयो । श्रद्धेय भन्तेका आफन्त भान्जा भान्जी, श्रीदेवी गुभाजु, प्रदिप गुभाजु, मिम शाक्य, डा.लुसन, सुष्मा बज्राचार्य, डा.केशरी बज्राचार्यहरूले पनि धेरै मद्दत गर्नुभयो । त्यस्तै गरी श्रीलंका, थाईल्याण्ड र बर्माका महामहिम राजदुतज्यूहरू पनि बरोबर अस्पताल नै आई आफ्नो श्रद्धा व्यक्त गरे । श्रद्धेय भन्तेको स्वास्थ स्थिति डाइलाइसिस उपचारको क्रममा १ महिना बित्दा केही प्रगति देखिएको थियो, खानाहरू खान थाल्नु भएको थियो ।

वि.स.२०७७ बैशाख २१ गतेदेखि ७ दिनसम्म देश विदेशका भन्तेहरूले सु–स्वास्थ्य कामना गरी निरन्तर पाठ गरिदिनुभयो । तर पिसाबमा रक्त बहाव बढेर cystoscopy गर्नुपर्ने भयो । सुमेरु अस्पतालका डाक्टर, नर्स टिमले भन्तेलाई बचाउन धेरै कोशिस गर्नुभयो । कठिन समयमा सहयोग गर्नुहुने सबैलाई साधुवाद भन्न चाहन्छु । श्रद्धेय भन्तेले डेढ बर्ष अगाडि नै मेरो आयु पुण्य क्षय भयो, औषधिले मात्र थामिएको हो, म शंखमोल घाट जान नजिक भई सकेको छु भनी भन्नुहुन्थ्यो । नभन्दै ७० चोटी डाइलाइसिस गर्न नपाउँदै वि.सं.२०७७ असार १९ गते उहाँ श्रद्धेय भन्तेले देहत्याग गर्नुभयो । उहाँलाई बचाउने धेरै कोशिस गर्दा पनि उहाँको निधन भयो । म र हामी सबै दुःखी भयौं । धर्म संवेज अवस्था रह्यो । हामी सबैको आँखा रसाएर भावुक भए । उहाँको पार्थिव शरीरलाई विश्व शान्ति विहारको धम्महलमा अन्तिम दर्शनको लागि राख्ने कार्य भयो ।

नेपालका सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री, श्रीलंकाका राष्ट्रपति, प्रधानमन्त्री एवम् थाईल्याण्ड, बर्मा तथा श्रीलंकाका संघराजा, संघसभाबाट शोक सन्देश प्राप्त भयो । सबै माझ सुनाइयो । माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश भट्टराई, लुम्बिनी विकास कोषका उपाध्यक्ष मेतेय्य, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. हृदयरत्न बज्राचार्य, धर्मोदय सभाका अध्यक्ष यज्ञमानपति बज्राचार्यज्यूहरू स्वयं उपस्थित भई श्रद्धाञ्जली अर्पण गर्न आउनुभयो । कोरोनाको कहर एवम् लकडाउन केही खुल्ला भएको दिन परेकोले श्रद्धालु उपासक उपासिकाहरू, लामा गुरु, बज्राचार्य गुरु, भन्ते, गुरुमांहरू सबैले सुरक्षा सतर्कता अपनाउँदै ५,६ हजार मानिसहरूले दर्शन गर्न आए । मिति २०७७ असार २१ गते पूर्णिमाको दिनमा उहाँकै इच्छा अनुरूप शंखमोल घाटमा उहाँको अन्त्येष्टी कार्य सम्पन्न भयो । उहाँको उक्त दाहसंस्कार कार्यमा योगाम्वर गुथिले आवश्यक सम्पूर्ण कार्य गर्नुभएकोमा धेरै आभार व्यक्त गर्दछु । उहाँले जीवनभर गर्नुभएको बुद्धशासनिक योगदानलाई नेपाल सरकारले सम्झीकन उहाँलाई 'परमपूज्य' धार्मिक पदबाट विभूषित गरे अनुसार नै शंखमोल घाटमै नेपालको राष्ट्रिय झण्डा ओढाई सैनिक टुकडीले अन्तिम सलामी दिई उहाँको अन्तिम विदाई दिए । यो हामी सबै विश्व शान्ति विहार परिवारलाई मात्र नभई बौद्ध जगतलाई नै अपूरणीय क्षति हुन गयो ।

आज हाम्रा श्रद्धेय गुरुवर भन्तेको अनुपस्थितिले हामी टुहुरा र गुरुविहीन हुन पुग्यौं । उहाँले मेरो हरेक प्रगतिमा परिवारले भन्दा बढी खुसी व्यक्त गर्नुहुन्थ्यो । विहारका थुप्रै कार्यक्रम र निर्णय गर्नुपर्दा मलाई निग्रोध भनी बोलाउनुहुन्थ्यो । उहाँ गुरुबाटै मैले सम्पूर्ण कुरा सिकेको छु । मेरा श्रद्धेय गुरु मेरो मनमा सधैं बाँचिरहने छ । पुण्यानुमोदन सहित गुरुवर भन्तेको बार्षिक तिथिमा निर्वाण कामना गर्दछु ।

❖❖❖

# बर्मालाई माया गर्नुहुने सयादो र म कप्पिय



ऊ ल्हा सो (U Hla Soe)
*म्यानमार (बर्मा)*

बर्मामा दश वर्षजति बुद्धशिक्षा अध्ययनपश्चात् सन् १९६६ मा सयादो भन्ते नेपाल फर्कनुहुँदा म सानै भएकोले त्यो बेलाको घटनाहरू मलाई त्यति याद छैन । तापनि स्कुल जाने उमेर पुग्दा लाइब्रेरीमा सयादो भन्तेले नेपालबाट पठाउनु भएका चिट्ठीपत्रहरू पढ्न पाउँदा सयादोको बारेमा जान्ने मौका पाएँ ।



सयादोको बारेमा मात्र नभइकन सयादोको गुरु हुनुभएका बुद्धघोष भन्ते सन् १९४० तिर बर्मा, मोलमिन् शहरमा बुद्धशिक्षा अध्ययनको लागि आउनु भएको, हजुरआमा दो फ्वा यें (Daw Phwar Yin) चतुप्रत्यय दाता हुनु भएको, मेरी आमाले सानैमा विहारमा भोजन पुऱ्याउन गएको आदि नेपालमा शुरुवातको बुद्धसासनिक यात्राको बारेमा रुचिकर विषयहरू थाहा पाएँ ।

त्यसपछि बर्मामा छट्ठसंगायना भइरहेको समय सन् १९५६ मा सयादो बुद्धघोषको साथसाथै भविष्यमा ञाणपुण्णिक भन्ते हुनु हुने बालक पनि बर्मामा आइपुगेको कुरा इतिहासको एक कथा जस्तै नै थाहा पाएँ । १६ वर्ष उमेरको वहाँ बालक सन् १९५५ साल अगष्टको १५ तारिखमा श्रामणेर बनेर बुद्धशासनभित्र छिर्नुभयो । सन् १९५९ अप्रिल १२ तारिखमा रंगून को गभाए, श्रीमंगलस्थित छट्ठसंगायना महासीमागृहमा श्रामणेर ञाणपुण्णिकको उपसम्पदा मंगलकार्यमा मेरो हजुरआमा दो सअ थौं (Daw Saw Thoung), मामा ऊ यु चि (U Yu Kyi), ऊ यु हो (U Yu Ho) र आमा दो च्यें अे (Daw Kyin Aye) हरूले निर्वाणलाई उद्देश्य गरी चतुप्रत्यय दायक हुनुभएको कुरा पनि थाहा पाएँ ।

गभाएमा श्रामणेर भइ बुद्धशिक्षा अध्ययन गरिरहेको समयमा मण्डले शहरको म्याताउँ विहारको स्वे वावें सयादो सासनाभिवंसले बोलाएर हेरविचार गर्नुभएकोले मण्डले शहरमा बसी आधार भूत शिक्षादेखि उच्च शिक्षासम्म अध्ययन गरी एकपछि अर्को परीक्षाहरूमा विशिष्ट श्रेणीमा उत्तीर्ण हुनुभयो । त्यसपछि रंगून, बहान् स्थित महाविशुद्धाराम पालि तक्षशिला विहारमा सन् १९६३ मा सासनधज धम्माचरिय उत्तीर्ण हुञ्जेलसम्म बस्नुभयो ।

फेरि सन् १९६४ – १९६६ मा महासि सासन यैता ध्यान केन्द्रमा बसोबास गर्नु भइ अहिलेको रंगून थेरवाद मिसिनरी विश्वविद्यालयका वर्तमान रेक्टर सयादो ऊ नन्दमालाभिवंससंगै त्रिपिटक पालि बर्मिज शब्दकोष संग्रह गर्ने समूहभित्र रहेर कार्य गर्नुभएको कुरा रेक्टर सयादोले आज्ञा हुनुभएकोले थाहा पाएँ ।



सन् १९६८ जुलाईमा बुद्धघोष भन्ते र ञाणपुण्णिक भन्तेले नेपालबाट पठाउनु भएको पत्रअनुसार बर्माबाट दान गरेर पठाएको त्रिपिटक पालि, अर्थकथा र टीका ग्रन्थहरू इन्दिया हुँदै नेपालको पाटन स्थित श्री सुमंगल विहारमा सन् १९६८ जून महीनाको २० तारिखमा भव्य कार्यक्रमकासाथ सफलतापूर्वक पूजागरी ल्याएको कुरा पनि थाहा पाएँ ।

वहाँ भन्तेले फेरि पठाउनु भएको अर्को पत्रअनुसार नेपालमा थेरवाद बुद्धशासन उन्नति अभिवृद्धिको लागि परियत्ति शिक्षा मात्र नभइकन प्रतिपत्ति ध्यानभावना अभ्यास कार्य पनि निरन्तर गरिराखेको, बर्मा र बर्माका दायक दायिकाहरूलाई दिनहुँ स्मरण भई मैत्री पठाइराखेको, सन् १९७९ मा मंगोलियामा बुद्धधर्म सम्बन्धी भएको सम्मेलनमा भाग लिएको, इंगल्याण्ड पुग्दा महासि सयादोसंग भेट भइ सयादोको आज्ञाअनुसार बर्मिनगाममा सासनिक कार्यहरू गरिरहेको र बर्मामा फेरि आउने मौकालाई संधै पर्खिरहेको कुराहरू पढेको थिएँ ।

बर्मालाई माया गर्नुहुने सयादो भन्तेको इच्छा चाँडै नै पूरा हुनेभयो ।

महासि सयादोको पछि लागेर विदेशको धर्मप्रचारको धर्मदूत यात्रा गर्न वहाँ भन्ते सन् १९८० दिसेम्बर महीनामा इंगल्याण्डबाट बर्मा पुग्नु भयो । यसरी आफूले अध्ययन गरेको स्थानमा दोश्रोपटक आउने मौका मिल्दा भन्ते अति नै हर्षित हुनुभएको अवस्थालाई रंगून एयरपोर्टमा भन्तेलाई स्वागत गर्न गएकाहरूमध्येमा एकजना मैले देख्ने मौका पाएँ ।

बर्मामा पुगिरहनु हुँदा रंगूनमा रहेका दाताहरूकहाँ जानुपर्दा मैले भन्तेलाई आवतजावतमा सहयोग गरी भन्तेको वेय्यावच्च कार्य गर्ने मौका पाएँ । सन् १९८१ फेब्रुअरी १६ देखि २० तारिखसम्म मण्डलेशहर म्या ताउँ, स्वे वावें विहारको रजतमहोत्सवमा भन्ते पाल्नुहुँदा पनि भन्तेको कप्पियकारकको रूपमा सहभागी हुनपाएँ । भन्तेको आफू अध्ययन गरेर आएको बर्मा देशप्रति अगाढ प्रेम भएको, आफ्नो गुरुवर सासनाभिवंस भन्तेप्रति अति नै कृतज्ञी हुनुभएको, सानोमा संगसंगै अध्ययन गरेका ऊ सागराभिवंस भन्तेप्रति सहोदर दाजुभाइ जस्तै मैत्रीपूर्ण सम्बन्ध भएको, बर्माको बुद्धशासनलाई कारण बनाएर नेपालको बुद्धशासन फेरि उन्नति अभिवृद्धि गर्न तीव्र छन्द भएको कुराहरूलाई स्वयं आफूले जान्न बुझ्न पाएँ ।

रंगून पुगेको केही समयपछि नै वहाँ भन्ते महासि सयादोसंग विदेश धर्मप्रचार धर्मदूत यात्रा गर्नु भइ फेरि इंगल्याण्ड र अमेरिकामा शासनिक कार्यहरू गर्न जानुभएको कुरा पनि सुनें ।

सन् १९८४ तिर भन्ते नेपालमा नै स्थायीरूपमा बसोबास गर्नु भइ समयले साथ दिनेबित्तिकै बर्मामा फेरि फेरि पुग्नहुन्थ्यो । आफू एक्लै मात्र पाल्ने नभइकन नेपालको अनागत बुद्धशासनको लागि श्रामणेर, गुरुमांहरूलाई पनि बर्मामा बुद्धशिक्षा अध्ययन गराउनु भयो । भन्तेले बर्मामा पुग्ने बेलासम्म व्यवस्था गरी पठाइएका ती श्रामणेर र गुरुमांहरूलाई वहाँहरूको आवश्यकतालाई भन्तेका दाताहरूले आफ्नो क्षमताअनुसार चतुप्रत्ययद्वारा सक्दो सहयोग गरेको हुनाले नेपालको बुद्धशासनको बारीमा अंकुरहरू सन्तुष्ट हुने गरिकन एकपछि अर्को निस्की स्वच्छ र जीवित भएर आयो ।

बर्मामा पुग्नुभएका ती श्रामणेरहरूमध्ये सन् १९९७ मा निग्रोध भन्तेको उपसम्पदामा बुबा ऊ तें ऊ (U Tin U) र आमा दो च्यें अे (Daw Kyin Aye) प्रमुख हाम्रो परिवारले चतुप्रत्यय दायक हुने मौका पायौं । पछि सन् २००३ मा श्रामणेर जुतिमा र उत्तमोलाई गभाएस्थित त्रिपिटक महागन्धाराम विहारमा भन्तेले व्यवस्था गर्नुभए अनुसार परियत्ति शिक्षा अध्ययन गराइ वहाँहरूलाई आवश्यक चतुप्रत्ययद्वारा बेलाबखतमा सेवा गर्ने मौका प्राप्त भयो । त्यो बाहेक सन् २००६ नोवेम्भर १४ मा श्रामणेर जुतिमाको उपसम्पदाकार्यमा आमाबुबाहरूलाई प्रमुख बनाई म र मेरो श्रीमती दो खें तीदा ऊ (Daw Khin Thida Oo), छोरा माउँ प्यी हाँ सो (Maung Pyi Han Soe) परिवार चतुप्रत्यय दायक भयौं ।

रंगूनमा अध्ययन गरिरहँदा श्रामणेर कविन्दको दुईचोटि कानको अप्रेशन गर्नु पर्‍यो । अप्रेशन पछि वहाँलाई मेरो आमाबुबाको घरमा नै राखी नजिक बसेर सेवा गर्‍यौं । मेरो आमाबुबासहित दाजु ऊ च्यो सो (U Kyaw Soe), बहिनीहरू दो तें तें ची Daw Tin Tin Kyi), दो मो मो ची (Daw Moe Moe Kyi)हरूले पण्डिताराम ध्यान



केन्द्रमा बुद्धशिक्षा अध्ययन गरिरहनु भएका विसिट्ठञाणी, अग्गञाणी, विमलञाणी आदि गुरुमांहरूको शिक्षा, स्वास्थ्य इत्यादि आवश्यक विषयहरूमा बेलाबेलामा सहयोग गर्ने मौका पनि प्राप्त गर्नुभयो ।

नेपालमा बुद्धशासनिक जग बलियो बनाउनको लागि मात्र नभइकन विश्वमा थेरवाद शासनको प्रगति उन्नति अभिवृद्धिको लागि वहाँ भन्तेले एशियाका विभिन्न राष्ट्रहरूमा पनि धर्मदूत यात्रा गर्नु भइ शासनिक कार्यहरू गर्नुभयो । विशेष गरिकन सिंगापूर, मलेशिया देशहरूमा त्रिपिटक धर्मलाई व्यावहारिकरूपमा अभ्यास गर्नसक्नको लागि वर्षैपिच्छे जानुभई विपस्सना ध्यानशिविरहरू सञ्चालन गर्नुभयो । मलेशियाका दायक दायिकाहरूले वहाँ भन्तेलाई बर्मिज शब्द सयादो भनेर आदरपूर्वक सम्बोधन गरिराखेकोलाई सुन्न पाएर प्रसन्न भएको छु ।

बर्माका आफ्ना गुरुहरूको गुणलाई प्रत्युपकार गर्ने हिसाबले र बर्मामा बुद्धशासनिक समारोहहरूमा आफू स्वयं सहभागी भएर हेर्न देख्न पाउन् भन्ने हेतुले भन्तेले विदेशी उपासक उपासिकाहरूलाई पनि संगै ल्याउनु भइ वर्षावासको अन्तपछिको पवित्र कथिनचीवर दान गर्ने पुण्यकार्यहरू विभिन्न विहारमा पटक पटक गर्नुभएको छ । भन्तेसंगै नेपालबाट पनि भन्तेको स्वास्थ्यको बडो होशियार भएर हेरचाह गरिरहनु भएका उप्पलवण्णा गुरुमां र अरु नेपाली भन्ते, श्रामणेर, गुरुमांहरू पनि ती कथिन चीवर दान कार्यक्रममा सहभागी भएका छन् ।

मण्डलेस्थित म्या ताउँ विहार र मसो यैं विहार, मोलमिनस्थित वेप्यां विहार र सैंमामा विहार, ताउँजीशहर स्थित अे जेदि विहारमा कथिनचीवर दान गर्नुभएको छ । तीमध्ये एकहजार संघ निमन्त्रणा गरी कथिनचीवर दान गर्ने अवसर प्राप्त सन् २००७ को अे जेदि विहारको कथिन चीवर दान मलेशियाका दाताहरूका लागि अति नै हर्षोल्लास र प्रीति उत्पन्न भएको एक समय थियो ।

त्यति मात्र हैन । भन्तेले आफ्ना मूल गुरुवर बुद्धघोष भन्तेको बर्मामा अध्ययन गर्दाको सहपाठी वेप्यां विहार प्रमुख सयादो ऊ विजयाभिवंसलाई २००२ मा, भन्ते आफू सन् १९५५ मा सर्वप्रथम जहाजबाट बर्मा पाल्नुहुँदा वहाँलाई रंगूनको बन्दरगाहमा लिन आउनुभएका झगाईं सज्जनोदय विहारका प्रमुख सयादो ऊ सज्जनाभिवंसलाई २००५ सालमा नेपालमा निमन्त्रणा गर्नुभएर नेपाल भारत तीर्थयात्रा जानुभएको थियो । भन्तेको आज्ञाअनुसार त्यो यात्रामा म कप्पियकारकको रूपमा सहभागी हुन पाउनु भनेको भन्तेको कारणले मैले प्राप्त गर्न सकेको एउटा अति दुर्लभ अवसर हो । यो अवसर मेरो लागि जीवनपर्यन्त अविस्मरणीय घटना भएको छ ।

सासनिक भारलाई रातदिन नभनिकन वहन गरिरहनुभएका वहाँ भन्तेलाई बर्मा सरकारले २००१ मा अग्गमहासद्धम्मजोतिकधज पदवी र २०१३ मा अग्गमहापण्डित पदवीले विभूषित गरेको थियो ।

वहाँ भन्ते रंगून, महासि सासना यैता ध्यान केन्द्रको विदेशी नायक पदवीले विभूषित गर्ने समारोहमा २०१८ दिसेम्बर १७ तारिखमा भिक्षु जुतिमाकासाथ आइपुग्नु भइ २२ तारिखमा नेपाल फर्कनु भएको थियो ।

त्यो यात्रामा भन्तेको स्वास्थ्य अलि नाजुक अवस्थामा पुगिराखेको देखेर भन्ते दीर्घायु भइ निरन्तर बुद्धसासनिक कार्यहरू गर्न सकोस्, भन्तेलाई प्यारो लाग्ने बर्मा देशमा फेरि फेरि पनि पाल्न सकोस् भनेर प्रार्थना गर्न पुगें ।

मेरो प्रार्थना पूरा हुने भएन । भन्ते फेरि बर्मामा पाल्न सक्नु हुने छैन । २०१८ सालको यात्रा नै भन्तेको अन्तिम बर्मादेशको यात्रा भयो । विश्व महामारी फैलिराखेको समयमा २०२० जुलाई ३ तारिख बिहान नेपाल राष्ट्रको पर्वतसमान हुनुभएका, बर्मालाई औधी माया गर्नुहुने वहाँ भन्ते परलोक हुनुभएको खबर सुन्नुपऱ्यो । आफूमा भएको सबै बलशक्ति हीन भएजस्तै महशुस भयो ।

यो लेखलाई निरन्तरता दिन बलशक्ति बांकी नभएको कारणले यतिकैमा टुंग्याउन गइरहेको छु ।

तापनि नेपालका भन्तेका शिष्यहरू भएका सासनको भार वहन गरिरहनु भएका भिक्षुसंघ, श्रामणेर, गुरुमां र दायक दायिकाहरू, बर्माका हामी दायक दायिकाहरू, भन्तेले बुद्धसासनप्रति राख्नु भएको उत्तम चेतना, परिश्रम, वीर्यलाई स्मरण गरेर भन्तेको त्यो तीव्र छन्दलाई साकार पार्न नवशक्तिहरू निकाली अगाडि बढ्नु छ ।

नेपालका सासनिक भारवाहकहरूसंगै पुराना मित्रहरू, नयाँ मित्रहरू सबैजनालाई स्वागत गर्दै **ऊ ल्हा सो (U Hla Soe)**

❖❖❖

# कृतज्ञी दाजुप्रति समर्पण



**भद्दन्त सागराभिवंश**
*म्याताउँ ताई*

उहाँ कतै बिलाएपनि
यतै कतै हुनुहुन्छ
बितिसके तैपनि
मनमस्तिष्कमा बाँच्नु भएको छ ।
खोजेँ मैले यता उता
तर कतै पनि देखिनँ
सायद यस्तै गरि
बिलाउने छु म शून्यतामा एकदिन ।

उहाँ श्रद्धेय दाजु भन्ते बित्नु भएको पनि १ वर्ष नै हुनलाग्यो । यति धेरै समय बितिसक्दा पनि उहाँ अझै हाम्रो मन-मस्तिष्कमा सदाबहार सम्झना बनेर आइरहनुहुन्छ । यद्यपि उहाँलाई अब हामीले सम्झनु बाहेक अरू उपाय छैन । यस्तै गरि हामी पनि उहाँ जानु भएको बाटोमा एकदिन अवश्य जानु पर्नेछ ।

सात पाइला सँगै हिँडेको भए मित्र, बाह्र पाइला सँगै चालेको भए सहपाठी, पन्ध्र दिन सँगै हिँडेको छ भने मित्र भनिन्छ भनेर ग्रन्थमा उल्लेख गरिएको छ । म र दाजु भन्ते ६ वर्षसम्म सँगै बस्यौं । पढाईको सिलसिलामा हाम्रो भेट इ.सं. १९५८ मा भयो । भर्खरै बर्मामा पुगेको दाजु भन्ते बर्मीज भाषा सिकिरहनु भएको समय थियो । नुहाइरहेको समयमा मैले "नेपो (नेपाली) श्रामणेर ! के गरिराख्नुभएको ?" भनी सोध्दा बर्मीजबाट "ये लाउँ ने दा (पानी हालिराखेको)" भनी भन्नुभयो । अनि मैले "ये छ्युने दे (नुहाइराखेको) भन्नुपर्छ नेपो श्रामणेर" भनी बर्मिज भाषा सिकाइदिनुपर्थ्यो ।

मण्डले शहरको रीति अनुसार बिहान सबेरै उठेर जलपान सकिनासाथ भिक्षाटनमा निस्कनु पर्थ्यो । भिक्षाटन बाट फर्केर भोजन खाने र खाना सकेपछि आफ्नो पात्र आफैं पखाल्नुपर्थ्यो । पात्र पखालि रहँदा "नेपो श्रामणेर ! के गरिराखेको ?" भनी सोध्दा "धपै येछ्युपेनेदा (पात्रलाई नुहाइदिइराखेको)" भनी भन्नुभयो । "अमले (आम्मै)" नेपाली श्रामणेर त्यसरी भन्दैन । पात्र, कप, कचौरा





इत्यादिलाई "धपै सेनेदे, वगं सेनेदे (पात्र पखालिराखेको, कचौरा पखालिराखेको)" भनेर भन्नुपर्छ । यसरी बर्मीज भाषा सिकाइदिएका यादहरू बिर्सन नसक्ने यादहरू बनेका छन् ।

नेपाली श्रामणेरलाई माया गर्ने व्यक्तिहरू धेरै छन् । सयादो ऊ खेमिक भन्तेले नेपाली श्रामणेरलाई धेरै माया गर्नुहुन्थ्यो । मायाले "हे कलाले ! हे कलाले (कालो बच्चा)" भनेर कहिलेकाहिँ जिस्काउनु हुन्थ्यो । (कलाले भनेको बर्मीजहरूले छालाको रङ्ग कालो भएर इन्डियन र मुसलमानहरूलाई प्रयोग गर्ने शब्द हो ।) अनि ज्ञानपूर्णिक श्रामणेरले "म कलाले होइन, हजुर चैं कलाले हो । हजुरको छाला मेरो भन्दा कालो छ । मेरो छाला गोरो छ । म कलाले होइन ।" भनी जवाफ फर्काउनु हुन्थ्यो । सयादो ऊ खेमिक पनि हाँसेको हाँस्यै हुन्थे ।



म्याताउँ ताई विहारमा धेरै रूखहरू छन् । चन्दनको रूख, नीमको रूख, आँपको रूख इत्यादि । ती रूखहरूका आ-आफ्नै विशेषताहरू छन् । चन्दनको रूखलाई "चन्दन नै केटीहरूको आयु भनी भन्ने गर्छन् ।" चन्दनको फूलमा सुवास निकै मीठो हुन्छ । चन्दनको काठलाई पिसेर दल्न सकिन्छ । जसले गर्दा निरोगी हुन मद्दत पुऱ्याउँछ । आँपलाई "पातमा अचारयुक्त चियापात फलफूलमा आँप" भनी भन्ने चलन छ । चन्दनको फूल, नीमका फूलहरू अप्रिल महिनामा ढकमक्क भएर फूल्छन् । चन्दनको फूल, नीमका फूलहरूको सुवासलाई सुँघ्दै चौतारा मुनि बसी गफ गरेका झझल्को आइनै रहने भयो ।

यदि नीमको बोटले कुरागर्न जानेको भए, "६० वर्ष पहिले मेरो रूखमुनि बस्न आउने गोरो गोरो, ठूलठूला राम्रा आँखा भएको, नाक सुलुक्क मुखलाई ठ्याक्क मिल्ने, प्रशन्न बनाउने उज्यालो अनुहार भएको श्रामणेर खै त ? भनी सोध्ने थियो होला । यसरी उहाँलाई मैले मात्र होइन, अजीवित चन्दनको रूखले समेत सम्झिरहेको छ भनी सोच्न पुग्छु । अनि फेरि आँपको रूखले पनि "भन्ते ! म कलिलो आँपलाई टिपी अरूले जस्तै डपि (बर्मीज खाना) को झोलमा डुबाएर नखाईकन खोर्सानी चोपेर खाने कला श्रामणेर सन्चै छ र ?" यो चन्दनको रूख



र आँपको रूख मुनि बसिरहेको मलाई विगतका यादहरूले सताइरहेको छ ।

"यो कतञ्ञू कतवेदि होति । तथाविधं सप्पुरिसं वदन्ति ।" अर्थात्, "जो व्यक्तिले अरूले गरेको उपकारलाई सम्झिन्छ त्यो व्यक्तिलाई सत्पुरुष भनिन्छ ।" दाजु भन्ते अरूले गरेको उपकारलाई विशेष रूपमा सम्झने व्यक्ति हुनुहुन्छ । उहाँ रङ्गुन गभाएमा उपज्झाय गुरु हुनुभएका मसोयैं सयादोको उपकारलाई प्रत्युपकार गर्ने हिसाबले मण्डले शहरको मसोयैं विहारमा एक हजार भन्दा बढी भिक्षुगणहरूलाई "कथिन चीवर दान" गर्नुभयो । त्यो बाहेक पनि फेरि त्यस विहारमा भोजनशाला बनाउनको लागि दशहजार डलर पनि दान गर्नुभयो । आफू अध्ययन गरेर आएको म्याताउँ ताईमा पनि छ सय भन्दा बढी भिक्षुगणहरूलाई "कथिन चीवर दान" गर्नुभयो । ई.सं. १९८८ मा उहाँ बर्मामा वर्षावास बस्नुभयो । महाशी सासन यैतामा धेरै दान लाभ हुन्थ्यो । प्राप्त गरेका सबै दातव्यहरूलाई म्याताउँ विहारमा "विनयाधिक मौखिक परीक्षा" को लागि दान गर्नुभयो ।



दाजु भन्तेले मलाई बरोबर भन्ने गर्नुहुन्थ्यो, "नेपालमा परियत्ति अध्ययन अध्यापन गर्ने विहार स्थापना गर्ने ठूलो इच्छा थियो ।" आमा बुबाले आफ्नो कुलवंशको स्थिरताका लागि छोराछोरीहरूलाई जन्म दिए झैं दाजु भन्तेले पनि नयाँ पुस्ताको उत्पादन र अभिवृद्धि गर्नको निम्ति विश्व शान्ति विहार स्थापना गर्नु भई शिष्य भिक्षु, श्रामणेर र अनागारिकाहरूलाई जन्म दिनुभयो ।

"भगवतो अपरभागे बुद्धधम्मरतनानं समाधिगमो संघरतनाधिनो ।" अर्थात्, "भगवान् बुद्ध परिनिर्वाण पश्चात् बुद्ध रत्न र धर्म रत्न स्थिर रहनु भनेको संघरत्नसँग सम्बन्धित छ, संघमा भर पर्छ, संघ भएन भने धर्म पनि विस्तारै लोप हुँदै जान्छ ।" भनी ग्रन्थमा उल्लेख भइराखेको छ । दाजु भन्तेले पनि "अनागते लज्जी रक्खिस्सति" भने जस्तै अनागत शासन, विशेषगरिकन नेपालको बुद्धशासनलाई विनयशील, शिक्षाकामी भिक्षुहरूले रक्षा गर्नेछन् भन्ने ठूलो लक्ष्य राख्नुभई धेरै शासनिक बीज रोपी मलजल गरेर स्याहारसम्भार गरेको कारणले आज परियत्ति र प्रतिपत्ति दुवै पूर्ण भएका भिक्षु अनागारिकाहरूको उत्पादन सम्भव भएको हो ।

ती भिक्षु अनागारिकाहरूले उहाँ आफ्नो गुरुवर भन्तेको इच्छा सम्झेर नेपालको बुद्ध शासन अझै उन्नति, अभिवृद्धि, चिरस्थायी र चम्किलो बनाउन सदैव परिश्रम अनि उद्योग गर्न सकुन् भनी कामना गर्दछु ।

❖❖❖

# पूजा च पूजनेय्यानं, तं मंगलं महाथेरं



**भिक्षु नन्दसिद्धि**
*मलेशिया*



वहाँ भन्तेको धर्मदेशना गर्ने शैली र वहाँको आवाजमा अति नै गम्भीरता र शान्त सौहार्दता भइ मैत्रीचेतनाले युक्त छ। धर्मउपदेश गर्दा आरामकासाथ स्पष्ट र छर्लङ्ग हुनेगरिकन विस्तारै देशना गर्ने हुनाले वहाँका धर्मदेशनाहरूले भर्खर भर्खर नयाँ भाषा सिक्न शुरु गरेको लेखकको लागि धेरै मदत पुग्यो । त्यो बाहेक विपस्सनासम्बन्धी विषयहरू व्याख्या गर्दा पनि अति नै स्पष्ट रूपमा बताउने हुनाले वहाँ भन्ते एक प्रकाण्ड विद्वान हुनुहुन्छ भन्ने कुरालाई देखाउँछ। यसो हुनुको कारण भनेको भन्ते स्वयं आफूले बर्मा सरकारद्वारा सञ्चालित परियत्तिसासन परीक्षाहरूमा एक विदेशी भिक्षु भएर अति नै परिश्रम र उद्योग गरी सासनधज धम्माचरिय उपाधि सफलतापूर्वक हासिल गरिराख्नु भएकोले हो । त्यस्तै वहाँ सैद्धान्तिक रूपमा मात्र नभइकन व्यावहारिक रूपमा पनि महोपकारक महाशी सयादो, पण्डिताराम सयादो आदि विश्वविख्यात् कम्मट्ठानाचरिय सयादोहरूबाट व्यवस्थित रूपमा गुरुले सिकाउनु भएको विधिमा कुनै फरक नहुने गरिकन एक दक्ष र कुशल गुरु हुनुभएकोले पनि हो भनेर भन्न सकिन्छ।

सन् १९९९ पछिका समयहरूमा लेखक धर्मदूतको जिम्मेवारी लिएर मलेशियामा बसिरहेको बेलामा वहाँ भन्तेसंगसंगै लामो समयसम्म शासनिक कार्यहरू गर्दा भन्तेको मैत्रीपूर्ण छायाँमा अति धेरै सुखशान्ति प्राप्त गर्ने मौका पाएँ। वहाँ भन्ते मलेशियामा वर्षेपिच्छे शासनिक कार्य विपस्सना ध्यान शिविरहरू धेरै वर्षसम्म सञ्चालन गरि मलेशियनहरूलाई संग्रह गर्नु भएको छ। बुद्धशिक्षा र संस्कृति

भन्तेसंग व्यक्तिगत रूपमा भेट हुनुभन्दा पहिलेदेखि नै घनिष्ठ सम्बन्ध छ भनेर भन्न सकिन्छ। म भर्खरको युवा भिक्षु हुँदा रंगूनको पण्डिताराम स्वे ताउँ गौं ध्यान केन्द्रमा शासन भारवाहक भिक्षुको रूपमा शासनिक कार्यहरू गर्दै गर्दा परीक्षा पनि सकेको समयमा बहुश्रुतका विषयहरू अध्ययन गर्नतिर लागें। त्यसबखत विदेशमा धर्मदूत कार्य गर्न सहज होस् भन्ने बलियो चेतना अगाडि राखेर सामणेच्यो सयादोले भाषान्तरको हिसाबले अंग्रेजी भाषालाई बढी समय दिएर अध्ययन गर्न प्रेरणा र सुझाव दिनुभयो। आफूले पनि दत्तचित्त भएर स्मरण गर्न योग्य कुराहरू र सयादोहरूले अंग्रेजी भाषामा दिनुभएका उपदेश क्यासेटहरू खोजी खोजी सुनें। त्यसमध्येमा नेपालका सयादो भन्ते ञाणपुण्णिक र अमेरिकामा बस्नु हुने सयादो ऊ सीलानन्द भन्तेको अंग्रेजी उपदेशहरू दोहोऱ्याइ तेहऱ्याइ कानमै गुन्जिरहने गरिकन सुनेदेखि नै वहाँ सयादोको स्वरसंग एकदम घनिष्ठता भई सयादो भन्तेप्रति अति नै गौरव र प्रसन्नता भएको भयो।



प्रचार प्रसार, उन्नति अभिवृद्धि गर्ने बाल शिविरहरूमा स-साना श्रामणेरहरूलाई असल ज्ञानी सुशिक्षित बनाउनको लागि ज्ञान दिइ बुद्धका अमूल्य अववाद अनुशासनहरूले सासनको आचार, नियम मात्र हैन, व्यवहारमा समेत पनि आफैं अनुभव गरि जान्न बुझ्न सक्ने बनाउनको लागि बुद्धशासनको सार भएको उत्तम आधारभूत सतिपट्ठान विपस्सना भावनालाई पनि उच्च मनोबल र सही चेतनाले कष्ट र थकानको वास्ता नगरिकन अति उत्साहपूर्वक मार्गदर्शन गर्नु हुन्थ्यो ।

यति मात्र हैन, पूर्वी मलेशिया भनिने बोनीयो द्वीपको सबाह प्रदेशतिर बुद्धशासनलाई प्रधान गरी वर्षैपिच्छे सतिपट्ठान



विपस्सना शिविरहरूमा भाग लिन आउने सयभन्दा बढी योगीहरूलाई पनि सहयोग हेरविचार गरी मार्गनिर्देशन दिने क्रममा यो लेखकलाई पनि ध्यानगुरुको रूपमा धेरै वर्षसम्म संग्रह गर्नु भएको थियो । योगीहरू सन्तुष्ट भइ उनीहरूले औधी मन पराएको सबाह प्रदेशको कुन्दासान, माउन्ट कोता किनाबारु पर्वतमुनि रहेको जेन गार्डेन ध्यान केन्द्रका शिविरहरू एकदम सफल छन् । वर्षैपिच्छे पूर्वी मलेशिया तथा अन्य साना द्वीपहरूबाट मात्र नभइकन देशभरीका नै योगीहरू ठाउँ नै दिन नसक्ने अवस्था, ठाउँ पाउन कुर्नुपर्ने अवस्थासम्म पनि पुगेर सफल हुनु भनेको अत्यन्त हर्षित र सन्तुष्ट हुन लायकको बुद्धशासनको उन्नति र अभिवृद्धि नै हो भन्न सकिन्छ ।

सन् २००७ मा कोता किनाबारु विपस्सना ध्यान केन्द्र KKVMS Society ले कोता किनाबारु शहरमा शासनिक कार्यहरू सहज रूपमा गर्न सक्नको लागि एउटा शहर केन्द्र Town Center शुरुवात गरेर निर्माण कार्यहरू सम्पन्न गरी २००८ जुलाई महिनामा भन्ते स्वयं आफै अघि सरेर यो लेखकसहित संघले विमुत्तिसुखाराम ध्यान केन्द्र नामाकरण गरी सफलतापूर्वक उद्घाटन गर्न सकेकोमा यो एक ऐतिहासिक कार्य भयो ।

त्यही वर्षमा वहाँ भन्तेसंगै यो लेखक र अरू संघ पनि उपरोक्त ध्यान केन्द्रमा वर्षावास बसेका थियौं । उप्पलवण्णा गुरुमां सहितको अनागारिका संघ पनि खुशीकासाथ त्यहाँ बसी शासनिक कार्यहरू गरेको त्यो समय जीवनभरको लागि अविस्मरणीय क्षण भएको छ । त्यो वर्षावासको समय ध्यान शिविर र अरू शासनिक कार्यहरू अटुट रूपमा गरी वर्षावासको अन्त्यपछि बुद्धशासनको प्रचलनअनुसार महान् कथिन चीवर सांघिक दान पुण्यकार्य पनि सबैजना एकजुट भएर हर्षोल्लासकासाथ सन्तुष्ट हुञ्जेलसम्म दान गरी कुशलधर्म वृद्धि गरेका थिए । त्यसपछि सयादोहरूको टोली सबाहमा वर्षावासको कार्य सकाएर मलेशियास्थित यो लेखकको निग्रोधाराम ध्यान केन्द्रको महान् पवित्र कथिन चीवर दान कार्यमा सरिक हुनुभइ गरिमा बढाउनु भएको थियो ।

लेखकले स्थापना गरेको यो निग्रोधाराम ध्यान केन्द्र, पेराक प्रदेशको मानजोम, अया तावर शहर नजिक ताडि रूखको जंगलभित्र एकदम शान्त मनोहर वातावरणमा भइ ध्यान रसपान गर्न चाहने सत्पुरुषहरूका लागि अति रमणीय स्थान हो । वर्षभर जुनसुकै समयमा भए पनि आएर ध्यानभावना गर्न सक्ने गरिकन व्यवस्था गरिराखेको छ । अहिले यो केन्द्र स्थापना भएको १८ वर्ष भयो । धेरै योगीहरू सन्तुष्ट हुने गरिकन ध्यान भावना अभ्यास गर्ने ठाउँको रूपमा मलेशियामा प्रख्यात भइ धेरैलाई यो केन्द्रको बारेमा थाहा हुँदै आएको छ ।

महान् कथिन चीवर सांघिक दान पछि सयादोले दाताहरूलाई कथिन धर्मदानको अनुमोदन उपदेश दिनुभयो । पछि वहाँ केही दिन बसेर पिनाङ शहरको मलेशियन बौद्ध भावना केन्द्र र क्वालालम्पूरको विजदम सेन्टर जस्ता स्थानहरूमा चारिका गरी आफ्नो स्वास्थ्य, कष्ट र थकानको परवाह नगरी बुद्धशासनको उन्नति र अभिवृद्धिलाई प्राथमिकता दिइ उत्साहपूर्वक परिश्रम गर्नु भएको विषय उत्साहवर्द्धक र नमुना लिन लायकको छ ।

अहिले वहाँको अभाव महशुस गरी वहाँको अनन्त गुणउपकारहरू स्मरण गरेर वहाँ भन्तेले मार्गदर्शन गर्नुभएका अववाद अनुशासनअनुसार बुद्धशासन चिरकालसम्म स्थिर, उन्नति अभिवृद्धि गर्न आ–आफ्नो ज्ञानबुद्धिले भ्याएसम्म विशेष मिहिनेत परिश्रम गरि परलोक हुनुभइसकेका उपकारक गुरुको पूजा गरौं भनेर प्रेरणा दिन चाहन्छु ।

❖❖❖

# श्रद्धेय ज्ञानपूर्णिक भन्ते मेरो नजरमा



*धम्मवती गुरुमां*
*श्रीघः विहार*

***(बुद्ध जन्मभूमि नेपालमा जहानियाँ राणाशासनकालमै थेरवाद बुद्धधर्मको पुनरूत्थान भएको थियो भने राणाशासनको अन्त्यसँगै यसको पुनर्जागरण भएको थियो । पुनर्स्थापित थेरवाद बुद्धधर्ममा पहिलो प्रव्रजित श्रामणेरको रूपमा भिक्षु महाप्रज्ञाको उदय वि.सं. १९८५ मा भयो । त्यसपछि वि.सं. १९८७ मा श्रामणेर कर्मशील (पछि भिक्षु प्रज्ञानन्द) को उदय भयो, जो स्थविरवादी पहेँलो चीवरधारी भिक्षुको रूपमा काठमाडौं उपत्यकामा प्रवेश गर्नुभयो । उहाँबाट धेरै व्यक्तिहरूलाई प्रव्रजित हुने प्रेरणा मिल्यो । सोही अनुसार पुरुष मात्र नभई बि.सं. १९८८ मा तीन महिलाहरु पनि प्रव्रजित भए, उनीहरु थिए रत्नपाली, धर्मपाली र संघपाली । उहाँहरू सबैलाई आधुनिक नेपालको बुद्धशासनको अग्रज व्यक्तिको रूपमा लिन सकिन्छ ।***

***तथापि बुद्ध जन्मभूमि नेपालमा बुद्धशिक्षाको पठन पाठनको व्यवस्था नभईरहेको सो समयमा बर्माबाट थेरवाद बुद्धधर्मको गहन अध्ययन गरी धम्माचरिय परीक्षा उत्तिर्ण गर्नुहुने पहिलो नेपाली प्रव्रजित धम्मवती गुरुमांसँग पहिलो पुरुष प्रव्रजित धम्माचरिय, दिवंगत डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको बारेमा गरेको कुराकानी । प्रस्तुति : शुभवती गुरुमां)***

**प्रश्न १ : तपाईले ज्ञानपूर्णिक भन्तेलाई कहिलेदेखि चिन्नु भएको हो ?**

**उत्तर** : कहिले र कहाँ भनेर चाहिँ त्यति याद छैन, तर ज्ञानपूर्णिक भन्तेको र मेरो नेपालको गुरु श्रद्धेय बुद्धघोष भन्ते हुनुहुन्थ्यो । म बुद्धघोष भन्तेकहाँ पढ्न जाने बेला, सानो बेलादेखि नै उहाँलाई चिनेको हुँ । पछि म नेपालमा फर्की धर्मकीर्ति विहारको स्थापना पछि ज्ञानपूर्णिक भन्तेको बारेमा केही प्रसंग आयो कि विहारमा आउने छत्रपाटीको एक उपासिकाले जहिले पनि भन्थिन् – “बुद्धघोष भन्ते श्रीघःविहारमा बस्नुभएको बेला ज्ञानपूर्णिक भन्ते सानो बच्चा, श्रामणेर नै नभएको बेलादेखि भन्तेसँग बस्नुभएको र बिरामी भएको बेला सो बच्चा ‘प्याँय् प्याँय्’ गरी रुन्थ्यो रे । फकाउन नै नसक्ने गरि रुने गरेपछि बुद्धघोष भन्तेले पिठ्यूँमा बोकी यताउता डुलाएपछि मात्र रुने कम हुन्थ्यो रे । अनि सबैले ‘भन्ते, विवाह नगरे पनि बच्चालाई बोक्नु पर्ने है’ भनी बुद्धघोष भन्तेलाई जिस्काउँथे रे ।”



**प्रश्न २ : तपाईहरू दुवै जना बर्मा पढ्नु भएको, कस्तो थियो त्यो बेला सम्बन्ध ?**

**उत्तर** : म भन्तेभन्दा पहिले नै गएकी थिएँ । सन १९५४ मा बर्माको रंगुनमा छैठौं संगायना भएको बेला नेपालबाट पनि भन्तेहरू आउनु भएका थिए । त्यो बेला श्रद्धेय बुद्धघोष भन्तेले ज्ञानपूर्णिक भन्तेलाई पनि श्रामणेर गरी साथै लिएर आउनु भएको थियो । केही समय बुद्धघोष भन्ते सँगै बस्नुभयो र पछि उनीलाई बर्मामै छोडेर उहाँ नेपाल जानुभयो । म मोलमिनमा र उहाँ ज्ञानपूर्णिक भन्ते रंगुनको विहारमा बसी अध्ययन गरेका थियौं । कहिलेकाहीँ हाम्रो भेट हुन्थ्यो । त्यो बेला अहिले जस्तो बर्मामा पनि सबै ठाउँमा फोनको सुविधा थिएन, कुरा गर्न पाउँदैनथ्यो । भेट भएको समयमा मैले भन्थें – ‘भन्ते राम्रोसँग पढ्नुहोस्, धम्माचरिय पास नभई नेपालमा नफर्कने भनी अधिष्ठान गरी पढनुहोस् । हामी नेपालमा फर्किई बुद्धधर्मको प्रचार गर्नुपर्छ’ । भन्तेले पनि ‘हस् अमा (दिदी)’ भन्नुहुन्थ्यो ।

त्यही अनुरूप उहाँले पनि धेरै दुःख कष्ट सहेर धम्माचरिय पास गर्नु भई नेपाल फर्कनु भयो ।




**प्रश्न ३ : तपाईहरू दुवै जना धम्माचरिय पास गरी नेपाल फर्कनु भएपछि धर्मप्रचारको विषयमा के कस्तो सल्लाह हुन्थ्यो ?**

**उत्तर :** म नेपाल फर्केपछि धर्मकीर्ति विहारमा बसी आफूले सक्दो धर्मको प्रचार गरें । ज्ञानपूर्णिक भन्ते पनि बर्माबाट फर्किनुभएपछि सुमंगल विहारमा बस्नुभयो । पछि चैत्यमाया उपासिकाले जग्गा दान दिएपछि विश्व शान्ति विहार स्थापना गरी श्रामणेर तालिम केन्द्र स्थापना गर्नुभयो । उहाँ धम्माचरिय पास भई नेपाल फर्किनु भएपछि अंग्रेजी शिक्षा (नेपाल सरकारद्वारा सञ्चालित शिक्षा) पनि अध्ययन गर्नु भएकोले उहाँको अंग्रेजी धेरै राम्रो थियो र देश विदेशमा धर्मदेशना गर्न जानुहुन्थ्यो ।

समय समयमा भेट हुँदा प्रब्रजितहरूको कुरालाई लिएर गुनासो गर्नुहुन्थ्यो – 'हेर्नुस् अमा (दिदी), अहिलेका चेलाचेलीहरू हामी जस्ता छैनन्, हामीले भनेको उनीहरूले मान्दैनन्, हामी उनीहरूले भने जस्तो बस्नुपर्छ । शिक्षालय बनाई बर्मामा जस्तो सक्षम भिक्षुहरू धेरै उत्पादन गर्ने मन थियो, तर सबैजना अलि पढ्छन् अनि चीवर त्यागी गृहस्थमा जान्छन् । अब त शिक्षादान भनी मनमा राखी बसेको छु, अमा" भनी बेला मौकामा सुखदुःखको कुरा गर्दा दुखेसो पोख्नुहुन्थ्यो । हामी आ-आफ्नो तरिकाले धर्मको प्रचार प्रसारमा लाग्यौं, कहिल्यै पनि कुनै पनि विषयलाई लिएर उहाँसँग बहस गर्नु परेन ।

**प्रश्न ४ : तपाईको जीवनीमा आधारित तमि छेत (बर्मी भाषा) को पुस्तक उहाँले नै अनुवाद गर्नु भएको होइन् ?**

**उत्तर :** नेपालमा फर्किनु भएपछि भन्तेले धेरै राम्रा राम्रा बर्मी, पालि पुस्तकहरू नेपाली, नेपालभाषामा अनुवाद गर्नुभयो । अनुवादकै क्रममा उहाँले मेरो जीवनीमा आधारित तमि छेत (उपन्यास) नेपालभाषामा यःम्ह म्ह्याय् नामले अनुवाद गर्नुभयो, जुन धेरै नै लोकप्रिय पनि भयो । त्यसै पुस्तकका लागि उहाँलाई ई. सं १९७० मा नेपालभाषा साहित्य संस्था च्वसापासाबाट श्रेष्ठ सिरपाःबाट पनि सम्मानित गरिएको थियो ।

**प्रश्न ५ : अन्तिम समयमा पनि उहाँसँग कुराकानी भएको होला, भन्तेले केही भन्नुभएको थियो कि ?**

**उत्तर :** हामी आ–आफ्नो तरिकाले धर्मको प्रचार गर्दा गर्दै मलाई क्यान्सर भयो । भन्तेलाई पनि धेरै थरिको रोगले सतायो, सायद बर्मामा अध्ययन गर्ने समयमा खाना नमिलेको कारणले जस्तो लाग्छ । भन्तेको मन त्यति बलियो थिएन । म बिरामी भएको बेलामा मलाई भेट्न आउने समयमा होस् या म उहाँलाई भेट्न जाने बेला, जहिले पनि भन्नुहुन्थ्यो, मेरो मन तपाईंको जस्तो बलियो छैन, औषधी मकै जस्तो खानु पर्छ भनी आँखाभरी आँसु राख्नुहुन्थ्यो ।

त्यो अन्तिम समयमा, उहाँ भन्तेलाई सुमेरु अस्पतालमा राखी राखेको बेला, मलाई याद गरीराख्नु भएको छ भन्ने सुनेर आफू असक्त भए पनि म उहाँलाई भेट्न गएकी थिएँ । गएर, 'भन्ते, जि धम्मवती' भनी आवाज दिँदा उहाँले आँखा उघारी यसो हेर्नु भई 'ए, अमा ला' भनी मेरो हात समात्नु भयो । उहाँले केही पनि खानु भएको छैन भन्ने थाहा पाएर मैले 'भन्ते, रोगलाई जित्नको लागि खाना पनि खानु पर्छ, मन नलागे पनि औषधी सम्झी खानुपर्छ, अनि पो रोगलाई जित्न सकिन्छ । मैले बिस्कुट लिएर आएकी छु, खानु हुन्छ ? भनी सोधें । मुन्टो हल्लाउनु भयो, खाने भनी । अनि बिस्कुट खान दिएँ, सबै खानु भयो । अरूहरूले पनि खाना दिए । मेरो हात समाती नै राख्नुभएको थियो । 'अमा ग्व, ग्व?' भन्नुभयो । ' भन्ते, जि थन हे दु, भन्ते', भनें । केही भन्न लाग्नुभएको जस्तो मलाई पुलुपुलु हेर्नुभयो । बिरामीले असक्त हुनु भएका उहाँ भन्तेले फेरि आँखा चिम्लिनु भयो । हामी पनि फर्की आयौं ।

नेपालका छैठौं संघनायक, ख्यातिप्राप्त धर्मप्रचारक, विपस्सनाका आचार्य, संस्कृत भाषा, पालि भाषा लगायत अन्य भाषाका विज्ञ, बुद्धधर्मका सबल विश्लेषक, ६० वटा भन्दा बढी पुस्तकका लेखक तथा सुप्रसिद्ध अनुवादक डा. ज्ञानपूर्णिक महास्थविर निधन हुनुभयो भनी फोन आउँदा मेरो मनमा अनौठो किसिमको चिसोको अनुभव भयो । थेरवाद बुद्धधर्मको बलियो खम्बा ढल्यो । मृत्युलाई ढीलो चाँडो एक न एक दिन सबैले स्वीकार गर्नु नै पर्छ ।

अन्तमा, उहाँको निर्वाण कामना गरी रूपं जीरति मच्चानं, नाम गोत्तं न जीरति अर्थात रूप जीर्ण भए पनि नाम कहिल्यै जीर्ण हुँदैन । थेरवाद बुद्धधर्मको इतिहासमा उहाँले गर्नुभएका योगदान र नाम कहिल्यै बिर्सिंदैन । ❖❖❖

# श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्तेज्यू संगको श्री पाद यात्राको अविश्मरणीय क्षण



**भिक्षु सोभित महास्थविर**
*गण महाविहार*



संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्तेज्यूसँगको चिनजान, सम्बन्ध आज भन्दा ४५ वर्ष अगाडिदेखिको हो । त्यो बेला म ७ वर्षको थिएँ । उहाँ भन्ते शुरुमा श्री सुमंगल विहारमा र पछि मणिमण्डप विहारमा बस्नुहुन्थ्यो । ती दुवै विहारमा म हजुर बुबा धर्मराज उपासक (पछि भिक्षु संवेजकीर्ति) सँग धर्मउपदेश सुन्न जान्थें । भन्तेको व्यक्तित्व, वाक्शक्ति, धर्मदेशना गर्ने तरिका अतिनै राम्रो थियो, मधुर स्वरका धनी हुनुहुन्थ्यो । भन्तेको उपदेश सुनेर प्रभावित नहुने त कम् मात्रै होलान् । हाम्रो हजुरबुबा र भन्ते बीच अतिनै मिलन थियो । हजुरबुबाले भन्तेलाई धेरै सम्मान, गौरव राख्नुहुन्थ्यो, भन्तेले उहाँलाई सच्चा र इमान्दारी उपासकको रुपमा व्यवहार गर्नुहुन्थ्यो । भन्तेको विहार र हाम्रो घर नजिक भएकोले विहार र भन्तेसँग घनिष्ट सम्बन्ध थियो । आफूले नि संसारमा पुण्य गरेर आएकोले होला, वि.सं २०३८ सालमा बुद्धसासनमा प्रव्रजित हुने सुअवसर पाएँ । श्रामणेर भएपश्चात कार्यक्रमहरुमा उहाँ भन्तेसँग भेटघाट हुन्थ्यो । म अध्ययनको सिलसिलामा श्री-लंका गएँ । म अध्ययनरत रहेको समयमा भन्तेज्यू दुई पटक श्री-लंका आउनु भयो । ई.सं. १९९७ पहिलो पटक भ्रमणमा एक जापानी टोली र नेपाली टोलीसँग आउनु भयो । जापानको धार्मिक संस्था **(निपोन् जान् म्योहोजी** ) संस्था **फुजी गुरु**ले स्थापना गरेको हो । सो संस्थाले विश्वका विभिन्न देशमा शान्ति स्तूप स्थापना गरेको छ । श्री-लंकाको विभिन्न सहरमा पनि शान्ति स्तूप स्थापना गरेको छ । ती मध्ये श्री-लंकाको अतिनै पूजनीय स्थल, **श्रीपाद** जाने बाटोमा अवस्थित शान्ति स्तूप स्थापना भएको २५ वर्ष पूरा भएको उपलक्ष्यमा ठूलो कार्यक्रम आयोजना भएको थियो । कार्यक्रमपश्चात, मैले भन्तेलाई "भन्ते, **श्रीपाद** ऊ त्यो माथि डाँडामा हो" भनेर



देखाएँ। भन्तेले "मलाई जाने ठूलो ईच्छा छ, जान सकिन्छ कि सकिन्न" भनेर डाँडा चुचुरो देखेर आत्तिनु भयो । आश्वासन दिदै मैले उहाँलाई भनें, "भन्ते जाने भए म लिएर जान्छु"। एक हातले लौरो समाउन दिएँ, अर्को हात मैले समाएर बडो सावधानीपूर्वक रातभरी हिँडेर बिहान **श्रीपाद**मा सकुशल पुग्यौं । श्रीपाद दर्शन गराउन सफल भइयो। त्यो बेला भन्ते यत्ति खुसी हुनुभयो कि बयान गरेर साध्य छैन । "आवुसो सोभितले गरेर म यहाँसम्म पुगें, **श्रीपाद** दर्शन गरें " भनेर मलाई धेरै साधुवाद दिनुभयो। श्रीपाद दर्शनपश्चात ठूलो उपलब्धि भएको कुरा भन्तेले बरोबर सुनाउन हुन्छ कि, धेरै वर्षदेखि ढाड दुख्ने समस्या भईराखेको, **श्रीपाद** दर्शन गरेर त्यो सबै निको भयो, हट्यो भनेर । पहिलो भ्रमणमा धेरै सेवा गर्ने मौका पाएँ, सबै जना सकुशल नेपाल फर्कनु भयो ।

फेरि दोस्रो पटक ई.सं १९९९ सालमा कोलम्बो शहरमा आयोजना भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा भाग लिनको लागि आउनु भयो । मैले पनि भन्तेसँगै सम्मेलनमा भाग लिएको थिएँ । सम्मेलन अवधिभर भन्तेको सहयोगीको रुपमा काम गरें । भन्तेले बरोबर भन्नुहुन्थ्यो, "आवुसो सोभित भएकोले मलाई अति नै सजिलो भयो ।" तीन दिनसम्म चलेको सो सम्मेलनको अन्तिम दिन घोषणापत्र जारी गर्ने क्रममा बैशाख पूर्णिमालाई विश्वको ठूलो संस्था **'यू एन'**ले सार्वजनिक बिदाको घोषणा हुनुपर्छ, बैशाख पूर्णिमा लाई **'यू एन'**ले मान्यता दिनु पर्छ र मनाउनु पर्छ भनेर घोषणा पत्र जारी भयो । सो सम्मेलन पश्चात, घोषणापत्र लाई मान्यता दिदै **'यू एन'**ले बैशाख पूर्णिमा मनाउने शुरु गरेको हो । बौद्धहरुका लागी यो ठूलो उपलब्धि हो, खुसीको विषय हो । सो सम्मेलनमा ३२ राष्ट्रका १५० जना भन्दा बढी प्रतिनिधिहरुले भाग लिएका थिए । सम्मेलन भव्यताका साथ सम्पन्न भयो ।

केही समयको अन्तरालमा म आफ्नो अध्ययन सकेर नेपाल फर्कें। यहाँ आएपछि समय समयमा भन्तेलाई भेट्ने, दानप्रदान गर्ने गर्दथें । भेट्न जाँदा अतिनै खुसी हुनु भएर "हामीलाई ख्याल गर्न आउने त आवुसो सोभित मात्र हो" भन्ने गर्नुहुन्थ्यो। भेट्न जाँदा भन्ते धेरै धेरै खुसी भएको देख्छु। उहाँ संघनायक भन्तेज्यूले नेपालको थेरवादी बुद्धसासनको लागी आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नु भयो, ठूलो योगदान दिनु भयो। बुद्धसासनको भविश्यप्रति सधैं चिन्ता गर्नुहुन्थ्यो। भन्तेको योगदान अतिनै आवश्यक परेको बेलामा वहाँ यो संसार छोडेर जानु भयो। मृत्युलाई कसैले रोक्न सक्दैन । संघनायक भन्ते हामी बीच अब हुनुहुन्न, तर वहाँले गरेका अतुलनीय योगदानलाई कृतवेदी बौद्ध जगत र नेपालीले सदा सम्झने छ र भन्तेको कीर्ति नाम अनन्तसम्म रहने नै छ ।

**'रुपं जीरति मच्चानं, नाम गोत्तं न जीरति'**
**'रूप जीर्ण भएता पनि राम्रो काम,**
**राम्रो नाम, कहिल्यै पनि जीर्ण हुँदैन' ।**
**नेपालका सातौं संघनायक श्रद्धेय भन्तेज्यूको सुगति र निर्वाण कामना ॥**

❖❖❖

# उपकारक गुरूवर
# श्रद्धेय डा. ज्ञानपूर्णिक महास्थविर



**भिक्षु उदयभद्र महास्थविर**
*सद्धम्मजोतिकधज*



'आचरियो गुणो अनन्तो अर्थात् गुरुआचार्यका गुणउपकार अनन्त हुन्छ ।' हरेक मानिसको जीवनमा गुरुआचार्यको अनिवार्यता रहेको हुन्छ । गुरुआचार्यको माध्यमबाट प्राप्त ज्ञानगुणका शिक्षाहरू, नीतिशास्त्रहरू, नैतिक र व्यावहारिक उपदेशहरूले शिष्यहरूका जीवनमा सधैं प्रभाव पारेको हुन्छ । गुरुआचार्यको सहयोग विना शिष्यहरूको जीवन सफल हुन सक्दैन । सफल जीवनको प्राप्ति हेतुले शिष्यमा गुरुआचार्यको महत्व अधिक रहेको हुन्छ । मेरो जीवनमा नेपालका सातौं संघनायक, अग्गमहापण्डित, सासनधज धम्माचरिय परमपूज्य दिवंगत श्रद्धेय भिक्षु डा. ज्ञानपूर्णिक महास्थविरज्यूको उपकार गुणलाई स्मरण गर्न चाहन्छु । वहाँ गुरुवर भन्तेको आर्शिवाद, अनुकम्पा, उपकार, करुणाको कारण मैले दुर्लभ प्रव्रजित जीवन प्राप्त गरें । वहाँ गुरुवर भन्तेबाट प्रव्रजित जीवनसँग, विनय र अभिधर्म तथा दुःख मुक्तिको साधना विपश्यना ध्यान सिक्ने र अभ्यास गर्ने मौकाको अवसर पाएँ । वहाँको यही अनन्त उपकार गुणलाई स्मरण गरिरहेको छु । मैले सम्झिरहेको छु कि यो मनुष्य जीवनमा कुन समयमा कुन अवस्थामा के हुन्छ, थाहा छैन र भविष्यलाई कसैले नत देखेको छ । नत अनुमान नै लगाउन सकिन्छ ? यो वाक्य मेरो जीवनमा लागू भइरहेको छ । किनभने म ज्ञवाली परिवार 'ब्राम्हण' कुलमा जन्में र हिन्दु धर्म संस्कारमा जीवन बिताइरहेको मान्छे । तर वर्तमान समयमा प्रव्रजित जीवन बिताइरहेको



छु र त्रिरत्नको सेवामा समर्पित छु। विश्व शान्ति विहार र गुरुवर भन्तेको उपकार गुण स्मरण गर्न चाहन्छु । मेरो प्रव्रजित जीवन पूर्व र प्रव्रजित जीवन प्राप्त पछिका घटनालाई दर्शाउने गरी लेख्ने प्रयास गर्नेछु।

म वि.सं. २०४३ साल चैत्र ६ गते (शुक्रवार) का दिन काठमाण्डौंबाट मेरो नयाँ यात्राको आरम्भ हुन्छ। त्यो बेला काठमाण्डौंमा अहिले जस्तो मानिसको चाप थिएन। म, आमा, ३ भाइ र एक बहिनी गरी ६ जनाको परिवार गौशाला नजिकै सानो कोठामा मिलेर बसेका थियौं। एक दिन 'म' गौशालाबाट बसमा रत्नपार्कतिर जाँदै थिएँ। बसमा यात्रा गर्दै जादाँ तिनकुने पार भए पछि मेरो आखाँ बाग्मती किनारमा अवस्थित एउटा सानो भवनमा विश्व शान्ति विहार भनेर लेखेको (बोर्ड) पढने मौका पाएँ। म धेरै जसो गौशालाबाट रत्नपार्क जाने बेला त्यो विहार दर्शन गर्ने गर्थे। एक दिन मनमा कौतुहल लिँदै विहान त्यो सानो विहारको ढोकामा मेरो नजर पुग्यो। ढोकाको बाहिरबाट भित्र पस्दै गरेको पहिलो वस्त्र धारण गरेको एक जना भिक्षु देखैं। अर्को दिन विहान भिक्षुसंग भेट गर्न विहारमा पुगें र भिक्षुलाई नदेखेपछि बाहिर उभिरहेकी एक महिलालाई सोधैं, भिक्षु विहारमा हुनुहुन्छ ? महिलाले भनिन् भन्ते भर्खरै पाटन जानु भयो। ती महिलाबाट भिक्षुलाई भन्ते भन्नुपर्छ भन्ने थाहा पाएँ। म खिन्न भई फर्कें। भन्तेलाई भेटन दुई, तीन चोटी प्रयास गरे तर विफल भएँ। एक दिन रत्नपार्क पुगेको थिएँ। बाटोमा एक जना भिक्षु तिर नजर गयो। झट्ट हेर्दा बर्मी जस्तो लाग्यो। वहाँले लगाउनु भएको चप्पल, चीवर लगाउने तरिकाले बर्मी भन्ते हो भनी थाहा पाएँ। वहाँको अगाडि पुगेर नमस्कार गरैं। मैले जिज्ञासु स्वभावमा सोधैं तपाई बर्माबाट आउनु भएको हो ? वहाँ भन्तेले हो भन्नु भयो र म अहिले कुशीनगर भारतबाट आएको हुँ भन्नुभयो। मलाई बर्मी भाषा राम्रोसँग बोल्न आउथ्यो त्यसैले मैले बर्मीज भाषामा कुरा गरैं। किनभने मेरो बाल्यकाल बर्मा देशमा बितेको थियो। म नेपालको नागरिक भएको कारणले आफ्नो मातृभूमि नेपालमा सपरिवार फर्केका थियौं। वहाँ बर्मी भन्तेसंग एक छिन उभिएर कुरा गरैं। वहाँ भन्तेले सोध्नुभयो-'आसपासमा एउटा बुद्ध विहार छ। त्यस विहारमा भिक्षु सुमंगल बस्नु हुन्छ। वहाँ भन्तेको विहार कता छ ?' सोध्नु भयो। मैले भन्तेलाई भनैं - 'मलाई त्यस विहारको बारेमा थाहा छैन तर म खोज्नको लागि सहयोग गर्नेछु।' भनी उत्तर दिएँ। सजिलै विहार फेला पऱ्यो। सुमंगल भन्ते पनि विहारमै हुनुहुँदो रहेछ। वहा वर्मी र सुमंगल भन्ते बीच हिन्दीमा कुराकानी भयो। सुमंगल भन्तेले मेरो पनि परिचय लिनुभएको थियो। सुमंगल भन्तेले भन्नुभयो शखंमूलको बागमतीमा बालुवा

निकाल्दा भगवान् बुद्धको मूर्ति फेला परेको छ, त्यो मूर्ति हामीले बनाइ राखेको शखंमूल ध्यान केन्द्रमा छ, त्यो मूर्ति दर्शन गर्न जाउँ भन्नुभयो । हामी तीनै जना शंखमूलतिर भन्तेको गाडीबाट गयौं । त्यहाँ पुगेर मूर्तिको दर्शन गर्दा धेरै प्राचीन बुद्धमूर्ति रहेछ । बुद्धको प्रतिमा दर्शन गर्न पाउँदा मनमा खुशी, आनन्द भएको थियो । हामी तीनै जना शंखमूलबाट विश्व शान्ति विहारमा पुग्यौं । विहारमा बस्नु हुने भन्तेज्यूसँग भेट भयो । वहाँको नाम भिक्षु ज्ञानपूर्णिक महास्थविर रहेछ । बर्मी भन्ते र सुमंगल भन्तेसँग भिक्षु ज्ञानपूर्णिक भन्ते गहन वार्तालाप गर्नु भएको थियो । वहाँको वार्तालाप गर्ने शैलीबाट म प्रभावित भएको थिएँ । वहाँ भन्तेले मेरो परिचय सोध्नु भयो र मैले सजिलै परिचय दिएँ । त्यही समय चिनी गुरुमांसँग पनि भेट कुराकानी भएको स्मरण गर्न चाहन्छु । यो मेरो जीवनको एक नयाँ मोड थियो ।

म वि.सं. २०४३ साल तिर गौशालाबाट पाटनमा सपरिवार बस्न आयौँ । पाटनमा पनि ज्ञानपूर्णिक भन्तेसँग समय समयमा भेटघाट हुने गर्थ्यौं । ज्ञानपूर्णिक भन्ते धर्म उपदेशको लागि विश्व शान्ति विहारबाट पाटनको मणिमण्डपमा हिंडेर जानुहुन्थ्यो । त्यसैले हाम्रो धेरैजसो भेटघाट हुने गर्थ्यो । मैले पछि थाहा पाएँ चाकुपाटमा चिनी गुरुमांको पनि विहार रहेछ । म चिनी गुरुमांलाई भेट्न चाकुपाट जाने गर्थें । चिनी गुरुमांले मलाई प्रव्रजित हुनको लागि प्रेरणा दिनुहुन्थ्यो । मैले म अवश्य एक दिन प्रव्रजित हुनेछु भन्ने गर्थें । परिवारको आर्थिक अवस्था सुधार गर्न परिवारको सल्लाहमा साउदी अरब गएँ । २ वर्ष ६ महिना काम गरी स्वदेश फर्कें । २०५२ सालतिर गुर्जुधारामा एउटा घर बनाएँ । यसै वर्ष मेरो पुरानो इच्छा प्रव्रजित हुने कुरा आमालाई सुनाएँ । आमाले अनुमति दिनुभयो । आमाबाट अनुमति प्राप्त गरेपछि कहाँ प्रव्रजित हुने त ? भनी ठूलो समस्या आयो र ज्ञानपूर्णिक भन्तेको याद आयो । प्रव्रजित निश्चित गरी विश्व शान्ति विहारमा ज्ञानपूर्णिक भन्तेसँग अनुमति लिई बस्न थालें । विहारहरूमा बस्न आउँदा तत्कालै प्रव्रजित व्यवस्था नहुँदो रहेछ । भिक्षु महासंघबाट अनुमति चाहिने रहेछ । श्रद्धेय ज्ञानपूर्णिक भन्तेले दुईचोटी सम्म मेरो प्रव्रजितको लागि भिक्षु महासंघमा प्रस्ताव राख्नु भएको रहेको छ तर अनुमति भएन । अनुमति नपाउँदा म निराश भएको थिएँ । मैले भन्तेलाई भनें 'भन्ते मेरो प्रव्रजित हुने कर्म रहेन छ, म घर नै फर्किन्छु ।' भन्तेले भन्नु भयो 'निराश हुनुपर्दैन म प्रयास गरिरहेको छु ।' प्रयासको फलस्वरूप भिक्षु महासंघले अनुमति प्रदान गर्‍यो । गुरुवर भन्तेले मेरो सम्पूर्ण जिम्मा लिनुभयो । वि.सं.२०५३ वैशाख १४ गतेका दिन श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर उपाध्याय गुरु र श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर आचार्यत्व बनी मलाई सामणेर दिक्षा दिनुभयो । यो अहिलेको ठूलो विश्व शान्ति विहारमा पहिले श्रामणेर बन्ने मौका पाएँ । ९ महिनासम्म विहारमा बसी विनय र अभिधम्मका विषयमा गुरुवर भन्तेबाट शिक्षा प्राप्त गरें । म विहारमा आउँदा विश्व शान्ति विहारको पुन : निर्माण कार्य भइरहेको थियो , त्यो कार्यमा मैले पनि सेवा गर्ने मौका पाएँ । गुरुवर भन्ते, बोधिज्ञान भन्ते, यशधम्म भन्ते, श्रामणेर वजिरबुद्धि, श्रामणेर ज्ञानभद्र र म हामी सबैले विहार निर्माण कार्यमा आ-आफ्नो क्षेत्रबाट सेवा गरेका थियौं । त्यो बेला श्रामणेर प्रज्ञाज्योति (अहिले वहाँ उपासक राजु महर्जन) श्रामणेर निग्रोध (अहिले विश्व शान्ति विहारका उपप्रमुख भिक्षु निग्रोध) वहाँहरू अध्ययनको सिलसिलामा बर्मा जानु भएको थियो । मेरो नौ महिनाको कार्यकालभित्र श्रामणेर वजिरबुद्धि (हाल भिक्षु वजिरबुद्धि) अध्ययनको लागि ताइवान र श्रामणेर ज्ञानभद्र श्रीलंका तिर जानुभयो । हामी चार जना मात्र रह्यौं । फेरि म पनि भन्तेहरू र नयाँ बनेका दुई जना श्रामणेर छोडेर २०५३ पुष २८ गते बर्मातिर लागें । बर्मा पुगेर डकाजी ऊ चए डकमाजी ड नानुट सपरिवारहरू चतुप्रत्ययको रूपमा रही भद्दन्त ऊ.सूर्य महास्थविरको उपाध्यायत्वमा २०५३ फागुन १० गते म श्रामणेरबाट उपसम्पदा भिक्षु भएँ । भिक्षु भई सकेपछि भिक्षु विनय र अभिधर्मको अध्ययन गरी फर्कें । म ब्राम्हण कुलको भएकोले प्रव्रजित हुन सहज थिएन तर गुरुवर भन्तेको कृपाले भन्ते हुन सके । गुरुवर भन्तेलाई भन्ने गर्थें - 'भन्ते मलाई हजुरले धेरै उपकार गर्नु भएको छ ।' उत्तरमा भन्तेले भन्नुहुन्थ्यो - 'उदयभद्र तपाईले आफूले गरेको कुशलकर्मको कारणले प्रव्रजित हुन पाउनु भएको हो म त एउटा माध्यमको रूपमा मात्र हुँ । तपाईले शासनको लागि काम र धर्मप्रचार गर्नु होस् त्यसैमा खुसी छु' भन्ने गर्नुहुन्थ्यो । त्यसैले होला बुद्धधर्म प्रचारप्रसारको लागि विभिन्न नयाँ ठाउँमा बर्षावासको लागि जान्थें । गोदावरीको शान्ति वन, धुलिखेलको पूर्वाराम विहार, मनमैजु ध्यान केन्द्र, भारतको श्रावस्ती, बुद्धगया, मध्यप्रदेशको बालाघाट र अरूणाचलमा बर्षावास बस्ने मौका पाएको थिएँ । म विश्व शान्ति विहारमा निरन्तर १८ वर्षसम्म गुरुवर भन्तेको छत्र छाँयामा बसें । बीचमा चार बर्षावास भारतमा बसी पुनः नेपाल फर्कें । नेपाल फर्की सकेपछि पुनः गुरुवर भन्तेको

शासनिक कार्यमा सहयोग गर्ने विचार थियो । भारतको लद्दाकबाट भद्दन्त संघसेन महास्थविर नेपाल आउनु भएर गुरुवर भन्ते र निग्रोध भन्तेसंग श्रावस्थीमा बर्षावासको लागि नेपाली भिक्षु चाहिएको छ भनी छलफल गर्नुभएको रहेको छ । भन्तेहरूले मलाई पठाउने निधो गर्नुभएको रहेछ । यी सबै कुरा गुरुवर भन्तेबाट थाहा पाए । मेरो पनि ठूलो इच्छा थियो । भगवान् बुद्धले २५ बर्षावास बसेको श्रावस्तीमा म पनि बर्षावास बस्न पाए हुन्थ्यो भनी विचार गर्ने गर्थें । आज मेरो विचार गुरुवर भन्तेले पूरा गरिदिनुभयो भनेर सहर्ष स्वीकार गरी खुसीले गद्‌गद् भएँ । मैले मेरा कुरा पनि भन्तेसंग राखें । त्यसो भए भन्ते मैले श्रावस्तीमा बर्षावास पूरा गरिसकेपछि हामी सबै त्यहाँ बसेका भिक्षुहरू धर्मयात्रामा जानुपर्छ, त्यसपछि बुद्धगयामा त्रिपिटक संभ्कायन हुन्छ र फेरि २०२० मा feb 9 तारिक देखि March 26 तारिकसम्म ४५ दिनको ध्यान शिविर छ, April भित्र नेपाल फर्किन सक्छु भनेर मेरा कुरा रखे । भन्तेले पनि भारतमा गर्नुपर्ने स्वीकृति दिनुभयो । वर्षावास अवधिमा गुरुवर भन्तेसित टेलिफोन मार्फत कुराकानी हुन्थ्यो । आवुसो अमतो र आवुसो विपुलसार (आशिष) ले सहयोग गर्नु भएको थियो । भन्तेलाई भन्ने गर्थें 'भन्ते तपाईलाई सेवा गर्न पाएन क्षमा गर्नुहोस्' भन्तेले भन्नु हुन्थ्यो 'तपाईको शासनको कामबाट खुसी छु, हामी टाढा भए पनि मनबाट नजिक नै छौं' भन्ने गर्नु हुन्थ्यो । शिविर सकेर मैले गुरुवर भन्तेसंग कुरा गर्न बोधिज्ञान भन्तेलाई फोन गरेको थिएँ । बोधिज्ञान भन्तेले गुरुवर भन्तेसंग कुरा गर्नु हुन्छ भन्नु भयो । बोधिज्ञान भन्तेको मद्दतबाट कुशलवार्ता गर्न पाएँ । गुरुवर भन्ते शौचालयमा हुँदा अलि कुरा गर्न ढिला भएको थियो । वहाँ गुरुवर भन्तेले क्षमा माग्नु भएको थियो । मैले गुरुवर भन्तेलाई भनें 'भन्ते चेला संग क्षमा माग्नु पर्दैन ।' वहाँ हाँस्नु भयो । त्यो पललाई कहिल्यै पनि बिर्सने छैन । त्यो अन्तिम वार्तालाप पनि थियो । एउटा कुरा स्मरण आयो- गुरुवर भन्ते संग म एक जना उपासकको घरमा महापरित्राणमा गएका थियौं । हामी संगै धर्मपाल भन्ते पनि हुनुहुन्थ्यो । भोजन खाइरहँदा गुरुवर भन्तेले अलि गाँस भोजन खान सक्नु भएन । मलाई हेर्दै भन्नु भयो 'उदयभद्र अलि भोजन फालें है मलाई माफ गर ल' भन्नु भयो । मैले भन्तेलाई भने 'भन्ते यस्तो सानो कुरामा पनि क्षमा माग्नु पर्छ र ।'

अहिले ती पुराना घटनाहरू स्मरण गर्दा गुरुवर भन्ते साँच्चै नै आदर्शवान, करुणावान हुनुहुन्थ्यो । गुरुवर भन्ते को अन्तिम अवस्थामा फोनमा कुरा भएको थियो । मैले गुरुवर भन्तेसँग क्षमा प्रार्थना गरेको थिएँ । गुरुवर भन्तेले 'तपाईले कहिलै पनि गल्ति नगरी मेरो र विहारको सेवा भएको छ, तपाईलाई साधुवाद' । भनी मलाई भन्नु भएको थियो । मैले पुनः भने 'हजुरको, नेपालको, विश्व शान्ति विहार यी तीन क्षेत्रलाई इज्जत जाने गरी कहिल्यै नराम्रो काम गरेको छैन र कहिल्यै पनि गर्न नपरोस् ।' भन्तेले मलाई प्रशंसा गर्दै भन्नुहुन्थ्यो ' उदयभद्रको टाउको ठूलो छ सीवली हो भनेर प्रशंसा गर्नुहुन्थ्यो ।' गुरुवर भन्तेको छत्रछायामा बसी शासनिक कार्य गरेको कारणले गर्दा बर्मा (म्यानमार) सरकारबाट सन् २०११ जनवरी ४ तारिकका दिन 'सद्धम्मजोतिकधज' बाट विभूषित गरेको थियो । त्यो कुरा भन्तेलाई बर्माकी उपासिकाले भिक्षु उदयभद्र भन्तेलाई उपाधि प्राप्त भयो भनी बताउनु भएको रहेछ । एकाविहानै गुरुवर भन्तेले खुसी हुदै Congratulation भन्नु भयो । मैले सोधेँ के को लागि ? भन्दा गुरुवर भन्तेले तपाईले उपाधि प्राप्त गर्नुभयो । यसरी गुरु र चेला थियो । जति राम्रो सम्बन्ध भए पनि गुरुवर भन्तेले संसारको अनित्य, दुःख र अनात्म स्वभावलाई प्रमाणित गरी ८१ वर्ष उमेरमा वि.सं. २०७७ असार १९ गतेको दिन दिवंगत हुनु भयो । गुरुवर भन्ते दिवंगतको खबर बोधगयामा एकाबिहानै थाहा पाए, धेरै दुःख लाग्यो । मलाई प्रेरणा, उपकार गर्ने गुरुवर भन्तेको अन्तिम दर्शन, दाहसंस्कारमा उपस्थित हुन नसकेको कारण दुःखी भएँ र गुरुवर भन्तेले मलाई भारत पठाएको हुँदा त्यो दुःखलाई सहन गरेँ । बोधगयामा भन्तेको परलोक जीवन राम्रो होस् भनी परित्राण पाठ, दान आदि कुशलकर्म गरी पुण्यानुमोदन गरेको थिएँ । अन्त्यमा वहाँ दिवंगत भएता पनि गुरुवर भन्तेको उपकारगुण र प्रेरणालाई सधैं स्मरण गरिरहने छु । गुरुवर भन्तेको उपकारलाई यो कलमले जति लेखे पनि अपुरै छ, अन्त्यमा गुरुवर भन्तेलाई जन्मनु, बुढो हुनु, रोगी हुनु यी सबैबाट मुक्त होस् भनी कामना गर्दछु । त्यस्तै मलाई उपकारी श्रद्धेय गुरुवर भन्तेसंग सम्पर्क गराइदिने भद्दन्त डा. ज्ञानेश्वर महास्थविर (बर्मी), सुमंगल भन्तेहरूको कृतज्ञ गुणलाई कहिल्यै बिर्सन सकिदैन । बोधिज्ञान भन्ते, यशधम्म भन्ते, निग्रोध भन्ते र चिनी गुरुमांप्रति सदैव कृतज्ञ रहनेछु ।

**भवतु सब्ब मंगलं ॥**

**चिरं तिट्ठतु बुद्धसासनं ॥**

❖❖❖

# ज्ञानपूर्णिक भन्तेको स्वास्थ्य सेवामा विदेशी दाताहरूको सहयोग



भिक्षु उत्तरो
*विश्व शान्ति विहार*



भिक्षु ज्ञानपूर्णिक भन्तेले भन्ने गर्नुहुन्थ्यो कि, “मलाई त सबैभन्दा भाग्यमानी र अभागी पनि मै जस्तो लाग्छ ।” हुन पनि हो । उहाँको इज्जत र प्रतिष्ठाले उहाँलाई आफ्नो शासनिक कामको थालनी गरेपछि केही कुराको कमी हुन दिएन भने अर्कोतर्फ विभिन्न रोगहरूले उहाँलाई जीवनपर्यन्त पनि छाडेन । भाग्य भनौं कि दुर्भाग्य, एकातर्फ बर्षौंदेखि रोगसँग घम्साघम्सी गर्नुपऱ्यो भने अर्कोतर्फ सबै चुनौतिलाई पार गर्दै उहाँ अर्थपूर्ण र लामो जीवन बिताउन सफल हुनुभयो । तानसेनको बाटोमा खेल्दै हुर्कनुभएका उहाँलाई घरको आर्थिक स्थिति कमजोर भएतापनि मिठो खुवाउने र चिटिक्क पारेर राख्ने कुरामा उहाँकी प्यारी आमा कहिल्यै चुक्नुभएन । त्यही सफासुग्घर हिरालाललाई (भावी ज्ञानपूर्णिक) देखेर पनि बुद्धघोष भन्तेले उहाँलाई आफ्नो चेला बनाउन एकदमै इच्छित भएको कुरा बताउनुहुन्थ्यो । यही बच्चाको बानीले ज्ञानपूर्णिक भन्ते जहाँ गएतापनि आफ्नो ठाउँ सफासुग्घर राख्नमा र खानपिनमा जहिले पनि सचेत हुनुहुन्थ्यो । आफ्नो शारीरिक व्यायाम, खानपान र रहनसहनमा एकदमै अनुशासित भएको कारणले पनि होला उहाँ ८० वर्षको उमेर हुँदा पनि हट्टाकट्टा नै देखिनु हुन्थ्यो भने अस्पताल भर्ना हुनु अघिको दिनसम्म पनि हाम्रो सहायता बिना नै हिँड्डुल गर्न सक्नुहुन्थ्यो ।

### रोगको सुरुवात

ज्ञानपूर्णिक भन्तेले बर्मामा ११ वर्षको अध्ययन पछि वरिष्ठ धर्माचार्य उपाधि हासिल गर्नुभई ३ वर्षसम्म सरकारी स्तरको पालि-बर्मिज विश्व शब्दकोषको लागि आफ्नो समय दिनुभयो । तत्पश्चात आफ्नो गुरु विशुद्धाभिवंश सयादोको अनुरोधमा उहाँ ११ वर्षपछि बर्मा छोडेर बनारसको संस्कृत विश्वविद्यालयमा संस्कृत पढ्न जानुभयो । बुद्धले “जिघच्छा परमा रोगा” अर्थात् भोक नै सबैभन्दा ठूलो रोग हो भने जसरी नै जम्मा ६० भारतीय रुपैँया बोकेर भारत पस्नुभएका उहाँ पैसाको अभावले एकदमै कष्टकर विद्यार्थी जीवन बिताउनु परेको थियो । सोभ्रा र लजालु स्वभावका उहाँ भन्ते कसैलाई





केही चाहियो भनेर नभन्ने भएकोले खानपिनमा ठूलै बाधा आईपऱ्यो । उहाँले सबैभन्दा सस्तो चना किनेर त्यहि चनालाई राति भिजाएर बिहान जलपानको रूपमा खाएर बस्नुहुन्थ्यो । पेटभरि खानको लागि भने उहाँ रेवत भन्तेको बर्मिज विहारमा हप्ताको एकचोटि जानुहुन्थ्यो । पैसाको अभावले जाडोमा पनि टिसर्ट नलगाई एउटा खास्टोमात्र ओढेर बिताउनुभयो । तेजिलो दिमागका उहाँले यसरी दुःख कष्ट गरी २ वर्षको अध्ययन १ वर्षमै पूरा गरि नेपाल फर्कनुभयो । रोग पेटबाट सुरु हुन्छ भनेजसरी नै खानाको कमीले उहाँलाई ग्याष्ट्रिकले सताउन थाल्यो । शरीर चिसोले काँप्ने र राति सुत्नै नसकि बान्ता हुनथाल्यो भने झाडापखालाले पनि सताउन थाल्यो ।

विभिन्न स्वास्थ्य समस्याका बाबजुद पनि उहाँ रसिया, मंगोलिया, बेलायत आदि देशहरूमा शासनिक कार्य गर्दै सन् १९८२ मा Neshville, Tenesse, USA को विहारमा धर्म प्रचारप्रसारको लागि पुग्नुभयो । तर त्यसबखत बुद्धधर्ममा आस्थावान व्यक्तिहरू त्यति नभएकोले उहाँ प्रायजसो फुर्सदमै रहनुभयो र नेपाल आउने भरपूर प्रयास पनि गर्नुभयो । तर उहाँलाई राख्नुहुने दाताले त्यहाँबाट फर्काउन इच्छा नगरेकोले उहाँलाई फकाएर राख्न साह्रै मीठो र स्वादिष्ट खानपान गराएर त्यहीँ अड्काइराखे । भन्तेले भन्नुपनि भएको थियो कि उहाँ अमेरिकामा छँदा उहाँको टाउको त मोटाएर ठूलो बेलुनजस्तै भएको थियो रे । पछि त्यहाँ डाक्टरसँग जँचाउन जाँदा उहाँको कोलेस्टोरेल लेभल १००० नाघिसकेको थियो । डाक्टर पनि त्यस्तो उच्च कोलेस्टोरेल भएको व्यक्ति कसरी हृदयघात (heart attack) र पक्षाघात (paralysis) नभईकन बाँचिरहेको भनी अचम्मै भएका थिए । १ वर्षको अमेरिकाको बसाईपछि उहाँ यसरी पहिलो चोटि गम्भीर रोगबाट ग्रसित भई लण्डन फर्कनुभयो र लण्डनमा brother Allen को केही महिनाको हेरचाहपछि चाँडै नै नेपाल फर्कनुभयो ।

**दाताहरूको सहयोग**

सन् १९९२ मा भन्ते जापान भ्रमणमा जानुभयो । त्यहाँ पैदल यात्रा जानुहुँदा मधुमेह रोगको केही लक्षणहरू देखा परिसकेको आशंका गरिएको थियो । जापानबाट उहाँ सिधै सिंगापुरतर्फ प्रस्थान गर्नुभयो । सिंगापुरमा स्वास्थ्य परीक्षण गराउँदा मात्र उहाँलाई मधुमेह रोग लागेको थाहा भयो । त्यसबखत Bro David Chong, Singapore बाट धेरै सहयोग भएको थियो ।

सन् १९९३ मा फेरि उहाँलाई आँखामा virus infection भएर झण्डै अन्धो हुनु परेको थियो । त्यसबखत Dr. Beh (Johor, Malaysia) सहित केही मलेसियन दाताहरू नेपाल आएको समय परेकोले उहाँलाई सिंगापुरमा आँखा जचाउनको लागि तुरुन्त जान भनी अनुरोध भयो । जोहोर र सिंगापुर नजिकै भएकोले भन्ते जोहोर, मलेसियामा बसेर हप्ताको २ चोटि सिंगापुरमा आँखा उपचारको लागि जानुहुन्थ्यो । Dr. Arthur Lim जस्तो विश्व प्रसिद्ध आँखा विशेषज्ञसँग Appointment सबै मिलाउने काम Dr. Beh ले गर्नुभयो भने John Choi (Sabah, Malaysia) विशेष सहित अरू मलेसियन दाताहरूले त्यस्तो सुविधासम्पन्न अस्पतालमा उच्चतम तहको स्वास्थ्य सुविधा दिन आर्थिक सहयोग गर्नुभयो ।

सन् १९९४ सम्म मधुमेहमात्र जाँच गरिरहेको अवस्थामा sister Sujan & Lin Loo (Klang, Malaysia) ले भन्तेको मुटु पनि एकचोटि जँचाउनको लागि प्रार्थना भयो । संयोगवश त्यतिनै बेला भन्तेको मुटुको नसा खुम्चिएर रगत आदानप्रदान हुन नसकेको रहेछ र त्यसैको लागि उनीहरूको आर्थिक सहयोगमा नै भन्तेको मुटुमा angioplasty पनि गरियो ।

२००६ मा Sabah, Malaysia मा ध्यान शिविर चलाईरहँदा पिसाब फेर्न गाह्रो भएको महसुस गरी जँचाउन लग्दा मूत्रनलीमा मासु पलाएको रिपोर्ट आयो ।



त्यसबखत दुई दाजुभाई Steven & C.P. Chong, Sabah सहितका दाताहरूको सहयोगले सर्जरी पनि सफलताका साथ सम्पन्न भयो ।

सन् २००९ मा पुनः भन्तेलाई angioplasty गर्नको लागि मलेसियामा लगिएको थियो । फेरि २०१२ मा भन्तेलाई प्रोष्ट्रेट क्यान्सर भएको थियो । त्यसको लागि पनि Kuala Lumpur, Malaysia मा radiation therapy को लागि भन्तेलाई २ महिनासम्म त्यहाँ राख्दा चाहिने लागत भन्दा पनि अति नै धेरै सहयोग सबै दाताहरुबाट जम्मा भएको थियो ।

लगभग ४० वर्षको दौरानमा भन्तेले मलेसियाको प्रायः सबै ठाउँहरू भ्रमण गरी प्रायः सबै प्रमुख शहर हरूमा ध्यान शिविर सञ्चालन गरी सक्नुभएको थियो । उहाँ जुन शहरमा बस्दा स्वास्थ्य समस्या देखापर्‍यो त्यही शहरका दाताहरूले खुल्ला हृदयले उहाँको स्वास्थ्य सेवामा तन, मन र धन अर्पण गरेको कुरा सराहनीय छ ।

उहाँको ध्यान र ज्ञानको शिक्षाबाट अत्यन्त प्रभावित भएका मलेसियन दाताहरूले उहाँको गुण र उपकारलाई सम्झी भन्तेको निम्ति स्वास्थ्य कोष नै खडा गरेका थिए । र दाताहरू सबै मिलेर आ-आफ्नो श्रद्धा अनुसार आर्थिक सहयोग उठाएर मलेसियामै जम्मा गर्थे । धेरै समयदेखि त्यही कोषमै चाहिनेभन्दा अधिक रकम जम्मा भएको कुराले ती दाताहरूको भन्तेप्रतिको असीम माया र सद्भावलाई प्रष्ट पार्छ । भन्तेलाई जतिसुकै ठूलो रोगले च्यापे पनि आर्थिक अभावको बारे कहिल्यै सोच्नु परेन । भन्तेले सबैभन्दा राम्रो र गुणस्तरीय स्वास्थ्यसेवा लाभ गर्न सकुन् भनी उहाँलाई वर्षको २ पटक नियमित रूपमा स्वास्थ्य परीक्षणको लागि व्यवस्था गरिन्थ्यो ।

भन्तेलाई प्यारालाइसिसको लक्षण देखा पर्नासाथ तुरुन्ता तुरुन्तै emergency flight बाट Bro C.P. Chong को मद्दतले उहाँलाई मलेसियामा उपचारको लागि लान सम्भव भएको थियो ।



पुरुष शरीरमा भएका पाँच द्वारहरू सबै जँचाउनु पर्ने गरी रोगले सताएको उहाँलाई प्रेसर, मधुमेह, ग्याष्ट्रिक, मुटुको रोग र अन्तमा मृगौलाले पनि सहारा दिन छोडेको थियो ।

जतिसुकै ठूलो रोग आए पनि ती सबैलाई माथ खुवाई भन्तेले पटक पटक मृत्युलाई पनि जितेर लामो समयसम्म यस संसारमा रहनुमा सम्पूर्ण विदेशी दाताहरूको सहयोग अतुलनीय रहेको छ ।

❖❖❖

# गुरूवरको यादमा

सुमधुर जादुमय स्वरमा मुसुमुसु मुस्कुराउँदै बुद्धका गहनतम् उपदेश,
सरल भाषामा, धारा प्रवाह वाचन, मन्त्र मुग्ध, भिक्षु अनागारिकाहरू, उपासकोपासिकाहरु,
त्यहीँ म पनि यन्त्रवत् अटल, उहाँलाई सम्मोहित बनेर निश्चल सुनिरहें,
तर अचानक म झल्यॉस्स झस्कें, यता उता हेरें, उहाँ कोही नभएर,
हाम्रै गुरुवर पो हुनुहुँदो रैछ ! जो अस्ति भर्खर मात्र बित्नु भो,
नजदिक गएर अनि मैले बिस्तारै सोधें,
भो गुरुवर ! तपाई कसरी यता ?! तपाई अस्ति मात्र बित्नु भो,
फेरि कसरी यता पाल्नु भो ? ! मेरो प्रश्न सकिन नपाउँदै,
मुस्कुराउँदै उहाँले, “हैन आवुसो ! म मरेको छैन ! कस्ले भन्यो म मरें भनेर ? !
उहाँको उत्तरले म झसङ्ग ब्युँझिएँ, ए ! यो त सपना पो रैछ !




**भिक्षु उत्तमो**
*विपस्सना धर्माराम विहार*
*बडिखेल, गोदावरी, ल.पु*


बारबार मैले यस्तै सपनाहरु देखें, उहाँ कहिले विहारमै, सभामा त कैले मसँगै संवादमा !
मैले बुझें ‘अमर’ भनेको आखिर यही पो हो कि !
जो कतै बिलाए पनि जन-हृदयको कुना कुनामा बाँचिरहन्छ सदि सदितक !
उहाँ असाधारण, अपरिमेय हुनुहुन्थ्यो ! बुद्ध जन्मनु भको अञ्चलमै,
पाल्पाको साधारण परिवारमा हीरालालको रूपमा जन्मी !
साँच्चि ! उहाँका दुई नाउँ कति सटिक छन ‘हीरालाल’ र ‘ज्ञानपूर्णिक’ !
हीरा जस्ता, ज्ञानले पूर्ण उहाँ अद्वितीय लाग्छ, आजको युगमा !

पहिलो श्वासदेखि अन्तिम श्वासतक उहाँले बुद्धै जप्नु भो,
धर्मकै धारण गर्नु भो, अनि संघकै गौरव गाउनु भो !
हुरी बतास तुफानमा पनि जहिल्यै अविचलित,
उहाँको यात्रा, यात्रा सद्धर्म पुनरुत्थानको !
ध्यान अनि साधनाको, साहित्य भजन गानको ! जीवन समपर्णको !
बुद्ध हिँड्नु भएका पाइलाहरु खोज्दै पछ्याउँदै पदचापहरु,
गाउँ गाउँ डुल्नु भो, नगर शहर पस्नुभो, देश विदेश घुम्नुभो !
जन-जनका मनमा, हृदयका कुना कुनामा,
विपस्सना ज्योति बाँड्नु भो ! धर्मरस चखाउनु भो !
तिर्खाएका सुख्खा ती हृदयहरुमा सद्धर्मको वर्षात् गराउनु भो !
मलजल गरी कैयौं वसन्त कैयौं झरीमा, प्रेमपूर्वक फूल बगैंचामा रोप्नु भो,
एक माली सरी थरीथरीका बिरुवा छर्नु भो ! रंगी विरङ्गी फूलहरु फुलाउनु भो !



होलान् आंसु आंखाभित्र, झर्न खोजे होलान् वर्षात सरी,
सिँचेर तिनै अश्रुधार, यी कोपिलाहरु खिलाउनु भो !
आफ्ना आकांक्षाहरु कुल्चीकन, यी शासन फाँट लहराउनु भो !
देश विदेश बीच नेपाल नाम घन्काउनु भो !

आठ दशकको यात्रामा, सेतू बनेर देश विदेशमा,
त्रिपिटकका पन्ना पन्ना, सर्वत्र फिजाउनु भो ।

एक राष्ट्रको काम, आश्चर्य ! उहाँ एक्लै कसै गर्नु भो ? !
अग्रमहापण्डित, महासद्धर्मज्योतिकध्वज, कर्मस्थानाचार्य, विपश्यनाचार्य,
भाषानुवादक, सर्जक, संस्थापक, व्यवस्थापक, समाज-सुधारक, अद्वितीय धर्मवाचक,
ज्ञाता सप्त भाषाका, यति धेरै विशेषता, आफू भित्र कसरी अटाउनु भो ? !
जीर्ण, अस्वस्थता बावजुद सधैं शासनकै चिन्तन, बुद्धभूमीको क्रन्दन कसरी सुनाउनु भो ? !

तर अचानक फेरि स्वच्छ आकाशमा आज,
बादलका ढिक्का ढिक्का काला सपना मिथ्या सर्वत्र मडारिएका छन्
कागहरुका बथान यताउता कोलाहल मच्चाउँदै गर्दा म फेरि झसँग ब्युझिएँ,
विहानै एक मित्रले हतास लवजमा कम्पित स्वरमा बोलाए,
गुरुलाई विहार लग्न आँटेको, छिटो आउनु है ! मैले लख काटें,
उहाँ अब हामीबाट टाढा हुनु भो अस्ताउनु भो !

साँच्चि बुद्धभन्दा एक वर्ष बढ्ता, उहाँ अझै बाँच्नु भो !
असी दशकको देहले धेरै आरोह अवरोह गर्नु भो !
भो गुरुवर ! म जे छु त्यो हजुरकै कृपा हो !
हजुर माली म फूल ! हजुर बिना म ओइलिन सक्थें, बतासमा संवार्नु भो !
यता उता भत्किन सक्थें, सम्हाल्नु भो ! घाम पानी हावा हुरीमा मलाई सिन्चनु भो !
तर वसन्तमा फुल्ने बेला फूलहरु, हजुर कता बिलाउनु भो ? !

चाह थियो हजुरलाई हँसाउने, तर कता अस्ताउनु भो ? !
चाह थियो मुहार चित्र कोर्ने अझै, कता सुस्ताउनु भो ? !
लाग्छ यी फूल अनि कोपिलाहरु रुनेछन् सदा, सम्झेर हजुरका कोमल स्पर्शहरु !
दुख्नेछन् यी मेरा कुचिहरु अनि प्यालेटका यी रङ्गहरु
एकान्तमा शोक मनाउने छन् ! मेरा भावनाका तरङ्गहरु !
छचल्किएर शून्य क्यानभासमा, वर्षौं वर्ष तक अनवरत !!

आज सारा भिक्षुसंघ शिष्यहरु अनागारिका संघ उपासकोपासिकाहरु,
लामबद्ध भै श्रद्धाञ्जली यात्रामा, अन्तिम बिदाई खातिर सामेल भएका छन्,
गुरु पूर्णिमाकै दिन गुरुको अन्त्येष्टिको पीडाबोधले,
सबै मुहारहरु, सज्जन वृन्दहरु शोकाकुलित छन्,
गहभरी आँसु छचल्किरहेका छन् ।



भो गुरुवर ! हजुरकै इच्छा थियो, विहार पारी नदीको तटमा,
अन्तिम संस्कार गर्ने र आज त्यही,
नदी किनारामा जलेको कायसँगै, अवचेतन भै ठिङ्ग म उभिरहेछु !
असह्य अपत्यारिलो त्यो मौसम, अर्धचेतन अवाक्, म हेरिरहेछु !
बिलाई गयो त्यो नक्षत्र हेर्दा हेर्दै, जो थियो अद्वितीय एक महान !
आदर्शमय ती सबका ज्योतिधरा, बुद्ध शासनका एक गौरव गान !

कहाँ खोजुँ म चितामा ?! जल्दैनन् ती जो छन् अमर !
जनजनका कोहिनूर हीरा, मर्दैनन् ती हृदयहरुमा जो छन् पवर !
आंशुको वर्षात् देखें गल्लीहरुमा, श्रद्धाञ्जलीका भाव नयनहरुमा ।
निहुरेका शिरहरु दुखद् घडीमा, सबैका हृदयसी गुरुवर गुमाउनुमा !
माहोल अर्कै थियो देशै रोए सरी, रोएकोथ्यो प्रकृति पनि विह्वल भै,
किनकी एक नक्षत्र अस्तायो आज, आत्मन् ! सबलाई मौन बिदाई गरि !

रोएँ मै भित्रै उदासता ममा छायो, पृथकजन हुँ ! अन्धकार ममा आयो !
ती चित्र प्यारा मानसमा आयो, अज्ञानी हुँ र आँसु खै कहाँबाट आयो ? !
खै कहाँ दुख्यो घाउ आज थाहै भएन, किन कसरी दुख्यो खै थाहै भएन !
दुख्नुमा के छ ? आत्मीयता नै होला, त्यो आत्मीयता कैले आयो थाहै भएन !
विवश मनलाई तर थाम्नै सकिनं, अनित्यतालाई मैले कल्पिनै सकिनं !
नश्वरतालाई बुझ्न मनै लागेन, चितामा बिलाएको मैले हेर्नै सकिनं !

बडो सकसले चिता मैले छोडी आएँ, लौहपुरुषको अन्तिम दर्शन गरी आएँ !
बोकेर एउटा संकल्प मैले गुण गाएँ ! जीवनको सार सूत्र मैले जानेर आएँ !
जानु पर्दो रहेछ एक्लै यो जगतमा, रहन्न केही शेष यो प्रकृति नियममा !
ढिलो या चाँडो फरक यति नै मृत्युमा, भेद रहन्न केही मृत्युको विधानमा !
भो गुरुवर ! छचल्की रहेछन् ज्वारभाटा, आज जे छु हजुरकै असीम कृपा हो !
असन्तुलित यो मानस के भो आज ? यी भावनाका तरङ्गहरु हजुरकै कृतार्थ हो !

*२०७७ साउन १२, बिहान १०:००*



# नेपालका एक विशिष्ट पुरूष



*भिक्षु नायको*
*सद्धम्म कोविद*
*महासतिपट्ठान विपश्यना*
*भावना धम्मारामो*
*बडिखेल, गोदावरी ।*



जब नेपालका पाँचौं संघनायक बुद्धघोष महास्थविर भन्ते आफ्ना शिष्य श्रामणेर सुदर्शनसँग पाल्पा स्थित स्वयम्भू महाचैत्य विहारमा वर्षावासको लागि पुग्नुभयो, सानो हिरालाल शाक्य श्रामणेर भन्तेबाट धेरै प्रभावित हुनुभयो। ११ वर्षको कलिलो उमेरमा आमाको काख छोडि रमाई रमाई हिरालाल प्रवजित हुने उद्देश्य राखि श्रद्धेय गुरुवर बुद्धघोष महास्थविर तथा सुदर्शन भन्तेसँग काठमाडौं उपत्यकामा प्रवेश गर्नुभयो । पाटनको सुमङ्गल विहारमा आफ्ना गुरुसँग उत्साहका साथ बस्न थाल्नुभयो। एकदिन बुद्धघोष महास्थविर भन्तेले "हिरालाल ! यो स-सानो बुद्ध वचन भएको धम्मपद कण्ठ गरि मलाई पाठ दिन आउ" भनी आज्ञा गर्नुभयो । चार कक्षासम्म सामान्य रूपमा पठन पाठन गरेका हिरालालले २ दिनमा पालि गाथा र अर्थ सहित ४२३ ती गाथाहरू सलल धाराप्रवाह रूपमा आफ्नो गुरुलाई पाठ बुझाउनुभयो। श्रद्धेय बुद्धघोष महास्थविर (बाजे भन्ते) को सेवामा रहँदा उहाँले मलाई भन्ने गर्नुहुन्थ्यो, "मैले तिम्रो गुरु जस्तो भिक्षु, श्रामणेर, अनागारिका र उपासक-उपासिकाहरू मध्ये त्यसरी मलाई पाठ दिने कोही पनि भेटेको छैन ।" बाल्यकालदेखि नै उहाँमा अद्वितीय स्वभाव देखिन्छ।

गुरुले यस्तो प्रतिभा देख्नु भएर उहाँलाई बुद्ध शिक्षा हासिल गर्नका लागि बर्मा देश पठाउनु भयो। १६ वर्षको उमेरमा अग्गमहापण्डित विज्जालंकार सयादो भद्दन्त उ. विशुद्धाभिवंश महास्थविरको उपाध्यायत्वमा श्रामणेर हुनुभयो। श्रामणेर भएपछि उहाँ अध्ययनमा तल्लिन भएर लाग्नुभयो । सम्पूर्ण अध्ययन बर्मेली अक्षर तथा भाषामा

पढ्नु पर्थ्यो । एक विदेशी बालक भएतापनि त्यहाँ उहाँ बर्मेली श्रामणेर तथा भिक्षुहरू भन्दा कम हुनुहुन्नथ्यो । हप्तै पिच्छे जाँच लिने त्यहाँको शिक्षा नीतिमा उहाँले कहिले पनि ९० अंकभन्दा कम ल्याउनुभएन । ९०, ९५ देखि कहिले त १०० मा १०० नै ल्याउने गर्नुहुन्थ्यो । पछि हुँदा हुँदा २००, ३०० पन्नादेखि ५००, ६०० पाना भएको किताबहरू समेत एक हप्तामा नै कण्ठ गर्न सक्ने क्षमता उहाँमा थियो । यो पनि उहाँको अद्वितीय प्रतिभा थियो ।

पढेको कुरा २ चोटि भन्दा तीन चोटि घोक्न नपर्ने। आफ्नो दिमाग तथा स्मृतिमा रेकर्ड हुन सक्ने । त्यस्तो किसिमको स्मृति, समाधि, प्रज्ञा उहाँको अध्ययनकालदेखि नै देखिन्छ । २३ वर्षको उमेरमा उहाँले सन् १९६३ मा बर्माको सरकारी पालि विश्वविद्यालय उपाधि परीक्षा "सासनधज धम्माचरिय" उपाधि प्राप्त गर्नुभयो । यो पनि हालसम्म नेपाली बौद्ध समाजमा उहाँको अद्वितीय कार्य नै हो ।



नेपाली मुलुक बाट गएको व्यक्ति आफ्नो धम्माचरिय उपाधि पश्चात् "पालि बर्मेली विश्व शब्दकोष" निर्माण कार्यमा सन् १९६४-१९६६ सम्म संलग्न हुनु यो पनि अद्वितीय कार्य हुनगयो । नेपाल फर्कनु पहिले नेपाल र नेपालीहरू प्रति असीम करुणा तथा मैत्री राख्नु हुने सयादो उ. पण्डिताभिवंश महास्थविरको निर्देशनमा "महासतिपट्ठान विपश्यना ध्यान भावना बस्नुभई आफूले अध्ययन गर्नुभएको परियत्ति शासन लाई पटिपत्ति शासनमा परिणत गर्नुभयो । नेपालका लागि "महारोपकारक महाशी सयादोले" उहाँलाई "कर्मस्थानाचार्य" नियुक्त गर्नुभयो । सयादो भद्दन्त उ. विशुद्धाभिवंश महास्थविरको आज्ञा अनुसार भा.रु. ६० रूपैंयाका साथ १९६६-१९६७ सम्म वाराणसी संस्कृत विश्व विद्यालयबाट दुई वर्षको डिप्लोमा कोर्ष एकै वर्षमा उच्च श्रेणीमा उत्तीर्ण गर्नु अद्वितीय पुरुषको खुबी नै हो ।

नेपाल फर्कनु भईसकेपछि गुरु बुद्धघोष महास्थविरसँग श्री सुमङ्गल विहारमा बसिरहनु हुँदा गुरु दाजु सुदर्शन भन्तेले "S.L.C परीक्षा दिनुपर्छ, पढ" भनी पुस्तकको चाङ्ग ल्याइदिनु भयो । एक महिना पछि रहेको S.L.C परीक्षाको लागि अध्ययन गर्न त्यति समय थिएन । तैपनि तीक्ष्ण प्रज्ञाका धनी ज्ञानपूर्णिक भन्तेले जाँच दिने समयमा हन्-हन्ति ज्वरो आएतापनि उच्च श्रेणीमा नै १० कक्षा उत्तीर्ण गर्नुभयो । यो पनि एक अद्वितीय व्यक्तिको प्रतिभा हो ।

सन् १९७९-१९८२ सम्म West Midlands Buddhist Centre, Birmingham, England मा महाशी सयादोको आज्ञा अनुसार धर्मदूत भइकन सेवा गर्नुभयो । १९८१ मा सयादोजी चार-धाम यात्रा गर्नुहुने क्रममा सयादोजीको अनुवादकको रूपमा ज्ञानपूर्णिक भन्तेले अहम् भूमिका निभाउनु भयो । सयादोजीले आज्ञा गर्नुभएको छोटो उपदेशलाई जन-भाषाले बुझ्ने गरी विस्तृत तरिकाले बताउँदा समय बितेको देखेर महाशी सयादोले "ज्ञानपूर्णिक, मैले छोटो उपदेश दिएको जस्तो लाग्छ । तिम्रो त लामो भएजस्तो लाग्छ ।" भनी प्रश्न गर्नुहुँदा "हो भन्ते ! जन-भाषामा बुझोस् भनी उपमा दिई व्याख्या गरिरहेको" भनी उत्तर दिनुहुँदा, "ठीक छ, राम्रो छ" भनी चेलाको कार्यदेखि सयादोजी खुशी हुनुहुन्थ्यो । महाशी सयादोजीले पण्डिताभिवंश सयादोजीलाई तिमी जहाँ-जहाँ जान्छौ ज्ञानपूर्णिकलाई साथमा लानेगर्नु भनी आज्ञा भइरहेको थियो । सोही अनुरूप पण्डिताभिवंश सयादोको अनुवादकको रूपमा सन् १९८९ सम्म नेपाल, बर्मादेखि थाइलैण्ड, मलेसिया, सिंगापुर, अष्ट्रेलिया, जर्मन, अमेरिका, इङ्गल्याण्ड आदि देशमा धर्मदूतको रूपमा सँगसँगै धर्मप्रचार कार्यमा जुट्नुभयो । पछि स्वास्थ्यले साथ नदिएपछि उहाँले गुरुसँग आज्ञा लिई त्यो कार्य छोड्नुभयो । तर पनि आफ्नो स्वास्थ्य उपचारका लागि मलेसिया जानुहुँदा हरेक वर्ष दुई पटक शिविर सञ्चालन गर्नुहुन्थ्यो । ३० वर्षसम्म उहाँले यो कार्यलाई निरन्तरता दिनुभयो ।



बर्मेली भन्तेहरूको एक-डेढ घण्टाको निरन्तर उपदेशलाई पनि जस्ताको त्यस्तै अनुवाद गर्नसक्नु, एउटा शब्दको विषयलाई लिएर टुक्र-टुक्रा गरि अर्थ-सार व्याख्या गर्न सक्नु, एउटै गाथालाई महिनौंसम्म बुझ्नसक्ने गरी व्याख्या गरिराख्न सक्नु, कुनै-कुनै सूत्रलाई २-३ वर्षसम्म व्याख्या गरिराख्न सक्नु, यो उहाँमा भएको अद्वितीय प्रतिभाको भण्डार हो ।

मलाई थाहा भएसम्म उहाँले विश्व शान्ति विहारको शनिवारको धर्मदेशना कार्यक्रममा “मङ्गल सूत्र” लाई व्याख्या गर्न साढे २ वर्ष लगाउनु भयो । “रत्न सूत्र” लाई ३ वर्ष भन्दा बढी लगाउनु भयो । यसरी विस्तृत रूपमा व्याख्या गर्नुहुने मैले कोही भन्ते अहिलेसम्म नेपालमा भेटेको छैन । बुद्ध वचनलाई खण्डखण्ड पारी एक एक अक्षर तथा शब्दलाई व्याख्या गर्नसक्ने उहाँको खुबी थियो । बुद्धकालीन घटनालाई अहिलेको परिवेश तथा जनस्तरले बुझ्न सक्ने किसिमले लौकिक ज्ञानलाई अगाडि सारी परमार्थ धर्मसम्म अवबोध गराउने किसिमले उहाँले व्याख्या गरी बुद्धको मौलिक उपदेश गर्नुहुने उहाँको अभ्यास थियो । परमार्थ अन्तर्गत पट्ठान पालि जस्तो गम्भिराति गम्भिर धर्मलाई पनि सरल तरिकाले बुझाउने उहाँको प्रयत्न हुन्थ्यो । यो पनि उहाँको अद्वितीय धर्मदेशनाको शैली थियो ।

आफ्ना गुरुजनहरूले लेख्नुभएका वा उपदेश दिनुभएका धेरै भन्दा धेरै विपश्यना ध्यान भावना सम्बन्धि मोटा मोटा पुस्तकहरू अनुवाद गर्नुभयो । अनुवाद गरिएका पुस्तकहरूको प्रुफ हेर्ने क्रममा एकै चोटि तल-माथि दायाँ-बायाँ कहाँ-कहाँ गल्ति त्रुटि छ त्यो झ्याप्पै उहाँले देख्न सक्नुहुन्थ्यो । पन्नाहरू राता राता पेनका चिन्हहरूले भरिन्थे । विद्वताको अद्वितीय उदाहरण थियो ।

नेपालका प्रथम संघमहानायक अग्गमहापण्डित श्रद्धेय प्रज्ञानन्द तथा गुरुवर अग्गमहासद्धम्मजोतिकधज बुद्धघोष महास्थविरदेखि विश्वप्रख्यात ध्यान गुरु महाशी सयादो तथा पण्डिताभिवंश महास्थविरका प्रशंसनीय तथा आज्ञाकारी शिष्य, नेपालको बौद्ध-पालि साहित्यमा ६० भन्दा बढी बुद्धका मौलिक उपदेशले भरिएको परमार्थ ज्ञान दर्शनले छोएका लेख तथा पुस्तक लेख्ने र अनुवाद गर्नुहुने, जन् जन्ले बुझ्न सक्ने, श्रोतावर्गको हृदयमा धर्मको ओज फैलाईदिने किसिमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा नै एक प्रख्यात धर्मकथिक, बुद्ध जन्मभूमि नेपाल र नेपालीलाई अन्तर्राष्ट्रिय स्तरमा नै सभा सम्मेलनमा चिनाउनु हुने उहाँ नेपालका सातौं संघनायक श्रद्धेय डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर चिर परिचित नाम हो । बुद्ध शासनमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै बर्मा र थाइल्याण्ड देशले उहाँलाई सम्मान गरेको थियो ।

1. The title of Master of Meditation "Kammatthanacariya" Mahasi Sasana Yeiktha
2. "Ovadacariya from Abroad"
3. "Aggamahasaddhammajotikadhaja" title from the government of Union of Myanmar (2001)
4. "Aggamahapandita" title from the government of Union of Myanmar (2013)
5. Honorary Ph.D doctorates from "Mahamukut Buddhist University" (2013) & "Mahachulalongkorn Raj Vidhyalaya" (2016), Thailand.

भविष्यको बुद्ध शासनको रक्षार्थ “विश्व शान्ति विहार”, “विश्व शान्ति बौद्ध शिक्षालय” र “थेरवाद बुद्धिष्ट एकेडेमी” को स्थापना गरेर जानु यो उहाँको नेपाल बुद्ध शासनको लागि दूरगामी सोच राख्ने अद्वितिय योगदान हो ।

“चिरं तिट्ठतु बुद्ध-सासन”

❖❖❖

# मेरा पूज्य उपाध्याय गुरू भिक्षु ञाणपुण्णिक महास्थविर



**श्रामणेर ञाणधज**
*अ.बौ.भा.के.*



उहाँ ञाणपुण्णिक भन्ते मेरो पूज्य उपाध्याय गुरु हुनुहुन्छ। उहाँ निकै प्रभावशाली तथा एक उत्कृष्ट बौद्ध भिक्षु भन्न सुहाउने व्यक्ति हुनुहुन्छ। बौद्ध देश म्यानमारमा जानु भई कठोर परिश्रम गरि उहाँले 'धम्माचरिय' उपाधि हासिल गर्नुभयो। विशेषतः ध्यान भावनामा पनि मन लगाई सफलता प्राप्त गरि 'कम्मट्ठानाचरिय' पद प्राप्त गरि ध्यान सिकाउने ध्यान गुरु पनि हुनुभयो। बर्माबाट फर्किनु भएपछि नेपालमा बौद्ध शिक्षा प्रचार गर्न तथा ध्यान भावना अभ्यास गराउन ठूलो योगदान गर्नभयो। यस्तो प्रभावशाली व्यक्ति आफूलाई सामणेर बनाउने उपाध्याय हुनु भएकोमा ठुलो सौर्मनस्य उत्पन्न भएको छ।

प्रव्रजित भएर केही समयसम्म मलाई उहाँ भन्तेको बारेमा राम्रो ज्ञान थिएन तर पछि मलाई उहाँको बारेमा केही हदसम्म कुराहरु थाहा पाएपछि मैले बुझेँ कि उहाँ कतिको गुणवान व्यक्ति हुनुहुँदो रहेछ। उहाँले समयलाई बरबाद हुन दिनुहुन्नथ्यो, सानो कुरालाई पनि उदाहरणको रुपमा लिएर उपदेश दिनु हुन्थ्यो। जस्तैः उहाँ अन्तिम पटक मलेसियामा आफ्नो स्वास्थ्य उपचार तथा kidney dialysis को लागि जान लाग्नु भएको दिन उहाँ जान सक्नुभएन किनभने उहाँ एयरपोटमा ढिला पुग्नुभयो र उहाँको फ्लाइट पनि क्यान्सिल भयो। यो कुरा शंखमुल, अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र (अ.बौ.भा.केन्द्र) को कुरा हो। म पनि बस्ने त्यहीँ र पढ्न चाहिँ बिहान बिहान विश्वशान्ति विहारमा जाने भएकोले, दिनभर पढेर दिउँसो आफ्नो विहारमा फर्कदा ञाणपुण्णिक भन्ते विहारमै देखेर अचम्मभएँ। उहाँले पनि आफ्नो फ्लाइट मिस भएको कुरा बताउनुहुँदै यस्तो भन्नुभयो –"हेर बाबु मेरो जीवनमा अहिले सम्म विदेशमा जाँदा कहिल्यै



यसो भएको थिएन यो यस्तो भएको पहिलो पटक हो । त्यसैले समयलाई पछि गर्छु समय छँदै छनि भनी ढिला गर्ने गर्नु हुँदैन, नभए आफूलाई ठुलो हानी हुनसक्छ ।" त्यस्तो बेला कसले उपदेश दिएर बस्ला ? तर उहाँले यस्तो परिस्थितिमा पनि उपदेश नै दिनु भयो । मैले उहाँको निधन हुने एक दुई महिना अगाडिसम्म उहाँको निकै सेवा गर्न पाएको थिएँ । म जहिले विश्वशान्ति विहारमा जान्थेँ र उहाँ पनि त्यहीँ हुनुभएकोले जहिले जस्तो उहाँलाई मालिस गर्थे र उहाँलाई हिँड्डुल गराउने तथा अन्य ससाना काम गर्ने गर्थे । पछि महामारीको कारण लकडाउन भयो र बाहिर जाने आउने काम भएन । मेरो उहाँ सँगको अन्तिम भेट भनेकै म सामणेर बनेको १ वर्ष भएको दिन २०७७ साल बैशाख १४ गते अक्षय तृतीयाको दिन बिहान भएको हो । त्यतिबेला लकडाउन भएपनि प्रव्रजित भएको दिन त आफ्नो गुरुलाई भेटनुपर्छ भनी म विश्वशान्ति विहारमा गएको थिएँ । त्यहाँ उहाँलाई भेटेँ उहाँको खुट्टा पनि मालिस गरेँ र उहाँले पनि निकै खुसी भई मलाई आर्शीवाद पनि दिनुभयो । अनि म पनि भोजनको लागी आफ्नै विहारमा फर्कें । मैले त्यतिबेला उहाँलाई भेटेको राम्रै भयो । पछि उहाँ पनि धेरै रोगी हुनुभएर हस्पिटलमै भर्ना हुनुभयो । त्यसपछि त उहाँलाई भेट्न मन भएपनि बच्चालाई हस्पिटल लग्यो भने रोग सर्न सक्छ भनी मलाई हस्पिटल लग्न हिचकिचाए । पछि असार १९ गते बिहान जलपान सकेपछि गुरुमाहरुले दःखित स्वरमा यस्तो भन्नुभयो–"सामणेर भन्ते! हाम्रो भन्ते बित्नुभयो" । यो कुराले मेरो मनमा ठुलो दौर्मनस्य उत्पन्न गरायो । "यस्तो दुर्लभ गुणवान व्यक्ति अब यस संसारबाट घटेर गए । बौद्ध जगतलाई ठूलो घाटा पनि हुने भयो होला ।" भनी मनमनै सोच्न थालेँ । जे भए पनि अब उहाँ फर्केर आउनु हुँदैन त्यसैले हामीले अब उहाँलाई उपकार गर्न सक्ने भनेकै पुण्य दान गरेर हो । मैले पनि जीवनमा ञाणपुण्णिक भन्तेको कारणले धेरै पुण्यकार्यहरु गर्न पाएँ । ध्यान शिविर बस्न पायो, परियत्ति पढ्न पायो, प्रव्रजित विनय नियमहरु सिक्न पनि पायो, यस्तै प्रव्रजित जीवनमा गर्ने थुप्रै पुण्यहरु पनि गर्न पाएँ । यदि उहाँले मलाई प्रव्रजित नगराई दिनुभएको भए मैले यति पुण्यहरु पनि गर्न पाउदैन थिएँ होला । त्यसैले मैले जीवनमा गरेको ठूलो सानो सबै पुण्यको प्रभावले उहाँलाई सुगति सहित निर्वाण प्राप्त होस् ।

सुखी होतु, निब्बानस्स पच्चयो होतु ॥

साधु ! साधु !! साधु !!!

❖❖❖

# पूज्य ज्ञानपूर्णिक महास्थविर भन्तेको सम्झना



**कुसुम गुरूमां**
*बसुन्धरा विहार*



भगवान् बुद्ध जन्मभूमि नेपालमा बुद्धधर्म अभिबृद्धि कार्यमा सधैं प्रयत्नशील रहनु हुने पूज्य ज्ञानपूर्णिक भन्ते दिवंगत भएको दुःखद् समाचारले हामी सबैलाई मर्माहित तुल्यायो। "ध्रुवं मे मरणं अध्रुवं मे जीवितं" जन्मेपछि मरण हुनु ध्रुवसत्य हो, सधैं जीवित हुनु असत्य हो । यो दुःखद् घडीमा भगवान् बुद्धको वचन मनन् गरेर मन बुझाउनु नै पर्दछ। म सानैदेखि श्री सुमंगल विहार पाटनमा आमासँगै औंसी, पूर्णिमाको दिनमा बुद्धपूजा गर्न जाने गर्थें। विहारमा प्रायःजसो पूज्य बुद्धघोष भन्तेले बर्मी भाषाको किताब अगाडि राखेर अनुबाद गर्नु हुँदै धर्म देशना गर्नुहुन्थ्यो । यस्तै एकदिन बुद्धपूजाको दिनमा मैले आकर्षक व्यक्तित्व भएको, शान्त, आकृतिको इन्द्रिय संयम गरिकन आसनमा बसिरहनुभएको एकजना भन्तेलाई देखें । मलाई लाग्यो बुद्धकालीन समयमा प्रब्रजितहरू यस्तै आकर्षक संयम हुन्थे होलान् । केहीदिनपछि मेरो आमाले भन्तेलाई घरमा भोजन निमन्त्रणा गर्नुहुँदा पूज्य बुद्धघोष भन्तेसंगै उहाँ भन्ते होला ! पनि आउनुभयो । मलाई कौतुहल भयो । उहाँ भन्ते को हुनु हुन्छ होला हो, उहाँ भन्ते पूज्य बुद्धघोष भन्तेको शिष्य ज्ञानपूर्णिक भन्ते हुनुहुन्छ । ज्ञानपूर्णिक भन्ते बर्माबाट सासनधज धम्माचरिय अध्ययन पूर्ण गर्नुभएर नेपाल फर्कनु भएको थियो । उहाँ भन्तेको जन्म तानसेनमा भएको रहेछ । बाल्यकालको नाम हिरालाल शाक्य रहेछ । बुद्धघोष भन्ते तानसेनमा जानु हुँदा ११ बर्षको हिरालाल शाक्यलाई उहाँकी आमाले बुद्धघोष भन्तेलाई जिम्मा लगाउनु भएकोले काठमाडौं ल्याउनु भएको रहेछ। हिरालाल शाक्य १३ बर्ष पूरा भएपछि पूज्य



बुद्धघोष भन्तेले उनीलाई बुद्धधर्ममा उच्चशिक्षा अध्ययनका लागी बर्मा देशमा लग्नुभएको रहेछ । १६ बर्षको उमेरमा श्रामणेर ज्ञानपूर्णिक नामांकरण गरी प्रब्रजित हुनुभयो । बर्माबाट धम्माचरिय अध्ययन पूर्ण गर्नु भई नेपाल फर्कनु भयो । पूज्य ज्ञानपूर्णिक भन्ते सुमंगल विहारमा रहनु हुँदा यशोधरा बौद्ध विद्यालयमा परियत्ति शिक्षा पढाउनु हुन्थ्यो । त्यस बेला म पनि परियत्ति शिक्षा कक्षा ५ मा पढ्थें । मैले पनि उहाँ भन्तेबाट परियत्ति शिक्षा पढने अवसर पाएँ । पूज्य ज्ञानपूर्णिक भन्ते मैत्री चित्त र मिलनसार हुनुहुन्थ्यो । व्यवहार गर्न सजिलो आफूले नबुझेको बिषयहरू सोध्न जाँदा गाह्रो नमानिकन मैत्री चित्तले बुझाई दिनुहुन्थ्यो । पूज्य ज्ञानपूर्णिक भन्तेले नेपालमा थेरवाद बुद्धधर्म जागरण प्रचारप्रसार तथा संरक्षण सम्बर्द्धनका लागि महत्वपूर्ण योगदान गर्नुभएको थियो । तथागत बुद्धको बचन अनुसार “चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय” अर्थात् भिक्षुहरू ! बहुजन हित, बहुजन सुखको लागि र लोकको अनुकम्पाको लागि चारिका गर भन्ने बचनलाई सिरोपर गर्नुहुँदै पूज्यभन्तेले पाटनमा मणिमण्डप विहार, ल.पु. ठेचोमा वेलुवनाराम विहार र नयाँ बानेश्वरमा विश्व शान्ति विहारको स्थापना गर्नु भएको थियो । धेरै संख्यामा नवयुवकहरूलाई प्रब्रजित गरी विभिन्न बौद्ध देशहरूमा बुद्धधर्म अध्ययनका लागि पठाएर सक्षम र योग्य बनाउनुभयो । साथै सरकारी स्तरीय शैक्षिक शिक्षा दिइ सक्षम भिक्षु तथा अनागारिकाहरू बनाउन विश्व शान्ति बौद्ध शिक्षालय स्थापना गर्नु भयो । बुद्ध जन्मभूमि नेपालमा युवायुवतीहरूले बुद्धको ज्ञानबारेमा उच्चशिक्षा हासिल गर्नसकुन् भन्ने लक्षले थेरवाद बुद्धिष्ट एकेडेमीको स्थापना गर्नुभयो । जुन अत्यन्त महत्वपूर्ण कार्य हो भन्न सकिन्छ । बुद्धधर्म प्रचारप्रसार गर्न उपत्यका भित्र तथा बाहिर विभिन्न गाउँहरूमा आफ्ना शिष्यहरूलाई पठाउनु हुन्थ्यो भने भन्ते स्वयं आफै पनि जानुहुन्थ्यो । त्यस्तै सन्दर्भमा ज्ञानपूर्णिक भन्ते ललितपुरको ठेचो गाउँमा वर्षाबास बस्नुभएको संझना आउँछ । बाल्यकालदेखि नै बालबालिकाहरूलाई परियत्ति शिक्षा सिकाएर सदाचारिता सहिष्णुता सद्व्यवहार गौरव अनुशासित आदि नैतिकताले युक्त भएको सभ्य समाज बनोस् भन्ने पूज्य ज्ञानपूर्णिक भन्तेको सदिच्छा थियो । यही अनुरूप उहाँ भन्तेले परियत्ति शिक्षालाई विशेष जोड दिंदै आइरहनु भएको थियो । ज्ञानपूर्णिक भन्तेले बुद्धशासनिक विनयहरूलाई निरन्तरता दिन भिक्षु श्रामणेरहरूलाई भिक्षाटन गराउन कार्यक्रम बनाउनुभयो । जुन काठमाडौँमा मात्र सिमित नभएर गाउँगाउँहरूमा तथा उपत्यका बाहिर समेत सञ्चालन गर्नु भयो । यो कार्यक्रम ज्यादै प्रशंसनीय थियो । यो कार्यक्रमले सर्बसाधारणहरूलाई त्रिरत्नप्रति श्रद्धा उत्पन्न हुन र दान गरी पुण्य संचय गर्न पाउने अबसर प्राप्त भयो । यस्तै गरी अल्पकालीन उपसम्पदा प्रवज्या कार्यक्रम शिबिर संचालन गर्नु भएर नवयुवक उपासकहरूलाई दुर्लभ प्रव्रज्या भएर कुशल संस्कारको वीजारोपण गर्ने अवसर दिलाउनुभयो । ज्ञानपूर्णिक भन्ते कम्मट्ठानाचरिय ध्यानगुरु हुनुहुन्थ्यो । उहाँले समय परिस्थिति अनूकूल मिलाएर विपस्सना ध्यान शिविर संचालन गर्नुभएको थियो । ध्यानशिविरको संचालन अन्तरराष्ट्रिय जगतसम्म पनि संचालन गर्नुभएर प्रज्ञाको






अमूल्य ज्ञान दिलाउन भन्ते सफल हुनुभएको थियो र यस्तै विभिन्न बौद्ध राष्ट्रहरूबाट पाल्नुभएका आदरणीय भन्तेहरू जस्तै पूज्य ताउँपुलु सयादो, कम्मट्ठानाचरिय महोपकारक महाशी सयादो भन्तेहरूबाट विपस्सना सम्बन्धी धम्मदेशनाहरूलाई नेपालभाषामा अनुवाद गर्नु भएका सी.डी.हरू पनि त्यतिकै महत्वपूर्ण थियो । ज्ञानपूर्णिक भन्तेको धम्मदेशना शैलीमा मौलिक खुबी तथा क्षमता उत्कृष्ट थियो । सरल भाषा प्रयोग गरी पालि भाषालाई अघि सार्दै शब्द अर्थ र ब्याकरणलाई स्पष्ट विश्लेषणगरी आकर्षक ढंगले मन छुने गरि धम्मदेशना गर्नु हुने उहाँको विशेषता नै थियो । प्रायःजसो भन्तेले अभिधम्म, विपस्सना ध्यान, प्रतीत्य समुत्पादको बिषयमा धम्मदेशना गर्नुहुन्थ्यो । आफ्नै बिहारमा विपस्सना ध्यानको अभ्यास गराउनुहुँदा पनि ध्यानकै बिषयमा धम्मदेशना दिनुभएर दक्ष योगी बनाउन कोशिस गर्नुहुन्थ्यो । यसैले उहाँलाई सफल धर्मकार्य भन्नु कुनै अत्युक्ति नहोला । बौद्ध साहित्य एवं बौद्ध ग्रन्थ लेखन क्षेत्रमा दखल हुनुभएका ज्ञानपूर्णिक भन्ते मौलिक रचनाहरूको साथै नेपालभाषा, नेपालीभाषा, पालि भाषा तथा अंग्रेजी भाषामा बुद्धधर्म सम्बन्धी र गहन पुस्तकहरू जस्तै अभिधम्म, महासतिपट्ठानसुत्त, प्रतीत्यसमुत्पाद आदि विषयमा लेख्नुभएको थियो । त्यस्तै पालि, बर्मिज भाषाबाट अनुबाद गर्नु भई दर्जनौं पुस्तकहरू प्रकाशित गर्नु भएर ज्ञानको आँखा खोलि दिन सफल हुनुभएको थियो । विभिन्न पत्रपत्रिकाहरूमा पनि थुप्रै लेखहरू प्रकाशित हुन्थे । ज्ञानपूर्णिक भन्ते ११ वर्षको बाल्य अबस्थादेखि त्यागमय जीवन बिताएर आफ्नो सम्पूर्ण जीवन बुद्धशासनमा समर्पण गर्नुभयो । बुद्धशासनिक क्षेत्रमा सक्रिय भएर गर्नुभएको उत्कृष्ट अमूल्य योगदानलाई कदर गरेर स्वदेश तथा विदेशका विभिन्न सँघसंस्थाहरूबाट विभिन्न सम्मान पदवीबाट उहाँलाई सम्मानित गरेका थिए । सन् २००१ मार्चमा म्यानमार सरकारबाट अग्गमहासद्धम्मजोतिकधज पदवीबाट विभूषित गरिएको थियो । नेपाल सरकारबाट परमपूज्य पदबाट सम्मान गरिएको थियो । त्यस्तै विभिन्न संघसंस्थाहरूबाट विभिन्न पदवीबाट सम्मानित गरिएको थियो । जुन नेपालको बौद्ध इतिहासमा गौरवको बिषय थियो । उपसंघनायक भई रहनु भएका पूज्य ज्ञानपूर्णिक महास्थविर भन्ते वि.सं. २०७६ सालमा सातौं पूज्यपाद संघनायकको पदमा नियुक्ति हुनुभएको थियो । वैश ढल्कदै गयो अब पूज्य भन्ते पनि ८१ बर्षको हुनुभयो । उहाँ शारीरिक अवस्थाले गर्दा अस्पतालमा भर्ना हुन बाध्य भयो । अनित्य संसार, तथागत बुद्धको वचन अनुसार मार्गफल प्राप्त नभएसम्म जन्मपछि मरण अवश्य नै हुने हो । उपचारको क्रममा ८१ वर्षको उमेरमा २०७७ बि.सं आषाढमा सातौं संघनायक ज्ञानपूर्णिक महास्थविर दिवंगत हुनुभयो । उहाँलाई गुमाउनु परेकोले नेपालको बुद्धशासनिक क्षेत्रमा अपूरणीय क्षति भएकोछ । बुद्धशासनिक क्षेत्रमा उहाँले गर्नुभएको अमूल्य प्रभावकारी व्यक्तित्व, कृत्तित्व बुद्धशासनिक योगदानहरू सदा सदाका लागि जीवितै रहीरहनेछ । पूज्यभन्तेको परलोक जीवन सुखमय होस् निर्वाण लाभ होस् भनी कामना गर्दछु ।

❖❖❖

# सुन्दर, शान्त, सौम्य भन्ते





**करूणावती** **ध्यानवती**

*पद्मकीर्ति विहार,*
*कमल पोखरी, काठमाडौं*



नेपालका सातौं संघनायक पूजनीय ज्ञानपूर्णिक भन्तेको गुणानुस्मरण गरी स्मृति ग्रन्थ प्रकाशन हुन लागेको खबर सुनेर पद्मकीर्ति विहारको तर्फबाट पनि उहाँको बार्षिक पुण्यतिथिमा श्रद्धा अर्पण गर्न यो स्मरण लेख लेख्ने प्रयास गरेकाछौं ।

विश्व शान्ति विहारका प्रमुख श्रद्धेय ज्ञानपूर्णिक भन्ते धम्माचरिय सहित अग्गमहापण्डित पदवीबाट विभूषित हुनुहुन्थ्यो । हाम्रा श्रद्धेय कमला गुरुमांले पनि बरोबर पद्मकीर्ति विहारमा उहाँ भन्तेलाई विभिन्न कार्यक्रममा आमन्त्रण गर्दा धर्म उपदेशको लागि पाल्नुहुन्थ्यो । त्यस्तै गरी आदरणीय धम्मवती गुरुमांको निमन्त्रणामा धर्मकीर्ति विहारमा बरोबर संघ भोजन दान, अभिधर्म पाठहरूमा श्रद्धेय भन्तेले उपदेश गर्नुहुँदा हामीले पनि धर्म श्रवण गर्ने सुअवसर प्राप्त भएको सम्झिन्छु ।

नेपालका जेष्ठ अग्रज भन्तेहरू मध्येमा उहाँ ज्ञानपूर्णिक भन्ते असाध्यै हँसिलो आकर्षक व्यक्तिको रूपमा रहनुहुन्थ्यो । उहाँ सधैं धर्म विनय अनुसार चीवर पारूपण गरी शिष्य शिष्याहरूको साथमा पाल्नु हुँदा उहाँ



एक प्रभावशाली गुरुको रूपमा हुनुहुन्थ्यो । हामी जस्ता युवा भिक्षु श्रामणेर गुरुमांहरूका लागि उहाँ एक प्रेरक व्यक्तित्व हुनुहुन्थ्यो ।

दिवंगत कमला गुरुमांले श्रद्धेय भन्तेको प्रेरक प्रसंगहरू हामीलाई सुनाउनु हुन्थ्यो । विशेषतः नेपाल बौद्ध परियति शिक्षाको रजत महोत्सव हुँदा आफूहरूले त्यस भव्य कार्यक्रम सम्पन्न गर्न ज्ञानपूर्णिक भन्तेसँग धेरै सहकार्य गरेका अतीतका कुराहरू सुनाउनु हुन्थ्यो ।

पद्मकीर्ति विहार स्थापना समयदेखि नै श्रद्धेय ज्ञानपूर्णिक भन्ते, दाजु भन्तेले सहयोग गर्नु भएको र आफू मिर्गौलाको रोगी हुँदा थाईल्याण्डमा उपचारार्थ जानु पर्दा उहाँ श्रद्धेय भन्तेले हवाई टिकट प्रदान गर्नु भएको गुण पनि गुरुमांले सधैं व्यक्त गर्नुहुन्थ्यो ।

श्रद्धेय ज्ञानपूर्णिक भन्ते बाह्य रूपमा सुन्दर श्रमणधारी भए जस्तै वहाँको खानपिन, रहनसहन, बसिबसाइ पनि त्यतिकै सफा सुन्दर मनमोहकका धनी हुनुहुन्थ्यो । नेपालका विभिन्न धार्मिक कार्यक्रमहरू, बुद्धपुजा, महापरित्राण, धर्मदेशना, कठिन कार्यक्रमहरूमा श्रद्धेय भन्तेको उपस्थितिले कार्यक्रमको शोभा सहित धर्म गौरव वृद्धि भएको अनुभूति हुन्थ्यो । उहाँले धर्मकथिकको रूपमा उपदेश गर्नुहुँदा श्रद्धालु सबैको ध्यानाकर्षण भएर धर्म उपदेश सुन्ने गर्दथे । हामीले पनि बेलाबखतमा उहाँबाट उपदेश तथा ओवाद सुन्ने सौभाग्य प्राप्त गरेका छौं । विशेषतः म्यानमारमा रहेका मा गुणवती गुरुमांको म्यानमार नेपाली विहारमा रहँदा भन्तेको समिपमा बस्ने सुअवसर प्राप्त भएको थियो । उहाँ नेपालमा मात्र नभई बर्मामा पनि त्यतिकै ख्याति प्राप्त भन्ते गुरुको रूपमा रहेको थाहा पायौं । श्रद्धेय मा गुण गुरुमांलाई असाध्यै



माया गर्नु हुने ज्ञानपूर्णिक भन्ते बर्मा आउनु हुँदा प्रायः जसो उहाँकै विहारमा बस्नुहुन्थ्यो । त्यसै बेला श्रद्धेय ज्ञानपूर्णिक भन्तेलाई केही समय श्रद्धा सहित सेवा गर्ने मौका प्राप्त भएको थियो । विदेशमा रहँदा कसरी बस्नु पर्दछ भन्ने धर्म गौरव, ध्यान अभ्यासका निर्देशनहरू सुन्न पाउँदा मनमा अपार आनन्द आउँथ्यो । उहाँलाई दर्शन गर्न नेपालमा मात्र नभई बर्मामा पनि टाढा टाढादेखि श्रद्धालु दाताहरू आएको देख्दा हामीले पनि केही समय भए पनि उहाँबाट सिक्ने सुअवसर प्राप्त भयो ।

उहाँ बर्मामा निपो सयादो ज्ञानपूर्णिक नामले प्रसिद्ध हुनुहुन्थ्यो भन्ने कुरा त्यहाँ गएर थाहा पायौं ।

उहाँ भन्तेको ७८ बर्षको जँकु उपलक्ष्यमा I.B.M.C मा ध्यान शिविर आयोजना हुँदा हामी पनि योगीको रूपमा १० दिने साधना शिविरमा सहभागी हुने मौका मिल्यो । उक्त शिविरमा बसी ध्यान गुरुको रूपमा श्रद्धेय ज्ञानपूर्णिक भन्तेको उपदेश, ध्यान अभ्याससँगै सुन्न पाउँदा ध्यानको महत्व गरिमाबारे, गम्भिरताबारे, थुप्रै ज्ञानका कुरा श्रवण गरी पुण्य साधन गर्ने अवसर जुटेको सम्झिँदा उहाँको बार बार गुणानुस्मरण भईरहेको हुन्छ । उहाँ जस्ता प्रभावशाली सुन्दर, शान्त र सौम्य भन्तेको निधनले नेपालको बुद्धशासनमा ठूलो क्षति पुगेको छ । उहाँ जीवित हुँदा केही समय हामीले पनि सेवा सुसार गर्ने मौका मिलेको पुण्य कार्य स्मरण गर्दै उहाँको निर्वाण कामना गरी श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

❖❖❖

# श्रद्धेय भन्ते डा. ज्ञानपूर्णिक महास्थविरसँग बितेका क्षणहरू



**श्रीदेवी गुभाजु**
*बुटवल*

**श्रद्धेय भन्तेज्यूको जन्मस्थान**

लुम्बिनी अञ्चल पाल्पा जिल्लाको सुन्दर नगरी तानसेनको टक्सार टोल निवासी पिता सूर्य लाल शाक्य र माता चन्द्रमाया शाक्यको कोखबाट वि.स. १९९६ मँसिर ६ गते ठूलो एकादशीका दिन यस धरतीमा अमूल्य रत्न हिरा लाल शाक्यको उदय भयो ।

हुने विरुवाको चिल्लो पात झैं उहाँले भगवान बुद्धले प्रतिपादन गर्नु भएको बुद्ध धर्मलाई राष्ट्रिय अन्तराष्ट्रिय जगतमा प्रचार प्रसार गर्न अग्रणी र महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल हुनु भयो ।

टक्सार टोल स्थित महाचैत्य विहारमा श्रद्धेय भन्तेज्यूहरू र श्रद्धेय गुरुमांज्यूहरू अनि उपासक, उपासिकाहरूको सक्रिय र अथक प्रयासबाट "शील पाठशाला" नामक स्कूलको स्थापना भएको थियो । मेरो मामा हिरा लाल शाक्यज्यूले सो स्कूलमा चारकक्षा सम्म अध्ययन गर्ने सुअवसर प्राप्त गर्नु भयो ।

२००७ सालतिर कुशीनगरबाट अ.ने.भि. महासंघका पाँचौं संघनायक श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यू र श्रामणेर भन्ते सुदर्शनज्यू तानसेन मा महाचैत्य विहारमा वर्षावासको लागि पाल्नु भयो । मेरो अजि (हजुर आमा) पनि पहिलादेखि धर्मकर्ममा लाग्नु हुन्थ्यो । आफ्ना छोराहरूलाई लिएर विहारमा जाने गर्नु हुन्थ्यो । त्यो समयमा मामा हिरालाल शाक्यले सुदर्शन भन्तेलाई देखेर आफ्नो मनमा यस्तो इच्छा जाग्यो सानो उमेरमा पनि भन्ते हुन पाउने रहेछ । म पनि यस्तै भन्ते हुन पाए हुन्थ्यो । विहारबाट घर फर्केपछि आफ्नो आमा (मेरी अजि) संग मनको कुरा व्यक्त गर्नु भएछ । यति



**१) असेवना च बालानं, पण्डितानञ्च सेवना**
**पूजा च पूजनेय्यानं एतं मङ्गल मुत्तमं ॥**

अग्गमहापण्डित, अग्गमहासद्धम्म जोतिकधज धम्माचरिय नेपालका सातौं संघनायक श्रद्धेय भिक्षु डा.ज्ञानपूर्णिक महास्थविरज्यूमा शुद्ध चित्तले वन्दना गर्छु ।





सानो बालकले यस्तो गहन महत्वपूर्ण बिचार व्यक्त गर्न सक्नु भनेको यो सानो प्रतिभा भएको बालक होइन । उहाँलाई हामीले बाबा डा.अम्बेदकरसंग पनि तुलना गर्न सक्दछौं आफ्नो आमासंग आफू पनि भन्ते हुन चाहन्छु भन्दा उहाँ (अजि) पनि खुसी हुनु भयो । अनि अजिले श्रद्धेय पाँचौं संघनायक भिक्षु बुद्धघोष महास्थविरज्यूसंग भन्नुभयो यो छोरालाई श्रद्धेय भन्तेज्यूको हातमा दान दिन पाए भविष्यमा बुद्धशासनमा धेरै सेवा मिल्नेछ । श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यूले पनि अजिको अनुरोधलाई सहर्ष स्विकार्नु भयो । ११ वर्षको कलिलो उमेरमा मामा हिरालाल शाक्यलाई श्रद्धेय भन्ते बुद्धघोष महास्थविरज्यूको हातमा दान स्वरूप समर्पण गर्नु भयो । यसरी हाम्रा अजि शरणशीला गुरुमांको इच्छा अनुरूप वहाँको सपना साकार हुन मामा हिरालाल शाक्यलाई श्रामणेर ज्ञानपूर्णिकको रूपमा तयार गर्न जिम्मा लिनु भई गुरुको अभिभारा लिनु हुने नेपालका पाँचौं संघनायक पूज्यपाद बुद्धघोष महास्थविरको गुणानुस्मरण गरी दुई हात जोडी वन्दना गर्दछु । साथै नेपालको बुद्ध धर्ममा अग्रणी योगदान दिनु हुने पाल्पा तानसेनबाट प्रवजित भई बुद्धशासनमा योगदान दिनु हुने सम्पूर्ण भन्तेज्यूहरूलाई पनि दश औंला जोडी नमन गर्दछु ।

श्रद्धेय भन्ते बुद्धघोष महास्थविरज्यूको छत्रछाँयामा बसेर मामा हिरालाल शाक्यज्यूले बुद्ध शिक्षा लगायत पालि भाषाको ज्ञान हासिल गर्ने सुअवसर प्राप्त गर्नु भयो ।

वि.स २००८ सालको समयमा भारतबाट अग्रश्रावक सारिपुत्र र महामौदगल्यायन महास्थविरज्यूहरूको अस्थि धातु काठमाण्डौं ल्याउनु भएको समयमा अजि पनि कवि लाल मामालाई लिएर काठमाडौं आउनु भयो । सोही शुभ अवसर पारेर मामा कविलाल शाक्यज्यूलाई आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरज्यूको छत्रछायाँमा सुम्पिनु भई अजि पनि श्रद्धेय संघनायक भिक्षु बुद्धघोष महास्थविरज्यूको उपाध्यायत्वमा अनागारिका प्रवजित हुनुभई अनागारिका शरणशिला नामबाट विभूषित हुनुभयो ।

११ वर्षको कलिलो उमेरबाट धेरै संघर्ष गर्नु भई १६ वर्षको उमेरमा बर्मा पुग्नु भएर वि.सं २०१३ साल श्रावण शुक्ल नवमीको दिन बर्मामा अग्गमहापण्डित विज्जालंकार सयादो महन्त उ. विशुद्धाभिवंश महास्थविर ज्यूको उपाध्यायाचार्यमा श्रामणेर दिक्षा दिनु भई ज्ञानपूर्णिक नामले विभूषित हुनु भयो ।

तथागत भगवान बुद्धले २९ वर्षको उमेरमा गृहत्याग गर्नु भयो भने मामा हिरालाल शाक्य ज्यूले ११ वर्षकै उमेरमा गृहत्याग गर्नु भएको थियो । यो हाम्रो लागि ठूलो प्रेरणाको स्रोत हो ।

बर्मामै २० वर्षको उमेरमा वि.सं २०१५ सालमा अभिधज महारट्ठ गुरु अग्गमहापण्डित मस्वायङ सयादो उ.सुरियाभिवंशज्यूको उपाध्याचार्यमा बर्मामा उपसम्पदा भिक्षुत्व ग्रहण गर्नु भई बुद्धशासनमा आजीवन समर्पण गर्नुभयो ।

**मेरो निजी स्मरणहरु**

पूज्य भन्तेज्यूको माता शरणशिला गुरुमां भिक्षुणी हुनुभए पछि टिडी बजार स्थित सुगन्ध विहारमा बौद्ध शिक्षा र बुद्ध धर्म प्रचार प्रसार गर्न केही वर्षदेखि बस्दै आउनु भएको थियो । समय मिलाएर पाल्पा तानसेन आउनु हुँदा घरमा बस्नु हुन्थ्यो र हामीलाई बुद्ध धर्म सम्बन्धी शिक्षा दिनु हुन्थ्यो । भिमसेन टोलस्थित मामाको घरमा पनि बस्नु हुन्थ्यो ।

२०२७ साल आश्विन महिनामा घरमा गुरुमां शरणशिला बिरामी हुनुभई तानसेनस्थित आनन्द विहारमा बस्नआउनु भयो । पूज्य भन्तेज्यू पनि आफ्नो आमाको सेवाको लागि काठमाडौंबाट तानसेन पाल्नुभयो । गृहत्याग गरेर भिक्षु हुनु भएता पनि मातृसेवाको कर्तव्यबाट विमुख



हुनु भएन । बौद्ध धर्मको प्रचार प्रसारमा ख्याति प्राप्त गर्नु भएता पनि बिरामी आमाको सेवालाई वसपोल भन्तेज्यूले प्राथमिकता दिनु भयो । वसपोल भन्तेज्यूको यो कर्म हामी सबैको लागि प्रेरणादायी थियो ।

म त्यति बेला कलेजमा अध्यापन गरिरहेकी थिएँ । पूज्य भन्तेज्यू र बिरामी गुरुमां अजिको सेवाको लागि कलेजबाट नै विहारमा जान्थें । गुरुमां अजिलाई औषधी सेवन गराई भोजन खुवाई घर फर्कन्थें । पूज्य भन्तेज्यूले कहिले मामाको घरमा कहिले घरमा भोजन गर्न जानु हुन्थ्यो । पूज्य भन्तेज्यू विहारमा फर्कनु भएपछि मामा घरमा फर्कन्थे । कारण गुरुमां अजिलाई एक्लै छोड्न मिल्दैनथ्यो । यस समयमा पूज्य भन्तेज्यूले भन्नु हुन्थ्यो SLC को फर्म भरेर आएको छु परीक्षा दिनु छ । तर आश्चर्यजनक कुरा यो छकि मसंग सोध्नु हुन्थ्यो- 'तिमीलाई आज के पढायो कलेजमा' भनेर तर मैले प्रश्नको जवाफ दिन नपाउँदै पूज्य भन्तेज्यूले उत्तर तुरुन्तै दिनु हुन्थ्यो । म त छक्क परेर भन्तेज्यूलाई हेरि राख्थें कारण कस्तो तीक्ष्ण दिमाग, तीक्ष्ण बुद्धि होला । सानै उमेर देखि नै ज्ञानले भरिपूर्ण हुनु भएको व्यक्तित्व । जस्तो नाम उस्तै काम भने जस्तै ज्ञानको भण्डारले भरिपूर्ण हुनु भएको पूज्य भन्तेज्यू (ज्ञानपूर्णिक) । एवं प्रकारले समय बित्दै गयो म राति पनि विहारमा नै सुत्न जान्थें । कहिले नाता पर्ने दिदी राती सुत्न मलाई साथी आउनु हुन्थ्यो । पछि उहाँ गुरुमां हुनुभयो 'चुल सुभद्रा' नामले विभूषित हुनुभयो ।

एकदिनको घटना घरमा ठूलो दाइ भक्त बहादुर गुभाज्यूको विवाहको कार्यकम भएकोले त्यो राति माइलि आमाले बिहारमा सुत्न जान दिनु भएन । त्यही राती गुरुमां अजिलाई पेट दुखेर रोगले च्यापेछ । रातभरि सुत्न नसकेर मलाई सम्भनु भएछ । म आउने आशाले पूज्य भन्तेज्यूले १२ बजेसम्म पनि ढोका लगाउनु भएनछ । भोलि पल्ट आमालाई लिएर विहानै विहारमा गएँ । गुरुमां अजिलाई रोगले च्यापिसकेको थियो । पूज्य भन्तेज्यूले मसँग सोध्नु भयो हिजो राति किन नआएको तिमी आउने आशाले रातभरि ढोका पनि लगाएन अजिलाई भन रोगले च्यापि सकेछ । रातभरि तिमीलाई सम्भेर छटपटाइ राख्नु भएको थियो । अनि मैले आफ्नो समस्या व्यक्त गरें ।

राति अन्य मामाहरू र आफन्तहरू जम्मा भए विहारमा गुरुमां अजिको होस राम्रो थियो । उहाँले भन्दै हुनु हुन्थ्यो अन्तिम समयमा मेरो स्वास पेटमा पुग्यो, पेटभन्दा माथि पुग्यो, अब छातीसम्म पुग्यो, अब छातीमा पुग्यो । त्यस पछि बोल्न सक्नु भएन । अन्य मामा र पूज्य भन्तेले भन्नु भयो सान्त्वना र आश्वासन दिँदै मामा तपाईले कहीं छोराको पीर मान्नु भएको होला तपाईले उनको केही पीर नलिनुस हामी सबैले उनको हेर बिचार गर्नेछौं । तपाई शान्तसँग निर्वाणको मार्गमा जानु होस् । यति भनेको सुनेपछि अजिको प्राण सजिलैसँग गयो ।

यो मेरो जीवनको अद्‌भुत दृश्य थियो । विपश्यना ध्यानको प्रभावले जीवनको अन्तिमसम्म पनि गुरुमां अजिले आफ्नो चेतना गुमाउनु भएन । रिडीको विहारमा बसेर गुरुमां अजिले १२ वर्षसम्म बुद्ध धर्म प्रचार गरेर ठूलो योगदान दिनुभएको थियो ।

अजिको ७ दिनको कार्य सकिए पछि पूज्य भन्तेज्यूले मेरो आमासँग भन्नुभयो दिदी तपाईंको ११ जना छोराछोरीहरू मध्ये प्रकाशलाई बुद्ध शासनमा दान गर्नु भए धेरै पुण्य हुनेछ ।

मलाई गुरुमां बनाएर बुद्ध शिक्षा हासिल गर्न बर्मामा पठाउने भन्तेज्यूको प्रवल इच्छा थियो । मेरो आमा र घरकी अजिले मलाई र आमालाई बुद्धशासनमा जानको लागि बचन दिनु भए पनि बुबाले बचन दिनु भएन । भन्तेज्यूको इच्छा र सपना साकार भएन । आज पनि मलाई ती कुरा सम्भदा अफसोच लाग्छ ।

मेरो भाई प्रकाश भने २०४४ सालमा विश्वशान्ति





विहारमा बस्न गई अस्थाई प्रवज्या लिई पुज्य भन्तेज्यूको १० बर्षसम्म सेवा गरी फेरि गृहस्थी मै फर्कियो। आजीवन भिक्षु हुने भाइको ईच्छा भए पनि प्रारब्धको कारण भाइको ईच्छा पूरा भएन ।

म पनि पाल्पा तानसेन आनन्द विहार जाने गर्थे । पूज्य भन्ते शाक्यानन्द महास्थविरको उपदेश सुन्ने गर्थे । भिक्षुणी हुने ईच्छा भएपनि मेरो प्रारब्धको कारण ईच्छा पूरा हुन सकेन । घर गृहस्थीमा जीवन बिते पनि बुद्धकै शरणमा लागें । दिर्घकालीन प्रवज्या हुन नपाएपनि अल्पकालीन प्रवज्या हुने सुअवसर प्राप्त भएको थियो ।

पूज्य भन्तेज्यूले धेरै माया गर्नुहुन्थ्यो । काठमाडौं आएको बेला म भन्तेज्यूलाई भेट्न जाँदा उहाँले मलाई भन्नु हुन्थ्यो मैं तिमीलाई केही समस्या पऱ्यो भने बिहारमा आउने गर मन शान्त हुन्छ ।

२०५९ सालमा कुशीनगरमा पूज्य भन्ते ज्ञानेश्वर महास्थविरज्यू ७७ बर्ष पुग्नु भएको उपलक्षमा ७७ जना अस्थाई कूल पुत्र र ७७ जना कूल पुत्रीलाई अल्पकालीन प्रवज्या दिने कार्यक्रममा मलाई पनि प्रवज्या हुने शौभाग्य प्राप्त भएको थियो । अल्पकालीन प्रवज्या लिएपछि पूज्य भन्तेले म सँग सोध्नु भयो श्री प्रवज्या लिए पछि तिमीले के अनुभव गऱ्यौ ?

मेरो आफ्नो अनुभव सुनाउँदै भने- भन्ते बच्चाहरू जन्माएर पढाएर हुर्काएर मात्र आमाबुबाको कर्तव्य पुरा नहुने रहेछ। छोरा छोरीको ईच्छा अनुसार कि त बुद्ध शासनमा पढाईदिने कि त घर गृहस्थी बसालिदिएर उनीहरूको जीवन सफल पारी दिनु आमाबुबाको कर्तव्य रहेछ । अर्को अनुभव जीवन अनित्यताको बोध भइरह्यो । त्यसबेला बुटबल स्थित लक्ष्मीनगर क्षेत्रमा भिक्षाटन गर्न जाँदाखेरी हामी गएको बाटोमा स-साना सिसाका टुक्राटाक्री थियो तर मेरो पैंतालामा केही असर परेन, घाउचोट लागेन । बुद्धमय जीवन बिताउँदा मेरो लागि जीवनको ठूलो आनन्दको अनुभव हो भनेर भन्ते लाई बिन्ती चढाएँ । त्यस्तैगरी लुम्बिनीसम्म जापानिज समूहको नाम्योहोरेन्योको शान्ति पदयात्रामा ड्रम बजाउँ दै आफूपनि पैदल यात्रा हिंडें । आफूलाई घुँडा दुख्ने रोग भएको भएतापनि त्यो यात्रामा जाँदा खुट्टा दुखेको नै महशुस भएन । धर्मको प्रभावले हो जस्तो लाग्दछ । तसर्थ मनुष्य जीवन लिएपछि एकचोटी जीवनमा जोकोही पनि प्रव्रजित हुनु पर्दछ भन्ने मलाई मनमा आभास भयो । त्यसैले सबैलाई जीवनमा एकपल्ट प्रव्रजित शिक्षा लिई जीवन सार्थक बनाउनु पर्दछ भनी भन्तेलाई आफू गुरुमां भएको विषयमा अनुभव सुनाएँ । मेरो कुरा सुनेर पूज्य भन्ते मुसुक्क हाँस्नु भयो ।

मलाई मेरो नातिनीलाई ऋषिनी प्रवज्या गराउने ठूलो ईच्छा थियो । तर नातिनीले मानिन र मेरो ईच्छा पूरा भएन । भन्तेज्यू भेट्न जाँदा भन्तेज्यूले सक्दो आफ्नो मनको कुरा व्यक्त गरे उहाँले मलाई सम्झाउँदै भन्नु भयो तिम्रो इच्छा र करले नातिनीलाई ऋषिनी नबनाउ । जबजस्ती गर्दा पछि तिमीलाई तोकस आउँछ । उसलाई जे गर्ने इच्छा छ गर्न देउ । भन्तेज्यूको अर्ति सुनेर मेरो मन शान्त भयो ।

म बुटवलको पद्म चैत्य विहारमा बौद्ध महिला संघको अध्यक्ष हुँदा पद्म चैत्य विहारमा संचालक समिति बौद्ध युवा ज्ञानमाला संघ अनि बौद्ध महिला संघ तीनवटा संघलाई पूज्य भन्तेज्यूलाई भव्यताका साथ अभिनन्दन गर्ने सुअवसर प्राप्त भएको थियो । अमेरिकामा बौद्ध धर्मको प्रचार प्रसार गर्ने सिलसिलामा पाल्नु हुँदा सुगर प्रेशर र अन्य रोगले उहाँलाई आक्रमण गऱ्यो । त्यहाँ उपचार गर्नु भए पनि त्यो रोगले उहाँलाई जीवन भरी छोडेन । हाम्रो मामा श्रद्धेय ज्ञानपूर्णिक महास्थविरको वार्षिक पुण्य तिथीमा गुणानुस्मरण गरी उहाँको सुगतिसहित निर्वाण कामना गर्दछु ।

❖❖❖

# संस्मरणको आलोकमा श्रद्धेय भन्ते ज्ञानपूर्णिक महास्थविर



**घनश्याम राजकर्णिकार**
*काठमाडौं*

श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालमा थेरवादी बुद्धधर्मलाई आधुनिक तरिकाले संवर्द्धन र समृद्ध गर्नु गराउनुमा महत्वपूर्ण योगदान गर्नुभएको थियो । उहाँको आगमनले थेरवाद बुद्धधर्मले एउटा गतिलो स्वरूप लिएको पाइन्छ । जसका लागि उहाँलाई जति साधुवाद दिए पनि कमै हुन्छ । नेपालका गौरव शान्तिनायक बुद्धको महिमालाई लेख्नुपर्ने ठाउँमा लेखेर र बोल्नुपर्ने ठाउँमा बोलेर उहाँले हामीलाई भगवान् बुद्धबारे धेरै महत्वपूर्ण कुराहरू जानकारी गराउनुभएको थियो । जसको स्मृतिमा उहाँप्रति नतमस्तक हुनुबाहेक हामीमा अरू चारा छैन । उहाँ वस्तुतः बौद्ध भिक्षुमा मात्र सीमित हुनुहुन्नथ्यो । उहाँ शिक्षाविद्, प्राचार्य, अन्वेषक, समाज-सुधारक, बौद्ध-लेखक, कुशल-प्रवचक आदि हुनुहुन्थ्यो । उहाँजस्ता युग पुरुषसँग मेरो अनवरत सहचार्य हुनु मेरो लागि ठूलो सौभाग्यको कुरा थियो ।

अंग्रेजीमा भनिन्छ First impression is the last impression (पहिलो प्रभावले नै परन्तुसम्म प्रभाव पारेको हुन्छ) भने झैँ जुन दिन उहाँसँग मेरो पहिलो भेटघाट भयो, त्यसबेलाको उहाँको दिव्यताले उहाँप्रति मेरो सद्भावना र समादर उहाँको जीवन-पर्यन्तसम्म रहिरह्यो । उहाँको अनुहारमा म जहिले पनि मन्द मुस्कान छाएको देख्थेँ, व्यवहारमा समता प्रज्वलित भएको पाउँथेँ । यस्तो लाग्थ्यो उहाँ बुद्धको सानो स्वरूप (Little Buddha) नै हुनुहुन्थ्यो ।

ज्ञानपूर्णिक भन्तेसँग भेटघाट गर्न बेला मौकामा नयाँ बानेश्वरस्थित उहाँको 'विश्वशान्ति विहार'मा म जाने गर्थे । म आएको देख्नासाथ उहाँ जहिले पनि प्रसन्न हुनुभएको पाउँथेँ; जसलाई म कहिल्यै बिर्सन सक्तिनँ । उहाँसँगको भेटघाटमा मैले जहिले पनि बुद्धको शिक्षाबारे मनगग्य जानकारी पाउँथें । बुद्ध र बुद्धधर्मबारे उहाँले नेपाली र नेपालभाषामा धेरै अर्थात ५८ वटा पुस्तकहरू लेख्नुभएको छ । म उहाँकहाँ जाँदा प्रत्येक पटक 'ल यी किताबहरू लिनू' भन्नुहुँदै २-३ वटा पुस्तकहरू उपहार दिनुहुन्थ्यो । पछि बुद्ध र बुद्धधर्मबारे मेरा लेख रचनाहरू पत्रपत्रिकामा निस्केको र पुस्तकहरू प्रकाशित भएको उहाँलाई जानकारी हुँदा उहाँ निकै खुसी हुँदै मलाई थप हौसला र प्रेरणा दिने गर्नुहुन्थ्यो ।

श्रद्धेय ज्ञानपूर्णिक महास्थविरसँगको मेरो पटक पटकको भेटघाट, उठबस र सहचार्यबाट महामानव बुद्ध र बुद्धधर्मबारे केही सकारात्मक कार्य गर्ने प्रेरणा ममा अनायास प्रस्फुरण हुनु स्वाभाविकै थियो । जसबाट प्रत्येक वर्षको बुद्धजयन्तीको उपलक्ष्यमा मेरो व्यक्तिगत प्रयासबाट साहित्यिक मित्रहरूलाई भेला गराई बौद्ध भिक्षु एवं बौद्ध विद्वान्हरूबाट बुद्धधर्मबारे प्रवचन गोष्ठीको आयोजना गर्न थालेँ । यस्तो गोष्ठीलाई मित्रहरूले सकारात्मक प्रतिक्रिया जाहेर गरे । यसबाट मलाई थप हौसला हुनु स्वाभाविकै थियो । भगवान् बुद्धप्रतिको मेरो यस्तो सद्भावनालाई लगत्तै मैले संस्थागत गर्नतिर लागेँ । अतः आजभन्दा ११ वर्ष पहिले 'बौद्ध प्रवचन समाज' नामको एउटा धार्मिक संस्था स्थापना गरेँ र यसलाई २५५५ औं बुद्धजयन्तीको उपलक्ष्यमा एउटा भव्य कार्यक्रमबीच श्रद्धेय ज्ञानपूर्णिक महास्थविरको करकमलबाट समुद्घाटन गराएँ ।

उपर्युक्त 'बौद्ध प्रवचन समाज' को मुख्य उद्देश्य भगवान् बुद्धले प्रतिपादन गर्नुभएका बौद्धशिक्षाको व्याख्या र बोध गराउनु हो । किनभने हामी सबैलाई थाहा भएकै कुरा हो महामानव बुद्ध नेपालको मात्र नभई विश्वकै महापुरुष हुनुहुन्छ र यस धरतीका शान्तिनायक हुनुहुन्छ ।

आज विश्वमा हाम्रो देश नेपालको पहिचान गराउनु छ भने बुद्धको जन्मस्थलको रूपमा गराउने गरिन्छ । अतः यस्ता महिमामय बुद्ध तथा उहाँले प्रतिपादन गर्नुभएको बौद्धशिक्षा अर्थात् बुद्धधर्मबारे हामी नेपालीले केही जान्न, सुन्न र थाहा पाउन अत्यावश्यक छ । यसैलाई एउटा सानो प्रस्थान विन्दुको रूपमा 'बौद्ध प्रवचन समाज'ले सघाउने लक्ष्य लिएको हो । त्यही लक्ष्य लिएर करिब ५-६ वर्षसम्म प्रत्येक वर्षको बुद्धजयन्तीमा अक्सर ज्ञानपूर्णिक भन्तेलाई नै प्रमुख अतिथिको रूपमा सहभागी गराउँदै कार्यक्रम सञ्चालन गर्दै आएको थिएँ । तर अहिले केही वर्षदेखि यस समाजको घोषित लक्ष्य अनुरूप कार्यक्रम सञ्चालन गर्न सकेको छैन ।

अन्त्यमा 'बौद्ध प्रवचन समाज'ले आयोजना गर्ने विभिन्न कार्यक्रममा श्रद्धेय ज्ञानपूर्णिक भन्तेले महामानव बुद्धका शिक्षालाई अत्यन्त सरल, सहज र प्रेरणादायी तरिकाले प्रवचन दिने गर्नुहुन्थ्यो र ती प्रवचनहरूमध्ये केहीलाई केही छाँटकाँट गरी साहित्यिक तरिकाले यहाँ प्रस्तुत गर्दछु जसबाट भगवान् बुद्ध एवं ज्ञानपूर्णिक भन्तेप्रति मेरो सादर नमन हुनेछ भन्ने मैले ठानेको छु :

शान्ति र सत्यको खोजीमा भड्कँदै हिँड्ने राजकुमार सिद्धार्थ गौतमले ३५ वर्षको उमेरमा एक दिन गयाको एउटा रूखमुनि ध्यानमग्न भएको बेलामा आफूले खोजेको ज्ञान प्राप्त गर्नुभयो । त्यसपछि उहाँलाई बुद्ध, त्यो रूखलाई बोधिवृक्ष र उहाँले प्राप्त गरेको ज्ञानलाई बुद्धधर्म भनियो । उहाँ यसरी नेपालको विभूति, एसियाको ज्योति तथा संसारको शान्तिनायक हुन पुग्नुभयो ।

वास्तवमा तथागत गौतम बुद्ध महामानव हुनुहुन्छ । उहाँले अनेक दुःख, कष्ट सहेर, त्याग, तपस्या गरिकन बुद्धत्व प्राप्त गर्नुभएको हो । तर यत्तिकैमा उहाँ सन्तुष्ट हुनुभएन । उहाँले सांसारिक विषयवस्तुमा भुलिरहेका मानिसहरूलाई यो सांसारिक झै झमेला तथा दुःखबाट मुक्त हुने बाटो देखाउन विभिन्न ठाउँमा चहार्दै आफ्ना उपदेशहरू सुनाउँदै हिँड्नुभयो । तर उहाँको महत्ता नै यो छ कि उहाँले मानिसलाई “मेरो शरणमा आऊ, म तिमीहरूलाई दुःखबाट तारिदिन्छु” भनी कहिल्यै भन्नुभएन । बरू उहाँ भन्नुहुन्थ्यो- “आफ्नो उन्नतिको लागि स्वयं आफैँले साधना गर । म तिमीहरूको काम गर्न सक्दिनँ, न अरू कोहीले नै गर्न सक्छ । आफ्नो काम आफैँ गर । निर्मल मन र शान्ति होस्, कलह केही नहोस् ।” साँच्चै यस्ता आदर्श तथा आत्मोन्नतिका


'बौद्ध प्रवचन समाज'को एउटा गोष्ठीमा
श्रद्धेय ज्ञानपूर्णिक भन्ते

शिक्षाहरू व्यक्ति विशेषका लागि मात्र होइन समाजको उत्थानका लागि पनि उपयुक्त देखिन्छ । कुनै कसैले गरेको उपहास र तिरस्कार तथा प्रशंसाप्रति हाम्रो धारणा कस्तो हुनुपर्छ भन्ने कुरा भगवान् बुद्धको समयमा घटेको एउटा घटनाबाट छर्लङ्गिन्छ ।

एक दिन भगवान् बुद्ध आफ्ना भिक्षुसङ्घका साथ राजगिर र नालन्दाको बीचबाटोतिर गइरहनु भएको थियो । त्यसैबेला सुप्पिय परिब्राजक र उनका शिष्य ब्रह्मदत्त पनि त्यतैतिर गइरहेका थिए । त्यसबेला त्यहाँ सुप्पिय परिब्राजकले बुद्धको उपहास गर्दै थिए, धर्मको निन्दा गर्दै थिए तथा संघको आलोचना गर्दै थिए । तर सुप्पिय परिब्राजकका चेला ब्रह्मदत्तले चाहिँ अनेक प्रकारले बुद्धको, धर्मको र संघको प्रशंसा गर्दै थिए । यसरी गुरु-शिष्य दुवै परस्पर विरोधी कुरा गर्दै भगवान् र भिक्षुसंघका पछि-पछि गइरहेका थिए । साँझ बास बसेको ठाउँमा भिक्षुहरूबीच उक्त घटना सम्बन्धमा चर्चा-परिचर्चा हुँदै थियो । भगवान् बुद्धको विषयमा सुप्पिय परिब्राजकको उपहासयुक्त अभिव्यक्तिप्रति त्यहाँ असन्तुष्टि र आक्रोशको वातावरण सिर्जना हुँदै गयो । यो कुरा भगवान् बुद्धले थाहा पाउनुभयो र भिक्षुहरू भएको ठाउँमा जानुभई भन्नुभयो-

"भिक्षुहरू ! अरूले मेरो निन्दा गरेमा वा धर्मको निन्दा गरेमा वा सङ्घको निन्दा गरेमा गर्न दिनु, तर रिसाउनु पर्ने, मनमा आघात लिनु पर्ने वा असन्तोषी हुनुपर्ने कुरा केही छैन । यसबाट उनीहरूको केही हुन्न तर तिमीहरूको हानी हुन्छ । हामी निर्दोष छौं र हाम्रो बाटो सही छ भने हामीलाई नानाथरीले दोषारोपण गरेको भए पनि हामी रिसाउनुपर्ने कारण केही छैन, तिनीहरू स्वयम् दोषी छन्, तिनीहरूको कुरालाई हामीले ग्रहण गर्नुपर्दैन । हेर, जीवनमा यस्ता मारहरू बारम्बार आउने गर्छन् । यस्तो बेलामा हामीले मनमा कुनै क्लेश भावना नराखी समभावलाई ग्रहण गर्नुपर्छ, अनि मात्र हामी कल्याणको बाटोमा अग्रसर भइरहेका हुनेछौं । त्यस्तै अरूले मेरो प्रशंसा गरेमा पनि तिमीहरू आनन्दित हुनुहुन्न, प्रफुल्लित हुनुहुन्न । हामी राग र द्वेषको भुमरीमा कहिल्यै फस्नुहुन्न । अरूले भनेको कुरालाई हामीले सहजै ग्रहण गर्नुहुन्न । प्रशंसा गर्नेहरू वा उपहास गर्नेहरूले भनेका कुराहरू साँचो हुन् भने मात्र ती कुराहरू हामीले मान्नुपर्छ, ग्रहण गर्नुपर्छ । होइन भने प्रशंसित वा आरोपित कुराहरूबाट हामी प्रभावित हुनुपर्ने कुरा केही छैन । त्यसैले भिक्षुहरू ! समभावलाई आत्मसात् गर्दै हामी आफ्नो गन्तव्य स्थानतिर लागौं ।" यसरी बुद्ध स्वयम् आलोचना प्रत्यालोचनाबाट मुक्त हुनुहुन्थेन ।



भगवान् बुद्धबारे अब अर्को प्रसङ्ग यस्तो छ । पूजा-पाठ, भजन-कीर्तन आराधना-गंगास्नान आदिमा मात्र तल्लीन भएर धर्म प्राप्त गर्न गाह्रो पर्छ । वस्तुतः आफ्ना मानसिक विकारहरू निर्मूल पारी, चित्त शुद्धीकरण गरी, पाप कर्मबाट पन्छिई, शुद्ध धर्मतिर लाग्नुपर्छ भन्ने बुद्धको सन्देश छ । यस परिप्रेक्ष्यमा सुन्दरिक भारद्वाज भन्ने एक जना ब्राह्मण र भगवान् बुद्धको बीच भएको छोटो वार्तालापलाई यहाँ प्रस्तुत गर्न उपयुक्त ठान्दछु ।

एक समय सुन्दरिक भारद्वाज भगवान् बुद्धको सन्मुख थिए । उनले भगवान् बुद्धसँग प्रश्न गरे- "हे लोकनाथ, के तपाई बाहुका नदीमा गएर स्नान गर्नुहुन्छ ?"

भगवान् बुद्धले मुसुक्क हाँसेर भन्नुभयो- "ब्राह्मण, बाहुका नदीमा गएर के गर्ने ? त्यहीं स्नान गर्नुपर्छ भन्ने केही छैन ।"

ब्राह्मणले भने- "हे लोकनाथ, बाहुका नदी गौरवशाली छ, पवित्र छ भनेर सबैले मानिआएको छ । यो नदीमा नुहाए पुण्य प्राप्त हुन्छ, जानेर वा नजानेर आफूले गरेका सबै पाप पखालेर जान्छ भन्ने सबैको धारणा छ ।"

भगवान् बुद्धले सुन्दरिक भारद्वाज ब्राह्मणलाई सम्झाउँदै भन्नुभयो- "हेर सुन्दरिक, बाहुका होस् वा गङ्गा, त्यस्तै सरस्वती होस् वा प्रयाग, पाप कर्म गर्नेले यस्ता नदीमा दिनहुँ नुहाएमा पनि उस्को पाप कर्म पखालिँदैन, ऊ शुद्ध हुन सक्दैन । पापकर्मी दुष्ट नर-नारीले पवित्र मानिने कुनै पनि नदीमा नुहाएको किन नहोस् तर ऊ धर्मात्मा हुन सक्दैन, उनमा पवित्रता कहिल्यै छाउन सकिँदैन । शुद्ध मानिसका लागि फल्गु नदी वा उपोसथ नदी पनि पर्याप्त छ । शुद्ध एवम् सद्धर्मले जुनसुकै नदीमा नुहाए पनि स्नान अपूर्ण नभई पूर्ण हुनेछ । ब्राह्मण ! यदि तिमी झुटो बोल्दैनौ, हिंसा गर्दैनौ, परवस्तु अपहरण गर्दैनौ, श्रद्धावान् भै सद्धर्ममा लाग्छौ भने गया नै पुग्नुपर्छ भन्ने छैन, क्षुद्र जलाशय पनि तिम्रो लागि गया हुनेछ ।"

भगवान् बुद्धको यस्तो कुरा सुनिसकेपछि सुन्दरिक भारद्वाज ब्राह्मणले खुसी हुँदै भने- 'हे तथागत, आश्चर्य ! आश्चर्य !! घोप्टिएको वस्तुलाई सुल्ट्याइ दिएझैं, ढाकेको कुरालाई उघारी दिएझैं, बाटो भुलेका पथिकलाई मार्ग देखाइदिएझैं अथवा अन्धकारमा बत्ती बालिदिएझैं तपाईले अनेक प्रकारबाट धर्मको ज्योति बालेर देखाउनु भएको छ । अब म तपाईंको शरणमा आउँछु, धर्मको शरणमा आउँछु, भिक्षुसंघको शरणमा आउँछु ।"

यस्तो हुनुहुन्थ्यो बुद्ध । यस्तो महामना बुद्धमा शतत प्रणाम गरी उहाँले देखाउनु भएको बाटोमा लाग्नु भनेकै शुद्ध धर्मधारण गर्नु हो जस्तो लागिरहेछ मलाई ।

त्यस्तै अर्को प्रसङ्ग-

भगवान् बुद्धको समयमा उहाँबारे अनेक किसिमका मिथ्याचार, आलोचना, दोषारोपण नभएका होइनन्, हुने गर्थ्यो । अरू त अरू स्वयम् उहाँकै शिष्य मालुंक्यपुत्र बुद्धका कटु आलोचक थिए । उनी बुद्धको दृष्टिकोणबाट सन्तुष्ट थिएनन् । उनी अशान्त प्रकृतिका व्यक्ति थिए । बुद्धको उपदेशमा उनलाई रत्तिभर श्रद्धा थिएन । उनी वैदिकधर्म र वैदिक–संस्कृतिबाट बढी प्रभावित थिए । वैदिकधर्ममा के मान्यता छ भने- आत्मा परमात्माको अंश हो, आत्मा परमात्मासँग मिल्न व्याकुल हुन्छ । त्यस्तै लोक परलोक, मरेपछिको स्वर्ग नर्क आदि विषयमा पनि वैदिकधर्ममा विस्तृत व्याख्या छ । यस्ता विषयका प्रश्नहरू उनी बुद्ध समक्ष थोपर्थे । तर बुद्धले भने मुसुमुसु हाँसी उनका प्रश्नलाई त्यसै टालिदिनुहुन्थ्यो । एक दिन उनलाई बुद्धदेखि साह्रै झोंक चलेछ र सरासर बुद्ध कहाँ गई भनेछन्- "प्रभु ! के विश्व नित्य छ, सार्वकालिक छ ? के यो अनन्त छ ? आत्मा र शरीर एकै हो ? कि भिन्न भिन्न ?" उनले यो पनि भन्यो- 'प्रभु ! आज पनि यदि मेरो प्रश्नको उत्तर पाउन सकिनँ भने म भिक्षु जीवन त्यागी गृहस्थ बन्छु । विश्व नित्य छ, अविनाशी छ भने छ भन्नुस्, छैन भने छैन भन्नुस् । त्यस्तै आत्मा र शरीर एक हो भने हो भन्नुस् वा अलग हो भने त्यस्तै भन्नुस् । किन मलाई रनभुल्लमा पारिराख्नु हुन्छ ?"

उनको यस्तो कुरा सुनी बुद्धले भन्नुभयो- "मालुंक्यपुत्र ! के तिमीलाई मैले बोलाएर भिक्षु जीवनमा दीक्षित हुनु, अनि प्रत्येक प्रश्नको जवाफ दिनेछु भनेको थिएँ ?" बुद्धको यो प्रतिप्रश्नले मालुंक्यपत्र एकछिन हत्प्रभ भए । उनको असहजता देखी बुद्धले फेरि भन्नुभयो- "मालुंक्यपुत्र ! एक जना यस्तो मानिसको कल्पना गर, जसको शरीरमा भर्खर विषवाण लागेको छ । यस्तो अवस्थामा उनका मित्रहरूले वाण झिक्न उनलाई चिकित्सक कहाँ लगिदिएछन् । तर त्यो मानिसले भनेछन्- "पख, पख, यो वाण अहिले नझिक, सर्वप्रथम म के जान्न चाहन्छु भने यो वाण कसले हानेको हो । मेरो शत्रुले हानेको हो कि, कुनै मित्रले हो कि अथवा कसैले भुलवश हानेको हो । यो वाण निकाल्नु अघि म यो पनि थाहा पाउन चाहन्छु, यो वाण विषालु हो वा विना विषको । त्यस्तै यो वाण धातुको हो वा बिना धातुको, यदि धातुको हो भने कुन धातुको । त्यस्तै यो वाण कुन दिशाबाट आएर मलाई लागेको हो ।"

उनका मित्रहरूले यी प्रश्नात्मक कुराहरू सुनेपछि भनेछन्- "यदि तिमीले भनेका कुराहरू पहिले पत्ता लगाउन थाल्यौं भने हुनसक्छ सबै कुरा हामीले पत्ता पनि लगायौं रे, तर त्यतिन्जेलसम्ममा तिमी जीवित नरहन सक्छौ । त्यसैले उचित यही हो, तिम्रो प्रश्नको उत्तर पछि सोध्नु, पहिले तिमीलाई लागेको बाण नै झिक्न दिनू । वाण झिकिसकेपछि तिम्रा प्रश्नहरूको उत्तर तिमी आफैं पनि पत्ता लगाउन सक्ने छौ अर्थात् त्यो वाण मित्रले कि, शत्रुले कि, विष युक्त हो कि बिना विषको, त्यस्तै कुन धातुले बनेको आदि इत्यादि ।"

बुद्धले फेरि भन्नुभयो- "हे मालुंक्यपुत्र, तिम्रो अवस्था पनि त्यो वाण लागेको मानिसको जस्तै छ, जो हरदम आत्मा परमात्मा, लोक परलोक, स्वर्ग नर्क, अनन्त, असीमित जस्ता यस जीवनमा प्राप्त गर्न नसक्ने कुरामा तर्क वितर्क गर्दैछौ । एक छिनलाई मानिलेऊ, तिमीले सोधेअनुसार मैले जवाफ दिँदै आत्मा परमात्मा एकै हुन् वा भिन्न हुन् भनें रे, त्यस्तै स्वर्गमा सुख हुन्छ, नर्कमा दुःख हुन्छ भनें रे अथवा स्वर्ग नर्क भनेको केही छैन भनें रे । तिमी नै भन त, मेरा यस्ता जवाफ पाएर तिमीलाई के प्राप्त हुन्छ ? वस्तुतः यस्तो कुरामा विचार विमर्श गर्नु भनेको व्यर्थको समय बिताउनु हो । अतः हे मालुंक्यपुत्र, जुन कुरा म स्पष्ट भन्छु त्यसलाई स्वीकार गरी चिन्तन मनन गर र जसको बारेमा मैले बोलेको छैन त्यसमा नानाथरिका विचार नगर । जुन कुरा तिमी जान्न चाहन्थ्यौ तर त्यसबारे मैले केही भनिनँ, त्यो किन थाहा छ ? किनभने, तिम्रो प्रश्नको उत्तरबाट न आध्यात्मिक ज्ञान प्रस्फुटन हुन्छ, न त्यसले तिमीलाई कल्याणको बाटोमा डोऱ्याउँछ । मैले भन्ने गरेको यही हो- दुःख छ, यसलाई निर्मूल गर्ने उपाय छ, त्यसैले यसबाट बच्ने विधि मैले बताउने गर्छु । वस्तुतः आध्यात्मिक जीवनको शुरुवात यही प्रयासबाट सुरु हुन्छ । त्यसैले हे मालुंक्यपुत्र ! लोक परलोक, आत्मा परमात्मा, स्वर्ग नर्क, सीमित, असीमितबारे तर्क वितर्क नगरी तथा मरेपछि स्वर्ग पुगी सुख पाउने निरर्थक र अनजान प्रयासमा नलागी बरू शील, समाधि (ध्यान) तथा प्रज्ञाको जीवन अबलम्बन गरी यही जीवनमा सुख, सन्तोष, शान्ति प्राप्त गरी दुःखबाट मुक्त भई संबोधि प्राप्त गर्नेतिर अग्रसर हुनु र यही प्रयास आध्यात्मिक जीवनतिर उन्मुख हुने पहिलो खुड्किलो हो ।"

निष्कर्षमा भन्नुपर्दा ज्ञानपूर्णिक महास्थविरजस्ता श्रद्धेय व्यक्तित्व यो धराधाममा पटक-पटक जन्मन धेरै नै गाह्रो छ । आफ्नो साधनाको बलबाट उहाँले दिव्यलोक नै प्राप्त गरेको म अनुभूत गर्दछु । उहाँको चिरशान्तिका लागि यिनै शब्द–सुमनहरू श्रद्धाञ्जलीका रूपमा अर्पण गर्दछु । ❖❖❖

# धम्मानुसासक भन्ते र बौद्ध महिला संघ नेपाल



**वीणा कंसाकार**
*बौद्ध महिला संघ, नेपाल*

बुद्ध जन्मभूमि नेपालको पश्चिमी भागमा रहेको पाल्पा तानसेनमा नेपालका सातौं संघनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्तेको जन्म भएको थियो । सानै उमेरमा आमा चन्द्रमाया शाक्यले छोरा हीरालाललाई थेरवाद बुद्धशासनमा प्रवेश गराउनु भयो । बालक हीरालाल सानैदेखि शान्त, सौम्य एवं तीक्ष्ण बुद्धिका हुनुहुन्थ्यो । नेपालको थेरवाद बुद्धशासनमा पाल्पा तानसेनको ठूलो योगदान रहेको छ । किशोरावस्थामै प्रव्रज्या ग्रहण गर्नुभई वहाँ भन्ते बुद्धधर्म अध्ययन गर्न म्यानमार प्रस्थान गर्नुभयो । म्यानमारमा बुद्धधर्मको उच्च अध्ययन गर्नुभई त्यहाँको विशिष्ट उपाधि "सासनधज धम्माचरिय" पदवीबाट विभूषित हुनुभयो । त्यपछि नेपालमा औपचारीक शिक्षा अध्ययनका साथै भारतको बनारसमा गई अध्ययन गर्नुभयो । पालि भाषाका विज्ञ संघनायक भन्ते बर्मेली भाषाका अतिरिक्त अन्य भाषाका पनि ज्ञाता हुनुहुन्थ्यो ।



आकर्षक एवं बहुआयामिक व्यक्तित्वका धनी उहाँ भन्तेको नेपालको थेरवाद बुद्धशासनको उत्थानमा पृथक एवं अतुलनीय योगदान रहेको छ । बौद्ध विद्वान एवं भाषा विज्ञ श्रद्धेय भन्तेबाट त्रिपिटकका अति महत्वपूर्ण ग्रन्थहरू लेखन तथा अनुवाद गर्नुभयो । कुशल धर्मदेशक, अभिधर्मका व्याख्याता संघनायक भन्तेबाट धर्मसभामा धर्मउपदेश गर्नुहुँदा श्रोताहरू श्रद्धाले धर्मविभोर हुन्थे । कर्मशील उहाँ भन्ते नेपालमा बुद्धधर्म, साहित्य, कला, संस्कृति, समुन्नत विकासमा निरन्तर लाग्नु भयो । बुद्धपुत्र संघनायक भन्तेबाट नेपालमा थेरवाद बुद्धशासन चिरस्थायी गर्ने हेतु भिक्षु, श्रामणेर अभिवृद्धि गरी तालिम तथा अध्ययन अध्यापन गराउन विश्व शान्ति बौद्ध शिक्षालय स्थापना गर्नु वहाँ भन्तेको विशिष्ट कार्य थियो । उक्त शिक्षालयबाट दिक्षित भएका भिक्षु, श्रामणेरहरूलाई देशका विभिन्न ठाउँमा धर्मप्रचारार्थ पठाउनु भयो ।

वि.सं. २०२० सालमा नेपालका पाँचौं संघनायक भिक्षु बुद्धघोष महास्थविरबाट नेपालमा बौद्ध परियत्ति शिक्षाको पठनपाठन शुभारम्भ गर्नुभयो । आफ्ना गुरुबाट स्थापित बौद्ध परियत्ति शिक्षाको विकास र विस्तारमा ज्ञानपूर्णिक भन्तेले महत्वपूर्ण योगदान गर्नुभयो ।

उहाँ भन्तेकै अग्रसरतामा 'थेरवाद बुद्धिष्ट एकेडेमी' स्थापना गरी बुद्धधर्मको उच्च अध्ययन गर्ने अध्येताहरूका लागि ढोका खोलि दिनुभयो । स्वयं आफू प्राचार्य भई एकेडेमीलाई फलाउने फुलाउने कार्य गर्नुभयो । संघनायक भन्ते धर्मप्रचारक र ग्रन्थधूर मात्र नभई विपश्यना ध्यानका कर्मस्थानाचार्य समेत हुनुहुन्थ्यो । यसरी उहाँले आफ्ना शिष्य, शिष्या लगायत सबैलाई ध्यान भावनाको अभ्यास गराउनु हुन्थ्यो ।

संघनायक भन्तेको बुद्धधर्मको प्रचार प्रसार आफ्नो मातृभूमिमा मात्र सीमित रहेन, अपितु एसिया, यूरोप, अमेरिका लगायत विभिन्न देशहरूमा धर्मदूतका रूपमा वहाँ प्रख्यात हुनुभयो । यस्तै विभिन्न अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठीहरूमा नेपालका प्रतिनिधिका रूपमा सहभागी हुनुभई



नेपालको गौरव बढाउनु भयो । अन्तर्राष्ट्रिय क्षेत्रमा वसपोल भन्तेको विद्वताको कदर गर्दै म्यानमार सरकारको तर्फबाट 'अग्गमहासद्धम्मजोतिकधज", "अग्गमहापण्डित" उपाधिद्वारा विभूषित हुनुभयो । यसरी नै थाईलायण्ड तथा अन्य देशहरूबाट पनि संघनायक भन्तेलाई विभिन्न मानपदवी तथा सम्मानले विभूषित गरेको सम्पूर्ण नेपाली बौद्ध र राष्ट्रकै गौरवको विषय हो । अन्तर्राष्ट्रिय क्षेत्रमा बौद्ध विद्वानका रूपमा परिचित संघनायक भन्तेको संयोजकत्व एवं म्यानमारका अति सम्मानित भिक्षु सितागु सयादोको सहकार्यमा सन् २०१४ मा बुद्ध जन्मभूमि लुम्बिनीमा भव्य रूपमा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भयो । उक्त सम्मेलनमा बौद्ध महिला संघको उल्लेखनीय भूमिका रहेको थियो । बौद्ध महिला संघ, नेपालका धम्मानुसासक संघनायक भन्ते धर्मोदय सभाका पूर्व अध्यक्ष तथा अन्य बौद्ध संघसंस्थाहरूसित पनि सम्बद्ध रही पथप्रदर्शकको भूमिका निभाउनु भयो ।

उहाँ श्रद्धेय भन्तेबाट संघको उन्नति र प्रगतिमा अविस्मरणीय योगदान गर्नु भएको छ । वसपोल भन्ते संघको शासनिक कार्यमा धम्मानुसासकका साथै अभिभावकीय भूमिका पनि निभाउनु भयो । बौद्ध नारीहरूको उत्थानमा उहाँ सदैव प्रेरणाको श्रोत हुनुभयो । संघको गतिविधि एवं विभिन्न योजनाहरू कार्यान्वयनमा श्रद्धेय भन्तेबाट सल्लाह, सुझाव तथा मार्ग निर्देशन हुन्थ्यो । भन्तेको मृदुवाणी, सल्लाह, सुझाव संघका लागि अमृतवचन सरह हुन्थ्यो ।

संघनायक भन्तेको छत्रछायाँमा बौद्ध महिला संघले बुद्धशासनिक कार्यहरू अगाडि बढाउँदै लग्यो, जुन गौरवयुक्त विषय भएको ठान्दछौं ।

बौद्ध परियत्ति शिक्षालाई स्कूलका बालबालिकाहरूलाई पढाउन सकेमा जनजनमा प्रचार प्रसार हुन्छ भन्ने मान्यता राखि बौद्ध महिला संघ नेपालले सर्वप्रथम परोपकार मा.वि.मा परियत्ति केन्द्र स्थापना गरी परियत्ति शिक्षा पढाउने व्यवस्था गऱ्यो । परियत्ति पढाउँदै जाँदा अनेकौं समस्याका साथै अवरोधहरू श्रृजना भयो । यी विभिन्न अवरोध र समस्या समाधानका लागि नेपाल बौद्ध परियत्ति केन्द्रलाई नै सुव्यवस्थित र सशक्त बनाउन आवश्यक देखियो र ती समस्याहरू समाधान गर्नेबारे परियत्ति केन्द्र तथा अखिल नेपाल भिक्षु महासंघ समक्ष अनुरोध गरियो । बौद्ध महिला संघको अनुरोधलाई सम्बोधन गरी अखिल नेपाल भिक्षु महासंघबाट बौद्ध परियत्ति शिक्षालाई समयानुकूल परिमार्जन एवं उचित व्यवस्थापकीय सुधार गर्न बौद्ध महिला संघलाई नै एउटा कार्यशाला गोष्ठी आयोजना गर्नको लागि अनुमति प्रदान गरियो । यस जिम्मेवारीलाई बहन गर्दै यस संघको आयोजनामा वि.सं. २०५८ साल असोजमा होटल ब्लू स्टारमा "नेपाल बौद्ध परियत्ति शिक्षाको बिकास" बिषयक दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठी आयोजनाका लागि धम्मानुसासक भन्तेबाट आवश्यक सरसल्लाह एवं अमूल्य सहयोग प्राप्त भयो, जुन यस संघको लागि सदा अविस्मरणीय रह्यो । यस गोष्ठीको आयोजनाबाट बौद्ध परियत्ति शिक्षालाई जुन रूपबाट विकास गर्नुपर्ने थियो त्यो लक्ष्य पूरा भएको श्रद्धेय भन्तेबाट महशूस भएको हामीले पायौं । गोष्ठी आयोजना स्थल हल, त्यहाँको व्यवस्थापन एवं सहभागी प्रतिनिधिहरूलाई स्वागत सत्कार, खानपिन आदिमा श्रद्धेय भन्तेबाट अभिरुचि लिई निरीक्षण गर्नुभयो । परियत्ति शिक्षालाई जुन उचाईमा पुऱ्याउने भन्तेको मनोइच्छा यसबाट पूरा भएको हामीले पायौं ।

नेपालमा बौद्ध परियत्ति शिक्षा स्थापना भएको ५० वर्ष पुगेको अवसरमा वि.सं. २०७० सालभर विविध कार्यक्रम गरी स्वर्ण जयन्ती भव्य रूपमा मनाउने योजना थियो र यसका लागि कार्यक्रम मूल समारोह समिति गठन गरियो । उक्त समितिमा यस संघलाई पनि समावेश गरियो । नेपालमा परियत्ति शिक्षाको दिगो विकासमा बौद्ध महिला संघले एउटा उद्देश्यपूर्ण कार्यक्रम गर्ने सोचाइ थियो । त्यस्तैमा एकदिन संघनायक भन्तेबाट संघलाई बोलाई कार्यक्रम गर्नेबारे छलफल भयो । श्रद्धेय भन्तेको पनि इच्छा थियो कि बौद्ध महिलाले पनि कुनै उत्कृष्ट कार्यक्रम गरोस् र संघमाथि भन्तेको पूर्ण भरोसा र विश्वास थियो । यसर्थ परियत्ति शिक्षाबारे एउटा गोष्ठी आयोजना गर्न भन्ते स्वयंले हामीलाई आज्ञा भयो, जुन हामीले सहर्ष स्वीकार गऱ्यौं । यसको लगत्तै भन्तेसँगै छलफल गरी विषय छनौट गरी काम अघि बढायौं । २०७० साल चैत्र १५ र १६ गते "परियत्ति संरक्षण सम्वर्द्धन" विषयक दुई दिने गोष्ठी भव्य रूपमा सम्पन्न भयो । बौद्ध विद्वान एवं परियत्ति सम्बद्ध प्रबुद्ध व्यक्तिहरूको उल्लेख्य सहभागिता रही परियत्तिको विकास, संरक्षण आदिबारे गोष्ठीमा प्रर्याप्त बैचारिक मन्थन भयो । २१ औं शताब्दीमा परियत्ति शिक्षाको विकासबारे गहिरो चिन्तन भयो । गोष्ठीमा संघनायक भन्तेबाट आफ्नो

इच्छा एवं मनोभावना प्रष्ट रूपमा प्रकट गर्नुभई दिशानिर्देश गर्नुभयो। गोष्ठी सभ्य, भव्य रूपमा सम्पन्न भएकोमा भन्ते अत्यन्त खुशी हुनुभयो र बौद्ध महिला संघको कार्यकुशलता र क्षमताको प्रशंसा गर्नुभयो।

२०३८ सालमा "नेपाल महिला बौद्ध संघ" को नामले यस संस्था स्थापना भएको थियो। संस्थालाई दर्ता गर्न आवश्यक ठानी २०५१/५२ सालतिर बौद्ध महिला संघका पदाधिकारीहरू, सल्लाहकार लोकदर्शन बज्राचार्यज्यूको सहयोग लिई सि.डि.ओ. कार्यालय जाँदा त्यहाँ एउटा अकल्पनीय वातावरण श्रृजना भयो। "नेपाल महिला बौद्ध संघ" नामले केही समय अगाडि दर्ता भइसकेको हुँदा त्यही नामले पुनः अर्को संस्था दर्ता गर्न नमिल्ने कुरा जानकारी गराइयो। यस घटनाले हामीलाई द्विविधामा पुऱ्यायो। त्यहाँका कर्मचारीका अनुसार सोही नामले दर्ता गर्ने भए कानुनी प्रक्रियामा जानुपर्छ। यदि होइन भने अर्कै नामले दर्ता गर्नु भने। तुरुन्तै हामीले यसलाई निर्णय गर्न सकेनौं। लगत्तै यसबारे सल्लाह लिन धम्मानुसासक भन्तेकहाँ गई हाम्रो समस्या समाधानको लागि राय सुझावको लागि अनुरोध गऱ्यौं। श्रद्धेय भन्तेबाट करुणायुक्त चित्तद्वारा नाम मात्र केही होइन, नाम भन्दा काम ठूलो हो भनी सम्झाउनु भयो। काम बिनाको नामको कुनै अस्तित्व हुँदैन। कामले नै नामको पहिचान र महत्व बढ्छ, जसद्वारा हामीले गौरव गर्न सक्छौं। भन्तेको यस उद्‌गारबाट हामीले सन्तोष र सुखको अनुभूति गऱ्यौं। श्रद्धेय भन्तेको सल्लाह बमोजिम हामी पुनः सिडिओ कार्यालय गई "बौद्ध महिला संघ नेपाल" को नामले संस्था दर्ता गर्ने कार्य सम्पन्न भयो। बौद्ध महिलाप्रति श्रद्धेय भन्तेले गर्नु भएको उपकार हामीमा सदैव अविष्मरणीय रहनेछ।

नेपालमा थेरवाद पुनर्स्थापना भएको नौ दशक पार भइसकेको छ। थेरवाद बुद्धधर्म, साहित्य, कला, संस्कृति एवं ऐतिहासिक सम्पदाको संरक्षण सम्वर्द्धन गर्ने र यसबारे जान्ने बुझ्ने, हेर्ने कुनै उचित निकाय नभएको महशुस गरी बौद्ध महिला संघले थेरवाद बौद्ध संग्रहालय स्थापना गर्ने परिकल्पना गऱ्यो। संग्रहालय स्थापना गर्ने कुरा सामान्य थिएन। निकै चुनौतिपूर्ण कार्य थियो। सर्वप्रथम यस योजनाबारे राय, सुझाव र छलफल गर्न हामी धम्मानुसासक भन्तेलाई भेट्न विश्व शान्ति विहार गई भन्ते समक्ष मनको कुरा व्यक्त गऱ्यौं। हाम्रो कुरा सुनिसकेपछि भन्तेले अति प्रशन्न मुद्रामा भन्नु भयो कि "मेरो मनको कुरा तिमीहरूले व्यक्त गऱ्यौ। थेरवाद बौद्ध संग्रहालय स्थापना गर्नु मेरो पनि कल्पना हो" भनी अत्यन्त खुशी हुनु भयो। सोही अवसरमा थेरवाद बौद्ध संग्रहालय स्थापनाबारे, यसको ऐतिहासिक तथ्य, पुरातात्विक महत्व, धार्मिक, सामाजिक एवं आर्थिक ईत्यादिबारे श्रद्धेय भन्तेसँग हामीले छलफल गऱ्यौं। उहाँ भन्तेबाट पुनः हामीलाई हौसला प्रदान गरी आफूले सक्दो सहयोग गर्ने इच्छा व्यक्त गर्नुभयो। नेपालका धर्मभण्डागारिक भन्तेबाट प्रकट गर्नु भएको उद्‌गार एवं दर्शाउनु भएको आत्मीयताले हामीमा काम गर्ने उर्जा प्राप्त भयो। यसको लागि छिट्टै एउटा एडहक कमिटी बनाई संग्रहालयविद्, बौद्ध विद्वान्, भन्ते गुरुमांहरू, सम्बद्ध व्यक्तिहरूलाई बोलाई बैठक बस्ने कार्य अघि बढ्यो। यसको प्रथम बैठक विश्व शान्ति विहारमा स्वयं भन्तेकै अध्यक्षतामा बस्यो। क्रमिक रूपमा कार्यविधि अगाडि बढ्दै गयो। २०७६ सालको अन्तिमसम्ममा संग्रहालय निर्माणको पहिलो चरणको कार्य सम्पन्न गरी उद्‌घाटन गर्ने योजना भयो। करीब ६ महिना अघि नै उद्‌घाटनबारे जानकारी एवं सल्लाह सुझावको लागि अनुरोध गऱ्यौं। भन्तेबाट आफ्नो मनको कुरा पूरा हुने भयो भनी प्रफुल्लित हुनुभयो र साथै उद्‌घाटन कार्यक्रममा आफू उपस्थित हुने कुरा पनि बताउनु भयो। २०७६ साल माघमा लुम्बिनीस्थित स्वयम्भू महाचैत्यभित्र निर्माण भएको "नेपाल थेरवाद बौद्ध संग्रहालय" को उद्‌घाटन गर्ने निश्चित भयो। तर अफशोच, समय नजिक आइपुग्दासम्म श्रद्धेय भन्तेको स्वास्थ्य अवस्था निकै खस्किसकेको थियो। स्वास्थ्यले गर्दा उद्‌घाटन कार्यक्रममा उहाँ भन्ते भौतिक रूपमा उपस्थित त हुन सक्नु भएन, तर वहाँकै जीवनकालमा सो कार्य सम्पन्न गर्न पाउँदा हामीलाई निकै गर्वको अनुभूति भएको छ।

विभिन्न शारीरिक रोगहरूको सामना गर्दै वहाँ भन्ते आफ्नो लेखन कार्यबाट कहिल्यै विश्राम लिनु भएन, साथै आफ्नो कर्तव्यबाट पनि विमुख हुनु भएन। सधैं हँसिलो मुहार, गतिशील जीवन, आफ्ना शिष्य शिष्याहरूप्रति करुणाभावले मार्ग निर्देशनमा समय व्यतित गर्नुहुन्थ्यो। रोग व्याधिले शरीर क्रमशः शिथिल हुँदै गयो। वि.सं. २०७७ साल आषाढ १९ गतेका दिन संघनायक श्रद्धेय ज्ञानपूर्णिक महास्थविर भन्ते यस सांसारिक दुःखबाट मुक्त भई परलोक गमन गर्नु भयो। सम्पूर्ण बौद्ध जगत शोकमग्न भयो। नेपाल राष्ट्रले एक अनमोल बौद्ध विद्वान् गुमायो। सम्पूर्ण बौद्धहरूलाई बुद्धशासनका एक बलियो खम्बा ढलेको महशुस भयो। तर प्रकृतिको नियम अनित्यताको बोध हामीले गर्नैपर्छ। नेपालका सातौं संघनायक अग्गमहासद्धम्मजोतिकधज श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्तेमा हृदयदेखि श्रद्धासुमन अर्पण गर्दै निर्वाण कामना गर्दछौं।

❖❖❖

# धम्मानुसासक भन्ते ञाणपुण्णिक महास्थविर



**डा. केशरीलक्ष्मी मानन्धर**
*बौद्ध महिला संघ, नेपाल*




बुद्धधर्ममा आस्था राखेर धर्म जागरण र धर्म धारण गर्नुका साथै समाजका महिला वर्गलाई धर्ममा संलग्न गराउने भन्ने उद्देश्य राखेर चलिरहेका हामी महिलाहरुको समूहलाई श्रद्धेय ञाणपुण्णिक भन्तेले धम्मानुसासक भई दिएर अज्ञानी महिलाहरूलाई धर्मको ज्ञान दिलाउन असीम योगदान गर्नुभई उत्थान गरिदिनु भयो । उहाँ पूज्य भन्तेको सम्झनामा स्मरणका दुई शब्द प्रकट गर्न पाउँदा हामी आभारी छौं ।

नेपालका एकमात्र धम्माचरिय उपाधि प्राप्त भिक्षु बनेर देशवासी जनता, समाजलाई आवश्यक र अत्यन्त महत्वपूर्ण कदमहरु चाल्नु भएका व्यक्तित्व हुनुहुन्छ, उहाँ । स्वदेशमा मात्र होइन वहाँ मलेसिया, थाईल्याण्ड आदि विभिन्न देशहरुमा पनि आफ्नो प्रबुद्ध ज्ञानद्वारा प्रभावकारी धर्मदेशनाहरू गरी एक अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्ति भई नेपाल देशकै नाक ठाडो पारिदिनु भएको छ । यस्तो व्यक्तित्व र बुद्धिमत्ताले युक्त भन्तेले हामीलाई अनेक प्रकारबाट सल्लाह, सुझाव र आफै संलग्न भई दिएर बौद्ध महिला संघको उत्थानमा सहयोग गर्नु भयो । हामी हाम्रा धम्मानुसासक भन्तेलाई सबैको हृदयदेखि श्रद्धाञ्जली अर्पण गर्दछौं ।

वहाँले बुद्धशासनको चिरस्थायीका लागि स्कूल संचालन गरी भिक्षुसंघको उत्थान गर्नुका साथै हामी जस्ता अज्ञानी महिलाहरूको प्रेरणाको श्रोत भई दिएर उत्थान गरिदिनु भएको छ ।

बौद्ध महिला संघको प्रथम प्रोजेक्ट- “परियत्ति विकास गोष्ठी” ब्लू स्टार होटेलमा हुँदा आफै संलग्न भई उहाँले दिलचस्पीका साथ सहयोग गर्नु भएको थियो । साथै होटेलको खाना चाख्ने मौका कहिल्यै नपाएको भन्दै अहिले चाख्न पाएकोमा आफूलाई रमाईलो लागेको कुरा पनि व्यक्त गर्नु भएको याद आउँछ । नेपालमा परियत्ति शिक्षाको शुरुवात गर्नुभएका व्यक्तित्व श्रद्धेय बुद्धघोष भन्तेको अध्यक्षता र परियत्ति शिक्षाका प्रथम विद्यार्थी धर्मरत्न शाक्यज्यूको समुपस्थितिमा सो गोष्ठी सफलताका साथ सम्पन्न भएको थियो । यसमा भिक्षु सुदर्शन महास्थविरज्यूको पनि स्मरणीय योगदान रह्यो ।




२०५७ सालको यस दुई दिने गोष्ठीको निचोडबाट परियत्ति परिषद्का साथै त्यस अन्तरगत विभिन्न कमिटीहरू तथा आर्थिक सपोर्टको लागि परियत्ति सभा र अ.ने.भि.संघ अन्तरगत एक उच्च समितिको पनि स्थापना गरिएको थियो । शुरुमा परिषद्को शिक्षाध्यक्ष बुद्धघोष महास्थविरज्यूले गर्नु भएको थियो तर स्वास्थ्यको कारणले वहाँ ज्ञानपूर्णिक भन्तेलाई सबै भार दिनुभएको थियो । वहाँ भन्तेले परियत्ति परिषद्को भार लिएर धेरै वर्षसम्म देशमा परियत्ति शिक्षा फैलाउने काममा शिक्षाध्यक्ष भई ठूलो योगदान गर्नुभएको थियो । जसमा बौद्ध महिला संघको प्रतिनिधिको रूपमा म आफै पनि परिषद्मा संलग्न थिएँ र वहाँसँग काम गर्ने सुअवसर प्राप्त गरेकी थिएँ ।

बौद्ध महिला संघले हरेक वर्ष गर्ने बुद्धजयन्ती कार्यक्रममा, परियत्तिका विद्यार्थीहरूलाई पुरस्कार दिने कार्यक्रम आदिमा धम्मानुसासकको रूपमा उपस्थित हुनुभई परियत्तिका विद्यार्थीहरूलाई उत्साहवर्द्धक देशना गरी हामी सबैलाई हौसला प्रदान गरी राख्नु भएको थियो ।

बौद्ध महिला संघ, नेपालको अर्को प्रपोजल आएको कुरा लिएर वहाँ भन्तेको सल्लाहको साथै वहाँको आज्ञा, अनुमति, सहयोग आदिको लागि भेट्न जाँदा वहाँले यो काम देशको राज्य व्यवस्थाले गर्नुपर्ने वा भिक्षु भिक्षुणी संघहरूले गर्नु पर्नेमा, बौद्ध महिलाले गर्न लागेको एक समयोचित अवस्था भनी आफ्नो खुसीको उद्गार व्यक्त गरी हामीलाई सफलताको कामना गर्नु भएको अवस्था मेरो आँखामा झल्झली आउँछ ।

त्यस्तै नेपाल थेरवाद बौद्ध संग्रहालयको स्थापनाका लागि कार्यसमिति गठन गर्दा भिक्षु महासंघ, अनागारिका संघ, थेरवाद ऐकेडेमी र अन्य क्षेत्रका व्यक्तित्वहरूका साथै वहाँ भन्ते ज्ञानपूर्णिक महास्थविरज्यूले अध्यक्षता गरी दिनु भई ठूलो सहयोग प्रदान गरिदिनु भयो र यस कामको सफलतामा ठूलो योगदान दिनुभयो ।

उक्त संग्रहालयको उद्घाटनको समयमा वहाँले आउँछु भनी समय दिनु भएको थियो तर दुर्भाग्यवश उक्त समय दुई महिनाका लागि सर्न गयो । पछि उद्घाटनको लागि उहाँ लुम्बिनी जान नसक्ने अवस्था भईसकेको रहेछ, हामीले वहाँको ईच्छा पूरा गर्न सकेनौं ।

अनि उक्त संग्रहालयको उद्घाटनपछि काठमाडौं फर्केर वहाँलाई भेट्न जाँदा वहाँ 'केशरी आउँछ' भनी बरण्डामा घाममा बसी पर्खि राख्नु भएछ भनी नायको भन्तेले भन्नु भएपछि म दगुरेर वहाँलाई भेट्न गएँ । त्यहाँ सबै कुरा बताएपछि वहाँले थेरवाद बुद्धधर्मको स्थायीत्वको लागि स्थापना भएको संग्रहालय देश र विदेशको ठूलो सहयोगको चिन्ह अथवा नेपालको थेरवादको झलक देख्न पाउने अवस्था हुन्छ भनी खुसी व्यक्त गर्नु भएको दृष्य मेरो आँखामा अहिले पनि झल्झली सम्झना आउँछ । वहाँ भन्तेलाई मेरो आफ्नो र बौद्ध महिलाको सबै परिवारको तर्फबाट समवेदना प्रकट गर्दछु ।

अन्तमा बौद्ध महिला संघको तर्फबाट वहाँ ञाणपुण्णिक महास्थविर भन्तेलाई शीघ्र निर्वाण प्राप्तिको कामना गर्दछौं ।

❖❖❖

# युवक बौद्ध मण्डल र श्रद्धेय भिक्षु ज्ञाणपूर्णिक महास्थविर सँगको घनिष्ठ सम्बन्ध



अरणीतारा बज्राचार्य
*अध्यक्ष*
***Y.M.B.A***



युवक बौद्ध मण्डल (YMBA), नेपालका पूर्व अध्यक्ष, धम्मानुशासक, अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज नेपालका सातौं संघनायक धम्माचरिय पूज्यपाद श्रद्धेय भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर भन्तेज्यूप्रति युवक बौद्ध मण्डल (YMBA) का समस्त परिवारको तर्फबाट हार्दिक नमन तथा शिघ्र निर्वाण कामना गर्दछौं ।

श्रद्धेय भन्तेज्यू र युवक बौद्ध मण्डल (YMBA) को सम्बन्ध घनिष्ठ रहेको छ । बुद्ध जन्मभूमि राष्ट्र नेपालमा बुद्धधर्म प्रचार प्रसार गर्ने पवित्र उद्देश्य लिई वि.सं. २०२७ साल श्रावण १७ गते मेरा प्रातः स्मरणीय पिता दिवंगत श्री पवित्र बहादुर बज्राचार्यज्यूको अध्यक्षतामा श्री सुमंगल विहार लुँखुसिमा विधिवत रूपमा युवक बौद्ध मण्डल (YMBA) स्थापना भएको थियो । श्रद्धेय भन्तेज्यू बर्मामा ११वर्षसम्म बुद्धधर्मको गहन अध्ययन सासन धज धम्माचरिय उत्तिर्ण गर्नुभई ध्यान भावनाको समेत गहन अभ्यास गरी वि.सं. २०२४ सालमा नेपाल फर्कनु भएको थियो । उहाँ भन्तेज्यू आफ्ना गुरुवर श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर विहार गर्नु भएको सुमंगल विहारमा नै निवास गर्न पाल्नुभयो । भर्खरै बर्माबाट अध्ययन सिद्धिएर फर्किएका युवा भिक्षु र जोश जाँगर भएका सक्रिय युवाहरूसँग निकट सम्बन्ध हुनु स्वाभाविक नै थियो ।

श्रद्धेय भन्तेज्यूबाट YMBA सदस्यहरूलाई नियमित रूपमा आनापानासति ध्यान अभ्यास गराईन्थ्यो । यसै ध्यान अभ्यास गर्ने क्रममा प्रणिधिपूर्ण विहार, बलम्बुमा प्रथम पटक नेपालमा ध्यान शिविरको आयोजना गरिएको थियो । सो शिविरमा विशेषतः संस्थापक अध्यक्षज्यू, लगायत पूर्व अध्यक्षहरुको सहभागिता रहेको थियो ।

त्यसपछि एकातिर ध्यान भावनाको अभ्यास र अर्कोतिर भगवान बुद्धको अति सार, गम्भिर उपदेश अभिधर्मको प्रत्येक दिन बिहान विहारमा अध्यापन गराउनुहुन्थ्यो । ६ महिनासम्मको अटुट अध्यापनको नोटबुक नै पछि अभिधर्मार्थ संग्रह पुस्तकको रूपमा प्रकाशित गरिएको थियो ।



YMBA को सक्रियतामा गुँला महिना भरी पाटन दरवार स्क्वायरको मूचुकमा धर्मदेशना कार्यक्रम भव्यताका साथ गरिएको थियो । सो धर्मदेशना कार्यक्रमले विशेषतः श्रद्धेय भिक्षु ज्ञानपूर्णिक उपासक उपासिका सामु उजागर हुनु भयो ।

YMBA का युवाहरूको जोश जाँगरले सुमंगल विहारमा लाइब्रेरी बनाउने योजना सो विहारका उपासक उपासिकाहरूलाई अपाच्य भएकोले (YMBA) लाई विषम परिस्थिति आई मुद्दा समेत खेप्नु पर्‍यो ।

YMBA कै सक्रियतामा भग्नावशेष मणिमण्डप विहार पुनःनिर्माण गरी श्रद्धेय ज्ञानपूर्णिक भन्तेज्यूलाई दान गरिएको थियो । YMBA को कार्यालय भवन पनि सोही विहारमा स्थानान्तरण गरियो ।

हाल YMBA केन्द्रिय कार्यालय रहेको स्थान लोककीर्ति महाविहार, किन्हूबही, मणिमण्डप विहार संघ सदस्य पञ्चराज शाक्य परिवार र चैत्यराज (पछि श्रद्धेय अनोमदस्सी भन्तेज्यू) हरूले दान गर्नु भएको थियो ।

यसरी युवक बौद्ध मण्डलका युवाहरूलाई परियत्ति र पतिपत्ति दुवै बुद्ध शासनमा दोर्‍याई धर्म मार्ग निर्देशन गरी धर्ममा पोख्त गर्नुमा (YMBA) सदस्यहरूलाई धर्मको पथमा अघि बढाउनुमा श्रद्धेय भन्तेज्यूको ठूलो योगदान रहेको छ ।

श्रद्धेय भन्तेज्यू आफै यस मण्डलको वि.सं. २०२९ देखि २०३३ को दुई कार्यकाल अध्यक्ष हुनु भएको थियो । यसरी आफैले नेतृत्व प्रदान गर्नु भएको संस्थाको प्रत्येक कार्यक्रमहरू विशेष गरी वार्षिक साधारण सभामा प्रमुख अतिथिको रूपमा वहाँ धेरै पटक पाल्नुभएको छ । आफ्नो अस्वस्थताका बीच पनि वहाँ अन्तिमपटक ४९ औं वार्षिक सभामा प्रमुख अतिथिका रूपमा पाल्नुभएको थियो ।

श्रद्धेय भन्तेज्यूबाट International Buddhist Youth Exchange and Forum on 27-31 March 2007 मा Key Note Speech प्रदान गर्नु भएको थियो ।

२०७२ सालको विनासकारी भूकम्पबाट नेपालका धेरै जन, धनको क्षति भएको थियो । WFB, WFBY, WBK को सहयोगबाट YMBA मा महासंघ दान कार्यक्रम दुई पटक गरिएको थियो । एक पटक चालिस वटा विहार, महाविहार, गुम्बा monuments हरूलाई प्रति विहार ४१,००० दान गरिएको थियो । दोश्रो पटक एकसय एकवटा विहार, महाविहार, चैत्य गुम्बाहरूलाई प्रति विहार ४१,००० दान गरिएको थियो । दुवै महासंघ दान सभामा प्रमुख अतिथिको रूपमा श्रद्धेय ज्ञानपुर्णिक भन्तेज्यू पाल्नुभएको थियो ।

चरथ भिक्खवे चारिकं भन्ने बुद्ध वचनलाई चरितार्थ गरी श्रद्धेय भन्तेज्यूको प्रेरणाबाट YMBA का युवाहरू त्रिशुली सुगतपुर विहार भ्रमण, बौद्ध चार धाम तीर्थ यात्रा समय समयमा आयोजना गरिएको थियो ।

श्रद्धेय भन्तेज्यू व्यक्तिगत रूपमा मेरा पनि पूज्य गुरुवर हुनुहुन्छ । वहाँ भन्तेज्यू सानै उमेरमा नै घरमा समय समयमा पाल्नु भई ओवाद दिनुहुन्थ्यो ।

उहाँ भन्तेज्यू मणिमण्डप महाविहारमा विहार लिनु हुँदा हाम्रा दि. अजि वीरमाया बज्राचार्यसँग जलपान गराउन विहारमा जाने गरेका थियौं । उहाँ भन्तेज्यूको गम्भिर धर्मदेशना अनुपम व्यक्तित्वले श्रद्धा जगाउँदथ्यो । पछि विश्व शान्ति विहारमा उहाँ निवास गर्नु हुँदा केही समयसम्म प्रत्येक शनिवार धर्मदेशना सुन्न जान्थ्यौं । यसरी श्रद्धेय भन्तेज्यू युवक बौद्ध मण्डलको करिब पचास वर्षको यात्रामा सहभागी भै यस संस्थालाई धार्मिक मार्ग निर्देशन दिई आफै अध्यक्ष भई नेतृत्व प्रदान गर्नुभएको थियो । धम्मानुशासक हुनुभई संस्थालाई आजिवन निरन्तरता दिलाउन ठूलो योगदान पुर्‍याउनु भएको छ ।

श्रद्धेय भिक्षु ज्ञानपूर्णिक भन्तेज्यू राष्ट्रिय रूपमा मात्र नभै अन्तर्राष्ट्रिय बौद्ध व्यक्तित्व र कर्मस्थानाचार्यको रूपमा सबैले चिन्दछन् ।

युवक बौद्ध मण्डल परिवार, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूले यस संस्थालाई पुर्‍याउनु भएको योगदान प्रति सदैव नतमस्तक भै कृतज्ञता अर्पण गर्दछौं ।

❖❖❖

# ञाणपुण्णिक भन्तेसँगको केही संस्मरण



नानीमैयाँ मानन्धर
*सोह्रखुट्टे, काठमाडौं*



वि.सं. २००६/७ सालतिर श्री सुमंगल विहारको वरण्डामा उभिरहेको हीरालाल शाक्यलाई मैले पहिलो चोटी देखेको थिएँ । २०१२/१३ सालतिर श्रद्धेय बुद्धघोष भन्तेले उहाँलाई बुद्ध शिक्षा अध्ययन गराउन बर्मा (म्यान्मा) मा लिएर जानु भयो । त्यहाँ उहाँको श्रामणेर दीक्षा सम्पन्न भई हीरालाल शाक्य **'सामणेर ञाणपुण्णिक'** नामले चिनिनु भयो ।

सामणेर ञाणपुण्णिकले बुद्ध-धर्म अध्ययन गर्नुका साथै पालि परीक्षामा पनि श्रेणीगत रूपले उतीर्ण हुँदै जानु भयो ।

वि.सं. २०१५ सालमा उहाँलाई उपसम्पदा प्राप्त भई सकेपछि पालि, अभिधर्म पढाउने योग्य अग्ग महापण्डित सयादो तथा अन्य पण्डित विवेकशील गुरुहरूको छत्रछायाँ पाउनु भई उहाँको तीक्ष्ण बुद्धि, पढ्नमा अथक प्रयास गर्ने बानी, कण्ठस्थ गर्ने अनुपम शक्तिको फल स्वरूप ई.सं. १९६३ को छोटो अवधिमा नै उहाँले पालि विश्वविद्यालय उपाधि परीक्षामा **'सासनधज धम्माचरिय'** उपाधि प्राप्त गर्नुभयो ।

यो बर्मामा पढ्ने नेपाली विद्यार्थीहरूको सन्मान मात्र नभई नेपालीहरूको ठूलो इज्जतको कुरा हो ।

भिक्षु ञाणपुण्णिक बर्मामा फेरि संस्कृत अध्ययनमा लाग्नु भई अन्य कार्यमा पनि संलग्न हुनु भई ई.सं. १९६६ मा नेपाल फर्कनु भयो ।

उहाँ नेपालमा फर्कनु भई पहिले श्रीसुमंगल विहारमा आफ्ना गुरु श्रद्धेय बुद्धघोष भन्तेसँग केही वर्ष बस्नुभयो । म समय-समयमा उहाँलाई भेट्न जान्थें । पछि उहाँ मणिमण्डप विहारमा आउनु भएको रहेछ ।

बर्माको प्रसिद्ध बौद्ध विद्वान लेदी सयादोले लेख्नु



भएको 'मग्गङ्ग दीपनी' पुस्तक २०३३ सालमा अंग्रेजी भाषाबाट नेपाली भाषामा अनुवाद गरैं। तर मूल लेखकको भाषा बर्मी भाषाबाट नभई यसको अंग्रेजी अनुवादबाट नेपालीमा पहिलो पल्ट अनुवाद गरेकोले केही त्रुटीहरू हुन गयो कि भन्ने मनमा शङ्का लागेर बर्मामा बुद्ध-धर्मको विषयमा बीसौं वर्ष पढेर विद्वान भएर आउनु भएका ञाणपुण्णिक भन्ते कहाँ गई मूल पुस्तक र अंग्रेजी अनुवाद दुबैसँग दाँजेर यस नेपाली अनुवाद पुस्तकलाई सच्याई दिनु हुन अनुरोध गरैं । उहाँले अथक परिश्रम गर्नु भई आदिदेखि अन्तसम्म मूल लेखकको शब्द शैली अनुरूप सच्याई दिनु भयो ।

'यस पुस्तकको भूमिका एउटा पनि भन्तेले नै लेखी दिनु भए राम्रो होला भनी अनुरोध गरैं । उहाँले खुशी साथ यस पुस्तकको सारांशको रूपमा संक्षिप्तमा मूल कुराहरू समावेश गर्नु भई भूमिका लेखी दिनु भयो ।

त्यस्तै २०६० सालमा प्रकाशित भएको "**धम्मपद अट्ठकथा भाग-३**" मा पनि उहाँले "मेरो सदिच्छा" नामक शिर्षक राख्नु भई भूमिका लेखी मलाई सहयोग गरी दिनु भयो।

२०६९ सालमा ज्ञानकीर्ति विहारको परियत्ति पुरस्कार वितरण कार्यमा श्रद्धेय अश्वघोष भन्ते, ञाणपुण्णिक भन्तेहरू आउनु भई विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नु भयो । २०७१ सालमा ज्ञानकीर्ति विहारको चैत्यको गर्भमा भगवान बुद्धको पवित्र अस्थिधातु निधान गर्ने कार्यमा ञाणपुण्णिक भन्तेको प्रमूख आतिथ्यमा परित्तसुत्त, सहित अन्य सूत्र पाठ गर्ने कार्य सम्पन्न भएको थियो ।

कहिले-काहीं धर्म सम्बन्धी कुरा सोध्नु पर्दा कहिले भन्ते कहाँ गई भेटेर, कहिले टेलिफोनबाट सोध्ने गर्थे । उहाँले मैत्रीपूर्वक मेरो प्रश्नको समाधान गरी दिनु हुन्थ्यो ।

आफूले बर्माबाट बुद्ध-धर्म सम्बन्धी शिक्षा हासिल गरी आउनु भए अनुसार विश्वशान्ति विहार निर्माण भई सकेपछि स्थिर रूपमा त्यहाँ बस्नु भई नेपालको विभिन्न संघ, संस्था, सभा, कोष आदिको अध्यक्ष, उपाध्यक्ष, सल्लाहकार आदि पदहरूमा बस्नु भई सासनको सेवा गर्नु भयो ।

विशेषत: विश्वशान्ति विहार र विश्वशान्ति बौद्ध शिक्षालयको संस्थापक प्रबन्धक बन्नु भई नेपालको विभिन्न जिल्लाबाट आएका विद्यार्थीहरूलाई आवासीय श्रामणेर बनाई कक्षा ६ देखि कक्षा १० (S.L.C) सम्म पढाई दिने काम प्रसंशनीय छ । अझ त्यसै समयावधिमा बौद्ध परियति शिक्षा पढाउने र ध्यान गराउने कार्यले विद्यार्थीहरूको जीवनमा प्रत्यक्ष रूपमा सकारात्मक परिणाम आउने निश्चित छ । अप्रत्यक्ष रूपमा हेर्ने हो भने कलिलो उमेरमा सिकेका बुद्ध-शिक्षा र नैतिक आचरण तिनीहरूको आ-आफ्ना गाउँमा फर्केर जाँदा त्यहाँका बाल-बालिकाहरूलाई तिनीहरूले अवश्य प्रभावित पार्छ नै । त्यसको परिणाम स्वरूप 'भावि पुस्ताका विद्यार्थीहरू नैतिकवान भई निस्वार्थ भावले समाज र राष्ट्रको सेवा गर्ने सम्भावना बढ्ने छ' भन्ने आशा लिन सकिन्छ ।



त्यस्तै विश्वशान्ति विहारमा लुम्बिनी बौद्ध विश्व विद्यालयको कक्षा संचालन गर्नु, बुद्ध-धर्ममा पी एच डी सम्म गर्न सकिने वातावरण सिर्जना गर्नु सह्राहनीय कुरा हो ।

२०७६ वैशाख १ गते अखिल नेपाल भिक्षु महासंघको तर्फबाट उहाँलाई नेपालको '**सातौ संघनायक पद**' प्रदान गरिएको थियो ।

उहाँ बर्मा, थाइलैण्ड आदि देशहरूको अनेक उपाधिहरूबाट विभूषित हुनुहुन्थ्यो । उहाँ अनेक भाषाका विज्ञ, धर्मकथिक, थुप्रै पुस्तकका अनुवादक एवम् लेखक हुनुहुन्थ्यो ।

पछि उहाँलाई मधुमेहको रोग लाग्यो । उपचारको क्रममा उहाँ मलेसिया जानु हुन्थ्यो । वर्षको दुइ पटक उहाँ मलेसियाको विभिन्न प्रान्तमा जानु भई ध्यान-शिविर संचालन गर्ने र धर्मोपदेश गर्ने कार्य पनि चलिरहेको थियो ।

पछि हुँदाहुँदै 'ञाणपुण्णिक भन्तेलाई मधुमेह र अन्य रोगले झन-झन सतायो' भन्ने कुरा सुनें । मनमा साह्रै दुःख लाग्यो । २०७६ कार्तिक महिनाको अन्तिम हप्तातिर भन्तेलाई भेट्न गएँ । उहाँ चकतीमा पलेटी कसेर बस्नु भयो । म पनि भुईंमा नै सकी-नसकी बसेँ । रोगको विषयमा र अन्य विषयमा ३०/४० मिनेट जति आपसमा कुरा भयो । भोजनको समय भयो । उहाँ जुरुक्क उठेर भान्छा-कोठामा जानु भयो । म पनि फर्किएँ । त्यस बेलासम्म भन्ते अलि स्वस्थ जस्तै देखिएको थियो ।

केही महिनापछि उहाँलाई डाइलासीस गर्ने पनि भएको अस्पतालमा भर्ना गरियो । निग्रोध भन्तेले उहाँलाई अत्यन्त मेहनत गरी सेवा गर्नु भयो ।

त्यसै बेला भन्तेको अवस्था बुझ्न निग्रोध भन्तेलाई फोन गरेँ । त्यस बखत ञाणपुण्णिक भन्ते अलि जटिल अवस्थामा हुनुहुन्थ्यो । निग्रोध भन्तेले निराशाको शब्दमा भन्नुभयो–नानीमैयाँ दिदी, 'यस पालि मैले भन्तेलाई बचाउन सकिएला जस्तो लागेन ।'

आखिर अनेक उपाय गर्दा-गर्दै पनि उहाँले आफ्नो नश्वर देह त्याग गर्नु भयो ।

**"अनिच्चावत सङ्खारा"**

❖❖❖

# भिक्षु ज्ञानपूर्णिक महास्थविरको सम्झनामा



**ज्ञानभक्त डंगोल**
*अध्यक्ष*
*पुण्य उदय विहार*
*हरिसिद्धि-२८*



भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई सम्झना साथ वहाँको अखण्ड श्रद्धाको सम्झना आउँछ । उहाँले बुद्ध धर्म र संघप्रति श्रद्धा राखी आफ्नो जीवनको अन्तिम घडीसम्म पनि बुद्धका अनुयायी बनी देश तथा विदेशका विहारमा बौद्धधर्म प्रचार गर्न प्रेरणा दिई जीवन बिताउनु भएको थियो ।

मिति २०४७ सालको कुरा हो वहाँले म नगरमण्डप विहार किर्तिपुरमा अल्पकालीन श्रामणेर हुँदा धर्मदेशना गर्नुभएको थियो । उक्त धर्मदेशना श्रवण गरेर मलाई गृहबन्धन त्याग गर्ने र बुद्धधर्ममा नै जीवन बिताउने छु भनी वहाँसँग अनुमति माग्दा उहाँले मलाई भन्नु भयो कि यदि विवाह नगरेको भए अवश्य नै हुन्छ, श्रामणेर भए हुन्छ तर बुद्ध शासन त्यति सजिलो छैन । सैनिकको नियम पालना गर्नु पर्छ, मेरा चार सन्तानहरू मध्ये एक न एक जना बुद्धशासनमा दान गर्नु भनी उहाँले भन्नु भयो ।

त्यही उहाँको वचनलाई मैले उल्लंघन गर्न सकेन । हाल मैले दान दिने भनेकै धर्म दानको रूपमा कान्छी छोरीलाई परियत्ति पढाइ हुर्काइ हाल परियत्ति कै शिक्षिका भइन् । समय समयमा भोजन दान गर्न जाने त्यो दिन उहाँले भन्नु भयो - "हामी पेट एउटाको दास हौं पेट एउटा नभए के हुन्छ ?"

वहाँ मलाई भन्नु हुन्थ्यो, चरित्रवान सन्तानले मात्र आमाबुबाको सेवा गर्छ । परियत्ति शिक्षाबाट चरित्रवान सन्तान उत्पादन गर्न सक्छ । हुन पनि हो वहाँ मलाई भन्नु हुन्थ्यो बढी भन्दा बढी ध्यान बस्नुपर्छ । म ध्यान बस्न अन्तर्राष्ट्रिय ध्यान भावना केन्द्रमा १० दिन शिविर लिएर अल्पकालीन भिक्षु पनि समय समयमा श्रामणेर हुने र वहाँको रचनात्मक कार्यले वहाँलाई निर्वाणको बाटोमा पुऱ्याओस् भन्ने कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**भवतु सब्ब मंगलं ।**

❖❖❖

# मेरो सादर पञ्चाङ्ग वन्दना : श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूलाई



**दिनेश चौधरी**
*इन्जीनियर/अधिवक्ता*




जब मेरो कर्मस्थल रानीपानी, काभ्रेमा व्यक्तिले व्यक्तिलाई दान दिएको थोपा सिंचाई व्यक्तिले राम्रोसंग राख्न सकेनन् म ठूलो आश्चर्यमा परें र सोच्न थाले यो के भयो ? मेरो मन एकाएक कर्मफल के हो, के हुँदो रहेछ तिर खोज्न बाध्य बनाए । एकदिन कर्मफलको खोजीमा मेरा साथी निता केसरी श्रेष्ठज्यूसंग भेट भयो । सर्वप्रथम वहाँलाई मेरो सादर पञ्चाङ्ग वन्दना र वहाँले कर्मफलको फलाफल जान्न परियत्ति शिक्षा कक्षा १ को सानो पुस्तक उपहार स्वरूप प्रदान गर्नु भो र भन्नु भो अरू विशेष जान्नको लागि विश्व शान्ति विहारका श्रद्धेय भिक्षु बोधिज्ञानज्यूलाई भेट्नु होला धेरै कुरो पाउनु हुनेछ । परियत्ति पुस्तकको फलाफलले मेरो चंचल चित्तलाई स्थिरको दिशातर्फ मोड्यो र श्रद्धेय भिक्षु बोधिज्ञानज्यूसंग भेट्न विश्व शान्ति विहारमा आएँ । वहाँसंग भेटी साधारण श्रद्धामय प्रणाम गरें र आफ्नो जिज्ञासा परियत्ति शिक्षातर्फ राखें । वहाँले परियत्ति शिक्षाको ज्ञानहासिलबारे धेरै कुरा दिनुभो । अब आजको दिनमा सर्वप्रथम भन्ते बोधिज्ञानलाई मेरो सादर पञ्चाङ्ग वन्दना गरें । वहाँको हातबाट रानीपानीमा रानीपानी परियत्ति केन्द्रको स्थापना तथा उद्घाटन भयो । म कक्षा एकको परियत्तिको विद्यार्थी जो वहाँहरूसंग सिकेर रानीपानीका भाइ बहिनी, दिदी दाजुहरूलाई परियत्तिको ज्ञान दिंदै परीक्षा संचालन गरिंदै कक्षा एकदेखि दस कक्षासम्म






पढी कोविद सम्मका डिग्री हासिल गरें । हाल त्यहाँ तीनवटा स्कूलहरू क्रमशः आजाद मा.वि, दीपशिखा तथा नवप्रतिभा ईङ्गलिस स्कूलहरूमा परियत्ति शिक्षा विशेष शोधको रूपमा संचालन छन् । अब मेरा थोपा सिंचाई कुशल पञ्चाङ्ग वन्दना, पञ्चशील तथा ध्यान थोपा सिंचाईमा परिणत भईसकेका छन् ।

यसै क्रममा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूलाई सादर पञ्चाङ्ग वन्दना गर्न मौका पाए । शुरुको दिनमा एक चोटी रानीपानी परियत्ति केन्द्रका केही विद्यार्थीहरूबाट विश्वशान्ति विहार, काठमाडौमा परियत्ति कार्यक्रममा पंचशील प्रार्थना विद्यार्थीहरूबाट नमूनाको रूपमा पेश गर्न खोजिंदा भिक्षुको सामुन्ने गर्न मिल्छ वा मिल्दैन भन्ने शंकालाई भिक्षु बोधिज्ञानज्यूबाट भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू समक्ष राखिंदा खुशीको साथ गर्न मिल्छको स्वीकृतिको साथ विद्यार्थीद्वारा पंचशील प्रार्थनाको साथ कार्यक्रमको शुभारम्भ गरिएको थियो । यो घटनाले ज्ञानपूर्णिक भन्ते कति सम्मका करूणावान् हुनुहुन्थ्यो प्रष्ट प्रमाणित हुन जान्छ । विश्व शान्ति विहार मेरो जीवनको ठूलो महत्वपूर्ण अंगको रूपमा रहेको छ। त्यहाँ बोधिज्ञान भन्तेज्यूसंग भेटको अवसरमा ठूलो भन्ते ज्ञानपूर्णिकज्यूसंग हँसिलो अनुहारको दर्शन र पञ्चाङ्ग वन्दना गर्न पाउथें । वहाँ Theravada Buddhist Academy का Principal हुनुहुन्थ्यो र म त्यहाँका M.A Buddhist studies का अध्ययनरत विद्यार्थी थिएँ। त्यस क्रममा पनि वहाँसंग भेटघाट भईरहन्थ्यो । मेरो थेसिसको क्रममा विशेष सहयोग र स्वीकृति प्रदान गर्नु भो जसको फलस्वरूप मेरो थेसिस Mahasatipatthan A collection of beauty in storm with Metta (Loving kindness ) feeling को जन्म भई M.A को Degree प्राप्त गरें । वहाँबाट धेरै पुस्तक लेख्न र अनुवाद गरेको पाईन्छ जसमध्ये मैले अध्ययन गरेका पुस्तकहरू "बुद्ध र बुद्धवाद, अभिधम्मत्थ-संङ्गहो, महास्मृतिप्रस्थान सूत्र, प्रतीत्य समुत्पाद महान उपदेश आदि हुन् । वहाँ ध्यानका गुरु हुनुहुन्थ्यो । वहाँको निर्वाण यात्राको कुशल यात्रामा सहभागी हुन मौका प्राप्त गरेको थिएँ।

वहाँलाई विशेष कुशल याद गरिँदै सादर पञ्चाङ्ग वन्दना गर्दै म पि.एच.डि तर्फको प्रारम्भिक तैयारी गरिरहेको छु र शिर्षक हुनेछ "मेरो सादर पञ्चाङ्ग वन्दना : सब्ब दुक्खा पमुच्चति"

❖❖❖

# मृत्यु पछिको चिनारी : डिस्टान्स् मेडिटेसन प्रोग्रामले चिनाएको महान व्यक्तित्व तथा सतिपट्ठान विपस्सना भावना निर्देशन



**संगीता श्रेष्ठ**
*पुल्चोक*



म लेखक त होइन, न त लेख्न नै जानेको छु । २०७६-१२-११ देखि कोभिड १९ को कारण लकडाउनले घर घरमा नै बस्नु पर्ने अवस्थामा २०७६-१२-२० देखि श्रद्धेय ध्यान गुरु बोधिज्ञान महास्थविरज्यूद्वारा संचालित डिस्टान्स् मेडिटेसन प्रोग्रामको एक ध्यान योगी हुँ । श्रद्धेय गुरुवरको प्रेरणाबाट जानी नजानी श्रद्धेय ज्ञानपूर्णिक महास्थविरज्यूप्रतिको श्रद्धा भावलाई शब्दहरूबाट व्यक्त गर्ने प्रयास मात्र गरेको हुँ ।

७ औं संघनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूसंगको परिचय डिस्टान्स् मेडिटेसन प्रोग्राम मार्फत भएको थियो । वहाँको सुमधुर आवाज, स्पष्ट बोली अनि सबैले बुझिने शब्दहरूको प्रयोग गरि दिनुहुने ध्यान मार्ग निर्देशन, रिकर्डको पहिलो सुनाइमा नै वहाँप्रति अगाध श्रद्धा उत्पन्न भइ वहाँलाइ भेट्ने इच्छा जागेको थियो । बिडम्वना कोभिड १९को कारण सबै घरघरमै थुनिएका थियौं । वहाँलाई भेट्ने, वहाँको दर्शन गर्ने परि स्थिति थिएन । साँच्चिकै एउटा महान व्यक्तिसंगको भेट र वहाँको दर्शन गर्ने इच्छा अधुरो नै रहन गयो । मेडिटेसन प्रोग्राम मार्फत जति जति वहाँको त्यो प्रेरणादायी, मिठासपनले भरिएको अनि कर्णप्रिय आवाजहरूद्वारा दिइने मार्ग निर्देशनहरू सुन्ने अवसर पाएँ, त्यति त्यति नै श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूप्रति श्रद्धा उत्पन्न हुँदैगयो । वहाँले आफ्नो जीवनकालमा दिनु भएका योगदानहरू, वहाँद्वारा लिखित कृतिहरू, वहाँको जीवनीको बारेमा सामान्य जानकारी, बोधि टेलिभिजन मार्फत प्रसारित अग्गमहापण्डित उपाधिद्वारा विभूषित ७




स्मृतिपूर्वक, होशपूर्वक गर्नु नै विपश्यना भावनाको सरल परिभाषा भएको, मानसिक बिकारलाई हटाई चित्तको शुद्धि गर्नु नै विपश्यनाको उद्देश्य रहेको निर्देशन । सम्पूर्ण दुःख मुक्तिको एक मात्र मार्ग सतिपट्ठान विपश्यना ध्यान भावना बुद्ध वचनको मूलसार भएको उपदेश । बुद्ध धर्ममा दुई सत्य, प्रज्ञप्ति र परमार्थको विषयमा जानकारी । प्रज्ञप्ति सत्यमा देखिने व्यक्ति वास्तवमा नाम समूह र रूप समूह मात्र भएको । नाम समूहलाई मानसिक पक्ष, व्यावहारिक भाषामा मन भनिने । जसलाई चेतना पनि भनिने, यसले जान्ने कार्य र अनुभव गर्ने कार्यको निर्देश । रूप समूहलाई भौतिक पक्ष व्यावहारिक भाषामा शरीर भनिने । जसलाई देखेर, सुनेर, छोएर, गन्ध लिएर, स्वाद लिएर थाहा पाउन सकिन्छ । हामीले देख्ने, सुन्ने, स्वाद लिने, गन्ध लिने, स्पर्श गर्ने, सोच्ने बेलामा नाम र रूप समूह दुवैको उपस्थिति हुने । तर स्पष्ट रूपमा देखेको र बुझेको हुँदैन । देख्न र बुझ्नको लागि केही देख्दा, सुन्दा, स्पर्श गर्दा, सुँघ्दा, स्वाद लिँदा अनि मनले सोच्दा स्मृतिपूर्वक होशपूर्वक गर्नुपर्ने । केही देख्दा देख्दैछु, देख्दैछु भनी, केही सुन्दा सुन्दैछु, सुन्दैछु भनी, त्यसैगरी सुँघ्दा, स्वाद लिँदा, स्पर्श गर्दा, मनले सोच्दा, मन मनले भनी होशपूर्वक स्मृति राखी हेरिरहनु, मनले थाहापाई राख्नुपर्ने । यसरी होशपूर्वक स्मृति राखेर गरिने अभ्यास प्रक्रिया नै विपश्यना भएको निर्देशन । तर एकैचोटी सबै कुरालाई हेर्न थाहा पाउन कठिन हुनेहुँदा सजिलोसित हेर्न सकिने आरम्मणलाई विषय बनाउन मार्ग निर्देशन ।

औं संघनायकज्यूको अन्तिम संस्कार कार्यक्रमबाट जान्ने अवसर पाएँ । बुद्ध धर्मप्रतिको लगाव, बुद्ध जन्मभूमिप्रतिको अगाध माया वहाँमा टड्कारो रूपमा झल्किन्थ्यो । सायद त्यसैले होला धर्मप्रचारकको रूपमा बिभिन्न देश बिदेश जानुभइ बर्मी ध्यानगुरु महाशी सयादोको बर्मी ध्यान मार्गनिर्देशनहरूलाई अंग्रेजीमा अनुवाद गरी धेरैलाई बुद्ध शिक्षाको ज्ञान दिनुको साथसाथै बुद्ध जन्मभूमिको प्रचारमा पनि उत्तिकै टेवा पुऱ्याउनु भएको ।

विभिन्न भाषाका ज्ञाता अग्गमहापण्डितज्यूबाट नेपालभाषा मात्र बुझ्नेहरूकालागि नेपालभाषाबाट नै उपदेश तथा विपश्यना ध्यान भावना सम्बन्धी मार्ग निर्देशन तथा नेपाली भाषा बुझ्नेहरूका लागि नेपाली भाषाबाट दिनुहुने विपश्यना ध्यान निर्देशनमा निकै सरल शब्दहरूको प्रयोग गर्नुहुने हुँदा हामी जस्तो नयाँ ध्यान योगीहरूका लागि ध्यान भावना सम्बन्धी शब्दहरू फुल्नु, सुक्नु, तन्किनु, खुम्चनु, भाविता गर्नु, आरम्मण आदि आदि शब्दहरू बुझ्न लामो समय लागेन । कोभिडको कारण गुरु तथा शिष्यहरू भौतिक उपस्थित नभै आ-आफ्नो घरमा नै ध्यान बस्ने कार्यक्रम भएको हुँदा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको रिकर्ड आवाज नै हाम्रो लागि विपश्यना ध्यान भावनाको मार्ग निर्देशन बुझ्ने माध्यमको रूपमा वरदान सावित भएको थियो । जीवनमा विपश्यनाको ध्यान भावनाको महत्व, यसबाट हुने फाइदाहरूको विषयमा व्यावहारिक ज्ञान यसप्रकारले दिनुभएको थियो ।

**श्रद्धेय गुरुवरको विपश्यना भावनाको व्यावहारिक निर्देशन**

बेहोशीमा नै गरिरहेका कार्यहरू सजगतापूर्वक,

**प्रारम्भिक आरम्मण**

श्वासप्रश्वास प्रक्रिया गर्दा श्वास लिंदा पेट फुल्ने र श्वास छोड्दा पेट सुक्ने, सामान्यतया जहिले पनि भैरहने प्रक्रियालाई सजिलैसित थाहा पाउन र अनुभव गर्न सकिने हुनाले फुलेको र सुकेको प्रक्रियालाई मनले ध्यानपूर्वक हेरी अभ्यासको प्रारम्भिक आरम्मण बनाउनुपर्ने निर्देशन। फुल्दा फुल्दैछ र सुक्दा सुक्दैछ भनि मनमनले भन्दै स्मृतिपूर्वक थाहा पाउनुपर्ने निर्देशन । श्वास प्रश्वासलाई लामो, छोटो वा छिटो छिटो नगरी सामान्य अवस्थामा नै राख्नुपर्ने, त्यसरी नराखि बलपूर्वक अभ्यास गरेमा छिट्टै थाक्नसक्ने । पेट फुल्दा वा सुक्दा फुलेको वा सुकेको

हेरिरहँदा फुलेको वा सुकेको शुरुदेखि अन्तसम्म कसरी फुलिरहेको वा सुकिरहेको प्रक्रियालाई आफ्नो आँखाले नै देखिरहेको जस्तोगरी स्मृति राखी होशपूर्वक हेरिरहनुपर्ने निर्देशन । फुल्ने वा सुक्ने प्रक्रियालाई हेर्दाखेरि हेरिरहेको मनले प्रत्येक क्षण, फुलेको र सुकेकोलाई आफ्नो छायाँले पिछा गरे जस्तो पछि पछि लागेर पछ्याउनुपर्ने निर्देशन ।

**मन बाहिर जाने अवस्था**

मनको स्वभाव चन्चल हुने हुँदा फुलेको सुकेको आरम्मणमा हेरिरहँदा पनि मन बाहिर जानसक्छ । मनमा कल्पना बिचार आउन सक्छ, त्यसो भएमा मनमनै मन बाहिर गयो, मन बाहिर गयो भनी भाविता गर्नुपर्दछ । यसरी भाविता गर्दागर्दै कल्पना बिचार रोकिने हुन्छ र पुनः फुलेको सुकेकोमा नै हेर्नुपर्दछ । कल्पनामा कसैसंग भेटेमा, भेट्दैछु, भेट्दैछु, कसैसंग कुरा गरिरहेमा, कुरा गर्दैछु, कुरा गर्दैछु, कुनै कुरा सम्झेमा, सम्झँदैछु, खुशी लागेमा, खुशी लागिरहेछ, दुःख लागेमा, दुःख लागिरहेछ, पत्यार लागेमा पत्यार लागिरहेछ भनी मनमा जे जस्तो हुन्छ त्यसलाई त्यसरी नै स्मृतिपूर्वक भाविता गर्नुपर्ने निर्देशन । यो नै चित्तानुपस्सना भएको निर्देशन । यसरी मनमा उत्पन्न हुने अनि हराएर जाने आरम्मणहरू मन अथवा चित्तका स्वभावधर्महरू भएको र यसलाई पनि स्मृतिपूर्वक हेर्नुपर्ने निर्देशन ।

**शारीरिक वेदना भएमा**

लामो समयको ध्यान अभ्यासको बसाईको क्रममा शरीरमा दुखेको संवेदनाहरू महशुस हुनथाल्दछ । शरीरमा पोलेको, खुट्टा झम्झमाएको, कडा भएको, थाकेको, चिलाएको आदि इत्यादि संवेदनाहरूलाई पनि स्मृतिपूर्वक जे भैरहेछ त्यसै त्यसै भनि हेर्नुपर्ने । यसरी उत्पन्न संवेदनाहरूलाई भाविता गरि स्मृतिपूर्वक हेर्नु वेदनानुपस्सना भएको निर्देशन । संवेदनाहरूलाई हेर्न र बुझ्न नसकेमा, हामी मलाई दुखिराखेको छ, मेरो खुट्टा पोलिराखेको छ, मलाई थकाई लागिरहेको छ, भनि सोच्नथाल्छौं । केहीबेर पहिलेसम्म म ठिकै थिएँ, अहिले यी वेदनाहरूले मलाई सताइरहेको छ भनि बिचार गर्छौं । यी संवेदनाहरूलाई म, मेरो, मलाई भनि लिनथाल्छौं । वास्तवमा यहाँ म, मेरो, मलाई भन्ने नै हुँदैन । एक पछि अर्को गर्दै जसरी खोलामा पानी बगिरहेको हुन्छ त्यसरी नै अटुट् रूपमा उत्पन्न भैरहेको संवेदनाहरू हुन् । प्रत्येक संवेदनाहरूलाई स्मृतिपूर्वक हेर्नुपर्ने, जान्नु पर्ने चाहे त्यो सुखको वेदना होस् वा दुःखको । दुखेको, गह्रौंपनको, तातोपन, चिसोपन जे भए पनि स्मृति राखि हेर्नु पर्ने निर्देशन । शुरुशुरुमा वेदनाहरूलाई जति जति ध्यानपूर्वक हेर्‍यो, त्यति त्यति नै वेदनाहरू बढेको अनुभव हुनथाल्छ र आफ्नो शरीरलाई चलाउने इच्छा हुन्छ । त्यो इच्छालाई पनि स्मृतिपूर्वक हेर्नुपर्ने, जान्नु पर्ने र फेरि संवेदनाहरू हेर्नुपर्ने र त्यसलाई सहन गर्नुपर्ने निर्देशन । ध्यान भावनामा सहनशीलता अभ्यासको निकै महत्वपूर्ण भूमिका रहेको स्पष्टि । वेदनाहरूमा सहन नगरी छिन छिनमा शरीर चलाएमा एकाग्रता वा समाधि नहुने, बिना समाधि यथार्थ स्वभावलाई बुझ्नसक्ने प्रज्ञा ज्ञान उत्पन्न हुन नसक्ने । जे जस्तो भैरहेको छ, त्यसलाइ त्यसरी नै सहन गरी हेरिरहेमा समाधि बलियो भइ कठोर संवेदनाहरू पनि बिस्तारै हराएर जाने, त्यसपछि फेरि फुलेको र सुकेकोमा नै हेर्नुपर्ने निर्देशन । यदि चिलाएको संवेदना रहिरहेमा कन्याउनु नै पर्ने भएमा एकैचोटी नकन्याइकन कन्याउन इच्छा गरेको मनलाइ स्मृतिपूर्वक जानी त्यसपछि बिस्तारै बिस्तारै बिरामीले जस्तो हात उठाउनु पर्ने, उठिरहेको हातलाई पनि जान्नु पर्छ, यसैगरी हातले छोएको ठाउँ, कन्याएको ठाउँ प्रत्येक क्षणलाई स्मृतिपूर्वक हेर्नु पर्ने निर्देशन । चिलाउने वेदना शान्त भएमा पुनः हातलाई पहिलेको ठाउँमा बिस्तारै लगी फुलेको सुकेको प्रक्रियामा नै लाग्नुपर्ने निर्देशन । ध्यान भावना गरिरहेको योगी, साधक, साधिकाले एक अशक्त व्यक्तिले जस्तो व्यवहार गर्नुपर्ने । हात खुट्टा चलाउने, उठ्ने, बस्ने, हिंड्ने इत्यादि सबै विस्तारै विस्तारै गरेमा मात्रै स्मृति, समाधि र प्रज्ञा बलियो हुँदै आउने हुनाले शुरुशुरुमा विस्तारै विस्तारै चल्नुपर्ने निर्देशन । भाविता गरिरहँदा योगी, साधक, साधिकाहरूको प्रमुख कार्य भनेको शरीर र मनमा भइरहेका परिर्वतन वा हलचललाई स्मृतिपूर्वक हेरिरहनु, जानिरहनु मात्र हुन् । आँखाले के देख्छ, कानले के सुन्छ यो संग केही मतलव हुन्दैन, जस्तोसुकै गजब र अचम्मको कुरा देखे पनि सुनेपनि नदेखेझैं, नसुनेझैं गरी व्यवहार गर्नुपर्ने निर्देशन ।

परिश्रमी साधक, साधिका, योगीहरूका लागि निदाएको समय मात्रै ध्यानबाट आरामको समय रहेको निर्देशन । योगीले ६ घण्टाको सुताइ पछि बिहान बिउँझेदेखि स्मृतिपूर्वक हेर्ने, जान्ने प्रयास शुरु गर्नुपर्ने बिउँझदा बिउँझदैछु, ओछ्यानबाट उठ्दा उठ्दैछु, उठ्नलाई टाउको उठाएकोदेखि बस्दासम्मको अवस्थामा शरीरको चाललाई स्मृतिपूर्वक जान्नु पर्ने । यसैगरी हातमुख धुँदा, नुहाउँदा, कपडा लगाउँदा, कुनैपनि गतिविधि गर्दा जति जति सक्छ उति उति गहिरिएर हेर्दै जानुपर्ने निर्देशन ।

यसरी स्मृतिपूर्वक अभ्यास गर्दा योगीले भौतिक पक्ष र मानसिक पक्ष मात्र भएको अनुभव गर्ने भई शरीरलाई आफूले चाहेजस्तो राख्न नसक्नु, शरीरको परिवर्तन हुनु, हरेक उत्पत्ति भएको बस्तु विनाश हुनु दुःख हो। दुःख हेतु र कारणको कारणले उत्पत्ति हुने कुरा बुझ्ने र दुःखबाट मुक्ति पाउनको लागि नै विपश्यना ध्यान अभ्यासको आवश्यकता भएको योगीले अनुभव गर्नेगर्छ। अभ्यासको क्रममा शरीरमा आउने तातोपन, चिसोपन, नरमपन, भारीपन आदि विभिन्न धातुको कारण हो भनि जान्ने हुन्छ। हरेक उत्पत्ति विनाशमा नाम रूप समूहहरूको स्वभावधर्महरूको भूमिका रहेको कुरा योगीहरूले बुझ्ने। हरेक आरम्मणको उत्पत्ति विनाशमा योगीले समताभाव राख्ने हुन्छ। समताभावको बिकासले नै आसक्तिमा कमी ल्याउने हुँदा समताभावको बिकास गर्न योगीहरूलाई मार्ग निर्देशन। आसक्तिको कमीले नै तृष्णालाई क्षय गर्दै लाने कुरा नै बुद्ध धर्मको मूल उद्देश्य रहेको र निर्वाणको मार्ग पनि रहेको कुरा योगीहरूलाई प्रष्ट निर्देशन। बुद्ध धर्ममा भएका दुई सत्यमध्ये परमार्थ सत्यमा व्यक्ति वा सत्व नभै चित्त, चेतसिक, रूप र निर्वाण भएको। चित्त, र चेतसिक मानसिक पक्ष हुन। यो भन्दा पनि माथि एक अर्को सत्य जुन दुःखरहितको अवस्था, जो यही मनमा पाईन्छ त्यो हो निर्वाण। जुन राग, द्वेष, मोहलाई निर्मूल गरेको, क्षय पारेको अवस्था, चित्तलाई शुद्ध र शान्त पारेको अवस्था यसको यथार्थ ज्ञान नै विपश्यना ध्यानभावनाबाट प्राप्त हुने हुँदा हरेक योगीहरूलाई स्मृतिपूर्वक ध्यान भावना अभ्यास गर्ने प्रेरणात्मक निर्देशन। जुन हामीले रिकर्डेड आवाजबाट सुन्ने अवसर पायौं। जसले गर्दा ध्यान अभ्यासमा सहजता भएको महशुस। अंग्रेजी भाषामा ठाउँ ठाउँमा दिनु भएको उपदेश तथा ध्यान मार्ग निर्देशन, बर्मी भाषाबाट अनुवादित उपदेश तथा मार्ग निर्देशनहरू, लिखित कृतिहरू, वहाँको महान गुणहरूप्रति कृतज्ञता व्यक्त नगरि रहन सकिंदैन।



कोभिड १९ को कारण हतास मनहरूलाई केही राहत दिनको लागि संचालित डिस्टान्स् मेडिटेसन प्रोग्राम श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको आशिर्वाद नै हो भन्दा सायद दुई मत नहोला। कहिले नअस्ताउने प्रेरणादायी शब्दहरू, कर्णप्रिय अनि मन छुने आवाजहरू यस कार्यक्रमको पथप्रदर्शकको रूपमा रहिआएको आभास हुन्छ। बिभिन्न कारणवस ध्यान शिविरमा सहभागी हुन नसक्ने ध्यानप्रेमीहरूका लागि, डिस्टान्स् मेडिटेसन प्रोगाम मार्फत श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको रिकर्डेड आवाज नै सतिपट्ठान विपश्यना भावना मार्फत् दुःख मुक्तिको लागि मार्गरूपी मलम सावित भैरहेको छ भन्दा असत्य सावित नहोला। वहाँका आवाजहरू सुन्दा यस्तो लाग्छ कि श्रद्धेय गुरुवर यस संसारमा अझै पनि हाम्रो माझ नै हुनुहुन्छ। सायद यसैले होला भनिन्छ महान व्यक्तिहरूको मृत्यु कहिल्यै हुँदैन।

श्रद्धेय गुरुवरलाई प्रत्यक्ष भेट्ने अवसर नजुरे पनि वहाँको प्रेरणादायी आवाज अनि अनगिन्ती कृतिहरूको अध्ययनले वहाँको प्रत्यक्ष उपस्थिति सदैव जनाईरहेको आभास हुन्छ। महान व्यक्तित्व, दिवंगत श्रद्धेय गुरुवर भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको निर्वाणको कामना गर्दछु।

डिस्टान्स् मेडिटेसन प्रोगाम जसले यति महान व्यक्तित्वसंग परिचय अनि वहाँका महान कृतिहरू सुन्ने र अध्ययन गर्ने अवसरहरू जुटाई दिनु भएकोमा प्रोग्राम आयोजक ध्यानगुरु श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविरज्यूलाई हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु।

❖❖❖

# भिक्षु ज्ञानपूर्णिक एवं बर्मी त्रिपिटक ग्रन्थ शोभा यात्रा : आजभन्दा ५0 बर्ष अघि - चिनी गुरूमांको स्मरणमा




**हरिओम श्रेष्ठ**
*धरान*


**भूमिका**

आजभन्दा ५० बर्ष पहिले तत्कालीन बर्मामा नेपालका भिक्षु ज्ञानपूर्णिकले बुद्ध शिक्षाको एक दुष्करतम उपाधि 'सासनधज धम्माचरिय', सफलतापूर्वक सम्पन्न गर्नुभएको अवसरमा वहाँका दाताबाले श्रद्धा स्वरूप वहाँलाई छैठौं संगायना पछिको पहिलो बर्मी त्रिपिटक (पालि भाषामा **तिपिटक**, चलनचल्तीमा दुवै शब्दहरू समान अर्थमा उत्तिकै प्रयोग गरिने) ग्रन्थहरू प्रदान गर्नुभएको थियो । सोही ग्रन्थहरूको सम्पूर्ण संकलन नै नेपालमा शुभागमन भएको पहिलो बर्मी त्रिपिटक ग्रन्थहरू हुन्, जुन विश्व शान्ति विहारमा अद्यापि पूर्णतः सुरक्षित छन् ।



वहाँ भिक्षु ज्ञानपूर्णिक उक्त उपाधि हासिल गर्ने मध्ये, नेपालका सर्वप्रथम भिक्षु हुनुहुन्थ्यो । नेपालका ज्येष्ठतम बुद्धानुयायी, बौद्ध धर्म र दर्शनका वरिष्ठ विद्वान, दुइवटा विदेशी विश्वविद्यालयहरूबाट 'मानार्थ विद्यावारिधि' उपाधिबाट सम्मानित, वहाँ भिक्षु ज्ञानपूर्णिक महास्थविरले विक्रम संवत् २०७६ बैशाख १ मा नेपाली बौद्ध जगतको शीर्ष नेतृत्वदायी ओहोदा, सातौं **"संघनायक"** ग्रहण गर्नुभएको थियो । गौरवपूर्ण त्रिपिटक साहित्यको परिचय र सोको महत्वको संक्षिप्त वर्णन समेतको पृष्ठभूमिमा, वहाँ भिक्षु ज्ञानपूर्णिकबाट नेपाल ल्याइएको उक्त ग्रन्थहरूको सबैभन्दा पहिलो शुभागमनमा नेपालमा भएको ऐतिहासिक भव्य स्वागतको छोटो विवरण दिनु यस लेखको ध्येय हो । यसका लागि, पूर्वप्रकाशित नेपाली पुस्तकहरूका साथमा, नेपालकी एक वरिष्ठ अनागारिका, चिनी गुरुमांबाट प्राप्त सश्वर विवरणलाई यस रचनाको मुख्य आधार स्वरूप लिइएको छ ।

**तिपिटकको परिचय[1]**

**"**बुद्धधर्मको सर्वाधिक प्रामाणिक वाङ्मय र साहित्य भन्नु नै तिपिटक हो । तीन ग्रन्थहरू सुत्तपिटक, विनयपिटक, र अभिधम्मपिटकको संग्रहलाई नै तिपिटक भनिन्छ ।

"तिपिटक" शब्द बुद्धभाषाका रूपमा चिनिएको पालिभाषाको शब्द हो । संस्कृत भाषामा यसलाई **"त्रिपिटक"** भनिन्छ। यहाँ "ति" र "पिटक" मिलेर तिपिटक भएको छ। "ति" भन्नाले तीन, अंग्रेजीमा (Three) भन्ने बुझिन्छ। "पिटक" भनेको ग्रन्थ अथवा किताब, अंग्रेजीमा (Text) हो भने, अर्को अर्थ डालो वा भाँडो, अंग्रेजीमा (Basket) पनि हो ।

भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नु भएपश्चात् गाउँ-गाउँमा, नगर-नगरमा, जनपद-जनपदमा, अनि

देश-देशान्तरमा चारिका गर्नुभई जति पनि उपदेशको देशना गर्नुभयो, ती उपदेशहरूलाई एकै ठाउँमा सङग्रह गरिएको ग्रन्थ नै तिपिटक ग्रन्थ हो । जसरी हिन्दूहरूका वेद, इसाईहरूका बाइबल, मुस्लिमहरूका कुरान प्रमुख ग्रन्थ हुन्, त्यसरी नै, तिपिटक बौद्धहरूको मूल ग्रन्थ हो । तिपिटकलाई एक प्राचीन ऐतिहासिक ग्रन्थका रूपमा लिन सकिन्छ ।"

### तिपिटकको महत्व[2]

"बुद्धधर्मको वाङमय अर्थात् साहित्यमा सबैभन्दा महत्वपूर्ण तथा प्रामाणिक ग्रन्थ भनेको नै तिपिटक हो । तिपिटकमा भगवान् बुद्धले आफ्नो जीवनकालमा दिनुभएका सम्पूर्ण उपदेशहरूलाई उहाँकै दक्ष तथा सक्षम अर्हत् भैसकेका शिष्यहरूले भरसक समेट्ने प्रयास गर्नु भएको छ । यसर्थ तिपिटकलाई बुद्धवचनको रूपमा लिने गरिन्छ ।

भगवान् बुद्धले आफ्नो जीवनकालमा जति पनि उपदेश दिनुभयो, ती उपदेशहरू मानिसलाई सही रूपमा मानिस बनाउने, जीवनमा व्याप्त दुःखहरूलाई पहिचान गरेर दुःखमुक्त हुने, जीवनलाई सुखी-आनन्दित तुल्याउने कुरामा जोड दिइएको पाइन्छ ।

हाम्रो सामु तिपिटकभन्दा प्राचीन, प्रामाणिक बौद्ध वाङमय अरू कुनै पनि ग्रन्थहरू पाइँदैन । यसर्थ पनि हाम्रो लागि सबैभन्दा उच्चस्तरको, प्रामाणिक तथा महत्वपूर्ण ग्रन्थको रूपमा तिपिटक ग्रन्थ रहिआएको छ ।"

### चिनी गुरुमांको सन्दर्भ

"पाटन नागबहालको सम्पन्न शाक्य परिवारमा जन्मेकी चिनी शाक्य नेपालको थेरवादी बौद्ध जगत्मा हाल चिनी गुरुमां नामले प्रख्यात हुनुहुन्छ ।

बर्मामा खेमाराम लन्स स्टडिज सेन्टरमा वि.सं. २०१६ (सन् १९६०) मा चिनी शाक्य अनागारिका 'उप्पलवण्णा' को नाउँले प्रव्रजित हुनुभयो । भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा लिखित एवं सम्पादित सबैजसो पुस्तकहरू प्रकाशित गर्ने क्रममा प्रुफ हेर्ने कार्यदेखि अन्य कार्यहरूमा उहाँले सहयोग गर्नुभएको छ । वहाँ आफैंले भने 'महावग्ग' र 'बुद्धयात गथे म्हसीकेगु' नामक दुईवटा पुस्तक सम्पादन गर्नुभएको छ । नेपालमा ठूलो भिक्षु तालिम केन्द्रका रूपमा सञ्चालित विश्व शान्ति शिक्षालयमा अध्ययनरत श्रामणेर तथा भिक्षुहरूलाई आवश्यक पर्ने हरेक प्रबन्धमा कुशल नेतृत्व दिई उल्लेखनीय योगदान पुऱ्याउँदै आउनुभएको छ । सन्ति सुखावास विहार, विश्व शान्ति विहारमा हुने विभिन्न धार्मिक कार्यक्रममा वहाँ सकृय भई बुद्धानुशासनमा टेवा दिँदै आउनुभएको छ ।"[3]

वहाँ नेपालमा विशेष गरी थेरवादी बुद्धधर्मको इतिहास र तिनका विभिन्न कालखण्डहरूलाई नजिकैबाट हेरिरहनु भएको मात्र नभै, ती मध्ये धेरैको अभिन्न पात्र समेत हुनुभएको, र तिनीहरूको स्पष्ट स्मरण समेत गर्न सक्ने हुनुहुन्छ । त्रिपिटक ग्रन्थको नेपाल शुभागमनको विशेष घटनाक्रमको वहाँ एक प्रमुख साक्षी हुनुभएकाले वहाँको स्मरणमा रहेको आजभन्दा पचास बर्ष भन्दा पहिलेको उक्त घटनाक्रमको विवरण आज पनि वहाँ गुरुमांको लागि चित्रवत् ताजै छ ।

### चिनी गुरुमांको स्मरणमा भिक्षु ज्ञानपूर्णिकको उच्च शिक्षा एवं नेपालमा प्रथम बर्मी त्रिपिटक ग्रन्थको स्वागत

अत्यन्त धैर्य तथा अथक प्रयासहरू पश्चात सोह्र बर्षको उमेरमा बर्मा (हाल म्यानमार) पुग्नुभएका गृहस्थ किशोर हिरालाल शाक्य बीस बर्षको उमेरमा भिक्षु ज्ञानपूर्णिक बन्नुभयो । उपसम्पदा भएको चौथो बर्ष, अर्थात् सन् १९६३ मा तत्कालीन बर्माको सरकारी पालि विश्वविद्यालयबाट अञ्ञा (प्रारम्भिक तह), अल्ला (माध्यमिक तह), र अच्ची (उच्च तह) हुँदै 'सासनधज धम्माचरिय' उपाधि प्राप्त गर्नुभयो । उक्त अध्ययन सम्पन्न भैसकेपछि वहाँ भन्तेको अपार श्रद्धा तथा मेहनतको भविष्यको संभावनालाई मध्यनजर गर्दै वहाँका श्रामणेर बखतका उपाध्याय रहनुभएका आयुष्मान सयादो उ विशुद्धाभिवंस महास्थविरले सन् १९६६ मा वहाँलाई 'बुद्ध शिक्षाको एउटा महत्वपूर्ण अध्ययन पूरा भयो, अब लौकिक विद्या पनि लिनु पर्छ, त्यसकारण भारतमा गएर संस्कृत भाषा तथा साहित्यको पनि अध्ययन गर्नु' भन्ने आज्ञा भयो । सो बमोजिम वहाँ बनारस जानु अघि आफ्ना ध्यानगुरु महासि सयादोकहाँ विदा लिन जानु हुँदा गुरुले अत्यन्त हर्षित हुँदै, "ल, तिमीले धम्माचरिय उत्तीर्ण गऱ्यौ, नेपालमा बर्मी त्रिपिटक छैन, त्यसकारण तिमीले त्रिपिटक लिएर जानु" भनेर पवित्र ग्रन्थ बर्मी त्रिपिटक र अट्ठकथा सहित दाताबाबाट प्राप्त महत्वपूर्ण ग्रन्थहरू उपहार दिनुभयो ।

गुरुको आज्ञा अनुसार भिक्षु ज्ञानपूर्णिकले बनारस स्थित वाराणसेय संस्कृत विश्वविद्यालय (हाल सम्पूर्णानन्द विश्वविद्यालय) मा संस्कृत भाषा तथा साहित्यको डिप्लोमा स्तरको शिक्षा लिनुभयो । सो अध्ययनको पूरा अवधि दुई बर्षको भए तापनि अथक मेहनत तथा विलक्षण प्रतिभाका कारण प्रथम बर्षको परीक्षा बिहानको समयमा तथा द्वितीय बर्षको परीक्षा दिउँसोको समयमा गरी दुवै परीक्षाहरू एकै



**तस्बीर : त्रिपिटक ग्रन्थ शोभा यात्रा क्रममा, पाटनढोका**[4]

***तस्बीरको पृष्ठभूमिमा भगवान् बुद्धको मूर्ति तथा त्रिपिटक ग्रन्थहरुको सम्मुखमा भिक्षु ज्ञानपूर्णिक माईकका साथमा हुनुहुन्छ । त्यस्तै, तस्बीरको अग्रभागमा त्यसबेलाका श्रामणेर सुदर्शन, वहाँको ठीक बायाँ बौद्ध ऋषि महाप्रज्ञा, साथमा केही जिज्ञासु बालकहरु सहित विभिन्न समुदायका उपासकहरु हुनुहुन्छ ।***

दिनमा दिएर वहाँले दुइ बर्षको अध्ययनलाई सन् १९६७ मा एकै बर्षमा सफलताका साथ पूरा गर्नुभएको प्रसंग यहाँ विशेष उल्लेखनीय हुन आउँछ ।

वहाँ भन्ते बनारसको अध्ययन सम्पन्न भएपछि नेपाल आइ सहोदर (एकै उपाध्यायबाट शिक्षा पाउनुभएका) श्रामणेर सुदर्शन (पछि भिक्षु सुदर्शन महास्थविर) रहनुभएको पाटन स्थित सुमंगल विहारमा रहनु भयो । श्रामणेर सुदर्शन र भिक्षु ज्ञानपूर्णिक बीच अत्यन्त सौहार्द्रपूर्ण धर्ममैत्री सम्बन्ध भएकाले श्रामणेर सुदर्शनले भिक्षु ज्ञानपूर्णिकको बौद्ध शिक्षा लगायत लौकिक अध्ययनमा पनि सक्दो सहयोग गर्नुहुन्थ्यो, र भिक्षु ज्ञानपूर्णिकले पनि ती अध्ययनहरूलाइ सफलतापूर्वक सम्पन्न गरी श्रामणेर सुदर्शनको भ्रातृभाव र सहयोगको उचित धर्म प्रतिफल पुऱ्याउनु भएको थियो । (स्मरण रहोस्, श्रामणेर सुदर्शनलाई बालक अवस्थाको देखेर 'यति सानो उमेरमा पनि भिक्षु बन्न सकिने रहेछ' भन्ने आश्चर्यका साथ वहाँ भिक्षु ज्ञानपूर्णिकलाई बोध हुँदै त्यो भन्दा सानो उमेर भए पनि आफू पनि भिक्षु बन्नेछु भन्ने प्रेरणा वहाँबाटै मिलेको थियो ।)

त्यस समयमा सुमंगल विहारमा रहन आवश्यक पर्ने सबै उपयुक्त बन्दोबस्तहरू भैसकेको थिएन । त्यसमाथि बर्माबाट आइपुगेको केही समयपछि भिक्षु ज्ञानपूर्णिक केही बिमारी पर्नुभएकाले त्रिशुलीका श्री धर्मरत्न शाक्यले वहाँलाई त्रिशुलीमा रहन आमन्त्रण गर्नुभयो । त्यसो भएकाले चिनी गुरुमां र धम्मदिना गुरुमां (चमेली शाक्य) सहित भै वहाँ त्रिशुली जानुभयो ।

दाताहरूको आर्थिक सहयोगमा उक्त ग्रन्थहरू पनि जहाजबाट भारतको 'कलकत्तामा आइपुग्यो' भन्ने खबर आएकाले भिक्षु ज्ञानपूर्णिक, हाल भिक्षु बोधिज्ञान महास्थविरका काका गोपीलाल महर्जनलाई साथ लिई कलकत्ता गएर, ग्रन्थहरू नेपाल ल्याउने बन्दोबस्त गरी फर्कनुभयो ।

यति बन्दोबस्त भैसकेको अवस्थामा श्रामणेर सुदर्शनलाइ एउटा विचार आयो, 'यसअघि भिक्षुणी धम्मवतीले सो उपाधि (सासनधज धम्माचरीय) हासिल

गरेकोमा वहाँलाई अभिनन्दन गरिएको थियो (वहाँ भिक्षुणी सो उपाधि हासिल गर्ने प्रथम नेपाली हुनुहुन्छ), तर भिक्षु ज्ञानपूर्णिकलाई गरिएको छैन, त्यसो भए भिक्षु ज्ञानपूर्णिकले पनि यसरी त्रिपिटक ज्ञानको कठिन अध्ययन तथा अभ्यास सम्पन्न गरी सो उपाधि हासिल गरेकोमा वहाँलाई गुरुबाट सुभाशिष स्वरूप प्राप्त भएका यिनै त्रिपिटक ग्रन्थहरूको नेपालमा प्रीतिपूर्ण तरिकाले उचित स्वागत-सत्कार गर्नु उपयुक्त हुनेछ ।'

यस विचारले वहाँ भिक्षु सुदर्शनले काठमाडौं र भक्तपुर समेतका उपासक-उपासिका लगायत दाताहरूको आर्थिक तथा अन्य सहयोग जुटाई पाटनमा एक भव्य शोभायात्राको आयोजना गर्नुभयो । बर्माबाट कलकत्ता हुँदै, कलकत्ताको दुर्गा ट्रान्सपोर्टबाट ट्रकमा ढुवानी भै काठमाडौंमा आइपुगेका ती ग्रन्थहरू एक त ठूला-ठूला, त्यसमाथि पनि थोरै होइन - मूल त्रिपिटक सहित भ्कण्डै एक सय गोटा–अनि त्यसबेला अरू उपयुक्त सवारी साधनहरू उपलब्ध पनि थिएनन्; त्यसो हुँदा ठूलो सवारी साधन ट्रकको व्यवस्था गरियो, र त्यसको शिरको उच्चस्थानमा वहाँ भिक्षु ज्ञानपूर्णिक सहित ती ग्रन्थहरूलाई शोभायमान गरी बाजागाजा र भजनगानका साथ नगर परिक्रमा गर्दै, उपत्यकाका तीनै शहरहरूका गण्यमान्यहरू सहित विशाल आम समुदायको उपस्थितिमा ठूलो हर्षोल्लासका साथ, भव्य समारोहका माभ्क स्वागत गर्दै एक विशाल सार्वजनिक सभा सम्पन्न गरियो । स्मरणीय छ, त्यस शोभायात्रामा बौद्ध ऋषि महाप्रज्ञाको विशेष उपस्थिति थियो ।

सो शोभायात्रा पाटनढोकाबाट शुरु गरी नकबहिल, मंगलबजार, सुन्धारा, ओकुबहाल, आदि हुँदै लुँखुसि स्थित सुमंगल विहारमा समापन गरिएको थियो । उपासक आशाराम शाक्यबाट रचना गरिएको 'स्वागत दु, लसकुस दु, छिकंपि सकसित स्वागत दु' को मुख्य बोल (स्वागत छ, स्वागत छ, तपाइँहरू सबैलाई स्वागत छ।) को सरलतर भावपूर्ण बुद्धगानलाई त्यस क्रममा दुई उपासिकाहरू हेरा शोभा शाक्य र इन्द्र शोभा शाक्यबाट गायन भएको थियो । शोभायात्राको अन्तमा ती पवित्र ग्रन्थहरूलाई उक्त सुमंगल विहारमा भगवान् बुद्धका सम्मुखमा बडो उत्साह तथा गौरवका साथ स्थापित गरी सार्वजनिक प्रदर्शनी पनि गरिएको थियो । यस सिलसिलामा, नेपालका लागि बर्माका प्रथम राजदुत श्री उ ल्हाको समेत समुपस्थिति रहेको कुरा उल्लेखनीय हुन आउँछ ।

त्रिपिटकको शुभागमन हुँदैछ र त्यसको भव्य स्वागत हुँदैछ भन्ने थाहा पाएका श्रद्धावान् उपासक-उपासिका लगायत उत्सुक सर्वसाधारण मानिसहरूको त्यसबेला पाटनमा भएको त्यो ठूलो 'ओइरो' (ओहोरदोहोर) र त्यसका प्रमुख व्यक्तित्व, निर्वाणलाभी भिक्षु ज्ञानपूर्णिकलाई चिनीगुरुमां एक अविस्मरणीय ऐतिहासिक नेपाली बौद्ध समयक्रमको रूपमा अहिले पनि ताजै स्मरण गर्नुहुन्छ, र वहाँ भगवान् सम्यकसम्बुद्धको श्रद्धापूर्वक गुणानुस्मरण गर्दै वन्दना गर्नुहुन्छः

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

पुनश्चः उपरोक्त पवित्र अमूल्य ग्रन्थहरूको उचित सुरक्षाका लागि सुमंगल विहारमा एउटा छुट्टै दराज बनाइ त्यसैमा ती ग्रन्थहरूलाइ प्रीतिपूर्ण भावसहित प्रतिस्थित गरिएको थियो, र त्यस दराजमा 'बर्माबाट ल्याएको त्रिपिटक ग्रन्थ' भनी गौरवपूर्वक उल्लेख पनि गरिएको थियो, जुन (दराज) अद्यावधि सुमंगल विहारमा छँदैछ । आजभन्दा ५० बर्ष अघि प्राप्त ती ग्रन्थहरू अद्यापि पूर्ण सुरक्षित रहनुमा वहाँ चिनी गुरुमांको अपार श्रद्धा तथा अथक स्याहारलाई बुद्ध शासनको ठूलो सेवाको रूपमा लिन सकिन्छ ।

उक्त पवित्र तथा अमूल्य ग्रन्थहरू हाल विश्व शान्ति विहारमा रहेको, र तिनलाई आम जनताहरू माभ्क पुण्यमय अवलोकनका लागि उपलब्ध गराउन उक्त विहारबाट निकट भविष्यमा सार्वजनिक प्रदर्शनीको आयोजना हुन लागेको कुरा जानकारी हुन आएको छ ।

## (Endnotes)

1 भिक्षु संघरक्षित स्थविर, *सद्धम्म कोविद, तिपिटक एक परिचय,* दोश्रो संस्करण, २०१३, पृ.४, सत्यसन्देश प्रचारक प्रकाशनः काठमाडौं ।

2 ऐ, पृ.५,

3 तुलाधर, रीना डा,. स., *नेपालमा थेरवाद-बुद्धधर्मः एक अध्ययन,* पृ.१४१, नेपाल प्रज्ञा-प्रतिष्ठानः काठमाडौं । (मौलिक लेखको अंशलाई यस रचनामा सम्पादकको स्वीकृतिमा केही सामान्य फेरबदल गरिएको छ ।)

4 तस्बीर साभार : Golden Jubilee Higher Ordination Celebration Committee, *Bhikshu Jnanapurnik: A Pictorial Retrospect*, २००९, पृ.३४, विश्व शान्ति विहारः काठमाडौं ।

❖❖❖

# आदरणीय भन्ते ज्ञानपूर्णिकज्यूको ज्ञानको छायाँमा



**ओम रूंगता**
*सद्धम्म कोविद*

**यस्मा हि धम्मं पुरिसो विजञ्ञा, इन्दंव नं देवता पूजयेय्य ।**
**सो पूजितो तस्मिं पसन्नचित्तो, बहुस्सुतो पातुकरोति धम्मं ।**

जसबाट मनुष्यले धर्म जान्दछ, उस्को त्यसरी नै पूजा गर्नुपर्छ जसरी इन्द्रको पूजा देवताले गर्छन् । तिनी बहुश्रुत पूजित हुनु भएपछि तीमाथि प्रसन्न चित्त भई धर्म प्रकाशित गर्छन् ।

*(सुत्तनिपात, चुलवग्ग ८)*



आदरणीय भन्ते ज्ञानपूर्णिकज्यूको सान्निध्य प्राप्त हुनु मेरो जीवनको महत्वपूर्ण उपलब्धि हो । आदरणीय भन्तेज्यू बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्थ्यो । वहाँ भगवान् बुद्धद्वारा उपदेशित शिक्षाका उत्तम अध्ययनकर्ता, ज्ञाता तथा उपदेशक हुनुहुन्थ्यो । नेपालको तथा सम्पूर्ण बौद्ध जगतका धरोहर हुनुहुन्थ्यो ।

करिब २० बर्ष अगाडि पहिलो पटक विपश्यना आचार्य श्री आनन्दराज शाक्यज्यूसँग विश्व शान्ति विहार पुगेको थिएँ । त्यहाँ आदरणीय भन्तेज्यूको दर्शन गर्ने अवसर प्राप्त भयो । वहाँको करुणायुक्त सान्निध्य प्राप्त भयो । त्यो दर्शन भेट मेरो जीवनको आध्यात्मिक यात्राको कोसे ढुंगा हुन गयो ।

विश्व शान्ति विहारमा आदरणीय भन्ते बोधिज्ञानज्यूको प्रेरणाले अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित बौद्ध परियत्ति शिक्षाको अध्ययन गर्ने सुअवसर प्राप्त भयो । अध्ययनको क्रममा कैयन नबुझेका विषयहरूलाई आदरणीय भन्ते ज्ञानपूर्णिकज्यूले करुणापूर्वक बुझाइदिनुहुन्थ्यो । यो क्रम कोविद स्तरको पाठ्यक्रमसम्म र त्यस उपरान्त पनि चलिरह्यो । वहाँको सान्निध्यले मलाई कोविद परीक्षा उत्तीर्ण गर्न निकै सहयोग पुग्यो ।

कैयौं जटिल जिज्ञासाहरूलाई पनि आदरणीय भन्तेज्यूले सरलरूपमा बुझाईदिनुहुन्थ्यो । उदाहरणको रूपमा एक चोटि मलाई संसारको आदि र अन्तको बारेमा जिज्ञासा उत्पन्न भयो । आदरणीय भन्तेज्यूले संसारको आदि र अन्त छैन भन्ने कुरा राम्ररी बुझाईदिनु भयो ।

ध्यान भावनाको अभ्यासको सन्दर्भमा मलाई कैयन जिज्ञासा र शंकाहरू उत्पन्न हुन्थे । आदरणीय भन्तेज्यूले ती जिज्ञासा र शंकाहरूको समाधान गरिदिनुहुन्थ्यो ।

मेरो अनुरोधलाई करुणापूर्वक स्वीकार गरेर केही पटक घरमा पाल्नुभयो । घरमा भिक्षुसंघसहित परित्राण पाठ गर्नुभयो। केहीपटक धर्मदेशना पनि गर्नुभयो। वहाँको सान्निध्यले गर्दा कुशल पुण्य कर्म गर्ने चेतनामा मलजल प्राप्त भयो ।

वहाँ कल्याणमित्र हुनुहुन्थ्यो । शारीरिक रूपमा हामीबाट टाढा हुनु भएपनि वहाँले सिकाउनु भएको शिक्षाले मार्गदर्शन गरिरहन्छ। वहाँप्रति कृतज्ञ छु। वहाँको निर्वाणको कामना गर्दछु ।

**भवतु सब्ब मंगलं ।**

❖❖❖

# विश्वशान्ति बौद्ध शिक्षालय र मेरो अनुभव



**भगवती बिष्ट**
*नेपाली शिक्षक*
*विश्वशान्ति बौद्ध शिक्षालय*




नेपालका सातौं संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले २०७७ साल असार १९ गते सदाका लागि हामीलाई छाडेर जानुभयो । उहाँले निर्वाण प्राप्त गर्नु भएको आज एक वर्ष पुगेको छ । उहाँको पुण्य तिथिमा सम्झनाका दुई चार अक्षर लेख्न कोशिस गरेकी छु ।

हुन त एकदिन हामी सबैले नश्वर देहलाई त्यागेर जानै पर्दछ । तर मान्छे अनुसार मरण पनि फरक फरक हुने गर्दछ । मान्छे उसको शरीर छाडेर गए पनि उसलाई उसको कार्यले सधैं अमर बनाउँछ । त्यस्तै हाम्रा सातौं संघनायकज्यू त्यस्तै अमर व्यक्तित्व मध्येकै एक, बुद्ध दर्शनका अनुयायी हुनुहुन्थ्यो । नेपालमा मात्र नभएर अन्तर्राष्ट्रिय बौद्ध जगतमा पनि ख्याति प्राप्त गर्नु भएका उहाँ गुरु १६ वर्षकै उमेरमा बुद्ध दर्शनको उच्चशिक्षाका लागि बर्मामा जानुभयो । बुद्धशिक्षाको प्रचारमा युरोप र एशियाका विभिन्न देशहरूमा समेत पुगी बुद्धशिक्षा सम्बन्धी आफ्नो ज्ञानलाई प्रचार गर्नुभयो । सात वटा भाषाका ज्ञाता भन्तेका बुद्धशिक्षा सम्बन्धी विभिन्न लेख रचना पनि प्रकाशित रहेका छन् ।

२०५२ मा उहाँकै पहलमा विश्वशान्ति बौद्ध शिक्षालय स्थापना भएपछि यहाँ कक्षा छदेखि दशसम्म निरन्तर अध्ययन अध्यापन हुँदै आइरहेको छ । म पनि यसै स्कुलमा विगत चार वर्षदेखि अध्यापन गराउँदै आइरहेकी छु । यस विद्यालयमा औपचारिक वा नेपाल सरकारको पाठ्यक्रममा आधारित कोर्शहरु पढाई हुनुका साथै बुद्धशिक्षा अन्तर्गतका पालि र परियत्ति पनि पढाई हुँदै आइरहेको छ ।

यस विद्यालयमा अध्यापन गराउनुभन्दा अगाडि मलाई बुद्धशिक्षा सम्बन्धी खासै थाहा थिएन । आजभन्दा छब्बीस सय वर्ष अगाडि गौतम बुद्धको जन्म नेपालको कपिलवस्तुमा भएको, उनी शान्ति र अहिंसाका अग्रज भएको र नेपालमा बुद्धदर्शनका थोरै मात्र अनुयायी रहेका छन् भन्ने मात्र थाहा थियो । एकदिन मेरा एकजना मित्रले विश्वशान्ति बौद्ध शिक्षालयमा नेपाली विषय पढाइदिनु पर्‍यो भन्नुभयो । त्यस समयमा मैले ललितपुरको प्रसिद्ध क्याम्पसमा पढाउँथें । त्यस कलेजमा पैसा पनि राम्रै दिन्थ्यो । साथीले यस स्कुलमा पढाइदिनु पर्‍यो भनिरहँदा




मन मनमा काठमाण्डौको महङ्गीलाई सम्झिएँ । अनि सोधिहालेँ "होइन, साथी पैसा कति दिन्छन् त्यहाँ ?" मैले सोध्नु स्वाभाविकै जस्तो पनि लाग्यो किनभने आजको महङ्गी समाजमा मान्छेको इज्जत पैसासँग पनि जोडिएको छ । हामी त्यही समाजका मानव प्राणी पनि हौँ । मेरो प्रश्नमा मित्रले "पैसा त त्यहाँ खासै छैन, तर त्यहाँ पढाउन जानुभयो भने तपाईंले आनन्द चाहिँ प्राप्त गर्नु हुन्छ ।" मैले "पैसा नभए कसरी आनन्द आउला र म जाँदिन, अन्त खोज्नु" भनिदिएँ । म गइनँ, र फेरि ती मित्रले पन्ध्र दिनपछि फोन गरी अनुरोध गरे "तपाइँ एक पटक जानु त होस्, मन परेन भने छाडिदिनु होला" भन्दै थिए । मैले "हुन्छ हुन्छ" भन्दै एक महिना टारिदिएँ । फेरि एकदिन उहाँले फोन गर्नुभयो "ल आज स्कुल जाऔं, भेटुँ, मन नलागे नपढाउनु होला" भन्नुभयो । मन नलागि नलागि वहाँको बाइकको पछाडि बसेँ र त्यस विहारमा आएँ । त्यहाँ छिर्ने बित्तिकै मलाई एक प्रकारको आनन्दको भाइब्रेट भयो । विद्यालयको शान्त वातावरण, श्रामणेर भन्तेहरूको शान्त स्वभाव आदि देख्दा आनन्द आयो । म बिस्तारै पढाउँदै जान थालेँ । ममा बुद्धशिक्षालाई नजिकबाट नियाल्ने उत्कण्ठा जाग्यो । बुद्धको जीवनी पढेँ । जीवन सम्बन्धी बुद्धको दृष्टिलाई थोरै नियाल्ने मौका पाएँ । ममा जीवनलाई हेर्ने एक किसिमको दर्शन नै परिवर्तन भएको महसुस गरेँ । सोचेँ, पैसाले मानिसलाई सुख दिन्छ तर आनन्द दिँदैन । पैसा त भौतिक आवश्यकता पूरा गर्ने साधन मात्र हो, तर यो आनन्द अमूल्य छ, कहाँ पाउनु ?

अहिले म विश्वशान्ति बौद्ध शिक्षालयको शिक्षिकाको रूपमा आबद्ध छु । त्यहाँ हामी भिक्षु शिक्षक र उपासिका उपासक शिक्षक तथा संयोजक मिम सर गरेर १६ जनाले अध्यापन गराउँदै आइरहेका छौँ । यस विद्यालयको रेखदेख बोधिज्ञान भन्ते र निग्रोध भन्तेले गर्दै आउनु भएको छ भने मिम शाक्य सरले पनि जिम्मेवारीपूर्वक आफ्नो काम गर्दै आएकोले स्कुलको पठनपाठन राम्रैसँग अगाडि बढीरहेको छ । विभिन्न विकट गाउँका करिब ४० जना श्रामणेर विद्यार्थीहरूले विभिन्न दाताहरूको सहयोगमा त्यहाँ अध्ययन गर्दै आइरहेका छन् । ज्ञानपूर्णिक भन्तेको अथक प्रयासबाट स्थापना भएको यस स्कुलले आउँदा दिनहरूमा पनि शैक्षिक गुणस्तरका साथसाथै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा बुद्धशिक्षालाई प्रचार गर्दै जान सकेमा उहाँ भन्तेको सपना साकार हुनुका साथै हामीले पनि लक्ष हासिल गर्न सक्नेछौँ भन्ने मलाई लागेको छ ।

गौतम बुद्ध लौकिक व्यक्तित्व हुनुहुन्छ । ढुङ्गालाई भगवानको प्रतीकको रूपमा पुज्ने हाम्रो समाजमा अष्टशील र पञ्चशीलका माध्यमबाट समाजलाई सुधार गर्ने जुन नीति बुद्धले लिनुभयो त्यो आज हाम्रो सत्यको मार्ग बनेको छ । बुद्धको समानताको जुन नीति छ, त्यो साँच्चै गौरव गर्न लायकको छ । उहाँले निर्माण गर्नुभएको संघमा जातीय, लैङ्गिक र वर्गीय आधारमा कसैलाई पनि भेदभाव गरिँदैन । आजभन्दा छब्बीस सय वर्ष अगाडि बुद्धले प्रतिपादन गरेको जुन दर्शन र ज्ञान छ त्यसलाई आजको वर्तमान समाजमा प्रचार प्रसार गर्न अत्यन्त जरुरी छ जस्तो मलाई लागेको छ ।

फेरि पनि सातौँ संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको वार्षिक पुण्य तिथिमा यी दुई अक्षर कोर्न हाम्रा स्कुलका अध्यापक भिक्षु निग्रोधले मलाई जुन उत्साह दिनुभयो, उहाँलाई हृदयदेखि नै वन्दना गर्न चाहन्छु । भिक्षु ज्ञानपूर्णिकज्यूले श्रामणेरहरूलाई शिक्षाको ज्योति छर्न यस विश्वशान्ति बौद्ध शिक्षालयको स्थापना गर्नुभयो, आउँदा दिनहरूमा पनि उहाँको सम्झनालाई अक्षुण्ण राख्न यस विद्यालयले अझ उन्नति र प्रगति गर्दै जाओस्, शुभकामना छ ।

❖❖❖

# उपकारक गुरूवर
# श्रद्धेय डा. ज्ञानपूर्णिक महास्थविर




**ललिता धाख्वा**
*सद्धम्म कोविद*
*उप प्राध्यापक, त्रि.वि.*




भिक्षु ज्ञानपूर्णिक महास्थविर बौद्ध जगतमा परियत्ति ज्ञान तथा प्रतिपत्ति आचरण भएका एक प्रभावशाली भिक्षुको रूपमा चिनिन्छ । बाल्यकालदेखि बुद्धधर्ममा समर्पित उहाँले प्रारम्भिक बुद्धशिक्षा तथा पालि भाषा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरबाट हासिल गरी उहाँ भन्तेकै प्रेरणा एवं सहयोगले बर्मामा प्रव्रजित जीवन धारण गरी उच्चस्तरीय धर्म अध्ययन गर्नुभयो र सासनधज धम्माचरिय उपाधिद्वारा विभूषित हुनु भयो । त्यस्तै बर्माका प्रसिद्ध विपस्सनाचार्य महासी सयादो, उ पण्डिताभिवंस सयादो जस्ता ध्यान गुरुहरूको सत्संगतले ध्यान अभ्यास तथा अनुभवद्वारा ध्यानगुरु पनि हुनुभयो ।

मैले सानै छँदादेखि ज्ञानपूर्णिक महास्थविर भन्तेलाई चिनेकी थिएँ । मेरो आमा रत्नदेवी उपासिका पाटनमा अवस्थित प्रचलित विहारहरू श्री शाक्यसिंह विहार, सुमंगल विहार र मणिमण्डप विहारमा गई शील ग्रहण गर्ने, उपोसथ बस्ने, उपदेश सुन्ने तथा समय समयमा जलपान, भोजन दान गर्नुहुन्थ्यो । आमाको पछि लागेर म पनि ती विहार हरूमा जाने गर्थें । त्यसबेला वहाँ ज्ञानपूर्णिक भन्ते मणिमण्डप विहारमा बस्नुहुन्थ्यो । त्यस विहारमा नियमित रूपमा आउने उपासक उपासिकाहरूलाई उहाँ भन्तेले शील प्रदान गरी उपदेश दिनुहुन्थ्यो । मणिमण्डप विहारको आयोजनामा गुँला एक महिनासम्म दिनहुँ धर्मदेशना गराउने चलन थियो जुन अहिलेसम्म पनि निरन्तर चलिरहेको छ । गुँला धर्मदेशना कार्यक्रम अन्तर्गत उहाँ भन्तेले पनि धेरै उपदेशहरू दिनुभएको मलाई याद छ । उहाँले उपदेश दिनुहुँदा मणिमण्डप विहार रहेको धपगाबहीको चोक उपासक उपासिकाहरूले भरिभराउ हुन्थ्यो । उहाँ भन्तेको सरल, शिष्ट आचरण, सौम्य व्यक्तित्व



तथा स्पष्ट रूपमा धर्मोपदेश गर्ने शैली जस्ता विशेषताहरूले गर्दा एकचोटि दर्शन गर्न पाएकाहरू पनि उहाँप्रति प्रभावित भएको देखिन्छ ।

सानैदेखि धार्मिक प्रवर्चनहरू सुन्ने, भन्ते गुरुमांहरूको सत्संगत तथा धार्मिक संस्कार भएको परिवारमा हुर्केका कारण हामी दिदीबहिनीहरू सबैलाई बुद्धशिक्षा परियत्ति शिक्षा अध्ययन गर्न प्रेरणा मिल्यो । अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षाको प्रारम्भिक तहदेखि अन्तिम तह सद्धम्म कोविदसम्म दशबर्षे परियत्ति शिक्षा अध्ययन गर्ने मौका पाएँ । अध्ययन गरे अनुरूप सद्धम्म पालक तह र कोविद अन्तिम तहको दुवै परीक्षामा बोर्ड प्रथम स्थान हासिल गर्न सफल भएँ । वि.सं २०६३ मा सद्धम्म कोविद उपाधि प्राप्त हुँदा उहाँ ज्ञानपूर्णिक महास्थविर भन्तेको हातबाट स्वर्ण पदक प्राप्त गर्ने अवसर पाएँ । त्यसबेला आयोजित पुरस्कार वितरण समारोहमा मेलै परियत्ति शिक्षा पढ्दाको अनुभव सुनाउँदा उहाँ भन्ते मुसुमुसु हाँसी सुनिरहनु भएको अहिले पनि याद आउँछ । कोविद तहको पाठ्यक्रममा ज्ञानपूर्णिक भन्तेद्वारा अनुवादित महासतिपट्ठान सुत्त, परित्राण निश्रय, कर्म र मनुष्य, अभिधर्मार्थ संग्रह, बुद्ध र बुद्धवाद जस्ता ध्यानभावना, बौद्ध दर्शन तथा सिद्धान्तसँग सम्बन्धित ग्रन्थहरू गहनरूपमा अध्ययन गर्दा वहाँ भन्तेको विद्वता झल्किन्छ ।

ज्ञानपूर्णिक महास्थविर भन्तेले नेपाल बौद्ध परियत्ति शिक्षाको विभिन्न जिम्मेवार पदमा रही ठूलो योगदान पुऱ्याउनुभएको छ । नेपाल बौद्ध परियत्ति शिक्षाको आयोजनामा बर्षेनी हुने परियत्ति पुरस्कार तथा दीक्षान्त समारोहमा उहाँले शिक्षाध्यक्षको हैसियतले 'परियत्ति प्रतिज्ञा' वाचन गराउनुहुन्थ्यो । परियत्ति शिक्षा विकासको लागि समर्पित हुन प्रेरणादायी उक्त प्रतिज्ञा वचन यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्दछु । जुन यस प्रकारका छन्-

'नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान बुद्धका उपदेशहरू सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरा परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।' यी प्रतिज्ञावचनलाई आत्मसात गरी आफूले दीपंकर परियत्ति शिक्षालय, नागबहाल र अन्तर्राष्ट्रिय बौद्ध भावना परियत्ति केन्द्रमा परियत्ति शिक्षण कार्यमा निरन्तरता दिनुको साथै परियत्ति प्रधान केन्द्रको आवश्यक कार्यमा सहयोग पुऱ्याउन सकेकोमा गर्व महसूस भईरहेको छ ।

नेपालमा थेरवाद बुद्धधर्म अध्ययनका लागि नेपाल बौद्ध परियत्ति शिक्षा वि.सं २०१९ देखि निरन्तररूपमा संचालन भईरहेको छ । प्राज्ञिक स्तरमा औपचारिक रूपमा उच्च शिक्षा एम.ए अध्ययनका लागि एक शैक्षिक संस्थाको अपरिहार्यता महसूस भईरहेको समयमा ज्ञानपूर्णिक महास्थविर भन्तेको नेतृत्वमा परियत्ति शिक्षासँग आबद्ध व्यक्तिहरूको प्रयासबाट लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडेमी वि.सं २०६९मा विश्व शान्ति विहारमा स्थापना भएको स्मरणीय छ । उहाँ ज्ञानपूर्णिक महास्थविर भन्तेका मित्र बर्माका प्रसिद्ध Sitagu International Buddhist Academy का कुलपति डा.सितगु सयादोबाट उक्त एकेडेमीको विधिवत समुद्घाटन भएको थियो । उहाँ सयादोबाट शील, समाधि र प्रज्ञा विषयमा कक्षा लिनु भई औपचारिक रूपमा कक्षा शुरुवात गरिएको थियो । थेरवाद बुद्धिष्ट एकेडेमीमा पहिलो शैक्षिकसत्रमा म, मेरा दुईजना दिदीहरू संगिता धाख्वा, सति धाख्वा सहित जम्मा ५० जना विद्यार्थीहरू भर्ना भई अध्ययन गर्ने अवसर पायौं । लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त अन्य शैक्षिक संस्थाहरूको तुलनामा उल्लेख्य विद्यार्थीहरूको संलग्नताले संस्थापक प्राचार्य गुरुवर ज्ञानपूर्णिक महास्थविर भन्ते र शिक्षकवर्गमा उत्साह छाएको थियो ।

गुरुवर ज्ञानपूर्णिक महास्थविर भन्तेले संस्थापक प्राचार्यको नाताले हामीलाई समय समयमा ओवाद दिई संग्रह गर्ने तथा अध्ययन गर्नमा हौसला दिनुहुन्थ्यो । उहाँ आफैले पनि कहिलेकाहिं पालि भाषा र पालि व्याकरण सम्बन्धी कक्षा लिनुहुन्थ्यो । प्राचार्य भन्ते तथा शिक्षकवर्गको प्रेरणाले थेरवाद बुद्धधर्मको एम.ए परीक्षामा उच्च अंक ल्याई प्रथम स्थान हासिल गर्न सफल भएँ । अध्ययन गरीसकेपछि थेरवाद बुद्धिष्ट एकेडेमीमा केही समय अध्यापन गर्ने अवसर पनि पाएँ । परियत्ति शिक्षा एवं थेरवाद बुद्धिष्ट एकेडेमीमा अध्ययन, अध्यापनको अनुभवले गर्दा वि सं २०७३ मा त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट खुल्ला प्रतियोगिताद्वारा लिईएको बौद्ध अध्ययन

बिषयक उप प्राध्यापक पदमा नियुक्त भई पाटन संयुक्त क्याम्पसमा अध्यापन गर्न पाएँ ।

ज्ञानपूर्णिक महास्थविर भन्तेले बैशाख पूर्णिमाको अवसरमा हरेक वर्ष बैंककमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन हुँदा थेरवाद बुद्धिष्ट एकेडेमीमा अध्ययन गरी एम.ए.मा प्रथम हुने एक जना विद्यार्थी र एक जना शिक्षकलाई भाग लिन पाउने गरी व्यवस्था मिलाएर एकेडेमीका विद्यार्थी र शिक्षकलाई ठूलो हौसला प्रदान गर्नुभएको थियो । सो व्यवस्था बमोजिम ज्ञानपूर्णिक भन्तेसँग म र अमिता धाख्वा २५५८ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बैंककमा आयोजित बाह्रौं अन्तर ाष्ट्रिय बौद्ध सम्मेलन (28th -30th May 2015) मा सहभागी भयौं Buddhism and World Crisis बिषयमा केन्द्रित ५२ वटा कार्यपत्रहरू प्रस्तुत गरिएको उक्त सम्मेलनमा १३५ राष्ट्रका प्रतिनिधिहरू सहभागी थिए । सम्मेलनको उद्घाटन सत्रमा बिशिष्ट अतिथिको रूपमा ज्ञानपूर्णिक महास्थविर भन्तले मन्तव्य दिनुभएको थियो । यसरी अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा नेपाली बौद्ध क्षेत्रको प्रतिनिधित्व गरी बुद्ध जन्मभूमि नेपाल र यहाँको धार्मिक गतिविधि विश्वसामु चिनाउन उहाँ सफल हुनुभएको छ । नेपालमा २०७२ को महाभूकम्प लगतै भएको उक्त सम्मेलनमा उहाँ भन्तेले महाभूकम्पबाट नेपालमा भएको मानवीय तथा भौतिक क्षति बारेमा प्रकाश पारी अन्तर्राष्ट्रिय समुदायलाई ध्यानाकर्षण गर्नुभएको थियो । सम्मेलन समापनको भोलिपल्टै थाइलैंण्डका संघराजा सहित थाइ भिक्षुहरू सहानुभूति तथा सहयोगका लागि नेपालमा आउनुभएको स्मरणयोग्य छ ।

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलको धार्मिक गतिविधिहरू सञ्चालन गर्नमा ज्ञानपूर्णिक महास्थविर भन्तेको योगदान सराहनीय छ । उक्तभावना केन्द्रका धम्मानुशासक उहाँले विशेषतः बर्माका ओवादाचरिय सयादो उ पण्डिताभिवंसको निर्देशनमा संचालन हुने ध्यान शिविरमा प्रवचन हुँदा भाषा अनुवाद गर्ने, ध्यान बस्न आउने योगीहरूको ध्यान जाँच गर्ने र आवश्यक सुझाव दिनुहुन्थ्यो । उक्त भावना केन्द्रमा म पहिलो पटक वि.सं २०४७ मा कर्मस्थानाचार्य सयादो उ आसभाचारको निर्देशनमा सञ्चालित ध्यान शिविरमा सामेल भएकी थिएँ । उक्त ध्यान शिविरमा ध्यान बस्न अगाडि ज्ञानपूर्णिक महास्थविर भन्तेले नेपालभाषामा अनुवाद गर्नुभएको महासी सयादोको ध्यान निर्देशन टेप सुनाइएको थियो । जुन निर्देशन सुनेर मलाई ध्यान बस्न सहज महसूस भएको थियो । उहाँ भन्तेले आसभाचार सयादोबाट बर्मिज भाषामा दिनुभएको उपदेशलाई पनि हामीले बुझ्ने गरी अनुवाद गर्नुभएको थियो । साथै ध्यान निर्देशन अनुसार अभ्यास गरिएको छ की छैन भनी हाम्रो ध्यान अनुभव लिने तथा सुधारको लागि आवश्यक सल्लाह पनि दिनुभएको थियो । उहाँकै प्रेरणाले समय समयमा ध्यान शिविरमा बसिसकेपछि मैले अन्तर्राष्ट्रिय बौद्ध भावना ध्यान केन्द्रका धार्मिक गतिविधिहरूमा संलग्न हुँदै हालसम्म पनि आफूले सक्दो धर्मसेवा गर्ने अवसर पाएँ । केन्द्र कार्यकारिणी समितिमा लामो समयसम्म सदस्य भई हाल सचिवको रूपमा कार्यरत छु ।

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका धम्मानुसासकको हैसियतले ज्ञानपूर्णिक महास्थविर भन्तेले केन्द्रका हामी कार्यकारणी सदस्यहरूलाई एकत्रित भई संस्थागत रूपमा केन्द्रको गतिविधिहरू अगाडि बढाउन बेलाबखतमा आवश्यक ओवाद, सल्लाह दिनुहुन्थ्यो । उहाँले ध्यान केन्द्रमा बस्नुहुँदा आफ्नै निर्देशनमा पनि ध्यान शिविर संचालन गर्नुका साथै समय समयमा उपदेश पनि दिनुभएको थियो । ध्यान शिविर हुँदा विशेषतः सतिपट्ठान सुत्तको व्याख्या गरी उपदेश दिनुहुन्थ्यो । उहाँले शनिवारको धर्मदेशना कार्यक्रमा खन्धवग्ग संयुत्त पालीमा उल्लेखित पञ्चस्कन्धलाई विभिन्न उपमाद्वारा बुझ्नेगरी विस्तृत रूपमा उपदेश दिनुभएको थियो । जस्तो रूपस्कन्धलाई धूलोको धिक्का पिजा झैं, वेदनास्कन्धलाई पानीको फोका झैं, संज्ञास्कन्धलाई मृग तृष्णा झैं, संखारस्कन्धलाई केराको बोट झैं र विज्ञाणस्कन्धलाई जादुगर झैं भाविता गनुपर्छ भन्ने विषयमा एउटा एउटा स्कन्धको विस्तृतमा व्याख्यागरी उपदेश दिनुभएको थियो । पालि गाथाहरूलाई अर्थसहित, पर्यायवाची शब्दहरू प्रयोग गरी स्पष्टरूपमा व्याख्या गर्नसक्नु वहाँको विशेषता हो । ध्यानकेन्द्र स्थापना भएदेखि हाम्रो परिवारका प्रायः सबैजना हरेक शनिवार हुने ध्यान तथा धार्मिक प्रवर्चन कार्यक्रममा तथा अन्य गतिविधिहरूमा सहभागी भईरहेका कारण ज्ञानपूर्णिक महास्थविर भन्ते ध्यानकेन्द्रमा बस्नुहुँदा उहाँसँग पनि हामी धार्मिकरूपले नजिकहुन पायौं । उहाँबाट शील ग्रहण गर्ने, परित्राण श्रवण गर्ने, ध्यान निर्देशन सुन्ने तथा धर्मसम्बन्धी नबुझेका कुराहरूमा प्रष्ट हुन पाउँदा भित्री हृदय देखि श्रद्धा जागृत हुन्छ र कृतज्ञता भाव उत्पन्न हुन्छ ।

शिष्ट आचरणयुक्त, सौम्य व्यक्तित्व, कुशल धर्मदेशक तथा ध्यानगुरु श्रद्धेय ज्ञानपूर्णिक महास्थविर अनित्य स्वभाव अनुसार दिवंगत हुनुभयो । उहाँको देहावशानले नेपालको बुद्धशासनमा अपुरणीय क्षति पुगेको छ । यो संवेजनीय कुरा हो । वहांको भौतिक शरीर रूपकाय नरहेता पनि वहाँको लेखन कृति, उपदेशहरू, वहाँद्वारा स्थापित शिक्षण सस्थाहरू, विहारहरू, शिष्य परम्परा आदि वहाँका योगदानहरू नमकायका रूपमा रहिरहनेछ । अन्तमा उहाँ भन्तेको निर्वाण प्राप्तिको कामना गरी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

❖❖❖

# पूजनीय सातौं संघनायक श्रद्धेय डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूप्रति श्रद्धासुमन



**आचार्य नुर्बु शेर्पा**
*अध्यक्ष*
*नेपाल बौद्ध महासंघ*



वि. सं. १९९६ साल मंसिर ६ गतेका दिन पाल्पा जिल्लाको तानसेनमा पिता सूर्यलाल शाक्य र माता चन्द्रमाया शाक्यको सुपुत्रको रूपमा जन्मनु भएका हिरालाल शाक्यले प्रारम्भिक शिक्षा तानसेनकै टक्सारस्थित शील पाठशालामा प्राप्त गर्नु भई ११ वर्षको उमेरमा मातापिताले बुद्धशिक्षा अध्ययनका लागि पूजनीय भिक्षु बुद्धघोष महास्थविरको जिम्मामा राख्नुभएछ। त्यहाँ उहाँले पालि भाषा र बुद्धशिक्षाको प्रारम्भिक ज्ञान हासिल गर्दैगर्दा प्रथम संघमहानायक भिक्षु प्रज्ञानन्द, भिक्षु महाप्रज्ञा, आचार्य भिक्षु अमृतानन्द आदि गुरुहरूको प्रेरणा र आशिर्वाद पनि प्राप्त भैरहेको र १६ वर्षको उमेरमा बुद्धधर्मको उच्चशिक्षा अध्ययनका लागि श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरकै प्रयासले उहाँ भारत हुँदै बर्मा जानुभयो।

बर्माका सुप्रसिद्ध अग्गमहापण्डित श्रद्धेय भिक्षु विशुद्धाभिवंस महास्थविरबाट उहाँले सन् १९५६ साल अगष्ट १५ तारिखका दिन श्रामणेर प्रवजित हुनुभई ज्ञानपूर्णिक नामकरणबाट बुद्धशासनमा प्रवेश गर्नुभयो र धार्मिक गुरुकुल शिक्षा अध्ययन गरीरहेकै समयमा २० वर्षको उमेरमा अभिधज राष्ट्रगुरु श्रद्धेय सयादो सुरियाभिवंश महास्थविरको उपाध्यायत्वमा सन् १९५९ साल अप्रिल १२ तारिखको दिन भिक्षु उपसम्पदाको दिक्षा लिनुभयो।

११ वर्षको निरन्तर अध्ययनपछि सन् १९६३ मा उहाँले सासनधज धम्माचरिय उपाधि प्राप्त गर्नुभई बर्माको रंगुनमा अवस्थित विशुद्धाराम पालि तक्षशिला



एवं माण्डलेस्थित विज्जालंकार विद्यालयमा थप विविध विषयमा उच्च अध्ययन सम्पन्न गर्नुका साथै बौद्ध साहित्यिक यात्रा पनि सुरु गर्नुभएको रहेछ । सन् १९६४ देखि १९६६ सम्म म्यानमारकै बुद्धसासन काउन्सिलको प्रकाशन संस्थामा औपचारिक सरकारी स्तरमा रही पालि बर्मीज विश्व शब्दकोषको सम्पादनमा महत्वपूर्ण योगदान दिनुभयो ।

विश्व प्रसिद्ध विपश्यनाचार्य श्रद्धेय भिक्षु सोभन महास्थविर (महाशी) सयादोको छत्रछयाँमा रही उहाँले विपश्यना ध्यान अभ्यास गर्नु भयो र भारतको वाराणसेय सम्पूर्णानन्द संस्कृत विश्वविद्यायबाट संस्कृतमा स्नातक र त्रि.वि. मा स्नातकोत्तरसम्म अध्ययन गर्नु भयो ।

नेपालभाषा, नेपाली, हिन्दी, अङ्ग्रेजी, पालि, संस्कृत र बर्मी गरी ७ भाषाका ज्ञाता भन्तेको लेखन, अनुवाद तथा सम्पादन गरी ६० भन्दा बढी बौद्ध ग्रन्थहरू प्रकाशित भएका छन् । धर्मोदय सभा र अखिल नेपाल भिक्षु महासंघमा अध्यक्षको रूपमा कार्य सम्पन्न गर्नुका साथै विभिन्न बौद्ध परम्परा, संघ सस्थाहरूसंग सहकार्य गर्दै विदेशमा आयोजना भएका धेरै अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरूमा नेपालबाट प्रतिनिधित्व पनि गर्नु भयो ।

काठमाडौँमा अवस्थित विश्वशान्ति विहार अन्तर्गत विश्वशान्ति बौद्ध शिक्षालय तथा थेरवाद बुद्धिष्ट एकेडेमि स्थापना गर्नु भई पालि बौद्धको प्राज्ञिक विकासमा योगदान गर्नु भयो । नेपालको थेरवाद बुद्धशासनमा उपसंघनायक हुँदै २०७६ साल वैशाख १ गते अखिल नेपाल भिक्षु महासंघबाट उहाँ नेपालका सातौं संघनायकको रूपमा पदासिन गरियो साथै सन् २०१९ मा नेपाल सरकारको तर्फबाट उहाँलाई (His Holiness) पदबाट पनि सम्मानित गरियो । त्यसै गरी सन् २०१९ जुन १६ तारिखका दिन म्यानमारको International Association of Theravada University को बोर्ड बैठकले उहाँलाई उक्त बोर्डको उपाध्यक्ष पदमा मनोनित गरेको थियो ।

जीवनभर राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा भगवान् शाक्यमुनि बुद्धको शिक्षालाई फैलाउँदै बुद्धशासनको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएका बहुआयामिक व्यक्तित्व उहाँ पूजनीय भन्ते श्रद्धेय डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर २०७७ साल असार १९ गते विहान ४:३५ देहावसान हुनुभयो । उहाँको देहावसान भएको एक वर्षपछि उहाँको स्मरणमा प्रकाशन गर्न लागेको पुस्तकमा उहाँलाई श्रद्धासुमन अर्पण गर्ने अवसर प्रदान गर्नु भएकोमा भिक्षु सिद्धार्थ निग्रोधप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । भवतु सब्ब मङ्गलम् । २०७८ जेठ २४ गते, सोमबार

❖❖❖

# कृतज्ञता



**भिक्षु अभयो**
*विश्व शान्ति विहार*



अन्तर्राष्ट्रिय जगतका ख्याति प्राप्त, नेपालका सातौं पूजनीय संघनायक, अखिल नेपाल भिक्षुसंघ, धर्मोदय सभा र युवक बौद्ध मण्डलका पूर्व अध्यक्ष, बौद्ध परियत्तिका पूर्व परीक्षा नियन्त्रक, शिक्षाध्यक्ष, वेलुवनाराम विहार, मणिमण्डप विहार, विश्व शान्ति विहार विपश्यना धम्माराम ध्यान केन्द्रका संस्थापक संघनायक, अग्गमहापण्डित परमपूज्य श्रद्धेय डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर संसारको अनित्य, दुःख अनात्म स्वभावलाई प्रमाणित गरी ८१औं बर्षको उमेरमा वि.सं. २०७७ असार १९ गते शुक्रबार विहान ४:४५ बजे आफ्नो नश्वर देहलाई त्याग गरी सदाका निम्ति बिदा हुनुभयो । दिवंगत श्रद्धेय भन्तेको गुणानुस्मरण गरी उहाँप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

उहाँ गुरुवर भन्तेले धेरै जनालाई सहयोग र उपकार गर्नुभएको थियो । उहाँले मलाई पनि उपकार गर्नु भएको कुरा स्मरण गर्न चाहन्छु । वि.सं. २०६२ जेष्ठ ३ गतेका दिन उहाँ भन्तेबाट मैले प्रब्रजित दीक्षा प्राप्त गरेको थिएँ । मलाई नयाँ जीवन प्राप्त भएको महसुस भएको थियो । उहाँबाट श्रामणेर अभयो भनी नयाँ भेष, नयाँ नाम, नयाँ पहिचान, नयाँ धर्म प्राप्त भएको थियो । म आफूलाई भाग्यमानी ठान्दछु किनभने म पूर्णरूपमा भगवान् बुद्धको शिष्य हुन पाएँ र भगवान् बुद्धको अनमोल शिक्षाहरू अभ्यास गर्ने अवसर पाएँ । उहाँ डा. ज्ञानपूर्णिक महास्थविरज्यूप्रति हृदयदेखि नै ऋणी छु, आभारी छु, कृतज्ञ छु, उपकारको लागि धन्यवाद दिन चाहन्छु ।

बुद्धशिक्षा अनुसार संसार र जीवन अनित्य छ, दुःख छ, अनात्म छ, यी तीन कुरा मैले उहाँले छोडेर गएपछि थाहा पाएँ । मैले परियत्ति शिक्षा पूर्ण गरिसकेको थिएँ तर अनित्य, दुःख र अनात्मको बारे शब्दमा मात्र सिमित थियो । हुन त उपासकउपासिकाको घरमा आफन्त दिवंगत हुँदा परित्राण पाठ गरेको थिएँ र मैले विचार गर्थे परलोक भएको आफन्तप्रति किन शोक गरेको । जन्मेपछि



मर्नै पर्छ, किन दुःख मान्नु, किन शोक गर्नु । यी कुराहरू आज बुझें कि आफूले आदर सम्मान गर्ने आफन्तको अकस्मात् निधन हुँदा पिडा हुँदो रहेछ । पियेहि विप्पयोगो दुक्खो बुद्ध वचनलाई यथार्थरूपमा बुझ्न पाएँ । उहाँको भौतिक शरीर नभए ता पनि वहाँको करुणा, उपकार म सधैं स्मरण गरिरहनेछु ।

म लगभग १५ बर्षसम्म उहाँको छत्रछायाँमा प्रव्रजित जीवन बिताएँ । उहाँबाट ज्ञानका शिक्षाहरू धेरैसिक्न पाए । मलाई थाहा भए अनुसार उहाँले लेख्नु भएका जति पनि पुस्तकहरू छन् ती पुस्तकहरूबाट वहाँ प्रकाण्ड विद्वान हुनुहुन्छ भनी पत्ता लगाउन सकिन्न तर उहाँको धर्म उपदेश सुनेर अनि वहाँसित छलफल गर्दा मात्र कति प्रकाण्ड विद्वान हुनुहुँदो रहेछ भनी थाहा पाउन सकिन्छ । मलाई याद छ मैले उहाँ भन्तेले अनुवाद गर्नुभएको दश पुण्य पुष्प, बुद्ध र बुद्धवाद मैले प्लस टु अध्ययनरत हुँदा ती दुई पुस्तक अध्ययन गरिसकेको थिएँ । ती दुई पुस्तकबाट उहाँ विद्वान हुनुहुन्छ भनी बुझिसकेको थिएँ । विश्व शान्ति विहारमा साप्ताहिक महामंगल सुत्तको व्याख्याले उहाँबाट प्रभावित भएको थिएँ । ३८ वटा महामंगललाई बडो गम्भिरतापूर्वक सबैमा करुणा राखी व्याख्या गर्नु भएको थियो । भन्तेको धर्मउपदेशले गर्दा मन शान्त र सुखको अनुभव हुन्थ्यो ।

उहाँ भन्तेले विश्व शान्ति विहारमा आवासिय भिक्षुहरू, श्रामणेरहरूलाई जीवन उपयोगी अर्तिउपदेश, अनुशासनका शिक्षाहरू समय सयममा दिनु हुन्थ्यो । उहाँ साहित्यकार पनि हुनुहुन्थ्यो त्यसैले वहाँले दिनुभएका अर्तिउपदेशहरू व्यंग्यात्मक शैलीको हुन्थ्यो । मलाई स्मरण भएका केही अनुशासनका शिक्षा बुदांगतरुपमा :

१. धर्मको सेवा नगरी धर्मको नाममा अन्न खाएमा पछि फलामको डल्लो खानुपर्ला ।
२. गोरु बन्ने कि गुरु बन्ने भनी होश राख्नु ।
३. आखाँले सिधा मात्र नहेर्नु दायाँ बायाँ पनि हेर्नु ।
४. प्रव्रजित जीवनको मोललाई बुझ्ने प्रयास गर ।
५. त्रिरत्नको सधैं पुजा गर ।

उहाँ भन्तेले धम्मपदका विभिन्न उपयोगी गाथाहरूबाट मनलाई छुने अर्तिउपदेश दिनुहुन्थ्यो । ती उपदेशहरू सधैं स्मरण गर्छु, आदरका साथ व्यवहारमा उतारेको छु । उहाँको जीवन शैलीबाट हामीले सिक्न सक्ने शिक्षाहरू धेरै छन् । ती मध्ये केही बुँदामा उल्लेख गर्न चाहन्छु ।

१. अध्ययनलाई निरन्तरता दिनु र अध्ययनमा लगनशील हुनु ।
२. बुद्धवचन पालिका सुत्तहरूलाई शुद्धरूपमा उच्चारण गर्नु ।
३. सुत्त पाठ र कण्ठमा प्राथमिकता दिनु ।
४. आमाबुवा र गुरुप्रति सधैं कृतज्ञ हुनु ।
५. सरसफाईमा ध्यान दिनु ।
६. जिम्मेवारी बहन गर्नु ।
७. विनम्र र अप्रमादी हुनु ।
८. विपश्यना ध्यानमा अटुट विश्वास गर्नु ।
९. छलफलबाट निष्कर्ष निकाल्नु ।
१०. समयतालिका अनुसार कार्य गर्नु ।

अन्त्यमा नेपालमा बुद्धधर्म संरक्षण, प्रवर्द्धन, उत्थान, विकास र प्रचारप्रसारको लागि आफ्नो जीवन नै समर्पित गर्नु भएका वहाँ जस्ता समर्पित व्यक्तित्वहरू नेपालमा दुर्लभ छन् । उहाँले जीवनमा जति पनि मानसम्मान, इज्जत, प्रतिष्ठा, पदवीहरू प्राप्त गर्नुभयो ती सबै आफ्नो मेहेनत, परिश्रम, बुद्धि विवेक, धैर्य, पुरुषार्थको परिणामबाट हो । कसैले दान दिएको होइन । त्यसैले बुद्ध जन्मभूमि नेपालमा दिवंगत परमपूज्य श्रद्धेय गुरुवर डा.ज्ञानपूर्णिक महास्थविरको योगदानलाई हामीले सधैं स्मरण गरौं ।

**। भवतु सब्ब मंगलं ।**

❖❖❖

# ज्ञानपूर्णिक भन्तेको सम्झनामा श्रद्धाञ्जली



**लक्ष्मी हिरा तुलाधर**
*यलथैबु*
*(ज्यथा, वहादुर भवन)*

**पावन धर्ती बुद्धभूमिमा**
**नेपाल देशको पाल्पा जिल्लामा**
**माता चन्द्रमाया शाक्य तथा पिता सूर्यलाल शाक्यको कोखबाट**
**जन्मभयो सुपुत्र हिरालालको ।**

**उफ्री उफ्री खेली खेली रमाई खाई**
**हिड्ने बेला कान्छा छोरा हीरालाललाई**
**हात समाई विहार जान्छिन्,**
**माता चन्द्रमाया सधैँ सधैँ ।**

गुरुहरूको उपदेश सुन्दै, प्रभावित भयो बालक हिरालाल। थेरवाद बुद्धधर्मको गहकिलो अध्ययन गर्न अनेक कथिन समस्या झेली झेली म्यानमार पुग्यो । बुद्धघोष भन्तेको नेतृत्वमा सानैदेखि तीक्ष्ण बुद्धि भएको मिहेनती, परिश्रमी अत्ति नै भएको रातदिनको कथिन परिश्रमले विभुषित भई छाड्यो । ज्ञानपूर्णिक भन्ते भइ सासनधज धम्माचरिय उपाधिबाट । बुद्ध धर्मको प्रचारप्रसारमा देशविदेशमा ध्यान केन्द्र स्थापना गरी शरीर आफू शिथिल भए पनि ध्यान शिविर चलाई सिकाई भगवान बुद्धले दर्शाउनु भएको अनित्य स्वभावको ज्ञान देखाउनु भयो ।

त्यस्तै विश्व शान्ति बौद्ध शिक्षालय स्थापना गरी विश्वविद्यालय स्तरसम्म पनि थेरवाद बुद्धधर्मको कक्षा पनि चलाई गयो । त्रिभुवन विश्वविद्यालयको स्नातक डिग्री उपाधिबाट पनि विभूषित हुनुभयो । बर्मीज् भाषाको कयौं ग्रन्थ र पुस्तकहरूको पनि अंग्रेजी, नेपाली, नेपालभाषामा अनुवाद गर्नुभई, जीवनको अन्तकालसम्म पनि बुद्धधर्म प्रचारमा सेवा पुऱ्याउनु भयो । अन्त्यमा भिक्षु महासंघको अध्यक्ष बनी, बुद्धधर्मको क्षेत्रमा एक चम्किलो तारा बनी भगवान् बुद्धले दर्शाउनु भएको, अनित्य स्वभाव धर्मलाई स्वीकारी, छाडी गयौ आज हामी सबैलाई यहाँ ।

धन्य धन्य ज्ञानपूर्णिक भन्ते तपाईलाई, तपाईको निर्वाणको कामना गरी यो आन्तरिक हृदयमा फुलेको फूलको माला हातमा लिई श्रद्धाञ्जली अर्पण गर्दछु ।

**अनिच्चावत संखारा उप्पादवयो धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ती तेसं उपसमो सुखो ॥**
**भवतु सब्ब मंगलम्**

❖❖❖

# ज्ञानपूर्णिक महास्थविर भन्तेप्रति हार्दिक श्रद्धासुमन



दिव्यलक्ष्मी शाक्य
*मानभवन, ललितपुर*



सम्माननीय ज्ञानपूर्णिक महास्थविर भन्ते, हजुरसँग रहेको हाम्रो परिवारको वर्षौंदेखिको आत्मीय सम्बन्धले हामीलाई जीवनमा सदैव सकारात्मक ऊर्जा प्राप्त हुँदै आएको थियो तर हजुरको आकस्मिक देहावसानले त्यो ऊर्जा ग्रहण गर्ने कार्य अवरुद्ध हुन गएको छ, जसले हाम्रो परिवारलाई ठूलो मर्माहत पर्न गएको छ। हजुरका निर्वाण पश्चात् पनि हाम्रो परिवार हजुरले दिनुभएको ज्ञानलाई शिरोपर गरी हजुरबाटै प्रदत्त मार्गदर्शनमा अघि बढिरहेको छ। हाम्रो परिवारलाई दुःख सुखको क्षणमा सधैं साथ दिई हामीलाई धर्मको मार्गमा अघि बढ्न प्रेरित गर्नु हुने हजुर हाम्रो सम्माननीय भन्ते, हाम्रो परिवारको धर्मपिता र हामी सबैको गुरुजन पनि हुनुहुन्थ्यो र रहिरहनु हुनेछ। हाम्रो परिवार हजुरद्वारा प्रदत्त शिक्षा दिक्षा र मार्ग निर्देशनलाई पालना गर्दै त्यसलाई जीवनमा चरितार्थ गर्ने प्रयासमा सदैव अग्रसर भैरहने प्रण पनि गर्दछौं।

श्रद्धेय भन्ते, हजुरको जीवनकालमा हजुरले आयोजना गर्नु भएको दुर्लभ प्रवज्या (प्रवजित) कार्यक्रममा मेरो श्रीमानले एकचोटि सामेल हुन पाउनुभयो र मेरो प्रिय दुई छोराहरू (जेठो छोरा उजय शाक्य र माइलो छोरा उज्ज्वल शाक्य) ले पनि हजुरकै अन्तर्गत प्रवजित भएर केही दिनका लागी श्रामणेर(भन्ते) बनेर पुण्य लाभ कमाउने मौका पाए जसका लागि हामी सबै हजुरप्रति कृतज्ञ छौं।

२०१० मा मैले र मेरो परिवारका केही सदस्यले हजुरसँग सामिल भएर चारधाम जाने अवसर प्राप्त भएको थियो। जसले गर्दा हामीले भगवान बुद्ध जन्मिएको





ठाउँ लुम्बिनी साथसाथै भगवान बुद्धले ज्ञान प्राप्त गर्नु भएको ठाउँ बोधगया, भगवान बुद्धले पहिलो पल्ट धर्म उपदेश दिनु भएको ठाउँ सारनाथ, भगवान बुद्धले निर्वाण प्राप्त गर्नुभएको ठाउँ कुशिनगर प्रत्यक्ष देख्न पायौं र ती ठाउँहरूमा हजुरलाई देखाएको सम्मानको प्रत्यक्षदर्शी हुनपाएकोमा हामीले हाम्रो अहोभाग्य ठानेका छौं । साथै हजुरसँग मेरो परिवारका अन्य सदस्यका साथ म्यानमारको भगान विहारको साथै थुप्रै महत्वपूर्ण मन्दिर र विहारमा प्रत्यक्षदर्शी हुने मौका पायौं । हजुरले गर्दा म्यानमारमा रहेका महत्वपूर्ण धार्मिक ठाउँहरू देख्ने सुवर्ण अवसर प्राप्त भएकोमा हामी हजुरप्रति सधैं आभार रहन्छौं । हजुरलाई म्यानमारमा दिएको सम्मान देख्दा हामी भावविह्वल भयौं र त्यहाँ दिएको सम्मान देख्दा हामीले हाम्रो देशमा हजुर जस्तो भन्तेका लागि धेरै कुरा गर्न बाँकी रहेछ भन्ने महशुस भयो । त्यसरी नै हजुरसँग मेरा परिवारका केही सदस्यका साथ थाइल्यान्ड जाने सुवर्ण अवसर प्राप्त भएको थियो जहाँ हामीले त्यहाँ भएका धार्मिक मन्दिर, विहारहरू घुम्ने मौका पायौं । यी हजुरसँगको सबै धार्मिक भ्रमण हाम्रो लागी अविस्मरणीय क्षण बनेको थियो जसमा हाम्रो परिवारले हजुरसँग धेरै ज्ञान सिक्ने अवसर पायौं ।

मेरो जेठो नातिको अन्नप्राशन हजुरको हातबाट गरिदिनु भयो र उसको नाम पनि हजुरले राखिदिनु भयो । उसको नाम हजुरको नामसँग मिलाएर राखिदिनु भयो जुन हाम्रो लागी धेरै खुशीको क्षण थियो । आफू बिरामी भएको अवस्थामा हजुर अस्पतालमा भर्ना हुँदा पनि मेरो सानो नातिको अन्नप्राशनको शुभ कार्य पूरा गरिदिनुभयो त्यसको लागी हाम्रो परिवार हजुरप्रति सधैं कृतज्ञ छौं ।

भन्ते, मैले अहिलेसम्म पनि हजुर हाम्रो समक्ष रहनु भएन भनेर विश्वास गर्न सकेको छैन । हजुरले यो संसार छोडेर जानु भएपनि हामीलाई हजुर यहीं वरपर रहनु भएको र हाम्रै सामीप्यमा रहेर हामीलाई आशीर्वचन दिइरहनु भएको छ भन्ने अनुभूति हुन्छ । हामीले हजुरको मुखारविन्दबाट उद्‌बोधित धर्म उपदेशका वाणीहरू सधैं श्रवण गरिरहेका हुन्छौं । हजुरले दिनुभएको ज्ञान, उपदेशको भिडियो फेसबुक, युट्युबबाट हेर्दा, हजुर कतै टाढा जानुभएको छैन अनि हाम्रो सामु यहीं उपस्थित हुनु भएको महसुस गरेका छौं । अन्त्यमा, हामी सबैले त्यागेर जानै पर्ने यो नश्वर देह त्याग गरेर पनि हामी जस्ता लाखौं अनुयायीहरूको हृदयमा विराजमान हजुरमा शाक्य परिवारको तर्फबाट हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

**बुद्धम् सरणम् गच्छामि,**
**धम्मम् सरणम् गच्छामि,**
**संघम् सरणम् गच्छामि**

**हजुरको सम्झनामा मद्वारा समर्पित कविता :**

ज्ञानपूर्णिक भन्ते
श्रद्धाञ्जली वन्दना हृदयदेखि नै वन्दना
बुद्ध शासन उज्ज्वल बनाइदिने हजुर
साहसिलो ज्ञानी भन्ते हजुर ।
विश्व शान्तिको सन्देश फैलाउने
भ्रातृत्व, सद्‌भावको पाठ सिकाउने
बुद्ध शासन उन्नत बनाइदिने हजुर
कूलपुत्रलाई तालिम दिलाउने हजुर ।
धर्मको रक्षाको लागि हजुरले
राख्नु भयो एक एक विहारमा शिष्य एक एक
आफू मात्र सुटुक्क कहाँ प्रस्थान गर्नु भो
छोडेर हामीलाई विलिन हुनु भो ।
हजुरको शासनको छ असीम सम्झना
गर्दैछु हजुरमा श्रद्धाञ्जली वन्दना
हामी उपर गर्नु भएको पुण्यको प्रभाव
मिलोस् हजुरको निर्वाणमा छ यही प्रार्थना ।

# भिक्षु ज्ञानपूर्णिक महास्थविरप्रति
# श्रद्धा सुमन





सुश्री अनिता डंगोल
*परियत्ति सद्धम्मकोविद*

उदय भयो हिरालाल नामले पाल्पा तानसेनमा
बन्यो सातौं संघनायक ज्ञानपूर्णिक महास्थविर
रागी नभई त्यागी बनेका निर्लोभी भई जिएका
बुद्धशासनकै लागि शासनमै प्राण अर्पणले धन्य भएका

बुद्धघोष भन्तेको उत्प्रेरणाले ठाउँ ठाउँमा
आनन्दमयी हितकारी सद्धर्म प्रचार गर्न जानेका
जीवनपर्यन्त अथक प्रयासले बुद्धशासनमा
टेवा दिई सेवा गरी धर्मप्रचारकसम्म बनेका

आजीवन उत्साही हरपल उद्योगी
परिश्रमी मेहनती निरालशी निरहंकारी
सर्वदा अल्पेक्षी पलपल संयमी
करुणामयी चीवरधारी गृहत्यागी

ज्ञानको आशक प्रयत्न अकुशल नाशक
निस्वार्थभावी अनिन्दक कुशल पथप्रदर्शक
धैर्यवान् कर्तव्यवाहक सत्यको शंखनादक
बृहत्मा प्रशंसक अपूर्व साहसको प्रतिपादक

मान अपमान निन्दा प्रशंसामा अनिच्छुक
कल्याणकारी मानवीय धर्मको प्रचारक
हरेश खान जानेन नैराश्य हुन मानेन
व्यर्थैमा अनमोल समय कहिल्यै खेर फालेन

दिन र रात नभनी हुरी बतासको मार सही
घोर घनघोर वर्षा प्रकोप घाम छायाँसंग लुकामारी खेली
बिलुप्त श्रद्धालाई अन्तर्मनले झकझकाइदिने
शिथिल जोसलाई दृढ दरिलो तुल्याइदिने

जसको व्यवहारमा छ स्वच्छता निर्मलता पवित्रता
जसको चर्यामा छ नवीनता रोचकता धैर्यशीलता
जसले सुधार नभई उदार नहुने ज्ञान लिए
जसले मधुर कडा शब्दद्वारा मोहकताको रहा दिए ।

अथक परिश्रमी बुद्धका शुद्ध अनुयायी
चरथ भिक्खवे चारिकंको चरितार्थी
म्यानमार थाइलैण्ड श्रीलंका कम्बोडिया
भियतनाम लाओस चीन जापान आदिमा
बुद्धशासन उन्नत उत्थान स्थीर शासक धज भई

शान्त विहारी वयोवृद्ध सांसारिक गृह जंजाल त्यागी
देश विदेशकै बुद्धधर्मकै मार्ग निर्देशक सबका हित कल्याण
थेरवाद बुद्धिष्ट एकेडेमीको संयोजक परियत्ति
शिक्षाका अध्यक्ष सासनधज सातौं संघनायक

स्वदेशी विदेशी बुद्धधर्मका अभिभावकको कमी महशुस गराई,
दुःख पीडा चिन्ता उत्पीडन र छट्पटाहट दिलाई
नस्वर देह त्यागेर गएका श्रद्धेय संघनायक ज्ञानपूर्णिक
जोडी दुई अर्पन्छु । श्रद्धाञ्जली ! श्रद्धाञ्जली !

# भिक्षु ज्ञानपूर्णिक महास्थविर स्मृति कक्ष : अवधारणा तथा महत्व




**कर्णबहादुर महर्जन**
*नगां, कीर्तिपुर*






नेपालका थेरवाद बौद्ध बिहारहरूको छाता संगठनको रूपमा २०३४ सालमा अखिल नेपाल भिक्षु महासंघको स्थापना भयो । यस महासंघका मुख्य उद्देश्यहरू बौद्ध धर्म, परम्परा तथा बौद्ध सांस्कृतिक सम्पदाहरूको प्रबर्द्धन, सम्बर्द्धन तथा थेरवाद भिक्षु तथा श्रामणेरहरूको क्षमता अभिवृद्धि गर्ने, परियत्ति शिक्षाको माध्यमबाट बौद्धशिक्षा तथा बौद्ध ध्यान पद्धतिको प्रचार प्रसार गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्धहरू बीच भातृत्व बिकास गर्ने रहेको छ। नेपालको थेरवाद शासनको छाता संगठनको रूपमा रहेको अखिल नेपाल भिक्षु महासंघको पहिलो संघमहानायक पदासिन हुनु भएका प्रज्ञानन्द महास्थविरदेखि हाल पदभार सम्हाल्नु भएका भिक्षु बोधिसेनसम्म आइपुग्दा आठजना महास्थबिर भिक्षुहरू पदासिन भइसकेका छन । नेपालको थेरवाद शासनको बिस्तार तथा उन्नतिमा उल्लेखनीय योगदान दिनु भएका संघनायकहरूको स्मरण गर्नु हामी सबै बौद्धजनहरूको कर्तब्य हो । यही कर्तव्यलाई महशुस गरी नेपालको थेरवाद बुद्ध शासनका चम्किला ताराहरू मध्येका सातौं संघनायक दिवंगत श्रद्धेय भिक्षु ज्ञानपूर्णिकको जीवनका बिभिन्न आयामहरू झल्किने एक स्मृति कक्ष स्थापना गर्ने काम भएको छ । प्रस्तुत लेखमा उक्त स्मृति कक्षको औचित्य, उद्देश्य, अवधारणा तथा प्रारूपबारे छोटकरीमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**पृष्ठभूमि**

शाक्यमुनी बुद्धको जन्मभूमी नेपालमा बुद्धको जीवनकालदेखि नै थेरवाद बौद्ध परम्परा कायम रहेको कुरा बौद्ध ग्रन्थहरूमा उल्लेख रहेको पाईन्छ । नेपाल खाल्डोमा लिच्छवीकालदेखि थेरवादी बौद्ध परम्परा प्रचलनमा रहेको कुरा उपत्यकामा छरिएर रहेका लिच्छविकालीन चैत्य तथा अन्य संरचनागत अवशेष लगायत लिच्छबी अभिलेखहरूबाट पुष्टि हुन्छ । इतिहासको एउटा लामो कालखण्डसम्म नेपाल उपत्यकामा थेरवाद बौद्ध परम्परा गुमनाम प्रायः रह्यो जुन बीसौं शताब्दीको पूर्वार्द्धतिर आएर अग्रज बौद्धजन तथा थेरवादी भन्तेहरूको पहलमा नेपाल खाल्डोमा थेरवाद बौद्ध परम्परा पुनःस्थापना हुनु नेपाली बौद्धजनहरूका लागि गौरवको कुरा हो । नेपालमा थेरबाद शासन पुनःस्थापना भएको झण्डै पाँच दशक पछि

## उद्देश्य

गत २०७७ साल असार १९, तद्नुसार सन २०२० जुलाई ३ का दिन ८१ बर्षको उमेरमा देहावसान हुनु भएका अखिल नेपाल भिक्षु महासंघका सातौं संघनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूले नेपालमा थेरवाद बुद्ध शासनमा पुऱ्याउनु भएको योगदानको पुण्यानुमोदन स्वरूप एक स्मृति कक्ष स्थापना गरी श्रद्धेय भन्तेको योगदानलाइ बिभिन्न स्वरूपमा संरक्षण सम्बर्द्धन गरी जनमानसलाइ सुसूचित गर्ने अभिप्राय रहेको छ । यस स्मृति कक्षको प्रमुख उद्देश्य दिवंगत बहुआयामिक व्यक्तित्व श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको ७० बर्ष लामो  भिक्षु जीवनकालमा उहाँले नेपालमा थेरवाद बुद्ध शासनको प्रगति तथा उन्नयनमा बिभिन्न आयामबाट पुऱ्याउनु भएको योगदान नेपाली तथा अन्तर्राष्ट्रिय बौद्ध जगतलाई स्मृति कक्षमा प्रदर्शित सामग्रीहरूको माध्यमबाट सुसूचित गर्ने रहेको छ । यस स्मृति कक्षको सामान्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

१) श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको संक्षिप्त जीवनी प्रस्तुत गर्ने,

२) श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूले परिभोग गर्नु भएका महत्वपूर्ण ऐतिहासिक सामग्रीहरूको संकलन गरी दस्तावेजीकरण गर्ने,

३) श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले प्रदान गरेका सम्मान तथा उपहारहरूको संकलन तथा दस्तावेजीकरण गर्ने,

४) श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूद्वारा लिखित, अनुवादित, संकलित तथा उहाँको बारेमा लेखिएका पुस्तकहरू तथा लेख रचनाहरू संकलन तथा दस्तावेजीकरण गर्ने,

५) अखिल नेपाल भिक्षु महासंघका हालसम्मका श्रद्धेय संघनायक भन्तेज्यूहरूको सचित्र संक्षिप्त जीवनी प्रस्तुत गर्ने,

६) थेरवाद बुद्ध शिक्षाको प्रचार प्रसार तथा नेपालको थेरवाद बुद्ध शासन बिषयमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरूका लागि श्रोत केन्द्रको रूपमा बिकास गर्ने ।

## औचित्य

नेपालमा प्रायः सबै क्षेत्र तथा संस्थाहरूमा आफूले गरेका कामहरूको अभिलेखिकरण गर्ने, भएका ऐतिहासिक बस्तुहरूलाई संरक्षण सम्बर्द्धन गर्ने, त्यसको अभिलेखिकरण गरी जनमानसमा सुसूचित गर्ने तथा प्रबर्द्धन गर्ने प्रचलन, तथा परम्परा बसेको देखिंदैन न त त्यसको आवश्यकता नै महशुस भएको पाइन्छ । यो कुरामा हामी बौद्धहरू पनि अपवाद छैनौं । यो एक प्रकारको व्यावहारिक खाडल नै मान्नु पर्दछ । यही ब्यावहारिक खाडललाई केही हद सम्म पूर्ति गर्ने अभिप्रायले नेपालको थेरवाद बुद्ध शासनमा झण्डै सात दशकको भिक्षु जीवन बिताउनु भएका सातौं संघनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको बहुअयामिक व्यक्तित्वका बिभिन्न आयामहरूलाई एउटा स्मृति कक्षको माध्यमबाट अभिलेखिकरण गर्ने, उहाँले परिभोग गर्नु भएका ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण सामग्रीहरू तथा तस्विरहरू संकलन, संरक्षण र प्रदर्शनी मार्फत जनमानसमा सुसूचित गर्ने लक्ष्य राखेको छ ।

श्रद्धेय भन्तेले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा बुद्ध धर्म प्रचार प्रसारमा पुऱ्याउनु भएको योगदानलाई कदर गरी उहाँको सम्मानमा प्रदत्त उपाधि, विभूषण तथा पदबीहरूको उचित संरक्षण तथा सम्बर्द्धन गर्नु पनि हाम्रो दायित्व हो । यस प्रदर्शन कक्षले श्रद्धेय भिक्षुले नेपाल लगायत विश्वकै थेरवाद बुद्ध धर्म प्रचार प्रसार तथा उन्नयन गर्न उहाँले पुऱ्याउनु भएको योगदानको गुणानुस्मृतिको साथै यस कक्षमा प्रदर्शित बस्तुको माध्यमबाट नेपाली जनमानस समेत उहाँको योगदान बारे साक्षात्कार हुनेछ ।

## संकलन

यस स्मृति कक्षमा प्रदर्शनको प्रयोजनका लागि संकलनहरू यस प्रकार रहने छ ।

- श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको पूर्णकद्को प्रतिमा
- श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको जीवनका महत्वपूर्ण घटनाहरू झल्किने तस्बिरहरू
- श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले प्रदान गरिएका सम्मान तथा उपहारहरू,
- श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा परिभोग गर्नु भएका सामग्री,
- श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा रचित कृतिहरू



❋ श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको बारेमा विभिन्न लेखकहरूद्वारा रचित लेख रचनाहरू,

❋ अखिल नेपाल भिक्षु महासंघका संघनायकहरूको सचित्र संक्षिप्त जीवनी

**प्रदर्शन कक्षहरु**

विश्व शान्ति विहारको पहिलो तल्लामा रहेको श्रद्धेय भन्तेको कक्षलाई नै स्मृति कक्षको रूपमा स्थापना गरिने छ। जस्मा मुख्यतया चार उपकक्षहरू रहने छ।

१. **पहिलो उपकक्ष** : यस कक्षमा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको बाल्यकालदेखि जीवनको अन्तिम घडीसम्मका महत्वपूर्ण घटनाहरू झल्किने तस्बिर सहित आख्यान् लगायत वसपोलको पूर्णकदको प्रतिमा प्रदर्शनमा राखिने छ।

२. **दोश्रो उपकक्ष** : यस उपकक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको सम्मानमा प्रदान गरेका पदवीहरू, सम्मान पत्र तथा अभिनन्दनपत्रहरू लगायत उपहारहरू आख्यान सहित प्रदर्शनीमा राखिने छ।

३. **तेश्रो उपकक्ष** : यस उपकक्षमा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा परिभोग गर्नु भएका धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण सामग्री, श्रद्धेय भिक्षुद्वारा रचित कृतिहरू तथा श्रद्धेय भिक्षुको बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूले लेखिएका लेख रचना तथा कृतिहरू प्रदर्शनीमा राखिने छ।

Four years later, in 2013 at the new campus of Mahamakut Buddhist University in Salaya, just outside Bangkok we had another Pali speaking conference. The Venerable Jnapurnika's health was not as good as when I saw him in the previous gatherings. He was actually taken to a hospital during the conference. But his effort to be there with us in Bangkok gave us enormous motivation to do whatever we could to make the revival of Pali a continued success. The meeting at the conference unanimously elected him a vice chairman of the IATBU.

Just a year after that, in November 2014 at Lumbini, we held an international conference bringing scholars from Asia and Europe to discuss the preservation and protection of Buddhist holy sites worldwide. Scholars in the fields of Buddhist arts, architecture and climate change convened for three days discussing common strategy and sharing experiences. UNESCO representative in Nepal was also present and offered us much help. I was the academic coordinator for the event and the Most Venerable Jnanapurnika was the chairman of the local organizing committee that oversaw everything. Sitagu Sayadawgyi the Most Venerable Dr. Ashin Nyanissara Mahathero was the sole sponsor and motivator of the conference. We heard a discovery at Lumbini of the nativity of Prince Sidhartha from Prof. Robin Cunningham who led the UNESCO team of researchers working there. His findings led to the decision by Cambridge University to change their textbook in archeology. We also had scholars from the British Museum and the British Library giving papers there. We even had the president of Nepal gracing the occasion.

Despite his failing health, I remember how the Most Venerable Jnanapurnika was sparing no effort to make this international conference a success. He was giving his all and he exhausted himself. After the conference as Sitagu Sayadawgyi and I were leaving, at the airport we spoke on the phone with the Most Venerable Jnanapurnika who was now in hospital. He apologized for not seeing Sitagu Sayadawgyi off at the airport. His voice was very low, soft and weak. We left Kathmandu with heavy heart if we would ever see him again.

But in 2018 I met him in Yangon and this time at a ceremony at Sitagu International Buddhist Academy, Yangon organized to offer blessing on me. He co-presided it with Sitagu Sayadawgyi. It was the greatest gift I could even expect from those two leading mahatheras. After the ceremony, we discussed about the preparation of the forthcoming conference of the IATBU to be held in Kathmandu with his Theravada College as the host. Sitagu Sayadawgyi would be the main sponsor as usual. Due to the Covid-19 the conference has not taken place. And, now sadly, the Most Venerable Jnanapurnika Mahathero is not with us to witness the fruits of his effort.

Since 2013, his health has been a big concern for us all. Diabetes was one of the main troubles. When I had the opportunity to talk to him in his hospital bed, sometime just after his dialysis session, during his last few months, I somewhat sensed that he might not be with us for much longer. Despite his excellent mental state, the result of years of meditation practice he learned from Mahasi Sayadaw, his physical body was reaching its limit. After each call that Sitagu Sayadawgyi or I made with him to recite the paritta online for him, we would review the situation of the forthcoming IATBU conference taking into consideration his dwindling health. On our part, whatever happens to the founder of the Kathmandu Theravada Buddhist College, we would still like to go ahead with the IATBU conference. Sadly though this time, it would be in his memory rather in his presence. For one of our leading lights just went off leaving a step too big for his pupils to follow. However, we believe they will do their great teacher an honour in preserving his legacy and monumental work. For that to happen, we the IATBU family stand ready to work together for our common cause of preserving and sharing the Theravada Buddhist teaching to every corner of the world.

❖❖❖

# विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट डा. ज्ञानपूर्णिक महास्थविरज्यूलाई प्रदान गरिएका प्रमाणपत्रहरू








म्यानमारमा सन् १९६३ मा पहिलो विदेशी भिक्षुको रूपमा सासनधज धम्माचरिय उपाधि



ပြည်ထောင်စု မြန်မာနိုင်ငံတော်
နိုင်ငံတော် အေးချမ်းသာယာရေးနှင့် ဖွံ့ဖြိုးရေးကောင်စီ အစိုးရ

အဂ္ဂမဟာသဒ္ဓမ္မဇောတိကဓဇဘွဲ့တော်
( သာသနာပြု ပထမဆင့် )
ဗုဒ္ဓသာသနဝုဍ္ဎိကရဂုဏ်၊ ဗုဒ္ဓသာသနဟိတဓရဂုဏ်၊
ဗုဒ္ဓသာသနာနုရက္ခိတဂုဏ်၊
မဟာထေရဂုဏ်၊ သီလ သမာဓိ ပညာဂုဏ်တို့နှင့် ပြည့်စုံတော်မူသော
နီပေါနိုင်ငံ၊ ကတ္တမန္ဒူမြို့
ဝိဇ္ဇုရှန်ဟီဝိဟာရကျောင်းတိုက်
ဆရာတော်ဘဒ္ဒန္တဉာဏပုဏ္ဏိက
အရှင်မြတ်အား
အဂ္ဂမဟာသဒ္ဓမ္မဇောတိကဓဇ
ဘွဲ့တံဆိပ်တော်ကို ဆက်ကပ်လှူဒါန်းပါသည်

ဥက္ကဋ္ဌ
နိုင်ငံတော်အေးချမ်းသာယာရေးနှင့် ဖွံ့ဖြိုးရေးကောင်စီ

သာသနာတော်နှစ် ၂၅၄၄ ကောဇာသက္ကရာဇ် ၁၃၆၂-ခုနှစ်၊ ပြာသိုလဆန်း ၁၁-ရက် (၆-၁-၂၀၀၁)

अगगमहासद्धम्मजोतिकधज उपाधि – २००१



# World Buddhist Supreme Conference

## Buddhist Summit

### Certification

Nepal

**Most Ven. Bhikshu Jnanapurnik Mahasthavira**

*World Buddhist Supreme Conference (Buddhist Summit) is an organization established with the motto, "Revert to the original teachings of Lord Buddha" and with concerted efforts of the three major traditions, Theravada represented by H.H. Somdet Phra Nyanasamvara, Supreme Patriarch of Thailand, Vajrayana represented by H.H. the Fourteenth Dalai Lama, and Mahayana Buddhism, by overcoming barriers and differences existing among them. The aim is to contribute to world peace and serenity by propagating Buddhism.*

*With the cooperation of the United Nations and wholehearted support of many countries including the Kingdom of Thailand, the Kingdom of Bhutan, the Kingdom of Cambodia, India, Laos, Mongolia, Myanmar, and Sri Lanka as well as the Royal Families and the governments of Buddhist countries, the supreme Buddhist leaders and representatives from over 30 nations are united under Buddhist Summit. This is the ultimate body that bears great responsibility for the future of three hundred seventy million Buddhists in the world.*

*I hope Most Ven. Bhikshu Jnanapurnik Mahasthavira to make further endeavor with full devotion to propagate Buddhism, the supreme religion in the world, for the realization of sublime ideals of Buddhist Summit. Recognizing Your Most Venerable as a supreme Buddhist leader in the Nepal, I hereby attest that Your Most Ven. Bhikshu Jnanapurnik Mahasthavira is an official member representing the Nepal in World Buddhist Supreme Conference.*

2008

Most Venerable Dr. Kyuse Enshinjoh

President of Buddhist Summit

World Buddhist Supreme Conference



ပြည်ထောင်စုသမ္မတမြန်မာနိုင်ငံတော်

# အဂ္ဂမဟာပဏ္ဍိတဘွဲ့တော်

ပိဋကတ္တယဆေကဂုဏ်၊ ဂန္ထဓုရာဝဟဂုဏ်၊ မဟာထေရဂုဏ်
ပရိယတ္တိ ဝိသာရဒဂုဏ်၊ လဇ္ဇီ ပေသလ သိက္ခာကာမ စသော
ဂုဏ်တို့နှင့်ပြည့်စုံတော်မူသော

နီပေါနိုင်ငံ၊ ကဏ္ဍမန္ဒူမြို့၊
ဝိဿာရှန်တီ(ကမ္မာအေး)ကျောင်းတိုက်

## ဆရာတော် ဘဒ္ဒန္တဉာဏပုဏ္ဏိက

အရှင်မြတ်အား

**AGGAMAHAPANDITA**

ဘွဲ့တံဆိပ်တော်ကို ဆက်ကပ်လှူဒါန်းပါသည်

နိုင်ငံတော်သမ္မတ
ပြည်ထောင်စုသမ္မတမြန်မာနိုင်ငံတော်

သာသနာတော်နှစ် ၂၅၅၆၊ ကောဇာသက္ကရာဇ် ၁၃၇၄-ခုနှစ်၊ နတ်တော်လပြည့်ကျော် ၇-ရက်(၄-၁-၂၀၁၃)

**A Doctorate Degree in Buddhist Studies *Honoris Causa***
**conferred upon**
**His Holiness Bhikshu Jnanapurnika Mahathera**
**President of the Nepal Sangha Supreme Council**

## CITATION

The Mahamakut Buddhist University Council, in its meeting No. 4/2556 on the Eighth of May B.E. 2556(C.E. 2013), has reached a unanimous resolution that a Doctorate Degree in Buddhist Studies *Honoris Causa* be conferred upon **His Holiness Bhikshu Jnanapurnika Mahathera**, with 74 years of age and 54 years in monkhood, who is a most senior monk endowed with strict discipline and upright conducts, and takes high responsibilities in the field of the ecclesiastical administration and education, propagation of Buddhism, and social works, both at home and abroad.

Academically, His Holiness finished a Bachelor's Degree in Pali from the Pali University, a Myanmar state university in Yangon, and also a Bachelor's Degree and a Master's Degree from Tribhuvan University of Nepal. As a Buddhist scholar, His Holiness is the author of more than fifty titles on Buddhism. Moreover, His Holiness is very well-versed in such languages as English, Sanskrit and Myanmar.

In the field of ecclesiastical administration, His Holiness has been appointed as the President of Nepal Sangha Supreme Council, officially revered as the Supreme Patriarch of the Nepal Buddhist Sangha. And at the same time, His Holiness is also the Lord Abbot of the Vishvashanti Vihar monastery in Katmandu.

As regards the field of education, His Holiness has been serving as the teacher of the Mahasi Insight Meditation Tradition, the Secretary-General of the Nepal Buddhist Study Office and the founder of the World Peace Buddhist School in Nepal.

Due to his contributory missions performed energetically and tirelessly for the benefits of Buddhism and the country, His Holiness, as a result, has won the Shrestha Sirapa Award, the highest prize in literature of Nepal. And two ecclesiastical titles were offered to him by the Government of Myanmar, i.e. those of Aggamahapandita and Aggamahasaddhamma jotikadhaja, and another by the Government of Sri Lanka, namely, Mahanayakathera of Udarata Amarapura Samaggariya Mahasabha.

Through his great contributions in the fields of ecclesiastical administration, education and public service as mentioned above, His Holiness Bhikshu Jnanapurnika Mahathera is regarded as a prominent Buddhist monk who has produced innumerable missions beneficiary to Buddhism, his own country and the world as a whole, to the extent that His Holiness deserves the praise and salutation. The MBU Council is pleased and proud to confer upon His Holiness the degree of Doctor in Buddhist Studies, *honoris causa.*

Awarded on the Nineteenth of May B.E. 2556(2013).

(His Holiness Somdet Phra Mahamuniwong)
President
Mahamakut Buddhist University Council

VIJJACARANASAMPANNO SO SETTHO DEVAMANUSE
MAHAMAKUT BUDDHIST UNIVERSITY

# The Honorary Doctorate Degree

## on Venerable Bhikkhu Nyanaponoka (Jnanapurnik) Mahasthavir

## President of All Nepal Bhikkhu Association,

## The Federal Democratic Republic of Nepal

This is the text of citation read on the occasion of the conferment of an Honorary Doctorate Degree in Pali, at the convocation ceremony held at the 48th Birthday of the Crown Prince Maha Vajiralongkorn Conference Hall, Mahachulalongkornrajavidyalaya University, Ayutthaya Province, Thailand.

The Mahachulalongkornrajavidyalaya University Council, at its Meeting No. 2/2559 on 24th February, BE 2559 (CE 2019) had unanimously resolved that :

Whereas Venerable Bhikkhu Nyanaponoka (Jnanapurnik) Mahasthavir, seventy-seven years of age, was born on 21st November, 1939 in Tansen, Palpa which is about 90 kilometers north of Lumbini, the birth-place of Lord Buddha, the Federal Democratic Republic of Nepal. Ordained as a novice at the early age of 16, he spent a year in Buddhist studies in Nepal and went to Myanmar for further study. He received "Sashandhaj Dhammachariya" a highly reputed order of Buddhist monastic education of Myanmar in 1963. Besides this Dhamma education, he has also completed various levels of formal education which includes School Leaving Certificate (SLC) in 1971, IA (1974), BA (1977) and MA (Culture and History) from Tribhuvan University, Nepal along with Diploma in Sanskrit from Banaras Sanskrit University, India. Venerable Bhikkhu Nyanaponoka (Jnanapurnik) Mahasthavir, a Pali scholar and Vipassanacariya has been working actively for the progress and development of Theravada Buddhism in Nepal. He is an author and translator of about 50 books on Buddhism, both in Nepali and Nepal Bhasha languages. He was also one of the members of publication team of the Pali Burmese World Dictionary, Burma (1964-66). He has travelled extensively around the world as a Meditation instructor. He had also served as the assistant Chief of West Midlands Buddhist Centre in Birmingham from 1979 to 1982. In 1982, he established the Buddha Vihara, a Buddhist monastery at Nashville in Tennessee, USA. He has been working as a missionary monk 'Dharmadut' in different countries of Asia such as Myanmar, Thailand, Malaysia and Singapore along with some European countries and the USA. He has also played an important role in building and renovating various viharas in Nepal. He is Spirutual Advisior of the Kota Kinabhalu Vipassana meditation Center, Sabah, Malaysia and Dhammanusasaka of the International Buddhist Meditation Centre, Shankhamul, the Young Men's Buddhist Association (YMBA) and the Buddhist Women's Association. He is the General Secretary of All Nepal Bhikshu Association and an active member of the Lumbini Development Trust. He is also the Founder and Director of the only training centre for the new generation monks-the Vishwa Shanti Bauddha Shikshalaya situated in the Vishwa Shanti Vihara, Kathmandu and the Vice-Rector of the Nepal Bauddha Pariyatti Shiksha, formerly situated at Sumangal Vihara, Patan and now at Vishwa Shanti Vihara, Kathmandu. He has also represented Nepal in many international conferences and seminars such as one in Ulan Bator, Mongolia, 1979 and 1982. He is awarded with Agga Maha Saddhammajotikadhaja title from the Government of the Republic of the Union of Myanmar in 2001 the Shrestha Sirapa from Chwasa Pasa in 1970 and many letters of felicitation and honors from various Buddhist institutions. Venerable Jnanapurnik had also been designated as the official member representing Nepal participating in Buddhist communities, internal and international Buddhist conferences, meetings and forums such as the 5th "World Buddhist Supreme Conference" held in Japan, Vesak Celebration in Bangkok, Thailand.

Venerable Bhikkhu Nyanaponoka (Jnanapurnik) Mahasthavir keeps strict discipline and upright conducts. His kindness, compassion, generosity and righteousness win him great respect from the Buddhist circles all over the world. At present, he has been the President of All Nepal Bhikkhu Association, the Federal Democratic Republic of Nepal.

Through the meritorious deeds and academic excellence mentioned above, the Venerable Bhikkhu Nyanaponoka (Jnanapurnik) Mahasthavir is regarded as the Buddhist monk who produces innumerable welfares and benefits for his country and the world and he deserved the praise and salutation. Mahachulalongkornrajavidyalaya University Council has unanimous resolution to confer an Honorary Doctorate Degree in Pali on him.

Given on 1[illegible] May, BE 2559 (CE 2016)

Phra Dhammasudhi

(Phra Dhammasudhi)

The President

Mahachulalongkornrajavidyalaya University Council



Honorary Doctorate Degree
Mahachulalongkornrajavidyalaya University
Ayutthaya, Thailand

In accordance with a resolution adopted by the University Council, an Honorary Doctorate Degree of Ph.D. (honoris causa) in Pali is hereby conferred on

Venerable Bhikkhu Nyanaponoka (Jnanapurnik) Mahasthavir

In recognition of whose merits and excellence, the issuance of this certificate is approved and authorized.

Given on 15th May BE 2559 (CE 2016)

Phra Dhammasudhi
President
University Council

P. B. Pundit
Rector

Somboon
Dean

## संघनायक पतिट्ठापन विधि

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

**सुणातु मे भन्ते संघो, अयं आयस्मा ञाणपुण्णिकत्थेरो संघेन संघनायको पतिट्ठापनापेक्खो । यदि संघस्स पत्तकल्लं, संघो आयस्मतो ञाणपुण्णिकस्स थेरस्स संघनायक-पतिट्ठापनं करेय्य, एसा ञत्ति ।**

**सुणातु मे भन्ते संघो, अयं आयस्मा ञाणपुण्णिकत्थेरो संघेन संघनायको पतिट्ठापनापेक्खो । आयस्मा ञाणपुण्णिकत्थेरो संघेन संघनायक-पतिट्ठापनं करोति, यस्सायस्मतो खमति, आयस्मतो ञाणपुण्णिकस्स थेरस्स संघनायक-पतिट्ठापनं संघेन । सो तुण्हस्स, यस्स नक्खमति, सो भासेय्य ।**

**संघनायको पतिट्ठापितो संघेन आयस्मा ञाणपुण्णिकत्थेरो, खमति संघस्स, तस्मा तुण्ही, एवमेतं धारयामी'ति ।**

(अखिल नेपाल भिक्षु महासंघद्वारा नेपालको सातौं संघनायकको रूपमा पदासिन गरिएको पतिट्ठापन विधि तथा संघनायकको धार्मिक उपाधि)



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति
श्रीमहल, पुल्चोक, ललितपुर

फो.नं. ९७७-०१-५५२३१०१
फ्याक्स: ९७७-१-५५३९६५२
वेभसाइट: www.monastery.gov.np

परिचय-पत्र

(यो परिचय-पत्र समितिको पहिलो गठन आदेश संसोधन २०७५ को दफा ४ (थ १) अनुसार प्रदान गरिएको छ ।)

प.प.नं ०१ ना.प्र.नं. १९४/०३३/३४
नाम: परम पूज्य: भिक्षु ज्ञानपूर्णिक
जन्म मिति: वि.सं. १९९६/०८/०६
ठेगाना: तान्सेन, पाल्पा, नेपाल
गुम्बा/विहारको नाम: विश्वशान्ति विहार
ठेगाना: बानेश्वर, काठमाण्डौ, नेपाल
पद: परम पूज्य संघ नायक
फोन नं: ९७७-९८४९२८७३७६

नरेन्द्र कुमार गुरुङ
कार्यकारी निर्देशक

कार्ड वाहकको सही

"यो परिचय-पत्र कसैले पाएमा वा हराएमा सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु वा खबर गरिदिनु होला ।"



Government of Nepal
Ministry of Culture, Tourism and Civil Aviation
Buddhist Philosophy Promotion & Monastery Development Committee
Shreemahal, Pulchowk, Lalitpur

Ph. No. 977-01-5523101
Fax: 977-1-5539652
Website: www.monastery.gov.np

IDENTITY CARD

I.D. No: 01 Citizenship No./Dist.: 194/033/34
Name: H.H. Bhikshu Jnanapurnik
DOB: 1939 Nov. 21
Address: Tansen, Palpa, Nepal
Name of Monastery/Vihara: Vishwa Shanti Vihara
Address: Baneshwor, Kathmandu, Nepal
Designation: His Holiness Sanghanayaka
Phone: 977- 9849287376

Narendra Kumar Gurung
Executive Director

Card Holder Sign.

" If found, lost please return or inform to the above Office or District Administration Office or Nearest Police Station

VISHWA SHANTI BAUDDHA SIKSHALAYA VISHWA SHANTI BAUDDHA SIKSHALAYA VISHWA SHANTI BAUDDHA SIKSHALAYA

# Father of The Many

In the sacred land, in the ancient city of Kathmandu,
We gazed at the setting sun.
He had been there since dawn.
He walked, we tailed!

He who writes and speaks in front,
The young ones listen attentively,
Seated cross legged and back straight;
They were nourished with virtues.

He moves them! He guides them,
To the farthest of the farthest;
Reaching to cessation,
Where there is no more.

Here he is,
Now and forever now;
His wisdom spreads
In all directions;
All over the universe!

With wholesomeness and patience,
He paves the way for the adolescents.
Bringing about the truth;
Liberalising the naive and the knowing!

Today marked the birth of a great sage,
A day when ancient wisdom blossoms;
Like a lotus from a pond.
Here he is, shouldering the responsibilities,
For the attainment of the many!

The Dhamma family,
We here wish you the best 50 years,
Bringing love, peace and joy,
To all our hearts,
Where bliss rises above all with confidence and faith!

The Dhamma Family



Vishwa Shanti Vihara
(World Peace Buddhist School)
Meen Bhawan,
New Baneshwar,
Kathmandu, Nepal



Bhikshu Jnanapurnik Mahasthavira

Celebrating **50** Years of Higher ORDINATION



*An Appreciation*
By
**The Dhamma Family**
**Malaysia**
**April 2009**
Aunty Tan



The First International Pali Conference in Shan State

"*Influential Figures in Learning or Meditation in Theravada Buddhism in 19-20th Centuries*"

# This is to certify that

**Most Ven. Dr. Jnanapurnika Mahathera, Chief Abbot**
**Founder Principal, Vishwa Shanti vihar**
**Theravada Buddhist Academy, Kathmandu, Nepal**

Who has presented a paper at the 1st International Pali Conference in Shan State
Organized by Shan State Sangha Council in honour of the 50th Birthday
Celebrations of Venerable Prof. Dr. Khammai Dhammasami, DPhil (Oxford)
held at Veluwan Monastery, Taunggyi, Shan State, Myanmar

18-19th Dec. 2014 (2558 BE)

Most Ven. Dr. Paññānanda, Hon. PhD (MCU)
Aggamahaganthavacakapandita
Aggamahasaddhammajotikadhaja
Chairman of Shan State Sangha Council &
Deputy Secretary-General,
State Sangha Mahānāyaka Committee of Myanmar

Ven.Prof. Dr. K. Dhammasami, DPhil (Oxford)
Professor ITBMU, Myanmar & Fellow & Buddhist
Chaplain, University of Oxford, UK
Advisor, The First International Pali Conference
in Shan State, Myanmar



# सगरमाथा प्रतिष्ठान नेपाल
## EVEREST FOUNDATION NEPAL
**For Social, Education & Cultural Development**
**Ktm, Nepal**

**नेपाल सम्मान २०७२**

मितिः २०७३ बैशाख २९ गते

**सर्वश्री भिक्षु ज्ञानपूणिक ज्यू**
वरिष्ठ धर्मगुरु एवं अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ

सानै उमेर देखि अत्यन्त निष्ठा र समर्पणका साथ धार्मिक सेवामा समर्पित तपाई एक कुशल, अनुकरणीय एवं प्रेरणादायी व्यक्तित्वको रुपमा सु-परिचित हुनुहुन्छ । विभिन्न मुलुकमा आयोजना हुने अन्तराष्ट्रिय बौद्ध सम्मेलनमा नेतृत्व गर्दै र धर्मदुतको रुपमा कुशल जिम्मेवारी निर्वाह गर्दै आउनु भएका तपाई विश्वका थुप्रै मुलुकबाट अन्तराष्ट्रिय पुरस्कार र मानसम्मानबाट विभूषित भईसक्नु भएको छ ।विभिन्न देशबाट मानार्थ विद्यावारीधीको उपाधी समेत हासिल गर्नुभएका तपाई हाल अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष, धर्मोदय सभाका सल्लाहकार, विश्व शान्ति विहार तथा विश्वशान्ति वौद्ध शिक्षालयका संस्थापक प्रवन्धक लगायत थुप्रै प्रतिष्ठित धार्मिक संघसंस्थामा नेतृत्वदायी जिम्मेवारीमा क्रियाशिल हुनुहुन्छ । तपाईले मुलुकको सर्वाङ्गिण विकासका लागि सदा समर्पित रहँदै सकृय रुपमा आफ्नो क्षेत्रबाट राष्ट्रलाई पुर्‍याउनु भएको उत्कृष्ट, प्रशंसनीय, अविष्मरणीय तथा अतुलनीय योगदान चीरकालसम्म स्मरणीय र सम्मानित रहनेछ । नेपाली समाजको समग्र रुपान्तरणका लागि तपाईले आफ्नो क्षेत्रबाट देखाउनु भएको कृयाशिलता र निभाउनु भएको भूमिकाले आगामी दिनहरुमा अझ प्रभावकारी परिणाम दिने अपेक्षा राखिएको छ । तपाईको यहि अतुलनीय एवं प्रशंसनीय कार्यको उच्च मूल्याङ्कन गर्दै सगरमाथा प्रतिष्ठान नेपाल यहाँलाई "नेपाल सम्मान-२०७२" द्वारा सम्मानित गर्दछ ।

सम्माननीय नन्द बहादुर पुन
उपराष्ट्रपति
(प्रमुख अतिथि)

माननीय शेरधन राई
मन्त्री, सुचना तथा संचार प्रविधि मन्त्रालय
(विशिष्ठ अतिथि)

भरत ढकाल
(संयोजक)
सगरमाथा प्रतिष्ठान, नेपाल

नर बहादुर लिम्बु
(अध्यक्ष)
सगरमाथा प्रतिष्ठान, नेपाल



# तानसेन गुठीका बाइसौं वार्षिक भेला

२०७०/२०७१

## दोसल्ला ओढाई कदरपत्र प्रदान गरी मान-सम्मानित व्यक्तित्व

### श्री भिक्षु ज्ञानपूणिक (हीरालाल शाक्य, तानसेन)

हाम्रो पश्चिम नेपाल, लुम्बिनी अञ्चलअन्तर्गत पाल्पा जिल्लाको सुन्दर नगरी तानसेन टक्सार टोलमा पिता श्री सूर्यलाल शाक्य तथा माता श्रीमती चन्द्रमाया शाक्यज्यूको कोखबाट आजभन्दा करीब ७४ वर्ष अघि वि.सं. १९९६ सालमा जन्मनु भएका श्री हीरालाल शाक्य १६ वर्षको उमेरमा म्यानमार जानु भई श्रामणेर दिक्षालगत्तै पुनः उपसम्पदा भिक्षुत्व ग्रहण गर्नु भएको र त्यस उप्रान्त वि.सं. २०१५ सालदेखि भिक्षु ज्ञानपूणिक नामले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा एक शालिन प्रज्ञावान, ज्ञानविद्याले खारिएका विद्वान्, बौद्धधर्मबारे स्वध्यायले निपूर्ण, परिज्ञान चेतनामूलक प्रचारक, ध्यान सद्गुरुकारुपमा परिचित हुनुहुन्छ । वहाँबाट हुने गरेको विपश्यना, अभिधर्म, परित्राण तथा विविध सम्यक् ज्ञानसम्बन्धी प्रवचन र सारगर्वित वाक्यहरुले विदेशका अनुयायीहरु मात्रै होइन, नेपालका बौद्ध समाजलगायत सर्वसाधारण गृहस्थीजनलाई श्रवण गर्न तल्लीन र मन्त्रमुग्ध बनाउने गरेका छन् । बौद्धविहार, बौद्धगुठी, ज्ञानमाला खलः, बौद्ध भावना सभाकेन्द्र, भिक्षुमहासंघ, धर्मोदय सभाहरुमा वहाँले खेल्नु भएको अनन्य भूमिकाहरु अति सराहनीय र प्रशंसनीय छन् । त्यस्तै नेपाली, नेपाल तथा पालीभाषासमेतका विद्वान् भाषाविद्, लेखक तथा अनुवादकको रुपमा चिनिनु भएका वहाँको ६ दर्जन पुस्तक कृतिहरु र पत्रपत्रिकामा छापिएका बुद्धधर्मसम्बन्धी अनेकौं लेखहरुबाट वहाँको धर्म साहित्यप्रतिको ठूलो आस्था र योगदान रहेको स्पष्ट छ ।

हे धर्मदूत ! नेपाललगायत म्यानमार, सिंगापुर, भारत, वेलायत, श्रीलंका, इन्डोनेसिया, रुस, मंगोलिया, अष्ट्रेलिया, अमेरिका, फ्रान्स, जर्मन, मलेसिया, आदि देश परदेशहरुमा प्रख्याति पाई आज पनि तपाईं विलक्षण धर्म नायकको रुपमा चिनिनु हुन्छ । तपाईं कुशल धर्म प्रवचक हुनुहुन्छ। विपश्यनाको आचार्य पनि हुनुहुन्छ । एक कर्मठ महास्थविर हुनुभएको नाताले बुद्धधर्मसम्बन्धी अनुशासन, परिपत्ति, प्रतिपत्ति तथा प्रतिवेध शिक्षाको विकास, संरक्षण एवं संवर्धनमा तपाईंको टेवा रहिआएको छ ।

हे ज्ञानबोधी भन्ते ! विगतदेखि हालसम्म पनि निरन्तर क्रियाशील रहनु भई युवापुस्तालाई बौद्ध सभ्यता, संस्कृति र दर्शनबारे शिक्षित गर्ने, उनीहरुलाई हितकारी जागरुक नागरिकको मनस्थितिमा राखेर सेवा नै धर्म हो भन्ने भावनालाई अभिप्रेरित गराई धार्मिक तथा कर्मनिष्ठ बौध्दिक समाजमा रुपान्तरण गर्ने तपाईंको दीर्घकालिन अभिरुचिको सबै पाल्पालीहरु प्रशंसक नभई रहन सक्तैनन् ।

हे शाश्वत बुद्धधर्म संवाहक ! यसरी आफ्नो जन्मस्थल तानसेनमा र तपाईंले पाइला टेकेका जगत्-स्थानहरुमासमेत दिइआउनु भएका धार्मिक उपदेशहरु एवं मानविकी सत्वगुणी विधिहरु जीवन्त राख्न तपाईंले गर्नु भएको योगदान, अभ्यास र प्रयासलाई हामी सबैले सगौरव स्मरणीय ठानेका छौं ।

आजको तानसेन गुठीको बाइसौं वार्षिक भेलाको विशेष कार्यक्रममा तपाईंको सम्मानार्थ दोसल्ला ओढाई यो कदरपत्र प्रदान गरी तपाईंको मान-सम्मान गर्न पाउँदा यो तानसेन गुठी परिवार अति नै प्रसन्न र उत्साहित भएको छ ।

अन्त्यमा हाम्रो तानसेन गुठीको संरक्षक महाशक्ति, महामाया एवं महाऐश्वर्यले पूर्ण दुर्गामाता श्री रणउजीरेश्वरी भगवतीबाट तपाईंको रक्षा होस् । भगवान् गौतम बुद्धद्वारा तपाईंको सदासर्वदा कल्याण होस् भन्ने हार्दिक मङ्गलमयी कामना गर्दछौं । भवतु सब्ब मङ्गलम् ॥

२/०५/२०७१

ई. विधान चन्द्र राजभण्डारी
संयोजक, सम्मान उपसमिति, तानसेन गुठी

हिमाल कसजु
अध्यक्ष, तानसेन गुठी

मितिः १४ भाद्र २०७१

"कतञ्ञु होन्तु पाणिनो"

## भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूको उपसम्पन्न स्वर्ण दिवसको पावन अवसरमा वहाँमा अर्पण गरिएको सामूहिक

# अभिनन्दन-पत्र

**बुद्धशासनमा समर्पित श्रद्धेय भद्न्त ज्ञाणपूर्णिक महास्थविरज्यू,**

ललितपुर रूद्रवर्ण महाविहारका शाक्य वशज, पश्चिम नेपाल पाल्पा तानसेनका निवासी पिता श्री सूर्यलाल शाक्य र माता चन्द्रमाया शाक्यको सुपुत्र यहाँ ११ वर्षको बाल्यकालदेखि पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविरज्यूको छत्रछायाँमा बुद्धधर्मको प्रारम्भिक शिक्षा र पालि भाषा अध्ययन गर्नु भई १६ वर्षको उमेरमा म्यानमारमा श्रामणेर दीक्षा ग्रहण गरी गृहस्थ नाम हिरालाल शाक्यबाट श्रामणेर ज्ञानपूर्णिक हुनुभयो । २० वर्षको उमेरमा उपसम्पदा (भिक्षुत्व) ग्रहण गर्नु भयो । बुद्ध-धर्मको गहन उच्चशिक्षा अध्ययन गरी म्यानमार सरकारको शासनिक धार्मिक मन्त्रालयबाट संचालित पालि विश्वविद्यालयबाट "सासनधज धम्माचरिय" उपाधि हासिल गर्नुभयो । यसरी आफ्नो जीवनको किशोर अवस्थाको संघारदेखि नै पाँच दशक भन्दा लामो समयसम्म नेपालमा स्थविरवाद बुद्धधर्ममा परियत्ति, प्रतिपत्ति तथा प्रतिवेद शिक्षाको विकास, सरक्षण र संवर्द्धनमा अत्यन्त क्रियाशील रहनु भएको प्रशंसनीय एवं अनुकरणीय कार्य यहाँ स्मरण गरिन्छ ।

**नेपालका सुपरिचित बौद्ध विद्वान महास्थविरज्यू,**

दुर्लभ मानवजीवनलाई सदुपयोग गरी सद्धर्मको अध्ययन, अध्यापन एवं निरन्तर अभ्यासमा लाग्दै आफ्नो उमेरको छैठौं दशक पार गरीसक्नुभएका यहाँ नेपालको एक प्रतिष्ठित अन्तर्राष्ट्रिय बौद्ध विद्वानको रूपमा हामी माझ पाउनु अतीव गौरव ठान्दछौं ।

मानव चरित्रलाई उकास्ने बौद्ध साहित्य, बौद्ध दर्शन र बौद्ध भावना प्रस्फुटित ग्रन्थहरू यहाँबाट अनुवाद हुनुका साथै पुस्तक लेखन, सम्पादन र प्रकाशनमा अद्वितीय योगदान रहेको छ । नेपाल भाषा, नेपाली र अंग्रेजी भाषाका गरी ५० वटा भन्दा बढी यहाँका पुस्तकहरू, थुप्रै लेख रचनाहरूबाट धर्म, भाषा र साहित्यको भण्डार अभिवृद्धि भएको छ । त्रिपिटक पालि म्यानमार शब्दकोष निर्माण कार्यमा संलग्न हुनुको साथै विपस्सना पालि त्रिपिटक ग्रन्थ प्रणित गर्नमा पनि ठूलो योगदान रहेको अविस्मरणीय छ ।

बुद्धशासन चिरस्थायीको निमित सक्षम जनशक्ति तयार गर्ने लक्ष्य लिइ विश्व शान्ति विहारमा विश्व शान्ति बौद्ध शिक्षालय स्थापना गरी भिक्षु, श्रामणेर एवं अनागारिकाहरूलाई शिक्षा दीक्षाको व्यवस्थाका साथ सुयोग्य गुरू भएर सुयोग्य प्रव्रजित जनशक्ति तयार गर्दै लग्ने यहाँको दूरदर्शी कार्य प्रशंसनीय छ ।

**भो कुशल धर्मप्रचारक धर्मकथिक भन्तेज्यू,**

बुद्धोपदेशित सतिपट्ठान विपस्सना भावना तथा अभिधर्मको गम्भीर देशनालाई स्पष्टरूपमा व्याख्यान गर्नु हुने एक कुशल धर्मकथिकको रूपमा प्रसिद्ध यहाँले "चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय" भन्ने भगवान बुद्धको सन्देशलाई शिरोपर गरी देश विदेशमा बुद्धधर्म, बौद्ध संस्कृति र सभ्यताको शिक्षालाई जनमानसमा प्रचार प्रसार गरी धर्मदूत कार्य गरी राख्नु भएको अत्यन्त सराहनीय छ । विश्वप्रसिद्ध ध्यानगुरू, म्यानमारका महोपकारक महासी सयादोको धर्मदूत मिसनमा पनि ठूलो सहयोग गर्नुभएका कुशल धर्मप्रचारक यहाँ महास्थविरज्यूको सान्निध्यमा धर्म उपदेश श्रवण गर्नपाउनु नेपालीकै लागी ठूलो सुलाभ हो ।

**कम्मट्ठानाचरिय भो ध्यानगुरु भन्तेज्यू,**

विश्वका महान ध्यान गुरूहरूको समीपमा रही सतिपट्ठान विपस्सना ध्यानको अनुभव हासील गरी ओवादाचरिय एवं कम्मट्ठानाचरिय उपाधि समेत प्राप्त गर्नुभएका ध्यान आचार्य यहाँले देश विदेशका श्रद्धालुहरूलाई सतिपट्ठान विपस्सना ध्यान भावना अभ्यास गराउनमा अग्रसर हुनु भएर भगवान बुद्धको शास्वत सन्देश जनमानसमा फैलाउन गर्नुभएको योगदान अत्यन्तै स्तुत्य रहेको छ ।

**नेपाली बौद्ध जगतका गौरव हे श्रमणज्यू,**

बुद्ध शासनिक क्षेत्रमा गर्नुभएको उल्लेखनीय योगदानलाई कदर गरी म्यानमार सरकारबाट अन्तर्राष्ट्रिय स्तरमा ससम्मानपूर्वक यहाँलाई "अग्गमहासद्धम्मज्योतिकधज" पदवीबाट विभूषित गरिएको विषय नेपालको लागि ठूलो गौरवशाली करा हो । त्यसैबाट प्रेरित भई अखिल नेपाल भिक्षुमहासघको पहलमा नेपालका धेरै विहार सघ सस्थाहरूले यहाँलाई बुद्धधर्म प्रचार प्रसार, उन्नति, अभिवृद्धिमा ठूलो योगदानको कदर स्वरूप २०५८ बैशाख १ गते ससम्मान अभिनन्दन गरिएको यहाँ स्मरणीय रहेको छ ।

श्रेष्ठ सिरपा; धर्मोदय धम्मसम्मान; रत्नवत्त सिरपा; कदरपत्र आदिद्वारा विभिन्न संघ सस्थाहरूबाट सम्मानित व्यक्तित्व हुनुहुन्छ ।

विभिन्न राष्ट्रिय बौद्ध संघसस्थाको उच्च ओहदामा रही ती सघसस्थालाई यहाँबाट नीति निर्देशन, मार्गदर्शन गरी नेतृत्व प्रदान गर्नु भएको उल्लेखनीय रहेको छ । नेपाली बौद्ध समाजका एक प्रभावशाली महास्थविर तथा अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त आदरणीय व्यक्ति यहाँले विगत ५० वर्षदेखि बुद्धधर्म उन्नति, अभिवृद्धि गर्नमा दिनुभएको उल्लेखनीय योगदानलाई कदर गरी आजको यस अन्तर्राष्ट्रिय विशिष्ट महास्थविरज्यूहरूको सम्पुस्थिति तथा महामहिम राष्ट्रपति डा. रामवरण यादवज्यूको गरिमामय उपस्थिति रहेको यस उपसम्पन्न स्वर्ण दिवस समारोहमा १०० वटा भन्दा बढी संघसस्थाहरू एकजूट भइ समस्त बौद्धहरूको प्रतिनिधित्व गरी भव्य अभिनन्दन गर्न पाउनु अहोभाग्यको कुरा हो ।

श्रद्धेय भन्तेज्यूको सुस्वास्थ्य, दीर्घायु एवं बुद्ध शासनिक कार्यमा उत्तरोत्तर सफलता प्राप्त होस् भनी सश्रद्धा यो सामूहिक अभिनन्दन पत्र अर्पण गर्दछौं ।

चिरं जीवतु थेरो ञाणपुण्णिको, सुखितो निरुपद्दवो
खेमी अवेरी अभयो, निद्दुक्खो रोगमुत्तको ॥
चिरंतिट्ठतु सद्धम्मो

१. अखिल नेपाल भिक्षु महासंघ
२. अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहार, बुटवल
३. अभिधर्म अध्ययन समाज, ताहाचल
४. अन्तर्राष्ट्रिय बौद्ध अध्ययन सस्था, नेपाल
५. अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शखमूल
६. अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी
७. अमरापुर बुद्ध विहार, बुगमती
८. आदर्श सरल मा.वि. परियत्ति केन्द्र, नागबहाल
९. आनन्दकुटी विद्यापीठ, स्वयम्भू
१०. आनन्दभूवन विहार समिति, भुइखेल
११. उपासिका संघ, पोखरा
१२. कन्या मन्दिर परियत्ति केन्द्र, न्त्यखा
१३. किण्डोल विहार, स्वयम्भू
१४. करूणा बौद्ध संघ, तानसेन
१५. कल्याण पुचः, मीनभवन
१६. चारूमति बुद्धिष्ट मिसन, चाबहिल
१७. चैनपुर शाक्य समाज, ललितपुर
१८. जगत सुन्दर ब्वनेकुथि, काठमाडौं
१९. ज्योतिदय संघ, चापागाउं
२०. थेरवाद बौद्ध दायक केन्द्रीय परिषद, धर्मचक्र विहार
२१. दायक सभा, पोखरा
२२. दीपकर परियत्ति शिक्षालय, नागबहाल
२३. दीपकर ज्ञानमाला भजन, भक्तपुर
२४. धर्मकीर्ति विहार, श्रीघः
२५. धर्मविजय पदनम्, गणमहाविहार
२६. धर्मशीला बुद्ध विहार, पोखरा
२७. धर्मसंघ विहार, पोखरा
२८. धर्मोदय सभा नेपाल, भृकुटीमण्डप
२९. धर्मोदय सभा, बुटवल शाखा, बुटवल
३०. धापाखेल बुद्ध विहार, धापाखेल
३१. ध्यानकुटी विहार, बनेपा
३२. नगदेश बुद्ध विहार, नगदेश
३३. नगरमण्डप श्री कीर्ति विहार, कीर्तिपुर
३४. नेपाल राष्ट्रिय ज्ञानमाला समिति, लगन, काठमाडौं
३५. नेपाल बौद्ध परियत्ति शिक्षा, मीनभवन
३६. नेपाल महिला बौद्ध संघ, कुलेश्वर
३७. पद्मकीर्ति विहार, कमल पोखरी
३८. पद्मचैत्य विहार संचालक समिति, बुटवल
३९. परोपकार परियत्ति केन्द्र, भिमसेन स्थान
४०. पाटी विहार, ठिमी
४१. पुण्य उदय बुद्ध विहार, हरिसिद्धि
४२. प्रणिधिपूर्ण महाविहार, बलम्बु
४३. प्रेमशोभा भोजन पुचः, विश्व शान्ति विहार
४४. बुद्धजयन्ति समारोह समिति, नघल
४५. बुद्धधर्मका आधारभूत शिक्षा समिति, भुइखेल
४६. बुद्धभूमि महाविहार , टोखा
४७. बुद्ध विहार, धरान
४८. बुद्ध विहार, भृकुटीमण्डप
४९. बुद्ध रत्न विहार, पुतली सडक
५०. बुद्धिष्ट कम्युनिकेशन सेन्टर, पूर्णचण्डी
५१. बोधिचर्या विहार, बनेपा
५२. बौद्ध अर्घौं सदन, पोखरा
५३. बौद्ध अध्ययन समाज, नेपाल
५४. बौद्ध जन विहार, सुनाकोथि
५५. बौद्ध महिला समिति, महाबोधि विहार, तानसेन
५६. बौद्ध महिला सेवा समिति, आनन्द विहार, तानसेन
५७. बौद्ध महिला संघ, पद्मचैत्य विहार, बुटवल
५८. बौद्ध महिला संघ, नेपाल
५९. बौद्ध विहार संघ, ललितपुर
६०. बौद्ध युवा ज्ञानमाला संघ, बुटवल
६१. बौद्ध शान्ति विहार, बुलु, ल.पु.
६२. बौद्ध समकृत विहार, भक्तपुर
६३. बौद्ध संघ, भक्तपुर
६४. भास्सरा परियत्ति केन्द्र, पूर्णचण्डी
६५. भोजपुर टक्सार शाक्य समाज, ल.पु.
६६. मणिमण्डप महाविहार, पटको, ल.पु.
६७. महाचैत्य विहार, तानसेन
६८. महिला बौद्ध समूह, बुद्धवारी, टेकु
६९. मुनि विहार परियत्ति केन्द्र, भक्तपुर
७०. मैत्रेय युवा संघ, भक्तपुर
७१. मैत्री केन्द्र बाल आश्रम, बनेपा
७२. यम्पि महाविहार दायक परिषद, ईवही
७३. यशोधरा बौद्ध विद्यालय, थैना
७४. युवक बौद्ध मण्डल नेपाल, ललितपुर
७५. युवा बौद्ध पुचः, भक्तपुर
७६. युवा बौद्ध समूह, काठमाडौं
७७. युवा बौद्ध संघ, पोखरा
७८. लोटस एकेडेमी कलेज, स्वायम्वही, ल.पु.
७९. विश्व शान्ति दायक समिति, मीनभवन
८०. विश्व शान्ति पुस्तकालय, बालिफल
८१. विश्व शान्ति विहार सरक्षण समिति, नयाँ बानेश्वर
८२. विश्व शान्ति विहार, नयाँ बानेश्वर
८३. विश्व शान्ति बौद्ध शिक्षालय, नयाँ बानेश्वर
८४. विश्व शान्ति स्तुप, पोखरा
८५. वीरपूर्ण पुस्तक संग्रहालय, गाबहाल, ल.पु.
८६. वेलुवनाराम विहार, ठेचो
८७. शाक्यसिंह विहार, थैना
८८. सत्य सन्देश प्रचारक प्रकाशन, भुइखेल
८९. समग्र बौद्ध परियत्ति शिक्षालय, कीर्तिपुर
९०. सन्ति सुखावास विहार, चाकुपाट
९१. सुखी होतु नेपाल, भृकुटीमण्डप
९२. सुगतपुर विहार, त्रिशुली
९३. सुगन्ध विहार, रिडी, गुल्मी
९४. सुधम्माराम विहार, कोबहाल
९५. सुभाषित ज्ञानमाला संघ, गणमहाविहार
९६. सुमंगल बौद्ध संघ, लुखुसि
९७. सुलक्षणकीर्ति विहार, चोभार
९८. सुवर्ण छत्रपुर विहार, लुभु
९९. सिद्धार्थ शिशु निकेतन, भृकुटीमण्डप
१००. सिद्धिमंगल विहार, धसि
१०१. संघाराम विहार, क्षेत्रपाटी
१०२. स्वयम्भू धर्मपासा पुचः, स्वयम्भू
१०३. श्री कीर्ति बौद्ध केन्द्र, कीर्तिपुर
१०४. श्रीघः विहार, नघल
१०५. श्री शाक्य फाउण्डेशन, नेपाल, टेकु
१०६. होलाङ्दी विहार, तानसेन
१०७. विरत्नकीर्ति विहार, कीर्तिपुर
१०८. ज्ञानमाला भजन खल, स्वयम्भू
१०९. ज्ञानमाला सभा, महाचैत्य विहार, तानसेन
११०. ज्ञानमाला संघ, आनन्द विहार, तानसेन
१११. ज्ञानमाला संघ, पोखरा
११२. ज्ञान ज्योति परियत्ति केन्द्र, ठमेल
११३. शान्तिवन परिवार, गोदावरी

(हस्ताक्षर)

भिक्षु कुमार काश्यप महास्थविर
प्रमुख
भिक्षु ज्ञानपूर्णिक उपसम्पन्न स्वर्णदिवस समारोह समिति

बु.सं. २५५२ नेपाल सम्वत ११२९ चौलागा तृतीया वि.सं. २०६५ चैत्र ३० गते आइतबार

"सुखा सङ्घस्स सामग्गी"

# अखिल नेपाल भिक्षु महासंघ

## अभिनन्दन-पत्र

पूज्यपाद् नेपालका सातौं संघनायक अग्गमहापण्डित अग्गमहासद्धम्मजोतिकधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविर,
संरक्षक, अखिल नेपाल भिक्षु महासंघ, विश्वशान्ति विहार, नयाँ बानेश्वर, काठमाडौं ।

अखिल नेपाल भिक्षु महासंघबाट २०७६ वैशाख १ गते आइतवारका दिन संघनायक पतिट्ठापनविधिसहित संघसम्मतविधिपूर्वक संघनायक पदवीले विभूषित अनि पूजनीय नेपालका ७ औं संघनायक, अखिल नेपाल भिक्षु महासंघका संरक्षक अग्गमहापण्डित सासनधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरको बुद्धशासनिक योगदान स्मरण गरी अखिल नेपाल भिक्षु महासंघबाट सम्बद्ध विहार एवं बौद्ध संघसंस्थाहरूको सामूहिक सहभागितामा यहाँलाई धम्ममुदित अभिनन्दन-पत्र चढाउन पाउँदा आज हामी सबैलाई अतीव धार्मिक गौरव महसुस भइरहेको छ ।

बुद्ध-जन्मभूमि नेपालमा थेरवाद बुद्धशासन पुनर्स्थापना गर्ने कार्यमा योगदान दिनुहुने महास्थविर भिक्षुहरू मध्ये यहाँ जेष्ठतम्-पूज्यपाद संघनायक भिक्षु पनि एक महत्वपूर्ण व्यक्तित्व हुनुहुन्छ । बुद्धभूमि नेपालमा थेरवाद बुद्धशासनलाई विरोधीहरूबाट दुःख दिइरहेको त्यो क्रूरतम काल, राणा शासनको अन्त्यको समयमा प्रव्रजित जीवन जिउने जुन साहसिक कदम उठाउनुभयो, त्यसलाई बुद्धधर्मावलम्बीहरूले कहिल्यै पनि बिर्सन सक्दैन । नेपालमा बुद्धशिक्षाअन्तर्गत परियत्ति, प्रतिपत्ति एवं प्रतिवेधजस्ता शासनिक कार्य स्थापना गर्न तथा संस्थागत गर्दै आजको यो स्थितिसम्म पुऱ्याउन पूज्यपाद् संघनायकबाट जेजस्ता अनुकरणीय एवं उल्लेखनीय योगदान गर्नुभएको छ, ती अतीव धर्मगौरवपूर्ण शासनिक अविस्मरणीय योगदान हुन् । अति पूजनीय अग्गमहापण्डित नेपालका सातौं संघनायक भिक्षुका रूपमा यहाँको बुद्धशासनिक योगदान, धार्मिक व्यक्तित्व, कृतित्वसहित बुद्धशासनिक क्षेत्रमा भएगरेका विविध सराहनीय देन आज जीवन्त इतिहासमा परिणत भएको छ ।

### पूज्यपाद् संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर !

ऐतिहासिक नगरी पाल्पा-तानसेनस्थित पिता सूर्यलाल तथा माता चन्द्रमाया शाक्यको कुलमा वि.सं. १९९६ कार्तिकशुक्ल हरिबोधनी एकादशीका दिन हिरालाल शाक्यका रूपमा जन्मिनुभएका भर्खरको बालक, कलकलाउँदो वैसमै प्रव्रजित जीवन यापन गरी बुद्धशिक्षा अध्ययनार्थ म्यानमार (बर्मा) जानुभएको थियो । यहाँले १२ वर्षसम्म गम्भीर अध्ययनपश्चात् सन् १९६३ मा सासनधज धम्माचरिय उपाधि प्राप्तिसँगै नेपालमा बुद्धशासन प्रचार-प्रसार गर्ने लक्ष्यसहित विभिन्न विहार एवं धार्मिक संघसंस्थाहरू स्थापना गर्न योगदान गर्नुभयो । साथै त्रिपिटकअन्तर्गत धुप्रै ग्रन्थहरू सम्पादन, अनुवाद एवं रचना गर्नुभई नेपाली जनताका लागि धार्मिक तथा सामाजिक चेतना उत्थान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो ।

संघनायक महास्थविर, यहाँ नेपाली बौद्ध साहित्यिक क्षेत्रमा बर्मेली भाषाबाट नेपाल भाषा तथा नेपाली भाषामा स्थापित, कुशल एवं सफलतम प्रभावकारी अनुवादक पनि हुनुहुन्छ । धर्म, भाषा, संस्कृति, साहित्य आदि क्षेत्रमा आफूलाई पूर्णत: समर्पित गरी ६ दशकभन्दा लामो समयसम्म बुद्धशासनिक क्षेत्रमा योगदान गर्नुभएको नेपाल राष्ट्रकै लागि पनि धम्ममुदित-धर्मगौरवमय सुखकर विषय हो । नेपालमा थेरवाद बुद्धशासनलाई निरन्तरता दिन प्रव्रजित भिक्षु-श्रामणेरहरू अभिवृद्धि गरी नेपालमा नै आवश्यक तालिम एवं अध्ययन-अध्यापन कार्य सम्भव तुल्याई परदेशसम्म पनि बुद्धशिक्षा प्रचार गर्ने लक्ष्यसहित वि.सं. २०४१ मै विश्वशान्ति विहार स्थापना गर्नुभयो, त्यहीं विश्वशान्ति बौद्ध शिक्षालय संचालन गरी आफ्ना शिष्यहरूलाई समेटेर विश्वशान्ति विहारलाई चौतर्फी चिरपरिचित तुल्याउन यहाँले गर्नुभएको शासनिक योगदान नेपालको थेरवाद इतिहासमा सदा स्मरणीय रहिरहने छ । नेपाल सरकारसम्बद्ध लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गत थेरवाद बुद्धिष्ट एकेडेमीका प्राचार्य, विभिन्न संघसंस्थाका पदीयभार वहन गर्दै शासनिक सेवा गरिरहनुभएका यहाँ नेपालका पाँचौं संघनायक पूजनीय भिक्षु बुद्धघोष महास्थविरका कर्मठ शिष्य हुनुहुन्छ । यहाँले वि. सं. २०६९ श्रावण २० देखि २०७३ चैत्र ३ गतेसम्म अखिल नेपाल भिक्षु महासंघको जिम्मेवार अध्यक्ष पदभार समेत वहन गर्नुभएको थियो । ५५ वर्ष अगाडिदेखि अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षालाई फलाउने फुलाउने कार्यसहित आजको स्थितिमा पुऱ्याउन यहाँ संघनायक महास्थविरले विभिन्न पदीयभार वहन गर्दै वि. सं. २०७० मा शिक्षाध्यक्ष समेत हुनुभई महत्वपूर्ण योगदान गर्नुभयो । विगतमा पूज्यपाद् त्रिपिटकाचार्य ऐतिहासिक भिक्षु कुमारकाश्यप महास्थविरको अध्यक्षतामा भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न स्वर्णदिवस समारोह समितिले २०६५ चैत्र ३० गते वृहत रूपमा आयोजना गरेको अभिनन्दन समारोह, जतिबेला नेपालकै प्रथम सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको उपस्थितिमा ११३ वटा बौद्ध संघसंस्थाहरूले यहाँको बुद्धशासनिक व्यक्तित्व एवं कृतित्वको स्मरणसहित दीर्घजीवन एवं उत्तरोत्तर शासनिक अभिवृद्धिको कामना गरेको त्यो ऐतिहासिक क्षण स्मरण हुँदाखेरि हामीलाई अद्यावधि धर्मप्रीतियुक्त शीतलता छाइरहेको अनुभूति हुन्छ ।

### पूज्यपाद् संघनायक अग्गमहापण्डित अग्गमहासद्धम्मजोतिकधज भिक्षु ज्ञानपूर्णिक महास्थविर !

लोकप्रसिद्ध बर्माका परमपूज्य महाशी सयादोले स्थापना गर्नुभएको शासनयैता केन्द्रबाट विपश्यना-ध्यान क्षेत्रमा ओवादाचार्य तथा कर्मस्थानाचार्य उपाधिधारी यहाँको बुद्धशासनिक योगदानलाई कदर गरी म्यानमार सरकारबाट "अग्गमहासद्धम्मजोतिकधज" (अग्रमहासद्धर्मज्योतिकध्वज), "अग्गमहापण्डित" (अग्रमहापण्डित), थाइल्याण्डस्थित महाचूलालकर्ण तथा महामुकुट बौद्ध विश्वविद्यालयबाट मानार्थ विद्यावारिधि उपाधिबाट विभूषित हुनु नेपालका लागि धर्मगौरवपूर्ण विषय हो । यसरी नै राष्ट्रीय तथा अन्तर्राष्ट्रिय सम्बद्ध विभिन्न संघसंस्थाहरूबाट विभिन्न सम्मान, सिरपा: एवं मानपदवीबाट विभूषित यहाँ संघनायक महास्थविरले अद्यावधि निरन्तररूपमा परियत्ति, प्रतिपत्ति तथा प्रतिवेध शासनिक कार्यलाई जीवनको उत्तरार्द्ध समयसम्म पनि जिज्ञासुहरूको धर्मजिज्ञासा शान्त गर्न अग्रसर भइरहनुभएको छ । यहाँ पूजनीय संघनायकबाट भएगरेका धर्मकार्य अनुकरणीय छन् । नेपालको बुद्धशासनिक सम्बद्ध क्षेत्र एवं शुभचिन्तकहरू बीच यहाँको शासनिक योगदान सदा सदा कालसम्म स्मरणीय रहिरहने छ ।

### पूज्यपाद् संघनायक अग्गमहापण्डित अग्गमहासद्धम्मजोतिकधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविर !

अखिल नेपाल भिक्षु महासंघका संरक्षक अग्गमहापण्डित सासनधज धम्माचरिय यहाँलाई नेपालका पूज्यपाद् ६ औं संघनायक भिक्षु अश्वघोष महास्थविरपश्चात् वि.सं. २०७६ वैशाख १ गतेका दिन संघनायक पतिट्ठापनविधिसहित संघसम्मतविधिपूर्वक विश्वशान्ति विहारको सीमागृहमा भिक्षुसंघको विनयकर्मअनुरूप नेपालका सातौं "संघनायक पद" मा पदासीन गरिएको सकल बौद्ध जगतकै लागि धम्ममुदित सुखकर विषय हो । नेपालका पूज्यपाद् संघनायक अग्गमहापण्डित महास्थविर भन्ते ! आज यहाँलाई भिक्षु, अनागारिका, श्रामणेर, सम्बद्ध धर्मगुरुहरू, मित्रराष्ट्र म्यानमार, थाइलैण्ड तथा श्रीलंकाका महामहिम राजदूतहरू, उपासक, उपासिका, विभिन्न विहार एवं सम्बद्ध बौद्ध संघसंस्थाहरूको उपस्थितिमा सामूहिक रूपमै बुद्धशासनिक क्षेत्रमा यहाँको अविस्मरणीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएगरेका योगदानलाई स्मरण गर्दै धर्मनिरपेक्ष संघीय गणतन्त्रात्मक राष्ट्र नेपालका सम्माननीय उपराष्ट्रपति नन्दकिशोर पुनको प्रमुख आतिथ्यमा "अति पूजनीय नेपालका ७ औं संघनायक अग्गमहापण्डित अग्गमहासद्धम्मजोतिकधज सासनधज धम्माचरिय महास्थविर भन्ते" का रूपमा धर्मगौरवपूर्वक धम्ममुदित अभिनन्दन गर्न पाउँदा हामीलाई "सुखद् एवं धम्मपीति" को अनुभूति भईरहेको छ ।

### बुद्ध-जन्मभूमि नेपालका पूज्यपाद संघनायक महास्थविर भन्ते !

बुद्ध-जन्मभूमि नेपालमा यहाँ पूजनीय संघनायकले प्रव्रजित जीवनयापनसहित बुद्धधर्म, बौद्ध संस्कृति तथा बौद्ध साहित्य आदि क्षेत्रमा बेजोड उल्लेखनीय धर्मचर्या/कुशलचर्या गर्नुभएको अविस्मरणीय बुद्धशासनिक योगदानलाई पुन: स्मरण गर्दै अखिल नेपाल भिक्षु महासंघको अग्रसरतामा सबै विहार एवं सम्बद्ध बौद्ध संघसंस्थाहरूको सहभागितामा यस धम्ममुदित अभिनन्दन-पत्र प्रदान गर्ने यस सुखद् क्षणमा यहाँ पूजनीय नेपालका ७ औं संघनायक महास्थविरको सुस्वास्थ्य, दीर्घजीवन तथा यहाँको कार्यकाल सुखद् एवं सफलतापूर्वक सम्पन्न होस्, यहाँको बुद्धशासनिक चर्या तथा सुकीर्ति जनजनमा फैलियोस् भनी मैत्रीपूर्ण आशिका गर्दछौं । चिरंतिट्ठतु सद्धम्मो ! सद्धम चिरस्थायी होस् ।

"चिरं जीवतु संघनायको, सुखिता निरुपद्दवो ।
खेमी अवेरी अभयो, निद्दुक्खो रोगमुत्तको ।।"

विनीत

(भिक्षु मैत्री महास्थविर)
अध्यक्ष - अखिल नेपाल भिक्षु महासंघ

(भिक्षु कोण्डन्य)
संयोजक - संघनायक अभिनन्दन समारोह समिति २०७६
महासचिव - अखिल नेपाल भिक्षु महासंघ

**पूजनीय नेपालका सातौं संघनायकप्रति सामूहिक रूपमा सम्पन्न अभिनन्दन समारोहमा सहभागी विभिन्न विहार तथा सम्बद्ध बौद्ध संघसंस्थाहरू-**

१. अन्तर्राष्ट्रिय बुद्ध परियत्ती उदय विहार, रुपन्देही
२. अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर
३. अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी
४. अमरापुर विहार, बुंगमती
५. अक्षेश्वर महाविहार संरक्षण समिति, ललितपुर
६. आनन्दकुटी विहार, स्वयम्भू
७. आनन्द विहार परियत्ति केन्द्र, तानसेन
८. आनन्दकुटी सिला पुच: आनन्दकुटी विहार
९. आनन्दकुटी विद्यापीठ, स्वयम्भू
१०. आनन्दभुवन विहार, भुइखेल
११. इन्टरन्यौत क्लब अफ न्युरोड सिटी
१२. इन्टरनेसनल नन्स एसोसिएसन, नेपाल
१३. एरियस्सिको बुद्धविहार, कियुत्चा
१४. कुटी विहार, कोटेश्वर
१५. कथित सिला पुच:, निर्वाणमूर्ति विहार, किण्डोल
१६. करुणा विहार, मानातीर्थ
१७. कल्याण पुच:, शान्तिनगर
१८. गणमहाविहार, गणबहाल
१९. गौतमी विहार, लुम्बिनी
२०. चारुमती बुद्धविहार, चाबहिल
२१. चैनपुर शाक्य समाज, ललितपुर
२२. जयमंगल विहार, चकी, ललितपुर
२३. जितवन विहार, थानकोट
२४. जितापुर नन्दकुटी विहार, खोकना
२५. ज्ञानकीर्ति विहार, नयाँबजार
२६. ज्ञानमाला संघ, आनन्द विहार, तानसेन
२७. ज्ञानमाला सभा, महाचैत्य विहार, तानसेन
२८. ज्ञानोदय बुद्धविहार, बान्सुङ
२९. त्रिरत्न आवासीय माध्यामिक विद्यालय, स्वयम्भू
३०. त्रिरत्नकीर्ति विहार, कीर्तिपुर
३१. थेरवाद बुद्धिष्ट एकेडमी, मीनभवन
३२. धम्मावास विहार, खुसिबुं
३३. धर्मकीर्ति वसुन्धरा विहार, वसुन्धरा
३४. धर्मकीर्ति विहार, नघल
३५. धर्मशीला बुद्धविहार, नदीपुर, पोखरा
३६. धर्मोदय सभा, भृकुटीमण्डप
३७. धर्मोदय सभा, बुटवल शाखा
३८. धापाखेल बुद्धविहार, धापाखेल
३९. ध्यानकुटी विहार, बनेपा
४०. ननदेश बुद्धविहार, ननदेश, भक्तपुर
४१. नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर
४२. नर बुद्धविहार, हाँडिगाउँ
४३. नवमैत्री महाविहार, लुम्बिनी
४४. निर्वाणमूर्ति विहार, किण्डोल
४५. नेपाल एकयान मैत्री संस्था,पुल्चोक, ललितपुर
४६. नेपाल तामाङ बौद्ध संघ
४७. नेपाल थेरवाद विहार, लुम्बिनी
४८. नेपाल परम्परागत बौद्ध धर्म संघ, ललितपुर
४९. नेपाल बौद्ध परियत्ति शिक्षा
५०. नेपाल बौद्ध महासंघ, बौद्ध
५१. नेपाल राष्ट्रिय ज्ञानमाला केन्द्रिय समिति
५२. पुण्यभूमि बुद्धविहार, बेनी
५३. पद्मकीर्ति विहार, कमलपोखरी
५४. पद्मचैत्य विहार, बुटवल
५५. पद्मसुगन्ध विहार, मजिपाट
५६. परियत्ति वक्तृत्वकला संचालक समिति, ल.पु.
५७. पाटी विहार, ठिमी
५८. पिप्पली थेरवाद बुद्धविहार, कालोपुल
५९. बुद्धविहार, भृकुटीमण्डप
६०. बुद्धभूमि महाविहार, टोखा
६१. बौद्धजन विहार, सुनागुठी
६२. बौद्ध प्रवचन समाज, कमलपोखरी
६३. बौद्ध महिला संघ, नेपाल
६४. बौद्ध महिला आर्जीवन दायक समिति,म.चै.वि., तानसेन
६५. बौद्ध युवा कमिटी, ललितपुर
६६. बौद्ध विहार संघ, पुल्चोक
६७. बौद्ध संघ भक्तपुर, ईताछें, ख्वप
६८. भौजपुर टक्सार शाक्य समाज, ललितपुर
६९. मूर्तिविहार, भक्तपुर
७०. मंगलमार्ग अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्र, नरयु
७१. मनमयजु ध्यानकुटी विहार, मनमयजु
७२. महिन्द विहार, लुम्बिनी
७३. मेत्ता भोलुन्टियर्स, थेच्व
७४. मैत्री केन्द्र, बनेपा
७५. मैत्री स्कुल, छाउनी
७६. मैत्रेय युवा संघ, भक्तपुर
७७. युवक बौद्ध मण्डल, नेपाल
७८. युवा बौद्ध पुच: भक्तपुर
७९. युवा बौद्ध समूह, काठमाडौं
८०. रम्यि महाविहार, ईबही
८१. रत्नविपश्यना विहार, सानो भऱ्याङ, काठमाडौं।
८२. राजकीय थाई विहार, लुम्बिनी
८३. लोकाकीर्ति विहार, बुद्धपूजा संघ, नकबहिल, ल.पु.
८४. विजयराम विहार, दोम्बु
८५. विराट बौद्ध संघ, बुद्धविहार, विराटनगर
८६. विश्वशान्ति पुस्तकालय, सौगल
८७. विश्वशान्ति विहार, मीनभवन
८८. विश्वशान्ति बौद्ध शिक्षालय, मीनभवन
८९. विश्वशान्ति विहार दायक समिति, मीनभवन
९०. विश्व सुखशान्ति विहार, बुटवल
९१. वीर-पूर्ण पुस्तक संग्रहालय, गा.बहाल, ल.पु.
९२. वेलुवनाराम विहार, थेच्व
९३. शुभमंगल विहार, थानकोट
९४. शाक्यसिंह विहार, थैना
९५. शाक्यमुनि कीर्ति विहार, सनुगल
९६. श्री पद्मवर्ण महायान विहार गुम्बा, ललितपुर
९७. श्री प्रणिधिपूर्ण महाविहार, बलम्बु
९८. श्रीघ: विहार दायक समिति, काठमाडौं
९९. श्रीघ: विहार बुद्धपूजा पुच:, काठमाडौं
१००. श्रीसुमंगल विहार, सैंखुसी
१०१. सुखी होस् नेपाल
१०२. सुधम्माराम विहार, कोबहाल
१०३. सुनन्दाराम विहार, थैना
१०४. सूर्योदय बुद्धविहार, भेडेटार
१०५. सुलक्षणकीर्ति विहार, चोभार
१०६. सुवर्ण छत्रपुर विहार, लुभु
१०७. सतिपट्ठान विपस्सना भावना धम्माराम, बाँडेगाउँ
१०८. सिद्धार्थ बौद्ध समाज, पुण्यकीर्ति बुद्धविहार, भैरहवा
१०९. सिद्धिमंगल बुद्धविहार, बलि
११०. सिद्धिमानसिंह फाउन्डेसन, स्वयम्भू
१११. Nepalese Buddhist Student's Association, Srilanka
११२. Inertational Shakyamuni Buddha Vihara, Vipassana Center, USA
११३. Varapunya Meditation Centre, Aberdeen, Scotland
११४. London Mindfulness Meditation Centre, Hendon, UK
११५. Wat Pahdhammaransi, Maesot, Thailand
११६. Wat Pabhuridattapatipadaram, Pathumthani, Thailand
११७. Wat Paknam Bhasicharoen, Thailand
११८. Wat Dhammakaya, Thailand
११९. Shree Sudharmarama International Buddhist Center, Sri Lanka,
१२०. World Alliance of Buddhists (WAB), Thailand
१२१. Royal Thai Monastery, Bodhgaya, India

बु.सं. २५६३, गुँलाथ्व दशमी ने.सं. ११३९, श्रावण शुक्लपक्ष दशमी वि.सं. २०७६ श्रावण २५, शनिवार, 10th August 2019
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

**अग्गमहापण्डित तथा अग्गमहासद्धम्मजोतिकधज**
**विभूषणबाट विभूषित अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष**
**भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर ज्यूमा**
**पोखराका विहार, गुम्बा र बौद्ध संस्थाहरूबाट**
**संयुक्त रूपमा चढाएको**

# अभिनन्दन-पत्र

पूज्यपाद महास्थविर भन्तेज्यू,

रमणीय श्वेत हिमाल अन्नपूर्ण र माछापुच्छ्रेको काखमा अवस्थित पर्यटकीय नगरी पोखरामा आज यही पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चल पाल्पा, तानसेनमा वि.सं. १९९६ मा जन्मनु भई १६ बर्षको कलिलो उमेरमा म्यानमार पुगेर २०१३ सालमा श्रामणेर दीक्षा ग्रहण गरी हाल अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष, धर्मोदय सभाका केन्द्रीय अध्यक्ष, नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष तथा नेपाली भिक्षुहरूका गरिमामय उप-संघ नायक पदमा आसीन पूज्यपाद भन्ते ज्ञानपूर्णिक महास्थविरज्यूलाई २५५७ औं बुद्ध जयन्तीको पावन दिवसको उपललक्ष्यमा आयोजित यस समारोहमा समस्त पोखराका बुद्धविहार र गुम्बाहरू तथा बौद्ध सस्थाहरूका तर्फबाट सार्वजनिक अभिनन्दन गर्न पाएकामा हामी पोखरा वासीहरू अत्यन्त गौरवान्वित भएका छौं।

मूर्धन्य विद्वान प्राज्ञ भन्तेज्यू,

पूज्य भन्तेबाट देश, विदेशका शिक्षण संस्थाहरू र ज्ञानी बौद्ध विद्वान तथा दार्शनिकहरूको सानिध्यमा रही बौद्ध धर्म, दर्शन र वाङ्मयको गहनतम् अध्ययन, अनुसन्धान र अन्वेषण गरेर आफ्नो विद्वता र प्राज्ञिका फांट व्यापक र विस्तृतपारी बुद्ध धर्मको प्रचार-प्रसार र सिंगो बौद्ध शासनिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनु एक अनुपम नमूना, उदाहरणीय एवं प्रशंसनीय कार्य भएको छ।

विश्वशान्ति विहारका अधिपति भन्तेज्यू,

पूजनीय भन्तेबाट विश्वशान्ति विहारको अधिपति भएर विश्वशान्ति बौद्ध शिक्षालयको स्थापना, नेपाल बौद्ध परियत्ति शिक्षाको प्रचार-प्रसार, थेरवाद बौद्ध एकेडेमीको स्थापना, अन्तर्राष्ट्रिय भावना केन्द्रको स्थापना, महत्वपूर्ण धार्मिक ग्रन्थको लेखन तथा अनुवाद, पालि-बर्मेली विश्व शब्दकोषको निर्माणमा संलग्नता, मणिमण्डप महाविहार, पाटनको जीर्णोद्धार जस्ता महत्वपूर्ण एवं रचनात्मक धार्मिक कार्यहरू गर्नुका साथै राष्ट्रिय, अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरूमा सक्रिय सहभागी भएर धर्मदूतका रूपमा विभिन्न देशहरूमा पुगेर सारगर्भित देशना र प्रखर प्रवचनबाट प्रभावपार्नु तथा सिंगापुर र मलेशिया लगायतका देशहरूमा नियमित ध्यान भावनाको अभ्यास गराउनु नेपाल र नेपालीको मान, सम्मान र प्रतिष्ठा बढाउनु हो।

धर्मदूतका रूपमा सम्मानित भन्तेज्यू,

पूज्य भन्तेबाट जनजीवनका विभिन्न क्षेत्रहरूमा पुऱ्याउनु भएको योगदानको कदर गरेर धर्मोदय सभाबाट धर्मोदय धम्म सम्मान, अखिल नेपाल भिक्षु महासंघको अग्रसारितामा अभिनन्दित हुनुका साथै म्यानमार सरकारबाट अग्गमहासद्धम्मजोतिकधज र अग्गमहापण्डित, म्यानमारकै महाशी शासनयैता ध्यानकेन्द्रको तर्फबाट ओवादाचार्य र कम्मठ्ठाचार्य तथा भरखरै थाइलैण्डको महामकुट बौद्ध विश्व विद्यालयबाट मानार्थ विद्यावारिधिको उपाधिबाट विभूषित हुनु नेपाल राष्ट्रको गौरवको कुरा हो।

हामी राष्ट्रका निधिका रूपमा सम्मानित पूज्य भन्तेको सुकीर्ति आगामी दिनहरूमा अरू फैलिदै जाओस् भन्ने कामना गर्दै यहांको आयु आरोग्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

## अभिनन्दन चढाउने हामीहरू:

१. धर्मशीला बुद्ध विहार, धर्मशीला मार्ग, नदीपुर
२. धर्मसंघ बुद्ध विहार, मोहरियाटोल
३. बौद्ध अर्घौं सदन, गौतमबुद्ध मार्ग, रामघाट
४. कर्मसिद्ध परम्परा धर्मचक्र दिपस्य विहार, माटेपानी
५. झाङछुप छ्यांयेलिङ गुम्बा, हेमजा
६. शाक्य मोनोष्ट्री, हेमजा
७. सुखावती बौद्ध गुम्बा, गाईघाट
८. धेछेलिङ गुम्बा, दीप
९. विश्व शान्ति गुम्बा, फुलवारी '
१०. विश्व शान्ति स्तूप समिति, अनदू
११. गोर्डेन धारग्यालिङ गुम्बा, छोरेपाटन
१२. साङ्गाधेन छ्योयलिङ गुम्बा, पृथ्वीचोक
१३. धर्मोदय सभा, कास्की
१४. थकाली सेवा समिति, कास्की
१५. मार्फा थकाली सेवा सदन, चापापानी
१६. नेपाल लामा संघ, गौतमबुद्ध मार्ग
१७. ताङवे समाज, पर्स्याङ
१८. नेपाल तामाङ घेदुङ संघ
१९. दूरा समाज
२०. ह्योल्मो समाज छुस्याङ समाज सेवा समिति
२१. नेपाल मगर संघ
२२. छुस्याङ समाज सेवा समिति
२३. बाह्र गाउँले
२४. मुक्तिनाथ सेवा समिति,
२५. अहिंसावादी बौद्ध धर्म विश्वचक्र संघ
२६. छन्त्याल समाज
२७. तमुधि नेपाल , नयाँबजार
२८. तामाङ बौद्ध सेवा समिति, संगमटोल
२९. तीन गाउँले समाज
३०. मैत्री संघ, नारायणस्थान

भिक्षु श्रद्धानन्द
अध्यक्ष
बुद्ध जयन्ती समारोह समिति, कास्की

वि.सं. २०७० जेष्ठ ११ गते
बुद्ध संवत् : २५५७ / नेपाल संवत् : ११३३



नमो तस्स विभज्जवादी तथागतस्स

श्री शाक्यसिंह विहार

थैना, यल

सुभाय् - पौ

श्रद्धेय/श्री ......उपसंघनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर, विश्वशान्ति विहार, मिनभवन......

नेपाःया न्हापांम्ह संघमहानायक, अग्रमहापण्डित भद्दन्त दिवंगत प्रज्ञानन्द महास्थविरजुया जन्मदिं दँय्दसं हनेया नितिं स्थापना जूगु "अक्षय तृतिया भोजन कोष" यात ग्वाहालिया नितिं ....२५,०००/-........... तका दान याना बिज्यागुलिं/दिगुलिं थुगु सुभाय् पौ देछानागु जुल ।

॥चिरं तिट्ठतु सद्धम्मो॥

(अ.ज्ञाणवती)
कोषाध्यक्ष

(फ्राखु शोभन डा. धर्मपाल महास्थविर)
विहार प्रमुख

(देवेन्द्र बज्राचार्य)
सचिव

दिं. बु.सं. २५६०, अक्षय तृतिया
(बि.सं.२०७४ वैशाख १६ गते, शनिवार)



"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

ज्ञानमाला सभा

महाचैत्य विहार, टक्सार, तानसेन, पाल्पा

श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूमा सादर समर्पित

सम्मान - पत्र

पूज्य भन्ते:

यहाँको जन्मस्थल पाल्पा, तानसेन टक्सारको महाचैत्य विहारको ऐतिहासिक प्राङ्गण जुन पावनस्थल यहाँको बाल्यकालको क्रिडास्थलको रूपमा रहयो । यहि महाचैत्य विहार स्थित शीलपाठशालामा यहाँले आफ्नो पहिलो अध्ययन प्रारम्भ गर्नु भई श्रद्धेय भिक्षु, गुरूमाज्यूहरूबाट प्रदान गरिएका सारगर्भिक उपदेशहरूबाट प्रेरित हुनुभैं थेरवादी बौद्ध शासनमा महत्वपूर्ण योगदान दिने अठोटकासाथ भिक्षु जीवन अवलम्बन गरि देश, विदेश भ्रमणगरी बौद्ध धर्मको प्रचार प्रसारको महान कार्यमा आफ्नो जीवन समर्पण गर्ने सपना देख्नुभयो । सारगर्भिक सपनाका द्रष्टा यहाँले आफ्नो सपनालाई साकार बनाउने क्रममा थेरबादी बौद्ध शासनमा पुन्याउनु भएको विशिष्ट योगदानबाट नेपालको बौद्ध जगतमात्र नभई अन्तर राष्ट्रिय बौद्ध जगत समेत लाभान्वित भएको सुखद अनुभव हामीले गरेका छौं ।

यहाँ जस्ता सत्पुरुषलाई आफ्नो जन्मस्थल, क्रिडास्थल र अध्ययनस्थल महाचैत्य विहारको प्राङ्गणमा स्वागत तथा सम्मान गर्न पाउँदा हामी ज्ञानमाला सभा, बौद्ध महिला आजीवन दायक समितिका सदस्यहरूका साथै यहाँका बालसखाहरू, आत्मजनहरू हर्षले विभोर भएका छौं । यहाँले आफ्नो जीवन बौद्ध धर्मको प्रचार प्रसारको लागि समर्पण गर्नु भई पुन्याउनु भएको महत्वपूर्ण योगदानलाई कदर तथा उच्च सम्मान गर्दै यो सम्मान पत्र सादर समर्पण गरेका छौं ।

सुश्री सुमना शाक्य
अध्यक्ष
एवं बौद्ध महिला आजीवन दायक समिति, परिवार

मिति: २०६८ माघ २२ गते

चकोरमान शाक्य
अध्यक्ष
एवं ज्ञानमाला सभा परिवार
महाचैत्य विहार, टक्सार, तानसेन



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# अमरापुर बुद्ध विहार

बुंगमती, ललितपुर

## बधाई पत्र

उपसंघनायक श्रद्धेय भिक्षु ज्ञानपुर्णिक महास्थविर।

नेपालको थेरवाद बुद्ध शासनलाई शिखरमा पुर्याउन परियत्ति र प्रत्तिपटि शासनमा अतुल्यनिय योगदान पुर्याउनु भई भविष्यमा पनि निरन्तरताको लागि गुरू चेलाको परम्परालाई अटूटरूपमा अगाडि बढाउने शासनिक कार्यमा शासनिक योगदानको लागि जग बसाल्नुहुने तपाई अग्गमहासद्धम्मजोतिकधज शासनधज धम्माचरिय, विपस्सना ध्यान गुरू, विश्व शान्ति विहार प्रमुख तपाई वर्तमान नेपालका दोस्रो जेष्ठ महास्थविर अखिल नेपाल भिक्षुमहासंघ बाट २०६८ फागुन २६ गते विश्व शान्ति विहार सीमा गृहमा उपसंघनायक प्रतिस्थापन विधि बाट उपसंघनायक पदवि बाट विभूषित हुनु भएको सुखद उपलक्ष्यमा यस अमरापुर बुद्ध विहार प्रमुख तथा सम्पुर्ण उपासक उपासिकाहरूको तर्फबाट सुस्वास्थ निरोगी  दिर्घायुको कामना सहित थेरवाद बुद्धशासनिक योगदान एवं सुकीर्ति अभिबृद्धिको कामना सहित यो बधाई पत्र प्रदान गर्न पाउंदा हर्षित भएका छौं।

विहार प्रमुख
अनागारिका चारूत्राणी



" पूजा च पूजनेय्यानं एतं मङ्गलमुत्तमं "

## थेरवाद बुद्धिष्ट एकेडेमी

विश्वशान्ति विहार
मीनभवन, नयाँबानेश्वर
स्थापना :२०६९ (बु.सं.२५५६)

## सम्मान-पत्र

श्रद्धेय संघउपनायक, प्राचार्य डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू,

बुद्ध जन्मभूमी नेपालमा, बुद्धधर्म, बौद्ध संस्कृति तथा बुद्ध शिक्षाका लागि आजीवन समर्पित श्रद्धेय धम्माचरिय, अग्गमहापण्डित, कर्मस्थानाचार्य यहाँले यस थेरवाद बुद्धिष्ट एकेडेमीको स्थापना गर्नु भई बौद्ध प्राज्ञिक क्षेत्रकोलागि अनुपम योगदान गर्नु भएको छ ।

अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वको रुपमा परिचिति यहाँले नेपालको बुद्धशासनको अभिवृद्धिको लागि गर्नुभएको र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ध्यान भावनाको प्रचार प्रसारमा समर्पित हुनु भएको योगदानलाई कदर गरि मित्रराष्ट्र थाइलायण्डको सुप्रसिद्ध महाचुलालंकर्ण राजविद्यालयबाट पालि वाङमयमा "मानार्थ विद्यावारिधि (Honorary Doctorate Degree) " तथा थाइलायण्डकै महामुकुट बौद्ध विश्वविद्यालयबाट "Doctor of Philosophy" उपाधिबाट सुशोभित हुनु हामी सबैको लागि धर्म गौरबको विषय हो ।

यस एकेडेमीका संस्थापक प्राचार्यज्यू, तपाईंप्रति अन्तर्राष्ट्रिय क्षेत्रबाट गरिएको धर्मगौरबको उच्च सराहना गर्दै यहाँको धार्मिक ब्यक्तित्व, अनुपम कृतित्व एवं अथक योगदानको पनि उच्च मूल्यांकन गर्दै यहाँको सुस्वास्थ्य, निरोगी, दीर्घायु तथा मैत्री कामनाका साथ माननीय पूर्व उपप्रधानमन्त्री तथा सांसद श्री प्रकाशमान सिंहज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भवन शिलान्यास तथा सम्मान कार्यक्रममा यो सम्मान-पत्र अर्पण गर्दछौं ।

महेन्द्ररत्न शाक्य
संयोजक
थेरवाद बुद्धिष्ट एकेडेमी

माननीय प्रकाशमान सिंह
सांसद
प्रमुख अतिथि

भिक्षु निग्रोध स्थविर
सचिव
थेरवाद बुद्धिष्ट एकेडेमी

मितिः २०७३ श्रावण ३१ गते सोमबार


प्र.जि.अ.का.का.सं.द.नं. ३८३/०४७

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# अखिल नेपाल भिक्षु महासंघ

विश्वशान्ति विहार, नयाँ बानेश्वर, काठमाडौं ।
स्थापना : वि.सं. २००७

## प्रमाण-पत्र

अखिल नेपाल भिक्षु महासंघको विधान २०४७ बमोजिम ४ वर्ष अवधिका लागि भिक्षु महासंघको कार्यकारिणी समितिको ......अध्यक्ष...... पदमा निर्वाचित/मनोनित हुनुभएकोमा भिक्षु ......ज्ञानपूर्णिक महास्थविरज्यू...... लाई साधुवादसहित यो **प्रमाण~पत्र** प्रदान गरिएको छ ।

धर्म र विनय साथै महासंघको विधानअनुरुप बुद्धशासनिक उन्नति एवं अभिवृद्धिका लागि आफ्नो पदीय दायित्व बहन गर्न सकून् भन्ने हार्दिक शुभेच्छा व्यक्त गरिएको छ ।

मितिः २०६९ श्रावण २० गते, शनिबार

अग्गमहासद्धम्मजोतिकधज भिक्षु अश्वघोष महास्थविर
संघनायक
अखिल नेपाल भिक्षु महासंघ


LUMBINI DEVELOPMENT TRUST-1985

## Letter of Appreciation

*The Lumbini Development Trust*
*feels privileged to present this certificate of Honor to*
*Venerable* Gyanpurnik Mahasthavir *for your glorious contribution to world peace and dissemination of Shakya Muni Buddha's teachings.*
*With immense pleasure and humanity, we pray for a long life of Venerable and pray success in your ecclesiastical works.*

**Dr. Minendra Rijal**
Chairman and Minister of Culture

**Acharya Karma Sangbo Sherpa**
Vice - Chairman

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"



# सुगन्ध विहार

रिडी बजार, गुल्मी

## कदर-पत्र

नेपाल बुद्ध जन्मभूमि लुम्बिनी अञ्चलको पाल्पा तानसेनमा जन्मनु भई स्थविरवाद बुद्ध धर्म पुनरुत्थानको दोश्रो चरणमा यस धर्म प्रति बाल्यकाल देखी समर्पित भई आफ्नो सम्पूर्ण जीवन बुद्ध धर्म र संघका लागि अतुलनीय योगदान दिनु भई स्वदेश लगायत बिदेशमा बुद्ध धर्म प्रचार प्रसारमा समेत योगदान पुऱ्याउदै वर्तमानमा रिडी क्षेत्रका जेहेन्दार बिद्यार्थीहरुलाई बर्षेनी छात्रवृत्ति प्रदान गर्न अक्षयकोष स्थापना गरी शिक्षा क्षेत्रमा समेत योगदान पुऱ्याउनु भएकोमा वहाँ श्रद्धेय "अग्गमहासद्धम्म जोतिक धज" उपाधि बाट बिभुषित एवं विश्व शान्ति विहार, बानेश्वर,काठमाण्डौका अधिपति धम्माचरिय भिक्षु ज्ञान पूर्णिक महास्थविर ज्यूलाई यस सुगन्ध विहार रिडीको तर्फबाट हार्दिक कृतज्ञताका साथ यो कदर-पत्र प्रदान गरिएको छ ।

मिति २०६८माघ २१ गते शनिबार

| | | |
|---|---|---|
| (जीवन कुमार कसजू ) | (सुवर्ण लाल कक्षपति ) | ( भुवन मायाँ याछे ) |
| सचिव;-दायक समिति | संयोजक | अध्यक्ष |

"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"



# ज्ञानमाला सभा

महाचैत्य विहार, टक्सार, तानसेन, पाल्पा

स्था. : २००४

## कृतज्ञता ज्ञापन

पाल्पा, तानसेनको यस टक्सार टोलमा जन्मनु भएका पूज्यपाद संघ उपनायक एवं अखिल नेपाल भिक्षु महासंघ तथा केन्द्रिय धर्मोदय सभाका अध्यक्ष, म्यानमार सरकारबाट अति विशिष्ट धार्मिक गौरवमय पदवी "अग्ग महापण्डित" उपाधिद्वारा विभुषित बुद्ध शासनिक व्यक्तित्व भिक्षु ज्ञानपूर्णिक महास्थविर ज्यूबाट वहाँकै जन्मथलो टक्सारको महाचैत्य विहारमा निर्मित परिक्रमित बुद्ध प्रतिमा स्थापितका निमित्त हामीलाई प्रोत्साहित एवम् प्रेरणादायी सहयोग गर्नु भएकोमा श्रद्धेय भिक्षु प्रति अनुग्रहित भएका छौं र हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछौं ।

पूज्यनीय महास्थविर भन्तेज्यूको बुद्ध शासनिक सफलतम् जीवन एवम् सुस्वास्थ्यका लागि मैत्रीपूर्ण कामना गर्दछौं. ।

.....................

चकोर मान शाक्य

अध्यक्ष

एवं ज्ञानमाला सभा परिवार

महाचैत्य विहार टक्सार, तानसेन

मिति :-२०७० श्रावण ७ गते गुरु पूर्णिमा



नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# नेपाल राष्ट्रिय ज्ञानमाला समिति

## काठमाडौं, नेपाल

स्था. २०५१

पुजनीय पुज्यपाद संघनायक
अग्गमहापण्डित शासनधज धम्माचरिय
भिक्षु डा. ज्ञानपूर्णिक महास्थविरज्यू,
विश्वशान्ति विहार, मीनभवन, काठमाडौं ।

### हार्दिक बधाई ज्ञापन-पत्र

विश्वशान्तिका नायक भगवान बुद्धको पवित्र जन्मभूमि नेपालको सातौं संघनायक पदवीले विभुषित हुनु भएको अति पुजनीय भन्ते यहाँले नेपालको थेरवादी बुद्ध धर्मलाई संरक्षण र सम्वर्द्धन तुल्याउनको निम्ति आफ्नो सम्पूर्ण जीवन उत्सर्ग गर्नु भएर पुऱ्याउनु भएको बुद्ध शासनिक योगदानहरुले यहाँ राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्र कै एक उज्ज्वल नक्षत्र एवम् गौरवनीय ब्यक्तित्व हुनु भएको छ । नेपालको बुद्ध शासनमा यहाँको अतुलनीय यशकीर्तिहरु सुनौलो अक्षरले लेखिने इतिहासहरु हुन् ।

बुद्ध जन्मभूमि नेपालमा भगवान बुद्धको शास्वत उपदेशहरुलाई विश्वब्यापि रुपमा सम्प्रेषण गर्ने पवित्र उद्देश्यले वि.सं. २०५१ चैत्र १८ गते स्थापना भएको यस नेपाल राष्ट्रिय ज्ञानमाला समितिको गौरवमय "धम्मानुशासक" पदमा यहाँलाई प्रतिस्थापन गर्न पाउँदा हामी अत्यन्तै गौरवान्वित भएका छौं ।

पुज्य संघनायक भन्ते । यहाँको सुस्वास्थ्य दिर्घायुको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै हामी अत्यन्त धर्म गौरवपूर्वक यो **हार्दिक बधाई ज्ञापन-पत्र** सुविनितपूर्वक सादर समर्पण गर्दछौं ।

| | | |
|---|---|---|
| श्री इन्द्रमुनी शाक्य | श्री प्रा. सुवर्ण शाक्य | श्रीमती रमना श्रेष्ठ |
| महासचिव | संरक्षक | अध्यक्ष |
| नेपाल राष्ट्रिय ज्ञानमाला समिति, काठमाडौं | नेपाल राष्ट्रिय ज्ञानमाला समिति, काठमाडौं | नेपाल राष्ट्रिय ज्ञानमाला समिति, काठमाडौं |

इति सम्वत २०७६ साल आश्विन १ गते बुधबार



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# अभिनन्दन-पत्र

तथागत सम्यक्सम्बुद्धको सद्धर्ममा श्रद्धा र गौरवपूर्वक प्रव्रजित हुनुभई
बुद्धजन्मभूमि नेपालमा बुद्धशासन अभिबृद्धिको लागि जीवन समर्पित गर्नुभएका
यहाँ उपसंघनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर लाई
नवगठित अखिल नेपाल भिक्षु महासंघको गौरवमय अध्यक्ष हुनुभएकोमा
हार्दिक मैत्रीपूर्ण शुभकामनासहित ससाधुवाद यो अभिनन्दन-पत्र अर्पण गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| प्रमुख अतिथि | धर्मानुशासक | अध्यक्ष | उपाध्यक्ष | महासचिव |
| मा. डा. केशव मान शाक्य | संघनायक अश्वघोष महास्थविर | भिक्षु संघरक्षित स्थविर | बिद्या सागर तुलाधर | विजय रत्न तुलाधर |
| मन्त्री, विज्ञान तथा प्रविधि | आनन्द भुवन विहार | "सद्धम्म कोविद" | | |

बुद्धशिक्षा जागरण समिति, आनन्द भुवन विहार
भुइखेल-१५, स्वयम्भू, काठमाडौं, नेपाल । पो.ब.नं. ११६१६, काठमाडौं ।
मितिः बु.सं. २५५६/ ने.सं. ११३२/ वि.सं. २०६९ असोज १० गते, बुधवार, एकादशी






नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

**सम्मान-पत्र**

भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी, नेपाल धर्मोदय महाचैत्य गुम्बा विहार निर्माण समितिले निर्माण गरेको स्वयम्भू आकारको महाचैत्यका लागि दाता **अनागारिका उत्पलवर्णले** श्रद्धा दान गर्नु भएकोले वहाँलाई साधुवाद साथ **'धर्मोदय संघ चित्त पालक'** सम्मान गरिएको छ । दाता र वहाँका परिवारलाई पुण्य लाभ होस भनी कामना गर्दछौं ।

द्रव्य मान सिंह तुलाधर
अध्यक्ष

पद्म ज्योति
महासचिव

लक्ष्मी दास
कोषाध्यक्ष

मिति: २०७० साल पौष २६ गते




"पुजा च पुजनेय्यानं एतं मंगल मुत्तम"



## धम्म-मुदित अभिनन्दन ज्याझ्व:या

## ब्वना-पौ

अखिल नेपाल भिक्षु महासंघपाखें २०७६ बैशाख १ गते आइतवार कुन्हु संघनायक पतिट्ठानविधिसहित संघसम्मतिं संघनायक पदवीं विभूषित नेपा:या न्ह्यम्ह्म्ह अति पूजनीय संघनायक, अखिल नेपाल भिक्षु महासंघया संरक्षक अग्गमहापण्डित सासनधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरया बुद्धशासनिक योगदान लुमंका: अखिल नेपाल भिक्षु महासंघ न्ह्यज्यासे थीथी विहार व सम्बद्ध संघसंस्थाया मुनाय् सम्माननीय उपराष्ट्रपति नन्दकिशोर पुनया मूपाहाँसुइ जुइगु सार्वजनिक धम्ममुदित अभिनन्दन हना-ज्याझ्व:स ब्वति कया: श्रद्धा देछायेया नितिं ब्वनाच्वना ।

दिं - २०७६ श्रावण २५ गते, शनिवार (10th August, 2019)
थाय् - नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी
आसन ग्रहण - १:३० बजे
ई - न्हिनसिया पायछि २:०० ता:-४:०० तक
स्वापू - ९८५१०४६१८८, ४२२६७०२ ९८५११६७५२५, ४१०६९४१, ४१०६९३६

ब्वंम्ह
संघनायक अभिनन्दन समारोह समिति, २०७६
अखिल नेपाल भिक्षु महासंघ

तुच्वा-जलपानं त्यू ज्याझ्व: क्वचाइ ।





नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

अभिनन्दन-पत्र

२००७ सालदेखि बुद्धजन्मभूमि नेपाल राष्ट्रमा
बुद्धशासन अभिवृद्धिको लागि निरन्तर अग्रगामी
थेरवादी भिक्षुहरूको छाता संगठन
धम्माचरिय श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको अध्यक्षतामा
यही २०६९ श्रावण २० गते, शनिवारका दिन
नवगठित अखिल नेपाल भिक्षु महासंघ लाई
हार्दिक मैत्रीपूर्ण शुभकामनासहित ससाधुवाद
यो अभिनन्दन-पत्र अर्पण गरेका छौं ।
नेपालका बौद्ध संघसंस्थाहरू बीच अभिभावकीय भूमिकासहित
सबैको प्रेरणा र आदर्श बनिरहोस् भन्ने हार्दिक कामना गर्दछौं ।
चिरं तिट्ठतु सद्धम्मो । सद्धर्म चिरस्थायी रहोस् ।

अध्यक्ष: धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविर, उपाध्यक्षहरू: भिक्षु धर्मगुप्त महास्थविर, भिक्षु धर्ममूर्ति महास्थविर, महासचिव: भिक्षु कोण्डन्य स्थविर, सचिव: भिक्षु राहुल महास्थविर, कोषाध्यक्ष: भिक्षु सोभित महास्थविर, सदस्यहरू: भिक्षु शीलभद्र महास्थविर, भिक्षु भद्दिय महास्थविर, भिक्षु सद्धातिस्स महास्थविर, भिक्षु निग्रोध स्थविर, भिक्षु संघरक्षित स्थविर, भिक्षु वज्जालय, भिक्षु विमलो, भिक्षु सरणंकर, भिक्षु पियदस्सी ।

बुद्धशिक्षा जागरण समिति, आनन्द भुवन विहार


ॐ
मृत्योर्मा अमृतं गमय
कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी – २०५३ द्वारा समर्पित

अभिनन्दनपत्र

भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू !

वि. सं. १९९६ सालको कार्तिक शुक्ल हरिबोधिनी एकादशीका दिन पाल्पामा जन्मिई बर्माको पाली विश्वविद्यालयबाट "सासनधज धम्माचरिय" नामक बौद्ध धार्मिक उपाधि लिनुका साथै बनारसबाट संस्कृत भाषा-साहित्यमा शास्त्री र अङ्ग्रेजी भाषातर्फ पनि स्नातक गर्नुभएका तपाईंले नेपालमा स्थविरवाद बुद्धधर्मको पुनरुत्थानमा खेल्नुभएको भूमिका चिरस्मरणीय र प्रशंसनीय रहेको छ । बर्मा बुद्धशासन काउन्सिलको आग्रहमा "पाली-बर्मिज विश्व शब्दकोश" को सम्पादनकार्य गर्नुभएका तपाईंले विभिन्न भाषामा प्रकाशित बौद्ध धार्मिक साहित्यको नेपाल भाषामा अनुवाद तथा प्रकाशन गर्नुका साथै लेखनकार्य पनि गरेर धार्मिक साहित्यमा मात्र नभई नेपाल भाषा-साहित्यका क्षेत्रमा पनि ठूलो योगदान गर्नुभएको छ । बौद्ध धर्मदर्शनको जानकारी दिलाउन नेपाली भाषामा पत्रिकाहरूको प्रकाशन गराउनमा पनि तपाईंको अहम् भूमिका रहेको छ । एसिया महादेशबाट युरोप महादेशमा धर्मदूतका रूपमा पुग्ने अवसर पाउनुभएका तपाईंले बर्मा, भारत, बेलायत, अमेरिका, अस्ट्रेलिया आदि देशहरूमा बौद्ध धर्मको सन्देश फैलाउनुभएको छ । रुस र मङ्गोलियामा भएको शान्ति सम्मेलनमा पुगेर तपाईंले नेपालको अहिंसावादी सन्देश फिँजाउनुभएको छ भने मलेसिया र सिङ्गापुरमा ध्यानशिविर सञ्चालन गर्नुभएको छ ।

ललितपुरको पटकोस्थित धपगा:बहीलाई जीर्णोद्धार गरी मणिमण्डप विहारका रूपमा पुनर्निर्माण गर्नुभएका तपाईंले धर्मप्रचार गर्ने क्रममा ललितपुरको ठेचोमा पनि बेलुवनाराम विहार निर्माणकार्यमा सक्रियता देखाउनुभएको कुरा बिर्सन सकिँदैन । बानेश्वर आलोकनगरमा विश्व शान्ति विहार निर्माण भएर तपाईंको रेखदेखमा रहने गरी भिक्षु महासङ्घलाई प्रदान गरिएपछि त्यसको सदुपयोग तथा पुनर्निर्माणकार्य पनि तपाईंको नेतृत्वमा भएको छ ।

तपाईंको योगदानलाई कदर गरी म्यानमार सरकारले अग्गमहासद्धम्मजोतिकधज तथा अग्गमहापण्डित जस्तो उच्च धार्मिक पदवीबाट विभूषित गरेको र थाइल्यान्डको महामुकुट बौद्ध विश्वविद्यालयले बौद्धदर्शनका लागि मानार्थ विद्यावारिधि प्रदान गर्नुका साथै जापानको विश्व बौद्ध सम्मेलनले पनि तपाईंलाई अन्तर्राष्ट्रिय ख्याति दिलाउन सक्नु नेपालकै लागि गौरवको विषय बनेको छ ।

नेपालमा बौद्धधर्मको आध्यात्मिक एवं शैक्षिक जागरणकार्यमा आफ्नो जीवन समर्पण गरी विशेष योगदान दिँदै आउनुभएका तपाईंको यिनै अत्युच्च योगदानको उच्च कदर गर्दै चिरायु तथा सुस्वास्थ्यको कामनाका साथ "कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी" यो "अभिनन्दनपत्र – २०७०" अर्पण गर्दछ ।

सूर्यबहादुर थापा
प्रमुख अतिथि
पूर्वप्रधानमन्त्री

सत्यमोहन जोशी
अध्यक्ष
कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी-२०५३

इति सम्वत् २०७० साउन ११ गते शुक्रबार
(कर्मयोगी बद्रीविक्रम थापाको ९१ औं जन्मस्मृतिसभा)


नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

श्रद्धेय अग्गमहासद्धम्मजोतिकधज धम्माचरिय व्यक्तित्व
भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू,
विश्व शान्ति विहार, मिनभवन, नयाँ बानेश्वर

हना – पौ

श्रद्धेय भन्ते ! छ:पिं बाल्यकाल निसें बुद्ध शासनय्
श्रामणेर प्रब्रजित जुया बिज्यात ।
मचां निसें बर्मा बिज्याना: बुद्ध धर्म दर्शन, पाली अभिधर्मया
गहन अध्ययन याना बिज्याना: अन हे उपसम्पन भिक्षु जुया बिज्यागु
थौं ५० दँ पूवंगु जिपिं सकल उपासक उपासिकापिनि निंतिं
छगु अविस्मरणीय पुण्यमय क्षण ख: ।

थुगु सुखद क्षणया लसताय् छलपोलया व्यक्तित्व, कृतित्व व
योगदान यात लुमंका: उपसम्पन्न स्वर्ण दिवस समारोह
झ: झ: धायेक हने त्यंगुलिइ छलपोलया गिं उसांय्,
ता: आयुया मंगल मैत्री देछाना च्वना ।

अभिनन्दन देछा:पिं

प्रेमशोभा भोजन पुच:
बिश्व शान्ति बिहार
मिन भवन, नयाँ बानेश्वर

ने.सं.: ११२९ चौलाथ्व त्रयोदशी (२०६५ चैत्र २५ गते)



नमो बुद्धाय
भिक्षु संवेजकीर्ति स्मृति धम्म सम्मान कोष
गण महाविहार, गणबहाल, काठमाण्डौ
स्थापित: २०६६

भिक्षु संवेजकीर्ति स्मृति सिरुपा

अग्गमहा सद्धम्म जोतिकधज
पुज्यपाद उप संघनायक भिक्षु ज्ञानपुर्णिक महास्थविरज्यु,
विश्व शान्ति विहार, मीनभवन ।

भगवान बुद्धको पवित्र जन्मभूमि नेपालको थेरवादी बुद्धशासनमा दुर्लभ-प्रवज्या ग्रहण गर्नु भएर समाजको बहुजन हिताय-बहुजन सुखायको निम्ति अत्यन्त लोक कल्याणकारी "बुद्धधर्म" लाई संरक्षण, सम्बर्द्धन गर्नको निम्ति तथा "सद्धर्म चिरस्थायी" तुल्याउनको निम्ति यहाँले विश्वशान्ति बौद्ध शिक्षालय तथा श्रामणेर अनागारीका तालिम केन्द्र स्थापना गर्नुभएर विविध धार्मिक, शैक्षिक, सामाजिक सेवामा आफ्नो जीवन समर्पण गरिरहनु भएको पुज्य भन्तेज्यू तपाई बौद्ध जगतको एक विशेष व्यक्तित्व हुनुहुन्छ ।

हे शासनधज धम्माचरिय भन्तेज्यू !

तपाईं अभिधर्मका ज्ञाता, अमूल्य बौद्ध पुस्तकहरुका अनुवादक, ध्यानगुरु, बहुआयामिक व्यक्तित्वको धनी, राष्ट्रिय-अन्तर्राष्ट्रिय जगतको गौरवनीय व्यक्तित्व हुनुहुन्छ । नेपालको बुद्ध शासनिक क्षेत्रमा यहाँको असंख्य त्याग, समर्पण तथा अनगिन्ति, अतुलनीय, अमूल्य योगदानको "उच्चतम गुणानुस्मरण" गर्दै, यस ऐतिहासिक गणमहाविहारमा आफ्नो जीवन समर्पण गर्नु भएका तथा विगत ७ दशकदेखि विविध बुद्ध शासनिक पुण्य कार्य सम्पादन गर्दै आउनु भएको व्यक्तित्व दिवगत भिक्षु संवेजकीर्ति स्थविरज्यूको पुण्य स्मृतिमा स्थापना गरिएको "भिक्षु संवेजकीर्ति स्मृति सिरुपा २०६९" (नगद रु. ३,३३३।- सहित) सुविनित पूर्वक यहाँलाई स-सम्मान सादर समर्पण गर्दछु ।

पुज्य भन्तेज्यू !

यहाँको सुस्वास्थ्य, दीर्घायुको कामना गर्दै बुद्धशासनिक क्षेत्रमा यहाँको यशकीर्ति अनन्त सम्म फैलिरहोस भन्ने हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

भिक्षु सोभित महास्थविर
प्रमुख
भिक्षु संवेजकीर्ति स्मृति धम्म सम्मान कोष
मिति: २०६९ बैशाख ७ गते



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स
अग्गमहापण्डित तथा अग्गमहासद्धम्मजोतिकधज पदवीद्वारा विभूषित
विश्वशान्ति विहारका अधिपति, नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष
धर्मोदय सभाका अध्यक्ष एवं अखिल नेपाल भिक्षु महासंघका संघ उपनायक मूर्द्धन्य विद्वान्
परम पूज्यपाद भिक्षु ज्ञानपूर्णिक महास्थविर ज्यूमा
पद्म चैत्य विहार, बौद्ध युवा ज्ञानमाला संघ र बौद्ध महिला संघ, बुटवलले
संयुक्त रुपमा चढाएको

अभिनन्दन-पत्र

पूज्यपाद मूर्द्धन्य विद्वान प्राज्ञ भन्तेज्यू,

ऐतिहासिक महत्व र महत्ताले परिपूर्ण, प्रसिद्ध एवं रमणीय पाल्पा जिल्लाको तानसेनमा जन्मनु भई जीवनको सोह्रौं वर्षको किशोरावस्थामा बुद्धधर्म र बौद्ध दर्शनमा विद्वता हासिल गरी एक कर्मठ र आदर्श भिक्षु बनेर महामानव गौतम बुद्धका शिक्षा र उपदेश जनजनमा पुऱ्याउन प्रव्रजित हुनु भएका 'श्रामणेर ज्ञानपूर्णिक' बौद्धदेश म्यानमार पुगी पूज्य गुरुज्यूहरुको छत्रछाया एवं सान्निध्यमा रहेर बौद्धदर्शन र वाङमयको गहनतम अध्ययन पूरा गर्नु भई उपसम्पन्न हुनु भएका 'भिक्षु ज्ञानपूर्णिक' पालि एवं संस्कृत भाषाको समेत साङ्गोपाङ्ग अध्ययन गर्नु भएका प्राज्ञ भिक्षुको रुपमा प्रादुर्भूत हुँदा धर्मश्रवणबाट लाभान्वित भएका हामी अज्ञानी उपासक-उपासिकाहरु हर्षले गदगद भएका छौं ।

पूजनीय गवेषणकारी ग्रन्थकार एवं गुणवान् धर्मज्ञ भन्तेज्यू,

आफ्नो वर्षौंको अध्ययन, गवेषण र साधनाले हासिल गर्नु भएको ज्ञानलाई सरस, सरल र सुगम तरिकाले मन्त्रमुग्ध हुने गरी ओजपूर्ण प्रवचन गर्नु हुँदै बहुसंख्यक उपासक-उपासिकाहरुको बुद्धधर्म प्रतिको ज्ञानपिपासालाई तृप्त गर्नुका साथै बुद्धधर्म र दर्शन सम्बन्धी पचासौं ग्रन्थ लेखन र अनुवाद गर्नु भई बौद्ध वाङ्मयको श्रीवृद्धिमा विशिष्ट योगदान पुऱ्याउनुका साथै धेरै-धेरै साधक-साधिकाहरुलाई उत्कृष्ट पाठ्यसामग्री उपलब्ध गराईदिनु भएको छ भने परियत्ति शिक्षा र बुद्धवादलाई चतुर्दिक क्षेत्रमा फैलाउन गर्नु भएको अहर्निश र अथक प्रयत्न मर्मज्ञ तथा निष्ठावान पूजनीय भन्तेज्यूबाट मात्र सम्भव हुने भएकाले हामी समस्त उपासक-उपासिकाहरु नतमस्तक हुँदै अत्यन्त श्रद्धापूर्वक कोटि-कोटि नमन गर्दछौं ।

परम पूज्य कर्तव्यप्रिय एवं कर्मनिष्ठ पथप्रदर्शक भन्तेज्यू,

गरिमामय विश्वशान्ति विहारका प्रमुख भई उत्कृष्ट बौद्ध गतिविधि सञ्चालन र कार्यान्वयन, श्रामणेर प्रव्रज्या र शिक्षादीक्षाको सफल व्यवस्थापन, गौरवशाली धर्मोदय सभाको महिमापूर्ण अध्यक्ष तथा अखिल नेपाल भिक्षु महासंघको संघ उपनायक पदमा आसिन हुनु भई प्रभावशाली नेतृत्व तथा पथप्रदर्शन एवं थेरवाद बुद्धशासनिक क्षेत्रमा विशिष्ट योगदानका साथै देशविदेशमा समेत बुद्धधर्मको प्रचारप्रसारमा अत्यन्त प्रभावकारी मार्गदर्शनमा तल्लीन परमपूज्य भन्तेज्यूको निष्कामकर्मबाट अत्यन्त प्रभावित एवं लाभान्वित हामी समस्त उपासक-उपासिकाहरु परमपूज्य भन्तेज्यू समक्ष श्रद्धापूर्वक कृतज्ञता जाहेर गर्दै यसको निरन्तरताका लागि पूर्ण अपेक्षा गर्दछौं ।

परम पूज्यपाद ओजस्वी प्रतिपालक भन्तेज्यू,

दुर्लभ जीवनका ७४ औं वर्षमा प्रवेश गर्नु भएका परमपूज्यपाद भन्तेज्यूबाट करुणाप्रीति राखी देश-देशान्तरको परिभ्रमणको सिलसिलामा पद्म चैत्य विहार, बुटवलका समस्त उपासक-उपासिकाहरु एवं ज्ञातिबन्धुवर्गलाई बुद्धधर्ममा सलग्न भइरहन प्रोत्साहन एवं ऊर्जा प्रदान गर्दै विभिन्न क्षेत्रमा पुऱ्याउनु भएको अमूल्य, अतुलनीय एवं अद्वितीय योगदानका निम्ति अत्यन्त उच्च सम्मानका साथ परमपूज्यपाद भन्तेज्यूलाई 'दि. महास्थविर भिक्षु चुन्द शास्त्री विद्वतवृत्ति' अत्यन्त श्रद्धापूर्वक अर्पण गर्न पाउँदा हर्षले विभोर हुँदै परमपूज्यपाद भन्तेज्यूको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा दीर्घजीवन एवं यशोभिवृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना सहित यो अभिनन्दन-पत्र विनयपूर्वक चढाउँदछौं ।

भवतु सब्ब मंगलं

| | | |
|---|---|---|
| ( सुन्दरलाल शाक्य ) | ( शुभलक्ष्मी गुभाजू ) | ( विमलबहादुर शाक्य ) |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| बौद्ध युवा ज्ञानमाला संघ | बौद्ध महिला संघ | पद्म चैत्य विहार संचालक समिति |

तथा
पद्म चैत्य विहार, बुटवलका समस्त उपासक-उपासिकाहरु

वि.सं. २०६९ चैत्र २९ गते बिहिवार ● ने.सं. ११३३ चौलाथ्व शुक्लपक्ष १ ● बुद्ध संवत् २५५६ ● इस्वी सन् २०१३ अप्रिल ११



बुद्धजयन्ती समारोह समिति, २५५८
आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं ।
नगर कार्यालय : श्रीघः विहार, नःघल, काठमाडौं

सम्मान-पत्र

पूज्यपाद संघउपनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर,
"अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय"
विश्वशान्ति विहार, नयाँ बानेश्वर, काठमाडौं ।

बुद्ध जन्मभूमि राष्ट्र नेपालमा बुद्धको जीवनोपयोगी उपदेशलाई जनमानसमा पुऱ्याउने विभिन्न माध्यम अन्तर्गत दशकौं अगाडिदेखि बुद्धजयन्ती समारोह समितिले राष्ट्र प्रमुख वा सरकार प्रमुखको समेत गरिमामय उपस्थिति रहने गरी प्रचार प्रसारमुखी धार्मिक कृयाकलाप संचालन गरिदै आइरहेको छ । विश्वज्योति विश्वविख्यात महामानव बुद्धको अनुयायी बनेर, बुद्धशासनमा प्रव्रजित भई शासनिक कार्यप्रति समर्पित यहाँको परिचय नेपाली बौद्ध जनमानसमा स्मरण योग्य रूपमा रहेको छ । बुद्धजयन्ती समारोह समिति, आनन्दकुटी विहारको आयोजनामा सम्पन्न भइरहेको स्थानीय एवं राष्ट्रिय कार्यक्रममा यहाँबाट निस्वार्थभावले पुऱ्याउनुभएको योगदानलाई कदर गरी बुद्धजयन्ती समारोह समिति सश्रद्धा मैत्रीपूर्वक यो धार्मिक सम्मान-पत्र अर्पण गर्दछ । २५५८ औं बुद्धजयन्तीको उपलक्ष्यमा सम्माननीय प्रधानमंत्री सुशील कोइरालाज्यूको प्रमुख आतिथ्यमा आयोजित यस गरिमामय बौद्ध सार्वजनिक सभामा यहाँलाई सम्मान गर्न पाउँदा बुद्धजयन्ती समारोह समितिलाई धर्म गौरवको अनुभूति भइरहेको छ ।

यहाँको सुस्वास्थ्य एवं दीर्घायु कामनासहित यहाँलाई मैत्रीपूर्ण साधुवाद व्यक्त गर्दछ ।

| | | |
|---|---|---|
| महासचिव | प्रमुख अतिथि | अध्यक्ष |
| गौतम शाक्य | सम्माननीय सुशील कोइराला | भिक्षु धर्ममूर्ति महास्थविर |
| बुद्धजयन्ती समारोह समिति | प्रधानमन्त्री | बुद्धजयन्ती समारोह समिति |

मिति : बुद्ध संवत् २५५८, ने.सं. ११३४, (वैशाखपुन्हि) बि.सं. २०७१/०१/३१ गते बुधवार



"पूजा च पुजनेय्यानं एतं मङ्गलमुत्तमं"
विश्व शान्ति विहार दायक समितिपाखें

अभिनन्दन

पूज्यवर भदन्त ज्ञानपूर्णिक महास्थविर

छलपोल पश्चिम नेपाःया तानसेनय् पिता सूर्यलाल शाक्य व माता चन्द्रमाया शाक्यया सुपुत्र (हिरालाल शाक्य) वि.सं. १९९६ कार्तिक शुक्ल एकादशी खुन्हु जन्म जुया बिज्यात । छलपोल ११ दँया बाल्यावस्थानिसें पूज्य बुद्धघोष महास्थविरया छत्रछाँयय् च्वना बुद्धधर्मया प्रारम्भिक शिक्षा व पालि भाषा अध्ययन याना १६ दँया बैशय् बर्माय् बिज्यात । अन श्रामणेर दीक्षा ग्रहण यानालि नीदँया बैशय् महारट्ठगुरु अग्गमहापण्डित मस्वःयिङ सयादो ऊ सुरियाभिवंशया उपाध्यायत्वय् बर्माया यांगुन गभाएय् उपसम्पदा भिक्षुत्व ग्रहण याना बिज्यात । छलपोलं दुःखसिया बुद्ध धर्मया गहन उच्च अध्ययन याना "सासन धज धम्माचरिय" उपाधि प्राप्त याना न्हापांम्ह नेपाःमि धम्माचरिय जुया बिज्यागु थ्व तःधंगु गौरवया खँ खः ।

हनेबहःम्ह धर्मकथिक महास्थविर

सतिपट्ठान विपस्सना भावनाया विषय वथें अभिधर्मया गम्भीर देशनायात स्पष्ट स्पष्ट कथं व्याख्या याना बिज्याइम्ह धर्मकथिक कथं नां जाःम्ह छलपोलं बुद्ध शासनया परियत्ति व थें पतिपत्ति शासनया उन्नति व अभिवृद्धिया निर्ति तःधंगु योगदान बिया बिज्यात । विलक्षण प्रतिभाशालिम्ह छलपोल विश्वया आपालं देशय् बिज्याना धर्मदूतया ज्या याना "बहुजन हिताय, बहुजन सुखाय्" धयागु बुद्धया सन्देशयात छ्यला बुद्धधर्म प्रचार याना बिज्याना च्वंगु प्रशंसनीय जू ।

विश्व शान्ति विहारया अग्रजः श्रद्धेय भन्ते,

छलपोलं विश्व शान्ति विहारया स्थापना कालंनिसें स्थायी वर्षावास याना विहारया उन्नति व अभिवृद्धिया प्रत्येक ज्याय् अग्रसर जुया बिज्याना च्वंगु दु । बुद्धशासन चिरस्थायीया निर्तिं सक्षमपिं जनशक्ति तयार यायेगु ताःतुना विश्व शान्ति बौद्ध शिक्षालय स्थापना याना भिक्षु, श्रामणेर पिन्त कःघाना शिक्षा दीक्षाया व्यवस्था याना सुयोग्य गुरु जुया सुयोग्य शिष्यपिं तयार याना बिज्याना च्वंगु - थ्व प्रशंसनीय एवं अनुकरणीय जू ।

बुद्धशासनया ध्वजकेतु महास्थवीर.

छलपोल अखिल नेपाल भिक्षु महासंघया सचिव जुया साधिक ज्याय् न्ह्यज्याना, नेपाल बौद्ध परियत्ति शिक्षाय् शिक्षाध्यक्ष तकं जुया थुगु शिक्षाया विकासय तःधंगु योगदान बिया बिज्याना च्वंगु च्वछायेबहःजू । अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र स्थापनार्थ, निर्माणार्थ उत्साहित याना, ध्यान व्यवस्थाया ज्याय् सक्रिय योगदान तापं धर्मानुशासक जुया बिज्याना नं च्वंगु दु । अथेहे विभिन्न बौद्ध संघ संस्थाय् धर्मानुशासक जुया बिज्याना च्वंगु दु । छलपोलं ४० गुली मयाक बुद्धधर्मया सफूत प्रणित याना बौद्ध साहित्यया ढुकु थना बिज्यात ।

छलपोलं थकथं नेपाःया बुद्ध शासनिक ज्याय् बिया बिज्याःगु योगदानयात कदर याना म्यानमार सरकारपाखें ई.सं. २००१ मार्च ८ तारिकं "अग्गमहा सद्धम्म जोतिक धज" उपाधि छलपोलयात छायप्यूगु लुमन्ती अखिल नेपाल भिक्षुमहासंघया ग्वसालय् जुगु थुगु अभिनन्दन समारोहस छलपोलयात अभिनन्दन पत्र देछाय दुगु धर्म मुदितया खँ खः । छलपोलया सुस्वास्थ्य, दीर्घायु व बुद्धशासनिक ज्याय् सफलता प्राप्त जुयाव च्वनेमा धका दुनुगलंनिसें प्रार्थना यासें थुगु अभिननदन पत्र छलपोलयात देछानागु जुल ।

॥ चिरं तिट्ठतु सद्धम्मो ॥

अमिता धाख्वा
(सचिव)

प्रेमलाल श्रेष्ठ
(अध्यक्ष)



नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

साप्ताहिक महापरित्राण पाठ व हना ज्याभ्व

नगरमण्डप श्री कीर्ति विहार, कीर्तिपुर

हना-पौ

श्रद्धेय उपसंघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यु

विश्व शान्ति विहार, मीन भवन, बानेश्वर

विश्व शान्तिया नायः भगवान बुद्धया जन्मभूमी नेपाःया यँया किपुलिइ
नगर मण्डप श्रीकीर्ति विहारया संस्थापक दि. भिक्षु ... महास्थविरज्यु लगायत
मद्ये धुंकूपिं सकल भन्तेपिं, उपासक उपासिकापिं लिसें, माता पिता पुण्य स्मृति कोषया
मद्ये धुंकूपिं सकल जःपिनिगु गुणाणुस्मरण यासें वयूकःपिनिगु सुगति, निर्वाण
व विश्व शान्तिया कामना यासें
श्रद्धेय भिक्षु महासंघपाखें न्हयूब्हु यंकं जूगु
साप्ताहिक पवित्र महापरित्राण पाठ - २०७५
ज्याभ्वःसं

पुजनीय भन्ते !

नेपाःया थेरवादी बुद्धधर्म च्वन्ह्याकेत, संरक्षण, सम्बर्द्धन यायेत
छलपोलं बियाबिज्याःगु ज्वःमदुगु योगदान यात उच्चतम कदर यासें
थुगु गौरवमय ज्याभ्वःसं छःपिन्त थुगु हना-पौ देछायेे खनाः
जिपिं तसकं हे गौरवान्वित तायेका च्वना ।
नेपाःया थेरवादी बुद्ध शासनय् छलपोलया योगदान अनन्त तकं ल्याच्वनेमा ।
छःपिनि भिं उसाँय् व ताःआयुया भिंतुना देछाना च्वना ।

नगरमण्डप श्री कीर्ति विहार परिवार
माता पिता पुण्य स्मृतिकोष परिवार
सकल श्रद्धावान उपासक उपासिका

इति बुद्ध सम्वत् २५६२, ने.सं. ११३५, इ.सं. २०१८, वि.सं. २०७५ ...



"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

२५५८ औं बुद्ध जयन्ती मूल समारोह समिति

(स्वर्ण उत्सव २०२२-२०७१)

पद्मावती महाविहार, नःबहा, यल ।

"पूजाच पूजनीयानं एत मङ्गलमुत्तम"

अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष एवं संघ उपनायक

अग्गमहापण्डित श्रद्धेय डा. ज्ञानपूर्णिक महास्थविरया चरण कमलस्

## सादर अभिनन्दन-पत्र

भो संघ उपनायक,

श्री स्वयम्भू महाचैत्य प्रादुर्भाव जूगु थ्व पुण्यभूमि नेपाःमण्डलय् बुद्धकालीन इलनिसें बौद्धभिक्षुपिं आगमन जुया धर्मया जःथिनाच्वंगु जुल । थुगु पुण्यया प्रभावं थन आपालं चैत्य, गुम्बा, देगःबहाः, बही, विहार प्रतिस्थापित जुगु जुल । बौद्ध इतिहासय् प्रधानमन्त्री श्री चन्द्रशम्शेर जङ्गबहादुर राणां बि.सं. १९८२ श्रावणं बौद्ध भिक्षुपिन्त कुनां देशं निर्वासित याना छ्वगु थ्व घटनां आमबौद्ध मार्ग पिनिगु नुगलय् आघात जुल । बुद्ध जन्मभूमि नेपालय् हाकनं न्यादँ लिपा (त्रि.सं. १९८७) सालं थेरवाद बुद्धशासनया आगमन जुल ।

अन्धकारय् दुनाच्वपिं नेपाःमिपिन्त शुद्ध बुद्धधर्मया परम्परायात हानं छको निस्वना बि.सं. २००७ सालं भिक्षुपिनिगु सहलह कथं अखिल नेपाल भिक्षु महासंघ यात संस्थागत स्वरुप कथं निस्वना बिज्यात । थुगु हे इलनिसें नेपाःलय् बुद्धशासनया चकंगु छगः जा थीगु नगु जुया बिल ।

भो अग्गमहापण्डित,

छलपोलपिन्सं उपासक उपासिकापिनिगु चित्तय् बुद्धधर्मय् प्रव्रजित तकं जुइगु श्रद्धा, त्याग व वैराग्य मल्लाका स्यल्लाक्क विकासयाना बुद्धशासनयात बांलाक सुप्रतिष्ठित यायेगु ज्या नं पूवंका बिज्यात । छलपोलपिन्सं मानव जीवनयात सार्थक ज्याय छ्यलेगु कुतःयात न्ह्याकेत तिबः बिया बैच्वंगु खनेदत । नेपाःया बौद्ध समाजय् भगवान बुद्ध यागु शुद्ध उपदेशद्वारा बौद्ध जागरण हयगुलि यागु देन जिमिसं गबले लोमंके फइमखु । छपिं नेपाःयागु थेरवाद बुद्धशासनया सद्धर्मया पुनःजागरण ज्याय् न्ह्यलुवा जुया बिज्याःम्ह अग्रज व्यक्तित्व खः ।

भो अग्गमहापण्डित,

चतुदर्शनिय संवेजनीय स्थल मध्ये शाक्यमुनि बुद्ध जन्मजुया बिज्यागु लुम्बिनी अखिल नेपाल भिक्षु महासंघया अथक प्रयासं नेपाःया वास्तुकला शैली पिज्वगु **थेरवाद बुद्ध विहार** निर्माण यायेगु भ्वलय् वंगु बि.सं. २०७० माघ ४ गते शनिवारया दिनसं पादस्थापन (शिलान्यास) याना बिज्याःगु लसताया खं न्यनेदुगु जिमिगु अहोभाग्य खः । बुद्ध जन्मभूमि लुम्बिनी थेरवाद बुद्ध विहार निर्माणयायेगु छलपोल पिनिगु म्हगस याकनं पुवनेमा धैगु भिं कामना यासे थौं २५५८ औं बुद्ध जयन्ती स्वर्ण उत्सवया लसताय् थ्व **अभिनन्दन पत्र** दोहलपा जुल । छलपोलं पिनिगु अतुलनीय योगदान सदां न दया च्वनेमा धैगु भलसा कया च्वना ।

"भवतु सब्ब मंगलम्"

| | | | |
|---|---|---|---|
| युवराज शाक्य | धर्मबहादुर शाक्य | माननीय चित्रलेखा यादव | जुजुभाई शाक्य |
| महासचिव | अध्यक्ष | प्रमुख अतिथि | नायो |
| २५५८ औं बुद्ध जयन्ती मूल समारोह समिति | ललितपुर बुद्ध जयन्ती कोष | शिक्षा मन्त्री | २५५८ औं बुद्ध जयन्ती मूल समारोह समिति |

तिथिः
ने. सं.११३४ चौलाथ्वः तृतीया
(बि. सं.२०७१ बैशाख ५ गते शुक्रवाः)



"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

## ज्ञानमाला संघ, आनन्द विहार

स्थाः वि.सं. २००८

अमृतानन्द मार्ग, तानसेन-६, पाल्पा

### हार्दिक बधाई तथा शुभकामना

श्रद्धेय संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू,
धम्मानुशासक/पूर्व अध्यक्ष
अखिल नेपाल भिक्षु महासंघ
c/o विश्व शान्ति बिहार,नयाँ बानेश्वर
काठमाडौं

तानसेन, पाल्पामा जन्मनु भई बाल्य अवस्था देखिनै बुद्ध धर्म र संघमा शरणागत हुँदै भिक्षु जीवन निर्वाह गरि आउनु भएका तपाई नेपालको जेष्ठ बौद्ध भिक्षु हुनुभएबाट २०७६ बैशाख देखी नेपाल थेरवादी बुद्ध शासनको सातौं संघनायक पदमा पदस्थापन हुनुभएकोमा हामी अत्यन्त खुशी र गौरव महसुस गर्दै श्रद्धेय भन्तेज्यू प्रति हार्दिक बधाई ज्ञापन गर्दछौं ।

श्रद्धेय भन्तेज्यूले बौद्ध भिक्षु चर्या ग्रहण गरे पश्चात आजको दिनसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा आफ्नो विद्वता अनुरुप थेरवादी बुद्ध शासनको प्रवर्द्धन र बिकासमा पुऱ्याइ आउनु भएको अतुलनीय योगदान सर्वविदितै छ साथै सबैका लागी अनुकरणीय रहेको छ ।

अग्गमहापण्डित धम्माचरिय श्रद्धेय भन्तेज्यूको संघनायकत्वमा नेपाल भित्र थेरवादी बुद्ध शासन अझ दरिलो ढंगबाट विस्तारित हुँदै जानेछ, एवं अन्तर्राष्ट्रिय जगतमा समेत बुद्ध जन्मभूमि नेपालबाट बुद्धको शिक्षा, ज्ञान, धर्म, दर्शनलाई फैलाउन थप टेवा पुग्नेछ भन्ने अटुट आशा एवं विश्वास सहित संघनायक हुनु भएको पूनित अवसरमा श्रद्धेय भन्तेज्यूको सुस्वास्थ्य, दीर्घायू तथा बुद्ध शासनमा अनवरत् योगदान रही रहोस् भनि हार्दिक मंगलमय शुभकामना समेत व्यक्त गर्दछौं ।

चिरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ।

तपाईको अनुकम्पाको अभिलाषी, अनन्य उपासक

| | |
|---|---|
| (संजय राज शाक्य) | (सरोज लाल शाक्य) |
| महासचिव | अध्यक्ष |

एवं
ज्ञानमाला संघ, आनन्द विहार परिवार

मितिः २०७६ जेठ ४ गते शनिवार (बैशाख पूर्णिमा)





अनुजानामि भिक्खवे, सकाय नियुत्तिया बुद्धवचनं परियापुणितु

# वीर-पूर्ण पुस्तक संग्रहालय

गा:बहाल, यल

## अभिनन्दन-हनापौ

उपसंघनायक डा. श्रद्धेय ज्ञानपूर्णिक महास्थविर
विश्व शान्ति विहार, नयाँ बानेश्वर, यैं

थुगु वीर-पूर्ण पुस्तक संग्रहालयपाखें प्यंगू दशकनिसें भगवान् बुद्धया सन्देशया ध्वाँय् ज्वना बुद्धशासनया जग क्वातुक्क तया यंकेगु परिकल्पनाअनुसार पालि त्रिपिटक नेपालभाषाय् अनुवाद व प्रकाशन याना यंकेगु झ्वलय् ईब्यःस्वयाः तिव्रत्तर गतिं न्ह्याका इलय् सम्पन्न यायेगु ग्वसाकथं स्थापित जूगु त्रिपिटक अनुवाद मण्डलय् च्वना बिज्यासें हनेबहम्ह दुजः जुया छलपोल भन्तेनं सुत्तपिटक अन्तर्गत खुद्दकनिकायया पटिसम्भिदामग्ग (प्रतिसम्भिदामार्ग) न्हापांगुबार देशयात गौरव जूवं कथं ऐतिहासिक रूपं अनुवाद याना पूवंका बिज्या:गुयात उच्च कदरयासें थुगु अभिनन्दन-हनापौ देछानागु जुल ।

छलपोलपाखें भविष्यय् नं बुद्धशासनयात सबलीकरण याना यंकेगु जिमिगु ज्याखँय् अविच्छिन्नरूपं योगदान दयावं च्वनी धकाः मनं तुना च्वना ।

अन्तय्, सद्धर्म चिरस्थायी यायेगु लक्षय् निरन्तर मन क्वसाका च्वने फयेमा धकाः आशिका यासें छलपोलयात सुस्वास्थ्य, चिरायु व मंगलमय कामना नं देछानागु जुल ।

चिरं तिट्ठतु सधम्मो !

| चिरिबाबु महर्जन | अशोकरत्न वज्राचार्य | दुण्डबहादुर वज्राचार्य |
|---|---|---|
| प्रमुख | संस्थापक/प्रकाशक मुदुजः | अध्यक्ष |
| ललितपुर महानगरपालिका | वीर-पूर्ण पुस्तक संग्रहालय | वीर-पूर्ण पुस्तक संग्रहालय |

ने.सं. ११३८ बछलागा पञ्चमि, २०७५ बैशाख २२ शनिवार



Regd. No. : 281/2063/64

# ललितपुर विकासको लागि समाज

**Society for Development of Lalitpur**
Ikhachhen, Lalitpur-22, Nepal
Email: sodevla63@gmail.com
Ph: 977-01-5261509

**Executive Committee**
President
Buddhi Raj Bajracharya
9851045234
Vice President
Indra Muni Shakya
9841261307
Secretary
Bikash Ratna Dhakhwa
9851088780
Treasurer
Raju Tamrakar
9851045057
Executive Members
Sanu Krishna Chitrakar
5521058
Yuraj Bajracharya
9851057380
Gyan Bahadur Shakya
9841596438
Yagya Ratna Shakya
9841343610
Siddhi Gopal Dangol
9841350277
Shyam Krishna Maharjan
9851088875
Moti Shanti Shakya
9841254782
Advisory Board
Mr. Ram Lal Shrestha
Mr. Satya Mohan Joshi
Mr. Tirtha Man Shakya
Mr. Shyam Bahadur Panday
Mr. Padma Jyoti
Ms. Ambika Shrestha
Mr. Ravi Bhakta Shrestha
Mr. Umesh Shrestha
Mr. Pradeep Kumar Shrestha
Mr. Radhaya Shyam Sharaf
Mr. Arun Kumar Chaudhari
Mr. Kishor Maharjan
Mr. Ramesh Maharjan
Mr. Bijen Joshi

Ref. No.: Date: २०७६।१।१६

श्रद्धेय संघनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर "धम्माचरिय" जु
प्रमुख, विश्व शान्ति विहार
नयाँ बानेश्वर, यें ।

**मैत्रीपूर्ण भिन्तुना व सगौरव बधाई ज्ञापन**

श्रद्धेय,
शाक्यमुनि सम्यक सम्बुद्धया जन्म-भूमि नेपाःदेय्या शाक्यकुलय् जन्म जुयाः बाल्यकालय् स्थविरवाद बुद्धशासनय् प्रव्रजित जुयाः थौंतक बुद्धशासनय् समर्पित जीवन हना बिज्याम्ह छलपोल अखिल नेपाल भिक्षु महासंघया धम्मानुशासक नापं विश्व शान्ति विहारया प्रमुख जुया बिज्याम्ह श्रद्धेय अग्गमहाण्डित, धम्माचरिय भन्ते खः । राष्ट्रिय व अन्तर्राष्ट्रिय बौद्ध ख्यलय् बुद्ध धर्मया विकास, प्रचार प्रसार व प्रवर्द्धन याये निर्तिं श्रद्धेय भन्ते पाखे याना बिज्यागु अतुलनीय योगदान च्वछाय् बहःजु । श्रद्धेय भन्ते अखिल नेपाल भिक्षु महासंघया पूर्व अध्यक्ष जुया बिज्यावले याना बिज्यागु ज्याझ्वत स्मरणीय जु ।

थ्वहे मिति २०७६ बैशाख १ गते आइतवाःया दिंसं श्रद्धेय भन्ते यागु अनुकरणीय जीवनीयात मनन याना अखिल नेपाल भिक्षु महासंघया विनय कथं विधिपूर्वक श्रद्धेय भन्तेयात नेपाःया न्हेम्हम्ह संघनायकया गरिमामय पदय् पदस्थापना यागुलिं जिपिं सकल बौद्ध अनुयायीपिं व ललितपुर बिकासको लागि समाज गौरवान्वित जुगु जुल । श्रद्धेय भन्ते यागु सुख, शान्ति, भिंउसाँय व ता:आयुया कामना नापं मैत्रीपूर्ण भिन्तुना व सगौरव बधाई ज्ञापन देछाना च्वना । नापं छलपोल संघनायक जुया बिज्यागु प्रभावं नेपाःया बुद्धशासन न्हियान्हिथं उत्तरोत्तर प्रगति व चिरस्थायी ज्वीमा धकाः मंगलमय प्रार्थना यानाच्वना ।

॥ भवतु सब्ब मंङ्लं ॥

बुद्धिराज बज्राचार्य,
नायः ललितपुर विकासको लागि समाज
नापिञ्चन्द्र महाविहार, इखाछें, यल ।



नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

# साप्ताहिक महापरित्राण पाठ व हना ज्याझ्वः

नगरमण्डप श्री कीर्ति विहार, कीर्तिपुर

## हना-पौ

श्रद्धेय उपसंघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरजु,
विश्व शान्ति विहार, मीन भवन, बानेश्वर

विश्व शान्तिया नायः भगवान बुद्धया जन्मभूमी नेपाःया यैंया किपूलिइ
नगर मण्डप श्रीकीर्ति विहारया संस्थापक दि. भिक्षु सुदर्शन महास्थविरजु लगायत
मध्ये धुंकूपिं सकल भन्तेपिं, उपासक उपासिकापिं लिसें, माता पिता पुण्य स्मृति कोषया
मध्ये धुंकूपिं सकल जःपिनिगु गुणाणुस्मरण यासें वयुकःपिनिगु सुगति, निर्वाण
व विश्व शान्तिया कामना यासें
श्रद्धेय भिक्षु महासंघपाखें न्ह्यब्हु यंकं जूगु
साप्ताहिक पवित्र महापरित्राण पाठ - २०७५
ज्याझ्वःसं

पुजनीय भन्ते !
नेपाःया थेरवादी बुद्धधर्म च्वन्ह्याकेत, संरक्षण, सम्बर्द्धन यायेत
छलपोलं बियाबिज्याःगु ज्वःमदुगु योगदान यात उच्चतम कदर यासें
थुगु गौरवमय ज्याझ्वःसं छपिन्त थुगु हना-पौ देछाये खनाः
जिपिं तसकं हे गौरवान्वित तायेका च्वना ।
नेपाःया थेरवादी बुद्ध शासनय् छलपोलया योगदान अनन्त तकं ह्याच्वनेमा ।
छपिंनि भिं उसाँय् व ताःआयुया भिंतुना देछाना च्वना ।

नगरमण्डप श्री कीर्ति विहार परिवार
माता पिता पुण्य स्मृतिकोष परिवार
सकल श्रद्धावान उपासक उपासिका

इति बुद्ध सम्वत् २५६२, ने.सं. ११३९, ई.सं. २०१९, बि.सं. २०७५ चैत्र १५ गते



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।
पूजा च पूजनेय्यानं, एतं मङ्गलमुत्तमं ।
पूज्य महा सचिव "अखिल नेपाल भिक्षु महासंघ"
सासनधज धम्माचरिय भदन्त ज्ञानपूर्णिक महास्थविरया
करकमलस

## सादर अभिनन्दन पत्र

**पूज्य भदन्त ज्ञानपूर्णिक महास्थविरजु,**
छलपोल बाल्यकालं निसें हे बुद्धधर्मे जीवन उत्सर्ग याना प्रव्रजित जुया बुद्धधर्मे [illegible]

**भो गुरु भक्त महास्थविरजु**
छलपोलं पूज्यवर बुद्धघोष महास्थविरया संरक्षण व निर्देशने [illegible]

**भो बुद्ध शासनया ध्वजकेतु**
छलपोल अखिल नेपाल भिक्षु महासंघया महासचिव पदयात ग्रहण याना [illegible]

[illegible]

छलपोल [illegible] ... सकल उपासक उपासिका [illegible] अभिनन्दन रोहनयाच्वना । अस्तु ।

धम्मठानाचरिय
सयादो उ. सुजनपिय

अध्यक्ष
रत्नमान शाक्य

इति बुद्ध सम्वत २५४८, विक्रम सम्वत २०६८ वैशाख १ गते, शनिवार शुभम् ।


ပြည်တွင်း-ပြည်ပ
မဟာစည်နာယကဘွဲ့တော်

ဘဒ္ဒန္တဉာဏပုဏ္ဏိက

အရှင်မြတ်အား


नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स
पुजा च पुजनेयानं, एतं मङ्गलमुत्तमं

# सद्धर्म बौद्ध सेवा समाज
## पाल्पा-काठमाडौं

पूज्य धम्मानुशासक, अग्ग महासद्धम्म ज्योतिकध्वज, अग्ग महापण्डित
श्रद्धेय भन्ते ज्ञानपूर्णिक महास्थविरज्यूको करकमलमा

## सादर-अभिनन्दन पत्र

पूज्य भन्ते ज्ञानपूर्णिक महास्थविरज्यू,

लुम्बिनी अंचल, पाल्पा, तानसेन, टक्सार टोलमा यहाँको जन्म भै नेपालको थेरवाद बौद्ध धर्ममा जाज्वल्यमान नक्षत्रको रूपमा उदाउनु भई यहाँबाट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा प्रदान गर्नुभएको अविस्मरणीय योगदानले हामी पाल्पावासी मात्र नभई सम्पूर्ण नेपाली बौद्ध जगत गौरवान्वित र हर्षित छौ ।

धर्मानुशासक भन्ते,

यहाँको कुशल तथा नेतृत्वदायी भूमिकाले बौद्ध धर्मको सम्बर्द्धन र संरक्षणको लागि काठमाडौ उपत्यकाको गोलमढीमा विश्वशान्ति विहार, शंखमूलमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, पाटनमा मणिमण्डप विहार र ठेचोमा वेलुवनाराम विहारको निर्माण भएको र युवक बौद्ध मण्डल नेपाल, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बौद्ध महिला संघ नेपाल, अभिधम्म अध्ययन समाज, बुद्धिष्ट कम्युनिकेसन सेन्टर नेपाल आदि बौद्ध संघ संस्थाहरुको धर्मानुशासक रहनुभएबाट सम्पूर्ण बौद्ध जगत यहाँ प्रेरणाको श्रोत तथा मार्गदर्शकको रूपमा रहनु भएको छ ।

नेपाली बौद्ध जगतका युग पुरुष,

पूज्य भन्तेको महत्वपूर्ण योगदानको कदर गर्दै म्यानमार सरकारबाट विभिन्न समयमा सासनधज धम्माचरिय उपाधि, कम्मट्ठानाचरिय (ध्यान गुरु) पदवी, अग्ग महा सधम्म ज्योतिकधज र अग्ग महा पण्डित पदवीबाट सम्मानित गरिएको, त्यस्तै धर्म निरपेक्ष एवं संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रथम राष्ट्रपति सम्माननीय डा. रामबरण यादबज्यूबाट यहाँको गरिमामय योगदानको कदर स्वरूप सम्मान पत्र प्रदान गरिएको, थाइल्याण्डको महामुकुट बौद्ध विश्व विद्यालयबाट र थाइल्याण्डकै महाचुललोनकोन राजविद्यालय विश्वविद्यालयबाट मानार्थ पि.एच.डी. प्रदान गरी सम्मान गरिएबाट श्रद्धेय भन्तेको अविस्मरणीय योगदानको उच्च मूल्याकंन भएको हामीले अनुभूति गरेका छौ । यस किसिमको सत्कर्मले आगामी दिनहरुमा निरन्तरता पाओस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

बौद्ध साहित्यको अभियन्ता,

यसका साथै यहाँबाट नेपाली र नेपाल भाषामा बौद्धधर्म सम्बन्धी ५६ वटा भन्दा बढी कृतिहरुको लेखन, अनुवाद र सम्पादन गर्नुभई नेपाली बौद्ध साहित्यलाई समृद्ध बनाउने कार्य भएबाट बौद्धधर्म अध्ययन गर्ने विद्यार्थी एवं उपासक उपासिकाहरुलाई समेत अमूल्य गुण लगाउनु भएको छ जुन हाम्रो लागि अनुकरणीय छ र यसका लागि हामी यहाँप्रति कृतज्ञ छौ ।

नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय जगतमा नै बौध्द धर्मको अभ्युत्थान,सम्बर्द्धन र संरक्षणमा तन मन धनले सक्रिय रही अविच्छिन्न रूपमा यहाँले पुऱ्याउदै आउनुभएको योगदान सुदूर भविष्यसम्म कायम रहोस् तथा यहाँको जीवनमा सुख, शान्ति, सुस्वास्थ्य, र दीर्घायु प्राप्त होस् भन्ने मंगलमय कामनाका साथ यहाँको सदा-स्मरणीय योगदानको हार्दिक कदर स्वरूप यस सद्धर्म बौद्ध सेवा समाज असिम श्रद्धाका साथ यहाँलाई यो अभिनन्दन-पत्र प्रदान गर्दछौ ।

मिति: २०७४ भाद्र ३१ गते शनिबार ।

अध्यक्ष
पुरन राज बज्राचार्य


सुलक्षण कीर्ति बिहार प्रमुख
श्रद्धेय डा. अनोजाको प्रव्रजित जीवन
५० वर्ष पूरा भएको सुवर्णोत्सवको शुभ अवसरमा
नेपालको पूज्य संघनायक **भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर**को चरण कमलमा
सादर सभक्तिपूर्ण **अभिनन्दन** ।

पूज्य भन्ते,

सन् १९३९ तानसेनमा पिता सूर्यलाल र माता चन्द्रमाया शाक्यका कुल सुपुत्रको रूपमा जन्मनु भएका पूज्य संघनायकले राष्ट्रिय र अन्तर्राष्ट्रिय बौद्ध जगतमा बुद्ध शासनको प्रवर्धन र सम्बर्धनको लागि विशिष्ट योगदान पुऱ्याउनु भएको, बुद्ध शिक्षामा अनुपम नमूना विश्व शान्ति बिहार, विश्व शान्ति बौद्ध शिक्षालय, थेरवाद बुद्धिष्ट एकेडमीको संस्थापक अध्यक्ष एवं प्रमुख, अन्तर्राष्ट्रिय बौद्ध ध्यान भावना केन्द्र, वाइ.एम.बि.ए. जस्ता अनेकौं बौद्ध संस्थाहरूका धर्मानुशासक, सल्लाहकारको रूपमा जीवन्त दायित्व बोक्नु भएका र निभाउनु भएका पूज्य संघनायक भिक्षुको अनन्त गुणहरूको सम्मान गर्दै सुलक्षण कीर्ति बिहार र बि.एल.आई.ए. नेपाल परिवार भन्तेको चरण कमलमा हार्दिक र सभक्तिपूर्ण अभिनन्दन टक्र्याउन चाहान्छौं ।

म्यानमार सरकारबाट शासनधज्ज धम्मचर्या अग्गमहासद्धम्म ज्योतिकधज्ज, अग्गमहापण्डित, थाइल्याण्डका दुईटा प्रशिद्ध विश्वविद्यालयबाट मानार्थ डकट्रेट उपाधि, गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. राम बरण यादव र नेपालका १११ वटा बौद्ध संस्थाबाट अभिनन्दन र अनेकौं राष्ट्रिय, अन्तर्राष्ट्रिय मान पदवी र अलंकारबाट सुसज्जित पूज्य भन्ते बौद्ध समुदायको मात्र नभई सम्पूर्ण नेपाली नागरिकका लागि गौरवको प्रतीक हुनुभएकोमा हामी अत्यन्त गौरवान्वित भएका छौ ॥

त्यस्तै भाषा तथा साहित्यक्षेत्रमा पूज्य भन्तेको ५६ भन्दा बढी संख्यामा बौद्ध धर्म ग्रन्थहरूका नेपाली र नेपाल भाषामा अनुवाद र मौलिक धर्म ग्रन्थका कृति प्रकाशन, राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलनहरूमा उच्चतम सहभागीता र उत्कृष्ट सम्बोधन, धर्म उपदेश र प्रवचन जस्ता कार्यहरूबाट विश्व बौद्ध समुदाय लाभान्वित भएका छन् । बुद्ध धर्म दूतको विशेष अभिभारा बहन गरी देश विदेश भ्रमण, अभिधर्म कक्षा, राष्ट्रिय र अन्तर्राष्ट्रिय ध्यान भावना शिविर सञ्चालन, बिहारहरुका निर्माण र अन्य धार्मिक कार्यकलापद्वारा संघनायक भन्ते आफ्नो विशेष पहिचान स्थापित गर्नुको साथै नेपाल राष्ट्रको कीर्ति र गौरव विश्वमा फैलाउन समेत समर्थ हुनु भएकोमा हामी कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।

पूजनीय संघनायक भिक्षुको सुस्वास्थ्य सुख, समृद्धि र दीर्घायुको कामना गर्दछौं ।

मिति : मार्ग १ गते २०७६

भवतु सब्ब मङ्गलम ।

| | | | |
|---|---|---|---|
| देवकाजी शाक्य<br>सल्लाहकार<br>सुलक्षण कीर्ति बिहार<br>बि.एल.आई.ए.नेपाल, च्याप्टर | श्रद्धेय धम्मावती गुरुमा<br>शासनधज्ज धम्मचर्य<br>धर्मकीर्ति बिहार<br>प्रमुख सल्लाहकार | हरिमान रञ्जित<br>सचिव<br>सुलक्षण कीर्ति बिहार | श्रद्धेय डा. अनोजा गुरुमा<br>प्रमुख<br>सुलक्षण कीर्ति बिहार |


"पुजा च पुजनेय्यान एतं मंगल मुत्तमं"

थेरवाद बौद्ध दायक केन्द्रिय परिषद
THERVADA BUDDHIST DAYAK CENTRAL ORGANIZATION
२०४९ (1992)
धर्मचक्र विहार, बागबजार

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।
सचित्त परियोदपनं एतं बुद्धानसासनं ॥

## अभिनन्दन-पत्र

श्रद्धेय भिक्षु ज्ञानपुर्णिक महास्थविरमा श्रद्धापूर्ण नमनः

श्रद्धेय मान्यवर

तपाईले थेरवादी बुद्ध धर्मको विकास र प्रवर्द्धनका लागि भिक्षु जीवनमा प्रवेश गरि निर्वाह गर्नुभएको अतुलनिय र ऐतिहासिक रहेको छ । बौद्ध साहित्यलाई जीवन्त तुल्याउन प्रकाशन र लेखनका क्षेत्रमा तपाईको बौद्धिकता र निरन्तरता ओजपूर्ण देखिन्छ ।

बौद्ध धर्मको शासनिक विकासका क्षेत्रमा सक्रिय रहदै आउनुभएको तपाई नेपालको सातौं संघनायकको रुपमा प्रतिस्थापित हुनुभएको छ । तसर्थ बौद्ध धर्मको विकासमा खेल्नुभएको सारपूर्ण योगदानप्रति सम्मानभाव प्रकट गर्दै प्रस्तुत अभिनन्दन-पत्र प्रदान गरिएको छ ।

मिति: २०७६ श्रावण २५ गते

बखत बहादुर चित्रकार
अध्यक्ष
थेरवाद बौद्ध दायक केन्द्रिय परिषद
९८४३१४८४८५



"नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

# ज्ञानमाला सभा

(महाचैत्य विहार)

टक्सार टोल, तानसेन, पाल्पा

(स्था: २००४)

**श्रद्धेय संघ उपनायक भिक्षु डा. ज्ञानपूर्णिक महास्थविरज्यू प्रति सश्रद्धा सादर समर्पित हार्दिक सम्मान पत्र**

पश्चिम नेपालको पाल्पा तानसेन, टक्सार टोलमा पिता सूर्यलाल शाक्य तथा माता चन्द्र माया शाक्य (पछि अनागारिका शरणशीला) का सुपुत्रको रुपमा वि.सं. १९९६ कार्तिक शुक्ल एकादशीका दिन जन्मनु भैं आफ्नो बाल्यकालको क्रिडास्थल महाचैत्य विहार परिसरमा नै गर्दै २००६ सालमा महाचैत्य विहारमा स्थापित 'शील पाठशाला' मा आफ्नो प्रारम्भिक शिक्षाबाट बौद्धधर्म सम्बन्धि प्रारम्भिक ज्ञान प्राप्त गर्दै धर्म प्रिति उत्पन्न भैं बौद्ध धर्म प्रति आफूलाई समर्पित गर्दै बौद्ध धर्मको प्रचार प्रसार गर्ने महानलक्ष्यलाई सार्थकता दिन गृहस्थजीवन त्याग गरी वि.सं. २०१३ श्रावण शुक्ल नवमीका दिन श्रामणेर दीक्षा तथा वि.सं. २०१५ चैत्र शुक्ल चतुर्थीका दिन उपसम्पदा दीक्षा प्राप्त गरी सन् १९६३ मा बर्माको सरकारी पाली विश्वविद्यालयबाट "सानधज धम्माचरिय"उपाधि परीक्षा उत्तीर्ण गरी नेपालको पहिलो "शासनध्वज"धर्माचार्य भिक्षु हुनु भयो । सन् १९६७ माबनासरको संस्कृत विश्वविद्यालयबाट संस्कृत विषयमा स्नातक, सन् १९७७ मा त्रिभुवन विश्वविद्यालयबाट स्नातक गर्नु भएका श्रद्धेय भन्तेज्यूको ६ दशक भन्दा लामो समय सम्म बौद्ध शासन प्रति गर्नु भएको योगदान वर्णन गरी नसकिने अपार छ । नेपाल भाषा, नेपाली, पाली, बर्मिज, अंग्रेजी र हिन्दी भाषाका ज्ञाता हुनु भएका वहाँ उपरोक्त सातै भाषामा लेख्ने, बोल्ने क्षमता भएका प्रखर रुपमा धर्मदेशना गर्न सक्ने धर्म कथिक महापण्डित हुनु हुन्छ । विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय बौद्ध सम्मेलनमा सहभागी हुनु भैं नेपालको प्रमुख बौद्ध संघ संस्थाको नेतृत्व समेत सम्हाल्नु भएका वहाँ हाल भिक्षु संघको संघ उपनायक हुनु भएकोमा हामी महाचैत्य विहार परिवार अति नै गौरवान्वित भैं भन्तेज्यू प्रति नतमस्तक भै सादर वन्दना गर्दछौं ।

बुद्ध जन्मभूमि नेपाल देशमा धर्मको माध्यमबाट बुद्ध धर्मका प्रमुख विधाहरुमा अतुलनीय योगदान दिनु भएकोले सन् २००१ मा म्यानमार सरकारले उच्चकोटीको उपाधि "अग्ग महासद्धम्म धज" बाट सम्मान गर्नु भएको कुरा नेपालकै धार्मिक गौरवको विषय हो । त्यस्तै गरी नेपालका प्रमुख धेरै बौद्ध संघ संस्थाबाट पनि वहाँ सम्मानित हुनु भएको छ, भने वि.सं. २०६५ चैत्र ३० मा भन्तेज्यूको उपसम्पन्न स्वर्ण दिवस समारोहमा तात्कालिन नेपालका सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको उपस्थितिमा देशका ११३ बौद्ध संघ संस्थाहरुले वहाँको बौद्ध शासनिक व्यक्तित्व, कृतित्वलाई स्मरण गर्दै भन्तेज्यूको सुस्वास्थ्य, दीर्घायू र उत्तरोत्तर शासनिक अभिवृद्धिका लागि अन्तष्करण देखि अभिनन्दन गरी सम्मान गरेको सुखद इतिहास हो ।

यस विश्वशान्ति विहारका संस्थापक तथा विहार प्रमुख एवं नेपालका थेरवाद बुद्ध शासनका एक उज्ज्वल तारा, प्रखर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्व श्रद्धेय संघ उपनायक भिक्षु डा. ज्ञानपूर्णिक महास्थविरज्युको ८० औं शुभ जन्म दिवसको पावन उत्सवमा महाचैत्य विहार ज्ञानमाला सभा परिवार, टक्सार, तानसेन, पाल्पाको तर्फबाट कृतज्ञतापूर्वक हार्दिक अभिनन्दन गर्दै श्रद्धाको प्रतीक यो सम्मान पत्र सादर समर्पण गर्दछौं

संघरत्न शाक्य
सचिव

तथा
ज्ञानमाला सभा परिवार
महाचैत्य विहार, टक्सार, तानसेन, पाल्पा
मिति २०७५/८/१५

केशव लाल बज्राचार्य
अध्यक्ष



अखिल नेपाल भिक्षु महासंघ

अभिनन्दन-पत्र

चिर तिट्ठतु सद्धम्मो । चिरं जीवतु भदन्तो ञाणपुण्णिको ।

(भिक्षु अनिरुद्ध महास्थविर)
संघनायक

(भिक्षु बुद्धघोष महास्थविर)
अध्यक्ष

**Bhikshu Jnanapurnik Mahasthavira**
**Higher Ordination**
**Golden Jubilee Celebration, 2009**



April 4-12, 2009
Vishwa Shanti Vihara,
Naya Baneshwar, Kathmandu

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
**उपसम्पन्न**
**स्वर्णदिवस समारोह - २५५२**



**२०६५ चैत्र २२ - ३० गते**
**विश्व शान्ति विहार, नयाँ बानेश्वर, काठमाडौं**

*Vishwa Shanti Bauddha Shikshalaya*
*(World Peace Buddhist School)*





**VISHWA SHANTI VIHARA**
Meen Bhawan, New Baneshwar, Kathmandu, Nepal.
Telephone: 977-1-4482984 • Fax: 977-1-4482250
e-mail: vishwa@ntc.net.np

Founder Organizer:
**Ven. Bhikshu Jnanapurnik Mahasthavira**

# लुम्बिनीमा आयोजित अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको संस्मरण






## Participation

Participants are requested to send the research based paper on various themes mentioned below with photographs and data. The presentation slides should be limited to 15 minutes presentation and can be presented in any of the following three languages: English; Nepali; Nepal Bhasa.

Papers in Nepali and Nepal Bhasa languages will be considered for parallel sessions only.

Interested international participants (outside Nepal) are requested to contact us with their short CV and proposed title of Paper by 31st July 2014.All participants are requested to submit an abstract of the paper by August 31, 2014 and full paper by September 30, 2014.The selection committee reserves the right to shortlist the papers to be presented. The authors of the accepted papers will be notified for presentation in due time.

## Guideline for Abstract

- The paper abstract should be sent by email
- Submitted paper should not have been presented elsewhere
- The abstract must be in English, Nepali or Nepal Bhasa language
- The abstracts should be prepared in 200-300 words

## Conference Venue

